बुद्ध वचन

सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(एकक, दुक र तिकनिपात)

प्रथम भाग

Dhamma.Digital

# Aṅguttaranikāya

अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital

बुद्ध वचन
सुत्तपिटक अन्तर्गतका चौथो ग्रन्थ

# अङ्गुत्तरनिकाय

(एकक, दुक र तिकनिपात)

प्रथम भाग

# Aṅguttaranikāya

Dhamma.Digital

अनुवादक:
भिक्षु बोधिसेन महास्थविर

प्रकाशिका
ज्येष्ठमाया वनिया

Downloaded from http://dhamma.digital

प्रकाशिका ज्येष्ठमाया बनिया

पहिलो संस्करण : १००० प्रति ।
बुद्ध संवत् : २५५७
विक्रम संवत् : २०७०
नेपाल संवत् : ११३३
इस्वी संवत् : २०१३

**यो पुस्तक धम्मदानको निम्ति हो, बिक्रिको लागि होइन ।**

अनुवादकका प्रकाशित कृतिहरू :-
नेपाल भाषामा :-
१. त्रिरत्न वन्दनामाला ।
२. स्वपू जातक बाखँ ।
३. तथागत्तया उपदेश ।
४. पेतवत्थु ।
५. थेर-गाथा ।
६. त्रिरत्न वन्दनामाला (दो. सं.) ।
नेपाली भाषामा :-
१. कृष्णायन गोत्रको उत्पत्ति ।
२. थेरी-गाथा प्रथम भाग ।
३. थेरी-गाथा दोस्रो भाग ।
४. बोधि कथा ।
५. जातक कथा ।
६. अङ्गुत्तरनिकाय प्रथम भाग ।
७. अङ्गुत्तरनिकाय दोस्रो भाग ।
८. थेरी-गाथा दो. सं. ।
९. दुरेनिदानकथा ।
१०. अङ्गुत्तर निकाय तेस्रो भाग ।
११. अङ्गुत्तर निकाय चौथो भाग ।
१२. अङ्गुत्तर निकाय, पाँचौ भाग ।
१३. अङ्गुत्तरनिकाय प्रथम भाग दोस्रो संस्करण तपाईंकै हातमा ।
**१४. प्रकाशकको प्रतिक्षामा :– पेतवत्थु (नेपालीमा)**

कम्प्युटर सेटिङ्ग, भिक्षु बोधिसेन महास्थविर

मुद्रण: शुभकामना प्रिन्टिङ्ग प्रेस, केलटोल, मासंगल्ली, फोन नं. ४२३२१२४

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# अर्पण

दिउँ भने के नै दिउँ देख्दछु सबै अनित्य ।
नदिउँ भने कहाँ पो मान्छ यो मेरो मन ॥
आउँछ याद झल्झली, यहाँहरूको हरेक गुण ।
गुणानुस्मरण गर्दै तन, मन र वचनले गरें मैले पुण्य ॥
यही पुण्य श्रद्धासहित गर्दछु, यहाँहरूलाई अर्पण ।
स्वीकार गरिदिनु होला सन्तुष्ट भई यो मेरो भेँट ॥

अनन्त गुण सम्पन्न द्वय परमपूज्य

**स्व. गुरुवर भिक्षु अतुलसेन महास्थविर**

एवं

**स्व. पिता भिक्षु आनन्दपाल महास्थविरको**

निर्वाण कामना गर्दै सादर अर्पण ।

Downloaded from http://dhamma.digital

# केही कुरा

भगवान बुद्धद्वारा दिनुभएको उपदेश संकलित पालि वाङ्मयलाई 'त्रिपिटक' नामाकरण गरिएको छ। त्रिपिटक अन्तर्गत धर्म स्कन्ध चौरासी हजार तोकिएको छ। बुद्धोपदेशलाई नवांग बुद्ध-शासन पनि भन्ने गरिन्छ। निकायको हिसाबले दीघ, मज्झिम, संयुत्त, अङ्गुत्तर र खुद्दकनिकाय भनी पाँच निकायमा छुट्याइएको छ। दीघनिकायमा लामा-लामा सूत्रहरू संकलन भइराखेको छ। मज्झिमनिकायमा मझौला खालका सुत्रहरू संकलन भइराखेको छ। संयुत्तनिकायमा विभिन्न विषयहरूलाई संगालेर सूत्रहरू संकलन भइराखेको पाइन्छ। अङ्गुत्तरनिकायमा 'एक देखि बढाउँदै ११ अङ्ग भएका उपदेशहरू वा एककनिपातबाट शुरू भई एकादशकनिपातसम्म सम्मिलित गराई प्रदर्शित भइराखेको छ। खुद्दकनिकाय भित्र खालि स-साना सूत्रहरू मात्र नभैकन सम्पूर्ण विनय र अभिधम्म पिटक नै यस अन्तर्गत पारिराखेको देखिन्छ। त्यसो हुनाले यसको क्षेत्र अति नै व्यापक भएको देखापर्दछ। विशेष गरी खुद्दकनिकायमा साना-ठूला गरी खुद्दक पाठ, धम्मपद, उदान आदि १५ ग्रन्थहरू सूत्रोपदेशको रूपमा छन्। ती मध्ये धेरै जसो त भाषान्तरण भइसकेका छन्। अहिले भाषान्तरण हुन बाँकी जातक दोस्रो भाग, महानिद्देस र पतिसम्भिदामग्ग रहेका छन्।

जे होस् पाँचै निकाय आ-आफ्नो ठाउँमा त्यति के. महत्वपूर्ण छ। सम्पूर्ण उपदेश त्यत्तिकै प्रभावकारी भएको हामी महसूस गर्दछौं। ती मध्ये शद्धालु उपासक दुण्डबहादुर बज्राचार्यज्यूबाट दीघ, मज्झिम र संयुत्त तीनै निकायको पूर्णतः भाषान्तरण भई भव्य ग्रन्थका रूपमा हाम्रो सामू प्रस्तुत पनि भई नै सकेको छ। अङ्गुत्तरनिकाय नेपाल भाषामा केही अंश श्री धर्मरत्न शाक्य 'त्रिशूली' बाट निकाली सक्नु भएको छ। तर नेपाली भाषामा देख्न पाइएको थिएन। अब त्यो अभाव पनि हट्यो। अन्य निकाय जस्तै अङ्गुत्तरनिकायको आफ्नै विशेषता छ। यसमा जम्मा निपातको हिसाबले ११ निपातहरू र सुत्तका हिसाबले ९,५५७ सुत्तहरू छन्। एकक निपात सबभन्दा पहिलो निपात हो भने सुत्तहरू मध्येमा सबभन्दा पहिलो सुत्त– "चित्तपरियादान सुत्तं" हो।

मानव जीवनको विभिन्न पक्षलाई संगालेर अङ्गुत्तरनिकाय अघि बढिरहेको हामी पाउँछौं। विभिन्न राम्रा-नराम्रा मनस्थितिको चर्चा-परिचर्चा, चिन्तन-मनन, सुपरिणाम-दुष्परिणाम, फाइदा-बेफाइदा आदि विषयलाई लिएर विशद वर्णन यसमा गरिराखेको अध्ययन कर्ताहरूले प्रत्यक्षतः अनुभव गर्न सकिन्छ र आफ्नो जीवनलाई मनुष्य मात्रले कुन दिशातिर उन्मुख गराई जीवनलाई माथि उचाल्नु पर्छ



Downloaded from http://dhamma.digital

त्यसको सही दिग्दर्शन दिने क्षमता यस वाङ्मयमा निहित उपदेशमा विद्यमान रहेको छ । सामाजिक, आर्थिक, नैतिक, धार्मिक, आध्यात्मिक र पारमार्थिक आदि सबैजसो विषयहरूमा यस वाङ्मयले संगालेको छ । तसर्थ यो वाङमय नितान्त मननीय, चिन्तनीय, अध्ययनीय, अन्वेषनीय र गवेषनीय छ । धार्मिक चिन्तनको जगतमा दिग्विजय स्वतन्त्र घोषणा-पत्रको रूपमा विश्व प्रसिद्ध दश सूत्रीय केसमुत्ति (कालाम) सुत्तं यसै निकाय अन्तर्गत पर्दछ ।

अघि-अघि त यस उपदेश वाङमय अध्ययन गर्न सर्वसाधारणको निमित्त सजिलो थिएन, कारण भाषागत कठिनाईले गर्दा । भाग्यवश अहिले यसको भाषान्तरण पालि भाषाबाट अन्य-अन्य भाषाहरूमा पनि हुन थालिसकेको र विशेषतः अहिले नेपाली भाषामा पनि रूपान्तरण हुँदै आउन लागेकोले विभिन्न भाषाभाषी अध्ययन कर्ता पाठक वृन्दहरू भाग्यशाली हुँदै आउन थालेका छन् ।

हाम्रा आयुष्मान भिक्षु बोधिसेन महास्थविरको सत्प्रयासले आज हाम्रो सामू यो सौभाग्य जुट्न सकेको छ, विशेष गरी नेपाली भाषीहरूलाई पनि वहाँबाट अङ्गुत्तरनिकाय मूल पालिको नेपाली रूपान्तरण मात्र भएको होइन; अब त पुस्तक कै रूप लिई अगाडि बढ्न थालिसकेको छ । तसर्थ वहाँ प्रति हामी सबै अति नै आभारी रहेका छौं । वहाँबाट चाँडै नै अङ्गुत्तरनिकाय नेपाली भाषामा निर्विघ्न र सफलतापूर्वक सम्पन्न गर्न सकून् र नेपाली जनतालाई बुद्धोपदेश अमृत रसास्वादबाट लाभान्वित तुल्याउन सकोस भन्ने सदिच्छाका साथ मेरो आफ्नो छोटो केही कुरा यहीं टुंग्याउन चाहन्छु ।

जिन सासनं चिरं तिट्ठतु ।

भिक्षु ज्ञानपूर्णिक महास्थविर

**विश्वशान्ति विहार, मिन भवन**
**नयाँ बानेश्वर, काठमाडौं**
**दिनः– २०५९/ १/१**



Downloaded from http://dhamma.digital



प्रकाशिका: उपासिका जेष्ठमाया बनिया

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

**श्रद्धेय** भिक्षु बोधिसेन महास्थविरबाट शाक्यमुनि बुद्धको अमृतमय उपदेश पालि त्रिपिटकको सुत्तपिटक अन्तर्गत अङ्गुत्तरनिकायको प्रथम भाग अनुवाद गरिएकोलाई दोस्रो संस्करणको रूपमा प्रकाशित गरिदिन पाएकोमा म भाग्यमानीको साथै अति नै प्रसन्न छु। यहाँहरूले यस धर्म ग्रन्थमा भएको बुद्धोपदेशलाई जति राम्रोसँग पालन गर्न सक्नुहुनेछ उति नै कल्याण हुनेछ भन्नुमा अत्युक्ति नहोला।

कल्याणकारक उपदेशहरू समावेश भएको यस ग्रन्थलाई राम्रोसँग अध्ययन गर्नुकासाथै व्यवहारमा उतार्न सकेमा जीवन सुखमय हुनेछ भन्ने आशा एवं विश्वास गर्दछु। यहाँहरूको जीवन आनन्दमय र सुखमय बनोस् भनी मंगल-कामना गर्दछु।

Dhamma.Digital

चिकंमुगल, काठमाडौं

उपासिका ज्येष्ठमाया बनिया

२०७०/१/१

Downloaded from http://dhamma.digital

# भूमिका

समस्त प्राणीको कल्याण तथा मंगलको निम्ति भगवान बुद्ध ४५ वर्षसम्म विभिन्न देश, शहर र गाउँ-गाउँमा चारिका गर्नुभई अमूल्य ज्ञानको अमृतमय रसपान गराउनु भएको थियो । ज-जस्ले अमृतको रसपान गर्दथ्यो ऊ-उसले नै सहर्षपूर्वक उद्‌गार व्यक्त गर्दै बुद्ध, धर्म र संघको शरणमा पर्दथ्यो ।

प्राय: जसो मानिसहरू सुख, शान्ति र आनन्दकासाथ जीवनयापन गर्न चाहन्छन् तर त्यो चाहना गर्दागर्दै आफ्नो अमूल्य जीवन मृत्युको हातमा पार्दछन् । मानिसहरू धन-जन, मान-सम्मानका लागि जीउज्यान लगाउँछन् तर अन्तमा सुखको बदला दु:ख, शान्तिको बदला अशान्ति अनि खुशीको बदला अश्रुपूर्ण जीवन बिताईरहेका तथा जीवन अन्त्य भएकाहरू हामी धेरै नै देख्न पाउँछौं ।

सुख, शान्ति र आनन्दसँग जीवन व्यतीत गर्न हामीलाई सत्बुद्धिको अति नै आवश्यकता छ । सत्बुद्धिमा आफूलाई कल्याण हुने अनि अरूलाई पनि कल्याण हुने शक्ति निहित भएको हुन्छ । यसकारण प्रत्येक क्षण वा पलपलमा यस धर्म ग्रन्थमा उल्लेख गरिराखेको उपदेशहरू स्मरण गर्दै व्यवहारमा उतार्न सके सुख, शान्ति र आनन्दको अनुभूतिमा धक्का पर्नेछ भन्ने विचार नगरे पनि हुन्छ । यदि धक्का पर्ने भए सम्यकसम्बुद्धबाट भिक्षुहरूलाई धर्म प्रचार गर्नको निम्ति प्रोत्साहन दिनुहुन्नथ्यो ।

बुद्धद्वारा उपदिष्ट अमूल्य ज्ञानको भण्डार तीन पिटकमा विभाजित छन् । सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक । यी तीन पिटक मध्ये सुत्त-पिटकमा दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अङ्गुत्तरनिकाय र खुद्दकनिकाय गरी पाँच निकाय छन् । यी सुत्तपिटक अन्तर्गत चौथो ग्रन्थ अङ्गुत्तरनिकाय हो । २०५९/१/१ मा विहार राजकीयेन पालि प्रकाश मण्डलद्वारा प्रकाशित अङ्गुत्तरनिकाय पालिबाट लिई अनुवाद गरेकोलाई श्रद्धावान उपासक ज्ञानज्योति कंसाकार र वहाँकी श्रीमती लक्ष्मीप्रभा कंसाकारबाट प्रकाशित गरिदिनु भयो । हाल प्रथम भागको प्रथम संस्करण सकिएको हुनाले दोस्रो संस्करणको निम्ति उपासिका ज्येष्ठमाया बनिया प्रकाशिका हुनुभयो । यो दोस्रो संस्करण मैले **विपश्यना विशोधन विन्यास,** धम्मगिरि, इगतपुरी (नासिक) महाराष्ट्र– ४२२ ४०३ भारतबाट प्रकाशित पालिबाट लिई अनुवाद गरेको छु । यस अङ्गुत्तरनिकायमा जम्मा एघार निपात छन् । एघार निपातमा रहेकोबाट एकक, दुक र तिक निपातलाई प्रथम भागमा, चतुक्क र



Downloaded from http://dhamma.digital

पञ्चकनिपात दोस्रो भागमा, छक्क र सत्तकनिपात तेस्रो भागमा, अट्ठक र नवकनिपात चौथो भागमा अनि दसक र एकादसकनिपात पाँचौ भाग गरी प्रकाशनमा ल्याई धर्म पिपासुहरूलाई धर्मदानस्वरूप दिन पाउँदा अति नै प्रसन्न छु। तिपिटक अन्तर्गतका धर्म ग्रन्थहरूबाट सम्पादन तथा अनुवाद गरी धर्मदान स्वरूप प्रदान गर्ने मेरो सदिच्छा हो । सदिच्छा दृढ गरी राख्दा पूर्ण हुँदै जाँदोरहेछ । हालसम्म सदिच्छानुरूप २० वटा पुस्तकहरू धर्मदान स्वरूप दिन पाउनु हर्षको कुरा हो ।

मैले अङ्गुत्तरनिकायमा एककनिपातदेखि एकादसनिपातसम्म वग्ग, सुत्त, स्थान र व्यक्तिको नाउँ पालिअनुसार नै राखेको छु । नबुझिने शब्दको अर्थ कोष्ठ भित्र राखि दिएको छु । ... यो चिन्ह आएमा पुन: माथिकै दोहऱ्याएर पढौं । एककनिपातमा एक-एक विषयसित सम्बन्धितलाई लिई उपदेशहरू समावेश भएका छन् । एककनिपातमा बीस वग्ग छन् । यस बीस वग्ग अन्तर्गत एकदेखि १३ सम्म क्रमानुसार वग्ग छन् । १४ नम्बरको वग्गमा 'क' देखि लिएर 'छ' सम्म एतदग्ग ( अग्रपद) समावेश छन् । १५ नम्बरको वग्गमा 'क' देखि 'ग' सम्म अट्ठानसुत्तं समावेश छन् । १६ नम्बरको वग्गमा 'क' देखि 'घ' सम्म एकधम्मसुत्तं समावेश छन् अनि १७ देखि २० वग्गसम्म क्रमानुसार छन् । यो एककनिपात वग्गमा भगवान बुद्ध सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुँदा दिनुभएका उपदेशहरू छन् । यसमा रहेका सार उपदेशहरू मध्येमा केही साररूप यस प्रकार छन्–

भगवान बुद्ध भन्नुहुन्छ– "भिक्षुहो ! मैले अन्य कुनै पनि यस्तो एक रूप, शब्द, गन्ध, रस र स्पर्शलाई देख्दिन जुन कि स्त्रीको रूप, शब्द, गन्ध, रस र स्पर्श पुरुषको चित्तमा दबिएर बसेको हुन्छ । यस्तै गरी पुरुषको रूप, शब्द, गन्ध, रस र स्पर्श स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ । (चक्षु, श्रोत, घ्राण, जिव्हा र काय यी पञ्चेन्द्रियलाई चञ्चल पारिदिने, काबुमा राख्न नदिने, वशमा राख्न नदिने स्वभावैले स्त्री र पुरुषको मिलनमा आकर्षित हुने गर्छ । आकर्षित हुँदा जुन मनमा छाप परेको हुन्छ त्यसलाई मेटाउन त्यति सजिलो अवश्य पनि हुँदैन । यति भयङ्कर आकर्षित पारी मोहित गराउने अनि यो दृढ बन्धनबाट मुक्त हुनु अति नै कठीन हुन्छ । यसकारण यसबाट मुक्त हुन पञ्चेन्द्रियलाई संयम गर्नु, शान्त गर्नु, वशमा राख्नु, चनाखो हुनु तथा सचेत हुनु आवश्यक छ । सचेत हुन नसके जालोमा माछा परे झैं हुन्छ । जालमा पर्नु भन्दा पहिले नै सचेत पार्न दिनु भएको उपदेश हो ।)

कामच्छन्द (काम-तृष्णा, काम-वासना) व्यापाद (द्वेष), थिनमिद्ध (शारीरिक



Downloaded from http://dhamma.digital

र मानसिक आलस्य), उद्धच्चकुक्कुच्च (मन, वचन र शरीरद्वारा गरिएको कर्ममा पश्चाताप तथा चित्त अशान्त) र विचिकिच्छा (शङ्का, उपशङ्का) यी पञ्च नीवरण उत्पन्न नगर्दा पनि उत्पन्न हुन्छ, उत्पन्न हुँदा झन बढेर आई धेरै नै हुने गर्छ। पञ्च निवरणको प्रथम कामच्छन्द हुनुको कारण पुरुषले स्त्री, स्त्रीले पुरुषको रूपादि सौन्दर्यमा आकर्षित हुँदा उत्पन्न नभएको कामच्छन्द उत्पन्न हुन्छ अनि उत्पन्न हुँदा झन्-झन् बढेर आई धेरै नै हुनेछन्। यसरी नै हिंसा प्रतिहिंसाद्वारा उत्पन्न नभएको द्वेष... । चाहना वा रुचि नहुँदा उत्पन्न नभएको थिनमिद्ध... । चित्त अशान्त हुँदा उत्पन्न नभएको उद्धच्चकुक्कुच्च... अनि सही विचार नहुँदा उत्पन्न नभएको विचिकिच्छा उत्पन्न हुन्छ अनि उत्पन्न हुँदा झन् झन् बढेर आई धेरै नै हुन्छ। (वास्तवमा शरीरको सौन्दर्यता बाहिरी मात्र हो। भित्री भागलाई केलाउँदै हेरेमा दुर्गन्धीत र घृणीत पदार्थले भरिएको देखिन्छ। शुभ पदार्थ नभएको अशुभै अशुभ मात्र शरीरमा रहेकोलाई यथार्थसहित जानेमा कामच्छन्द उत्पन्न हुँदैन, उत्पन्न भई हाले पनि त्यो नष्ट हुन्छ।)

यसर्थ अशुभ-भावना गरे अनुत्पन्न कामच्छन्द उत्पन्न हुँदैन, उत्पन्न कामच्छन्द नष्ट हुन्छ। मैत्री-भावना गरे अनुत्पन्न द्वेष... । रुचि हुँदा अनुत्पन्न थिनमिद्ध... । चित्त शान्त हुँदा अनुत्पन्न उद्धच्चकुक्कुच्च... अनि सही विचार हुँदा अनुत्पन्न विचिकिच्छा उत्पन्न हुँदैन तथा उत्पन्न भई हाले पनि त्यो नष्ट हुन्छ।

भावना नहुँदा चित्त अकर्मण्य हुन्छ अनि भावना हुँदा चित्त कर्मण्य हुन्छ। अभावित, प्रादुर्भूत नहुँदा र बहुकृत नहुँदा चित्त महान अनर्थकारी हुन्छ। भावित, प्रादुर्भूत र बहुकृत हुँदा चित्त महा कल्याणकारी हुन्छ।

चित्तलाई दमन, शान्त, संयम र रक्षा नगरिंदा महाअनर्थकारी हुन्छ। चित्तलाई दमन, शान्त र संयम गरिंदा महाकल्याणकारी हुन्छ।

ठीकसँग लागि नसकेको धान वा जौको बालामा लाग्ने कणलाई हात वा खुट्टाले चलाउँदा हात वा खुट्टामा बिभ्छ वा रगत निस्किन्छ भनी भन्न सकिंदैन। यसरी नै चित्त सही मार्गमा नलागे वा ठीकसँग नलागे अविद्या हटाई विद्या उत्पन्न गरी निर्वाण साक्षात्कार गर्नु असम्भव छ। ठीकसँग कण लाग्दा हात वा खुट्टाले चलाउँदा हात वा खुट्टामा बिभ्छ वा रगत निस्किन्छ भनी भन्न सकिन्छ। यसरी नै चित्त सही मार्गमा लागे वा ठीकसँग लागे अविद्या हटाई विद्या उत्पन्न गरी निर्वाणलाई साक्षात्कार गर्नु सम्भव छ।



Downloaded from http://dhamma.digital

चित्त प्रदुषित हुँदा अपाय, दुर्गति, विनिपात (पतन) तथा नरकमा उत्पन्न हुन्छ। चित्त प्रदूषित नहुँदा सुगति तथा स्वर्गलोकमा उत्पन्न हुन्छ।

पोखरीको पानी निर्मल नहुँदा पानी भित्र रहेका सबै देख्न नसके झैं चित्त पनि निर्मल नहुँदा आफ्नो, अरूको वा दुवै पक्षको हित हुने जान्न सक्नु असम्भव हुन्छ। पोखरीको पानी निर्मल हुँदा पानी भित्र रहेका सबै देख्न सके झैं चित्त पनि निर्मल हुँदा आफ्नो, अरूको वा दुवै पक्षको हित हुने जान्न सम्भव हुन्छ।

बाहिरी कारणले र धर्म-श्रवण नगरेका साधारणजनले यथार्थ नजान्नाले स्वच्छ र उज्ज्वल चित्त पनि अस्वच्छ र अन्धकारमय हुन्छ। तर धर्म-श्रवण गरेका आर्यश्रावकले यथार्थ जान्नाले स्वच्छ र उज्ज्वल चित्तमा कुनै खलबलि हुँदैन। अस्वच्छ र अन्धकारमय चित्त हुँदा भावनामय चित्त हुँदैन।

जेमा पनि मन नै पहिला जाने हुन्छ। कुशल र अकुशल विचार मनको पछि-पछि लाग्ने हुन्छ।

कल्याण मित्रसँग लाग्दा उत्पन्न नभएको कुशल धर्महरू उत्पन्न हुन्छन्। उत्पन्न नभएको अकुशल धर्महरू क्षय हुन्छन्।

आफन्त, भोग र यशको हानि हुनु भनेको त्यति ठूलो हानि होइन। प्रज्ञाको हानि नै ठूलो हानि हो। आफन्त, भोग र यशको वृद्धि हुनु भनेको त्यति ठूलो वृद्धि होइन। प्रज्ञाको वृद्धि नै ठूलो वृद्धि हो।

असावधानी हुँदा अनुत्पन्न अकुशल उत्पन्न हुन्छ अनि उत्पन्न कुशल क्षय हुन्छ। सावधानी हुँदा अनुत्पन्न कुशल उत्पन्न हुन्छ अनि उत्पन्न अकुशल क्षय हुन्छ।

प्रमाद (बेहोश), आलस्य, अधिक इच्छा, असन्तोष र गलत विचारको हुँदा महाअनर्थकारी हुन्छ। अप्रमाद (होशीयार), वीर्यशील, अल्पेच्छा, सन्तोष र सही विचारको हुँदा महाहितकारी हुन्छ। प्रमादले सद्धर्म विनाश हुन्छ। अप्रमादले सद्धर्म चिरस्थायी हुन्छ, विनाश तथा अन्तर्धान हुँदैन।

अधर्मलाई अधर्म, धर्मलाई धर्म, आपत्तिलाई आपत्ति, अनापत्तिलाई अनापत्ति, विनय वा धर्मका कुनै पनि विपरित कुरा नगरी जे-जस्तो हो त्यही नै स्वीकार्दा ब-



Downloaded from http://dhamma.digital

हुजनको निम्ति हित, सुख तथा धेरै नै देव-मनुष्यका निम्ति कल्याण, हित र सुख-कर हुन्छ। यसभन्दा विपरितदर्शी भई कुरा गरे... दुःख हुन्छ।

यस संसारमा बहुजन हित र बहुजन सुख निम्ति तथा देवमनुष्यको हित र र सुखका निम्ति अर्हत सम्यकसम्बुद्ध उत्पन्न हुन्छ। तथागत अर्हत सम्यकसम्बुद्धको प्रादुर्भाव दुर्लभ छ। मनुष्यमा आश्चर्य हुनेगरी तथागत सम्यकसम्बुद्धको जन्म हुन्छ।

भिक्षुहरू मध्ये सर्वप्रथम ज्ञान बुझ्न सक्नेमा अग्र भिक्षु कोण्डञ्ञ हुन्। महाप्रज्ञावान मध्ये सारिपुत्त अग्र हुन्। ऋद्धिवान मध्ये मोग्गल्लान अग्र हुन्।

भिक्षुणीहरू मध्ये सर्वप्रथम ज्ञान बुझ्न सक्नेमा अग्र महापजापति गोतमी हुन्। महाप्रज्ञावान मध्ये खेमा अग्र हुन्। ऋद्धिवान मध्ये उप्पल्लवण्णा अग्र हुन्।

उपासकहरू मध्ये सर्वप्रथम शरणमा आएका तपुस्स र भल्लिक अग्र हुन्। दान दिनेमा अग्र गृहपति अनाथपिण्डिक हुन्। धर्म कथिकमा चित्त गृहपति हुन्।

उपासिकाहरू मध्ये सर्वप्रथम शरणमा आएकी सेनियपुत्री सुजाता अग्र हुन्। दायिकामा अग्र विसाखा मिगारमाता हुन्। बहुश्रुतमा अग्र खुज्जुत्तरा हुन्।

सम्यकदृष्टि हुने व्यक्तिले कुनै पनि संस्कारलाई नित्य, सुख र आत्मा (म, मेरो) भनी स्वीकार्नु असम्भव छ। मिथ्यादृष्टि हुने व्यक्तिले संस्कारलाई नित्य, सुख र आत्मा भनी स्वीकार्न सम्भव छ।

सम्यकदृष्टि सम्पन्न व्यक्तिद्वारा माता-पिताको हत्या, अर्हतको हत्या, द्वेषी भई तथागतको शरीरबाट रगत बगाउने अनि संघभेद गर्ने यी कुकर्महरू हुनु असम्भव छ। मिथ्यादृष्टि सम्पन्न व्यक्तिद्वारा माता-पिताको हत्या, अर्हतको हत्या, द्वेषी भई तथागतको शरीरबाट रगत बगाउने अनि संघभेद गर्ने यी कुकर्महरू हुनु सम्भव छ।

जम्बु द्विपमा रमणीय भूमि, स्थान, वन-जंगल र पोखरीहरू कम छन् भने उबड-खाबड जमिन, नदीले कटान गरेको भूभि, काँडाको झाडी, जंगलहरू नै धेरै छन्। यसरी नै मनुष्यहरू मरेर मनुष्य र देवयोनिमा जन्मिने पनि कम नै छन्। नरक, प्रेत र तिर्यक (पशु-पंक्षी) आदि योनिमा जन्मिने धेरै नै छन्।



Downloaded from http://dhamma.digital

चुट्कि बजिञ्जेलसम्म भएं पनि यदि कसैले प्रथमध्यान, द्वितीयध्यान, तृतीय ध्यान, मैत्री, करुणा, मुदिता, उपेक्षा, चित्तविमुक्ति, कायमा कायानुपस्सि, वेदनामा वेदनानुपस्सि, चित्तमा चित्तानुपस्सि, धर्ममा धम्मानुपस्सि, छन्द, वीर्य, चित्त, विमंसा, ऋद्धिपाद, श्रद्धेन्द्रिय, वीर्येन्द्रिय, स्मृतिन्द्रिय, समाधिन्द्रिय, प्रज्ञेन्द्रियको भावना गर्छ भने ती भिक्षु ध्यानमा अशून्य भई बसेको, शास्ताको आज्ञा पालन गर्ने, उपदेशानुसार चल्ने र व्यर्थैमा राष्ट्रपिण्ड नखाने भनिन्छ ।

एक धर्म अर्थात कायगतानुस्मृति भावना गर्दा वा धेरै गर्दा प्रज्ञावान तथा प्रज्ञा वृद्धि हुन्छ... । कायगतानुस्मृति भावना नगर्दा अमृत रसपान गर्न सकिने छैन । अमृत साक्षात्कार गर्न सकिदैन तथा जान्न सकिदैन । कायगतानुस्मृति भावना गर्दा अमृत रसपान गर्न सकिन्छ । अमृत साक्षात्कार गर्न सकिन्छ तथा जान्न सकिन्छ ।

## दुकनिपात

एककनिपातमा एक-एक विषय लिई उपदेशहरू संग्रह भए झैं दुकनिपात-मा दुई-दुई विषय लिई संग्रह गरिएका उपदेशहरू छन् । यसमा जम्मा १७ वग्ग छन् भने एक कम्मकरण वग्गमा स-साना दस सूत्रहरू छन् । १६ कोधवग्गमा दुई पेय्याल छन् । ... वा पेय्याल भन्ने आएमा माथि उल्लेख भएकोलाई नै दोहऱ्याएर पढौं भनेको हो । यस दुकनिपातमा भिक्षुहरू, ब्राह्मणहरू र अनाथपिण्डिक महाजनलाई दिएका उपदेशहरू छन् । यी उपदेशहरू दिएको स्थान र विहारहरू यस प्रकार छन्– सावत्थिस्थित जेतवन विहार, सावत्थिस्थित पूब्बाराम विहार, भद्रसारी किनारको वर्णा र मथुरा । यसमा उल्लेखित साररूप यस्तो छ–

भिक्षुहो ! दुई प्रकारका दोष छन्– दृष्ट धर्मको (यसै जन्ममा दुष्कर्मको विपाक भोग्नु पर्ने) अनि सम्परायिक दोष (मरण पश्चात पनि दुष्कर्मको विपाक भोग्नु पर्ने) । दुष्कर्मको विपाक यसै जन्ममा अनि अर्को जन्ममा पनि भोग्नु पर्छ भनी जानी दोषी हुने कर्ममा भयभित हुन्छ । जो पाप-कर्म गर्नमा भयभित हुन्छ उसले सबै प्रकारका पाप लाग्ने कर्मबाट टाढा भई बस्छ अर्थात पाप लाग्ने कर्म गर्दैन ।

गृहस्थले भिक्षुलाई चीवर, भोजन, शयनासन, औषधी र परिस्कारहरू दान दिनु भनेको दुष्कर हो । त्यागी प्रव्रजितले सम्पूर्ण क्लेशबाट मुक्त हुनु पनि दुष्कर हो । यी दुई मध्ये सम्पूर्ण क्लेशबाट मुक्त हुनु नै अति उत्तम हो ।



Downloaded from http://dhamma.digital

शरीर, वचन र मनले दुष्कर्म गरे पश्चाताप हुन्छ अनि शरीर, वचन र मनले सुकर्म नगरे पनि पश्चाताप हुन्छ ।

कुशल कर्म गर्न र समाधिमा बस्न तृप्त हुनु हुँदैन भनी जानी राख्नुपर्छ । कुशल धर्म र समाधिमा लाग्दा छाला, नशा र हाड मात्रै बाँकी रहेसम्म पराक्रमद्वारा प्राप्त हुने निर्वाण प्राप्त नगरुञ्जेल पराक्रम रोक्ने छैन भन्ने शिक्षा लिनुपर्छ ।

संयोजनीय (बन्धनमा बाँधिने) धर्ममा आस्वादानुदर्शी हुँदा राग, द्वेष, र मोह परित्याग गर्न सकिँदैन । यसलाई परित्याग नगरेसम्म जन्म र मरणादि शोकबाट मुक्त हुन सकिँदैन । संयोजनीय धर्ममा विरक्तानुदर्शी हुँदा राग, द्वेष र मोहको विनाश हुन्छ । यसको विनाश हुँदा जन्म र मरणादिको शोकबाट मुक्त हुन सक्छ ।

पाप-कर्म गर्न निर्लज्ज र निर्भय हुनु कृष्ण धर्म (कालो धर्म) हुन् । लज्जा र भय यी दुई शुक्ल धर्म हुन् । लज्जा र भय यी दुईले लोकलाई पालन गरिराखेको छ । यदि यी दुई नभए आफन्त र गौरव गर्न योग्य व्यक्ति नचिन्ने हुन्छ । यो लोक एकदमै गडबड हुनेछ अनि पशु सरह हुनेछ ।

पापीहरूले यस जीवनमा र अर्को जन्ममा पापको फल भोग्नु पर्नेछ भनी विचार गरी पाप कर्मबाट मुक्त भई शरीर, वचन र मनले सुकर्म गरी परिशुद्ध भई बस्छ अनि राग, द्वेष र मोहबाट मुक्त भई बस्नुपर्छ भनी भावना गर्छ । यी दुईलाई नै विचार बल र भावना बल भनिन्छ ।

कुकर्म त्याग्न सक्ने हुनाले कुकर्म त्याग गर भनेको हुँ । सुकर्म गर्न सक्ने हुनाले सुकर्म गर भनेको हुँ । सुकर्मद्वारा दुर्गति हुने छैन । सुगति नै हुन्छ । कुकर्मद्वारा सुगति हुने छैन । दुर्गति नै हुन्छ ।

पदव्यञ्जन गलत हुनेगरी लगाउँदा र अर्थ अनर्थ हुनेगरी लगाउँदा सद्धर्मको विनाश हुन्छ । पदव्यञ्जन ठीकसंग लगाउँदा र अर्थ ठीकसँग लगाउँदा सद्धर्मको विनाश हुँदैन ।

दुष्ट र द्वेषीले तथागतलाई मिथ्या आरोप लगाउने गर्छ । गुप्तरूपले जसले पाप कर्म गर्छ उसले नर्क वा तीर्यक योनिमा जन्मिनु पर्नेछ ।

शमथ र विपश्यना भावना यी दुई धर्महरू विद्या पक्षीय हुन् । शमथ भावना गर्दा चित्त भावित हुन्छ, चित्त भावित हुँदा राग नष्ट हुन्छ । विपश्यना



Downloaded from http://dhamma.digital

भावना गर्दा प्रज्ञा भावित हुन्छ, प्रज्ञा भावित हुँदा अविद्या नष्ट हुन्छ । राग र अविद्याद्वारा चित्त कलुषित हुँदा प्रज्ञाको भावना हुन सक्दैन । रागबाट मुक्त भई विराग हुँदा चित्त विमुक्ति हुन्छ अनि अविद्याबाट मुक्त हुँदा प्रज्ञा विमुक्ति हुन्छ ।

पितालाई दाहिने काँधमा अनि मातालाई बाँया काँधमा राखी सय वर्षसम्म बोकी गर्नुपर्ने सबै प्रकारका सेवासुश्रुषा गर्छ । मलमूत्रादि पनि धोइ पखालि दिन्छ । महापृथ्वीको सप्तरत्नद्वारा ऐश्वर्य आधिपत्य भएको राज्यमा प्रतिष्ठित गरिदिन्छ । यसरी गरी दिएता पनि माता-पिताप्रति सुप्रत्युपकार गरेको हुँदैन । पुत्रहरूप्रति माता-पिता बहुपकारक, हेर-विचारक, पोषक र यस लोकलाई दर्शाउने हुन् । यसकारण माता-पिता दुश्शील भए शील सदाचारले युक्त हुने बानी बसाल्न लगाउनु पर्छ । कन्जुस भए दान दिने स्वभावमा लगाउनु पर्छ । मूर्ख भए प्रज्ञावान हुने गराई दिनु पर्छ । यसो गरिदिएमा माता-पिताप्रति पुत्रले सुप्रत्युपकार गरेको हुन्छ ।

मनुष्यहरूमा तथागत अर्हत सम्यकसम्बुद्धको जन्म र राजा चक्रवर्तीको जन्म आश्चर्यजनक हुन्छ । यी दुईको मृत्यु हुँदा धेरै जनलाई सन्तप्त पार्छ ।

मिथ्या आरोप र मिथ्या बोली बोल्न नपरोस् भनी किन्नरले मनुष्य बोली बोल्दैनन् ।

गृहस्थ सुख र प्रव्रजित सुख यी दुई सुख हुन् । यी दुई सुख मध्ये प्रव्रजित सुख नै उत्तम हो । यसरी नै काम-भोग सुख र नैष्क्रम्य सुख, लौकिक सुख र लोकोत्तर सुख, साश्रव सुख र अनाश्रव सुख, आमिष सुख र निरामिष सुख, आर्य सुख र अनार्य सुख, शारीरिक सुख र मानसिक सुख, प्रीतियुक्त सुख र प्रीतिरहित सुख, आलम्बन सुख र प्रीतिरहित आलम्बन सुख, आस्वाद आलम्बन सुख र उपेक्षा आलम्बन सुख, रूप आलम्बन सुख र अरूप आलम्बन सुख । यहाँ उल्लेखित सबै नै सुख हुन् । तर यी मध्ये नैष्क्रम्य सुख, लोकत्तर सुख, अनाश्रव सुख, निरामिष सुख, आर्य सुख, मानसिक सुख, प्रीतिरहित उपेक्षा सुख, समाधि सुख, प्रीतिरहित आलम्बन सुख, उपेक्षा आलम्बन सुख र अरूप सुख नै उत्तम हुन् ।

यी दुई प्रकारका धर्म हुन्– चित्त विमुक्ति र प्रज्ञा विमुक्ति, वीर्य र अचञ्चल, नाम र रूप, विद्या र विमुक्ति, भव दृष्टि र विभव दृष्टि, निर्लज्ज र निर्भय, लज्जा र भय, दुर्वचन भाव र पापी संगत, सुवचन भाव र कल्याण



Downloaded from http://dhamma.digital

मित्रको संगत, धातु कुशलता र मानसिक कुशलता अनि आपत्ति कुशलता र आपत्ति उत्थान कुशलता ।

अनागत भार वहन गर्ने, आगत भार वहन नगर्ने, अकप्पिय (नहुने) लाई कप्पिय ( हुने), कप्पियलाई अकप्पिय, अनापत्तिलाई आपत्ति अनि आपत्तिलाई अनापत्ति, अधर्मलाई धर्म अनि धर्मलाई अधर्म, अविनयलाई विनय अनि विनयलाई अविनय सम्झिने व्यक्ति मूर्ख हुन् ।

आगत भार वहन गर्ने, अकप्पियलाई अकप्पिय, कप्पियलाई कप्पिय, अनापत्तिलाई अनापत्ति अनि आपत्तिलाई आपत्ति, अधर्मलाई अधर्म अनि धर्मलाई धर्म, अविनयलाई अविनय अनि विनयलाई विनय सम्झिने व्यक्ति पण्डित हुन् ।

लाभको आशा र जीवनको आशा त्याग्न कठिन छ ।

परोपकार गर्ने र कृतज्ञ हुने अनि अर्हत र सम्यकसम्बुद्ध लोकमा दुर्लभ छन् ।

लाभ भए जति सबै संचय गरी राख्ने र लाभ भए जति सबै खर्च गर्नेलाई तृप्त गर्न कठिन छ ।

श्रद्धावान भिक्षुले सारिपुत्त र मोग्गल्लान जस्तै म पनि हुन सकुँ भनी कामना गर्नुपर्छ ।

श्रद्धावती भिक्षुणीले क्षमा र उप्पल्लवण्णा जस्तै म पनि हुन सकुँ भनी कामना गर्नुपर्छ ।

श्रद्धावान उपासकले चित्त र हत्थक आलवक जस्तै म पनि हुन सकुँ भनी कामना गर्नुपर्छ ।

श्रद्धावती उपासिकाले खुज्जुत्तरा र वेकण्डकिय नन्द माता जस्तै म पनि हुन सकुँ भनी कामना गर्नुपर्छ ।

राग, द्वेष, मोह, क्रोध, इवी, म्रक्ष (गुणवानको गुणमा पर्दा हाल्ने ) निर्दयता, इर्ष्या, कन्जुस, माया, छलकपट, धूर्त, जिद्दिपन, कलह, अभिमान, मान, अतिमान, मद र प्रमादताबाट मुक्त हुन वा बोध हुन समथ र विपश्यनाको भावना गर्नुपर्छ ।



Downloaded from http://dhamma.digital

# तिकनिपात

दुकनिपातमा दुई-दुई विषय लिई संग्रह भए झैं यस तिकनिपातमा तीन-तीन विषय लिई संग्रह गरिएका उपदेश छन्। यसमा जम्मा सोह्र वग्ग छन् । सोह्र वग्गमा १५६ सुत्तहरू छन् अनि कम्मपथ र राग यी दुई पेय्याल छन् ।

१५६ सुत्तहरू मध्ये केही सुत्तहरू सारिपुत्त, आनन्द र नन्दकद्वारा दिएका उपदेश छन् । यसमा अन्य सुत्तहरू भिक्षु, परिव्राजक, ब्राह्मण, गृहपति र उपासिका विसाखालाई दिनु भएको उपदेशहरू संग्रहित छन् । यी सुत्तहरू विभिन्न देश र विभिन्न स्थानमा देशना गर्नु भएको पाइन्छ । सावत्थिस्थित जेतवन अनाथपिण्डिक-को आराम, विसाखा मिगारमाताको पूब्बाराम, वेनागपुर ब्राह्मण गाउँ, केसमुक्त कालाम नगर, वेसालीस्थित महावन कुटागारसाला, गोतमक चेतिय, वाराणसीस्थित मिगदाय विहार, कपिलवत्थुस्थित निग्रोधाराम, भरण्डु कालाम, आलवीस्थित सिंसपावन, राजगहस्थित मोरनिवाप, कुसीनगरस्थित वलिहरणवन खण्ड र कोसम्बी देश । यस तिकनिपातमा केही विशेष साररूप यस्तो छ–

जे जति भय, उपद्रव र खतरा उत्पन्न हुन्छ ती सबै मूर्खद्वारा नै उत्पन्न हुन्छ । पण्डितद्वारा हुँदैन ।

शरीर, वचन र मन दुश्चरित्रको हुँदा उसलाई मूर्ख भनी जान्नु पर्छ । शरीर, वचन र मनद्वारा दुष्कर्म गर्ने व्यक्ति, त्यसैमा लागिरहने मूर्ख, अव्यक्त तथा असत्पुरुषले आफूलाई हानि पुऱ्याई रहेको हुन्छ । सदोषी हुन्छ, विज्ञजनद्वारा निन्दनीय हुन्छ अनि धेरै नै पापोत्पत्ति गर्ने हुन्छ ।

शरीर, वचन र मन सुचरित्रको हुँदा उसलाई पण्डित भनी जान्नु पर्छ । शरीर, वचन र मनद्वारा सुकर्म गर्ने व्यक्ति, त्यसैमा लागिरहने पण्डित, व्यक्त तथा सत्पुरुषले आफूलाई हानि पुऱ्याई रहेको हुँदैन । निर्दोषी हुन्छ, विज्ञजनद्वारा प्रशंसनीय हुन्छ अनि धेरै नै पुण्योत्पत्ति गर्ने हुन्छ ।

जन्मस्थल, राज्याभिषेक र संग्राम विजय यी तीन कुराहरू राजालाई यावत जीवन स्मरण भइरहन्छ । प्रव्रजित भएको स्थान, चार आर्यसत्यको बोध अनि आश्रव क्षय गरी चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यसै जीवनमा साक्षात्कार, अभिज्ञात र उपलब्ध गरेको यावत जीवन भिक्षुलाई स्मरण भइरहन्छ ।



Downloaded from http://dhamma.digital

इन्द्रिय संयमित, भोजनमा मात्रा ज्ञान र जाग्रत हुने यी तीन धर्ममा संलग्न भिक्षु निर्दोष मार्गका अनुगामी हुन् । ऊ आश्रव क्षय गर्नको निम्ति लागिपरेको हुन्छ ।

जो व्यक्तिद्वारा कसैलाई बुद्ध, धर्म र संघको शरणमा लगाउँछ, चार आर्यसत्य बोध गराई दिन्छ अनि आश्रव क्षय हुने मार्गमा लगाई दिन्छ भने त्यस व्यक्तिद्वारा उसको निम्ति बहुपकार गरेको हुन्छ । यस भन्दा अर्को कुनै बहुपकार गर्ने भनेको छैन ।

आफू भन्दा पनि शील, समाधि र प्रज्ञामा हीन व्यक्तिसँग संगत नगर्नु, साथमा नलाग्नु र सेवामा नलाग्नु । शील, समाधि र प्रज्ञामा आफू समान भए संगत गर्नु, साथमा लाग्नु र सेवामा लाग्नु । शील, समाधि र प्रज्ञामा आफू भन्दा पनि उन्नतशील भएमा आदर-गौरवसहित संगत गर्नु, साथमा लाग्नु र सेवा गर्नुपर्छ ।

भौतिक पदार्थ संग्रह गर्न नजान्ने, कुशलाकुशल, दोषादोष, हीनप्रणीत र कृष्णशुक्ल नजान्ने व्यक्ति दुवै आँखा नभएका अन्धो हुन् ।

भौतिक पदार्थ संग्रह गर्न जान्ने तर कुशलाकुशल, दोषादोष, हीनप्रणीत र कृष्णशुक्ल नजान्ने एउटै मात्र आँखा भएका व्यक्ति हुन् ।

भौतिक पदार्थ संग्रह गर्न जान्ने, कुशलाकुशल, दोषादोष, हीनप्रणीत र कृष्णशुक्ल जान्ने दुवै आँखा भएका व्यक्ति हुन् ।

राम्रोसँग तयार पारेको खेत वा बारीमा असल खालको बीउ लगाई त्यसमा पानी लगाए बीउ उम्रिन्छ अनि बढेर आई ठूलो हुन्छ । यसरी नै जुन कर्मको मूलमा लोभ, द्वेष र मोह हुन्छ त्यस लोभ, द्वेष र मोहको कारणले कर्मको उत्पत्ति हुन्छ । कर्मको उत्पत्तिले गर्दा आत्म भावको उत्पन्न हुन्छ । आत्म भावबाट नै कर्म परिपक्व हुन्छ अनि कर्म परिपक्व हुँदा कि त यसै जन्ममा वा पुनर्जन्ममा भोग्नु पर्ने हुन्छ ।

लोभ, द्वेष र मोह भनेको कर्मरूपी बीज हो । यो बीजरूपी कर्म निर्मूल तथा नष्ट पार्नुपर्छ । लोभ, द्वेष र मोह बीजरूपी कर्म नष्ट गरे कर्म विनष्ट हुन्छ, कर्म विनष्ट हुँदा त्यो पुनः उत्पन्न हुँदैन । जस्तै :– राम्रो खालको बीउलाई आगोमा



Downloaded from http://dhamma.digital

जलाएर खरानी बनाई त्यो खरानीलाई तेज हावामा वा जल प्रवाहमा प्रवाहित गरिदिंदा केही पनि अवशेष रहँदैन । अवशेष नरहँदा पुनः उत्पन्न हुने केही रहँदैन ।

म (बुद्ध) राग, द्वेष र मोहको जालबाट मुक्त छु । यसकारण संसारमा जतिपनि सुखपूर्वक सुत्नेहरू छन् ती मध्ये एक म हुँ । राग, द्वेष र मोहको जलनबाट जो जलिरहेको हुन्छ ऊ सुखपूर्वक शयन गर्न सक्दैन ।

पापी व्यक्तिलाई नरकमा यमराजले पहिलो, दोस्रो र तेस्रो देवदूत बारे सोधपूछ गरेपछि तिमीले गरेको पाप कर्मको फल तिमीले नै भोग्नुपर्छ भनी नर्क लोकमा विभिन्न कष्टदायक दण्ड भोग्नु पर्ने देवदूत सूत्रमा उल्लेख छ ।

मनुष्य योनिमा जन्म लिई अर्हत सम्यकसम्बुद्धको दर्शन गर्न पाए हुन्थ्यो, संगत गर्न पाए हुन्थ्यो, धर्म श्रवण गर्न पाए हुन्थ्यो र धर्म जान्न पाए हुन्थ्यो भन्ने विचार यमराजले गरेको थियो ।

पूर्णिमा, औंसी, कृष्ण र शुक्ल पक्षको अष्टमीका दिन मातापिता, श्रमणब्राह्मण, घरका ठूलाबडालाई सेवा गर्छन् कि गर्दैनन् ? उपोसथव्रत (अष्ट शील) लिन्छन् कि लिँदैनन्, जागरण शील छ कि छैन, पुण्य कर्म गर्छन् कि गर्दैनन् ? आदि विषय जान्न मनुष्यलोकमा लोकपाल देवका परिषद, पुत्र वा आफै आउने गर्छ ।

कोही व्यक्ति म जस्तो अर्हत, क्षीणाश्रव, श्रेष्ठ जीवन आदि सम्यक ज्ञानद्वारा विमुक्त हुन चाहेमा पूर्णिमा, औंसी र पक्षका दुवै अष्टमीका दिन अष्टाङ्ग उपोसथ शीललाई सम्पन्न गर ।

यौवन मत्ता, आरोग्य मत्ता र जीवन मत्ता यी तीन मत्ताको हुँदा दुष्कर्म गर्ने हुन्छ । वृद्ध, रोगी र मृत्युको हातमा एक दिन म पनि पर्नेछु भन्ने विचार गरे मत्ता भाव हटेर गई दुष्कर्मबाट बचिन्छ ।

अनुरुद्ध ! स्त्रीहरू बिहान कन्जुसरूपी मैलद्वारा युक्त हुन्छे । मध्यान्हमा ईर्ष्यारूपी मैलद्वारा युक्त हुन्छे अनि सन्ध्यामा रागरूपी मैलद्वारा युक्त हुन्छे । यी नै तीन कारणले गर्दा स्त्रीहरू मृत्यु पश्चात अपाय, दुर्गति, पतन तथा नर्कमा उत्पन्न हुन्छन् ।



Downloaded from http://dhamma.digital

अनुरुद्ध भन्तेको विचार सुनेपछि सारिपुत्त भन्तेले भन्नुभयो– "अनुरुद्ध ! अभिमान, औद्धत्य (अशान्त) र कौकृत्य (पश्चाताप) यी तीन तिमीमा निहित हुनाले उपादानरहित भई आश्रवी चित्त विमुक्ति नभएका हुन् । यसर्थ तिमीले ती तीनलाई विनष्ट गरी, तीनै विषयलाई मनमा नलिई अमृत (निर्वाण) धातुमा चित्तलाई उन्मुख गर ।

हिंसा, चोरी, व्यभिचार, झूट, चुक्ली, कठोर वचन, बकवाद, लोभ, द्वेष र मोह यी दस अकुशल कर्म आफूले पनि गर्ने अरूलाई पनि गर्न लाउने अनि समर्थन गर्ने व्यक्तिलाई समातेर ल्याई मानौं नर्कमा राखी दिए समान हुन्छ । यी दस अकुशल कर्म आफूले पनि नगर्ने, अरूलाई पनि गर्न नलाउने अनि समर्थन पनि नगर्ने व्यक्तिलाई समातेर ल्याई मानौं स्वर्गमा राखी दिए समान हुन्छ ।

राग जान्नको निम्ति शून्यता समाधि, अनिमित्त समाधि र अप्रणिहित समाधि यी तीन विषयको भावना गर्नुपर्छ ।

राग, द्वेष, मोह इवी, म्रक्ष (अरूको गुणलाई ढाक्ने), इर्ष्या, कन्जुस... छलकपट, धूर्त, जिद्दिपन, कलह, मान, अभिमान, घमण्ड र प्रमाद आदिलाई जान्न-बुझ्न अनि यी सबैलाई परीक्षय, विनष्ट, क्षय, व्यय, विराग, निरोध, त्याग र परित्याग गर्न सवितक्क, सविचार (वितर्कसहित, विचारसहित) को भावना, अवितर्क विचार भावना र अवितर्क अविचारको भावना यी नै तीन धर्मको भावना गर्नुपर्छ ।

यो अङ्गुत्तरनिकायमा रहेका अधिकांश सुत्तहरू शाक्यमुनि बुद्धले भिक्षुहरूलाई सम्बोधन गरी दिनुभएका उपदेशहरू हुन् । यो त भिक्षुहरूलाई दिएको उपदेश हो हाम्रो लागि होइन भन्ने विचार मनमा नलिनु होला । वहाँको उपदेश बहुजन हित र बहुजन सुखको निम्ति हो । यसकारण बारंबार पढौं, बुझौं अनि ग्रहण गरी जीवनमा उतारौं ।

मेरा श्रद्धेय भन्ते ज्ञानपूर्णिक महास्थविरज्यूले केही कुरा लेखिदिनु भएकोमा वहाँ प्रति म आभारी छु । उपासक हरिशंखर मानन्धरले दुःख नमानि प्रूफ हेरिदिनु भएकोमा वहाँ प्रति साधुवाद छ । यस दोस्रो संस्करणमा सकेसम्म परिमार्जन गरेको छु । अझै परिमार्जन गर्नु परे सूचित गरिदिनु भए यहाँहरूप्रति आभारी हुनेछु ।

Downloaded from http://dhamma.digital

समयमै मुद्रण कार्य सम्पन्न गरिदिनुका साथै बनेपामा नै आउनु भई गुरुकपि लाने र मुद्रण कार्य सकेपछि ल्याइपुऱ्याउने कार्य गरिदिनु भएकोमा शुभकामना प्रिन्टिङ्ग प्रेसप्रति हार्दिक कृतज्ञताकासाथ सहर्षपूर्वक धन्यवाद ।

बोधिचर्या विहार, बनेपा-६, काभ्रे
फोन ०११- ६६१७८९
२०७०/१/१

भिक्षु बोधिसेन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# अङ्गुत्तरनिकाय

## (एकक, दुक र तिकनिपात)

### सूची


| क्र. सं. | विषय | पृ. नं. | क्र.सं. | विषय | पृ. नं |
|---|---|---|---|---|---|
| | एककनिपात | १ | | ६) छट्ठवग्गो | ३० |
| १ | रूपादिवग्गो | १ | | ७) सत्तमवग्गो | ३१ |
| २ | निवरणप्पहानवग्गो | ३ | १५. | १) अट्ठानपालि | ३३ |
| ३. | अकम्मनियवग्गो | ५ | | १. पठमवग्गो | ३३ |
| ४. | अदन्तवग्गो | ७ | | २.दुतियवग्गो | ३४ |
| ५. | पणिहितअच्छवग्गो | ९ | | ३. ततियवग्गो | ३५ |
| ६. | अच्छरासङ्घातवग्गो | ११ | १६. | एकधम्मपालि | ३७ |
| ७. | विरियारम्भवग्गो | १३ | | १. पठमवग्गो | ३७ |
| ८. | कल्याणमित्तादिवग्गो | १५ | | २. दुतियवग्गो | ३७ |
| ९. | पमादादिवग्गो | १७ | | ३. ततियवग्गो | ३९ |
| १०. | दुतियपमादादिवग्गो | १९ | | ४. चतुत्थवग्गो | ४१ |
| ११. | अधम्मवग्गो | २२ | १७ | पसादकरधम्मवग्गो | ४५ |
| १२. | अनापत्तिवग्गो | २३ | १८. | अपरअच्छरासङ्घात वग्गो | ४६ |
| १३. | एकपुग्गलवग्गो | २५ | १९. | कायगतासतिवग्गो | ५० |
| १४. | १) पठमवग्गो | २७ | २०. | अमतवग्गो | ५३ |
| | २) दुतियवग्गो | २७ | | दुकनिपात | ५५ |
| | ३) ततियवग्गो | २८ | १. | कम्मकरणवग्गो | ५५ |
| | ४) चतुत्थवग्गो | २९ | १. | वज्जसुत्तं | ५५ |
| | ५) पञ्चमवग्गो | ३० | २. | पधानसुत्तं | ५६ |


Downloaded from http://dhamma.digital

| क्र. सं. | विषय | पृ. नं. | क्र.सं. | विषय | पृ. नं |
|---|---|---|---|---|---|
| ३. | तपनियसुत्तं | ५७ | | **तिकनिपात** | १०६ |
| ४. | अतपनियसुत्तं | ५७ | १. | **बालवग्गो** | १०६ |
| ५. | उपञ्ञातसुत्तं | ५७ | १. | भयसुत्तं | १०६ |
| ६. | संयोजनसुत्तं | ५८ | २. | लक्खणसुत्तं | १०६ |
| ७. | कण्हसुत्तं | ५८ | ३. | चिन्तीसुत्तं | १०७ |
| ८. | सुक्कसुत्तं | ५८ | ४. | भयसुत्तं | १०८ |
| ९. | चरियसुत्तं | ५९ | ५. | लक्खणसुत्तं | १०८ |
| १०. | वस्सुपनायिकसुत्तं | ५९ | ६. | अकुसलसुत्तं | १०८ |
| २. | **अधिकरणवग्गो** | ६० | ७. | सावज्जसुत्तं | १०९ |
| ३. | **बालवग्गो** | ६६ | ८. | सब्याबज्झसुत्तं | १०९ |
| ४. | **समचित्तवग्गो** | ६८ | ९. | खतसुत्तं | १०९ |
| ५. | **परिसवग्गो** | ७५ | १०. | मलसुत्तं | ११० |
| ६. | **१.पुग्गलवग्गो** | ८० | २. | **रथकारवग्गो** | १११ |
| ७. | **२.सुखवग्गो** | ८३ | १. | ञातसुत्तं | १११ |
| ८. | **३.सनिमित्तवग्गो** | ८५ | २. | सारणीयसुत्तं | १११ |
| ९. | **४. धम्मवग्गो** | ८६ | ३. | आसंससुत्तं | ११२ |
| १०. | **५.बालवग्गो** | ८७ | ४. | चक्कवत्तिसुत्तं | ११४ |
| ११. | **१.आसादुप्पजहवग्गो** | ९० | ५. | सचेतनसुत्तं | ११५ |
| १२. | **२.आयाचनवग्गो** | ९२ | ६. | अपण्णकसुत्तं | ११७ |
| १३. | **३. दानवग्गो** | ९५ | ७. | अत्तब्याबाधसुत्तं | ११८ |
| १४ | **४. सन्थारवग्गो** | ९७ | ८. | देवलोकसुत्तं | ११८ |
| १५ | **५.समापत्तिवग्गो** | ९९ | ९ | पठमपापणिकसुत्त | ११८ |
| १. | **कोधपेय्यालं** | १०१ | १० | दुतियपापणिकसुत्तं | ११९ |
| २. | **अकुसलपेय्यालं** | १०२ | ३. | **पुग्गलवग्गो** | १२१ |
| ३. | **विनयपेय्यालं** | १०२ | १. | समिद्धसुत्तं | १२१ |
| ४. | रागपेय्यालं | १०३ | २. | गिलानसुत्तं | १२२ |


Downloaded from http://dhamma.digital

| क्र. सं | विषय | पृ.नं | क्र.सं. | विषय | पृ.नं. |
|---|---|---|---|---|---|
| ३. | सङ्गारसुत्तं | १२४ | ७. | सङ्खतलक्खणसुत्तं | १५५ |
| ४. | बहुकारसुत्तं | १२४ | ८. | असङ्खतलक्खणसुत्त | १५५ |
| ५. | वजिरूपमसुत्तं | १२६५ | ९. | पब्बतराजसुत्तं | १५५ |
| ६. | सेवितब्बसुत्तं | १२६ | १० | आतप्पकरणीयसुत्तं | १५६ |
| ७. | जिगुच्छितब्बसुत्तं | १२७ | ११. | महाचोरसुत्तं | १५६ |
| ८. | गूथभाणीसुत्तं | १२८ | ६. | **ब्राह्मणवग्गो** | १५८ |
| ९. | अन्धसुत्तं | १२९ | १. | पठमद्वेब्राह्मणसुत्तं | १५८ |
| १०. | अवकुज्जसुत्तं | १३१ | २. | दुतियद्वेब्राह्मणसुत्तं | १५९ |
| ४. | **देवदूतवग्गो** | १३५ | ३. | अञ्ञतरब्राह्मणसुत्तं | १६० |
| १. | सब्रह्मकसुत्तं | १३५ | ४. | परिब्बाजकसुत्तं | १६१ |
| २. | आनन्दसुत्तं | १३५ | ५. | निब्बुतसुत्तं | १६२ |
| ३. | सारिपुत्तसुत्तं | १३७ | ६. | पलोकसुत्तं | १६३ |
| ४. | निदानसुत्तं | १३८ | ७. | वच्छगोत्तसुत्तं | १६४ |
| ५. | हत्थकसुत्तं | १४० | ८. | तिकण्णसुत्तं | १६७ |
| ६. | देवदूतसुत्तं | १४१ | ९. | जाणुस्सोणिसुत्तं | १७० |
| ७. | चतुमहाराजसुत्तं | १४५ | १०. | सङ्गारवसुत्तं | १७३ |
| ८. | दुतियचतुमहाराजसुत्तं | १४७ | ७. | **महावग्गो** | १७८ |
| ९. | सुखुमालसुत्तं | १४८ | १ | तित्थायतनादिसुत्तं | १७८ |
| १०. | अधिपतेय्यसुत्तं | १५० | २. | भयसुत्तं | १८२ |
| ५. | **चूलवग्गो** | १५३ | ३. | वेनागपुरसुत्तं | १८४ |
| १. | सम्मुखीभावसुत्तं | १५३ | ४. | सरभसुत्तं | १८८ |
| २. | तिठानसुत्तं | १५३ | ५. | केसमुत्तिसुत्तं | १९१ |
| ३. | अत्थवससुत्तं | १५३ | ६. | साल्हसुत्तं | १९५ |
| ४. | कथापवत्तिसुत्तं | १५३ | ७. | कथावत्थुसुत्तं | १९९ |
| ५ | पण्डितसुत्तं | १५४ | ८. | अञ्ञतित्थियसुत्तं | २०२ |
| ६. | सीलवन्तसुत्तं | १५४ | ९. | अकुसलमूलसुत्तं | २०३ |


Downloaded from http://dhamma.digital

| क्र. सं. | विषय | पृ. नं. | क्र.सं. | विषय | पृ.नं. |
|---|---|---|---|---|---|
| १० | उपोसथसुत्तं | २०७ | २. | पविवेकसुत्तं | २४० |
| ८. | **आनन्दवग्गो** | २१६ | ३. | सरदसुत्तं | २४२ |
| १. | छन्नसुत्तं | २१६ | ४. | परिसासुत्तं | २४२ |
| २. | आजीवकसुत्तं | २१७ | ५. | पठमआजानीयसुत्तं | २४३ |
| ३. | महानामसक्कसुत्तं | २१९ | ६. | दुतियआजानीयसुत्तं | २४४ |
| ४. | निगण्ठसुत्तं | २२० | ७. | ततियआजानीयसुत्तं | २४५ |
| ५. | निवेसकसुत्तं | २२२ | ८. | पोत्थकसुत्तं | २४६ |
| ६. | पठमभवसुत्तं | २२३ | ९. | लोणकपल्लसुत्तं | २४७ |
| ७. | दुतियभवसुत्तं | २२३ | १०. | पंसुधोवकसुत्त | २५१ |
| ८. | सीलब्बतसुत्तं | २२४ | ११. | निमित्तसुत्तं | २५४ |
| ९. | गन्धजातसुत्तं | २२४ | ११. | **सम्बोधवग्गो** | **२५६** |
| १०. | चूलनिकासुत्तं | २२६ | १. | पुब्बेवसम्बोधसुत्तं | २५६ |
| ९. | **समणवग्गो** | २२८ | २. | पठमअस्सादसुत्तं | २५६ |
| १. | समणसुत्तं | २२८ | ३. | दुतियअस्सादसुत्तं | २५७ |
| २. | गद्रभसुत्तं | २२८ | ४. | समणब्राह्मणसुत्तं | २५७ |
| ३. | खेत्तसुत्तं | २२९ | ५. | रुण्णसुत्तं | २५८ |
| ४. | वज्जिपुत्तसुत्तं | २२९ | ६. | अतित्तिसुत्तं | २५८ |
| ५. | सेक्खसुत्तं | २३० | ७. | अरक्खितसुत्तं | २५८ |
| ६. | पठमसिक्खासुत्तं | २३१ | ८. | ब्यापन्नसुत्तं | २५९ |
| ७. | दुतियसिक्खासुत्तं | २३२ | ९. | पठमनिदानसुत्तं | २६० |
| ८. | ततियसिक्खासुत्तं | २३३ | १०. | दुतियनिदानसुत्तं | २६१ |
| ९. | पठमसिक्खत्तयसुत्तं | २३४ | १२. | **आपायिकवग्गो** | **२६४** |
| १०. | दुतियसिक्खत्तयसुत्तं | २३५ | १. | आपायिकसुत्तं | २६३ |
| ११. | सङ्कवासुत्तं | २३६ | २. | दुल्लभसुत्तं | २६३ |
| १०. | **लोणकपल्लवग्गो** | २४० | ३. | अप्पमेय्यसुत्तं | २६३ |
| १. | अच्चायिकसुत्तं | २४० | ४. | आनेञ्जसुत्तं | २६४ |


Downloaded from http://dhamma.digital

| क.सं. | विषय | पृ.नं. | क.सं. | विषय | पृ.नं. |
|---|---|---|---|---|---|
| ५. | विपत्तिसम्पदासुत्तं | २६५ | ७. | वुद्धिसुत्तं | २८३ |
| ६. | अपण्णकसुत्तं | २६६ | ८. | अस्सखलुङ्कसुत्तं | २८४ |
| ७. | कम्मन्तसुत्तं | २६७ | ९. | अस्सपरस्ससुत्तं | २८५ |
| ८ | पठमसोचेय्यसुत्तं | २६८ | १०. | अस्साजानियसुत्तं | २८६ |
| ९ | दुतियसाचेय्यसुत्तं | २६८ | ११. | पठममोरनिवापसुत्तं | २८७ |
| १०. | मोनेय्यसुत्तं | २७० | १२. | दुतियमोरनिवापसुत्तं | २८८ |
| **१३.** | **कुसिनारवग्गो** | **२७१** | १३. | ततियमोरनिवापसुत्तं | २८८ |
| १. | कुसिनारसुत्तं | २७१ | **१५.** | **मङ्गलवग्गो** | **२८९** |
| २. | भण्डनसुत्तं | २७२ | १. | अकुसलसुत्तं | २८९ |
| ३. | गोतमकचेतियसुत्तं | २७२ | २. | सावज्जसुत्तं | २८९ |
| ४. | भरण्डुकालामेसुत्तं | २७३ | ३. | विसमसुत्तं | २८९ |
| ५. | हत्थकसुत्तं | २७५ | ४. | असुचिसुत्तं | २९० |
| ६. | कटुवियसुत्तं | २७६ | ५. | पठमखतसुत्तं | २९० |
| ७. | पठमअनुरुद्धसुत्तं | २७७ | ६. | दुतियखतसुत्तं | २९० |
| ८. | दुतियअनुरुद्धसुत्तं | २७८ | ७. | ततियखतसुत्तं | २९१ |
| ९ | पटिच्छन्नसुत्तं | २७९ | ८. | चतुत्थखतसुत्तं | २९१ |
| १० | लेखसुत्तं | २७९ | ९. | वन्दनासुत्तं | २९१ |
| **१४.** | **योधाजीववग्गो** | २८१ | १०. | पुब्बण्हसुत्तं | २९१ |
| १. | योधाजीवसुत्तं | २८१ | **१६.** | **अचेलकवग्गो** | **२९३** |
| २. | परिसासुत्तं | २८२ | **१७.** | **कम्मपेय्यालं** | **२९६** |
| ३. | मित्तसुत्तं | २८२ | **१८.** | **रागपेय्यालं** | **२९८** |
| ४. | उप्पादसुत्तं | २८२ | | | |
| ५. | केशकम्बलसुत्तं | २८३ | | | |
| ६. | सम्पदासुत्तं | २८३ | | | |


Dhamma.Digital

Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| | बहुकारसुत्तं | १२४ |
| ५. | वजिरूपमसुत्तं | १२६५ |
| ६. | सेवितब्बसुत्तं | १२६ |
| ७. | जिगुच्छितब्बसुत्तं | १२७ |
| ८. | गूथभाणीसुत्तं | १२८ |
| ९. | अन्धसुत्तं | १२९ |
| १०. | अवकुज्जसुत्तं | १३१ |
| ४. | देवदूतवग्गो | १३५ |
| १. | सब्रह्मकसुत्तं | १३५ |
| २. | आनन्दसुत्तं | १३५ |
| ३. | सारिपुत्तसुत्तं | १३७ |
| ४. | निदानसुत्तं | १३८ |
| ५. | हत्थकसुत्तं | १४० |
| ६. | देवदूतसुत्तं | १४१ |
| ७. | चतुमहाराजसुत्तं | १४५ |
| ८. | दुतियचतुमहाराजसुत्तं | १४७ |
| ९. | सुखुमालसुत्तं | १४८ |
| १०. | अधिपतेय्यसुत्तं | १५० |
| ५. | चूलवग्गो | १५३ |
| १. | सम्मुखीभावसुत्तं | १५३ |
| २. | तिठानसुत्तं | १५३ |
| ३. | अत्थवससुत्तं | १५३ |
| ४. | कथापवत्तिसुत्तं | १५३ |
| ५ | पण्डितसुत्तं | १५४ |
| ६. | सीलवन्तसुत्तं | १५४ |

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# अङ्गुत्तरनिकाय

## १. एककनिपात

### १. रूपादिवग्गो

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डकको आराम जेतवनमा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नु भयो– "भिक्षुहो ! "भदन्त" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए ।

भगवानले यसो भन्नुभयो– "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक रूप देख्दिन जुन पुरुषको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि स्त्री 'रूप' । भिक्षुहो ! स्त्री 'रूप' पुरुषको चित्तमा दबिएर बसेको हुन्छ ।"

२. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक शब्द देख्दिन जुन पुरुषको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि स्त्री 'शब्द' भिक्षुहो ! स्त्री 'शब्द' पुरुषको चित्तमा दबिएर बसेको हुन्छ ।"

३. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक गन्ध देख्दिन जुन पुरुषको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि स्त्री गन्ध । भिक्षुहो ! स्त्री 'गन्ध' पुरुषको चित्तमा दबिएर बसेको हुन्छ ।"

४. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक रस देख्दिन जुन पुरुषको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि स्त्री 'रस' । भिक्षुहो ! स्त्री 'रस' पुरुषको चित्तमा दबिएर बसेको हुन्छ ।"

५. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक स्पर्श देख्दिन जुन पुरुषको चित्त-मा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि स्त्री स्पर्श । भिक्षुहो ! स्त्री 'स्पर्श' पुरुषको चित्तमा दबिएर बसेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

६. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक रूप देख्दिन जुन स्त्रीको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि पुरुष 'रूप' । भिक्षुहो ! पुरुष 'रूप' स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ ।"

७. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक शब्द देख्दिन जुन स्त्रीको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि पुरुष 'शब्द' । भिक्षुहो ! पुरुष 'शब्द' स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ ।"

८. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक गन्ध देख्दिन जुन स्त्रीको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि पुरूष 'गन्ध' । भिक्षुहो ! पुरूष 'गन्ध' स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ ।"

९. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक रस देख्दिन जुन स्त्रीको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि पुरुस 'रस' । भिक्षुहो ! पुरूष 'रस' स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ ।"

Dhamma.Digital

१०. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक स्पर्श देख्दिन जुन स्त्रीको चित्तमा यसरी दबिएर बसेको हुन्छ । भिक्षुहो ! जुन कि पुरुष 'स्पर्श' । भिक्षुहो ! पुरूष 'स्पर्श' स्त्रीको चित्तमा दबिएर बसेको हुन्छ ।"

Downloaded from http://dhamma.digital

## २. नीवरणप्पहानवग्गो

११. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म (विषय) देख्दिन जुन अनुत्पन्न कामेच्छा (काम-तृष्णा) उत्पन्न हुन्छ, उत्पन्न कामेच्छा वृद्धि हुन्छ अनि परिमाणमा अधिक हुन्छ । भिक्षुहो ! जुन कि यो शुभ-निमित्त (पुरुष वा स्त्रीले एक आपसका रूपलाई सौन्दर्य मानी आकर्षक हुने भाव) । भिक्षुहो ! 'शुभ-निमित्त' भनी गलत विचार लिंदा अनुत्पन्न कामेच्छा उत्पन्न हुन्छ, उत्पन्न कामेच्छा वृद्धि हुन्छ तथा परिमाणमा अधिक हुन्छ ।"

१२. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न व्यापाद (द्वेष) उत्पन्न हुन्छ, उत्पन्न व्यापाद वृद्धि हुन्छ तथा परिमाणमा अधिक हुन्छ । भिक्षुहो ! जुन कि यो प्रतिघ निमित्त (विरोध भाव) । भिक्षुहो ! प्रतिघ निमित्तमा गलत विचार हुँदा अनुत्पन्न व्यापाद उत्पन्न हुन्छ, उत्पन्न व्यापाद वृद्धि तथा परिमाणमा अधिक हुन्छ ।"

१३. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न थिनमिद्ध (शारीरिक र मानसिक आलस्य) उत्पन्न हुन्छ, उत्पन्न थिनमिद्ध वृद्धि तथा परिमाणमा अधिक हुन्छ । भिक्षुहो ! जुन कि यो अरुचि, सुस्तपन, उँघाई, भो-जनान्तर तन्द्रा र चित्त अकर्मण्यता । भिक्षुहो ! 'चित्त अकर्मण्यता' हुँदा अनुत्पन्न थिनमिद्ध उत्पन्न हुन्छ, उत्पन्न थिनमिद्ध वृद्धि तथा परिमाणमा अधिक हुन्छ ।"

१४. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न उद्धच्चकुक्कुच (अशान्त चित्त र पश्चाताप) उत्पन्न हुन्छ, उत्पन्न उद्धच्चकुक्कुच वृद्धि तथा परिमाणमा अधिक हुन्छ । भिक्षुहो ! जुन कि यो अशान्त चित्त । भिक्षुहो ! 'चित्त अशान्त' हुँदा अनुत्पन्न उद्धच्चकुक्कुच्च उत्पन्न हुन्छ, उत्पन्न उद्धचकुक्कुच्च वृद्धि तथा परिमाणमा अधिक हुन्छ ।"

१५. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न विचिकिच्छा (शंका) उत्पन्न हुन्छ, उत्पन्न विचिकिच्छा वृद्धि तथा परिमाणमा अधिक हुन्छ । भिक्षुहो ! जुन कि यो गलत विचार । भिक्षुहो ! 'गलत विचार' हुँदा अनुत्पन्न विचिकिच्छा उत्पन्न हुन्छ, उत्पन्न विचिकिच्छा वृद्धि तथा परिमाणमा अधिक हुन्छ ।"

१६. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कामेच्छा उत्पन्न हुँदैन, उत्पन्न कामेच्छा विनष्ट हुन्छ । भिक्षुहो ! जुन कि यो



Downloaded from http://dhamma.digital

अशुभ-निमित्त (पुरुष वा स्त्री एक आपसले रूप सौन्दर्यमा घृणित पदार्थयुक्त शरीर हो भनी विचार गर्ने) । भिक्षुहो ! 'अशुभ-निमित्त' ठीकसँग मनमा लिंदा अनुत्पन्न कामेच्छा उत्पन्न हुँदैन, उत्पन्न कामेच्छा विनष्ट हुन्छ ।"

१७. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न व्यापाद (द्वेष) उत्पन्न हुँदैन, उत्पन्न व्यापाद विनष्ट हुन्छ । भिक्षुहो ! जुन कि यो मैत्री तथा चित्त विमुक्ति । भिक्षुहो ! 'मैत्री तथा चित्त विमुक्ति' ठीकसँग मनमा लिंदा अनुत्पन्न व्यापाद उत्पन्न हुँदैन, उत्पन्न व्यापाद विनष्ट हुन्छ ।"

१८. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न थिनमिद्ध उत्पन्न हुँदैन, उत्पन्न थिनमिद्ध विनष्ट हुन्छ । भिक्षुहो ! जुन कि यो उद्यमी, प्रयत्नवान र पराक्रमी । भिक्षुहो ! 'प्रयत्नशील' भाव ठीकसँग मनमा लिंदा अनुत्पन्न थिनमिद्ध उत्पन्न हुँदैन, उत्पन्न थिनमिद्ध विनष्ट हुन्छ ।"

१९. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न उद्धच्चकुक्कुच्च उत्पन्न हुँदैन, उत्पन्न उद्धच्चकुक्कुच्च विनष्ट हुन्छ । भिक्षुहो ! जुन कि यो शान्त चित्त । भिक्षुहो ! 'शान्त चित्त' ठीकसँग मनमा हुँदा अनुत्पन्न उद्धच्चकुक्कुच्च उत्पन्न हुँदैन, उत्पन्न उद्धच्चकुक्कुच्च विनष्ट हुन्छ ।"

२०. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न विचिकिच्छा उत्पन्न हुँदैन, उत्पन्न विचिकिच्छा विनष्ट हुन्छ । भिक्षुहो ! जुन कि यो ठीकसँग मनमा लिंदा । भिक्षुहो ! ठीकसँग 'मनमा लिंदा' अनुत्पन्न शंका उत्पन्न हुँदैन, उत्पन्न शंका विनष्ट हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ३. अकम्मनियवग्गो

२१. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना (अभ्यास) नगर्दा यस्तो अकर्मण्य हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना नगर्दा चित्त अकर्मण्य हुन्छ ।"

२२. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना गर्दा यस्तो कर्मण्य हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना गर्दा चित्त कर्मण्य हुन्छ ।"

२३. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना नगर्दा यस्तो महाअनर्थकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना नगर्दा चित्त महाअनर्थकारी हुन्छ ।"

२४. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना गर्दा यस्तो महाहितकारी हुन्छ जुन कि, भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना गर्दा चित्त महाहितकारी हुन्छ ।"

२५ "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना नगर्दा तथा प्रादुर्भाव नहुँदा यस्तो महाअनर्थकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना नगर्दा तथा प्रादुर्भाव नहुँदा चित्त महाअनर्थकारी हुन्छ ।"

२६. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना गर्दा तथा प्रादुर्भाव हुँदा यस्तो महाहितकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना गर्दा तथा प्रादुर्भाव हुँदा चित्त महाहितकारी हुन्छ ।"

२७. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना नगर्दा तथा अभिवृद्धि नहुँदा यस्तो महाअनर्थकारी हुन्छ जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना नगर्दा तथा अभिवृद्धि नहुँदा चित्त महाअनर्थकारी हुन्छ ।"

२८. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन अभ्यास गर्दा तथा अभिवृद्धि हुँदा यस्तो महाहितकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! अभ्यास गर्दा तथा अभिवृद्धि हुँदा चित्त महाहितकारी हुन्छ ।"

Downloaded from http://dhamma.digital

२९. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना नगर्दा तथा अभिवृद्धि नहुँदा यस्तो दुःखदायी हुन्छ जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना नगर्दा तथा अभिवृद्धि नहुँदा चित्त दुःखदायी हुन्छ ।"

३०. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन भावना गर्दा तथा अभिवृद्धि हुँदा यस्तो सुखदायी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! भावना गर्दा तथा अभिवृद्धि हुँदा चित्त सुखदायी हुन्छ ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## ४. अदन्तवग्गो

३१. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन दमन नगर्दा यस्तो महाअनर्थकारी हुन्छ। जुन किं भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त दमन नगर्दा महाअनर्थकारी हुन्छ।"

३२. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन दमन गर्दा यस्तो महाहितकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त दमन गर्दा महाहितकारी हुन्छ।"

३३. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन संरक्षण नगर्दा यस्तो महाअनर्थकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त संरक्षण नगर्दा महाअनर्थकारी हुन्छ।"

३४. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन संरक्षण गर्दा यस्तो महाहितकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त संरक्षण गर्दा महाहितकारी हुन्छ।"

३५. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन सुरक्षा नगर्दा यस्तो महाअनर्थकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त सुरक्षा नगर्दा महाअनर्थकारी हुन्छ।"

३६. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन सुरक्षा गर्दा यस्तो महाहितकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त सुरक्षा गर्दा महाहितकारी हुन्छ।"

३७. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन संयम नगर्दा यस्तो महाअनर्थकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त संयम नगर्दा महाअनर्थकारी हुन्छ।"

३८. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन संयम गर्दा यस्तो महाहितकारी हुन्छ। जुन कि भिक्षुहो ! यो चित्त। भिक्षुहो ! चित्त संयम गर्दा महाहितकारी हुन्छ।"

Downloaded from http://dhamma.digital

३९. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन दमन, संरक्षण, सुरक्षा र संयम नगर्दा यस्तो महाअनर्थकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! चित्त दमन, संरक्षण, सुरक्षा र संयम नगर्दा महाअनर्थकारी हुन्छ ।"

४०. "भिक्षुहो ! मैले यस्तो अन्य कुनै एक धर्म देख्दिन जुन दमन, संरक्षण, सुरक्षा र संयम गर्दा यस्तो महाहितकारी हुन्छ । जुन कि भिक्षुहो ! यो चित्त । भिक्षुहो ! चित्त दमन, संरक्षण, सुरक्षा र संयम गर्दा महाहितकारी हुन्छ ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## ५. पणिहितअच्छवग्गो

४१. "जस्तै कि, भिक्षुहो ! धानको बालामा वा जौंको बालामा राम्रोसँग नलागेको कनलाई हात वा खुट्टाले चलाउँदा हात वा खुट्टामा बिभ्नु वा रगत निकाल्नु सम्भव हुँदैन । त्यो के कारण ? धानको बालामा राम्रोसँग कन नलाग्नाले । यसरी नै, भिक्षुहो ! जो कोही भिक्षुले चित्त राम्रो नगरिकन अविद्या छेदन गर्नु, विद्या उत्पन्न गर्नु अनि निर्वाण साक्षात्कार गर्नु सम्भव हुँदैन । त्यो के कारण ? भिक्षुहो ! चित्त राम्रो नहुनाले ।"

४२. "जस्तै कि, भिक्षुहो ! धानको बालामा वा जौको बालामा राम्रोसँग लागेको कनलाई हात वा खुट्टाले चलाउँदा हात वा खुट्टामा बिभ्नु वा रगत निकाल्नु सम्भव छ । त्यो के कारण ? धानको बालामा राम्रोसँग कन लागेकोले । यसरी नै, भिक्षुहो ! जो कोही भिक्षुको चित्त राम्रो हुँदा अविद्या छेदन गर्नु, विद्या उत्पन्न गर्नु अनि निर्वाण साक्षात्कार गर्नु सम्भव छ । त्यो के कारण ? भिक्षुहो ! चित्त राम्रो हुनाले ।"

४३. "यहाँ, भिक्षुहो ! कोही एक व्यक्तिको चित्त प्रदूषित हुन्छ, त्यस्तो चित्तलाई मैले आफ्नो चित्तद्वारा देख्दछु– 'यदि यो व्यक्ति अहिले मृत्यु भए उसलाई समातेर ल्याई मानौं नरकमा राखिदिए जस्तै हुन्छ । त्यो के कारण ? भिक्षुहो ! चित्त नै प्रदूषित हुनाले । भिक्षुहो ! चित्त प्रदूषित हुँदा नै यहाँ व्यक्ति मृत्यु पश्चात शरीर नरहँदा अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ ।"

४४. "यहाँ, भिक्षुहो ! कोही एक व्यक्तिको चित्त प्रसन्न हुन्छ, त्यस्तो चित्तलाई मैले आफ्नो चित्तद्वारा देख्दछु– 'यदि यो व्यक्ति अहिले मृत्यु भए उसलाई समातेर ल्याई मानौं स्वर्गमा राखिदिए जस्तै हुन्छ । त्यो के कारण ? भिक्षुहो ! चित्त नै प्रसन्न हुनाले । भिक्षुहो ! चित्त प्रसन्न हुँदा नै यहाँ व्यक्ति मृत्यु पश्चात शरीर नरहँदा सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ ।"

४५. "जस्तै कि, भिक्षुहो ! पोखरीको पानी मलिन, चलित र किचड युक्त छ भने किनारमा स्थित चक्षुवान व्यक्तिले त्यहाँ रहेका सिपी, शङ्ख, कंकड, झाड, माछा चलिरहेको वा नचली बसेको पनि देख्न सक्दैन । त्यो के कारण ? भिक्षुहो ! पानी मलिन भएकोले । यसरी नै, भिक्षुहो ! चित्त मलिन भिक्षुले आफ्नो हित हुने, परहित हुने तथा उभयपक्षको हित हुने जान्न अनि साधारण मनुष्य धर्मबाट माथि उठी विशिष्ट आर्य ज्ञान साक्षात्कार गर्न सम्भव छैन । त्यो के कारण ? भिक्षुहो ! चित्त मलिन हुनाले ।"



Downloaded from http://dhamma.digital

४६. "जस्तै कि, भिक्षुहो ! पोखरीको पानी स्वच्छ, परिशुद्ध र निर्मल छ भने किनारमा स्थित चक्षुवान व्यक्तिले त्यहाँ रहेका सिपी, शङ्ख, कंकड, भाड, माछा चलिरहेको वा नचली बसेको पनि देख्न सक्छ । त्यो के कारण ? भिक्षुहो ! पानी परिशुद्ध भएकोले । यसरी नै, भिक्षुहो ! चित्त स्वच्छ भिक्षुले आफ्नो हित हुने, परहित हुने तथा उभयपक्षको हित हुने जान्न अनि साधारण मनुष्य धर्मबाट माथि उठी विशिष्ट आर्य ज्ञान साक्षात्कार गर्न सम्भव छ । त्यो के कारण ? भिक्षुहो ! चित्त परिशुद्ध हुनाले ।"

४७. "भिक्षुहो ! जे जति वृक्षहरू छन् ती मध्ये जुन कि यो चन्दन वृक्ष नै उत्तम भनिन्छ । यो कमलो र कामको लागि उपयुक्त हुन्छ । यसरी नै, भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अभ्यास गर्दा तथा अधिक गर्दा यस्तो कमलो र कर्मण्य हुन्छ जुन कि, यो चित्त ।"

४८. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन शीघ्र परिवर्तन हुनेमा जुन कि, यो चित्त । भिक्षुहो ! चित्त अति शीघ्र परिवर्तन हुन्छ, यस विषयमा उपमा दिन पनि सजिलो छैन ।"

४९. "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा नै उपल्किष्ट (दूषित) पार्छ ।"

५० "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा नै विमुक्त हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ६. अच्छरासङ्घातवग्गो

५१. "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा नै उपल्किष्ट पार्छ । अश्रुतवान पृथकजनले (धर्म श्रवण नगरेका साधारण जनले) यथार्थता जानेको हुँदैन । त्यसैले म भन्दछु अश्रुतवान पृथकजनमा भावनामय चित्त हुँदैन ।"

५२. "भिक्षुहो ! यो चित्त प्रभास्वर छ, त्यसलाई आगन्तुक उपक्लेशद्वारा नै विमुक्त गर्छ । श्रुतवान आर्यश्रावकले यथार्थ जानेको हुन्छ । त्यसैले म भन्दछु श्रुतवान आर्यश्रावकमा भावनामय चित्त हुन्छ ।"

५३. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्म भए पनि भिक्षुले मैत्री चित्त सेवन गर्छ भने यसैलाई भनिन्छ– भिक्षुहो ! 'भिक्षु ध्यानमा रिक्त नभई बस्ने, शास्ताको आज्ञा पालन गर्ने, उपदेशानुसार गर्ने अनि व्यर्थैमा राष्ट्रपिण्ड नखाने ।' जसले अधिक गर्छ, उसलाई भन्नु नै के छ ।"

५४. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्म भए पनि भिक्षुले मैत्री चित्तको भावना गर्छ भने यसैलाई भनिन्छ– भिक्षुहो ! 'भिक्षु ध्यानमा रिक्त नभई बस्ने, शास्ताको आज्ञा पालन गर्ने, उपदेशानुसार गर्ने अनि व्यर्थैमा राष्ट्रपिण्ड नखाने ।' जसले अधिक गर्छ, उसलाई भन्नु नै के छ ।"

५५. "भिक्षुहो ! चुट्की बजिञ्जेलसम्म भए पनि भिक्षुले मनमा मैत्रीभाव राख्छ भने यसैलाई भनिन्छ– भिक्षुहो ! 'भिक्षु ध्यानमा रिक्त नभई बस्ने, शास्ताको आज्ञा पालन गर्ने, उपदेशानुसार गर्ने अनि व्यर्थैमा राष्ट्रपिण्ड नखाने ।' जसले अधिक गर्छ, उसलाई भन्नु नै के छ ।"

५६. "भिक्षुहो ! जेजति अकुशल धर्महरू, अकुशल भागका र अकुशल पक्षका हुन् ती सबैका नै मन पूर्वगामी हो । ती सबै धर्महरू मनमा पहिला उत्पन्न हुन्छन् अनि अकुशल धर्महरू साथसाथै लाग्छन् ।"

५७. "भिक्षुहो ! जेजति कुशल धर्महरू, कुशल भागका र अकुशल पक्षका हुन् ती सबैका नै मन पूर्वगामी हो । ती सबै धर्महरू मनमा पहिला उत्पन्न हुन्छन् अनि कुशल धर्महरू साथसाथै लाग्छन् ।"



Downloaded from http://dhamma.digital

५८. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो प्रमाद (असावधानी) । भिक्षुहो ! 'प्रमाद'ले नै अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

५९. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो अप्रमाद (सावधानी) । भिक्षुहो ! 'अप्रमाद'ले नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६०. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो आलस्य । भिक्षुहो ! 'आलस्य'ले नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ७. वीरियारम्भादिवग्गो

६१. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो वीर्यारम्भ (प्रयत्नशील हुने) । भिक्षुहो ! 'वीर्यारम्भ' गर्दा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६२. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो महाइच्छा । भिक्षुहो ! 'महाइच्छा' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६३. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो अल्पेच्छा । भिक्षुहो ! 'अल्पेच्छा' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६४. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो असन्तुष्टी । भिक्षुहो ! 'असन्तुष्ट' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६५. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो सन्तुष्टी । भिक्षुहो ! 'सन्तुष्ट' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६६. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, मनमा अनुचित विचार हुँदा । भिक्षुहो ! 'मनमा अनुचित विचार' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६७. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो !



Downloaded from http://dhamma.digital

जुन कि, मनमा उचित विचार हुँदा । भिक्षुहो ! 'मनमा उचित विचार' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६८. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, अबुझपन । भिक्षुहो ! 'अबुझपन' हुँदा नै अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

६९ "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, बुझक्कड । भिक्षुहो ! 'बुझक्कड' हुँदा नै अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

७० "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, पापी-मित्र । भिक्षुहो ! 'पापी-मित्र' हुँदा नै अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ८. कल्याणमित्तादिवग्गो

७१. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, कल्याण-मित्र । भिक्षुहो ! 'कल्याण-मित्र' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

७२. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, यो अकुशल धर्महरूमा लाग्नु अनि कुशल धर्महरूमा नलाग्नु । भिक्षुहो ! 'अकुशल धर्महरूमा लाग्ने अनि कुशल धर्महरूमा नलाग्ने' हुँदा नै अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू परीक्षिण हुन्छन् ।"

७३."भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् । भिक्षुहो ! जुन कि, कुशल धर्महरूमा लाग्ने अनि अकुशल धर्महरूमा नलाग्ने । भिक्षुहो ! 'कुशल धर्महरूमा लाग्ने अनि अकुशल धर्महरूमा नलाग्ने' हुँदा नै अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू परीक्षिण हुन्छन् ।"

७४. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न बोध्यङ्गहरू (स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि र उपेक्षा यी सात बोध्यङ्ग हुन्) उत्पन्न हुँदैनन् अनि उत्पन्न बोध्यङ्गहरूले भावना परिपूर्ण गरी लाभ उठाउन सक्दैनन् । भिक्षुहो ! जुन कि अनुचित विचार मनमा हुँदा । भिक्षुहो ! 'अनुचित विचार मनमा' हुँदा अनुत्पन्न बोध्यङ्गहरू उत्पन्न हुँदैनन् अनि उत्पन्न बोध्यङ्गहरूले भावना परिपूर्ण गरी लाभ उठाउन सक्दैनन् ।"

७५. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न बोध्यङ्गहरू उत्पन्न हुन्छन् अनि उत्पन्न बोध्यङ्गहरूले भावना परिपूर्ण गरी लाभ उठाउन सक्छन् । भिक्षुहो ! जुन कि उचित विचार मनमा हुँदा । भिक्षुहो ! 'उचित विचार मनमा' हुँदा अनुत्पन्न बोध्यङ्गहरू उत्पन्न हुन्छन् अनि उत्पन्न बोध्यङ्गहरूले भावना परिपूर्ण गरी लाभ उठाउन सक्छन् ।"



Downloaded from http://dhamma.digital

७६. "भिक्षुहो ! यो थोरैमात्र हानि हो, जुन कि आफन्तको हानि । भिक्षुहो ! वास्तवमा हानि भन्नु नै जुन कि प्रज्ञाको हानि हुनु हो ।"

७७. "भिक्षुहो ! यो थोरैमात्र वृद्धि हो, जुन कि आफन्तको वृद्धि । भिक्षुहो ! प्रज्ञाको वृद्धि नै उत्तम वृद्धि हो । भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनु पर्छ– प्रज्ञा नै वृद्धि तथा विकास गर्छु । भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

७८. "भिक्षुहो ! यो थोरैमात्र हानि हो, जुन कि भोग हानि । भिक्षुहो ! वास्तवमा हानि भन्नु नै जुन कि प्रज्ञाको हानि हुनु हो ।"

७९. "भिक्षुहो ! यो थोरैमात्र वृद्धि हो, जुन कि भोग वृद्धि । भिक्षुहो ! प्रज्ञाको वृद्धि नै उत्तम वृद्धि हो । भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनु पर्छ– प्रज्ञा नै वृद्धि तथा विकास गर्छु । भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

८०. "भिक्षुहो ! यो थोरैमात्र हानि हो, जुन कि यश हानि । भिक्षुहो ! वास्तवमा हानि भन्नु नै जुन कि प्रज्ञा हानि हुनु हो ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ९. पमादादिवग्गो

८१. "भिक्षुहो ! यो थोरैमात्र वृद्धि हो, जुन कि यश वृद्धि । भिक्षुहो ! वास्तवमा वृद्धि भन्नु नै जुन कि प्रज्ञा वृद्धि हुनु हो । भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनु पर्छ– 'प्रज्ञा नै वृद्धि तथा उन्नति गर्छु । भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

८२. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि प्रमाद । भिक्षुहो ! प्रमादी हुँदा महाअनर्थकर हुन्छ ।"

८३. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि अप्रमाद । भिक्षुहो ! अप्रमादी हुँदा महाहितकर हुन्छ ।"

८४. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि आलस्य । भिक्षुहो ! आलस्य हुँदा महाअनर्थकर हुन्छ ।"

८५. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि प्रयत्नशील । भिक्षुहो ! प्रयत्नशील हुँदा महाहितकर हुन्छ ।"

८६. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि महाइच्छा । भिक्षुहो ! महाइच्छा हुँदा महाअनर्थकर हुन्छ ।"

८७. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि अल्पेच्छा । भिक्षुहो ! अल्पेच्छा हुँदा महाहितकर हुन्छ ।"

८८. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि असन्तुष्टी । भिक्षुहो ! असन्तुष्ट हुँदा महाअनर्थकर हुन्छ ।"

८९. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि सन्तुष्टी । भिक्षुहो ! सन्तुष्ट हुँदा महाहितकर हुन्छ ।"

९०. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि अनुचित विचार मनमा हुँदा । भिक्षुहो ! अनुचित विचार मनमा हुँदा महाअनर्थकर हुन्छ ।"



Downloaded from http://dhamma.digital

९१. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि उचित विचार मनमा हुँदा । भिक्षुहो ! उचित विचार मनमा हुँदा महाहितकर हुन्छ ।"

९२. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि अविवेक (असम्प्रजन्य) । भिक्षुहो ! अविवेकी हुँदा महाअनर्थकर हुन्छ ।"

९३. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ । भिक्षुहो ! जुन कि विवेक (सम्प्रजन्य) । भिक्षुहो ! विवेकी हुँदा महाहितकर हुन्छ ।"

९४. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि पापी मित्र । भिक्षुहो ! पापी मित्र हुँदा महाअनर्थकर हुन्छ ।"

९५. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि कल्याण मित्र । भिक्षुहो ! कल्याण मित्र हुँदा महाहितकर हुन्छ ।"

९६. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि अकुशल धर्ममा लाग्ने अनि कुशल धर्ममा नलाग्ने । भिक्षुहो ! अकुशल धर्ममा लाग्दा अनि कुशल धर्ममा नलाग्दा महाअनर्थकर हुन्छ ।"

९७. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन कि महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि कुशल धर्ममा लाग्ने अनि अकुशल धर्ममा नलाग्ने । भिक्षुहो ! कुशल धर्ममा लाग्दा अनि अकुशल धर्ममा नलाग्दा महाहितकर हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## १०. दुतियपमादादिवग्गो

९८. "भिक्षुहो ! (शरीरको) भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाअनर्थकर हुन्छ । भिक्षुहो ! जुन कि प्रमाद । भिक्षुहो ! प्रमाद महाअनर्थकर हुन्छ ।"

९९. "भिक्षुहो ! (शरीरको) भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाहितकर हुन्छ । भिक्षुहो ! जुन कि अप्रमाद । भिक्षुहो ! अप्रमाद महाहितकर हुन्छ ।"

१००. "भिक्षुहो ! भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि आलस्य । भिक्षुहो ! आलस्य महाअनर्थकर हुन्छ ।"

१०१. "भिक्षुहो ! भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि प्रयत्नशील । भिक्षुहो ! प्रयत्नशील महाहितकर हुन्छ ।"

१०२-१०९. "भिक्षुहो ! भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि अधिकइच्छा... महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि अल्पेच्छा... महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि असन्तुष्टी... महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि सन्तुष्टी... महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि मनमा अनुचित विचार हुँदा... महाहितकर हुन्छ, भिक्षुहो ! मनमा उचित विचार हुँदा... अविवेकशील... विवेकशील । भिक्षुहो विवेकशील हुँदा महाहितकर हुन्छ ।"

११०. "भिक्षुहो ! बाहिरी अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि पापी मित्रता । भिक्षुहो ! पापी मित्रद्वारा महाअनर्थकर हुन्छ ।"

१११. "भिक्षुहो ! बाहिरी अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि कल्याण मित्रता । भिक्षुहो ! कल्याणमित्रद्वारा महाहितकर हुन्छ ।"



Downloaded from http://dhamma.digital

११२. "भिक्षुहो ! भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाअनर्थकर हुन्छ, भिक्षुहो ! जुन कि अकुशल धर्ममा लाग्दा अनि कुशल धर्ममा नलाग्दा । भिक्षुहो ! अकुशल धर्ममा लाग्दा अनि कुशल धर्ममा नलाग्दा महाअंनर्थकर हुन्छ ।"

११३. "भिक्षुहो ! भित्री अङ्गका कुरा मध्ये मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन महाहितकर हुन्छ, भिक्षुहो ! जुन कि कुशल धर्ममा लाग्दा अनि अकुशल धर्ममा नलाग्दा । भिक्षुहो ! कुशल धर्ममा लाग्दा अनि अकुशल धर्ममा नलाग्दा महाहितकर हुन्छ ।"

११४. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि यो प्रमाद । भिक्षुहो ! प्रमादताले नै सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, ।"

११५. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि अप्रमाद । भिक्षुहो ! अप्रमादताले नै सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन ।"

११६. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि आलस्य । भिक्षुहो ! आलस्यताले नै सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, ।"

११७. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि प्रयत्नशील । भिक्षुहो ! प्रयत्नशीलले नै सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन ।"

११८-१२८. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि अधिक इच्छा... सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन किे अल्पेच्छता...सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि असन्तुष्टता...सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि सन्तुष्टी ... सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि मनमा अनुचित विचार हुँदा... सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि मनमा उचित विचार हुँदा... सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि अविवेकी... सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि विवेकी... सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि पापी मित्रता... सद्धर्मा स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन



Downloaded from http://dhamma.digital

कि कल्याण मित्रता....सद्धर्म विनाश तथा अन्तरधान हुन्छ, जुन कि अकुशल धर्ममा लाग्दा अनि कुशल धर्ममा नलाग्दा... सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि कुशल धर्ममा लाग्दा अनि अकुशल धर्ममा नलाग्दा । भिक्षुहो ! कुशल धर्ममा लाग्दा अनि अकुशल धर्ममा नलाग्दा सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन ।"

१२९. "भिक्षुहो ! मैले अन्य कुनै एक यस्तो अङ्ग देख्दिन जुन सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन, जुन कि कुशल धर्महरूमा लाग्दा अनि अकुशल धर्महरूमा नलाग्दा । भिक्षुहो ! कुशल धर्महरूमा लाग्दा अनि अकुशल धर्महरूमा नलाग्दा सद्धर्म स्थिर, अविनाश तथा अन्तरधान हुँदैन ।

१३०. "भिक्षुहो ! जो भिक्षुहरूले अधर्मलाई धर्म भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरू बहुजन अहितको निम्ति, असुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अनर्थ, अहित र दुःखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"

१३१. "भिक्षुहो ! जो भिक्षुहरूले धर्मलाई अधर्म भन्दछन् भने ती भिक्षुहरूले भिक्षुहो ! बहुजन अहितको निम्ति, असुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अनर्थ, अहित र दुःखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"

१३२-१३९ "भिक्षुहो ! जो भिक्षुहरूले अविनयलाई विनय भन्दछन्... विनयलाई अविनय भन्दछन्... तथागतले नबोलेको र नभनेकोलाई बोलेको छ र भनेको छ भनी भन्दछन्... तथागतले बोलेको र भनेकोलाई बोलेको छैन र भनेको छैन भन्दछन्... तथागतले अभ्यास नगरेकोलाई तथागतले अभ्यास गरेको छ भनी भन्दछन्... तथागतले अभ्यास गरेकोलाई तथागतले अभ्यास गरेको छैन भनी भन्दछन्... तथागतले अप्रज्ञप्त गरेकोलाई तथागतले प्रज्ञप्त गरेको छ भनी भन्दछन्... तथागतले प्रज्ञप्त गरेकोलाई तथागतले अप्रज्ञप्त गरेको भनी भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"



Downloaded from http://dhamma.digital

## ११.अधम्मवग्गो

१४०. "भिक्षुहो ! जो भिक्षुहरूले अधर्मलाई अधर्म भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरू बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अर्थ, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।"

१४१. "भिक्षुहो ! जो भिक्षुहरूले धर्मलाई धर्म भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरू बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अर्थ, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।"

१४२-१४९. "भिक्षुहो ! जो भिक्षुहरूले अविनयलाई अविनय भन्दछन्... विनयलाई विनय भन्दछन्... तथागतले नबोलेको र नभनेकोलाई तथागतले नबोलेको र नभनेको भनी भन्दछन्... तथागतले अभ्यास नगरेकोलाई तथागतले अभ्यास नगरेको भनी भन्दछन्... तथागतले अप्रज्ञप्त गरेकोलाई तथागतले अप्रज्ञप्त गरेको भनी भन्दछन्... तथागतले प्रज्ञप्त गरेकोलाई तथागतले प्रज्ञप्त गरेको भनी भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरू बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अर्थ, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# १२. अनापत्तिवग्गो

१५०. "भिक्षुहो ! जो भिक्षुहरूले अनापत्तिलाई आपत्ति भन्दछन् भने भिक्षुहो! ती भिक्षुहरूद्वारा नै बहुजन अहितको निम्ति, असुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अनर्थ, अहित र दुःखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"

१५१. "भिक्षुहो ! जो भिक्षुहरूले आपत्तिलाई अनापत्ति भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरूद्वारा नै बहुजन अहितको निम्ति, असुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अकल्याण, अहित र असुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"

१५२-१५९. "भिक्षुहो ! जो भिक्षुहरूले लहुक (हलुको) आपत्तिलाई गरुक (भारी, ठूलो) आपत्ति भन्दछन्... गरुक आपत्तिलाई लहुक आपत्ति भन्दछन्... दुष्ठुल्ल आपत्तिलाई अदुष्ठुल्ल आपत्ति भन्दछन्...सावशेष आपत्तिलाई अनवशेष आपत्ति भन्दछन्... अनवशेष आपत्तिलाई सावशेष आपत्ति भन्दछन्...सप्रतिकर्म आपत्तिलाई अप्रतिकर्म आपत्ति भन्दछन्... अप्रतिकर्म आपत्तिलाई सप्रतिकर्म आपत्ति भन्दछन् भने ती भिक्षुहरूद्वारा नै भिक्षुहो ! बहुजन अहितको निम्ति, असुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति अनर्थ, अहित र दुःखको निम्ति लागेको हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पापोत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म अन्तर्धान गर्ने हुन्छन् ।"

१६०. "भिक्षुहो ! जो भिक्षुहरूले अनापत्तिलाई अनापत्ति भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरूद्वारा नै बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति कल्याण, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।"

१६१. "भिक्षुहो ! जो भिक्षुहरूले आपत्तिलाई आपत्ति भन्दछन् भने भिक्षुहो ! ती भिक्षुहरूद्वारा नै बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति कल्याण, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।"



Downloaded from http://dhamma.digital

१५२-१५९. "भिक्षुहो ! जो भिक्षुहरूले लहुक (हलुको) आपत्तिलाई लहुक आपत्ति भन्दछन्... गरुक आपत्तिलाई गरुक आपत्ति भन्दछन्... दुष्ठुल्ल आपत्तिलाई दुष्ठुल्ल आपत्ति भन्दछन्...सावशेष आपत्तिलाई सावशेष आपत्ति भन्दछन्... अनवशेष आपत्तिलाई अवशेष आपत्ति भन्दछन्...सप्रतिकर्म आपत्तिलाई सप्रतिकर्म आपत्ति भन्दछन्... अप्रतिकर्म आपत्तिलाई अप्रतिकर्म आपत्ति भन्दछन् भने ती भिक्षुहरूद्वारा नै भिक्षुहो ! बहुजन हितको निम्ति, सुखको निम्ति अनि धेरै नै जन तथा देवमनुष्यहरूका निम्ति कल्याण, हित र सुखको निम्ति लागेका हुन्छन् । भिक्षुहो ! ती भिक्षुहरूद्वारा धेरै नै पुण्योत्पन्न गर्ने हुन्छन् तथा तिनीहरूले नै यो सद्धर्म चिरस्थायी गर्ने हुन्छन् ।" (उक्त वग्गका विषयवस्तु बुझ्न विनयपिटक हेरौं)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## १३. एकपुग्गलवग्गो

१७०. "भिक्षुहो ! बहुजन हित, बहुजन सुख, लोकप्रति अनुकम्पा तथा देवमनुष्यहरूका कल्याण, हित र सुखको निम्ति एक व्यक्ति लोकमा उत्पन्न हुने गर्दछन् वा हुनेछन् । को एक व्यक्ति ? तथागत अर्हत सम्यकसम्बुद्ध । भिक्षुहो ! यिनै एक व्यक्ति बहुजन हित, बहुजन सुख, लोकप्रति अनुकम्पा तथा देवमनुष्यहरूका कल्याण, हित र सुख दिनको निम्ति एक व्यक्ति लोकमा उत्पन्न हुने गर्दछन् वा हुनेछन् ।"

१७१. "भिक्षुहो ! लोकमा एक व्यक्तिको प्रादुर्भाव दुर्लभ छ । को एक व्यक्ति ? तथागत अर्हत सम्यकसम्बुद्ध । भिक्षुहो ! यी नै एक व्यक्तिको प्रदुर्भाव दुर्लभ छ ।

१७२. "भिक्षुहो ! लोकमा एक व्यक्ति आश्चर्यजनक मनुष्य उत्पन्न हुने गर्दछन् वा हुनेछन् । को एक व्यक्ति ? तथागत अर्हत सम्यकसम्बुद्ध । भिक्षुहो ! यिनै एक व्यक्ति आश्चर्यजनक मनुष्य उत्पन्न हुने गर्दछन् वा हुनेछन् ।"

१७३. "भिक्षुहो ! एक व्यक्तिको मृत्यु हुँदा धेरै जनलाई नै अनुताप हुन्छ । को एक व्यक्ति ? तथागत अर्हत सम्यकसम्बुद्ध । भिक्षुहो ! यो एक व्यक्तिको मृत्यु हुँदा धेरै जनलाई नै अनुताप हुन्छ ।"

१७४. "भिक्षुहो ! एक व्यक्ति जो अद्वितीय, जसको समान अरू कोही हुँदैन, जसको तुलनामा अरू कोही हुँदैन, जसको बराबरीमा अरू कोही हुँदैन, जसको दाँजोमा सुहाउने अरू कोही हुँदैन, असमान, असमान गुणाङ्ग भएको अनि द्विपदहरू मध्येमा अग्र भएको लोकमा उत्पन्न हुने गर्दछन् वा हुनेछन् । को एक व्यक्ति ? तथागत अर्हत सम्यकसम्बुद्ध । भिक्षुहो ! यिनै एक व्यक्ति जो अद्वितीय, जसको समान अरू कोही हुँदैन, जसको तुलनामा अरू कोही हुँदैन, जसको बराबरीमा अरू कोही हुँदैन, जसको दाँजोमा सुहाउने अरू कोही हुँदैन, असमान, असमान गुणाङ्ग भएको अनि द्विपदहरू मध्येमा अग्र भएको लोकमा उत्पन्न हुने गर्दछन् वा हुनेछन् ।"

१७५-१८६. "भिक्षुहो ! एक व्यक्तिको प्रादुर्भाव हुँदा अतिउत्तम आँखाको प्रादुर्भाव हुन्छ, अतिउत्तम आलोकको प्रादुर्भाव हुन्छ, अतिउत्तम ज्योतिको प्रादुर्भाव हुन्छ, छ प्रकारका अनुत्तर धर्मको प्रादुर्भाव हुन्छ, चारप्रकारका प्रतिसम्भिदा साक्षात्कार हुन्छ, अनेकप्रकारका धातुको प्रतिवेध हुन्छ, नानाधातुको प्रतिवेध हुन्छ, विद्या-



Downloaded from http://dhamma.digital

विमुक्तिको प्रादुर्भाव हुन्छ, सोतापत्ति फलको साक्षात्कार हुन्छ, सकदागामि फलको साक्षात्कार हुन्छ, अनागामि फलको साक्षात्कार हुन्छ र अरहत फलको साक्षात्कार हुन्छ ।"

१८७. "भिक्षुहो ! मैले अन्य कोही एक व्यक्ति देख्दिन जो कि तथागतद्वारा प्रवर्तित यो अनुत्तर धम्मचक्कलाई सम्यकरूपले अनुप्रवर्तित गर्न सक्नेछन् । भिक्षुहो ! जो कि यी– सारिपुत्त । भिक्षुहो ! तथागतद्वारा प्रवर्तित अनुत्तर धम्मचक्क-लाई सम्यकरूपले सारिपुत्तले अनुप्रवर्तित गर्न सक्छन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## १४. एतदग्गवग्गो

### १. पठमवग्गो

१८८. "भिक्षुहो ! सर्वप्रथम ज्ञानलाई बुझ्न सक्ने मेरा श्रावक भिक्षुहरू मध्ये कोण्डञ्ञ अग्र छन् ।"

१८९. "भिक्षुहो ! मेरा श्रावक भिक्षुहरू मध्ये महाप्रज्ञावानमा सारिपुत्त अग्र छन् ।"

१९०. ...ऋद्धिवानमा महामोग्गल्लान अग्र छन् ।"

१९१. ... धुतंगधारिमा महाकास्सप... ।"

१९२. ... दिव्यचक्षुमा अनुरुद्ध... ।"

१९३. ... उच्चकुलमा कालिगोधापुत्त भद्दीय... ।"

१९४. ... मधुरस्वरमा लकुण्डकभद्दीय... ।"

१९५. ... सिंहनादमा पिण्डोलभारद्वाज... ।"

१९६. ... धर्मकथिकमा मन्तानिपुत्त... ।"

१९७. ... संक्षिप्तमा भनिएकोलाई विस्तारित गरी अर्थ विभाजन गर्नमा महाकच्चान अग्र छन् ।"

### २. दुतियोवग्गो

१९८. "भिक्षुहो ! मेरा श्रावक भिक्षुहरू मध्ये शरीर अभिनिर्मित गर्नेमा चूलपन्थक अग्र छन् ।"

१९९. ... चित्तविवर्त कुशलमा चूलपन्थक अग्र छन् ।"

२००. ... संज्ञाविवर्त कुशलमा महापन्थक... ।"



Downloaded from http://dhamma.digital

२०१. ... क्लेशमुक्त विहारीमा सुभूति... ।"

२०२. ... दक्षिणीयमा सुभूति... ।"

२०३. ... आरण्यकमा रेवतखदिरवनीय... ।"

२०४. ... ध्यानीमा कङ्खारेवत... ।"

२०५. ... आरब्धवीर्यमा सोणकोलिविस... ।"

२०६. ... कल्याणवक्तामा सोण कुटिकण्ण... ।"

२०७. ... लाभीमा सीवलि... ।"

२०८. ... श्रद्धाधिमुक्तमा वक्कली... ।"

## ३. ततियवग्गो

२०९. "भिक्षुहो ! मेरा श्रावक भिक्षुहरू मध्ये शिक्षाकामिमा राहुल अग्र

२१०. .. श्रद्धा प्रव्रजितमा रट्ठपाल... ।"

२११. ... पहिलो सलाक ग्रहणमा कुण्डधान... ।"

२१२. ... प्रतिभावानमा (कवि) वङ्गीस... ।"

२१३. ... समस्त प्रसन्नतामा वङ्गन्तपुत्त उपसेन... ।"

२१४. ... शयनासन व्यवस्थापनमा दब्ब मल्लपुत्त... ।"

२१५ ... देवताका प्रियमा पिलिन्दवच्छ... ।"

२१६ ... शीघ्र बोध हुनेमा दारुचीरिय... ।"

२१७. ... विचित्र धर्मकथिकमा कुमारकस्सप... ।"



Downloaded from http://dhamma.digital

२१८. ... प्रतिसम्भिदाज्ञान प्राप्तिमा महाकोट्ठित... ।"

## ४. चतुत्थवग्गो

२१९. "भिक्षुहो ! मेरा श्रावक भिक्षुहरू मध्ये बहुश्रुतमा आनन्द अग्र छन् ।"

२२०. ... स्मृतिमानमा आनन्द... ।"

२२१. ... गतिमानमा आनन्द... ।"

२२२. ... धृतिमानमा आनन्द... ।"

२२३. ... सेवकमा आनन्द... ।"

२२४. ... महापरिषदमा उरुवेलकस्सप... ।"

२२५. ... कुल प्रसन्न पार्नमा कालुदायी... ।"

२२६. ... निरोगीमा बाकुल... ।"

२२७. ... पूर्व जन्मको अनुस्मरण गर्नमा सोभित... ।"

२२८. ... विनयधरमा उपालि... ।"

२२९. ... भिक्षुणीहरूलाई ओवादकमा नन्दक... ।"

२३०. ... जितेन्द्रियमा नन्द... ।"

२३१. ... भिक्षु ओवादकमा महाकप्पिन... ।"

२३२. ... तेजोधातु कुशलमा सागत... ।"

२३३. ... प्रतिभानयकमा राध... ।"

२३४. ... रुक्ष चीवरधारिमा मोघराजा... ।"



Downloaded from http://dhamma.digital

## ५. पञ्चमवग्गो

२३५. "भिक्षुहो ! मेरा श्राविका भिक्षुणीहरू मध्ये सर्वप्रथम ज्ञान बुझ्न सक्ने महापजापति गोतमी  अग्र छिन् ।"

२३६. ... महाप्रज्ञामा खेमा अग्र छिन् ।"

२३७. ... ऋद्धिवतीमा उप्पलवण्णा... ।"

२३८. ... विनयधारीमा पटाचारा... ।"

२३९. ... धर्मकथिकामा धम्मदिन्ना... ।"

२४०. ... ध्यानीमा नन्दा... ।"

२४१. ... आरब्धवीर्यमा सोणा... ।"

२४२. ... दिव्यचक्षुमा बकुला... ।"

२४३. ... क्षिप्रज्ञान लाभीमा भद्दा कुण्डलकेसा... ।"

२४४. ... पूर्व जन्मको अनुस्मरणमा भद्दा कापिलानी... ।"

२४५. ... महाअभिज्ञा लाभीमा भद्दकच्चाना... ।"

२४६. ... रुक्ष चीवरधारीमा किसागोतमी... ।"

२४७. ... श्रद्धादिमुक्तमा सिङ्गालकमाता... ।"

## ६. छट्ठवग्गो

२४८. "भिक्षुहो ! मेरा श्रावक उपासकहरू मध्ये प्रथम शरणमा आउने तपुस्स र भल्लिका व्यापारी अग्र छन् ।"



Downloaded from http://dhamma.digital

२४९. ... दायकमा सुदत्त गृहपति अनाथपिण्डिक... ।"

२५०. ... धर्मकथिकमा मच्छिकासण्डको चित्त गृहपति... ।"

२५१. ... चार संग्रह वस्तुलें परिषदलाई संग्रह गर्नमा हत्थकआलवक... ।"

२५२. ... प्रणीत दायकमा महानाम सक्क... ।"

२५३. ... मन परेका दान दिनेमा वैसालिका उग्ग गृहपति... ।"

२५४. ... संघ उपस्थापकमा हत्थिगामका उग्गत गृहपति... ।"

२५५. ... औधी प्रसन्नमा सुरम्बट्ठो... ।"

२५६. ... व्यक्ति प्रसन्नमा जीवक कोमारभच्च... ।"

२५७. ... विश्वासकमा नकुलपिता गृहपति... ।"

## ७. सत्तमवग्गो

२५८. "भिक्षुहो ! मेरा श्राविका उपासिकाहरू मध्ये प्रथम शरणमा आउने सेनीय पुत्री सुजाता अग्र छिन् ।"

२५९. ... दायिकामा विसाखा मिगारमाता... ।"

२६०. ... बहुश्रुतमा खुज्जुत्तरा... ।"

२६१. ... मैत्री विहारीमा सामावती... ।"

२६२. ... ध्यानीमा उत्तरानन्दमाता... ।"

२६३. ... प्रणीत दायिकामा कोलिय पुत्री सुप्पवासा... ।"

२६४. ... रोगी सेविकामा सुप्पिया उपासिका... ।"



Downloaded from http://dhamma.digital

२६५. ... औधी प्रसन्नमा कातियानी... ।"

२६६. ... विश्वासीमा नकुलमाता गृहपत्नी... ।"

२६७. ... अनुश्रवण प्रसन्नमा कुल घरकी काली उपासिका... ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# १५. अट्ठानपालि

## १. पठमवग्गो

२६८. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले कुनै पनि संस्कारलाई नित्य मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन (अज्ञानिजन) हुन्छ, उसले कुनै पनि संस्कारलाई नित्य मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"

२६९. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले कुनै पनि संस्कारलाई सुख मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन हुन्छ, उसले कुनै पनि संस्कारलाई सुख मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"

२७०. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले कुनै पनि संस्कारलाई आत्मा मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन हुन्छ, उसले कुनै पनि संस्कारलाई आत्मा मानेर ग्रहण गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"

२७१. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले मातृ हत्या गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ, जो पृथकजन हुन्छ, उसले मातृ हत्या गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"

२७२. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले पितृ हत्या गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ, जो पृथकजन हुन्छ, उसले पितृ हत्या गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"

२७३. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले अर्हत हत्या गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ, जो पृथकजन हुन्छ, उसले अर्हत हत्या गर्नेछन् । यस्तो हुनु सम्भव छ ।"



Downloaded from http://dhamma.digital

२७४. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले तथागतको शरीरबाट रगत बगाउनेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन हुन्छ, उसले तथागतको शरीरबाट रगत बगाउनेछन् । यस्तो हुनु सम्भव छ ।"

२७५. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले संघभेद गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन हुन्छ, उसले संघभेद गर्नेछन् । यस्तो हुन सम्भव छ ।"

२७६. "भिक्षुहो ! यस्तो सम्भव तथा स्थिति हुन सक्दैन, जो व्यक्ति दृष्टि सम्पन्न हुन्छ; उसले अन्य शास्ता (गुरु) ग्रहण गर्नेछन् । यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– जो पृथकजन हुन्छ, उसले अन्य शास्ता ग्रहण गर्नेछन् । यस्तो हुन सम्भव छ ।"

२७७. "भिक्षुहो ! एउटै लोक धातुमा, एकै समय दुई अर्हत सम्यकसम्बुद्ध उत्पन्न हुने सम्भव तथा स्थिति छैन; यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– एउटै लोक धातुमा एकमात्र अर्हत सम्यकसम्बुद्ध उत्पन्न हुन्छ । यस्तो हुनु सम्भव छ ।"

## २. दुतियवग्गो

२७८. "भिक्षुहो ! एउटै लोक धातुमा, एकै समय दुई चक्रवर्ती राजा उत्पन्न हुने सम्भव तथा स्थिति छैन; यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– एउटै लोक धातुमा एकमात्र चक्रवर्ती राजा उत्पन्न हुन्छ । यस्तो हुनु सम्भव छ ।"

२७९. "भिक्षुहो ! स्त्री अर्हत सम्यकसम्बुद्ध हुने सम्भव तथा स्थिति छैन; यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ–अर्हत सम्यकसम्बुद्ध पुरुष हुन्छ । यस्तो हुनु सम्भव छ ।"

२८०. "भिक्षुहो ! स्त्री चक्रवर्ती राजा हुने सम्भव तथा स्थिति छैन; यस्तो हुनु असम्भव छ । भिक्षुहो ! यो सम्भव छ– चक्रवर्ती राजा पुरुष हुन्छ । यस्तो हुनु सम्भव छ ।"

२८१-२८३. "भिक्षुहो ! स्त्री इन्द्र हुने... मार हुने... ब्रह्मा हुने सम्भव तथा



Downloaded from http://dhamma.digital

स्थिति छैन; यस्तो हुनु असम्भव छ। भिक्षुहो ! यो सम्भव छ– इन्द्र हुने... मार हुने... ब्रह्मा हुने पुरुष हुन्छ। यस्तो हुनु सम्भव छ।"

२८४. "भिक्षुहो ! जसले शरीरद्वारा दुष्कर्म गर्छ उसले असल, रुचिकर र प्रियकर विपाक भोग गर्नु असम्भव तथा स्थिति छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जसले शरीरद्वारा दुष्कर्म गर्छ उसले कमसल, अरुचिकर र अप्रिय विपाक भोग्नेछ। यस्तो हुनु सम्भव छ।"

२८५–२८६. "भिक्षुहो ! जसले वचनद्वारा दुष्कर्म गर्छ... जसले मनद्वारा दुष्कर्म गर्छ उसले असल, रुचिकर र प्रियकर विपाक भोग गर्नु असम्भव तथा स्थिति छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जसले शरीरद्वारा दुष्कर्म गर्छ उसले कमसल, अरुचिकर र अप्रिय विपाक भोग्नेछ। यस्तो हुनु सम्भव छ।"

## ३. ततियवग्गो

२८७. "भिक्षुहो ! जो शरीरद्वारा सुकर्म गर्छ उसले अनिष्ट, अरुचिकर र अप्रियकर विपाक भोग गर्नु असम्भव तथा स्थिति छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जसले शरीरद्वारा सुकर्म गर्छ उसले असल, रुचिकर र प्रियकर विपाक भोग्नेछ। यस्तो हुनु सम्भव छ।"

२८८–२८९. "भिक्षुहो ! जो वचनद्वारा सुकर्म गर्छ... जो मनद्वारा सुकर्म गर्छ उसले अनिष्ट, अरुचिकर र अप्रियकर विपाक भोग गर्नु असम्भव तथा स्थिति छैन। यो असम्भव छ। यो सम्भव छ– भिक्षुहो ! जो शरीरद्वारा सुकर्म गर्छ उसले असल, रुचिकर र प्रियकर विपाक भोग्नेछ। यस्तो हुनु सम्भव छ।"

२९०. "भिक्षुहो ! जो शरीरद्वारा दुष्कर्ममा संलग्न रहन्छ, ऊ त्यस निदानले वा त्यस कारणले गर्दा शरीर भेद भई मृत्यु पश्चात सुगति वा स्वर्गलोकमा उत्पन्न हुनु सम्भव तथा स्थिति छैन। यस्तो हुनु असम्भव छ। यो सम्भव छ– भिक्षुहो ! जो शरीरद्वारा दुष्कर्म गर्नमा संलग्न रहन्छ, ऊ त्यस निदानले वा त्यस कारणले शरीर भेद भई मृत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ। यस्तो हुनु सम्भव छ।"

२९१-२९२. "भिक्षुहो ! जो वचनद्वारा दुष्कर्ममा संलग्न रहन्छ,... जो मनद्वारा दुष्कर्म गर्नमा संलग्न रहन्छ ऊ त्यस निदानले वा त्यस कारणले शरीर भेद भई मृत्यु पश्चात सुगति वा स्वर्गलोकमा उत्पन्न हुनु सम्भव तथा स्थिति



Downloaded from http://dhamma.digital

छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जो शरीरद्वारा दुष्कर्म गर्नमा संलग्न हुन्छ, ऊ त्यस निदानले वा त्यस कारणले गर्दा शरीर भेद भई मुत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ । यस्तो हुनु असम्भव छ ।"

२९३. "भिक्षुहो ! जो शरीरद्वारा सुकर्ममा संलग्न रहन्छ, ऊ त्यस निदानले वा त्यस कारणले शरीर भेद भई मुत्यु पश्चात दुर्गति, अपाय, विनिपात तथा नर्कमा उत्पन्न हुनु सम्भव तथा स्थिति छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जो शरीरद्वारा सुकर्म गर्नमा संलग्न रहन्छ, ऊ त्यस निदान वा कारणले शरीर भेद भई मुत्यु पश्चात सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ । यस्तो हुनु सम्भव छ ।"

२९४-२९५. "भिक्षुहो ! जो वचनद्वारा सुकर्ममा संलग्न रहन्छ,... जो मनद्वारा सुकर्ममा संलग्न रहन्छ ऊ त्यस निदान वा कारणले शरीर भेद भई मुत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुनु सम्भव तथा स्थिति छैन । यस्तो हुनु असम्भव छ । यो सम्भव छ– भिक्षुहो ! जो शरीरद्वारा सुकर्ममा संलग्न हुन्छ, ऊ त्यस निदान वा कारणले शरीर भेद भई मुत्यु पश्चात सुगति तथा स्वर्गमा उत्पन्न हुन्छ । यस्तो हुनु सम्भव छ ।"

Downloaded from http://dhamma.digital

# १६. एकधम्मपालि

## १.पठमवग्गो

२९६. "भिक्षुहो ! एक धर्म भावित तथा धेरै (पटक) गर्दा सम्पूर्ण निर्वेदको निम्ति, वैराग्यको निम्ति, निरोधको निम्ति, उपशान्तको निम्ति, अभिज्ञातको निम्ति, सम्बोधिको निम्ति र निर्वाणको निम्ति हुन्छ । कुन एक धर्म ? बुद्धानुस्मृति । भिक्षुहो ! यो एक धर्म नै भावित तथा धेरै गर्दा सम्पूर्ण निर्वेदको निम्ति, वैराग्यको निम्ति, निरोधको निम्ति, उपशान्तको निम्ति, अभिज्ञातको निम्ति, सम्बोधिको निम्ति र निर्वाणको निम्ति हुन्छ ।"

२९७. "भिक्षुहो ! एक धर्म भावित र धेरै गर्दा सम्पूर्ण निर्वेदको निम्ति, वैराग्यको निम्ति, निरोधको निम्ति, उपशान्तको निम्ति, अभिज्ञातको निम्ति, सम्बोधिको निम्ति र निर्वाणको निम्ति हुन्छ । कुन एक धर्म ? धर्मानुस्मृति... संघानुस्मृति... शीलानुस्मृति... त्यागानुस्मृति... देवतानुस्मृति... आनापानानुस्मृति... मरणानुस्मृति... कायगतानुस्मृति... उपशान्तानुस्मृति । भिक्षुहो ! यो एक धर्म नै भावित र धेरै गर्दा सम्पूर्ण निर्वेदको निम्ति, वैराग्यको निम्ति, निरोधको निम्ति, उपशान्तको निम्ति, अभिज्ञातको निम्ति, सम्बोधिको निम्ति र निर्वाणको निम्ति हुन्छ ।"

## २. दुतियवग्गो

२९८. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू अभिवृद्धि हुँदै थुप्रिन्छन् । भिक्षुहो ! जुन कि यो मिथ्यादृष्टि । मिथ्यादृष्टि हुँदा, भिक्षुहो ! अनुत्पन्न अकशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न अकुशल धर्महरू अभिवृद्धि हुँदै थुप्रिन्छन् ।"

२९९. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू अभिवृद्धि हुँदै थुप्रिन्छन् । भिक्षुहो ! जुन कि यो सम्यकदृष्टि । सम्यकदृष्टि हुँदा, भिक्षुहो ! अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू अभिवृद्धि हुँदै थुप्रिन्छन् ।"

३००. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुँदैनन् अनि उत्पन्न कुशल धर्महरू नाश हुँदै जानेछन् । भिक्षुहो !



Downloaded from http://dhamma.digital

जुन कि यो मिथ्यादृष्टि । मिथ्यादृष्टिक हुँदा, भिक्षुहो ! अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुँदैनन् अनि उत्पन्न अकुशल धर्महरू अभिवृद्धि हुँदै थुप्रिन्छन् ।"

३०१. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुँदैनन् अनि उत्पन्न अकुशल धर्महरू नाश हुँदै जानेछन् । भिक्षुहो ! जुन कि यो सम्यकदृष्टि । भिक्षुहो ! सम्यकदृष्टि हुँदा अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुँदैनन् अनि उत्पन्न अकुशल धर्महरू नाश हुँदै जानेछन् ।"

३०२. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न मिथ्यादृष्टि उत्पन्न हुन्छ अनि उत्पन्न मिथ्यादृष्टि वृद्धि हुँदै जान्छ । भिक्षुहो ! जुन कि यो गलत विचार मनमा हुँदा । भिक्षुहो ! गलत विचार मनमा हुँदा अनुत्पन्न मिथ्यादृष्टि उत्पन्न हुन्छ अनि उत्पन्न मिथ्यादृष्टि वृद्धि हुँदै जान्छ ।"

३०३. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन अनुत्पन्न सम्यकदृष्टि उत्पन्न हुन्छ अनि उत्पन्न सम्यकदृष्टि वृद्धि हुँदै जान्छ । भिक्षुहो ! जुन कि यो सही विचार मनमा हुँदा । भिक्षुहो ! सही विचार मनमा हुँदा अनुत्पन्न सम्यकदृष्टि उत्पन्न हुन्छ अनि उत्पन्न सम्यकदृष्टि वृद्धि हुँदै जान्छ ।"

३०४. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन यो शरीर भेद भई मरण पश्चात सत्व अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! जुन कि यो मिथ्यादृष्टि । भिक्षुहो ! मिथ्यादृष्टिले युक्त हुँदा शरीर भेद भई मरण पश्चात सत्व अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ ।"

३०५. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन यो शरीर भेद भई मरण पश्चात सत्व सुगति वा स्वर्ग लोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! जुन कि यो सम्यकदृष्टि । भिक्षुहो ! सम्यकदृष्टिले युक्त हुँदा शरीर भेद भई मरण पश्चात सत्व सुगति वा स्वर्ग लोकमा उत्पन्न हुन्छ ।"

३०६. "भिक्षुहो ! मिथ्यादृष्टिक व्यक्तिले जेजति शारीरिक कर्म, वाचसिक कर्म गर्छ त्यो यथादृष्टि अनुसारै सबै सम्पन्न गर्छ... जेजति मानसिक कर्म, चेतना, प्रार्थना, प्रणिधि (संकल्प/दृढ) र संस्कार हुन्छ त्यो यथादृष्टि अनुसारै सबै सम्पन्न गर्छ । ती सबै धर्महरू अनिष्टमय, अमनोमय, अप्रिय, अहित र दुःखको निम्ति हुन्छ । त्यो के कारणले ? यसको दृष्टि नै पापमय हुनाले । भिक्षुहो ! जस्तै कि, निमको बीज वा कोसातकि बीज वा तित्त लौकाको बीजलाई पानीले रसाएको माटोमा रोप्दा माटोबाट जेजति यसले रस लिन्छ, जेजति पानीबाट रस लिन्छ ती सबै

Downloaded from http://dhamma.digital

तिक्तता, कटुता, र अस्वादको निम्ति हुन्छ । त्यो के कारणले ? यसको बीज नै पापक (तिक्त) हुनाले । यसरी नै भिक्षुहो ! मिथ्यादृष्टिक व्यक्तिले जेजति शारीरिक कर्म, वाचसिक कर्म गर्छ त्यो यथा दृष्टि अनुसार सबै सम्पन्न गर्छ... जेजति मानसिक कर्म, चेतना, प्रार्थना, प्रणिधि र संस्कार हुन्छ त्यो यथादृष्टि अनुसार सबै सम्पन्न गर्छ । ती सबै धर्महरू अनिष्टमय, अमनोमय, अप्रिय, अहित र दुःखको निम्ति हुन्छ । त्यो के कारणले ? यसको दृष्टि नै पापमय हुनाले ।"

३०७. "भिक्षुहो ! सम्यकदृष्टिक व्यक्तिले जेजति शारीरिक कर्म, वाचसिक कर्म गर्छ त्यो यथादृष्टि अनुसार सबै सम्पन्न गर्छ... जेजति मानसिक कर्म, चेतना, प्रार्थना, प्रणिधि र संस्कार हुन्छ त्यो यथादृष्टि अनुसार सबै सम्पन्न गर्छ । ती सबै धर्महरू इष्टमय, मनोमय, प्रिय, हित र सुखको निम्ति हुन्छ । त्यो के कारणले ? यसको दृष्टि नै भद्र हुनाले । भिक्षुहो ! जस्तै कि उखुको बीज वा धानको बीज वा अंगुरको बीजलाई पानीले रसाएको माटोमा रोप्दा माटोबाट जेजति यसले रस लिन्छ, जेजति पानीबाट रस लिन्छ ती सबै मिठो, स्वादिलो र सन्तुष्टिको निम्ति हुन्छ । त्यो के कारणले ? यसको बीज नै भद्र हुनाले । यसरी नै, भिक्षुहो ! सम्यक-दृष्टिक व्यक्तिले जेजति शारीरिक कर्म, वाचसिक कर्म गर्छ त्यो यथादृष्टि अनुसार सबै सम्पन्न गर्छ... जेजति मानसिक कर्म, चेतना, प्रार्थना, प्रणिधि र संस्कार हुन्छ त्यो यथादृष्टि अनुसार सबै सम्पन्न गर्छ । त्यो इष्टमय, मनोमय, प्रिय, हित र सुखको निम्ति हुन्छ । त्यो के कारणले ? यसको दृष्टि नै भद्र हुनाले ।"

## ३. ततियवग्गो

३०८. "भिक्षुहो ! लोकमा बहुजन अहितको निम्ति, बहुजन असुखको निम्ति, बहुजन अनर्थको निम्ति तथा देवमनुष्यका दुःखको निम्ति एक व्यक्तिको उत्पन्न हुन्छ । को एक व्यक्ति ? मिथ्यादृष्टिक तथा विपरितदर्शी हुन्छ । उसले बहुजनलाई सद्धर्मबाट हटाउँछ अनि असद्धर्ममा लगाउँछ । भिक्षुहो ! लोकमा बहुजन अहितको निम्ति, बहुजन असुखको निम्ति, बहुजन अनर्थको निम्ति तथा देवमनुष्यका दुःखको निम्ति यी नै एक व्यक्तिको उत्पन्न हुन्छ ।"

३०९. "भिक्षुहो ! लोकमा बहुजन हितको निम्ति, बहुजन सुखको निम्ति, बहुजन अर्थको निम्ति तथा देवमनुष्यका सुखको निम्ति एक व्यक्तिको उत्पन्न हुन्छ । को एक व्यक्ति ? सम्यकदृष्टि तथा अविपरितदर्शी हुन्छ । उसले बहुजनलाई असद्धर्मबाट बचाउँछ अनि सद्धर्ममा लगाउँछ । भिक्षुहो ! लोकमा बहुजन



Downloaded from http://dhamma.digital

हितको निम्ति, बहुजन सुखको निम्ति, बहुजन अर्थको निम्ति तथा देवमनुष्यका सुखको निम्ति यी नै एक व्यक्तिको उत्पन्न हुन्छ।"

३१०. "भिक्षुहो ! मैले अन्य कुनै एक धर्म देख्दिन जुन यस्तो महासदोष-पूर्ण हुन्छ, भिक्षुहो ! जुन कि यो मिथ्यादृष्टि । भिक्षुहो ! मिथ्यादृष्टि महासदोष-पूर्ण हुन्छ।"

३११. "भिक्षुहो ! मैले अन्य कुनै एक व्यक्ति देख्दिन जो कि बहुजन अहितको निम्ति, बहुजन असुखको निम्ति, बहुजन अनर्थको निम्ति तथा देवमनुष्यका अहित र दुःखको निम्ति लागेको हुन्छ, जो कि यो मूर्ख व्यक्ति मक्खलि । भिक्षुहो ! जस्तै कि नदीको मुहानमा चाँडै जाल राख्दा धेरै नै माछाका अहितको निम्ति, दुःखको निम्ति, दुर्भाग्यको निम्ति अनि कष्टको निम्ति हुन्छ। भिक्षुहो ! यसरी नै मलाई यस्तो लाग्छ, धेरै नै सत्वका अहितको निम्ति, दुःखको निम्ति, दुर्भाग्यको निम्ति र कष्टको निम्ति मूर्ख व्यक्ति मक्खलि चाँडै नै मनुष्य भई उत्पन्न भयो।"

३१२. "भिक्षुहो ! दुराख्यात धर्मविनयमा जो दीक्षित हुन्छ, जसलाई दीक्षित गराउँछ र जो दीक्षित भएको हुन्छ, त्यो अनुसार आचरण गर्दछ भने ती सबैले धेरै अपुण्य उत्पन्न गराउँदछ। त्यो के कारण ? भिक्षुहो ! धर्म दुराख्यात हुनाले।"

३१३. "भिक्षुहो ! सुआख्यात धर्मविनयमा जो दीक्षित हुन्छ, जसलाई दीक्षित गराउँछ र जो दीक्षित भएको हुन्छ, त्यो अनुसार आचरण गर्दछ भने ती सबैले धेरै पुण्य उत्पन्न गराउँदछ। त्यो के कारण ? भिक्षुहो ! धर्म सुआख्यात हुनाले।"

३१४. "भिक्षुहो ! दुराख्यात धर्मविनयमा दायकले मात्रा जान्नुपर्छ, प्रतिग्राहकले होइन। त्यो के कारण ? भिक्षुहो ! धर्म दुराख्यात हुनाले।"

३१५. "भिक्षुहो ! सुआख्यात धर्मविनयमा प्रतिग्राहकले मात्रा जान्नुपर्छ, दायकले होइन। त्यो के कारण ? भिक्षुहो ! धर्म सुआख्यात हुनाले।"

३१६. "भिक्षुहो ! दुराख्यात धर्मविनयमा जो प्रयत्नरत हुन्छ, ऊ दुःखी हुन्छ। त्यो के कारण ? भिक्षुहो ! धर्म दुराख्यात हुनाले।"

३१७. "भिक्षुहो ! सुआख्यात धर्मविनयमा जो अल्छी हुन्छ, ऊ दुःखी हुन्छ। त्यो के कारण ? भिक्षुहो ! धर्म सुआख्यात हुनाले।"



Downloaded from http://dhamma.digital

३१८. "भिक्षुहो ! दुराख्यात धर्मविनयमा जो अल्छी हुन्छ, ऊ सु:खी हुन्छ । त्यो के कारण ? भिक्षुहो ! धर्म दुराख्यात हुनाले ।"

३१९. "भिक्षुहो ! सुआख्यात धर्मविनयमा जो प्रयत्नशील हुन्छ, ऊ सुखी हुन्छ । त्यो के कारण ? भिक्षुहो ! धर्म सुआख्यात हुनाले ।"

३२०. "भिक्षुहो ! अल्प मात्रको दिसा पनि दुर्गन्धित हुन्छ । भिक्षुहो ! यसरी नै मैले अल्पमात्रको भवलाई वर्णन गर्दिन– अन्ततः चुट्कि बजाउञ्जेलसम्म पनि ।"

३२१. "भिक्षुहो ! अल्प मात्रको मुत्र पनि दुर्गन्धित हुन्छ... अल्प मात्रको थुक पनि... अल्प मात्रको पीप पनि... अल्प मात्रको रक्त पनि दुर्गन्धित हुन्छ । भिक्षुहो ! यसरी नै मैले अल्पमात्रको भवलाई वर्णन गर्दिन– अन्ततः चुट्कि बजाउञ्जेलसम्म पनि ।"

## ४. चतुत्थवग्गो

३२२. "जस्तै कि, भिक्षुहो ! यो जम्बुद्वीपमा रमणीय उद्यान, रमणीय वन, रमणीय भूमि र रमणीय तालहरू थोरै छन् । तर जुन उबड्खावड् जमिन, नदीले कटान गरेको, काँडाका झाडी, जंगल र विषम पर्वतहरू नै धेरै छन् । भिक्षुहो ! यसरी नै ती स्थल सत्वहरू थोरै छन् । तर पानीमा नै सत्वहरू धेरै हुन्छन् ।"

३२३. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै मनुष्य भई जन्मिने सत्वहरू थोरै छन् । तर ती सत्वहरू धेरै छन् जो अन्यत्रमा मनुष्यहरू जन्मिने । मध्यम जनपदमा जन्मिने सत्वहरू थोरै छन् । तर सिमान्त प्रदेश, अशिक्षित र असभ्यकुलमा जन्मिने धेरै छन् ।"

३२४. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, जो प्रज्ञावान, अजड, ऱ्याल ननिस्कने, लाटो, सुभाषित र दुर्भाषित अर्थ जान्न सक्ने प्रतिबल भएका ती सत्वहरू थोरै छन् । दुष्प्रज्ञ, जड्, ऱ्याल निस्कने, लाटो, सुभाषित र दुर्भाषित अर्थ जान्न नसक्ने प्रतिबल नभएका ती सत्वहरू नै धेरै छन् ।"

३२५. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै आर्य प्रज्ञाले सम्पन्न थोरै छन् । तर ती अविद्याले छाएका परम मूर्ख सत्वहरू नै धेरै छन् ।"



Downloaded from http://dhamma.digital

३२६. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जसले तथागतको दर्शन गर्न पाउँछन् । तर तथागतको दर्शन गर्न नपाउने सत्वहरू नै धेरै छन् ।"

३२७. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जसले तथागतद्वारा प्रवर्तन गरेको धर्मविनय सुन्न पाउँछन् । तर यस्ता सत्व नै धेरै छन् जसले तथागतद्वारा प्रवर्तित धर्मविनय सुन्न नपाउने ।"

३२८. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जसले सुनेको धर्म धारण गर्छन् । तर यस्ता सत्व नै धेरै छन् जो सुनेको धर्म धारण नगर्ने ।"

३२९. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जसले धारित धर्मको अर्थ परीक्षण गर्छन् । तर यस्ता सत्व नै धेरै छन् जो धारित धर्मको अर्थ परीक्षण नगर्ने ।"

३३०. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो अर्थ र धर्म बुझी धर्मानुपूर्वक लाग्छन् । तर यस्ता सत्व नै धेरै छन् जो अर्थ र धर्म बुझी धर्मपूर्वक धर्ममा नलाग्ने ।"

३३१. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो संवेजनीय स्थानमा संवेजित हुने । तर यस्ता सत्व नै धेरै छन् जो संवेजनीय स्थानमा संवेजित हुँदैनन् ।

३३२. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो संविग्न हुनलाई ठीकसँग प्रयत्न गर्दछन् । तर यस्ता सत्व नै धेरै छन् जो संविग्न हुनलाई ठीकसँग प्रयत्न नगर्ने ।"

३३३. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो निर्वाण आरम्मण गरी चित्त एकाग्रता लाभी हुन्छन् तथा समाधि लाभ गर्दछन् । तर यस्ता सत्व नै धेरै छन् जो निर्वाण आरम्मण गरी चित्त एकाग्रता लाभी हुँदैनन् तथा समाधि लाभ गर्दैनन् ।"

३३४. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो उत्तम अन्न र रसका लाभी हुन्छन् । तर यस्ता सत्व धेरै छन् जो उत्तमं अन्न र



Downloaded from http://dhamma.digital

रसको लाभी हुँदैनन् । कन्दमूल र भिक्षा मागी जीवन यापन गर्ने ।"

३३५. "जस्तै कि, भिक्षुहो !... भिक्षुहो ! यसरी नै, ती सत्वहरू थोरै छन् जो अर्थरस, धर्मरस र विमुक्ति रसका लाभी हुन्छन् । तर यस्ता सत्व नै धेरै छन् जो अर्थरस, धर्मरस र विमुक्ति रसका लाभी हुँदैनन् । त्यसैले भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– अर्थरस, धर्मरस र विमुक्तिरसका लाभी हुन्छु । भिक्षुहो ! यसरी नै शिक्षा लिनुपर्छ ।

३३६-३३८. "जस्तै कि, भिक्षुहो ! जम्बुद्वीपमा रमणीय उद्यान, रमणीय वन, रमणीय भूमि र रमणीय तालहरू थोरै छन् । तर उबड्खाबड् जमिन, नदीले कटान गरेको, काँडाका झाडी, जंगल र पर्वतहरू धेरै छन् । यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो मनुष्यहरू मरेर मनुष्य भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो मनुष्यहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३३९-३४१. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो ममुष्यहरू मरेर देवता भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो मनुष्यहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३४२-३४४. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो देवताहरू मरेर देवता भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो देवताहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३४५-३४७. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो देवताहरू मरेर मनुष्य भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो देवताहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३४८-३५०. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो नरकबाट च्युत हुँदा मनुष्यमा जन्मिने । तर यस्ता सत्व धेरै छन् जो नरकबाट च्युत भई नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३५१-३५३. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो नरकबाट च्युत हुँदा देवता भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो नर्कबाट च्युट हुँदा नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"



Downloaded from http://dhamma.digital

३५४–३५६. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो पशु-पंक्षी मरेर मनुष्य भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो पशु-पंक्षी मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३५७-३५९. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो पशु-पंक्षी मरेर देवता भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो पशु-पंक्षी मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३६०-३६२. जस्तै कि... यंसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो प्रेतहरू मरेर मनुष्य भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो प्रेतहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

३६३-३६५. जस्तै कि... यसरी नै, भिक्षुहो ! ती सत्वहरू थोरै छन् जो प्रेतरू मरेर देवता भई जन्मिने । तर यस्ता सत्व धेरै छन् जो प्रेतहरू मरेर नर्कमा उत्पन्न हुने... पशुपंक्षीमा जन्मिने... अनि प्रेत भई जन्मिने ।"

Downloaded from http://dhamma.digital

## १७. पसादकरधम्मवग्गो

३६६-३८१. "भिक्षुहो ! यो एक प्रकारले लाभ नै हो, जुन कि यो– आरण्यक हुनु... पिण्डपातिक हुनु... पंशुकुलिक हुनु... त्रीचीवरक हुनु... धर्मकथिक हुनु... विनयधर हुनु... बहुश्रुत हुनु... चीरकाल प्रव्रजित हुनु... सम्पदाका लाभी हुनु... परिवार सम्पदा लाभी हुनु... महापरिवार हुनु... कुलपुत्र हुनु... वर्णसम्पन्न हुनु... कल्याण बोली बोल्ने हुनु... अल्पेच्छुक हुनु र निरोगी हुनु ।

Downloaded from http://dhamma.digital

## १८. अपरअच्छरासङ्घातवग्गो

३८२. "भिक्षुहो ! चुट्कि बजिञ्जेलसम्म भएपनि भिक्षुले प्रथम ध्यानको अभ्यास गर्छ भने यसैलाई भनिन्छ, भिक्षुहो ! 'भिक्षुले अरिक्त भई ध्यान गर्ने, शास्ताको अनुशासन पालन गर्ने, उपदेशानुसार गर्ने अनि बेकारमा राष्ट्रपिण्ड नखाने जसले धेरै ध्यान गर्छ उसलाई भन्नु नै के !"

३८३-३८९. "भिक्षुहो ! चुटकि बजिञ्जेलसम्म भएपनि भिक्षुले द्वितीय ध्यानाभ्यास गर्छ भने... तृतीय ध्यानाभ्यास गर्छ भने... चतुर्थ ध्यानाभ्यास गर्छ भने... मैत्री चित्तविमुक्ति अभ्यास गर्छ भने... करुणा चित्तविमुक्ति भावना गर्छ भने... मुदिता चित्तविमुक्ति अभ्यास गर्छ भने... उपेक्षा चित्तविमुक्ति अभ्यास गर्छ भने... ।

३९०-३९३. काय (शरीर) मा कायानुपस्सी (शरीरमा रहेको सुक्ष्मातिसुक्ष्म तथा शरीरद्वारा हुने हरेक कार्यमा विदर्शन ज्ञानद्वारा हेर्ने) भई प्रयत्नवान, ज्ञानवान, स्मृतिवान भई लोभ र द्वेष हटाई लोकमा बस्छन् । वेदनामा वेदनानुपस्सी (सुक्ष्मातिसुक्ष्म सुख-दु:ख, असुख-अदु:खका दर्शी) भई प्रयत्नवान, ज्ञानवान, स्मृतिवान भई लोभ र द्वेष हटाई लोकमा बस्छन् । चित्तमा चित्तानुपस्सी (चित्तमा आएका विभिन्न सुक्ष्मातिसुक्ष्म विषयलाई राम्रोसँग नियालेर हेर्ने) भई प्रयत्नवान, ज्ञानवान, स्मृतिवान भई लोभ र द्वेष हटाई लोकमा बस्छन् । धर्ममा धर्मानुपस्सी (कुशल र अकुशल धर्म विषय हेर्ने) भई प्रयत्नवान, ज्ञानवान, स्मृतिवान भई लोभ र द्वेष हटाई लोकमा बस्छन् ।

३९४-३९७. अनुत्पन्न पापमय अकुशल धर्म अनुत्पन्नको निम्ति इच्छा गर्छ, प्रयत्न गर्छ, पराक्रम गर्छ अनि चित्त नियन्त्रण गर्न कोसिस गर्छ; उत्पन्न पापमय अकुशल धर्म नष्ट गर्नको निम्ति इच्छा गर्छ, प्रयत्न गर्छ, पराक्रम गर्छ अनि चित्त नियन्त्रण गर्न कोसिस गर्छ । अनुत्पन्न कुशल धर्म उत्पन्नको निम्ति इच्छा गर्छ, प्रयत्न गर्छ, पराक्रम गर्छ अनि चित्त नियन्त्रण गर्न कोसिस गर्छ; उत्पन्न कुशल धर्म स्थिर गर्नको निम्ति, विलीन हुन नदिनको निम्ति, अभिवृद्धिको निम्ति, विपुलताको निम्ति र भावना परिपूर्णको निम्ति इच्छा गर्छ, प्रयत्न गर्छ, पराक्रम गर्छ अनि चित्त नियन्त्रण गर्न कोसिस गर्छ ।

३९८-४०१. छन्दसमाधि ध्यान संस्कारले युक्त ऋद्धिपाद भावना गर्छ... वीर्यसमाधि ध्यान संस्कारले युक्त ऋद्धिपाद भावना गर्छ... चित्तसमाधि ध्यान संस्का-



Downloaded from http://dhamma.digital

रले युक्त ऋद्धिपाद भावना गर्छ... विमंसासमाधि ध्यान संस्कारले युक्त ऋद्धिपाद भावना गर्छ... ।

४०२-४०६. श्रद्धेन्द्रिय भावना गर्छ... वीर्येन्द्रिय भावना गर्छ... स्मृतिन्द्रिय भावना गर्छ... समाधिन्द्रिय भावना गर्छ... प्रज्ञेन्द्रिय भावना गर्छ ।

४०७- ४११. श्रद्धाबल भावना गर्छ... वीर्यबल भावना गर्छ... स्मृति-बल भावना गर्छ... समाधिबल भावना गर्छ... प्रज्ञाबल भावना गर्छ ।

४१२-४१८. स्मृति सम्बोध्यङ्ग भावना गर्छ... धर्मविचय सम्बोध्यङ्ग भावना गर्छ... वीर्य सम्बोध्यङ्ग भावना गर्छ... प्रीती सम्बोध्यङ्ग भावना गर्छ... प्रश्रब्धिसम्बोध्यङ्ग भावना गर्छ... समाधि सम्बोध्यङ्ग भावना गर्छ... उपेक्षा सम्बोध्यङ्ग भावना गर्छ... ।

४१९-४२६. सम्यकदृष्टि भावना गर्छ... सम्यकसंकल्प भावना गर्छ... सम्यकवाचा भावना गर्छ... सम्यककर्मान्त भावना गर्छ... सम्यकआजीविका भावना गर्छ... सम्यकव्यायाम भावना गर्छ... सम्यकस्मृति भावना गर्छ... सम्यकसमाधि भावना गर्छ... ।

४२७-४३४. आफ्नो भित्र रूपसंज्ञी भई, बाहिरी सीमित दुर्वण-सुवर्ण रूपलाई हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र रूपसंज्ञी भई, बाहिरी असीमित दुर्वण-सुवर्ण रूपलाई हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी सीमित दुर्वण-सुवर्ण रूपलाई हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी असीमित दुर्वण-सुवर्ण रूपलाई हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी रूपमा हुने नील, नीलवर्ण, नीलरूप दर्शन गरी नीलाभासको रूप हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी रूपमा हुने पीत, पीतवर्ण, पीतरूप दर्शन गरी पीताभासको रूप हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी रूपमा हुने रातो रातोवर्ण, रातोरूप दर्शन गरी रातो आभासको रूप हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... आफ्नो भित्र अरूपसंज्ञी भई, बाहिरी रूपमा हुने सेतो सेतोवर्ण, सेतोरूप दर्शन गरी सेतो आभासको रूप हेर्छ । 'त्यसलाई अभिभूत गरी जान्दछु र देख्दछु भन्ने संज्ञा हुन्छ... ।



Downloaded from http://dhamma.digital

४३५-४४२. रूपी भएर रूपलाई हेर्छ... आफ्नो भित्र अरूपसंज्ञी भई बाहिरी रूपलाई हेर्छ र त्यो शुभ हो भन्नेबाट अधिमुक्त हुन्छ... समस्त रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघ संज्ञा (हिंसाभाव) अस्ताउन दिई नानात्वसंज्ञा-लाई मनसिकार नगरी आकाश अनन्त भनी आकासानञ्चायतन उपलब्ध गरी बस्छ... समस्त आकासानञ्चायतन समतिक्रम गरी विञ्ञान अनन्त भनी विञ्ञानञ्चायतन लाभ गरी बस्छ... समस्त विञ्ञानञ्चायतन समतिक्रम गरी केही छैन भनी आकिञ्चञ्ञायतन लाभ गरी बस्छ... समस्त आकिञ्चञ्ञायतन समतिक्रम गरी नेवसञ्ञानासञ्ञायतन लाभ गरी बस्छ... ।

४४३-४५२. पृथ्वीकसिण भावना गर्छ... जलकसिण भावना गर्छ... तेजकसिण भावना गर्छ... वायुकसिण भावना गर्छ... नीलकसिण भावना गर्छ... पीतकसिण भावना गर्छ... लोहितकसिण भावना गर्छ... ओदातकसिण (सेतो) भावना गर्छ... आकासकसिण भावना गर्छ... विञ्ञानकसिण भावना गर्छ...।

४५३-४६२. अशुभसंज्ञा भावना गर्छ...मरणसंज्ञा भावना गर्छ... आहार प्रतिकूलसंज्ञा भावना गर्छ...समस्त लोकप्रति अनभिरतसंज्ञा भावना गर्छ... अनित्यसंज्ञा भावना गर्छ... अनित्यमा दुःखसंज्ञा भावना गर्छ... दुःखमा अनात्मासंज्ञा भावना गर्छ... प्रहाणसंज्ञा भावना गर्छ... विरागसंज्ञा भावना गर्छ... निरोधसंज्ञा भावना गर्छ...।

४६३-४७२. अनित्यसंज्ञा भावना गर्छ... अनात्मासंज्ञा भावना गर्छ... मरणसंज्ञा भावना गर्छ... आहार प्रतिकूलसंज्ञा भावना गर्छ... समस्त लोक अनभिरतसंज्ञा भावना गर्छ... (मृतक देहमा) अस्थिसंज्ञा भावना गर्छ... मृतक देहमा किरैकिरा लागेको संज्ञा भावना गर्छ... विनीलकसंज्ञा भावना गर्छ... विच्छेदितसंज्ञा भावना गर्छ... मृतक देह फुलेको संज्ञा भावना गर्छ...।

४७३-४८२. बुद्धानुस्मृति भावना गर्छ... धर्मानुस्मृति भावना गर्छ... संघा-नुस्मृति भावना गर्छ... त्यागानुस्मृति भावना गर्छ... देवतानुस्मृति भावना गर्छ... आनापानानुस्मृति भावना गर्छ... कायगतानुस्मृति भावना गर्छ... उपशमानुस्मृति भावना गर्छ... ।

४८३- ४९२. प्रथमध्यान सहगत श्रद्धेन्द्रिय भावना गर्छ... वीर्येन्द्रिय भावना गर्छ... स्मृतिन्द्रिय भावना गर्छ.... समाधिन्द्रिय भावना गर्छ... प्रज्ञेन्द्रिय भावना गर्छ... श्रद्धाबल भावना गर्छ... वीर्यबल भावना गर्छ... स्मृतिबल भावना गर्छ... समाधिबल भावना गर्छ... प्रज्ञाबल भावना गर्छ... ।



Downloaded from http://dhamma.digital

४९३-५६२. "द्वितीयध्यान सहगत... तृतीयध्यान सहगत... चतुर्थध्यान सहगत... मैत्री सहगत... करुणा सहगत... मुदिता सहगत... उपेक्षा सहगत... श्रद्धेन्द्रिय भावना गर्छ...श्रद्धाबल भावना गर्छ... वीर्यबल भावना गर्छ... स्मृतिबल भावना गर्छ... समाधिबल भावना गर्छ... प्रज्ञाबल भावना गर्छ भने यसैलाई भनिन्छ, भिक्षुहो ! 'भिक्षुले अरिक्त भई ध्यान गर्ने, शास्ताको अनुशासन पालन गर्ने, उपदेशानुसार गर्ने अनि बेकारमा राष्ट्रपिण्ड नखाने । जसले धेरै ध्यान गर्छ, उसलाई भन्नु नै के !" (यस वग्गमा रहेको विस्तृतरूपले बुझ्न विसुद्धि मग्ग हेरौं)

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# १९. कायगतासतिवग्गो

५६३. "भिक्षुहो ! जस्ले आफ्नो चित्त महासमुद्र सरह व्याप्त गर्छ, जसरी समस्त स-साना नदीहरू महासमुद्रमा समावेश हुन्छन्; यसरी नै भिक्षुहो ! जस्ले कायगतस्मृतिको भावना तथा वृद्धि गर्छ भने जेजति विद्यापक्षीय कुशल धर्महरू छन् ती समस्त त्यसैमा समावेश भएका हुन्छन् ।"

५६४-५७०. "भिक्षुहो ! एक धर्मको भावित र वृद्धि गर्दा महासंवेगको निम्ति हुन्छ... महाकल्याणको निम्ति हुन्छ... महायोगक्षेमको निम्ति हुन्छ... महास्मृतिसम्प्रजन्यको निम्ति हुन्छ... ज्ञानदर्शनको निम्ति हुन्छ... दृष्टधर्ममा सुख-पूर्वक विहार गर्नको निम्ति हुन्छ... विद्याविमुक्ति फल साक्षात्कार गर्नको निम्ति हुन्छ । त्यो एकधर्म के हो ? कायगतस्मृति । भिक्षुहो ! यो नै एकधर्मको भावित र वृद्धि गर्दा महासंवेगको निम्ति हुन्छ... महाकल्याणको निम्ति हुन्छ... महायोगक्षेमको निम्ति हुन्छ... महास्मृतिसम्प्रजन्यको निम्ति हुन्छ... ज्ञानदर्शनको निम्ति हुन्छ... दृष्टधर्ममा सुखपूर्वक विहार गर्नको निम्ति हुन्छ... विद्याविमुक्ति फल साक्षात्कार गर्नको निम्ति हुन्छ ।"

५७१. "भिक्षुहो ! एक धर्मको भावित र वृद्धि गर्दा शरीर पनि शान्त हुन्छ, चित्त पनि शान्त हुन्छ, वितर्क-विचार पनि शान्त हुन्छ, समस्त विद्यापक्षीय धर्मका भावना परिपूर्ण हुन्छ । त्यो एक धर्म के हो ? कायगतस्मृति । भिक्षुहो ! यो नै एक धर्मको भावित र वृद्धि गर्दा शरीर पनि शान्त हुन्छ, चित्त पनि शान्त हुन्छ, वितर्क-विचार पनि शान्त हुन्छ, समस्त विद्यापक्षीय धर्मका भावना परिपूर्ण हुँदै जान्छ ।"

५७२. "भिक्षुहो ! एक धर्मको भावित र वृद्धि गर्दा अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुँदैनन्, उत्पन्न अकुशल धर्महरू नष्ट हुन्छन् । त्यो एकधर्म के हो ? कायगतस्मृति । भिक्षुहो ! यो नै एक धर्मको भावित र वृद्धि गर्दा अनुत्पन्न अकुशल धर्महरू उत्पन्न हुँदैनन्, उत्पन्न अकुशल धर्महरू नष्ट हुन्छन् ।"

५७३. "भिक्षुहो ! एक धर्मको भावित र वृद्धि गर्दा अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू अभिवृद्धि तथा विपुलताको निम्ति हुन्छ । त्यो एकधर्म के हो ? कायगतस्मृति । भिक्षुहो ! यो नै एक धर्मको भावित र वृद्धि गर्दा अनुत्पन्न कुशल धर्महरू उत्पन्न हुन्छन् अनि उत्पन्न कुशल धर्महरू अभिवृद्धि तथा विपुलताको निम्ति हुन्छ ।"

५७४. "भिक्षुहो ! एक धर्मको भावित र वृद्धि गर्दा अविद्या नष्ट हुन्छ, विद्या



Downloaded from http://dhamma.digital

उत्पन्न हुन्छ, अभिमान नष्ट हुन्छ, क्लेश समूल नष्ट हुन्छ र संयोजन नष्ट हुन्छ। त्यो एकधर्म के हो ? कायगतस्मृति। भिक्षुहो! यो नै एक धर्मको भावित र वृद्धि गर्दा अविद्या नष्ट हुन्छ, विद्या उत्पन्न हुन्छ, अभिमान नष्ट हुन्छ, क्लेश समूल नष्ट हुन्छ र संयोजन नष्ट हुन्छ।"

५७५-५७६. "भिक्षुहो! एक धर्मको भावित र वृद्धि गर्दा प्रज्ञा प्रस्फुटित हुन्छ... अनुपादिशेष परिनिर्वाण लाभी हुन्छ। त्यो एकधर्म के हो ? कायगतस्मृति भिक्षुहो! यो नै एक धर्मको भावित र वृद्धि गर्दा प्रज्ञा प्रस्फुटित हुन्छ... अनुपादिशेष परिनिर्वाण लाभी हुन्छ।"

५७७-५७९. "भिक्षुहो! एक धर्मको भावित र वृद्धि गर्दा अनेक धातुको ज्ञान हुन्छ... नाना धातुको ज्ञान हुन्छ...अनेक धातुप्रतिसम्भिदा लाभी हुन्छ। त्यो एकधर्म के हो ? कायगतस्मृति। भिक्षुहो! यो नै एक धर्मको भावित र वृद्धि गर्दा अनेक धातुको ज्ञान हुन्छ... नाना धातुको ज्ञान हुन्छ...अनेक धातुप्रतिसम्भिदा लाभी हुन्छ।"

५८०-५८३. "भिक्षुहो! एक धर्मको भावित र वृद्धि गर्दा श्रोतापत्ति फल साक्षात्कार गर्नको निम्ति हुन्छ... सकृदागामि फल साक्षात्कार गर्नको निम्ति हुन्छ... अनागामि फल साक्षात्कार गर्नको निम्ति हुन्छ... अर्हत फल साक्षात्कार गर्नको निम्ति हुन्छ। त्यो एकधर्म के हो ? कायगतस्मृति। भिक्षुहो! यो नै एक धर्मको भावित र वृद्धि गर्दा श्रोतापत्ति फल साक्षात्कार गर्नको निम्ति हुन्छ... सकृदागामि फल साक्षात्कार गर्नको निम्ति हुन्छ... अनागामि फल साक्षात्कार गर्नको निम्ति हुन्छ... अर्हत फल साक्षात्कार गर्नको निम्ति हुन्छ।"

५८४-५९९. "भिक्षुहो! एक धर्मको भावित र वृद्धि गर्दा प्रज्ञा लाभको निम्ति हुन्छ... प्रज्ञा वृद्धिको निम्ति हुन्छ... प्रज्ञा विपुलताको निम्ति हुन्छ... महाप्रज्ञाको निम्ति हुन्छ... पृथक प्रज्ञा लाभको निम्ति हुन्छ... विपुल प्रज्ञाको निम्ति हुन्छ... गम्भीर प्रज्ञाको निम्ति हुन्छ... असामान्य प्रज्ञाको निम्ति हुन्छ... भूरि प्रज्ञाको निम्ति हुन्छ... प्रज्ञा बहुलताको निम्ति हुन्छ... शीघ्र प्रज्ञाको निम्ति हुन्छ... लहुक (सहजै बोध हुने) प्रज्ञाको निम्ति हुन्छ... हर्षित प्रज्ञाको निम्ति हुन्छ... वेगवान प्रज्ञाको निम्ति हुन्छ... तीक्ष्ण प्रज्ञाको निम्ति हुन्छ... निर्वेधिक प्रज्ञाको निम्ति हुन्छ। त्यो एकधर्म के हो ? कायगतस्मृति।। भिक्षुहो! यो नै एक धर्मको भावित र वृद्धि गर्दा प्रज्ञा लाभको निम्ति हुन्छ... प्रज्ञा वृद्धिको निम्ति हुन्छ... प्रज्ञा विपुलताको निम्ति हुन्छ... महाप्रज्ञाको निम्ति हुन्छ... पृथक प्रज्ञा लाभको निम्ति हुन्छ... विपुल प्रज्ञाको निम्ति हुन्छ... गम्भीर प्रज्ञाको निम्ति हुन्छ... असामान्य प्रज्ञाको निम्ति



Downloaded from http://dhamma.digital

हुन्छ... भूरि प्रज्ञाको निम्ति हुन्छ... प्रज्ञा बहुलताको निम्ति हुन्छ... शीघ्र प्रज्ञाको निम्ति हुन्छ... लहुक प्रज्ञाको निम्ति हुन्छ... हर्षित प्रज्ञाको निम्ति हुन्छ... वेगवान प्रज्ञाको निम्ति हुन्छ... तीक्ष्ण प्रज्ञाको निम्ति हुन्छ... निर्वेधिक प्रज्ञाको निम्ति हुन्छ ।"

Downloaded from http://dhamma.digital

## २०. अमतवग्गो

६००. "भिक्षुहो ! जसले कायगतानुस्मृति परिभोग गर्दैन, उसले अमृतलाई परिभोग गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृति परिभोग गर्छ, उसले अमृतलाई परिभोग गरेको हुन्छ ।"

६०१. "भिक्षुहो ! जसले कायगतानुस्मृति उपभोग गर्दैन, उसले अमृतलाई उपभोग गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृतिलाई उपभोग गर्छ, उसले अमृतलाई उपभोग गरेको हुन्छ ।"

६०२. "भिक्षुहो ! जो कायगतानुस्मृतिबाट परिहीन हुन्छ, ऊ अमृतबाट परिहीन हुन्छ । भिक्षुहो ! जो कायगतानुस्मृतिबाट अपरिहीन हुन्छ, ऊ अमृतबाट अपरिहीन हुन्छ ।"

६०३. "भिक्षुहो ! जसले कायगतानुस्मृति विरोध गर्छ, उसले अमृतलाई विरोध गरेको हुन्छ । भिक्षुहो ! जसले कायगतानुस्मृति आराधना गर्छ, उसले अमृतलाई आराधना गरेको हुन्छ ।"

६०४. "भिक्षुहो ! जो कायगतानुस्मृतिप्रति प्रमादी हुन्छ, ऊ अमृतप्रति प्रमादी भएको हुन्छ । भिक्षुहो ! जो कायगतानुस्मृतिप्रति प्रमादी हुँदैन, ऊ अमृतप्रति प्रमादी भएको हुँदैन ।"

६०५. "भिक्षुहो ! जसले कायगतानुस्मृति बिर्सिन्छ, उसले अमृतलाई बिर्सेको हुन्छ । भिक्षुहो ! जसले कायगतानुस्मृति बिर्सिंदैन उसले अमृतलाई बिर्सेको हुँदैन ।"

६०६. "भिक्षुहो ! जसले कायगतानुस्मृति सेवन गर्दैन, उसले अमृतलाई सेवन गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृति सेवन गर्छ, उसले अमृत सेवन गरेको हुन्छ ।"

६०७. "भिक्षुहो ! जसले कायगतानुस्मृति अभ्यास गर्दैन, उसले अमृतलाई अभ्यास गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृति अभ्यास गर्छ, उसले अमृतलाई अभ्यास गरेको हुन्छ ।"



Downloaded from http://dhamma.digital

६०८. "भिक्षुहो ! जसले कायगतानुस्मृति अभिवृद्धि गर्दैन, उसले अमृतलाई अभिवृद्धि गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृति अभिवृद्धि गर्छ, उसले अमृतलाई अभिवृद्धि गरेको हुन्छ ।"

६०९. "भिक्षुहो ! जसले कायगतानुस्मृतिको अभिज्ञता हुँदैन, ऊसँग अमृतको अभिज्ञता हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृतिको अभिज्ञता हुन्छ, ऊसँग अमृतको अभिज्ञता हुन्छ ।"

६१०. "भिक्षुहो ! जो कायगतानुस्मृतिको परिज्ञाता हुँदैन, ऊ अमृतको परिज्ञाता हुँदैन । भिक्षुहो ! जो कायगतानुस्मृतिको परिज्ञाता हुन्छ, ऊ अमृतको परिज्ञाता हुन्छ ।"

६११. "भिक्षुहो ! जसले कायगतानुस्मृति साक्षात्कार गर्दैन, उसले अमृतलाई साक्षात्कार गरेको हुँदैन । भिक्षुहो ! जसले कायगतानुस्मृति साक्षात्कार गर्छ, उसले अमृतलाई साक्षात्कार गरेको हुन्छ ।"

भगवानले यसरी भन्नु भएपछि ती भिक्षुहरूले भगवानको उपदेशलाई सन्तुष्ट भई अभिनन्दन गरे ।

एककनिपात निट्ठिता ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# २. दुकनिपात

## १. कम्मकरणवग्गो

### १.वज्जसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस बेला भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो– "भिक्षुहो ! यी दुई दोष हुन् । ती दुई के के हुन् ? दृष्ट धर्म दोष र सम्परायिक (मरणोपरान्त) दोष । भिक्षुहो ! दृष्ट धर्म दोष भनेको के हो ? भिक्षुहो ! यहाँ राजकर्मचारीले चोरलाई समाती विविध कर्मद्वारा दण्ड दिएको, कोर्राले पिटेको, बेटले पिटेको, हथौडाले पिटेको, हात छेदन गरेको, पाउ छेदन गरेको, हात-पाउ छेदन गरेको, कान छेदन गरेको, नाक छेदन गरेको, कान-नाक छेदन गरेको, शीरको छाला ताछेर तातो छड्ले नीलदाम लगाएको, केशसहित छाला ताछेर कंकडले रगडेको, सनासाले मुख खोली बत्ती बालेको, सम्पूर्ण शरीरमा तेल कपडा लपेटी आगो लगाएको, हातमा तेल कपडा लपेटी आगो लगाएको, गर्दनको छाला ताछेको, गर्दनदेखि कटिसम्म छाला ताछेको, कटिदेखि गर्दनसम्म छाला ताछेको, दुवै कुइना र घुँडामा किल्ला ठोकी जमिनमा सुताएको, मुखमा काँटा लाएको, कार्षापन समान गरी मासु काटेको, शरीरमा जहाँतहीं शस्त्रद्वारा पिटेको, त्यस-त्यस ठाउँमा काँगियोले कोरेको, एकातिर पल्टिन लगाई कानमा किल्ला ठोकेको, शरीर छालामा केही हुन नदिइ भीत्री हाडलाई पिसेको, उम्लेको तातो तेल खन्याएको, कुकुरले टोक्न लाएको, शूलिमा जीउँदै उत्तानो पारी सुताएको र तरवारले पनि शीर छेदन गरेको कसैले देखेको हुन्छ ।

"(जसले देखेको हुन्छ) उसलाई यस्तो लाग्न थाल्छ– 'जुन पाप कर्म गरेको हो, त्यो पाप-कर्मले गर्दा उसलाई राजपुरुषले समाती विविध कर्मद्वारा दण्ड दिन्छ, कोर्राले पिट्छ, बेटले पिट्छ, हथौडाले पिट्छ, हात छेदन गर्छ, पाउ छेदन गर्छ, हात-पाउ छेदन गर्छ, कान छेदन गर्छ, नाक छेदन गर्छ, कान-नाक छेदन गर्छ, शीरको छाला ताछेर तातो छड्ले नीलदाम लगाउँछ, केशसहित छाला ताछेर कंकडले रगड्छ, सनासाले मुख खोली बत्ती बाल्छ, सम्पूर्ण शरीरमा तेल कपडा लपेटी आगो लाउँछ, हातमा तेल कपडा लपेटी आगो लाउँछ, गर्दनको छाला ताछ्छ, गर्दनदेखि कटिसम्म छाला ताछ्छ, कटिदेखि गर्दनसम्म छाला ताछ्छ, दुवै कुइना र घुँडामा किल्ला ठोकी जमिनमा सुताउँछ, मुखमा काँटा लाउँछ, कार्षापन



Downloaded from http://dhamma.digital

समान गरी मासु काटेको, शरीरको जहाँतहीँ शस्त्रद्वारा पिट्छ, त्यस-त्यस ठाउँमा काँगियोले कोर्छ, एकतिर पल्टिन लगाई कानमा किल्ला ठोक्छ, शरीर छालामा केही हुन नदिइ भीत्री हाडलाई पिस्छ, उम्लेको तातो तेल खन्याउँछ, कुकुरले टोक्न लाउँछ, शूलिमा जीउँदै उत्तानो पारी सुताउँछ र तरवारले पनि शीर छेदन गर्छ। मैले पनि यसरूपको पाप-कर्म गरे मलाई पनि राजपुरुषले समाती त्यसरी नै विविध दण्ड दिनेछ कोर्राले पिट्छ... तरवारले शीर छेदन गर्नेछ। उसले यी दृष्टधर्मको दोषबाट भयभीत भई अरूको सम्पत्ति लुटेर हिँड्दैन। भिक्षुहो! यसैलाई भनिन्छ– दृष्टधर्मको दोष।

"भिक्षुहो! सम्परायिक दोष भनेको के हो? एक व्यक्तिले यसरी विचार गर्छ– 'शारीरिक दुश्चरित्र पाप हो र मरणोपरान्त दुःख भोग्नु पर्छ, वाचसिक दुश्चरित्र पाप हो र मरणोपरान्त दुःख भोग्नु पर्छ अनि मानसिक दुश्चरित्र पाप हो र मरणोपरान्त दुःख भोग्नु पर्छ। यसरी नै शारीरिक दुश्चरित्रको कारणले, वाचसिक दुश्चरित्रको कारणले अनि मानसिक दुश्चरित्रको कारणले शरीर भेद भई मरण पश्चात म अपाय, दुर्गति, विनिपात वा नरकमा उत्पन्न हुनेछु।' ऊ सम्परायिक दोषबाट भयभीत भई शारीरिक दुश्चरित्र छाडेर शारीरिक सुचरित्रको अभ्यास गर्छ, वाचसिक दुश्चरित्र छाडेर वाचसिक सुचरित्रको अभ्यास गर्छ, मानसिक दुश्चरित्र छाडेर मानसिक सुचरित्रको अभ्यास गर्छ अनि आफूलाई शुद्धरूपले परिचालन गर्छ। भिक्षुहो! यसैलाई भनिन्छ– सम्परायिक दोष।

"भिक्षुहो! यी नै दुई दोष हुन्। त्यसैले, भिक्षुहो! यस्तो शिक्षा लिनुपर्छ– 'दृष्ट धर्मको दोषमा भयभीत हुनेछु अनि सम्परायिक धर्मको दोषमा भयभीत हुनेछु। दोषमा भय-दर्शी भई दोष भीरु हुनेछु। भिक्षुहो! यही नै शिक्षा लिनुपर्छ। भिक्षुहो! दोषमा भय-दर्शी भई दोष भीरु हुँदा यो आशा गर्न सकिन्छ कि ऊ सर्वदोषबाट मुक्त हुनेछ।"

## २. पधानसुत्तं

"भिक्षुहो! लोकमा यी दुई प्रयास गर्न दुष्कर छन्। ती दुई के के हुन्? गृहस्थले घरमा बसी जुन कि चीवर, पिण्डपात, शयनासन र बिरामीलाई औषधी तथा परिष्कारादि दान दिनु दुष्कर छ अनि घर छाडी अनागारिक प्रव्रजितले सम्पूर्ण क्लेशबाट मुक्त हुन दुष्कर छ। भिक्षुहो! लोकमा यी नै दुई प्रयास गर्न दुष्कर छन्।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी दुई प्रयास मध्ये सम्पूर्ण क्लेशबाट मुक्त हुनु नै उत्तम हो । भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– 'सम्पूर्ण क्लेशबाट मुक्त हुनेछु ।' भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

## ३. तपनीयसुत्तं

३. "भिक्षुहो ! यी दुई धर्मले अनुताप दिन्छ । ती दुई के के हुन् ? भिक्षुहो ! यहाँ कोही शारीरिक दुश्चरित्रका हुन्छन् तर शारीरिक सुचरित्रका हुँदैनन्, वाचसिक दुश्चरित्रका हुन्छन् तर वाचसिक सुचरित्रका हुँदैनन् अनि मानसिक दुश्चरित्रका हुन्छन् तर मानसिक सुचरित्रका हुँदैनन् । ऊ 'मबाट शारीरिक दुश्चरित्र भयो' भनी अनुतप्त हुन्छ, 'मबाट शारीरिक सुचरित्र भएन' भनी अनुतप्त हुन्छ; 'मबाट वाचसिक दुश्चरित्र भयो' भनी अनुतप्त हुन्छ, 'मबाट वाचसिक सुचरित्र भएन' भनी अनुतप्त हुन्छ अनि 'मबाट मानसिक दुश्चरित्र भयो' भनी अनुतप्त हुन्छ, 'मबाट मानसिक सुचरित्र भएन' भनी अनुतप्त हुन्छ । भिक्षुहो ! यी नै दुई अनुताप दिने धर्म हुन् ।"

## ४. अतपनीयसुत्तं

४. "भिक्षुहो ! यी दुई धर्मले अनुताप दिँदैन । ती दुई के के हुन् ? भिक्षुहो ! यहाँ कोही शारीरिक दुश्चरित्रका हुँदैनन् भने शारीरिक सुचरित्रका हुन्छन्, वाचसिक दुश्चरित्रका हुँदैनन् भने वाचसिक सुचरित्रका हुन्छन् अनि मानसिक दुश्चरित्रका हुँदैनन् भने मानसिक सुचरित्रका हुन्छन् । ऊ 'मबाट शारीरिक सुचरित्र भयो' भनी अनुतप्त हुँदैनन्, 'मबाट शारीरिक दुश्चरित्र भएन' भनी अनुतप्त हुँदैनन्; 'मबाट वाचसिक सुचरित्र भयो' भनी अनुतप्त हुँदैनन्, 'मबाट वाचसिह दुश्चरित्र भएन' भनी अनुतप्त हुँदैनन् अनि 'मबाट मानसिक सुचरित्र भयो' भनी अनुतप्त हुँदैनन्, 'मबाट मानसिक दुश्चरित्र भएन' भनी अनुतप्त हुँदैनन् । भिक्षुहो ! यी नै दुई अनुताप नदिने धर्म हुन् ।"

## ५. उपञ्ञातसुत्तं

५. "भिक्षुहो ! मैले यी दुई धर्मलाई अवगत गरें– जसमा कि, कुशल धर्ममा असन्तुष्टि अनि योगाभ्यासमा सतत प्रयत्न । भिक्षुहो ! मैले सतत प्रयत्न गरें– 'मैले सोचें कि मेरो छाला, नसा र हाडमात्र अवशेष रहोस्, शरीरको रक्तमांस सुकोस् तर जुन त्यो पुरुष बलले, पुरुष वीर्यले, पुरुष पराक्रमले प्राप्त हुने हो, त्यो प्राप्त नगरी वीर्य स्थगित गर्ने छैन । भिक्षुहो ! त्यो सम्बोधिलाई मैले अप्रमादिद्वारा प्राप्त गरें तथा अनुत्तर योगक्षमलाई अप्रमादिद्वारा प्राप्त गरें । भिक्षुहो ! तिमीहरूले



Downloaded from http://dhamma.digital

पनि सतत प्रयत्न गर– यसरी सोच कि मेरो छाला, नसा र हाडमात्र अवशेष रहोस्, शरीरको रक्तमांस सुकोस् तर जुन त्यो पुरुष बलले, पुरुष वीर्य र पुरुष पराक्रमले प्राप्त हुने हो, त्यो प्राप्त नगरी वीर्य स्थगित गर्ने छैन । भिक्षुहो ! चीरकाल नबित्दै जुन कारण लिई कुलपुत्रहरूले राम्रोसँग घर छाडी अनगारिक प्रव्रजित भए, त्यस अनुरूप श्रेष्ठ ब्रह्मचर्य फललाई दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार र प्राप्त गरी बस्नेछौ । भिक्षुहो ! त्यसैले तिमीहरूले यसरी शिक्षा लिनुपर्छ– निरन्तर प्रयत्नवान हुन्छु । यसरी सोच कि, मेरो छाला, नसा र हाडमात्र अवशेष रहोस्, शरीरको रक्तमांस सुकोस् तर जुन त्यो पुरुष बलले, पुरुष वीर्य र पुरुष पराक्रमले प्राप्त हुने हो, त्यो प्राप्त नगरी वीर्य स्थगित गर्ने छैन । भिक्षुहो ! यसरी नै शिक्षा लिनुपर्छ ।"

## ६. संयोजनसुत्तं

६. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? जुन कि, संयोजनीय (बन्धनमा बाँधिने) धर्ममा आस्वादानुदर्शी र संयोजनीय धर्ममा विरक्तानुदर्शी । भिक्षुहो ! संयोजनीय धर्ममा आस्वादानुदर्शी भई बस्दा राग परित्यक्त हुँदैन, द्वेष परित्यक्त हुँदैन अनि मोह परित्यक्त हुँदैन । राग अप्रहिण, द्वेष अप्रहिण र मोह अप्रहिण हुँदा जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासबाट परिमुक्त हुँदैन तथा दुःखबाट परिमुक्त हुँदैन भनी भन्दछु ।

"भिक्षुहो ! संयोजनीय धर्ममा विरक्तानुदर्शी भई बस्दा राग परित्यक्त हुन्छ, द्वेष परित्यक्त हुन्छ अनि मोह परित्यक्त हुन्छ । राग परित्यक्त हुँदा, द्वेष परित्यक्त हुँदा अनि मोह परित्यक्त हुँदा जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासबाट परिमुक्त हुन्छ तथा दुःखबाट परिमुक्त हुन्छ भनी भन्दछु ।"

Dhamma.Digital

## ७. कण्हसुत्तं

७. "भिक्षुहो ! यी दुई कृष्ण (कालो) धर्म हुन् । ती दुई के के हुन् ? निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई कृष्ण धर्म हुन् ।"

## ८.सुक्कसुत्तं

८. "भिक्षुहो ! यी दुई शुक्ल (श्वेत) धर्म हुन् । ती दुई के के हुन् ? लज्जा र भय । भिक्षुहो ! यी नै दुई शुक्ल धर्म हुन् ।"



Downloaded from http://dhamma.digital

## ९. चरियसुत्तं

९. "भिक्षुहो ! यी दुई शुक्ल धर्मद्वारा लोकलाई पालन गरेको हुन्छ। ती दुई के के हुन् ? लज्जा र भय। भिक्षुहो ! यीं दुई शुक्ल धर्मद्वारा लोकलाई पालन नगरे यहाँ न त आमा, कान्छी आमा, फूपु, आचार्य-भार्या वा गौरवनीय कोही स्त्रीलाई चिन्न सक्छ। लोक एकदमै गडबड हुन्छ। भेंडा-कुखुरा-सुङ्गुर र स्याल जस्तै हुन्छ। भिक्षुहो ! यी दुई शुक्ल धर्मद्वारा नै लोकलाई पालन गरेको हुन्छ। त्यसैले यहाँ आमा, कान्छी आमा, फूपु, आचार्य-भार्या वा गौरवनीय कोही स्त्रीलाई चिन्न सकेको।"

## १०.वस्सूपनायिकसुत्तं

१०. "भिक्षुहो ! यी दुई वर्षावास हुन्। ती दुई के के हुन् ? पहिलो र दोस्रो। भिक्षुहो ! यी दुई वर्षावास हुन्।"

Downloaded from http://dhamma.digital

## २. अधिकरणवग्गो

११. "भिक्षुहो ! दुई बल छन् । ती दुई के के हुन् ? विचार बल र भावना बल । भिक्षुहो ! विचार बल भनेको के हो ? भिक्षुहो ! यहाँ कसैले यसरी विचार गर्छ– शारीरिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ, वाचसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ अनि मानसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ । उसले यसरी विचार गरी शारीरिक दुश्चरित्र त्याग्छ अनि शारीरिक सुचरित्रताको अभ्यास गर्छ, वाचसिक दुश्चरित्र त्याग्छ अनि वाचसिक सुचरित्रताको अभ्यास गर्छ र मानसिक दुश्चरित्र त्याग्छ अनि मानसिक सुचरित्रताको अभ्यास गर्छ । आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई विचार बल भनिन्छ ।

"भिक्षुहो ! भावना बल भनेको के हो ? जुन कि यो भावना बल भन्नु नै शैक्ष बल हो । उसले शैक्ष बलद्वारा नै आउने रागलाई त्याग्छ, द्वेषलाई त्याग्छ अनि मोहलाई त्याग्छ । राग त्याग्नाले, द्वेष त्याग्नाले र मोह त्याग्नाले जुन अकुशल धर्म हो त्यो गर्दैन तथा जुन पाप कर्म हो त्यो गर्दैन । भिक्षुहो ! यसैलाइ भावना बल भनिन्छ । भिक्षुहो ! यी नै दुई बल हुन् ।"

१२. "भिक्षुहो ! दुई बल छन् । ती दुई के के हुन् ? विचार बल र भावना बल । भिक्षुहो ! विचार बल भनेको के हो ? भिक्षुहो ! यहाँ कसैले यसरी विचार गर्छ– शारीरिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ, वाचसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ अनि मानसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ । उसले यसरी विचार गरी शारीरिक दुश्चरित्र त्याग्छ अनि शारीरिक सुचरित्रताको अभ्यास गर्छ, वाचीसिक दुश्चरित्र त्याग्छ अनि वाचसिक सुचरित्रताको अभ्यास गर्छ र मानसिक दुश्चरित्र त्याग्छ अनि मानसिक सुचरित्रताको अभ्यास गर्छ । आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई विचार बल भनिन्छ ।

"भिक्षुहो ! भावना बल भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले विवेकाश्रित, वैराग्याश्रित, निरोधाश्रित र त्यागको परिणाम जानी स्मृतिसम्बोध्यङ्गको भावना गर्छ । ... धर्मविचयसम्बोध्यङ्गको भावना गर्छ । ... वीर्यसम्बोध्यङ्गको भावना गर्छ । ...प्रीतिसम्बोध्यङ्गको भावना गर्छ । ... प्रश्रब्धिसम्बोध्यङ्गको भावना गर्छ । ... समाधिसम्बोध्यङ्गको भावना गर्छ । विवेकाश्रितक, वैराग्याश्रित, निरोधाश्रित र



Downloaded from http://dhamma.digital

त्यागको परिणाम जानी उपेक्षासम्बोध्यङ्गको भावना गर्छ । भिक्षुहो ! यसैलाई भावना बल भनिन्छ । भिक्षुहो ! यी नै दुई बल हुन् ।"

१३. "भिक्षुहो ! दुई बल छन् । ती दुई के के हुन् ? विचार बल र भावना बल । भिक्षुहो ! विचार बल भनेको के हो ? भिक्षुहो ! यहाँ कसैले यसरी विचार गर्छ– शारीरिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ, वाचसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ अनि मानसिक दुश्चरित्रको हुँदा यहीँ नै देखिने गरी र परलोकमा पनि पापको विपाक भोग्नु पर्छ । उसले यसरी विचार गरी शारीरिक दुश्चरित्र त्याग्छ, शारीरिक सुचरित्रताको अभ्यास गर्छ; वाचसिक दुश्चरित्र त्याग्छ, वाचसिक सुचरित्रताको अभ्यास गर्छ अनि मानसिक दुश्चरित्र त्याग्छ र मानसिक सुचरित्रताको अभ्यास गर्छ । आफूलाई शुद्धरूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– विचार बल ।

"भिक्षुहो ! भावना बल भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु काम-विषयभोगबाट रहित भई, अकुशल धर्म छोडी सवितर्क सविचार एकान्तमय प्रीतिसुखले युक्त प्रथमध्यान लाभी भई बस्छ । वितर्क-विचार उमशमन गरी आन्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीतिसुखमय द्वितीयध्यान लाभी भई बस्छ । प्रीतिबाट विराग भई उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुखको अनुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षक स्मृतिवान र सुखविहारी' तृतीयध्यान लाभी भई बस्छ । सुखलाई पनि त्यागी अनि दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदुःख-असुख, उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभी भई बस्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– भावना बल । भिक्षुहो ! यी नै दुई बल हुन् ।"

१४. "भिक्षुहो ! यी दुई तथागतको धर्म देशना हुन् । ती दुई के के हुन् ? संक्षिप्त र विस्तृत । भिक्षुहो ! यी नै दुई प्रकारका तथागतको धर्म देशना हुन् ।"

१५. "भिक्षुहो ! जुन झगडामा लाग्ने प्रतिवादी भिक्षु र वादी भिक्षु स्वयम्ले आफ्नो बारेमा राम्रोसँग प्रत्यवेक्षण (विचार) गर्दैन भने तिनीहरूको त्यो झगडामा कठोर बोली र मारपिट दीर्घकालसम्म चलिरहनेछ भन्ने आशा गर्न सकिन्छ । भिक्षुहरू सुखपूर्वक बस्न पाउने छैनन् । भिक्षुहो ! जुन झगडामा प्रतिवादी भिक्षु र वादी भिक्षु स्वयम्ले आफ्नो बारेमा राम्रोसँग प्रत्यवेक्षण गरे तिनीहरूको त्यस



Downloaded from http://dhamma.digital

झगडामा कठोर बोली र मारपिट नहुने आशा गर्न सकिन्छ । भिक्षुहरू सुखपूर्वक बस्न पाउनेछन् ।

"भिक्षुहो ! प्रतिवादी भिक्षुले कसरी स्वयम् आफ्नो बारेमा राम्रोसँग प्रत्यवेक्षण गर्छ ? भिक्षुहो ! प्रतिवादी भिक्षुले यसरी प्रत्यवेक्षण गर्छ– 'मैले नै शरीरद्वारा केही अकुशल गरें । आफ्नो शरीरद्वारा केही अकुशल गर्नाले म दोषी भएको त्यो भिक्षुले देख्यो । यदि मेरो शरीरद्वारा केही अकुशल हुने दोष लाग्ने नगरेको भए त्यो भिक्षुले देख्ने थिएन । जब कि मैले नै आफ्नो शरीरद्वारा केही अकुशल कर्म गरें, त्यसैले त्यो भिक्षुले देख्यो । आफ्नै शरीरद्वारा केही अकुशल कर्मको दोषी हुनाले ऊ असन्तुष्ट भए । असन्तुष्ट हुनाले त्यो भिक्षुले मलाई असन्तुष्ट हुने गरी बोलेको हो । त्यो भिक्षुले मलाई असन्तुष्ट हुने वचन भनेको हुनाले म असन्तुष्ट भएँ । म असन्तुष्ट हुनाले त्यो कुरा अरूलाई सुनाएँ । यो मेरो नै दोष हो । सामानको कर नतिरिकन लाने अपराधी झैं भएँ । भिक्षुहो ! यसरी नै दोषी भिक्षुले राम्रोसँग स्वयम् आफूलाई प्रत्यवेक्षण गर्दछ ।

"भिक्षुहो ! वादी भिक्षुले स्वयम् आफूले कसरी राम्रोसँग प्रत्यवेक्षण गर्छ ? भिक्षुहो ! यहाँ वादी भिक्षुले यसरी प्रत्यवेक्षण गर्छ– 'यो भिक्षुले शरीरद्वारा केही अकुशल कर्म गर्नाले अकुशलका दोषी भए ।' यो भिक्षु शरीरद्वारा केही अकुशल कर्मका दोषी भएको मैले देखें । यदी यो भिक्षुले शरीरद्वारा केही अकुशल कर्म नगरेको भए तथा अकुशलका दोषी नभएको भए मैले यो भिक्षुले शरीरद्वारा गरेको केही अकुशलका दोषी भएको देख्ने थिइन । जब कि यो भिक्षुले अकुशल कर्म गरेको हुनाले केही अकुशलका दोषी भए, त्यसैले यो भिक्षु शरीरद्वारा केही अकुशल कर्मका दोषी भएको मैले देखें । यो भिक्षुले शरीरद्वारा गरेको केही अकुशल कर्मका दोषी भएको देख्नाले नै म असन्तुष्ट हुनुपर्‍यो । असन्तुष्ट हुनाले नै मैले यो भिक्षुलाई असन्तुष्ट हुने वचन बोलें । मैले असन्तुष्ट हुने वचन बोल्नाले नै यो भिक्षु असन्तुष्ट भयो । असन्तुष्ट हुनाले नै अरूलाई कुरा सुनाउन थाले । यो मेरो नै दोष हो । सामानको कर नतिरिकन लाने अपराधी झैं भएँ । भिक्षुहो ! यसरी नै वादी भिक्षुले राम्रोसँग स्वयम् आफूलाई प्रत्यवेक्षण गर्दछ ।

"भिक्षुहो ! जुन झगडामा लाग्ने प्रतिवादी भिक्षु र वादी भिक्षु स्वयम्ले आफ्नो बारेमा राम्रोसँग प्रत्यवेक्षण गर्दैन भने तिनीहरूको त्यो झगडामा कठोर बोली र मारपिट दीर्घ कालसम्म चलिरहनेछ भन्ने आशा गर्न सकिन्छ । भिक्षुहरू सुखपूर्वक बस्न पाउने छैनन् । भिक्षुहो ! जुन झगडामा प्रतिवादी भिक्षु र वादी भिक्षु स्वयम्ले आफ्नो बारेमा राम्रोसँग प्रत्यवेक्षण गर्छ भने तिनीहरूको त्यस



Downloaded from http://dhamma.digital

झगडामा कठोर बोली र मारपिट नहुने आशा गर्न सकिन्छ । भिक्षुहरू सुखपूर्वक बस्न पाउनेछन् ।"

१६. त्यस समय कोही एक ब्राम्हण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग प्रसन्न भई कुरा गरे । प्रसन्न भई सारभूत कुरा गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती ब्राम्हणले भगवानलाई यसो भने– भो गौतम ! कुन हेतुले तथा कुन विषयले गर्दा कोही कोही सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छन् ?" "ब्राम्हण ! अधर्म चर्या तथा विषम चर्याको कारणले वा विषयले गर्दा यहाँबाट सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छन् ।"

"गौतम ! कुन कारणले वा कुन विषयले गर्दा यहाँबाट सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छन् ?" "ब्राम्हण ! धर्मचर्या तथा समचर्याको कारणले गर्दा यहाँबाट सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छन् ।"

"अति सुन्दर, भो गौतम ! अति सुन्दर, भो गौतम ! जस्तो कि, भो गौतम ! घोप्टो परेकोलाई उत्तानो गरिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, अन्धकारमा तेल बत्ती बाली दिए झैं अनि आँखा हुनेले रूपलाई देख्न सके झैं गरी तपाई गौतमले अनेक प्रकारले धर्म प्रकाशित गर्नुभयो । यसैकारण तपाई गौतम भगवानको शरणमा पर्दछु, धर्म र संघको पनि । आजदेखि प्राण रहुन्जेलसम्म म भगवान गौतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

१७. अनि जानुस्सोणि ब्राम्हण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग प्रसन्न भई कुरा गरे । प्रसन्न भई सारभूत कुरा गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि जानुस्सोणि ब्राम्हणले भगवानलाई यसो भने– भो गौतम ! कुन हेतुले तथा कुन विषयले सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छन् ?" "ब्राम्हण ! गरिनाले र नगरिंदा यहाँबाट सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छन् ।" "भो गौतम ! कुन हेतुले, कुन विषयले सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात सुगति तथा स्वर्गलोकमा उत्पन्न हुन्छन् ?" "ब्राम्हण ! गरिनाले र नगरिंदा यहाँबाट सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात सुगति तथा स्वर्गलोकमा उत्पन्न हुन्छन् ।" "भो गौतम ! तपाईंले संक्षिप्तमा भन्नु भएकोलाई विस्तृतरूपले अर्थ व्यक्त नहुँदा विस्तृतरूपले



Downloaded from http://dhamma.digital

अर्थ बुझ्न सकिन । भो गोतम मेरो निम्ति हित हुनेछ, यदि गोतमले त्यसरूपले धर्म देशना गर्नुस् जुन कि तपाईं गोतमद्वारा जुन संक्षिप्तमा भन्नुभयो त्यसलाई विस्तृतरूपले अर्थ अव्यक्त भएकोलाई विस्तृतरूपले अर्थ जान्न सकूँ ।" "त्यसोभए, ब्राह्मण ! राम्रोसँग मनमा धारण गर, भन्नेछु ।" "हवस् भन्ते !" भनी जाणुस्सोणि ब्राह्मणले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो– "ब्राह्मण ! यहाँ कोही शारीरिक दुश्चरित्रको हुन्छ अनि शारीरिक सुचरित्रको हुँदैन; वाचसिक दुश्चरित्रको हुन्छ अनि वाचसिक सुचरित्रको हुँदैन र मानसिक दुश्चरित्रको हुन्छ, मानसिक सुचरित्रको हुँदैन । ब्राह्मण ! यसरी गरिंदा र नगरिंदा यहाँ सत्वहरू पार्थिव शरीर छाडी मृत्यु पश्चात जहाँ कि अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छन् । ब्राह्मण ! यहाँ कोही शारीरिक सुचरित्रको हुन्छ, शारीरिक दुश्चरित्रको हुँदैन; वाचसिक सुचरित्रको हुन्छ, वाचसिक दुश्चरित्रको हुँदैन र मानसिक सुचरित्रको हुन्छ, मानसिक दुश्चरित्रको हुँदैन । ब्राह्मण ! यसरी नै गरिनाले र नगरिनाले यहाँ सत्वहरूले पार्थिव शरीर छाडी परम् मृत्यु पश्चात सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छन् ।"

"अति सुन्दर, भो गोतम ! ... आजदेखि प्राण रहुञ्जेलसम्म म भगवान गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

१८. अनि आयुष्मान आनन्द, जहाँ भगवान हुनुहुन्थ्यो, त्यहाँ जानुभयो । त्यहाँ पुगनु भई भगवानलाई अभिनन्दन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएका आयुष्मान आनन्दलाई भगवानले यसो भन्नुभयो– "आनन्द ! शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र एकदमै हुनुहुँदैन भनी म भन्दछु । "भन्ते ! भगवानले जुन यो शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र एकदमै हुनुहुँदैन भनी मलाई भन्नुभयो । त्यस अकरणीय गरिंदा कुन दुष्परिणामको प्रत्याशा गर्नुपर्ला ?" "आनन्द ! जुन यो शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र एकदमै हुनुहुँदैन भनी मैले भनें । त्यस अकरणीय गर्दा यस्तो प्रत्याशा गर्न सकिन्छ आफूले आफैलाई दोषी ठान्ने हुन्छ, विज्ञजनले थाहा पाउँदा निन्दा गर्छ, नराम्रो कीर्ति फैलिन्छ, बेहोशी भई मृत्यु हुन्छ अनि पार्थिव शरीर छाडी मृत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न हुन्छ । आनन्द ! जुन यो शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र हुनुहुँदैन भनी मैले भनें त्यस अकरणीयलाई गर्दा यही नै दुष्परिणामको प्रत्याशा गर्न सकिन्छ ।"

"आनन्द ! जुन यो शारीरिक सुचरित्र, वाचसिक सुचरित्र र मानसिक सुचरित्र हुने सम्पूर्ण नै गर्नुपर्छ भनी जुन मैले भनें त्यस



Downloaded from http://dhamma.digital

करणीयलाई गर्दा यस्तो प्रतिफलको प्रत्याशा गर्न सकिन्छ । आफूले आफैलाई दोषी नठान्ने हुन्छ, विज्ञजनले थाहा पाए प्रशंसा गर्छ, कल्याण कीर्ति शब्द फैलिन्छ अनि बेहोशी नभई मृत्यु हुन्छ, पार्थिव शरीर छाडी परम् मृत्यु पश्चात सुगति स्वर्गलोक-मा उत्पन्न हुन्छ । आनन्द ! जुन यो शारीरिक सुचरित्र, वाचसिक सुचरित्र र मानसिक सुचरित्र हुने सम्पूर्ण नै गर्नुपर्छ भनी जुन मैले भनें त्यस करणीयलाई गर्दा यस्तो प्रतिफलको प्रत्याशा गर्न सकिन्छ ।"

१९. "भिक्षुहो ! अकुशल परित्याग गर । भिक्षुहो ! अकुशल परित्याग गर्न सकिन्छ । भिक्षुहो ! यदि अकुशल परित्याग गर्न नसक्ने भए 'अकुशल परित्याग गर' भनी मैले भन्दिन । जब कि, भिक्षुहो ! अकुशल परित्याग गर्न सकिने हुनाले नै मैले भनें– भिक्षुहो ! 'अकुशल परित्याग गर ।' भिक्षुहो ! यदि अकुशल परित्याग गर्दा अहित र दुःख हुन्छ भने अकुशल परित्याग गर भनी मैले भन्दिन । जब कि, भिक्षुहो ! अकुशल नष्ट हुँदा हित र सुख हुने भएकोले नै मैले यसो भनें– भिक्षुहो ! 'अकुशल परित्याग गर ।' "

"भिक्षुहो ! कुशल अभ्यास गर । भिक्षुहो ! कुशल अभ्यास गर्न सकिन्छ । भिक्षुहो ! यदि कुशल अभ्यास गर्न नसकिने भए मैले भन्दिन– 'कुशल अभ्यास गर ।' भिक्षुहो ! जब कि, कुशल अभ्यास गर्न सकिने हुनाले नै मैले भनें– भिक्षुहो ! 'कुशल अभ्यास गर ।' भिक्षुहो ! कुशल अभ्यास गर्दा अहित र दुःख हुन्छ भने कुशल अभ्यास गर भनी मैले भन्दिन । जब कि, भिक्षुहो ! कुशल अभ्यास गर्दा हित र सुख हुने भएकोले नै मैले यसो भनें– भिक्षुहो ! कुशल अभ्यास गर ।' "

२०. "भिक्षुहो ! यी दुई धर्मद्वारा नै सद्धर्म विनाश तथा अन्तर्धान हुनेछ । ती दुई के के हुन् ? (धर्मको) पदव्यञ्जन गलतरूपले मिलाउँदा अर्थमा अनर्थ हुन्छ । भिक्षुहो ! पदव्यञ्जनको व्यतिक्रम हुँदा अर्थ पनि अनर्थ हुन्छ । भिक्षुहो ! यी नै दुई धर्मद्वारा सद्धर्म विनाश तथा अन्तर्धान हुनेछ ।"

२१. "भिक्षुहो ! यी दुई धर्मद्वारा नै सद्धर्मको स्थिर, अविनाश तथा अन्तरर्धान हुनेछैन । ती दुई के के हुन् ? पदव्यञ्जन सहीरूपले मिलाउँदा अर्थमा अनर्थ हुँदैन । भिक्षुहो ! पदव्यञ्जन सहीरूपले मिलाउँदा सही अर्थ लगाएको हुन्छ । भिक्षुहो ! यी नै दुई धर्मद्वारा सद्धर्म अस्थिर, अविनाश तथा अन्तर्धान हुनेछैन ।"



Downloaded from http://dhamma.digital

## ३. बालवग्गो

२२. " 'भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले दोषलाई दोष भनी देख्दैन अनि दोषीले देशना (स्वीकार) गर्दा धर्मपूर्वक प्रतिग्रहण गर्दैन । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।' 'भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले दोषलाई दोष भनी देख्दछ अनि दोषीले देशना गर्दा धर्मपूर्वक प्रतिग्रहण गर्दछ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।' "

२३. "भिक्षुहो ! यी दुईले तथागतलाई मिथ्या आरोप लगाउने हुन्छन् । ती दुई को को हुन् ? दुष्ट वा द्वेषी अनि मिथ्यामतमा श्रद्धावान । भिक्षुहो ! यी नै दुईले तथागतलाई मिथ्या आरोप लगाउँदछन् ।"

२४. " 'भिक्षुहो ! यी दुईले तथागतलाई मिथ्या आरोप लगाउने हुन्छन् । ती दुई को को हुन् ? जसले कि, तथागतले नभनेको र नबोलेकोलाई तथागतले भनेको र बोलेको भनी प्रकाश गर्दछ अनि तथागतले भनेको र बोलेकोलाई तथागतले नभनेको र नबोलेको भनी प्रकाश गर्दछ । भिक्षुहो ! यी नै दुईले तथागतलाई मिथ्या आरोप लगाउने हुन्छन् ।'" 'भिक्षुहो ! यी दुईले तथागतलाई मिथ्या आरोप लगाउँदैनन् । ती दुई को को हुन् ? जसले कि, तथागतले नभनेको र नबोलेकोलाई तथागतले नभनेको र नबोलेको भनी प्रकाश गर्दछ अनि तथागतले भनेको र बोलेकोलाई तथागतले भनेको र बोलेको भनी प्रकाश गर्दछ । भिक्षुहो ! यी नै दुईले तथागतलाई मिथ्या आरोप लगाउँदैन ।' "

२५. "भिक्षुहो ! यी दुईले तथागतलाई मिथ्या आरोप लगाउने हुन्छन् । ती दुई को को हुन् ? सूत्र अन्तर्गत गरी जसले लिएको छैन, (त्यो) सूत्र अन्तर्गत लिएको छ भनी प्रकाश गर्दछ । सूत्र अन्तर्गत गरी जसले लिएको छ, (त्यो) सूत्र अन्तर्गत गरी लिएको छैन भनी प्रकाश गर्दछ । भिक्षुहो ! यी नै दुईले तथागतलाई मिथ्या आरोप लगाउने हुन्छन् ।

२६. "भिक्षुहो ! यी दुईले तथागतलाई मिथ्या आरोप लगाउँदैन् । ती दुई को को हुन् ? सूत्र अन्तर्गत जसले लिएको छ, (त्यो) सूत्र अन्तर्गत लिएको छ भनी प्रकाश गर्दछ । सूत्र अन्तर्गत जसले लिएको छैन, (त्यो) सूत्र अन्तर्गत लिएको छैन भनी प्रकाश गर्दछ । भिक्षुहो ! यी नै दुईले तथागतलाई मिथ्या आरोप लगाउँदैन ।"



Downloaded from http://dhamma.digital

२७. "भिक्षुहो ! पापकर्मीलाई दुई गति मध्ये एक गतिको प्रत्याशा गर्न सकिन्छ– नर्क वा तिर्यक (किटपटङ्ग, पशुपंक्षी) योनि । भिक्षुहो ! पुण्यकर्मीलाई दुई गति मध्ये एक गतिको प्रत्याशा गर्न सकिन्छ– देव वा मनुष्य ।"

२८. "भिक्षुहो ! मिथ्यादृष्टि हुनेलाई दुई गति मध्ये एक गतिको प्रत्याशा गर्न सकिन्छ– नर्क वा तिर्यक योनि ।"

२९. "भिक्षुहो ! सम्यकदृष्टि हुनेलाई दुई गति मध्ये एक गतिको प्रत्याशा गर्न सकिन्छ– देव वा मनुष्य ।"

३०. "भिक्षुहो ! दुश्शील हुनेलाई दुई ठाउँमा ग्रहण गरिन्छ नरक वा तिर्यक योनि ।"

३१. "भिक्षुहो ! मैले दुई कारण देखेर अरण्यमा एकान्त शयनासन सेवन गर्दछु । कुन दुई ? आफ्नो दृष्टान्त धर्ममा सुख विहरणको लागि राम्रोसँग देखेको हुनाले अनि भविष्यमा आउने जनताप्रति अनुकम्पा गर्ने हुनाले । भिक्षुहो ! यी नै दुई कारण राम्रोसँग देखेको हुनाले अरण्यमा एकान्त शयनासनको सेवन गर्दछु ।"

३२. "भिक्षुहो ! दुई धर्म विद्या पक्षीय हुन् । ती दुई के के हुन् ? शमथ र विपश्यना । भिक्षुहो ! शमथ भावना गर्दा कुन अर्थ सिद्ध हुन्छ ? चित्त भावित हुन्छ । चित्त भावित हुँदा कुन अर्थ सिद्ध हुन्छ ? जुन राग हो त्यो नष्ट हुन्छ । भिक्षुहो ! विपश्यना भावना गर्दा कुन अर्थ सिद्ध हुन्छ ? प्रज्ञा भावित हुन्छ । प्रज्ञा भावित हुँदा कुन अर्थ सिद्ध हुन्छ ? जुन अविद्या हो त्यो नष्ट हुन्छ । भिक्षुहो ! रागमय क्लेशद्वारा मैलो हुँदा चित्त विमुक्त हुँदैन । अविद्यामय क्लेशद्वारा मैलो हुँदा प्रज्ञाको भावना हुँदैन । भिक्षुहो यही रागबाट विराग हुँदा चित्त विमुक्ति हुन्छ अनि अविद्याबाट विराग हुँदा प्रज्ञा विमुक्ति हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ४. समचित्तवग्गो

३३. "भिक्षुहो ! असत्पुरुषभूमि र सत्पुरुषभूमि विषय देशना गर्नेछु, त्यसलाई सुन अनि राम्रोसँग मनमा धारण गर, भन्नेछु ।" "हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसरी भन्नुभयो–

"असत्पुरुषभूमि भनेको के हो ? भिक्षुहो ! असत्पुरुष अकृतज्ञ र अकृतवेदी हुन्छ । भिक्षुहो ! जुन कि यो अकृतज्ञता तथा अकृतवेदीता हो, यो केवल असत्पुरुष-भूमि हो । भिक्षुहो ! सत्पुरुष कृतज्ञता तथा कृतवेदी हुन्छ । भिक्षुहो ! जुन कि यो कृतज्ञता तथा कृतवेदीता हो, यो केवल सत्पुरुषभूमि हो ।"

३४. "भिक्षुहो ! यी दुईप्रति सुप्रत्युपकार गरेको नहुने भन्दछु । ती दुई को को हुन् ? माता र पिता । सय वर्षसम्म एकतिर काँधमा माता अनि अर्कोतिर काँधमा पितालाई बोकेर राख्छ र उसले तिनीहरूलाई तेल लगाई दिने, मिची दिने, नुहाइ दिने तथा मालिस गरी दिने हुन्छ । तिनीहरूले मलमूत्र त्यहीं त्याग्छन् । भिक्षुहो ! त्यसरी सेवा गरेता पनि उसले माता-पिताप्रति राम्रोसँग उपकार गरेको होइन । भिक्षुहो ! यस महापृथ्वीमा रहेका अनेक सप्तरत्नद्वारा ऐश्वर्याधिपति भएको राज्यमा माता–पितालाई प्रतिष्ठित गरी दिएता पनि माता-पिताप्रति उपकार वा प्रत्युपकार गरेको हुन्न । त्यो के कारण ? भिक्षुहो ! माता-पिता भनेको पुत्रहरूप्रति बहुपकारक, हेरविचारक, पोषक र यस लोकलाई दर्शाउने हुन् । भिक्षुहो ! यदि माता-पिता अश्रद्धावान हुन् भने माता-पितालाई श्रद्धा सम्पदामा लगाउँछ, बसाउँछ तथा प्रतिष्ठित गराउँछ । दुश्शील भए शील सम्पदामा लगाउँछ, बसाउँछ तथा प्रतिष्ठित गराउँछ । कपटी भए त्याग सम्पदामा लगाउँछ, बसाउँछ तथा प्रतिष्ठित गराउँछ । मूर्ख भए प्रज्ञा सम्पदामा लगाउँछ, बसाउँछ तथा प्रतिष्ठित गराउँछ । भिक्षुहो ! यसो गर्दा माता-पिताप्रति उपकार तथा सुप्रत्युपकार गरेको हुन्छ ।"

३५. त्यसबेला कोही एक ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग प्रसन्न भई कुरा गरे । प्रसन्न भई सारणीय कुरा... । एक ठाउँमा बसेपछि ती ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम तपाई कुन वादी तथा कुन मतको हुनुहुन्छ ?" "ब्राह्मण ! म क्रियावादी पनि अक्रियावादी पनि हुँ ।" "भो गोतम ! तपाई कसरी क्रियावादी पनि अक्रियावादी पनि हुनुहुन्छ ?"

"ब्राह्मण ! म अक्रियावादी भनी यसरी भन्दछु– शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र तथा अनेक प्रकारका पाप तथा अकुशल धर्म नगर्नु । म क्रियावदी भनी यसरी भन्दछु– शारीरिक सुचरित्र, वाचसिक सुचरित्र



Downloaded from http://dhamma.digital

र मानसिक सुचरित्र तथा अनेक प्रकारका कुशल धर्म गर्नु । ब्राह्मण ! म यसरी क्रियावादी र अक्रियावादी हुँ ।"

"अति सुन्दर, भो गोतम ! ... आजदेखि प्राण रहुञ्जेलसम्म म भगवान गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

३६ "त्यसबेला अनाथपिण्डिक गृहपति, जहाँ भगवान हुनुहुन्थ्यो, त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका अनाथपिण्डिक गृहपतिले भगवानलाई यसरी भने– "भन्ते ! लोकमा कतिप्रकारका दक्षिणेय (दान दिन योग्य) हुन्छन् अनि कसलाई दान दिनुपर्छ ?" "गृहपति ! लोकमा दुईप्रकारका दक्षिणेय हुन्छन्– शैक्ष र अशैक्ष । गृहपति ! लोकमा यी नै दुई प्रकारका दक्षिणेय हुन्, यिनीहरूलाई नै दान दिनुपर्छ ।"

भगवानले यसरी भन्नुभएपछि पुनः सुगतले यसो भन्नुभयो–

**"सेखो असेखो च इमस्मिं लोके, आहुनेय्या यजमानानं होन्ति ।**
**ते उज्जुभूता कायेन, वाचाय उद चेतसा ।**
**खेत्तं तं यजमानानं, एत्थ दिन्नं पहप्फल"न्ति ॥**

अर्थात, "यस लोकमा शैक्ष र अशैक्ष छन्, यजमानको निम्ति आव्हान गर्न योग्य हुन् । यिनीहरूका शरीर, वचन र मन ऋजुभूत छन् । जजमानको निम्ति त्यो खेत हो जहाँ दान दिंदा महाफल हुन्छ ।"

३७ मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान सारिपुत्त सावत्थिस्थित मिगार-माताको प्रासाद पूब्बाराममा बस्नुहुन्थ्यो । त्यस बेला आयुष्मान सारिपुत्तले भिक्षुहरू आमन्त्रण गर्नुभयो– "आवुस, भिक्षुहो !" "आवुस !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो– "व्यक्तिको स्वकीय संयोजन र बाह्य संयोजन विषय धर्म देशना गर्छु । त्यसलाई सुन र राम्रोसँग मनमा धारण गर, भन्नेछु । "हवस् आवुस !" भनी ती भिक्षुहरूले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । आयुष्मान सारिपुत्तले यसो भन्नुभयो–

"आवुसहो ! व्यक्तिको स्वकीय संयोजन भनेको के हो ? आवुसहो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष संवरले संयमित हुन्छ अनि आचार-गोचरले सम्पन्न भई बस्दछ । अणुमात्रको दोषमा भयदर्शी हुन्छ, शिक्षापदलाई राम्रोसँग पालन गर्छ ।



Downloaded from http://dhamma.digital

ऊ पार्थिव शरीर त्यागी परम मृत्यु भई कुनै एक देव निकायमा जन्मिन्छ । ऊ त्यहाँबाट च्युत हुँदा यहीँ आउँछ । आवुसहो ! यसैलाई भनिन्छ– स्वकीय संयोजन भएका व्यक्ति । आउँदा यहीँ आउने ।

"आवुसहो ! बाह्य संयोजन भनेको के हो ? यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष संवरले संयमित हुन्छ अनि आचार-गोचरले सम्पन्न भई बस्दछ । अणुमात्रको दोषमा भयदर्शी हुन्छ, शिक्षापदलाई राम्रोसँग पालन गर्छ । ऊ अन्यतम शान्ती र चित्त विमुक्ति प्राप्त गरी बस्छ । ऊ पार्थिव शरीर त्यागी परम मृत्यु हुँदा कुनै एक देव निकायमा जन्मिन्छ । ऊ त्यहाँबाट च्युत हुँदा अनागामी हुन्छ । यहाँ नआउने हुन्छ । आवुसहो ! यसैलाई भनिन्छ– बाह्य संयोजनका अनागामी व्यक्ति तथा यहाँ नआउने ।

"अनि फेरि अर्को भिक्षु शीलवान हुन्छ... राम्रोसँग पालन गर्छ । ऊ कामरागबाट मुक्त हुन, विराग हुन र निरोध गर्न लागिरहन्छ । ऊ भवबाट मुक्त हुन, विराग हुन र निरोध गर्न लागिरहन्छ । ऊ तृष्णा क्षय गर्न लागिरहन्छ । ऊ लोभ क्षय गर्न लागिरहन्छ । ऊ पार्थिव शरीर त्यागी परम मृत्यु हुँदा कुनै एक देव निकायमा जन्मिन्छ । ऊ त्यहाँबाट च्युत हुँदा अनागामी हुन्छ तथा यहाँ नआउने हुन्छ । आवुसहो ! यसैलाई भनिन्छ– बाह्य संयोजनका अनागामी व्यक्ति तथा यहाँ नआउने ।"

अनि त अनेक समचित्त भएका देवताहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बस्नु भई ती देवताहरूले भगवानलाई यसो भने– "भन्ते ! वहाँ आयुष्मान सारिपुत्तले मिगारमाताको प्रासाद पुब्बाराममा भिक्षुहरूलाई स्वकीय संयोजन व्यक्ति र बाह्य संयोजन व्यक्तिका विषय लिएर देशना गरिदैछ । भन्ते ! परिषदरू प्रसन्न छन् । भन्ते ! जहाँ सारिपुत्त हुनुहुन्छ त्यहाँ अनुकम्पा गरी भगवान जानुभए राम्रो हुन्छ । भगवानले मौन भई स्वीकार्नु भयो । अनि भगवान– जस्तै कि, बलवान पुरुषले समेटिएको बाहुलाई पसार्दछ, पसारिएको बाहुलाई समेटि दिए जस्तैगरी जेतवनबाट अन्तर्धान हुनुभई मिगारमाताको प्रासाद पुब्बाराममा आयुष्मान सारिपुत्तको सामुन्ने प्रकट हुनुभयो । भगवान बिछ्याइ राखेको आसनमा बस्नु भयो । आयुष्मान सारिपुत्तले पनि भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नु भयो । एक ठाउँमा बस्नु भएका आयुष्मान सारिपुत्तलाई भगवानले यसो भन्नुभयो–

"सारिपुत्त ! 'यहाँ समचित्त भएका देवताहरू जहाँ म थिएँ त्यहाँ आए ।



Downloaded from http://dhamma.digital

आई मलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती देवताहरूले मलाई यसो भने– "भन्ते ! वहाँ आयुष्मान सारिपुत्तले मिगारमाताको प्रासाद पुब्बाराममा भिक्षुहरूलाई स्वकीय संयोजन व्यक्ति र बाह्य संयोजन व्यक्तिको विषय लिएर उपदेश गरिंदैछ । भन्ते ! परिषदहरू प्रसन्न छन् । भन्ते ! जहाँ सारिपुत्त हुनुहुन्छ अनुकम्पा गरी भगवान त्यहाँ जानुभए राम्रो हुन्छ । ती देवताहरू दस जना, बीसजना, तीस जना, चालीस जना, पचास जना, साठ्ठी जना भए पनि सबै सियोको टुप्पो खस्ने ठाउँ सम्ममा पनि बस्न सक्छन् र एकले अर्कोलाई बाधा पुऱ्याउँदैनन् । सारिपुत्त ! तिम्रो मनमा यस्तो हुनसक्छ कि– 'त्यहाँ ती देवताहरूले त्यस्तो चित्तको अभ्यास गरे जब कि ती देवताहरू दस, बीस, तीस, चालीस, पचास र साठ्ठी जना भए पनि सियोको टुप्पो खस्ने ठाउँ सम्ममा पनि बस्न सक्छन् र एकले अर्कोलाई बाधा नपुऱ्याई बस्ने हुन्छन् । सारिपुत्त ! तर तिमीले यस्तो विचार नगर्नु । यहीं ती देवताहरूले चित्तको अभ्यास गरे, जसमा कि ती देवताहरू दस... एकले अर्कोलाई बाधा नपुऱ्याई बस्छन् । सारिपुत्त ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– शान्तिन्द्रिय र शान्त मनको हुन्छु । सारिपुत्त ! यही नै शिक्षा लिनुपर्छ । सारिपुत्त ! शान्तिन्द्रिय र शान्त मनको भई शान्तमय शारीरिक कर्म, शान्तमय वाचसिक कर्म र शान्तमय मानसिक कर्मको हुन्छु । शान्तमय व्यवहारको भई सब्रह्मचारीप्रति व्यवहार गर्नेछु । सारिपुत्त ! यही शिक्षा लिनुपर्छ । सारिपुत्त ! अन्य तैर्थिक परिव्राजकहरूले यो धर्म पर्याय सुन्न नपाउँदा उनीहरूलाई हानि भयो ।' "

३८. मैले यस्तो सुनें– एक समय आयुष्मान महाकच्चान भद्दसार तीरको वरणमा बस्नुहुन्थ्यो । त्यस समय आरामदण्ड ब्राह्मण जहाँ आयुष्मान महाकच्चान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान महाकच्चानसँग प्रसन्न भई कुरा गरे । प्रसन्न भई सारणीय कुरा गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आराम-दण्ड ब्राह्मणले आयुष्मान महाकच्चानलाई यसो भने– "भो कच्चान ! कुन कारणले वा कुन विषयले गर्दा जहाँ कि, क्षेत्रियहरू क्षेत्रियसँग विवाद गर्छन्, ब्राह्मणहरू ब्राह्मणसँग विवाद गर्छन् अनि गृहपतिहरू गृहपतिसँग विवाद गर्छन् ?" "ब्राह्मण ! कामरागप्रति आसक्ती, जालमा फस्दा, किचडमा धसिंदा र खाल्डोमा खस्दा नै क्षेत्रियहरू क्षेत्रियसँग विवाद गर्छन्, ब्राह्मणहरू ब्राह्मणसँग विवाद गर्छन् अनि गृहपतिहरू गृहपतिसँग विवाद गर्छन् ।"

"भो कच्चान ! कुन कारणले वा कुन विषयले गर्दा श्रमणहरू पनि श्रमणसँग विवाद गर्छन् ?" "ब्राह्मण ! दृष्टि (आ-आफ्नो धर्मको विशेष मत) मा आसक्ती, जालमा फस्दा, किचडमा धसिंदा र खाल्डोमा खस्दा नै श्रमणहरू श्रमणसँग विवाद गर्छन् ।"

Downloaded from http://dhamma.digital

"भो कच्चान ! के यो लोकमा कामरागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्तिहरू छन् अनि यो दृष्टि रागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्तिहरू पनि छन् ?" "छन्, ब्राह्मण ! यो लोकमा कामरागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्तिहरू छन् अनि यो दृष्टि रागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्तिहरू पनि छन् ।"

"भो कच्चान ! लोकमा यो कामरागको आसक्ति, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्ति अनि यो दृष्टि रागको आसक्ति, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्ति को हुन् ?" "ब्राह्मण ! पूर्व दिशामा सावत्थि नाउँको नगर छ । अहिले अर्हत, सम्यकसम्बुद्ध त्यहाँ बस्नुहुन्छ । ब्राह्मण ! वहाँ भगवान नै यसप्रकारका कामरागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार लागेका व्यक्ति अनि यो दृष्टिरागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार हुनुभएको छ ।

यसरी भन्नु हुँदा आरामदण्ड ब्राह्मण आसनबाट उठी उत्तरासङ्गलाई एक काँधमा राखी दक्षिण खुट्टाले पृथ्वीमा टेकी जहाँ भगवान हुनुहुन्थ्यो त्यसतर्फ हातजोडी प्रणाम गर्दै तीनपल्ट उदान वाक्य प्रकट गरे– **"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"** (वहाँ अर्हत सम्यकसम्बुद्धलाई नमस्कार) । जुन वहाँ भगवानले यसप्रकारका कामरागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार हुनुभयो अनि दृष्टि रागको आसक्ती, बन्धन, किचड र खाल्डोबाट पार हुनुभयो ।

"अति सुन्दर, भो कच्चान ! अति सुन्दर, भो कच्चान ! जस्तो कि घोप्टो परेकोलाई उत्तानो गरिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, पथ भ्रष्ट भएकालाई मार्ग देखाई दिए झैं, अन्धकारमा तेल बत्ती बाली दिए झैं, आँखा हुनेले रूपलाई देख्न सके झैं गरी भो कच्चान ! तपाईंले अनेक धर्म प्रकाशित गर्नुभयो । यसैकारण भो कच्चान ! वहाँ गोतम भगवानको शरणमा पर्दछु, धर्म र संघको पनि । भो कच्चान ! आजदेखि प्राण रहुन्जेलसम्म शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

३९. एक समय आयुष्मान महाकच्चान मथुरास्थित गुन्दावनमा बस्नुहुन्थ्यो । त्यस समय कन्दरायण ब्राह्मण जहाँ आयुष्मान महाकच्चान हुनुहुन्थ्यो त्यहाँ गए ।... एक ठाउँमा बसेका ती कन्दारायण ब्राह्मणले आयुष्मान महाकच्चानलाई यसो भने– "भो कच्चान ! श्रमण कच्चानले ब्राह्मण, जीर्ण, वृद्ध, ज्येष्ठ र उमेर पुगेकालाई अभिवादन, सत्कार र आसनमा बस्न निमन्त्रण गर्दैन । भो कच्चान के तिमी त्यसरूपका हौ ? भो कच्चान ! ब्राह्मण, जीर्ण, वृद्ध, ज्येष्ठ र उमेर



Downloaded from http://dhamma.digital

पुगेकालाई अभिवादन, सत्कार र आसनमा बस्न निमन्त्रण नगर्नु राम्रो होइन । भो कच्चान ! तपाईंले त्यसो गर्नु राम्रो होइन ।"

"ब्राह्मण ! वहाँ भगवानले जान्नुभई, देख्नुभई अर्हत सम्यकसम्बुद्धद्वारा वृद्धभूमि र युवाभूमिको विषयमा भन्नु भएको छ । ब्राह्मण ! असी वर्ष, नब्बे वर्ष वा सय वर्षको वृद्ध भएता पनि ऊ काम-विषयको परिभोग गर्छ, कामवासनामय परिधिमा रहिरहन्छ, कामवासनामय जलनमा जलिरहन्छ, कामवासनामय वितर्कनाद्वारा नै खाइरहेको हुन्छ र कामवासनामय खोजमा उत्सुक हुन्छ भने त्यो मूर्खलाई वृद्धको सङ्ख्यामा गनिन्दैन । ब्राह्मण ! युवा, कालोकेश, श्रेष्ठ यौवनले युक्त तथा पहिलो यौवनको हुँदा पनि उसले काम-विषयको परिभोग गर्दैन, कामवासनामय परिधिमा रहँदैन, कामवासनामय खोजमा उत्सुक हुँदैन भने ती पण्डित वृद्धत्वको सङ्ख्यामा गनिन्छ ।"

यसो भन्नुहुँदा, कन्दरायण ब्राह्मण उठी एक काँधमा च्यादर राखी युवा भिक्षुहरूका पाउमा शीरले वन्दना गरे । "भन्ते ! तपाईंहरू वृद्ध हुनुहुन्छ तथा वृद्धभूमिमा स्थित हुनुहुन्छ ।"

४०. "भिक्षुहो ! जुन समय चोरहरू बलवान हुन्छन्, त्यस समय राजा दुर्बल हुन्छ । भिक्षुहो ! त्यस समय राजालाई सिमान्त देश वा जनपदमा जान-आउन अनुशासन गर्न सजिलो हुँदैन । ब्राह्मण-गृहपतिहरू पनि त्यस समय जान-आउन वा बाहिरका काम गर्न वा खोज्न सजिलो हुँदैन । भिक्षुहो ! यसरी नै जब पापी भिक्षुहरू बलवान हुन्छन्, त्यस समय सज्जन भिक्षुहरू दुर्बल हुनेछन् । भिक्षुहो ! त्यस समय सज्जन भिक्षुहरू मौन भई बस्नेछन् । मौन भई नै संघका माझमा बस्नेछन् कि त प्रत्यन्त गाउँ वा जनपदमा जानेछन् । भिक्षुहो ! त्यसो हुँदा बहुजनको निम्ति अहित, असुख, देवमनुष्य तथा धेरै जनलाई अकल्याण, अहित र दुःख हुन्छ ।

"भिक्षुहो ! जुन समय राजा बलवान हुन्छ, त्यस समय चोरहरू दुर्बल हुनेछन् । भिक्षुहो ! त्यस समय राजालाई सिमान्त देश वा जनपदमा जान-आउन अनुशासन गर्न सजिलो हुन्छ । ब्राह्मण-गृहपतिहरू पनि त्यस समय जान-आउन वा बाहिरका काम गर्न वा खोज्न सजिलो हुन्छ । भिक्षुहो ! यसरी नै जब सज्जन भिक्षुहरू बलवान हुन्छन्, त्यस समय पापी भिक्षुहरू दुर्बल हुनेछन् । भिक्षुहो ! त्यस समय पापी भिक्षुहरू मौन भई बस्छन् । मौन भई नै संघका माझमा बस्ने हुन्छन् कि त जहाँसुकै जानेछन् । भिक्षुहो ! त्यसो हुँदा बहुजनको निम्ति हित, सुख, देवमनुष्य तथा धेरै जनलाई कल्याण, हित र सुख हुन्छ ।"



Downloaded from http://dhamma.digital

४१. "भिक्षुहो ! मिथ्याचर्यामा लागेका गृहस्थ वा प्रव्रजित यी दुवैलाई मैले प्रशंसा गर्दिन । भिक्षुहो ! मिथ्यामार्गमा लागेका, मिथ्याचर्याको अभ्यास गर्दा गृहस्थ वा प्रव्रजितलाई ज्ञय कुशल धर्ममा प्रशंसित हुँदैन ।"

"भिक्षुहो ! सम्यकचर्यामा लागेका गृहस्थ वा प्रव्रजित यी दुवैलाई मैले प्रशंसा गर्दछु । भिक्षुहो ! सम्यकमार्गमा लागेका, सम्यकचर्याको अभ्यास गर्दा गृहस्थ वा प्रव्रजितलाई ज्ञय कुशल धर्ममा प्रशंसित हुन्छ ।"

४२. "भिक्षुहो ! दुर्गृहित सूत्रहरूलाई जो भिक्षुले व्यञ्जनसहित राम्रो लाग्ने गरी अर्थ र धर्म भन्दै हिँड्छ भने, भिक्षुहो ! ती भिक्षुहरूले बहुजन अहित, बहुजन असुख, देवमनुष्य तथा धेरै जनलाई अकल्याण, अहित र दुःखको निम्ति हुन्छ ।

"भिक्षुहो ! सुगृहित सूत्रहरूलाई जो भिक्षुले व्यञ्जनसहित राम्रो लाग्ने गरी अर्थ र धर्म भन्दै हिँड्छ भने, भिक्षुहो ! ती भिक्षुहरूले बहुजन हित, बहुजन सुख, देवमनुष्य तथा धेरै जनलाई कल्याण, हित र सुखको निम्ति हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## ५. परिसवग्गो

४३. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? अगम्भीर परिषद र गम्भीर परिषद । भिक्षुहो ! कस्तालाई अगम्भीर परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुहरू उद्धत (प्रचण्ड), अभिमानी, चञ्चल, वाचाल, असंयमित वचन, विस्मृतिवान, मूर्ख, असमाहित, भ्रान्त चित्त र असंयमित इन्द्रिय हुन्छ । भिक्षुहो ! यसप्रकारका परिषदलाई अगम्भीर परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई गम्भीर परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुहरू अनुद्धत (प्रचण्ड नभएका), अनभिमानी, अचञ्चल, अवाचाल, संयमित वचन, स्मृतिवान, पण्डित, समाहित, एकाग्र चित्त र संयमित इन्द्रिय हुन्छ । भिक्षुहो ! यसप्रकारका परिषदलाई गम्भीर परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– गम्भीर परिषद नै श्रेष्ठ हुन् ।"

४४. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? असंगठित परिषद र संगठित परिषद । भिक्षुहो ! कस्तालाई असंगठित परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुहरू झगडालु, कलह गर्ने, विवाद गर्ने अनि एक आपसमा शब्दरूपी शस्त्रद्वारा प्रहार गर्ने हुन्छन् । भिक्षुहो ! यस्तो परिषदलाई असंगठित परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई संगठित परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुहरू संगठित, एकमत, अविवादी, दूध-पानी जस्तै मिलेर बस्ने, परस्पर प्रिय भाव तथा प्रसन्नमय आँखाले हेर्ने हुन्छ । भिक्षुहो ! यस्तो परिषदलाई संगठित परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– संगठित परिषद नै श्रेष्ठ हुन् ।"

४५. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? अनुत्तम परिषद र उत्तम परिषद । भिक्षुहो ! कस्तालाई अनुत्तम परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका थेर भिक्षुहरू महत्वाकांक्षी, शिथिल, पहिल्यै पतन हुने, एकान्त मन नपराउने, अप्रयत्नशील, अप्राप्तिलाई प्राप्त नगर्ने, अनधिकारलाई अधिकार प्राप्त न-गर्ने, साक्षात्कार नगरेकोलाई साक्षात्कार नगर्ने अनि तिनीहरूका पछि लाग्ने तथा अनुयायीहरूले पनि देखासिकी गर्ने हुन्छन् । तिनीहरू पनि महत्वाकांक्षी, शिथिल, पहिल्यै पतन हुने, एकान्त मन नपराउने, अप्रयत्नशील, अप्राप्तिलाई प्राप्त नगर्ने,



Downloaded from http://dhamma.digital

अनधिकारलाई अधिकार प्राप्त नगर्ने र साक्षात्कार नगरेकोलाई साक्षात्कार नगर्ने हुन्छन् । भिक्षुहो ! यसप्रकारका भिक्षुलाई नै अनुत्तम परिषद भनिन्छ ।

भिक्षुहो ! कस्तालाई उत्तम परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका थेर भिक्षुहरू अमहत्वाकांक्षी, अशिथिल, पहिल्यै पतन नहुने, एकान्त मन पराउने, प्रयत्नशील, अप्राप्तिलाई प्राप्त गर्ने, अनधिकारलाई अधिकार प्राप्त गर्ने र साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्ने हुन्छन् । तिनीहरूका पछि लाग्ने तथा अनुयायीहरूले पनि देखासिकी गर्ने हुन्छन् । तिनीहरू पनि अमहत्वाकांक्षी, अशिथिल, पहिल्यै पतन नहुने, एकान्त मन पराउने, प्रयत्नशील, अप्राप्तिलाई प्राप्त गर्ने, अनधिकारलाई अधिकार प्राप्त गर्ने, साक्षात्कार नगरेकोलाई साक्षात्कार गर्ने हुन्छन् । भिक्षुहो ! यसप्रकारका भिक्षुलाई नै उत्तम परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– उत्तम परिषद नै श्रेष्ठ हुन् ।"

४६. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? अनार्य परिषद र आर्य परिषद । भिक्षुहो ! कस्तालाई अनार्य परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुले 'यो दु:ख हो' भनी यथार्थ जानेको हुँदैन, 'यो दु:ख समुदय हो' भनी यथार्थ जानेको हुँदैन, 'यो दु:ख निरोध हो' भनी यथार्थ जानेको हुँदैन अनि 'यो दु:ख निरोध हुने मार्ग हो' भनी यथार्थ जानेको हुँदैन । भिक्षुहो ! यसप्रकारका परिषदलाई नै अनार्य परिषद भनिन्छ ।

भिक्षुहो ! कस्तालाई आर्य परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुले 'यो दु:ख हो' भनी यथार्थ जानेको हुन्छ, 'यो दु:ख समुदय हो' भनी यथार्थ जानेको हुन्छ, 'यो दु:ख निरोध हो' भनी यथार्थ जानेको हुन्छ अनि 'यो दु:ख निरोध हुने मार्ग हो' भनी यथार्थ जानेको हुन्छ । भिक्षुहो ! यसप्रकारका परिषदलाई नै आर्य परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– आर्य परिषद नै श्रेष्ठ हुन् ।"

४७. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? निस्सार परिषद र सारवान परिषद । भिक्षुहो ! कस्तालाई निस्सार परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदका भिक्षुहरू छन्दागति (इच्छा वा लोभको वशमा पर्ने), द्वेषागति (शत्रुताको भावलिई बस्ने), मोहागति (मोहको वशमा पर्ने) र भयागति (भयको वशमा पर्ने) हुन्छन् । भिक्षुहो ! यसप्रकारका परिषदलाई निस्सार परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई सारवान परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन



Downloaded from http://dhamma.digital

परिषदका भिक्षुहरू छन्दागतिमा नलाग्ने, द्वेषागतिमा नलाग्ने, मोहागतिमा नलाग्ने र भयागतिमा नलाग्ने हुन्छन् । भिक्षुहो ! यसप्रकारका परिषदलाई सारवान परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– सारवान परिषद नै श्रेष्ठ हुन् ।"

४८. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? दुर्विनित तथा प्रश्नोत्तर नगरी अविनीत भएका परिषद अनि प्रश्नोत्तर गरी सुविनीत भएका परिषद । भिक्षुहो ! कस्तालाई दुर्विनीत तथा प्रश्नोत्तर नगरी अविनीत भएका परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा तथागतद्वारा भन्नु भएका जुन गम्भीर तथा गम्भीर अर्थ भएका सूत्तहरू, लोकोत्तर र शुन्यताले युक्त भएका ती शब्दलाई सुनाउँदा भिक्षुहरूले सुन्न चाहँदैनन्, कान लाउँदैनन्, बुझ्नलाई चित्त लाउँदैनन्, न त धर्मलाई ग्रहण गर्ने हुन्छन्, न त राम्रोसँग अध्ययन गर्नुपर्छ भन्ने ठान्दछन् । तर कविद्वारा रचित काव्य सूत्रहरू विचित्र अक्षर र व्यञ्जन भएका अन्य श्रावक (अन्य धर्मका शिष्य) द्वारा भनेका भनाइलाई सुन्ने हुन्छन् । कान लाउँछन्, बुझ्नलाई चित्त लाउँछन्, धर्म ग्रहण गर्ने हुन्छन् अनि राम्रोसँग अध्ययन गर्नुपर्छ भन्ने ठान्दछन् । तिनीहरूको त्यस धर्मलाई भने राम्रोसँग अध्ययन गरी एक अर्कासँग प्रश्नोत्तर गर्दैनन् । न त त्यस्तो कुनै विवरण खोज्दछन् 'यो भनेको के हो र यसको अर्थ के हो ?' तिनीहरूले अविवरणलाई विवरण गर्दैनन्, अस्पष्टलाई स्पष्ट पार्दैनन्, सन्देहास्पद धर्मलाई सन्देहास्पदबाट मुक्त गराउँदैनन् । भिक्षुहो ! यसप्रकारका परिषदलाई दुर्विनित तथा प्रश्नोत्तर नगरी अविनित भएका परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई विनीत तथा प्रश्नोत्तर गरी सुविनीत भएका परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरूले कविद्वारा रचित काव्य, सूत्रहरू, विचित्र अक्षर र व्यञ्जन भएका, अन्य श्रावकद्वारा भनेकोलाई सुन्ने हुँदैनन्, कान लाउँदैनन् र बुझ्नको निम्ति मन लाउँदैनन् । त्यस धर्मलाई ग्रहण गर्दैनन् अनि राम्रोसँग अध्ययन गर्नुपर्छ भन्ने ठान्दैनन् । तर तथागतद्वारा भाषित जुन सूत्रहरू गम्भीर छन्, गम्भीर अर्थका हुन्छन्, लोकत्तर र शुन्यताले युक्त भएका ती शब्दहरूलाई सुनाउँदा सुन्न चाहन्छन्, कान लाउँछन्, बुझ्नलाई चित्त लाउँछन्, त्यसप्रकारका धर्मलाई ग्रहण गर्नुपर्छ अनि राम्रोसँग अध्ययन गर्नुपर्छ भन्ने ठान्दछन् । तिनीहरूले त्यस धर्मलाई राम्रोसँग अध्ययन गरी एक अर्कासँग प्रश्नोत्तर गर्दछन्, विवरण खोज्दछन्, 'यो भनेको के हो र यसको अर्थ के हो ?' यसरी विवरण नभएकोलाई विवरण गरिदिन्छन्, अस्पष्टलाई स्पष्ट गरिदिन्छन्, अनेकौं शंकास्पद धर्मलाई शंका निवारण गरिदिन्छन् । भिक्षुहो ! यसप्रकारका परिषदलाई विनीत तथा प्रश्नोत्तर गरी सुविनीत भएको परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुईप्रकारका



Downloaded from http://dhamma.digital

परिषद हुन् । यी दुई परिषद मध्ये जुन कि यो– विनीत तथा प्रश्नोत्तर गरी सुविनीत परिषद नै श्रेष्ठ हुन् ।"

४९. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? भौतिक-लाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने अनि सद्धर्मलाई महत्व दिने तर भौतिक पदार्थलाई महत्व नदिने । भिक्षुहो ! कस्ता परिषदलाई भौतिक महत्व दिने तर सद्धर्मलाई महत्व नदिने भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरूले श्वेतवस्त्र धारी गृहस्थका सम्मुखमा एक अर्कालाई यसरी वर्णन गर्दछन्–'फलानो भिक्षु त दुवै भागबाट मुक्त छन्, फलानो प्रज्ञाविमुक्त छन्, फलानो काय साक्षी छन्, फलानो दृष्टि प्राप्त छन्, फलानो श्रद्धाविमुक्त छन्, फलानो धर्मपरायण छन्, फलानो श्रद्धायुक्त छन्, फलानो शीलवान छन्, फलानो दुश्शील तथा अधर्मी छन् ।' तिनीहरू उनीहरूबाट लाभान्वित हुन्छन् । भिक्षुहो ! तिनीहरू त्यस लाभमा लाभान्वित भई, त्यसमा ग्रसित भई, मूर्छित भई, डुबी, दुष्परिणाम- दर्शी नभई अनि प्रज्ञाले राम्रोसँग पर्यवेक्षण नगरी परिभोग गर्दछन् । यस्तालाई नै भौतिक पदार्थलाई महत्व दिने तर सद्धर्मलाई महत्व नदिने परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्ता परिषदलाई भौतिक महत्व नदिने तर सद्धर्मलाई महत्व दिने भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरूले श्वेतवस्त्र धारी गृहस्थका सम्मुखमा एक अर्कालाई यसरी वर्णन गर्दैनन्– 'फलानो भिक्षु त दुवै भागबाट मुक्त छन्, फलानो प्रज्ञाविमुक्त छन्, फलानो काय साक्षी छन्, फलानो दृष्टि प्राप्त छन्, फलानो श्रद्धाविमुक्त छन्, फलानो धर्मपरायण छन्, फलानो श्रद्धायुक्त छन्, फलानो शीलवान तथा कल्याणधर्मी छन् र फलानो शीलवान तथा धर्मी छन् ।' तिनीहरू उनीहरूबाट लाभान्वित हुन्छन् । भिक्षुहो ! तिनीहरू त्यस लाभमा लाभान्वित भई, त्यसमा ग्रसित नभई, मूर्छित नभई, नडुबी दुष्परिणाम-दर्शी भई अनि प्रज्ञाले राम्रोसँग पर्यवेक्षण गरी परिभोग गर्दछन् । यस्तालाई नै भौतिक पदार्थलाई महत्व नदिने तर सद्धर्मलाई महत्व दिने परिषद भनिन्छ । भिक्षुहो ! यी नै दुई परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– सद्धर्मलाई महत्व दिने परिषद नै श्रेष्ठ हुन् ।"

५०. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? विषमपरिषद र समपरिषद । भिक्षुहो ! कस्तालाई विषम परिषद भनिन्छ ? भिक्षुहो ! जुन परिषदमा अधार्मिक कार्य हुन्छ, धार्मिक कार्य हुँदैन, अविनय कार्य हुन्छ विनय कार्य हुँदैन, अधार्मिक कर्म देखिन्छ, धार्मिक कर्म देखिँदैन, अनि अविनय कर्म देखिन्छ तर विनय कर्म देखिँदैन । भिक्षुहो ! यस्तो परिषदलाई विषम परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई समपरिषद भनिन्छ ? भिक्षुहो ! जुन परिषदमा धार्मिक



Downloaded from http://dhamma.digital

कार्य हुन्छ अधार्मिक कार्य हुँदैन, विनय कार्य हुन्छ अविनय कार्य हुँदैन, धार्मिक कर्म देखिन्छ अधार्मिक कर्म देखिदैन अनि विनय कर्म देखिन्छ तर अविनय कर्म देखिदैन । भिक्षुहो ! यस्ता परिषदलाई समपरिषद भनिन्छ । भिक्षुहो ! यी नै दुई परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– समपरिषद नै श्रेष्ठ हुन् ।"

५१. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? अधार्मिकपरिषद र धार्मिकपरिषद... भिक्षुहो ! यी नै दुई परिषद हुन् । यी दुई परिषद मध्ये जुन कि यो– धार्मिक परिषद नै श्रेष्ठ हुन् ।"

५२. "भिक्षुहो ! यी दुई परिषद हुन् । ती दुई को को हुन् ? अधर्मवादी परिषद र धर्मवादीपरिषद । भिक्षुहो ! कस्तालाई अधर्मवादी परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरूले धार्मिक तथा अधार्मिक विवाद ल्याउँछन् । तिनीहरूले त्यस विवाद ल्याउँदा एक आपसमा जनाउँदैनन्, न त जनाउन एकत्रित हुन्छन्, न त एक आपसमा प्रकट गर्छन् अनि न त प्रकट गर्नलाई एकत्रित हुन्छन् । तिनीहरू ठोकुवा गर्न नसक्ने, प्रकट गर्न नसक्ने, पक्ष विशेषलाई ग्रहण गर्ने, त्यही विवादलाई दृढतासहित ग्रहण गर्ने, हातमा लिने अनि आसक्त भई व्यवहारमा ल्याउँछन् र 'मूर्खले ठान्दछन् कि यही नै साँचो हो ।' भिक्षुहो ! यस्तालाई अधर्मवादी परिषद भनिन्छ ।

"भिक्षुहो ! कस्तालाई धर्मवादीपरिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरूले धार्मिक तथा अधार्मिक विवाद ल्याउँछन् । तिनीहरूले त्यस विवाद ल्याउँदा एक आपसमा जनाउँछन्, जनाउन एकत्रित हुन्छन्, एक आपसमा प्रकट गर्छन् अनि प्रकट गर्नलाई एकत्रित हुन्छन् । तिनीहरू ठोकुवा गर्न सक्छन्, प्रकट गर्न सक्छन्, पक्ष विशेषलाई ग्रहण नगर्ने हुन्छन्, न त त्यही विवादलाई दृढ गरी ग्रहण गर्ने हुन्छन्, न त हातमा लिने हुन्छन् तथा न त आसक्त भई व्यवहारमा ल्याउँछन् र न त 'मूर्खले जस्तै यही नै साँचो हो' भनी ठान्छन् । भिक्षुहो ! यस्तालाई नै धर्मवादीपरिषद भनिन्छ । भिक्षुहो ! यी नै दुई परिषद हुन् । भिक्षुहो ! यी दुई परिषद मध्ये जुन कि यो– धर्मवादीपरिषद नै श्रेष्ठ हुन् ।"

Downloaded from http://dhamma.digital

# २. दुतियपण्णासकं

## (६) १. पुग्गलवग्गो

५३. "भिक्षुहो ! यी दुई व्यक्ति बहुजन हित, बहुजन सुख र धेरै नै जनका निम्ति तथा देव-मनुष्यका निम्ति कल्याण गर्न, हित गर्न अनि सुख दिनको निम्ति उत्पन्न हुने गर्छन् वा उत्पन्न हुनेछन् । ती दुई को को हुन् ? तथागत अर्हत, सम्यकसम्बुद्ध र चक्रवर्ती राजा । भिक्षुहो ! यी नै दुई व्यक्ति बहुजन हित, बहुजन सुख र धेरै नै जनका निम्ति तथा देव-मनुष्यका निम्ति कल्याण गर्न, हित गर्न अनि सुख दिनको निम्ति उत्पन्न हुने गर्छन् वा उत्पन्न हुनेछन् ।"

५४. "भिक्षुहो ! यी दुई व्यक्ति आश्चर्यजनक मनुष्य उत्पन्न हुने गर्छन्, वा उत्पन्न हुनेछन् । ती दुई को को हुन् ? तथागत अर्हत सम्यकसम्बुद्ध र चक्रवर्ती राजा । भिक्षुहो ! यी नै दुई आश्चर्यजनक मनुष्य उत्पन्न हुने गर्छन्, वा उत्पन्न हुनेछन् ।"

५५. "भिक्षुहो ! यी दुई व्यक्तिको मृत्यु हुँदा धेरै जनका निम्ति अनुताप हुन्छ । ती दुई को को हुन् ? तथागत अर्हत सम्यकसम्बुद्ध र चक्रवर्ती राजा । यी नै दुई व्यक्तिको मृत्यु हुँदा धेरै जनका निम्ति अनुताप हुन्छ ।"

५६. "भिक्षुहो ! यी दुई व्यक्तिका स्तूप बनाउन योग्य छन् । ती दुई को को हुन् ? तथागत अर्हत सम्यकसम्बुद्ध र चक्रवर्ती राजा । भिक्षुहो ! यी नै दुई व्यक्तिका स्तूप बनाउन योग्य छन् ।"

५७. "भिक्षुहो ! यी दुई बुद्ध हुन्छन् । ती दुई को को हुन् ? तथागत अर्हत सम्यकसम्बुद्ध र प्रत्येक बुद्ध । भिक्षुहो ! यी नै दुई बुद्ध हुन्छन् ।"

५८. "भिक्षुहो ! यी दुई बिजुली चम्किंदा तर्सिंदैनन् । ती दुई को को हुन् ? क्षीणाश्रव (आश्रव, आशा वा इच्छारहित) भिक्षु र श्रेष्ठ हात्ती । भिक्षुहो ! यी नै दुई बिजुली चम्किंदा तर्सिंदैनन् ।"

५९. "भिक्षुहो ! यी दुई बिजुली चम्किंदा तर्सिंदैनन् । ती दुई को को हुन् ? क्षीणाश्रव भिक्षु र श्रेष्ठ घोडा । भिक्षुहो ! यी नै दुई बिजुली चम्किंदा तर्सिंदैनन् ।"



Downloaded from http://dhamma.digital

६०. "भिक्षुहो ! यी दुई बिजुली चम्किंदा तर्सिंदैनन् । ती दुई को को हुन् ? क्षीणाश्रव भिक्षु र श्रेष्ठ मृगराज सिंह । भिक्षुहो ! यी नै दुई बिजुली चम्किंदा तर्सिंदैनन् ।"

६१. "भिक्षुहो ! यी दुई कारण राम्रोसँग देख्नाले किन्नरले मनुष्यका बोली बोल्दैनन् । ती दुई के के हुन् ? झूटो बोल्न नपरोस् र अरूलाई मिथ्या आरोप लाउन नपरोस् । भिक्षुहो ! यी नै दुई कारण राम्रोसँग देख्नाले किन्नरले मनुष्यका बोली बोल्दैनन् ।"

६२. "भिक्षुहो ! यी दुई विषयमा अतृप्त र असन्तुष्ट भई स्त्रीको मृत्यु हुन्छ । ती दुई के के हुन् ? मैथुन सेवन र सन्तानोत्पत्ति । "भिक्षुहो ! यी नै दुई विषयमा अतृप्त र असन्तुष्ट भई स्त्रीको मृत्यु हुन्छ ।"

६३. "भिक्षुहो ! असन्तसँगको सहवास र सन्तसँगको सहवासको देशना गर्छु । त्यसलाई सुन, राम्रोसँग मनमा धारण गर; भन्नेछु । "हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो--

"भिक्षुहो ! असन्तसँगको सहवास कसरी हुन्छ तथा असन्तसँग कसरी बस्दछन् ? भिक्षुहो ! यहाँ स्थविर भिक्षुले यस्तो विचार गर्छ– 'स्थविरले पनि मलाई केही नभनोस्, मध्यमले पनि मलाई केही नभनोस् र नौलोले पनि मलाई केही नभनोस् । मैले पनि स्थविरलाई केही भन्ने छैन, मध्यमलाई पनि केही भन्ने छैन अनि नौलोलाई पनि केही भन्ने छैन । स्थविरले पनि मलाई अहितानुकम्पी भई भन्नेछन् तथा हितानुकम्पी भई भन्ने छैन । मैले अपराध गरेको देखेता पनि भने जस्तो गर्दिन । अहँ, गर्दिन भनी सताउँछु । भिक्षुहो ! मध्यम भिक्षुलाई पनि यस्तो हुन्छ... । भिक्षुहो ! यहाँ नौलो भिक्षुले पनि यस्तो विचार गर्छ– 'स्थविरले पनि मलाई केही नभनोस्, मध्यमले पनि मलाई केही नभनोस् र नौलोले पनि मलाई केही नभनोस् । मैले पनि स्थविरलाई केही भन्ने छैन, मध्यमलाई पनि केही भन्ने छैन अनि नौलोलाई पनि केही भन्ने छैन । स्थविरले पनि मलाई अहितानुकम्पी भई भन्नेछन् तथा हितानुकम्पी भई भन्ने छैन । मैले अपराध गरेको देखेतापनि भने जस्तो गर्दिन । भिक्षुहो ! असन्तसँगको सहवास यस्तै हुन्छ तथा यसरी नै असन्तसँग बस्दछन् ।

"भिक्षुहो ! सन्तसँगको सहवास कसरी हुन्छ तथा सन्तसँग कसरी बस्दछन् ? भिक्षुहो ! यहाँ स्थविर भिक्षुले यस्तो विचार गर्छ– 'स्थविरले पनि मलाई भने हुन्छ, मध्यमले पनि मलाई भने हुन्छ र नौलोले पनि मलाई भने हुन्छ ।



Downloaded from http://dhamma.digital

मैले पनि स्थविरलाई भन्ने छु, मध्यमलाई पनि भन्ने छु अनि नौलोलाई पनि भन्ने छु। स्थविरले मलाई हितानुकम्पी भई भनोस् तथा अहितानुकम्पी भई नभने हुन्छ। मैले अपराध गरेको देखेको भए भने जस्तो गर्नेछु। "ठीक छ" भनोस्, सताउँदिन। भिक्षुहो ! मध्यम भिक्षुलाई पनि यस्तो हुन्छ... । भिक्षुहो ! यहाँ नौलो भिक्षुले पनि यस्तो विचार गर्छ– 'स्थविरले पनि मलाई भने हुन्छ, मध्यमले पनि मलाई भने हुन्छ र नौलोले पनि मलाई भने हुन्छ। मैले पनि स्थविरलाई भन्ने छु, मध्यमलाई पनि भन्ने छु अनि नौलोलाई पनि भन्ने छु। स्थविरले मलाई हितानुकम्पी भई भनोस् तथा अहितानुकम्पी भई नभने हुन्छ। मैले अपराध गरेको देखेमा भने जस्तो गर्नेछु। "ठीक छ" भनोस्, सताउँदिन। भिक्षुहो ! सन्तसँगको सहवास यस्तै हुन्छ तथा यसरी नै सन्तसँग बस्दछन्।"

६४. "जुन विवादमा दुवै पक्षबाट एकले अर्कालाई आक्रोश र प्रत्याक्रोशका वचन प्रयोग गरिरहन्छन्, दृष्टिको कारणले हुने ईर्ष्या, चित्तद्वारा पुऱ्याउने कोप, असन्तुष्टी र क्रोधले गर्दा आफूलाई अशान्त पार्छ। त्यसो हुँदा यो आशागर्न सकिन्छ। दीर्घकालसम्म कठोर वचन बोल्नुपर्ने अनि मारपिट गर्नुपर्ने भई नै रहनेछ। भिक्षुहरू आरामपूर्वक बस्न पाउने छैन।

"भिक्षुहो ! जुन विवादमा एकले अर्कालाई आक्रोश र प्रत्याक्रोशका वचन प्रयोग गरिरहँदैन, दृष्टिको कारणले हुने ईर्ष्या, चित्तद्वारा पुऱ्याउने कोप, असन्तुष्टी र क्रोधले गर्दा आफूलाई अशान्त हुँदा राम्रोसँग शान्त पार्छ। त्यसो हुँदा यो आशा गर्न सकिन्छ– 'दीर्घकालसम्म कठोर वचन बोल्नुपर्ने अनि मारपिट गर्नुपर्ने हुँदैन। भिक्षुहरू आरामपूर्वक बस्न पाउने छन्।"

Downloaded from http://dhamma.digital

## (७) २. सुखवग्गो

६५. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? गृही सुख र प्रव्रजित सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– प्रव्रजित सुख नै श्रेष्ठ हो ।"

६६. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? काम सुख र नैष्क्रम्य सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो–नैष्क्रम्य सुख नै श्रेष्ठ हो ।"

६७. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? लौकिक सुख र लोकोत्तर सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– लोकोत्तर सुख नै श्रेष्ठ हो ।"

६८. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? आश्रव सुख र अनाश्रव सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– अनाश्रव सुख नै श्रेष्ठ हो ।"

६९. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? भौतिक सुख र अभौतिक सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– अभौतिक सुख नै श्रेष्ठ हो ।"

७०. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? आर्य सुख र अनार्य सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– आर्य सुख नै श्रेष्ठ हो ।"

७१. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? शारीरिक सुख र मानसिक सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– मानसिक सुख नै श्रेष्ठ हो ।"

७२. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? प्रीति सुख र प्रीतिविरत सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– प्रीतिविरत सुख नै श्रेष्ठ हो ।"



Downloaded from http://dhamma.digital

७३. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? आस्वाद सुख र उपेक्षा सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– उपेक्षा सुख नै श्रेष्ठ हो ।"

७४. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? समाधि सुख र असमाधि सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– समाधि सुख नै श्रेष्ठ हो ।"

७५. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? सप्रीति आरम्मण सुख र प्रीतिविरत सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– प्रीतिविरत सुख नै श्रेष्ठ हो ।"

७६. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? आस्वाद आरम्मण सुख र उपेक्षा आरम्मण सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– उपेक्षा आरम्मण सुख नै श्रेष्ठ हो ।"

७७. "भिक्षुहो ! यी दुई सुख हुन् । ती दुई के के हुन् ? रूप आरम्मण सुख र अरूप आरम्मण सुख । भिक्षुहो ! यी नै दुई सुख हुन् । भिक्षुहो ! यी दुई सुख मध्ये जुन कि यो– अरूप आरम्मण सुख नै श्रेष्ठ हो ।"

Downloaded from http://dhamma.digital

## (८) ३. सनिमित्तवग्गो

७८. "भिक्षुहो ! पापमय अकुशल धर्महरू निमित्त हुनाले नै उत्पन्न हुन्छन् बिना निमित्त होइन । त्यही निमित्त परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

७९. "भिक्षुहो ! पापमय अकुशल धर्महरू निदानसहित नै उत्पन्न हुन्छन् बिना निदान होइन । त्यही निदान परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८०. "भिक्षुहो ! पापमय अकुशल धर्महरू कारण हुनाले नै उत्पन्न हुन्छन् बिना कारण होइन । त्यही कारण परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८१. "भिक्षुहो ! पापमय अकुशल धर्महरू संस्कारसहित नै उत्पन्न हुन्छन् बिना संस्कार होइन । त्यही संस्कार परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८२. "भिक्षुहो ! पापमय अकुशल धर्महरू विषय हुनाले नै उत्पन्न हुन्छन् बिना विषय होइन । त्यही विषय परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८३. "भिक्षुहो ! पापमय अकुशल धर्महरू रूपसहित नै उत्पन्न हुन्छन् अरूप हुँदा होइन । त्यही रूप परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८४. "भिक्षुहो ! पापमय अकुशल धर्महरू वेदनाद्वारा नै उत्पन्न हुन्छन् बिना वेदना होइन । त्यही वेदना परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८५. "भिक्षुहो ! पापमय अकुशल धर्महरू संज्ञाद्वारा नै उत्पन्न हुन्छन् बिना संज्ञा होइन । त्यही संज्ञा परित्याग गर्दा यस्ता पापमय अकुशलधर्महरू उत्पन्न हुँदैनन् ।"



Downloaded from http://dhamma.digital

८६. "भिक्षुहो ! पापमय अकुशल धर्महरू विज्ञानद्वारा नै उत्पन्न हुन्छन् बिना विज्ञान होइन । त्यही विज्ञान परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

८७. "भिक्षुहो ! पापमय अकुशल धर्महरू संस्कारद्वारा नै उत्पन्न हुन्छन् बिना संस्कार होइन । त्यही संस्कार परित्याग गर्दा यस्ता पापमय अकुशल धर्महरू उत्पन्न हुँदैनन् ।"

## (९) ४. धम्मवग्गो

८८. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? चित्त विमुक्ति र प्रज्ञा विमुक्ति । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

८९. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? वीर्य र अचञ्चलता । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९०. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? नाम र रूप । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९१. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? विद्या र विमुक्ति । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९२. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? भव दृष्टि र विभव । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९३. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? निर्लज्जता र निर्भयता । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९४. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९५. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? दुर्वचन र पाप मित्र । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९६. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? सुवचन र कल्याण मित्र । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"



Downloaded from http://dhamma.digital

९७. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? धातु कुशलता र मनसिकार कुशलता । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

९८. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? आपत्ति कुशलता र आपत्तिउत्थान कुशलता । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

## (१०) ५. बालवग्गो

९९. "भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले अनागत भारवहन गर्छ अनि जसले आगत भारवहन गर्दैन । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।"

१००. "भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले अनागत भारवहन गर्दैन अनि जसले आगत भारवहन गर्छ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।"

१०१. "भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले अकप्पिय (गर्न नहुने ) लाई कप्पिय (गर्न हुने ) भन्ने धारणा राख्छ अनि जसले कप्पियलाई अकप्पिय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।"

१०२. "भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले अकप्पियलाई अकप्पिय भन्ने धारणा राख्छ अनि जसले कप्पियलाई कप्पिय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।"

१०३. "भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले अनापत्ति-लाई आपत्ति भन्ने धारणा राख्छ अनि जसले आपत्तिलाई अनापत्ति भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।"

१०४. "भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले अनापत्तिलाई अनापत्ति भन्ने धारणा राख्छ अनि जसले आपत्तिलाई आपत्ति भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।"

१०५. "भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले अधर्मलाई धर्म भन्ने धारणा राख्छ अनि जसले धर्मलाई अधर्म भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।"



Downloaded from http://dhamma.digital

१०६. "भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले धर्मलाई धर्म भन्ने धारणा राख्छ अनि जसले अधर्मलाई अधर्म भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।"

१०७. "भिक्षुहो ! यी दुई मूर्ख हुन् । ती दुई को को हुन् ? जसले अविनयलाई विनय भन्ने धारणा राख्छ अनि जसले विनयलाई अविनय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई मूर्ख हुन् ।"

१०८. "भिक्षुहो ! यी दुई पण्डित हुन् । ती दुई को को हुन् ? जसले अविनयलाई अविनय भन्ने धारणा राख्छ अनि जसले विनयलाई विनय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुई पण्डित हुन् ।"

१०९. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुन्छ । ती दुई के के हुन् ? जसले कौकृत्य (पश्चाताप) गर्न नपर्नेमा कौकृत्य हुन्छ अनि जसले कौकृत्य गर्न पर्नेमा कौकृत्य गर्दैन । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुन्छ ।"

११०. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुँदैन । ती दुई के के हुन् ? जसले कौकृत्य गर्न नपर्नेमा कौकृत्य गर्दैन अनि जसले कौकृत्य गर्न पर्नेमा कौकृत्य गर्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन ।"

१११. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुन्छ । ती दुई के के हुन् ? जसले अकप्पियलाई कप्पिय भन्ने धारणा राख्छ अनि जसले कप्पियलाई अकप्पिय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुन्छ ।"

११२. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुँदैन । ती दुई के के हुन् ? जसले अकप्पियलाई अकप्पिय भन्ने धारणा राख्छ अनि जसले कप्पियलाई कप्पिय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन ।"

११३. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुन्छ । ती दुई के के हुन् ? जसले आपत्तिलाई अनापत्ति भन्ने धारणा राख्छ अनि जसले अनापत्तिलाई आपत्ति भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुन्छ ।"

११४. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुँदैन । ती दुई के के हुन् ? जसले आपत्तिलाई आपत्ति भन्ने धारणा राख्छ अनि जसले अनापत्तिलाई अनापत्ति भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन ।"



Downloaded from http://dhamma.digital

११५. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुन्छ । ती दुई के के हुन् ? जसले अधर्मलाई धर्म भन्ने धारणा राख्छ अनि जसले धर्मलाई अधर्म भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुन्छ ।"

११६. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुँदैन । ती दुई के के हुन् ? जसले धर्मलाई धर्म भन्ने धारणा राख्छ अनि जसले अधर्मलाई अधर्म भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन ।"

११७. "भिक्षुहो ! यी दुईद्वारा आश्रव वृद्धि हुन्छ । ती दुई के के हुन् ? जसले अविनयलाई विनय भन्ने धारणा राख्छ अनि जसले विनयलाई अविनय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुन्छ ।"

११८. भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन । ती दुई के के हुन् ? जसले अविनयलाई अविनय भन्ने धारणा राख्छ अनि जसले विनयलाई विनय भन्ने धारणा राख्छ । भिक्षुहो ! यी नै दुईद्वारा आश्रव वृद्धि हुँदैन ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# ३. ततियपण्णासकं

## (११) १. आसादुप्पजहवग्गो

११९. "भिक्षुहो ! यी दुई आशा त्याग्न कठिन छ । ती दुई के के हुन् ? लाभको आशा र जीवनको आशा । भिक्षुहो ! यी नै दुई आशा त्याग्न कठिन छ ।"

१२०. "भिक्षुहो ! लोकमा यी दुई व्यक्ति दुर्लभ छन् । ती दुई को को हुन् ? जो कि परोपकारी र उपकारकप्रति कृतज्ञ हुने । भिक्षुहो ! यी नै दुई व्यक्ति लोकमा दुर्लभ छन् ।"

१२१. "भिक्षुहो ! लोकमा यी दुई व्यक्ति दुर्लभ छन् । ती दुई को को हुन् ? जो कि तृप्त (अर्हत) र तृप्ततम (सम्यकसम्बुद्ध) । भिक्षुहो ! यी नै दुई व्यक्ति लोकमा दुर्लभ छन् ।"

१२२. "भिक्षुहो ! दुई व्यक्तिलाई तृप्त गर्न सजिलो छैन । ती दुई को को हुन् ? जो कि लाभ भएजति सबै जम्मागर्ने अनि लाभ भएजति सबै खर्चगर्ने । भिक्षुहो ! यी नै दुई व्यक्तिलाई तृप्त गर्न सजिलो छैन ।"

१२३. "भिक्षुहो ! दुई व्यक्तिलाई तृप्त गर्न सजिलो छ । ती दुई को को हुन् ? जो कि लाभ भएजति सबै जम्मानगर्ने अनि लाभ भएजति सबै खर्चनगर्ने । भिक्षुहो ! यी नै दुई व्यक्तिलाई तृप्त गर्न सजिलो छ ।"

१२४. "भिक्षुहो ! यी दुई विषयले गर्दा राग उत्पत्ति हुन्छ । ती दुई के के हुन् ? शुभनिमित्त र गलत विचार । भिक्षुहो ! यी नै दुई विषयले राग उत्पत्ति हुन्छ ।"

१२५. "भिक्षुहो ! यी दुई विषयले द्वेष उत्पत्ति हुन्छ । ती दुई के के हुन् ? विरोधी भाव र गलत विचार । भिक्षुहो ! यी नै दुई विषयले द्वेष उत्पत्ति हुन्छ ।"

१२६. "भिक्षुहो ! यी दुई विषयले मिथ्यादृष्टि उत्पत्ति हुन्छ । ती दुई के के हुन् ? अरूबाट सद्धर्म विरोध र गलत विचार । भिक्षुहो ! यी नै दुई विषयले मिथ्यादृष्टि उत्पत्ति हुन्छ ।"



Downloaded from http://dhamma.digital

१२७. "भिक्षुहो ! यी दुई विषयले गर्दा सम्यकदृष्टि उत्पत्ति हुन्छ । ती दुई के के हुन् ? अरूबाट सद्धर्म विरोध नहुँदा र सही विचार हुँदा । भिक्षुहो ! यी नै दुई विषयले गर्दा सम्यकदृष्टि उत्पत्ति हुन्छ ।"

१२८. "भिक्षुहो ! यी दुई आपत्ति हुन् । ती दुई के के हुन् ? हलुको आपत्ति र भारी आपत्ति । भिक्षुहो ! यी नै दुई आपत्ति हुन् ।"

१२९. "भिक्षुहो ! यी दुई आपत्ति हुन् । ती दुई के के हुन् ? दुष्ठुल्ल आपत्ति र अदुष्ठुल्ल आपत्ति । भिक्षुहो ! यी नै दुई आपत्ति हुन् ।"

१३०. "भिक्षुहो ! यी दुई आपत्ति हुन् । ती दुई के के हुन् ? सावशेष आपत्ति र अनावशेष आपत्ति । भिक्षुहो ! यी नै दुई आपत्ति हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१२.) २. आयाचनवग्गो

१३१. "भिक्षुहो ! श्रद्धावान भिक्षुले कामना गर्दा सम्यकरूपले यसरी कामना गर्नुपर्छ– 'म त्यस्तो हुनसकुँ जस्तो कि सारिपुत्त र महामोग्गल्लान । भिक्षुहो ! सारिपुत्त र मोग्गल्लान मेरा श्रावक भिक्षुहरूका निम्ति तराजु तथा प्रमाण हुन् ।"

१३२. "भिक्षुहो ! श्रद्धावती भिक्षुणीले कामना गर्दा सम्यकरूपले यसरी कामना गर्नुपर्छ– 'म त्यस्तो हुनसकुँ जस्तो कि खेमा र उप्पलवण्णा । भिक्षुहो ! खेमा र उप्पलवण्णा मेरा श्राविका भिक्षुणीहरूका निम्ति तराजु तथा प्रमाण हुन् ।"

१३३. "भिक्षुहो ! श्रद्धावान उपासकले कामना गर्दा सम्यकरूपले यसरी कामना गर्नुपर्छ– 'म त्यस्तो हुनसकुँ जस्तो कि चित्त गृहपति र हत्थकआलवक । भिक्षुहो ! चित्त गृहपति र हत्थकआलवक मेरा श्रावक उपासकहरूका निम्ति तराजु तथा प्रमाण हुन् ।"

१३४. "भिक्षुहो ! श्रद्धावति उपासिकाले कामना गर्दा सम्यकरूपले यसरी कामना गर्नुपर्छ– 'म त्यस्तो हुनसकुँ जस्तो कि खुज्जुत्तरा उपासिका र बेलुकन्दकि नन्दमाता । भिक्षुहो ! खुज्जुत्तरा उपासिका र बेलुकन्दकि नन्दमाता मेरा उपासिकाहरूका निम्ति तराजु तथा प्रमाण हुन् ।"

१३५. "भिक्षुहो ! यी दुई कारणले युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई विनाश गर्ने, हानि पुऱ्याउने, दोषी र विज्ञजनद्वारा निन्दनीय हुन्छन् अनि धेरै नै अपुण्यका भागी हुन्छन् । ती दुई के के हुन् ? नजानी-नबुझी गुणवानको अवगुण भन्दछन् अनि अवगुणीको गुण बखान गर्दछन् । भिक्षुहो ! यी नै दुई कारणले युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई विनाश गर्ने, हानि पुऱ्याउने दोषी र विज्ञजनद्वारा निन्दनीय अनि धेरै नै अपुण्यका भागी हुन्छन् ।

"भिक्षुहो ! यी दुई कारणले युक्त पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई विनाश नगर्ने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा अनिन्दनीय हुन्छन् अनि धेरै नै पुण्यका भागी हुन्छन् । ती दुई के के हुन् ? जानी-बुझी अवगुणीको अवगुण भन्दछन् अनि गुणवानको गुण बखान गर्दछन् । भिक्षुहो ! यी नै दुई कारणले युक्त पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई अविनाशी, हानि नपुऱ्याउने निर्दोषी र विज्ञजनद्वारा अनिन्दनीय अनि धेरै नै पुण्यका भागी हुन्छन् ।"

१३६. "भिक्षुहो ! यी दुई कारणले युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफू-



Downloaded from http://dhamma.digital

लाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, सदोषी र विज्ञजनद्वारा निन्दनीय हुन्छन् अनि धेरै नै अपुण्यका भागी हुन्छन् । ती दुई के के हुन् ? नजानी-नबुझी श्रद्धा व्यक्त गर्न नपर्ने ठाउँमा श्रद्धा व्यक्त गर्दछन्, नजानी-नबुझी श्रद्धा गर्न पर्ने ठाउँमा अश्रद्धा व्यक्त गर्दछन् । भिक्षुहो ! यी नै दुई कारणले युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, दोषी र विज्ञजनद्वारा निन्दनीय अनि धेरै नै अपुण्यका भागी हुन्छन् ।

"भिक्षुहो ! यी दुई कारणले युक्त पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा अनिन्दनीय हुन्छन् अनि धेरै नै पुण्यका भागी हुन्छन् । ती दुई के के हुन् ? जानी-बुझी श्रद्धा व्यक्त गर्न नपर्ने ठाउँमा श्रद्धा व्यक्त गर्दैनन् अनि जानी-बुझी श्रद्धा व्यक्त गर्न पर्ने ठाउँमा श्रद्धा व्यक्त गर्दछन् । भिक्षुहो ! यी नै दुई कारणले युक्त पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा अनिन्दनीय अनि धेरै नै पुण्यका भागी हुन्छन् ।"

१३७. "भिक्षुहो ! यी दुईप्रति मिथ्याव्यवहारी मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, सदोषी र विज्ञजनद्वारा निन्दनीय हुन्छन् अनि धेरै नै अपुण्यका भागी हुन्छन् । ती दुई को को हुन् ? माता र पिताप्रति । भिक्षुहो ! यी नै दुईप्रति मिथ्याव्यवहारी मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, सदोषी र विज्ञजनद्वारा निन्दनीय हुन्छन् अनि धेरै नै अपुण्यका भागी हुन्छन् ।

"भिक्षुहो ! यी दुईप्रति सम्यकव्यवहारी पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा प्रशंसनीय हुन्छन् अनि धेरै नै पुण्यका भागी हुन्छन् । ती दुई को को हुन् ? माता र पिताप्रति । भिक्षुहो ! यी नै दुईप्रति सम्यकव्यवहारी पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा प्रशंसनीय हुन्छन् अनि धेरै नै पुण्यका भागी हुन्छन् ।"

१३८. "भिक्षुहो ! यी दुईप्रति मिथ्याव्यवहारी मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, सदोषी र विज्ञजनद्वारा निन्दनीय हुन्छन् अनि धेरै नै अपुण्यका भागी हुन्छन् । यी दुई को को हुन् ? तथागत र तथागतका श्रावकप्रति । भिक्षुहो ! यी नै दुईप्रति मिथ्याव्यवहारी मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई चोट पुऱ्याउने, हानि पुऱ्याउने, सदोषी र विज्ञजनद्वारा निन्दनीय अनि धेरै नै अपुण्यका भागी हुन्छन् ।"



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यी दुईप्रति सम्यकव्यवहारी पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा प्रशंसनीय अनि धेरै नै पुण्यका भागी हुन्छन् । ती दुई को को हुन् ? तथागत र तथागत श्रावकप्रति । भिक्षुहो ! यी नै दुईप्रति सम्यकव्यवहारी पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई चोट नपुऱ्याउने, हानि नपुऱ्याउने, निर्दोषी र विज्ञजनद्वारा प्रशंसनीय अनि धेरै नै पुण्यका भागी हुन्छन् ।"

१३९. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? चित्त परिशुद्ध गर्ने अनि लोकमा कुनै पनि (आसक्तवश) उपादान नगर्ने । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

१४०. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? क्रोध र उपनाह (वैर साँध्नु) । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

१४१. "भिक्षुहो ! यी दुई धर्म हुन् । कुन दुई ? क्रोध शान्त पार्ने र उपनाह शान्त पार्ने । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१३) ३. दानवग्गो

१४२. "भिक्षुहो ! यी दुई दान दिन योग्य हुन् । ती दुई के के हुन् ? आमिस (भौतिक) दान र धर्मदान । भिक्षुहो ! यी दुई दान दिन योग्य हुन् । भिक्षुहो ! यी दुई दान मध्ये जुन कि यो– धर्मदान नै श्रेष्ठ हो ।"

१४३. "भिक्षुहो ! यी दुई यज्ञ हुन् । ती दुई के के हुन् ? आमिसयज्ञ र धर्मयज्ञ । भिक्षुहो ! यी दुई यज्ञ हुन् । भिक्षुहो ! यी दुई यज्ञ मध्ये जुन कि यो– धर्मयज्ञ नै श्रेष्ठ हो ।"

१४४. "भिक्षुहो ! यी दुई त्याग हुन् । ती दुई के के हुन् ? आमिसत्याग र धर्मत्याग । भिक्षुहो ! यी दुई त्याग हुन् । भिक्षुहो ! यी दुई त्याग मध्ये जुन कि यो– धर्मत्याग नै श्रेष्ठ हो ।"

१४५. "भिक्षुहो ! यी दुई परित्याग हुन् । ती दुई के के हुन् ? आमिसपरित्याग र धर्मपरित्याग । भिक्षुहो ! यी दुई परित्याग हुन् । भिक्षुहो ! यी दुई परित्याग मध्ये जुन कि यो– धर्मपरित्याग नै श्रेष्ठ हो ।"

१४६. "भिक्षुहो ! यी दुई भोग हुन् । ती दुई के के हुन् ? आमिसभोग र धर्मभोग । भिक्षुहो ! यी दुई भोग हुन् । भिक्षुहो ! यी दुई भोग मध्ये जुन कि यो– धर्मभोग नै श्रेष्ठ हो ।"

१४७. "भिक्षुहो ! यी दुई परिभोग हुन् । ती दुई के के हुन् ? आमिसपरिभोग र धर्मपरिभोग । भिक्षुहो ! यी दुई परिभोग हुन् । भिक्षुहो ! यी दुई परिभोग मध्ये जुन कि यो– धर्मपरिभोग नै श्रेष्ठ हो ।"

१४८. "भिक्षुहो ! यी दुई संविभाग हुन् । ती दुई के के हुन् ? आमिससविंभाग र धर्मसंविभाग । भिक्षुहो ! यी दुई संविभाग हुन् । भिक्षुहो ! यी दुई संविभाग मध्ये जुन कि यो– धर्मसंविभाग नै श्रेष्ठ हो ।"

१४९. "भिक्षुहो ! यी दुई संग्रह हुन् । ती दुई के के हुन् ? आमिससंग्रह र धर्मसंग्रह । भिक्षुहो ! यी दुई संग्रह हुन् । भिक्षुहो ! यी दुई संग्रह मध्ये जुन कि यो– धर्मसंग्रह नै श्रेष्ठ हो ।"



Downloaded from http://dhamma.digital

१५०. "भिक्षुहो ! यी दुई अनुग्रह हुन् । ती दुई के के हुन् ? आमिसअनुग्रह र धर्मअनुग्रह । भिक्षुहो ! यी दुई अनुग्रह हुन् । भिक्षुहो ! यी दुई अनुग्रह मध्ये जुन कि यो– धर्मअनुग्रह नै श्रेष्ठ हो ।"

१५१. "भिक्षुहो ! यी दुई अनुकम्पा हुन् । ती दुई के के हुन् ? आमिस-अनुकम्पा र धर्मअनुकम्पा । भिक्षुहो ! यी दुई अनुकम्पा हुन् । भिक्षुहो ! यी दुई अनुकम्पा मध्ये जुन कि यो– धर्मअनुकम्पा नै श्रेष्ठ हो ।"

Downloaded from http://dhamma.digital

## (१४) ४. सन्थारववग्गो

१५२. "भिक्षुहो ! यी दुई आसन हुन् । ती दुई के के हुन् ? आमिसआसन र धर्मआसन । भिक्षुहो ! यी दुई आसन हुन् । भिक्षुहो ! यी दुई आसन मध्ये जुन कि यो– धर्मआसन नै श्रेष्ठ हो ।"

१५३. "भिक्षुहो ! यी दुई आदरभाव हुन् । ती दुई के के हुन् ? आमिस-आदरभाव र धर्मआदरभाव । भिक्षुहो ! यी दुई आदरभाव हुन् । भिक्षुहो ! यी दुई आदरभाव मध्ये जुन कि यो– धर्मआदरभाव नै श्रेष्ठ हो ।"

१५४. "भिक्षुहो ! यी दुई खोज हुन् । ती दुई के के हुन् ? आमिसखोज र धर्मखोज । भिक्षुहो ! यी दुई खोज हुन् । भिक्षुहो ! यी दुई खोज मध्ये जुन कि यो– धर्मखोज नै श्रेष्ठ हो ।"

१५५ "भिक्षुहो ! यी दुई पर्येवेक्षण हुन् । ती दुई के के हुन् ? आमिस-पर्येवेक्षण र धर्मपर्येवेक्षण । भिक्षुहो ! यी दुई पर्येवेक्षण हुन् । भिक्षुहो ! यी दुई पर्येवेक्षण मध्ये जुन कि यो– धर्मपर्येवेक्षण नै श्रेष्ठ हो ।"

१५६. "भिक्षुहो ! यी दुई गवेषणा हुन् । ती दुई के के हुन् ? आमिस-गवेषणा र धर्मगवेषणा । भिक्षुहो ! यी दुई गवेषणा हुन् । भिक्षुहो ! यी दुई गवेषणा मध्ये जुन कि यो– धर्मगवेषणा नै श्रेष्ठ हो ।"

१५७. "भिक्षुहो ! यी दुई पूजा हुन् । ती दुई के के हुन् ? आमिसपूजा र धर्मपूजा । भिक्षुहो ! यी दुई पूजा हुन् । भिक्षुहो ! यी दुई पूजा मध्ये जुन कि यो– धर्मपूजा नै श्रेष्ठ हो ।"

१५८. "भिक्षुहो ! यी दुई आतिथ्य हुन् । ती दुई के के हुन् ? आमिस-आतिथ्य र धर्मआतिथ्य । भिक्षुहो ! यी दुई आतिथ्य हुन् । भिक्षुहो ! यी दुई आतिथ्य मध्ये जुन कि यो– धर्मआतिथ्य नै श्रेष्ठ हो ।"

१५९. "भिक्षुहो ! यी दुई ऋद्धि हुन् । ती दुई के के हुन् ? आमिसऋद्धि र धर्मऋद्धि । भिक्षुहो ! यी दुई ऋद्धि हुन् । भिक्षुहो ! यी दुई ऋद्धि मध्ये जुन कि यो– धर्मऋद्धि नै श्रेष्ठ हो ।"

१६०. "भिक्षुहो ! यी दुई वृद्धि हुन् । ती दुई के के हुन् ? आमिस वृद्धि र



Downloaded from http://dhamma.digital

धर्मवृद्धि । भिक्षुहो ! यी दुई वृद्धि हुन् । भिक्षुहो ! यी दुई वृद्धि मध्ये जुन कि यो– धर्मवृद्धि नै श्रेष्ठ हो ।"

१६१. "भिक्षुहो ! यी दुई रत्न हुन् । ती दुई के के हुन् ? आमिसरत्न र धर्मरत्न भिक्षुहो ! यी दुई रत्न हुन् । भिक्षुहो ! यी दुई रत्न मध्ये जुन कि यो– धर्मरत्न नै श्रेष्ठ हो ।"

१६२. "भिक्षुहो ! यी दुई संग्रह हुन् । ती दुई के के हुन् ? आमिससंग्रह र धर्मसंग्रह । भिक्षुहो ! यी दुई संग्रह हुन् । भिक्षुहो ! यी दुई संग्रह मध्ये जुन कि यो– धर्मसंग्रह नै श्रेष्ठ हो ।"

१६३. "भिक्षुहो ! यी दुई विपुलता हुन् । ती दुई के के हुन् ? आमिस-विपुलता र धर्मविपुलता । भिक्षुहो ! यी दुई विपुलता हुन् । भिक्षुहो ! यी दुई विपुलता मध्ये जुन कि यो– धर्मविपुलता नै श्रेष्ठ हो ।"

Downloaded from http://dhamma.digital

## (१५) ५. समापत्तिवग्गो

१६४. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? समापत्तिकुशलता र समापत्ति उट्ठानकुशलता । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१६५. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? ऋजुपन र मृदुपन । भिक्षुहो ! यी दुई धर्म हुन् ।

१६६. "भिक्षुहो ! यी दुइ धर्म हुन् । ती दुई के के हुन् ? क्षान्ति र सुशील । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१६७ "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? प्रियवचन र धर्मानुसार आचरण । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१६८. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? अहिंसा र शुद्धता । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१६९. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? इन्द्रिय असंयमी र भोजनमा मात्राज्ञान नहुनु । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७०. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? इन्द्रिय संयम र भोजनमा मात्राज्ञान हुनु । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७१. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? प्रत्यवेक्षणबल र भावनाबल । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७२. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? स्मृतिबल र समाधिबल । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७३. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७४. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? शीलविपत्ति र दृष्टिविपत्ति । भिक्षुहो ! यी दुई धर्म हुन् ।"



Downloaded from http://dhamma.digital

१७५. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? शीलसम्पदा र दृटिसम्पदा । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७६. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? शीलविशुद्धि र दृटिविशुद्धि । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७७. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? दृष्टिविशुद्धि र यथादृटि प्रयास । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७८. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? कुशल धर्ममा असन्तुष्टी र प्रयत्नशीलता । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१७९. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? विस्मृति र अज्ञान । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

१८०. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? स्मृति र सम्प्रजन्य । भिक्षुहो ! यी दुई धर्म हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## १. कोधपेय्यालं

१८१. " "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? क्रोध र इबी...म्रक्ष (अरूको गुण ढाक्ने) र वैर... इर्ष्या र कन्जुस... माया र ठगी... (पाप गर्नमा) निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

१८२. "भिक्षुहो ! यी दुई धर्म हुन् । ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्म हुन् ।"

१८३. "भिक्षुहो ! यी दुई धर्मयुक्त दुःखपूर्वक बस्छन् । ती दुई के के हुन् ? क्रोध र इबी...म्रक्ष र वैर... इर्ष्या र कन्जुस... माया र ठगी... निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त दुःखपूर्वक बस्छन् ।"

१८४. "भिक्षुहो ! यी दुई धर्मयुक्त सुखपूर्वक बस्छन् । ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त सुखपूर्वक बस्छन् ।"

१८५. भिक्षुहो ! यी धर्मयुक्त शैक्षिक भिक्षुलाई हानि हुन्छ । ती दुई के के हुन् ? क्रोध र इबी...म्रक्ष र वैर... इर्ष्या र कन्जुस... माया र ठगी... निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त शैक्षिक भिक्षुलाई हानि हुन्छ ।"

१८६. "भिक्षुहो ! यी दुई धर्मयुक्त शैक्षिक भिक्षुलाई हानि हुँदैन । ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त शैक्षिक भिक्षुलाई हानि हुँदैन ।"

१८७. "भिक्षुहो ! यी दुई धर्मयुक्त हुँदा समातेर मानौं नर्कमा राखे समान हुन्छ । ती दुई के के हुन् ? क्रोध र इबी...म्रक्ष र वैर... इर्ष्या र कन्जुस... माया र ठगी... निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त हुँदा समातेर मानौं नर्कमा राखे समान हुन्छ ।"

१८८. "भिक्षुहो ! यी दुई धर्मयुक्त हुँदा समातेर मानौं स्वर्गमा राखे समान हुन्छ । ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र



Downloaded from http://dhamma.digital

अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त हुँदा समातेर मानौं स्वर्गमा राखे समान हुन्छ ।"

१८९. "भिक्षुहो ! यी दुई धर्मयुक्त हुँदा जो कोही शरीर त्यागी मृत्यु-पश्चात अपाय, दुर्गति, विनिपात वा नर्कमा उत्पन्न हुन्छ । ती दुई के के हुन् ? क्रोध र इबी...म्रक्ष र वैर... इर्ष्या र कन्जुस... माया र ठगी... निर्लज्ज र निर्भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त हुँदा जो कोही शरीर त्यागी मृत्युपश्चात अपाय, दुर्गति, विनिपात वा नर्कमा उत्पन्न हुन्छ ।"

१९०. "भिक्षुहो ! यी दुई धर्मयुक्त हुँदा जो कोही शरीर त्यागी मृत्यु-पश्चात सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छ । ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्मयुक्त हुँदा जो कोही शरीर त्यागी मृत्यु-पश्चात सुगति स्वर्ग लोकमा उत्पन्न हुन्छ ।"

## २. अकुसलपेय्यालं

१९१-२०० भिक्षुहो ! यी दुई धर्म अकुशल हुन्... भिक्षुहो ! यी दुई धर्म कुशल हुन्... भिक्षुहो ! यी दुई धर्म दोषयुक्त हुन्... भिक्षुहो ! यी दुई धर्म निर्दोष हुन्... भिक्षुहो ! यी दुई धर्मद्वारा दुःख उत्पन्न हुन्छ... भिक्षुहो ! यी दुई धर्मद्वारा सुख उत्पन्न हुन्छ... भिक्षुहो ! यी दुई धर्मद्वारा दुःख विपाक दिने हुन्... भिक्षुहो ! यी दुई धर्मद्वारा सुख विपाक दिने हुन्... भिक्षुहो ! यी दुई धर्मद्वारा द्वेष हुन्छ... भिक्षुहो ! यी दुई धर्मद्वारा अद्वेष हुन्छ । भिक्षुहो ! ती दुई के के हुन् ? अक्रोध र इबी नगर्ने... अम्रक्ष र अवैर... इर्ष्यारहित र अकन्जुस... अमाया र नठग्ने... लज्जा र भय । भिक्षुहो ! यी नै दुई धर्म अद्वेष हुन् ।"

## ३. विनयपेय्यालं

२०१. "भिक्षुहो ! यी दुई कल्याण हुने कारण लिएर म तथागतबाट श्रावकहरूका निम्ति शिक्षापद प्रज्ञप्त गरेको हुँ । ती दुई के के हुन् ? संघ सुखको निम्ति र संघ आरामको निम्ति... दुश्शील व्यक्तिलाई निग्रह गर्न र सदाचारी भिक्षुलाई आरामसँग बस्न दिन... दृष्टान्त धर्ममा आश्रव संवर गर्न र परलोकको निम्ति आश्रव प्रतिघात गर्न... दृष्टान्त धर्ममा वैर संवर गर्न र परलोकको निम्ति वैर प्रतिघात गर्न... दृष्टान्त धर्ममा द्वेष संवर गर्न र परलोकको निम्ति द्वेष प्रतिघात



Downloaded from http://dhamma.digital

गर्न... दृष्टान्त धर्ममा भय संवर गर्न र परलोकको निम्ति भय प्रतिघात गर्न... दृष्टान्त धर्ममा अकुशल संवर गर्न र परलोकको निम्ति अकुशल प्रतिघात गर्न... गृहीलाई अनुकम्पा गर्न, पापेच्छुक भिक्षुहरूका पक्षलाई उच्छेद गर्न... अप्रसन्नलाई प्रसन्न पार्न, प्रसन्न भएकालाई झन वृद्धि गर्न... सद्धर्म स्थिर गर्न र विनयप्रति अनुग्रहको निम्ति । भिक्षुहो ! यी नै दुई कल्याण हुने कारण लिएर म तथागतबाट श्रावकहरूका निम्ति शिक्षापद प्रज्ञप्त गरेको हुँ ।"

२०२- २३०. "भिक्षुहो ! यी दुई कल्याण हुने कारण लिई म तथागतबाट श्रावकहरूका निम्ति पातिमोक्ख (भिक्षु नियम) (तलका विषय बुझ्न विनयपितक हेर्नुस्) प्रज्ञप्त गरेको हुँ... प्रातिमोक्ष उद्देश्यको निम्ति प्रज्ञप्त ... प्रातिमोक्ष स्थापनाको निम्ति प्रज्ञप्त... पवारणा प्रज्ञप्त.. पवारणा स्थापना... तज्जनीय ( तर्जनीय ) कर्म प्रज्ञप्त... नियस्स कर्म प्रज्ञप्त.. पब्बाजनीय (प्रव्राजनीय) कर्म प्रज्ञप्त... प्रतिसारणीय (पटिसारणीय) कर्म प्रज्ञप्त... उक्खेपनीय (उत्क्षेपनीय) प्रज्ञप्त... परिवासदान प्रज्ञप्त... मूलाय पटिकस्सनं (मूल प्रतिकर्षण) प्रज्ञप्त... मानत्तदान प्रज्ञप्त... अब्भान प्रज्ञप्त... ओसारणीय प्रज्ञप्त... निस्सारणीय प्रज्ञप्त... उपसम्पदा प्रज्ञप्त... ञत्ति कर्म प्रज्ञप्त... ञत्ति दुतियकर्म प्रज्ञप्त... ञत्ति चतुर्थकर्म प्रज्ञप्त... अप्रज्ञप्त प्रज्ञप्त... प्रज्ञप्त अनुप्रज्ञप्त... सम्मुख विनय प्रज्ञप्त... स्मृति विनय प्रज्ञप्त... अमूढ विनय प्रज्ञप्त... प्रतिज्ञातकरण विनय प्रज्ञप्त...येभुयसिक प्रज्ञप्त... तस्सपापीयासिका प्रज्ञप्त... तिणवत्थारक प्रज्ञप्त... । ती दुई के के हुन् ? संघ सुखको निम्ति र संघ आरामको निम्ति... दुश्शील व्यक्तिलाई निग्रह गर्न र सदाचारी भिक्षुलाई आरामसँग बस्न दिन... दृष्टान्त धर्ममा आश्रव संवर गर्न र परलोकको निम्ति आश्रव प्रतिघात गर्न... दृष्टान्त धर्ममा वैर संवर गर्न र परलोकको निम्ति वैर प्रतिघात गर्न... दृष्टान्त धर्ममा द्वेष संवर गर्न र परलोकको निम्ति द्वेष प्रतिघात गर्न... दृष्टान्त धर्ममा भय संवर गर्न र परलोकको निम्ति भय प्रतिघात गर्न... दृष्टान्त धर्ममा अकुशल संवर गर्न र परलोकको निम्ति अकुशल प्रतिघात गर्न... गृहीलाई अनुकम्पा गर्न, पापेच्छुक भिक्षुहरूका पक्षलाई उच्छेद गर्न... अप्रसन्नलाई प्रसन्न पार्न, प्रसन्न भएकालाई झन वृद्धि गर्न... सद्धर्म स्थिर गर्न र विनयप्रति अनुग्रहको निम्ति । भिक्षुहो ! यी नै दुई कल्याण हुने कारण लिई म तथागतबाट श्रावकहरूका निम्ति शिक्षापद प्रज्ञप्त गरेको हुँ ।"

## ४. रागपेय्यालं

२३१. "भिक्षुहो ! राग अभिज्ञात गर्न दुई धर्मको भावना गर्नुपर्छ ? ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग अभिज्ञात गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! राग परिज्ञात गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग परिज्ञात गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! राग परीक्षय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग परीक्षय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! राग नष्ट गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग नष्ट गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! राग क्षय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग क्षय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! राग व्यय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग व्यय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! रागबाट विराग हुन दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! रागबाट विराग हुन यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! राग निरोध गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग निरोध गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! राग त्याग गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! राग त्याग गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! रागबाट अलग्गिन दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! रागबाट अलग्गिन यी नै दुई धर्मको भावना गर्नुपर्छ ।"

२३२.-२४६. "भिक्षुहो ! द्वेष... मोह...क्रोध... इवी... म्रक्ष... वैर... इर्ष्या... कन्जुसी... मायाजाल... छलकपट... हठ... उत्तेजना... मान... अतिमान... मद... प्रमाद अभिज्ञात गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद अभिज्ञात गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमाद परिज्ञात गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद परिज्ञात गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! प्रमाद परीक्षय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद परीक्षय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! प्रमाद नष्ट गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद नष्ट गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । भिक्षुहो ! प्रमाद क्षय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद क्षय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमाद व्यय गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद व्यय गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमादबाट विराग हुन दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के



Downloaded from http://dhamma.digital

के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमादबाट विराग हुन यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमाद निरोध गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद निरोध गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमाद त्याग गर्न दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमाद त्याग गर्न यी नै दुई धर्मको भावना गर्नुपर्छ । "भिक्षुहो ! प्रमादबाट अलग्गिन दुई धर्मको भावना गर्नुपर्छ । ती दुई के के हुन् ? समथ र विपश्यना । भिक्षुहो ! प्रमादबाट अलग्गिन यी नै दुई धर्मको भावना गर्नुपर्छ ।"

भगवानले यसरी आज्ञा गर्नु भएपछि ती भिक्षुहरूले सन्तुष्ट भई भगवानको उपदेशलाई अभिनन्दन गरे ।

Dhamma.Digital

वुकनिपात निष्ठिता ।

Downloaded from http://dhamma.digital

# तिकनिपात

## १. पठमपण्णासकं

### १.बालवग्गो

#### १. भयसुत्तं

१. मैले यस्तो सुनें– एक समय भगवान् सावत्थिस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! जेजति भयहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा हुँदैन । जेजति उपद्रवहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा हुँदैन । जेजति विपत्तिहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा उत्पन्न हुँदैन । जस्तै कि, ढोकामा चुकुल लगाई राखे पनि, झ्याल बन्द भए पनि कुशागार वा तृणागारमा आगो लाग्दा विना हावा पनि आगोले लपेट्दै जलाउँछ ।

भिक्षुहो ! यसरी नै जेजति भयहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा हुँदैन । जेजति उपद्रवहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा हुँदैन । जेजति विपत्तिहरू उत्पन्न हुन्छन् ती सबै मूर्खद्वारा उत्पन्न हुन्छ, पण्डितद्वारा उत्पन्न हुँदैन । मूर्खबाट भय हुन्छ, पण्डितबाट भय हुँदैन । मूर्खबाट उपद्रव हुन्छ, पण्डितबाट उपद्रव हुँदैन । मूर्खबाट विपत्ति आउँछ, पण्डितबाट विपत्ति आउँदैन ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– 'जुन तीन धर्मद्वारा युक्त हुन्छ, उसलाई मूर्ख भनी जान्नुपर्छ । त्यसैले यी तीन धर्मलाई त्याग्छु । जुन तीन धर्मद्वारा युक्त हुँदा पण्डित हुन्छ, ती तीन धर्म लिएर चल्नेछु ।' भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

#### २. लक्खणसुत्तं

२. "भिक्षुहो ! कर्म-लक्षणले मूर्ख र कर्म लक्षणले पण्डित हुन्छ । जीवन



Downloaded from http://dhamma.digital

चर्याद्वारा प्रज्ञा शोभायमान हुन्छ । भिक्षुहो ! तीन धर्मद्वारा युक्त भए मूर्ख भनी जान्नुपर्छ । ती तीन के के हुन् ? शारीरिक-दुश्चरित्र, वाचसिक-दुश्चरित्र र मानसिक दुश्चरित्र । भिक्षुहो ! यी नै तीन धर्मद्वारा युक्त हुँदा मूर्ख भनी जान्नुपर्छ ।

"भिक्षुहो ! तीन धर्मद्वारा युक्त हुँदा पण्डित भनी जान्नुपर्छ । ती तीन के के हुन् ? शारीरिक-सुचरित्र, वाचसिक-सुचरित्र र मानसिक सुचरित्र । भिक्षुहो ! यी नै तीन धर्मद्वारा युक्त हुँदा पण्डित भनी जान्नुपर्छ ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– जुन तीन धर्मद्वारा युक्त हुँदा मूर्ख भनी चिनिन्छ त्यस तीन धर्मलाई त्याग्छु अनि जुन तीन धर्मद्वारा युक्त हुँदा पण्डित भनी चिनिन्छ ती तीन धर्म लिएर चल्नेछु ।"

## ३. चिन्तीसुत्तं

३. "भिक्षुहो ! यी तीन मूर्खका मूर्ख लक्षण, मूर्ख निमित्त र मूर्ख व्यवहार हुन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ मूर्खले चिन्तन गर्दा दुश्चिन्तक हुन्छन्, बोल्दा दुर्भाषित हुन्छन् अनि कर्म गर्दा दुश्कर्मी हुन्छन् । भिक्षुहो ! यदि मूर्खले चिन्तन गर्दा दुश्चिन्तक नहुँदो, बोल्दा दुर्भाषित नहुँदो अनि कर्म गर्दा दुष्कर्मी नहुँदो हो त पण्डितले यो कसरी थाहा पाउँछ– 'यो व्यक्ति असत्पुरुष मूर्ख हो' भनी । भिक्षुहो ! जब कि मूर्खले चिन्तन गर्दा दुश्चिन्तक हुन्छन् बोल्दा दुर्भाषित हुन्छन् अनि कर्म गर्दा दुश्कर्मी हुन्छन् । त्यसैले पण्डितले थाहा पाउँछ– 'यो व्यक्ति असत्य तथा मूर्ख हुन्' भनी । भिक्षुहो ! यी नै तीन मूर्खका मूर्ख लक्षण, मूर्ख निमित्त र मूर्ख व्यवहार हुन् ।

"भिक्षुहो ! यी तीन पण्डितका पण्डित लक्षण, पण्डित निमित्त र पण्डित व्यवहार हुन्छन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ पण्डितले चिन्तन गर्दा सुचिन्तक हुन्छन्, बोल्दा सुभाषित हुन्छन् अनि कर्म गर्दा सुकर्मी हुन्छन् । भिक्षुहो ! यदि पण्डितले चिन्तन गर्दा सुचिन्तक नहुँदो, बोल्दा सुभाषित नहुँदो अनि कर्म गर्दा सुकर्मी नहुँदो हो त पण्डितले यो कसरी थाहा पाउँछ– 'यो व्यक्ति सत्पुरुप तथा पण्डित हो' भनी । भिक्षुहो ! जब कि पण्डितले चिन्तन गर्दा सुचिन्तक हुन्छन्, बोल्दा सुभाषित हुन्छन् अनि कर्म गर्दा सुकर्मी हुन्छन् । त्यसैले पण्डितले थाहा पाउँछ– 'यो व्यक्ति सत्पुरुष तथा पण्डित हुन्' भनी । भिक्षुहो ! यी नै तीन पण्डितका पण्डित लक्षण, पण्डित निमित्त र पण्डित व्यवहार हुन् । त्यसैले... शिक्षा लिनुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ४. अच्चयसुत्तं

४. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ । ती तीन के के हुन् ? अपराधलाई अपराध भनी नदेख्ने, अपराधलाई अपराध भनी देखेर धर्मानुसार प्रतिकार नगर्ने अनि अरूको दोष भए देशना (स्वीकार) गर्दा धर्मपूर्वक प्रतिग्रहण (क्षमा) नगर्ने । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ ।

"भिक्षुहो ! तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ । ती तीन के के हुन् ? अपराधलाई अपराध भनी देख्ने, अपराधलाई अपराध भनी देखेर धर्मानुसार प्रतिकार गर्ने अनि अरूको दोष भए देशना (स्वीकार) गर्दा धर्मपूर्वक प्रतिग्रहण गर्ने । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ । त्यसैले... शिक्षा लिनुपर्छ ।"

## ५. अयोनिससुत्तं

५. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ । ती तीन के के हुन् ? अयथार्थ प्रश्न कर्ता हुन्छ, अयथार्थ प्रश्नको उत्तर दिन्छ अनि अरूले यथार्थ प्रश्नको उत्तर दिंदा परिमण्डलद्वारा, पदव्यञ्जनद्वारा, श्लेष युक्त (मिलन युक्त) द्वारा, शब्दार्थद्वारा अनुमोदन गर्दैन । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ ।

"भिक्षुहो ! तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ । ती तीन के के हुन् ? यथार्थ प्रश्न कर्ता हुन्छ, यथार्थ प्रश्नको उत्तर दिन्छ अनि अरूले यथार्थ प्रश्नको उत्तर दिंदा परिमण्डलद्वारा, पदव्यञ्जनद्वारा, श्लेष युक्तद्वारा, शब्दार्थद्वारा अनुमोदन गर्छ । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ । त्यसैले... शिक्षा लिनुपर्छ ।"

## ६. अकुसलसुत्तं

६. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ । ती तीन के के हुन् ? शारीरद्वारा अकुशल कर्म गर्ने, वचनद्वारा अकुशल कर्म गर्ने अनि मनद्वारा अकुशल कर्म गर्ने । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ ।

"भिक्षुहो ! तीन धर्मद्वारा धर्म-युक्त पण्डित भनी चिनिन्छ । ती तीन के के हुन् ? शारीरद्वारा कुशल कर्म गर्ने, वचनद्वारा कुशल कर्म गर्ने अनि मनद्वारा कुशल



Downloaded from http://dhamma.digital

कर्म गर्ने । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ । त्यसैले... शिक्षा लिनुपर्छ ।"

## ७. सावज्जसुत्तं

७. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा दोषी, वाचसिक कर्ममा दोषी र मानसिक कर्ममा दोषी हुन्छ... शारीरिक कर्ममा निर्दोषी, वाचसिक कर्ममा निर्दोषी र मानसिक कर्ममा निर्दोषी... त्यसैले... शिक्षा लिनुपर्छ ।"

## ८. सब्याबज्झसुत्तं

८. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा द्वेषी, वाचसिक कर्ममा द्वेषी र मानसिक कर्ममा द्वेषी... शारीरिक कर्ममा निर्द्वेषी, वाचसिक कर्ममा निर्द्वेषी र मानसिक कर्ममा निर्द्वेषी हुन्छ । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिन्छ ।

"भिक्षुहो ! त्यसैले यस्तो शिक्षा लिनुपर्छ– 'जुन तीन धर्म-युक्त हुँदा मूर्ख भनी चिनिने हो ती तीन धर्म त्याग्छु, जुन तीन धर्म-युक्त हुँदा पण्डित भनी चिनिने हो ती तीन धर्म लिएर चल्नेछु । भिक्षुहो ! यही नै शिक्षा लिनुपर्छ ।"

## ९. खतसुत्तं

९. "भिक्षुहो ! तीन धर्म-युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई हानि तथा विनाश गर्छ, दोषी हुन्छ, विज्ञजनद्वारा निन्दित अनि धेरै नै अपुण्यका भागी हुन्छ । ती तीन के के हुन् ? शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र । "भिक्षुहो ! यी नै तीन धर्म-युक्त मूर्ख, अव्यक्त र असत्पुरुषले आफूलाई हानि तथा विनाश गर्छ, दोषी हुन्छ, विज्ञजनद्वारा निन्दित अनि धेरै नै अपुण्यका भागी हुन्छ ।

"भिक्षुहो ! तीन धर्म-युक्त पण्डित, व्यक्त र सत्पुरुषले आफूलाई हानि तथा विनाश गर्दैन, निर्दोषी हुन्छ, विज्ञजनद्वारा अनिन्दित अनि धेरै नै पुण्यका भागी हुन्छ । ती तीन के के हुन् ? शारीरिक सुचरित्र, वाचसिक सुचरित्र र मानसिक सुचरित्र हुँदा । "भिक्षुहो ! यी नै तीन धर्म-युक्त पण्डित, व्यक्त



Downloaded from http://dhamma.digital

र सत्पुरुषले आफूलाई हानि तथा विनाश गर्दैन, निर्दोषी हुन्छ, विज्ञजनद्वारा अनिन्दित अनि धेरै नै पुण्यका भागी हुन्छ।"

## १०. मलसुत्तं

१०. "भिक्षुहो ! तीन धर्म-युक्त हुँदा तथा तीन प्रकारका क्लेश (मैल) त्याग नगर्दा मानौं समातेर नरकमा राखी दिए झैं हुन्छ। ती तीन के के हुन् ? दुश्शील हुन्छ, दुश्शील रूपी मैल नष्ट हुँदैन; इर्ष्यालु हुन्छ, इर्ष्या मैल नष्ट हुँदैन अनि कन्जुस हुन्छ, कन्जुसी मैल नष्ट हुँदैन । भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा तथा तीन प्रकारका क्लेश त्याग नगर्दा मानौं समातेर ल्याई नरकमा राखी दिए झैं हुन्छ।

"भिक्षुहो ! तीन धर्म-युक्त हुँदा तथा तीन प्रकारका क्लेश त्याग गर्दा मानौं समातेर स्वर्गमा राखी दिए झैं हुन्छ। ती तीन के के हुन् ? शीलवान हुन्छ, दुश्शील रूपी मैल नष्ट हुन्छ; इर्ष्यालु हुँदैन, इर्ष्या मैल नष्ट हुन्छ अनि कन्जुस हुँदैन, कन्जुसी मैल नष्ट हुन्छ। "भिक्षुहो ! यी नै तीन धर्म-युक्त हुँदा तथा तीन प्रकारका क्लेश त्याग गर्दा मानौं समातेर ल्याई स्वर्गमा राखी दिए झैं हुन्छ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## २. रथकारवग्गो

### १. ञातसुत्तं

११. "भिक्षुहो ! तीन धर्म-युक्त प्रसिद्ध भिक्षु बहुजन अहित, बहुजन दु:ख तथा धेरै नै देव-मनुष्य जनका निम्ति अकल्याण, अहित र दु:खको निम्ति लागेको हुन्छ । ती तीन के के हुन् ? अननुकूल (अनुकुल नभएको) शारीरिक कर्ममा उत्साहित गराउँदछ । अननुकुल वाचसिक कर्ममा उत्साहित गराउँदछ । अननुकुल धर्ममा उत्साहित गराउँदछ । भिक्षुहो ! यी नै तीन धर्म-युक्त प्रसिद्ध भिक्षु बहुजन अहित, बहुजन दु:ख तथा धेरै नै देव-मनुष्य जनका निम्ति अकल्याण, अहित र दु:खको निम्ति लागेको हुन्छ ।

"भिक्षुहो ! तीन धर्म-युक्त प्रसिद्ध भिक्षु बहुजन हित, बहुजन सुख तथा धेरै नै देव-मनुष्य जनका निम्ति कल्याण, हित र सुखको निम्ति लागेको हुन्छ । ती तीन के के हुन् ? अनुकूल शारीरिक कर्ममा उत्साहित गराउँदछ । अनुकुल वाचसिक कर्ममा उत्साहित गराउँदछ । अनुकुल धर्ममा उत्साहित गराउँदछ । भिक्षुहो ! यी नै तीन धर्म-युक्त प्रसिद्ध भिक्षु बहुजन हित, बहुजन सुख तथा धेरै नै देव-मनुष्य जनका निम्ति कल्याण, हित र सु:खको निम्ति लागेको हुन्छ ।"

### २. सारणीयसुत्तं

१२. "भिक्षुहो ! राज्याभिषिक्त क्षेत्रिय राजालाई यावत जीवन यी तीन कुरा स्मरणीय हुन्छ । ती तीन के के हुन् ? जुन प्रदेशमा राज्याभिषिक्त क्षेत्रिय राजाको जन्म हुन्छ । भिक्षुहो ! राज्यभिषिक्त क्षेत्रिय राजालाई यो पहिलो कुरो यावत जीवन स्मरणीय हुन्छ ।

"पुन: अर्को, भिक्षुहो ! जुन प्रदेशमा क्षेत्रिय राजा राज्याभिषिक्त हुन्छ । राज्यभिषिक्त क्षेत्रिय राजालाई यो दोस्रो कुरा यावत जीवन स्मरणीय हुन्छ ।

"पुन: अर्को, भिक्षुहो ! जुन प्रदेशमा क्षेत्रिय राजा राज्याभिषिक्तले सङ्ग्राममा जितेर सङ्ग्राम विजयी भई त्यहीं सङ्ग्रामस्थलमा बस्दछ । भिक्षुहो ! राज्यभिषिक्त क्षेत्रिय राजालाई यो तेस्रो कुरा यावत जीवन स्मरणीय हुन्छ । भिक्षुहो ! यी नै तीन कुरा राज्याभिषिक्त क्षेत्रिय राजालाई यावत जीवन स्मरणीय हुन्छ ।

"भिक्षुहो ! यसरी नै भिक्षुलाई यी तीन कुरा यावत जीवन स्मरणीय हुन्छ ।



Downloaded from http://dhamma.digital

ती तीन के के हुन् ? जुन प्रदेशमा केश-दाह्री खौरी, काषाय वस्त्र परिधान गरी, घर छाडी अनागारिक भई प्रव्रजित हुन्छ । भिक्षुहो ! भिक्षुलाई यो पहिलो कुरो यावत जीवन स्मरणीय हुन्छ ।

"पुनः अर्को, भिक्षुहो ! भिक्षुले जुन प्रदेशमा 'यो दुःख हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दुःख निरोध गामिनी मार्ग हो' भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! भिक्षुलाई यो दोस्रो कुरो यावत जीवन स्मरणीय हुन्छ ।

"पुनः अर्को, भिक्षुहो ! भिक्षुले जुन प्रदेशमा आश्रव क्षय गरी अनाश्रवी भई चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार र लाभ गरी विहर्दछ । भिक्षुहो ! भिक्षुलाई यो तेस्रो कुरो यावत जीवन स्मरणीय हुन्छ ।"

## ३. आसंससुत्तं

१३. "भिक्षुहो ! लोकमा तीन प्रकारका व्यक्ति हुन्छन् । ती तीन को को हुन् ? निराशवान, आशवान र विगताशवान । भिक्षुहो ! निराशवान व्यक्ति कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति चाण्डाल कुलमा, बाँसको काम गर्ने कुलमा शिकारी कुलमा, रथकारको कुलमा, पुक्कस कुलमा, अन्नपान भोजन गर्न पाउन कठिन कुलमा, जीवन यापन गर्न गाह्रो, दरिद्र कुलमा जहाँ कि कठिनताकासाथ खानपान गर्न पाउँदछ । यस्तो नीच कुलमा जन्मेको हुन्छ । ऊ दुर्वर्ण, दुर्दशनीय, शरीर काम्ने, रोगाहा, अन्धो, लुलो, लँगडो, पक्षाघाती, अन्नपान, वस्त्र, यान, माला, गन्ध, विलेपन, शैय्या, वासस्थान र प्रदीपका लाभी हुँदैन । उसले सुन्दछ– 'यो नामको फलानो क्षेत्रियलाई क्षेत्रियद्वारा क्षेत्रिय अभिषेकबाट अभिषेक गरे ।' उसलाई यस्तो आशा नै हुँदैन– 'कुनै एक दिन मलाई पनि क्षेत्रियहरूले क्षत्रिय अभिषेकद्वारा अभिषिक्त हुनेछु ।' भिक्षुहो ! यसैलाई भनिन्छ– निराशवान व्यक्ति ।

"भिक्षुहो ! आशावान व्यक्ति कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ राज्याभिषित्त क्षेत्रिय राजाको ज्येष्ठ पुत्र अभिषेक गर्नुपर्ने अनि राज्य गर्नको निम्ति वर्ष पुगेका अनभिषेक हुन्छ । उसले सुन्दछ– 'फलानो नामका क्षेत्रियलाई क्षेत्रियद्वारा क्षेत्रिय अभिषेक गरे ।' उसलाई यस्तो आशा हुन्छ– 'कुनै एक दिन मलाई पनि क्षेत्रियहरूले क्षत्रिय अभिषेकद्वारा अभिषित्त हुनेछु ।' भिक्षुहो ! यसैलाई भनिन्छ– आशावान व्यक्ति ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! विगताशावान व्यक्ति कस्ता हुन्छनं ? भिक्षुहो ! यहाँ क्षेत्रिय राजा राज्याभिषिक्त हुन्छ । उसले सुन्दछ– 'फलानो नामका क्षेत्रियलाई क्षेत्रियद्वारा क्षेत्रिय अभिषेक गरे ।' उसलाई यस्तो हुँदैन– "कुनै एक दिन मलाई पनि क्षेत्रियहरूले क्षत्रिय अभिषेकद्वारा अभिषिक्त हुनेछु ।' त्यो के कारणले ? भिक्षुहो ! जब कि पहिले अनभिषिक्तको अभिषेक आशा पूर्ण भइसक्यो । भिक्षुहो ! यसैलाई भनिन्छ– विगताशावान व्यक्ति । भिक्षुहो ! यी नै तीन व्यक्तिहरू लोकमा छन् ।

"भिक्षुहो ! यसरी नै तीनप्रकारका व्यक्ति भिक्षुहरू मध्येमा छन् । निराशावान, आशावान र विगताशावान । भिक्षुहो ! निराशावान व्यक्ति कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ एक व्यक्ति दुश्शील, पापी, अशुद्ध, शंकास्पदाचार, गुप्त अशुभ कर्मी, अश्रमण भएर पनि श्रमण प्रतिज्ञ, अब्रह्मचारी भएर पनि ब्रह्मचारी दर्शाउने, अन्तरमा दुर्गन्धले भिजेको र क्लेशोत्पत्ति गर्ने हुन्छ । उसले सुन्दछ– 'फलानो नामका भिक्षुले आश्रव क्षय गरी अनाश्रवी भई, चेतो विमुक्तिद्वारा, प्रज्ञाविमुक्तिद्वारा, दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात गरी, साक्षात्कार गरी उपलब्ध गरी बसेका छन् । उसमा यस्तो आशा हुँदैन– 'कुनै एक दिन मैले पनि आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्तिद्वारा र प्रज्ञाविमुक्तिद्वारा, दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात गरी, साक्षात्कार गरी उपलब्ध गरी बस्नेछु ।' भिक्षुहो ! यसैलाई भनिन्छ– निराशवान व्यक्ति ।

"भिक्षुहो ! आशावान व्यक्ति कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान र कल्याण धर्मी हुन्छ । उसले सुन्दछ– 'फलानो नामका भिक्षुले आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्तिद्वारा, प्रज्ञाविमुक्तिद्वारा र दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात गरी, साक्षात्कार गरी र उपलब्ध गरी बसेका छन् । उसमा यस्तो आशा हुन्छ–'कुनै एक दिन मैले पनि आश्रव क्षय गरी अनाश्रवी भई, चित्तविमुक्तिद्वारा, प्रज्ञाविमुक्तिद्वारा र दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात गरी, साक्षात्कार गरी र उपलब्ध गरी बस्नेछु ।' भिक्षुहो ! यसैलाई भनिन्छ– आशावान व्यक्ति ।

"भिक्षुहो ! विगताशावान व्यक्ति कस्ता हुन्छन् ? भिक्षुहो ! यहाँ भिक्षु क्षिणाश्रवी अर्हत हुन्छ । उसले सुन्दछ–'फलानो नामका भिक्षुले आश्रव क्षय गरी अनाश्रवी भई चितविमुक्तिद्वारा, प्रज्ञाविमुक्तिद्वारा र दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात गरी, साक्ष्मत्कार गरी तथा उपलब्ध गरी बसेका छन् । उसमा यस्तो आशा हुँदैन– 'कुनै एक दिन मैले पनि आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्तिद्वारा, प्रज्ञाविमुक्तिद्वारा र दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात गरी, साक्षात्कार गरी तथा उपलब्ध गरी बस्नेछु ।' त्यो के कारण ? भिक्षुहो ! जब कि– उसले पहिले नै अविमुक्तबाट विमुक्तावस्था पूर्ण गरेका भए । भिक्षुहो ! यसैलाई भनिन्छ– विगताशावान



Downloaded from http://dhamma.digital

व्यक्ति । भिक्षुहो ! यी नै तीन प्रकारका व्यक्ति भिक्षुहरू मध्येमा छन् ।"

## ४. चक्कवत्तिसुत्तं

१४. "भिक्षुहो ! जो धार्मिक चक्रवर्ती राजा, धार्मिक धर्मराजा हुन्छ उसले पनि राज्य विहिन भई चक्रलाई प्रवर्तन गर्दैन । यसो भन्नु भएपछि कोही एकजना भिक्षुले सोधे– "भन्ते ! चक्रवर्ती धार्मिक, धर्मराजका राजा को ? "भिक्षुहो ! धर्म नै हो ।" भनी भगवानले भन्नुभयो– भिक्षुहो ! यहाँ चक्रवर्ती राजा, धार्मिक राजाले धर्मका निम्ति नै धर्मलाई सत्कार गर्दै, धर्मलाई गौरव गर्दै,, धर्मध्वज, धर्मकेतु र धर्माधिपत्य भई लोकजनप्रति धार्मिक पूर्वक रक्षावरणको व्यवस्था गर्छ ।

"पुनः अर्को, भिक्षुहो ! चक्रवर्ती राजा, धार्मिक धर्म राजाले धर्मको निम्ति नै धर्मको नै सत्कार गर्दै, धर्मको नै गौरव गर्दै, धर्मको नै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपत्य भई क्षेत्रियलाई, कामदारलाई, सेनालाई, बाह्मण-गृहपतिलाई, निगम-जनपदलाई, श्रमण-ब्राह्मणलाई, मृग तथा पंक्षीहरूलाई धर्मपूर्वक नै चक्र प्रवर्तन गर्छ । भिक्षुहो ! ऊ नै चक्रवर्ती राजा, धार्मिक धर्म राजाले धर्मको निम्ति नै धर्मको नै सत्कार गर्दै, धर्मको नै गौरव गर्दै, धर्मको नै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपत्य भई, लोकजनप्रति सुरक्षाको व्यवस्था गर्छ । क्षेत्रिय, कामदार, सेना, बाह्मण-गृहपति, निगम-जनपद, श्रमण-ब्राह्मण, मृग तथा पंक्षीहरूलाई धर्मपूर्वक नै चक्र प्रवर्तन गर्छ । त्यो चक्रलाई अन्य कोही मनुष्य वा शत्रुद्वारा प्रवर्तन हुँदैन ।"

"भिक्षुहो ! यसरी नै तथागत अर्हत सम्यकसम्बुद्ध धार्मिक धर्मराजा, धर्मको निम्ति नै, धर्मलाई सत्कार गर्दै, धर्मलाई गौरव गर्दै, धर्मलाई नै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपत्य भई शारीरिक कर्मप्रति धार्मिक संरक्षणको व्यवस्था गर्छ– 'यसप्रकारले शारीरिक कर्म गर्नुपर्छ अनि यसप्रकारले शारीरिक कर्म गर्नु हुँदैन ।' "

पुनः अर्को, "भिक्षुहो ! यसरी नै तथागत अर्हत सम्यकसम्बुद्ध धार्मिक धर्म राजाले धर्मको निम्ति नै, धर्मको नै सत्कार गर्दै, धर्मको नै गौरव गर्दै, धर्मको नै पूजा गर्दै, धर्मध्वज, धर्मकेतु र धर्माधिपत्य भई वाचसिक कर्मप्रति धार्मिक संरक्षणको व्यवस्था गर्छ– 'यसप्रकारले वाचसिक कर्म गर्नुपर्छ अनि यसप्रकारले वाचसिक कर्म गर्नु हुँदैन... यसप्रकारले मानसिक कर्म गर्नुपर्छ अनि यसप्रकारले वाचसिक कर्म गर्नु हुँदैन ।' "

"भिक्षुहो ! वहाँ अर्हत सम्यकसम्बुद्ध नै धार्मिक, धर्मराजा, धर्मको निम्ति धर्मलाई सत्कार गर्दै, धर्मलाई पूजा गर्दै, धर्मलाई गौरव गर्दै, धर्मध्वज, धर्मकेतु,



Downloaded from http://dhamma.digital

धर्माधिपत्य भई, शारीरिक कर्मप्रति धार्मिक संरक्षणको व्यवस्था गर्छ, वाचसिक कर्मप्रति धार्मिक संरक्षणको व्यवस्था गर्छ अनि मानसिक कर्मप्रति धार्मिक संरक्षणको व्यवस्था गर्छ अनि धर्मपूर्वक नै अनुत्तर धर्मचक्रको प्रवर्तन गर्छ । त्यस चक्रलाई जो कोही श्रमण, ब्राह्मण, देव, मार र ब्रह्माले पनि प्रवर्तन गर्न सक्दैन ।"

## ५. सचेतनसुत्तं

१५. एक समय भगवान वाराणसीस्थित इसिपतन मिगदावनमा बस्नु हुन्थ्यो । त्यस समय भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! पूर्वकालमा सचेतन नामका राजा थिए । अनि सचेतन राजाले रथकारलाई आमन्त्रण गरी भने– "सौम्य रथकार !" आजको छ महिनापछि सङ्ग्राम हुनेछ । के तिमीले नयाँ पाँङ्ग्रा बनाई दिन सक्छौ ?" 'सक्छु, देव !' भनी भिक्षुहो ! त्यो रथकारले सचेतन राजालाई प्रत्युत्तर दिए । भिक्षुहो ! अनि रथकारले छ दिन कम छ महिनामा एउटा पाँङ्ग्रा बनाए । 'देव ! छ दिन कम छ महिनामा यो एउटा पाङ्ग्रा बनाई सकें । भिक्षुहो ! अनि पुन: सचेतन राजाले रथकारलाई आमन्त्रण गरी भने– "सौम्य रथकार ! आजको छ दिन पछि सङ्ग्राम हुनेछ । नयाँ अर्को पाङ्ग्रा बनाई दिन सक्छौ ?' 'सक्छु, देव !' भनी छ दिनमै दोस्रो पाङ्ग्रा बनाई सकेपछि नयाँ पाङ्ग्रा लिई जहाँ सचेतन राजा थियो त्यहाँ गए । त्यहाँ पुगी राजा सचेतनलाई यसो भने– 'देव ! तपाईंको यो नयाँ पाङ्ग्रा बनाई सकें ।' 'सौम्य रथकार ! तिमीले जुन यो पाङ्ग्रा छ दिन कम छ महिनामा बनायौ अनि यो पाङ्ग्रा भने छ दिनमै बनायौ यसमा के भिन्नता छ ? मैले त यसमा केही भिन्नता देख्दिन ।' " 'देव ! यसमा भिन्नता छ । हेर्नुस् देव ! यसको भिन्नता ।' "

"अनि त भिक्षुहो ! रथकारले जुन छ दिनमै बनेको पाङ्ग्रा थियो त्यसलाई गुडाइयो । गुडाइएको त्यो पाङ्ग्रा जति जोडले धकेलि दियो त्यतिसम्म गुड्दै गई धलमलिंदै जमिनमा पल्ट्यो । जुन छ दिन कम छ महिनामा बनेको हो त्यो पनि गुडाइयो । गुडाएको त्यो पाङ्ग्रा जति जोडले धकेलियो त्यतिसम्म गुड्दै गई धुरीमा स्थित जस्तै भई स्थिर रह्यो ।

" 'सौम्य रथकार ! के कारण वा यसको विशेषता के हो ? जुन कि यो छ दिनमै बनेको पाङ्ग्रा जति जोडले धकेलि दिए त्यतिसम्म गुड्दै गई धलमलिंदै जमिनमा पल्ट्यो ! जुन छ दिन कम छ महिनामा बनेको हो त्यो पाङ्ग्रा गुडाउँदा



Downloaded from http://dhamma.digital

जति जोडले धकेलियो त्यतिसम्म गुँड्दै गई धुरीमा स्थित जस्तै भई स्थिर रह्यो ।' 'देव ! जुन यो छ दिनमै बनेको पाङ्ग्रा हो त्यसको नाभि पनि टेंढो छ, सदोष छ तथा सफा छैन । त्यसको आरा पनि टेंढो छ, सदोष छ तथा सफा छैन । नाभि पनि टेंढो छ, सदोष छ तथा सफा छैन त्यसैले जति जोडले धकेलियो त्यतिसम्म गुड्दै गई धलमलिंदै जमिनमा पल्ट्यो । देव ! जुन यो छ दिन कम छ महिनामा बनेको हो त्यसको नाभि पनि टेंढो छैन, दोष छैन तथा सफा छ । आरा पनि टेंढो छैन, दोष छैन तथा सफा छ । नाभिमा पनि टेंढो छैन, दोष छैन तथा सफा छ । त्यो नाभि टेंढो नहुनाले, दोष नहुनाले तथा सफा हुनाले, आरामा पनि टेंढो नहुनाले, दोष नहुनाले तथा सफा हुनाले जति जोडले धकेलियो त्यतिसम्म गुड्दै गई धुरीमा स्थित जस्तै भई स्थिर रह्यो ।' "

"भिक्षुहो ! तिमीहरूलाई यस्तो विचार हुनसक्छ कि, त्यो रथकार अरू कोही थियो होला । भिक्षुहो ! तिमीहरूले त्यसरी विचार नगरे पनि हुन्छ । त्यस समयमा म नै रथकार थिएँ । भिक्षुहो ! त्यस समय म काठको टेंढोपन र काठको कसर छुट्याउन दक्ष थिएँ । भिक्षुहो ! अहिले म अर्हत सम्यकसम्बुद्ध हुँ । मैले शरीरको टेंढोपन, शरीरको दोष तथा शरीरको कसर हटाउन सिपालु छु । वचनको टेंढोपन, वचनको दोष तथा वचनको कसर हटाउन सिपालु छु । मनको टेंढोपन, मनको दोष तथा मनको कसर हटाउन सिपालु छु । भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीको शारीरिक टेंढोपन, शारीरिक दोष तथा शारीरिक कसर अप्रहीण (अविनष्ट) हुन्छ, वचनको टेंढोपन, वचनको दोष तथा वचनको कसर अप्रहीण हुन्छ अनि मनको टेंढोपन, मनको दोष तथा मनको कसर अप्रहीण हुन्छ भने भिक्षुहो ! ती यस धर्म विनयबाट यसरी पल्टिन्छ जस्तै कि भिक्षुहो छ दिनमै बनेको पाङ्ग्रा ।

"भिक्षुहो ! जो कोही भिक्षु वा भिक्षुणीको शारीरिक टेंढोपन, शारीरिक दोष तथा शारीरिक कसर प्रहीण (विनष्ट) हुन्छ, वचनको टेंढोपन, वचनको दोष तथा वचनको कसर प्रहीण हुन्छ अनि मनको टेंढोपन, मनको दोष तथा मनको कसर प्रहीण हुन्छ भने भिक्षुहो ! ती यस धर्म विनयबाट यसरी स्थिर हुन्छ, जस्तो कि भिक्षुहो ! छ दिन कम छ महिनामा बनेको पाङ्ग्रा ।

"भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ- शारीरिक टेंढोपन, शारीरिक दोष तथा शारीरिक कसर परित्याग गर्छु, वचनको टेंढोपन, वचनको दोष तथा वचनको कसर परित्याग गर्छु अनि मनको टेंढोपन, मनको दोष तथा मनको कसर परित्याग गर्छु । भिक्षुहो ! यसरी शिक्षा लिनुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ६. अपण्णकसुत्तं

१६. "भिक्षुहो ! तीन धर्मयुक्त भिक्षु निर्दोष मार्गका अनुगामी हुन्छ। ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु इन्द्रिय संयमित हुन्छ, भोजनमा मात्रा जान्ने हुन्छ अनि जागृत भई बस्छ।

"भिक्षुहो ! भिक्षुले इन्द्रिय संयमित कसरी गर्छ ? भिक्षुहो ! यहाँ भिक्षुले चक्षुद्वारा रूप हेरी निमित्त ग्रहण गर्दैन अनि व्यञ्जन पनि ग्रहण गर्दैन। जसप्रति वशीभूत हुँदा चक्षुन्द्रिय असंयमित भई विहरण गर्दा लोभ, दौर्मनस्य, पापमय अकुशल धर्महरू उत्पन्न हुनसक्ने हुनाले त्यसलाई संवर गर्नतिर लाग्नुपर्छ। चक्षुन्द्रिय रक्षा गर्छ तथा चक्षुन्द्रिय संयम गर्नतिर लाग्छ। कानले शब्द सुन्दा... नाकले गन्ध सुँघ्दा... जिब्रोले रस चाख्दा... शरीरले स्पर्श गर्दा... मनले विषय ग्रहण गर्दा निमित्तग्राही तथा व्यञ्जनग्राही हुँदैन। जसप्रति वशीभूत हुँदा मनिन्द्रिय असंयमित भई विहरण गर्दा लोभ, दौर्मनस्य, पापमय अकुशल धर्महरू उत्पन्न हुनसक्ने हुनाले त्यसलाई संवर गर्नतिर लाग्नुपर्छ। भिक्षुहो ! भिक्षुले यसरी नै इन्द्रिय संवर गर्छ।

"भिक्षुहो ! भिक्षुले भोजनमा कसरी मात्रा जान्ने हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले यथार्थ विचार पुऱ्याई भोजन गर्छ– यो न मजा लिनको निम्ति, न मदको निम्ति, न शरीर मण्डनको निम्ति, न विभूषितको निम्ति, जबसम्म यो शरीर रहिरहन्छ तबसम्म जीवन रक्षाको निम्ति, विहिंसाबाट विरत हुन, ब्रह्मचर्यप्रति अनुग्रह गर्न, पुरानो वेदना (भोक) हटाउन, नव वेदना उत्पन्न हुन नदिन, मेरो (जीवन) यात्रा निर्दोष तथा सुखपूर्वक बिताउनको निम्ति हुनेछ। भिक्षुहो ! भिक्षुले यसरी नै भोजनमा मात्रा जान्ने हुन्छ।

"भिक्षुहो ! भिक्षु कसरी जागरणमा लागेको हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु दिनमा चङ्क्रमण गर्दा र बस्दा आवरणीय धर्मबाट चित्त परिशोधन गर्छ। रातको प्रथमयाममा चङ्क्रमण गर्दा र बस्दा आवरणीय धर्मबाट चित्त परिशोधन गर्छ। रातको मध्ययाममा दाहिनेपट्टि करवट गरी सिंहशैय्या गरी, पाउ माथि पाउ राखी अलिक खुम्च्याई स्मृति, सम्प्रजन्य (जागरुक) भई, उठ्नु पर्ने मनमा लिई, रातको पछिल्लो याममा उठी चङ्क्रमण गर्दा र बस्दा आवरणीय धर्मबाट चित्त परिशोधन गर्छ। भिक्षुहो ! भिक्षु यसरी नै जागरणमा लागेको हुन्छ। भिक्षुहो ! यी नै तीन धर्मयुक्त हुँदा भिक्षु निर्दोष मार्गमा लागेको हुन्छ अनि उसको जन्म आश्रव क्षय गर्नतिर लागेको हुन्छ।"



Downloaded from http://dhamma.digital

## ७. अत्तब्याबाधसुत्तं

१७. "भिक्षुहो ! यी तीन धर्मले आफ्नो पनि अहित हुन्छ, अरूको पनि अहित हुन्छ तथा उभय पक्षको पनि अहित हुन्छ । ती तीन के के हुन् ? शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्र । भिक्षुहो ! यी तीन धर्मले आफ्नो पनि अहित हुन्छ, अरूको पनि अहित हुन्छ तथा उभयपक्षको पनि अहित हुन्छ ।

"भिक्षुहो ! यी तीन धर्मले आफ्नो पनि अहित हुँदैन, अरूको पनि अहित हुँदैन तथा उभय पक्षको पनि अहित हुँदैन । ती तीन के के हुन् ? शारीरिक सुचरित्र, वाचसिक सुचरित्र र मानसिक सुचरित्र । भिक्षुहो ! यी तीन धर्मले आफ्नो पनि अहित हुँदैन, अरूको पनि अहित हुँदैन तथा उभयपक्षको पनि अहित हुँदैन ।"

## ८. देवलोकसुत्तं

१८. "भिक्षुहो ! यदि अन्य तैर्थिक परिव्राजकहरूले यसरी सोधिन्छ– 'के देवलोकमा उत्पन्न हुन श्रमण गोतमले ब्रह्मचर्य जीवन बिताउँदछन् ?' भिक्षुहो ! तिमीहरूलाई यसरी सोद्धा के पीडानुभूति हुँदैन, लाज लाग्दैन र घृणा लाग्दैन ?" "लाग्छ, भन्ते !"

"भिक्षुहो ! वास्तवमा तिमीहरू दिव्य आयुप्रति पीडानुभूति, लज्जा र घृणा गर । दिव्य वर्णप्रति, दिव्य सुखप्रति, दिव्य यशप्रति अनि दिव्य अधिपतिप्रति पीडानुभूति, लज्जा र घृणा गर । भिक्षुहो ! यसको अलावा पहिले नै तिमीहरू शारीरिक दुश्चरित्रप्रति पीडा महसुस गर्नुपर्छ, लज्जालु हुनुपर्छ र घृणा गर्नुपर्छ । वाचसिक दुश्चरित्रप्रति पीडा महसुस गर्नुपर्छ, लज्जालु हुनुपर्छ र घृणा गर्नुपर्छ । मानसिक दुश्चरित्रप्रति पीडा महसुस गर्नुपर्छ, लज्जालु हुनुपर्छ र घृणा गर्नुपर्छ ।"

## ९. पठमपापणिकसुत्तं

१९. "भिक्षुहो ! तीन अङ्गयुक्त हुँदा पसलेले अप्राप्त भोग प्राप्त गर्न सक्दैन अनि प्राप्त भोग वृद्धि गर्न सक्दैन । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ पसलेले बिहानको समय सावधान भई कारोवारमा दृढसंकल्पित हुँदैन, मध्यान्ह समय सावधान भई कारोवारमा दृढ संकल्पित हुँदैन अनि सन्ध्या समयमा सावधान भई कारोवारमा दृढ संकल्पित हुँदैन । भिक्षुहो ! यी नै तीन अङ्गयुक्त हुँदा पसलेले अप्राप्त भोग प्राप्त गर्न सक्दैन अनि प्राप्त भोग वृद्धि गर्न सक्दैन ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यसरी नै तीन धर्मयुक्त हुँदा भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न सक्दैन र प्राप्त कुशल धर्म वृद्धि गर्न सक्दैन । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु बिहानी समय सावधान भई समाधि निमित्तमा दृढसंकल्पित हुँदैन, मध्यान्ह समय सावधान भई समाधि निमित्तमा दृढसंकल्पित हुँदैन अनि सन्ध्या समय सावधान भई समाधि निमित्तमा दृढसंकल्पित हुँदैन । भिक्षुहो ! यी नै तीन धर्मयुक्त हुँदा भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न सक्दैन र प्राप्त कुशल धर्म वृद्धि गर्न सक्दैन ।

"भिक्षुहो ! तीन अङ्गयुक्त हुँदा पसलेले अप्राप्त भोग प्राप्त गर्न सक्छ अनि प्राप्त भोग वृद्धि गर्न सक्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ पसलेले बिहानको समय सावधान भई कारोवारमा दृढसंकल्पित हुन्छ, मध्यान्ह समय सावधान भई कारोवारमा दृढसंकल्पित हुन्छ अनि सन्ध्या समय सावधान भई कारोवारमा दृढसंकल्पित हुन्छ । भिक्षुहो ! यी नै तीन अङ्गयुक्त हुँदा पसलेले अप्राप्त भोग प्राप्त गर्न सक्छ अनि प्राप्त भोग वृद्धि गर्न सक्छ ।

भिक्षुहो ! यसरी नै तीन धर्मयुक्त हुँदा भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न सक्छ र प्राप्त कुशल धर्म वृद्धि गर्न सक्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु बिहानी समय सावधान भई समाधि निमित्तमा दृढसंकल्पित हुन्छ, मध्यान्ह समय... सन्ध्या समय सावधान भई समाधि निमित्तमा दृढसंकल्पित हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मयुक्त हुँदा भिक्षुले अप्राप्त कुशल धर्म प्राप्त गर्न सक्छ र प्राप्त कुशल धर्म वृद्धि गर्न सक्छ ।"

### १०. दुतियपापणिकसुत्तं

२०. भिक्षुहो ! यी तीन अङ्गयुक्त हुँदा पसलेले चीरकाल नबित्दै महा तथा विपुल भोग प्राप्त गर्न सक्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ पसले चक्षुवान, पण्डित र निश्रय सम्पन्न हुन्छ । भिक्षुहो ! पसले कसरी चक्षुवान हुन्छ ? भिक्षुहो ! यहाँ पसलेले बिक्री गर्नु पर्ने चिजलाई जानेको हुन्छ– 'यो चीज यतिमा किनें र यतिमा बिक्री गर्नुपर्छ । यति मात्रामा धन हुनेछ र यतिमात्रामा उपार्जन हुनेछ ।' भिक्षुहो ! पसले यसरी चक्षुवान हुन्छ ।

भिक्षुहो ! पसले कसरी पण्डित हुन्छ ? यहाँ पसले क्रय र विक्रयमा सिपालु हुन्छ । भिक्षुहो ! पसले यसरी नै पण्डित हुन्छ ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! पसले कसरी निश्रय सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ पसले जो ती गृहपति वा गृहपति पुत्र धनाढ्य, महाधनवान र महाभोगवान हुन्छ उसले यसरी जानेको हुन्छ– 'यो पसले चक्षुवान, पण्डित र पुत्रपुत्रीलाई पोषण गर्न समर्थवान छ। मलाई समयमै पैसा (ब्याज) दिन आउँछ। उसले (महाजनले) उसलाई सम्पत्ति दिँदै भन्छ– पसले भाइ ! मसँग पैसा लिएर भोग गरी पुत्रपुत्रीलाई पालन गर र मलाई पनि समय समयमा ब्याज दिन आउनु। भिक्षुहो ! पसले यसरी नै निश्रय सम्पन्न हुन्छ। भिक्षुहो ! यी नै तीन अङ्गयुक्त पसलेले चीरकाल नबित्दै महान तथा विपुल भोग प्राप्त गर्ने हुन्छ।

"भिक्षुहो ! यसरी नै तीन धर्मयुक्त हुँदा चीरकाल नबित्दै भिक्षुले कुशल धर्ममा महा तथा विपुलता प्राप्त गर्न सक्छ। ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु चक्षुवान हुन्छ, पण्डित हुन्छ र निश्रय सम्पन्न हुन्छ। भिक्षुहो ! भिक्षु कसरी चक्षुवान हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दु:ख हो' भनी यथार्थसहित जान्दछ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जान्दछ, 'यो दु:ख निरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दु:ख निरोध हुने प्रतिपदा हो' भनी यथार्थसहित जान्दछ। भिक्षुहो ! भिक्षु यसरी नै चक्षुवान हुन्छ।

"भिक्षुहो ! भिक्षु कसरी पण्डित हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अकुशल धर्म प्रहाण गर्न र कुशल धर्म उत्पन्न गर्न प्रयत्नवान भई बस्दछ। कुशल धर्ममा स्तम्भ समान दृढपराक्रमी र भारवहन गर्न नचुक्ने हुन्छ। भिक्षुहो ! भिक्षु यसरी नै पण्डित हुन्छ।

"भिक्षुहो ! भिक्षु कसरी निश्रय सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु जो ती भिक्षुहरू बहुश्रुत, शास्त्रज्ञ, धर्मधर, विनयधर र मातृकाधर हुन्छ। उसकहाँ गई समयसमयमा सोद्धछ तथा प्रश्न गर्छ– 'भन्ते ! यो भनेको के हो ? यसको अर्थ के हो ? उसलाई ती आयुष्मानले खुलस्त नभएको खुलस्त गरी दिन्छ, घोप्टो परेकोलाई उत्तानो पारी दिन्छ, अनेक विधिद्वारा शंकास्पद धर्मको शंकालाई निवारण गरी दिन्छ। भिक्षुहो ! यसरी नै भिक्षु निश्रय सम्पन्न हुन्छ। भिक्षुहो ! यी नै तीन धर्मयुक्त भिक्षु चीरकार नबित्दै कुशल धर्ममा महा तथा विपुलता प्राप्त गर्ने हुन्छ।"



Downloaded from http://dhamma.digital

## ३. पुग्गलवग्गो

### १.समिद्धसुत्तं

२१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित अनाथ-पिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यस समय आयुष्मान समिद्ध र आयुष्मान कोट्ठित जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान सारिपुत्तसँग कुशलवार्ता गरे । कुशलवार्ता गरेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेका आयुष्मान समिद्धलाई आयुष्मान सारिपुत्तले यसो भन्नुभयो–

"आवुस समिद्ध ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी तीन प्रकारका व्यक्ति मध्ये तिमीलाई, औधि नै राम्रो औधि नै श्रेष्ठ र मन पर्ने व्यक्ति को ?"

"आवुस सारिपुत्त ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी नै तीन प्रकारका व्यक्ति लोकमा छन् । आवुस ! यी तीन प्रकारका मध्ये जो श्रद्धा विमुक्त हो, ऊ नै अति राम्रो, अति श्रेष्ठ र मलाई मन पर्ने व्यक्ति हुन् । त्यो के कारण ? आवुस ! यी व्यक्तिका श्रद्धेन्द्रिय अधिक बलवान हुन्छ ।

अनि आयुष्मान सारिपुत्तले आयुष्मान महाकोट्ठितलाई यसो भने– "आवुस महाकोट्ठित ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी तीन प्रकारका व्यक्ति मध्ये तिमीलाई, औधि नै राम्रो औधि नै श्रेष्ठ र मन पर्ने व्यक्ति को ?"

"आवुस सारिपुत्त ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी नै तीन प्रकारका व्यक्ति लोकमा छन् । आवुस ! यी तीन प्रकारका मध्ये जो कायसाक्षी हो, ऊ नै अति राम्रो, अति श्रेष्ठ र मलाई मन पर्ने व्यक्ति हुन् । त्यो के कारण ? आवुस ! यी व्यक्तिका समाधिन्द्रिय अधिक बलवान हुन्छ ।"

अनि आयुष्मान महाकोट्ठितले आयुष्मान सारिपुत्तलाई यसो भने– "आवुस सारिपुत्त ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी तीन प्रकारका व्यक्ति मध्ये तिमीलाई, औधि नै राम्रो, औधि नै श्रेष्ठ र मन पर्ने व्यक्ति को ?"



Downloaded from http://dhamma.digital

"आवुस महाकोट्ठित ! यी तीन प्रकारका व्यक्ति लोकमा छन् । ती तीन को को हुन् ? कायसाक्षी, दृष्टिप्राप्त र श्रद्धाविमुक्त । आवुस ! यी नै तीन प्रकारका व्यक्ति लोकमा छन् । आवुस ! यी तीन प्रकारका मध्ये जो दृष्टिप्राप्त हो, ऊ नै अति राम्रो, अति श्रेष्ठ र मलाई मन पर्ने व्यक्ति हुन् । त्यो के कारण ? आवुस ! यी व्यक्तिका प्रज्ञेन्द्रिय अधिक बलवान हुन्छ ।"

अनि त आयुष्मान सारिपुत्तले आयुष्मान समिद्ध र आयुष्मान महाकोट्ठित-लाई यसो भने– "आवुसहो ! हामीले यथसक्य भन्यौं । आवुसहो ! आऊ, जहाँ भगवान हुनुहुन्छ त्यहाँ जाऔं, त्यहाँ गई भगवानको सामु यो कुरा सुनाऔं । जसरी भगवानद्वारा व्याख्या हुनेछ त्यसलाई धारण गरौं ।" "हुन्छ, आवुस !" भनी आयुष्मान समिद्ध र आयुष्मान महाकोट्ठितले आयुष्मान सारिपुत्तलाई प्रत्युत्तर दिए । अनि ती आयुष्मान सारिपुत्त, आयुष्मान समिद्ध र आयुष्मान महाकोट्ठित जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि आयुष्मान सारिपुत्तले आयुष्मान समिद्ध र आयुष्मान महाकोट्ठितसँग जेजति वार्तालाप भएको थियो ती सबै भगवानलाई सुनाए ।

"सारिपुत्त ! 'एकप्रकारले यी तीन व्यक्ति मध्येमा यो अति राम्रो र यो अति श्रेष्ठ छ भनी भन्न सजिलो छैन ।' "सारिपुत्त ! यसको सम्भावना छ कि, जो व्यक्ति कायसाक्षी हुन् ऊ अर्हत हुने मार्गमा लागेको हुन्छ । जो व्यक्ति श्रद्धाविमुक्त हुन् ऊ सकृदागामी वा अनागामी हुन्छ । जो व्यक्ति दृष्टिप्राप्त हुन् ऊ पनि सकृदागामी वा अनागामी हुन्छ ।

"सारिपुत्त ! 'एकप्रकारले यी तीन व्यक्ति मध्येमा यो अति राम्रो र यो अति श्रेष्ठ छ भनी भन्न सजिलो छैन ।' "सारिपुत्त ! यसको सम्भावना छ कि, जो व्यक्ति दृष्टिप्राप्त हुन् ऊ अर्हत हुने मार्गमा लागेको हुन्छ । जो व्यक्ति श्रद्धाविमुक्त हुन् ऊ सकृदागामी वा अनागामी हुन्छ । जो व्यक्ति कायसाक्षी हुन् ऊ पनि सकृदागामी वा अनागामी हुन्छ ।

"सारिपुत्त ! 'एकप्रकारले यी तीन व्यक्ति मध्येमा यो अति राम्रो र यो अति श्रेष्ठ छ भनी भन्न सजिलो छैन ।' "

## २. गिलानसुत्तं

२२. "भिक्षुहो ! लोकमा यी तीन रोगी हुन्छन् । ती तीन को को हुन् ? भिक्षुहो ! यहाँ कोही एकजना रोगीले अनुकूल भोजनादि लाभ हुँदा पनि, अनुकूल



Downloaded from http://dhamma.digital

भोजनादि लाभ नहुँदा पनि; अनुकूल औषधि लाभ हुँदा पनि, अनुकूल औषधि लाभ नहुँदा पनि अनि योग्य सेवक हुँदा पनि योग्य सेवक नहुँदा पनि त्यस रोगबाट मुक्त हुँदैन ।

"भिक्षुहो ! यहाँ कोही एकजना रोगीले अनुकूल भोजनादि लाभ हुँदा पनि, अनुकूल भोजनादि लाभ नहुँदा पनि; अनुकूल औषधि लाभ हुँदा पनि, अनुकूल औषधि लाभ नहुँदा पनि अनि योग्य सेवक हुँदा पनि योग्य सेवक नहुँदा पनि त्यस रोगबाट मुक्त हुन्छ ।

भिक्षुहो ! यहाँ कोही एकजना रोगीले अनुकूल भोजनादि लाभ हुन्छ, लाभ नहुने होइन; अनुकूल औषधि लाभ हुन्छ, लाभ नहुने होइन अनि योग्य सेवक हुन्छ, योग्य सेवक नहुने होइन । त्यस रोगबाट मुक्त हुन्छ ।

"भिक्षुहो ! यस मध्येमा जो यस्तो रोगी हुन्छ– उसलाई अनुकूल भोजनादि लाभ हुन्छ, लाभ नहुने होइन; अनुकूल औषधि लाभ हुन्छ, लाभ नहुने होइन अनि योग्य सेवक हुन्छ, योग्य सेवक नहुने होइन । त्यस रोगबाट मुक्त हुन्छ । भिक्षुहो ! यस प्रकारका रोगीलाई भोजन, औषधी र सेवकको अनुमति दिएको हुँ । भिक्षुहो ! यसरी नै रोगीको निमित्त लिई अरू रोगीलाई पनि सेवा गर्नुपर्छ । भिक्षुहो ! यी नै तीन प्रकारका रोगी लोकमा हुन्छन् ।

"भिक्षुहो ! यस्तैगरी यी तीन रोगीसमान व्यक्तिहरू लोकमा छन् । ती तीन को को हुन् ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्तिले तथागतको दर्शन गर्न पाए पनि वा तथागतको दर्शन गर्न नपाए पनि अनि तथागतद्वारा उपदेशित धर्म-विनय श्रवण गर्न पाए पनि वा तथागतद्वारा उपदेशित धर्म-विनय श्रवण गर्न नपाए पनि ऊ नियमपूर्वक कुशल धर्ममा सहमत भई लाग्दैन ।

"भिक्षुहो ! यहाँ कोही कोही व्यक्तिले तथागतको दर्शन गर्न पाए पनि वा तथागतको दर्शन गर्न नपाए पनि अनि तथागतद्वारा उपदेशित धर्म-विनय श्रवण गर्न पाए पनि वा तथागतद्वारा उपदेशित धर्म-विनय श्रवण गर्न नपाए पनि ऊ नियमपूर्वक कुशल धर्ममा सहमत भई लाग्दछ ।

"भिक्षुहो ! यहाँ कोही कोही व्यक्तिले तथागतको दर्शन गर्न पाउँछन् नपाउने होइन अनि तथागतद्वारा उपदेशित धर्म श्रवण गर्न पाउँछन् नपाउने होइन । ऊ नियमपूर्वक कुशल धर्ममा सहमत भई लाग्दछ । भिक्षुहो ! यिनै एक व्यक्तिको निमित्त लिई धर्म देशनाको अनुज्ञा दिएको छु । भिक्षुहो ! यो एक व्यक्तिको निमित्त



Downloaded from http://dhamma.digital

लिई अरूलाई पनि धर्म देशना गर्नुपर्छ । भिक्षुहो ! यी नै तीन प्रकारका रोगी समान व्यक्तिहरू लोकमा छन् ।"

### ३. सङ्खारवसुत्तं

२३. "भिक्षुहो ! संसारमा यी तीन प्रकारका व्यक्ति हुन्छन् । ती तीन को को हुन् ? यहाँ कोही कोही व्यक्तिले शरीरद्वारा द्वेषसहित कर्म गर्छन्, वचनद्वारा द्वेषसहित कर्म गर्छन् अनि मनद्वारा द्वेषसहित कर्म गर्छन् । उसले शरीरद्वारा द्वेषसहित कर्म गर्दा, वचनद्वारा द्वेषसहित कर्म गर्दा अनि मनद्वारा द्वेषसहित कर्म गर्दा द्वेषसहितको लोकमा उत्पन्न हुन्छ । ऊ. द्वेषसहितको लोकमा उत्पन्न हुँदा समानरूपले नै द्वेषसहितको स्पर्शले स्पर्शित हुन्छ । ऊ द्वेषसहितको स्पर्शले स्पर्शित हुँदा समानरूपले नै द्वेषसहित अत्यन्त दुःखवेदना भोग्नेछन् । जस्तै कि नारकीय सत्वहरू ।"

"भिक्षुहो ! तर यहाँ जो व्यक्ति द्वेषरहित भई शरीरद्वारा कर्म गर्छन्, द्वेषरहित भई वचनद्वारा कर्म गर्छन् अनि द्वेषरहित भई मनद्वारा कर्म गर्छन् । उसले द्वेषरहित भई शरीरद्वारा कर्म गर्दा, द्वेषरहित भई वचनद्वारा कर्म गर्दा अनि द्वेषरहित भई मनद्वारा कर्म गर्दा द्वेषरहित लोकमा उत्पन्न हुन्छ । द्वेषरहित लोकमा उत्पन्न हुँदा समानरूपले नै द्वेषरहित स्पर्शद्वारा स्पर्शित हुन्छ । ऊ द्वेषरहित स्पर्शले स्पर्शित हुँदा समानरूपले नै अत्यन्त सुखवेदना भोग्नेछन् । जस्तै कि सुभकिण्ह देवताहरू ।

"भिक्षुहो ! तर यहाँ जो व्यक्ति द्वेषसहित र द्वेषरहित भई शरीरद्वारा कर्म गर्ने हुन्छन्, द्वेषसहित र द्वेषरहित भई वचनद्वारा कर्म गर्ने हुन्छन् अनि द्वेषसहित र द्वेषरहित भई मनद्वारा कर्म गर्ने हुन्छन् । उसले द्वेषसहित र द्वेषरहित भई शरीरद्वारा कर्म गर्दा, द्वेषसहित र द्वेषरहित भई वचनद्वारा कर्म गर्दा अनि द्वेषसहित र द्वेषरहित भई मनद्वारा कर्म गर्दा ऊ द्वेषसहित र द्वेषरहित लोकमा उत्पन्न हुन्छ । ऊ द्वेषसहित र द्वेषरहित लोकमा उत्पन्न हुँदा समानरूपले नै मिल्दोजुल्दो सुख-दुःखको वेदना भोग्नेछन् । जस्तै कि, कोही मनुष्य, कोही विनिपातिक (विमानका देवगणले कुनै बेला देवताले जस्तै सुख भोग गर्ने अनि कुनै बेला प्रेतले जस्तै दुःख-कष्ट भोग्नु पर्ने) हुन्छ । भिक्षुहो ! यी नै तीन प्रकारका व्यक्तिहरू संसारमा छन् ।"

### ४ बहुकारसुत्तं

२४. "भिक्षुहो ! यी तीन व्यक्तिहरू व्यक्तिका निम्ति बहुपकारक हुन्छन् । ती तीन को को हुन् ? जो व्यक्ति (आचार्य) द्वारा (शिष्य) बुद्धको शरणमा जान्छ,



Downloaded from http://dhamma.digital

धर्मको शरणमा जान्छ र संघको शरणमा जान्छ । भिक्षुहो ! त्यस व्यक्तिको निम्ति यी व्यक्ति बहुपकारक हुन् ।

"पुन: अर्को, भिक्षुहो ! जो व्यक्तिद्वारा 'यो दु:ख हो' भनी यथार्थसहित ज्ञात गराउँछ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित ज्ञात गराउँछ, 'यो दु:ख निरोध हो' भनी यथार्थसहित ज्ञात गराउँछ अनि 'यो दु:ख निरोध हुने मार्ग हो' भनी यथार्थसहित ज्ञात गराउँछ । भिक्षुहो ! त्यस व्यक्तिको निम्ति यी व्यक्ति बहुपकारक हुन् ।

"पुन: अर्को भिक्षुहो ! जो व्यक्तिद्वारा आश्रव क्षय गर्न, अनाश्रवी हुन चित्तविमुक्ति, प्रज्ञाविमुक्ति, दृष्टान्त धर्ममा स्वयम्लाई अभिज्ञात तथा साक्षात्कार गर्न लाउँछ । भिक्षुहो ! त्यस व्यक्तिको निम्ति यी व्यक्ति बहुपकारक हुन् । भिक्षुहो ! यी नै तीन व्यक्तिहरू व्यक्तिका निम्ति बहुपकारक हुन्छन् ।

"भिक्षुहो ! यी तीन व्यक्तिहरू त्यस व्यक्तिका निम्ति यो भन्दा बढी बहुपकार गरेको हुँदैन भनी भन्दछु । भिक्षुहो ! यदि यी तीन व्यक्तिहरूलाई अभिवादन, प्रत्युपस्थान, हात जोड्नु, उचित व्यवहार, चीवर, भोजन, सयनाशन, रोगीको निम्ति औषधी र परिष्कारादि दान दिनाले ती व्यक्तिहरूप्रति सुप्रत्युपकार गरेको हुँदैन भनी म भन्दछु ।"

## ५. वजिरूपमसुत्तं

२५. "भिक्षुहो ! संसारमा यी तीन व्यक्तिहरू छन् । ती तीन को को हुन् ? पुरानो घाउ समानका चित्त, विद्युत समानका चित्त अनि बज्र समानका चित्त । भिक्षुहो ! यहाँ जो कोही व्यक्ति क्रोधी, अत्यधिक दु:खी, सानै कुरामा पनि रिसाउँछ, कुपित हुन्छ, द्वेषी हुन्छ, कठोर हुन्छ, विनाकारण कुपित र द्वेष प्रकट गर्दछन् । भिक्षुहो ! जस्तै कि, पुरानो घाउमा काठ वा ठुटोद्वारा घोच्दा अत्यधिक रगत वा पीप बग्न थाल्छ । भिक्षुहो ! यस्तै नै यहाँ कोही कोही व्यक्ति क्रोधी, अत्यधिक दु:खी, सानै कुरामा पनि रिसाउँछ, कुपित हुन्छ, द्वेषी हुन्छ, कठोर हुन्छ, विनाकारण कुपित र द्वेष प्रकट गर्दछन् । भिक्षुहो ! यस्तालाई नै भनिन्छ– पुरानो घाउ समान चित्तका व्यक्ति ।

"भिक्षुहो ! विद्युत समान चित्तका व्यक्ति कस्तो हुन्छ ? यहाँ जो कोही व्यक्तिले 'यो दु:ख हो' भनी यथार्थसहित जान्दछ, 'यो दु:ख समुदय हो' भनी यथार्थसहित जान्दछ, 'यो दु:ख निरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दु:ख



Downloaded from http://dhamma.digital

निरोध हुने मार्ग हो' भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! रातको अन्धकारमा बिजुली चम्किंदा जसरी रूपलाई देख्छ । भिक्षुहो ! यसरी नै यहाँ जो कोही व्यक्तिले 'यो दुःख हो' भनी यथार्थसहित जान्दछ... 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! यस्तालाई नै भनिन्छ– विद्युत समान चित्तका व्यक्ति ।

"भिक्षुहो ! बज्र समान चित्तका व्यक्ति कस्तो हुन्छ ? जो कोही भिक्षुले आश्रव क्षय गरी अनाश्रवी, चित्तविमुक्ति, प्रज्ञाविमुक्ति, दृष्टान्त धर्ममा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा उपलब्ध गरी बस्छ । भिक्षुहो ! जस्तै कि मणि वा पाषाणद्वारा बज्र अभेद्य हुन्छ । यसरी नै, भिक्षुहो ! यहाँ जो कोही व्यक्तिले आश्रव क्षय गरी... उपलब्ध गरी बस्दछ । भिक्षुहो ! यसैलाई भनिन्छ– बज्र समान चित्तका व्यक्ति । भिक्षुहो ! यी नै तीन व्यक्तिहरू संसारमा छन् ।"

## ६. सेवितब्बसुत्तं

२६. "भिक्षुहो ! संसारमा तीन प्रकारका व्यक्तिहरू छन् । ती तीन को को हुन् ? सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने व्यक्ति । भिक्षुहो ! सङ्गत गर्न हुने, साथमा लाग्न हुने अनि सेवामा लाग्न हुने व्यक्ति छन् । भिक्षुहो ! आदर तथा गौरवपूर्वक सङ्गत गर्न हुने, साथमा लाग्नु हुने अनि सेवामा लाग्न हुने व्यक्ति छन् । भिक्षुहो ! कस्ता व्यक्तिसँग सङ्गत गर्नु हुँदैन, साथमा लाग्नु हुँदैन अनि सेवामा लाग्न हुँदैन ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति शील, समाधि र प्रज्ञामा हीन हुन्छ । यस्तो व्यक्तिलाई दया वा अनुकम्पा गर्ने स्थिति बाहेक सङ्गत गर्नु हुँदैन, साथमा लाग्नु हुँदैन अनि सेवामा लाग्न हुँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिसँग सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति शील, समाधि र प्रज्ञामा आफूसमान हुन्छ । यस्तो व्यक्तिको सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ । त्यो के कारणले ? सदृश शीलवानसँग शील विषयकै कुरा हुन्छ, त्यही विषयमै कुरा चलिरहन्छ अनि त्यसबाटै सुख पाउँछ । सदृश समाधिमा लाग्नेसँग समाधि विषयकै कुरा हुन्छ, त्यही विषयमै कुरा चलिरहन्छ अनि त्यसबाटै सुख पाउँछ । सदृश प्रज्ञावानसँग प्रज्ञा विषयकै कुरा हुन्छ, त्यही विषयमै कुरा चलिरहन्छ अनि त्यसबाटै सुख पाउँछ । त्यसैले यस्तो व्यक्तिसँग सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिसँग आदर तथा गौरवपूर्वक सङ्गत गर्नुपर्छ, साथ-



Downloaded from http://dhamma.digital

लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति शील, समाधि र प्रज्ञामा धेरै नै उन्नतशील हुन्छ । भिक्षुहो ! यस्तो व्यक्तिको आदर तथा गौरवपूर्वक सङ्गत गर्नुपर्छ, साथ लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ । त्यो के कारण ? यो अपरिपूर्ण शीलस्कन्ध परिपूर्ण गर्छु, परिपूर्ण शीलस्कन्धलाई त्यस त्यस प्रज्ञाद्वारा अनुगृहीत गर्छु, अपरिपूर्ण समाधिस्कन्ध परिपूर्ण गर्छु, परिपूर्ण समाधिस्कन्धलाई त्यस त्यस प्रज्ञाद्वारा अनुगृहीत गर्छु अनि अपरिपूर्ण प्रज्ञास्कन्ध परिपूर्ण गर्छु, परिपूर्ण प्रज्ञास्कन्धलाई त्यस त्यस प्रज्ञाद्वारा अनुगृहीत गर्छु । भिक्षुहो ! त्यसैले यस्तो व्यक्तिको आदर तथा गौरवपूर्वक सङ्गत गर्नुपर्छ, साथ लाग्नुपर्छ अनि सेवामा लाग्नुपर्छ । भिक्षुहो ! यी नै तीन व्यक्तिहरू संसारमा छन् ।

**"निहियति पुरिसो निहीन सेवी, न च हायेथ कदाचि तुल्यसेवी ।**
**सेट्ठमुपनमं उदेति खिप्पं, तस्मा अत्तनो उत्तरिं भजेथा" ति ॥**

"हीनसँग सङ्गत गर्ने व्यक्ति हीन हुन्छ, आफूसमानसँग सङ्गत गर्नेलाई कहिले पनि हानि हुँदैन । श्रेष्ठसँगको सङ्गतले शीघ्र नै उन्नति हुन्छ । त्यसैले आफू भन्दा पनि श्रेष्ठको सङ्गत गर ।"

## ७. जिगुच्छितब्बसुत्तं

२७. "भिक्षुहो ! संसारमा तीन प्रकारका व्यक्ति छन् । ती तीन को को हुन् ? भिक्षुहो ! घृणा गर्नुपर्ने, सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने व्यक्ति छन् । भिक्षुहो ! उपेक्षा गर्नुपर्ने, सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने व्यक्ति छन् । भिक्षुहो ! सङ्गत गर्न हुने, साथमा लाग्न हुने अनि सेवामा लाग्न हुने व्यक्ति छन् । भिक्षुहो ! कस्ता व्यक्ति घृणा गर्नुपर्ने, सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने व्यक्ति हुन्छन् ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति दुश्शील, पापी, अपवित्र, सशङ्कित आचरण गर्ने, लुकिछिपि कर्म गर्ने, अश्रमण भई श्रमण भन्ने, अब्रह्मचारी भई ब्रह्मचारी भन्ने, अन्तस्करणमा दुर्गन्धित, कामुक र प्रदूषित हुन्छन् । भिक्षुहो ! यस प्रकारका व्यक्तिलाई घृणा गर्नुपर्ने, सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने व्यक्ति हुन् । त्यो के कारण ? भिक्षुहो ! यदि कसैले यस्ता व्यक्तिको अनुकरण नगरे पनि उसको नराम्रो अपशब्द फैलिन्छ– 'यो पापीको मित्र हो, पापीको सहायक तथा पापीको बन्धु हो ।' भिक्षुहो ! जस्तै कि गुह्यानमा परेको सर्पले यदि नडसेता पनि बेरी दिन सक्छ । भिक्षुहो ! यसरी नै त्यसप्रकारका व्यक्तिको अनुकरण नगरेता पनि पापरूपी कीर्ति शब्द फैलिन्छ– 'यो पापीको मित्र हो, पापीको सहायक हो र पापीको बन्धु हो । भिक्षुहो ! त्यसैले त्यस्ता व्यक्तिलाई घृणा गर्नुपर्छ, सङ्गत गर्नु हुँदैन, साथमा लाग्न



Downloaded from http://dhamma.digital

हुँदैन अनि सेवामा लाग्न हुँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिलाई उपेक्षा गर्नुपर्ने, सङ्गत गर्न नहुने, साथमा लाग्न नहुने अनि सेवामा लाग्न नहुने हुन्छन् ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति क्रोधी, धेरै अशान्त, सानै कुरा बोल्दा पनि बिग्रिन्छ, कुपित हुन्छ, द्वेषी हुन्छ, विरोधी हुन्छ तथा कोप, द्वेष र असन्तोष प्रकट गर्छ । भिक्षुहो ! जस्तै कि पुरानो घाउमा काठद्वारा वा ठूटोद्वारा घस्रिंदा अधिक (रगत वा पीप) बग्न थाल्छ । भिक्षुहो ! यसरी नै... । जस्तै कि बलिरहेको तिन्दुक रुखका काठलाई कुनै ठूटो वा काठले चलाउँदा धेरै चिच्चित गर्छ, चिटचिट आवाज आउँछ । भिक्षुहो ! यसरी नै... । भिक्षुहो ! जस्तै कि, गुह्यानको खाल्डोमा काठ वा कुनै ठूटोले चलाउँदा झन धेरै दुर्गन्धित हुन्छ । भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति क्रोधी, धेरै अशान्त, सानै कुरा बोल्दा पनि बिग्रिने, कुपित हुने, द्वेषी हुने, विरोधी हुने तथा कोप, द्वेष र असन्तोष प्रकट गर्ने हुन्छन् । भिक्षुहो ! यस्ता व्यक्तिलाई उपेक्षा गर्नुपर्छ, सङ्गत गर्न हुँदैन, साथमा लाग्न हुँदैन अनि सेवामा लाग्न हुँदैन । त्यो के कारण ? मलाई आक्रोश गर्नसक्छ, अपशब्द बोल्नसक्छ र मलाई अनर्थ पनि गर्नसक्छ । त्यसैले यस्ता व्यक्तिलाई उपेक्षा गर्नुपर्छ, सङ्गत गर्नु हुँदैन, साथमा लाग्नु हुँदैन अनि सेवा गर्नु हुँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिको सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवा गर्नुपर्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति शीलवान हुन्छ तथा कल्याणधर्मी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिको सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवा गर्नुपर्छ । त्यो के कारण ? भिक्षुहो ! कसैले पनि यस्ता व्यक्तिको अनुकरण नगरेता पनि कल्याण कीर्ति शब्द फैलिन्छ– 'यो व्यक्तिको कल्याण मित्र छ, कल्याण सहायक तथा कल्याणकारी साथी छ । त्यसैले यस्ता व्यक्तिसँग सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ अनि सेवा गर्नुपर्छ । भिक्षुहो ! संसारमा यी नै तीन व्यक्तिहरू छन् ।' "

**"निहियति पुरिसो निहीनसेवी, न च हायेथ कदाचि तुल्यसेवी ।**
**सेट्ठमुपनमं उदेति खिप्पं, तस्मा अत्तनो उत्तरिं भजेथा" ति ॥** (अर्थ माथिकै)

## ८. गूथभाणीसुत्तं

२८. "भिक्षुहो ! संसारमा तीन प्रकारका व्यक्तिहरू छन् । ती तीन को को हुन् ? मलभाषी, पुष्पभाषी र मधुभाषी । कस्तालाई मलभाषी व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्तिलाई सभामा, परिषदमा, आफन्तकहाँ, व्यवसायीकहाँ वा राजकुलमा साक्षी बकाउन लाँदा भन्छ– 'हे पुरुष ! तिमीले जे जान्दछौ त्यही भन्नु । उसले नजानेको 'जान्दछु' भन्छ, जानेकोलाई 'जानेको छैन' भन्छ; नदेखेकोलाई



Downloaded from http://dhamma.digital

'देखेको छु' भन्छ; देखेकोलाई 'देखेको छैन' भन्छ । आफ्नो वा अरूको निम्ति वा भौतिक लाभको निम्ति जानि-बुझी झूटो बोल्छ । भिक्षुहो ! यस्तालाई भनिन्छ– मलभाषी व्यक्ति ।

"भिक्षुहो ! कस्तालाई पुष्पभाषी व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्तिलाई सभामा, परिषदमा, आफन्तकहाँ, व्यवसायीकहाँ वा राजकुलमा साक्षी बकाउन लाँदा भन्छ– 'हे पुरुष ! तिमीले जे जान्दछौ त्यही भन्नु । उसले नजानेको 'जानेको छैन' भन्छ, जानेकोलाई 'जानेको छु' भन्छ; नदेखेकोलाई 'देखेको छैन' भन्छ; देखेकोलाई 'देखेको छु' भन्छ । आफ्नो वा अरूको निम्ति वा भौतिक लाभको निम्ति जानि-बुझी झूटो बोल्दैन । भिक्षुहो ! यस्तालाई भनिन्छ– पुष्पभाषी व्यक्ति ।

"भिक्षुहो ! कस्तालाई मधुभाषी व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले कठोर वचन प्रयोग नगर्ने, कठोर वचनबाट विरत, उसको जुन वचन हो त्यो निर्दोष, कानलाई सुख दिने, प्रेममय, हृदयस्पर्शी, गुण परिपूर्ण हुनुका साथै बहुजनलाई राम्रो लाग्ने तथा बहुजनलाई प्रिय लाग्ने खालको वचन बोल्ने हुन्छ । भिक्षुहो ! यस्तालाई भनिन्छ– मधुभाषी व्यक्ति । भिक्षुहो ! यी नै तीन व्यक्तिहरू संसारमा छन् ।"

## ९. अन्धसुत्तं

२९. "भिक्षुहो ! संसारमा तीन प्रकारका व्यक्तिहरू छन् । ती तीन को को हुन् ? अन्धो, एक आँखे र दुई आँखे । कस्तालाई अन्धो व्यक्ति भनिन्छ ? यहाँ कोही एक व्यक्तिसँग त्यस्तो आँखा हुँदैन, जुन चक्षुद्वारा अप्राप्त भोगलाई प्राप्त गर्न सक्छन् र प्राप्त भोग वृद्धि गर्न सक्छन् । त्यस्तो आँखा पनि हुँदैन जुन आँखाद्वारा कुशलाकुशल धर्म जान्न सक्छन्, दोषादोष धर्म जान्न सक्छन्, हीनप्रणीत धर्म जान्न सक्छन् र पाप-धर्म जान्न सक्छन् । भिक्षुहो ! यस्तालाई भनिन्छ– अन्धो व्यक्ति ।

"भिक्षुहो ! कस्तालाई एक आँखे व्यक्ति भनिन्छ ? यहाँ कोही एक व्यक्तिसँग त्यस्तो आँखा हुन्छ । जुन आँखाद्वारा अप्राप्त भोग प्राप्त गर्न सक्छन्, प्राप्त भोग वृद्धि गर्न सक्छन् । त्यस्तो आँखा हुँदैन जुन आँखाद्वारा कुशलाकुशल धर्म जान्न सक्छन्, दोषादोष धर्म जान्न सक्छन्, हीनप्रणीत धर्म जान्न सक्छन् र पाप-धर्म जान्न सक्छन् । भिक्षुहो ! यस्तालाई भनिन्छ– एक आँखे व्यक्ति ।

"भिक्षुहो ! कस्तालाई दुई आँखे व्यक्ति भनिन्छ ? यहाँ कोही एक व्यक्तिसँग त्यस्तो आँखा हुन्छ । जुन आँखाद्वारा अप्राप्त भोग प्राप्त गर्न सक्छन्, प्राप्त भोग



Downloaded from http://dhamma.digital

वृद्धि गर्न सक्छन् । त्यस्तो आँखा पनि हुन्छ जुन आँखाद्वारा कुशलाकुशल धर्म जान्न सक्छन्, दोषादोष धर्म जान्न सक्छन्, हीनप्रणीत धर्म जान्न सक्छन् र पापधर्म जान्न सक्छन् । भिक्षुहो ! यस्तालाई भनिन्छ– दुई आँखे व्यक्ति ।"

"न चेव भोगा तथारूपा, नच पुञ्ञानि कुब्बति ।
उभयत्थ कलिग्गाहो, अन्धस्स हतचक्खुनो ॥

"अथापरायं अक्खातो, एकचक्खु च पुग्गलो ।
धम्माधम्मेन सठोसो, भोगानि परियेसति ॥

"थेय्येन कूटकम्मेन, मुसावादेन चूभयं ।
कुसलो होति सङ्घातुं, कामभोगी च मानवो ।
इतो सो निरयं गन्त्वा, एकचक्खु विहञ्ञति ॥

"द्विचक्खु पन अक्खातो, सेट्ठो पुरिसपुग्गलो ।
धम्मलद्धेहि भोगेहि, उट्ठानाधिगतं धनं ॥

"ददाति सेट्ठोसङ्कप्पो, अब्यग्गमानसो नरो ।
उपेति भद्दकं ठानं, यत्थ गन्त्वा न सोचति ॥

"अन्धञ्च एक चक्खुञ्च, आरका परिवज्जये ।
द्विचक्खुं पन सेवेथ, सेट्ठं पुरिसपुग्गल" न्ति ॥

" आँखाविहिन अन्धोसँग न त त्यस्तो भोग पदार्थ हुन्छ, न त पुण्य कर्म नै गर्छ, त्यसैले ऊ उभयपक्षबाट नै अभागी हुन्छ ।

"अत: अर्को यस्ता एक आँखे व्यक्ति छन् जो धर्माधर्म दुवै मिश्रित कर्मद्वारा भोग्य पदार्थ खोज्छन् ।

"कामभोगी मानवले चोरी, ठगी कर्मद्वारा र मृषावादी भई उभयबाट नै कामभोगका विषय खोज्न सिपालु हुन्छन् । एक आँखे व्यक्ति यहाँबाट नरकमा जान्छ तथा विनाश हुन्छ ।

"धर्मद्वारा भोग लाभी, प्रयत्नद्वारा धन प्राप्त गर्ने दुई आँखेलाई श्रेष्ठ भनिन्छ ।



Downloaded from http://dhamma.digital

"अव्यग्र मनका नरले श्रेष्ठ संकल्पित भई दान दिने हुँदा उत्तम ठाउँमा जन्म लिन्छ। जहा जाँदा चिन्तित हुनु पर्दैन।

"अन्धो र एक आँखे व्यक्तिलाई टाढैबाट परित्याग गर अनि दुई आँखे श्रेष्ठ पुरुषसँग संगत गर्नु।"

## १०. अवकुज्जसुत्तं

३०. "भिक्षुहो ! संसारमा तीन प्रकारका व्यक्तिहरू छन्। ती तीन को को हुन् ? अधोमुख गिदीका व्यक्ति, काखे गिदीका व्यक्ति अनि अधिकतम गिदीका व्यक्ति। कस्तालाई अधोमुख गिदीका व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बस्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्दैन, बीचको उपदेश मनमा धारण गर्दैन अनि अन्तको उपदेश पनि मनमा धारण गर्दैन; आफ्नो आसनबाट उठ्दा पनि वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्दैन, बीचको उपदेश मनमा धारण गर्दैन अनि अन्तको उपदेश पनि मनमा धारण गर्दैन। जस्तै कि अधोमुख घडामा पानी राखे अडिदैन तथा विद्यमान रहँदैन। भिक्षुहो ! यस्तै गरी यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बसेर वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्दैन, बीचको उपदेश मनमा धारण गर्दैन अनि अन्तको उपदेश पनि मनमा धारण गर्दैन; आफ्नो आसनबाट उठ्दा पनि वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्दैन, बीचको उपदेश मनमा धारण गर्दैन अनि अन्तको उपदेश पनि मनमा धारण गर्दैन। भिक्षुहो ! यस्तालाः नै भनिन्छ– अधोमुख गिदीका व्यक्ति।

"भिक्षुहो ! कस्तालाई काखे गिदीको व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बस्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। ऊ आफ्नो आसनबाट उठ्दा न



Downloaded from http://dhamma.digital

त वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, न त बीचको उपदेश मनमा धारण गर्छ अनि न त अन्तको उपदेश मनमा धारण गर्छ। जस्तै कि, व्यक्तिले तिल, चामल, लड्डु र बयर जस्ता नाना खाद्यपदार्थ काखमा राख्छ। तर ऊ आफ्नो आसनबाट उठ्दा स्मृति नहुनाले त्यो जम्मै भुँइमा पोख्छ। भिक्षुहो ! यस्तै गरी यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बस्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। ऊ आफ्नो आसनबाट उठ्दा न त वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, न त बीचको उपदेश मनमा धारण गर्छ न त अन्तको उपदेश मनमा धारण गर्छ। भिक्षुहो ! यस्तालाई भनिन्छ– काखेगिदीको व्यक्ति।

"भिक्षुहो ! कस्तालाई अधिकतम गिदीको व्यक्ति भनिन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बस्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। ऊ आफ्नो आसनबाट उठ्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। जस्तै कि, उर्ध्वमुखी घडामा पानी राख्दा भरिनु बाहेक पोखिँदैन। भिक्षुहो ! यस्तै नै यहाँ कोही व्यक्ति धर्म श्रवण गर्न विहारमा नित्य जाने हुन्छ। उसलाई भिक्षुले आदिकल्याण, मध्यकल्याण र अन्तकल्याण तथा सार्थक, सव्यञ्जन, केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्य विषय प्रकाशित गर्छ अनि धर्म देशना गर्छ। ऊ त्यस आसनमा बस्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। ऊ आफ्नो आसनबाट उठ्दा वहाँले शुरुमा गर्नु भएको उपदेश मनमा धारण गर्छ, बीचको उपदेश मनमा धारण गर्छ अनि अन्तको उपदेश पनि मनमा धारण गर्छ। भिक्षुहो ! यस्तालाई भनिन्छ– अधिकतम गिदीको व्यक्ति। भिक्षुहो ! 'संसारमा यी नै तीन प्रकारका व्यक्ति छन्।' "

"अवकुज्जपञ्ञो पुरिसो, दुम्मेधो अविचक्खणो।
अभिक्खणम्पि चे होति, गन्ता भिक्खून सन्तिके॥
"आदिं कथाय मज्झञ्च, परियोसानञ्च तादिसो।
उग्गहेतुं न सक्कोति, पञ्ञा हिस्स न विज्जति॥



Downloaded from http://dhamma.digital

"उच्छङ्गपञ्ञो पुरिसो, सेय्यो एतेन वुच्चति ।
अभिक्खणम्पि चे होति, गन्ता भिक्खुन सन्तिके ॥

"आदिं कथाय मज्झञ्च, परियोसानञ्च तादिसो ।
निसिन्नो आसने तस्मिं, उग्गहेत्वान ब्यञ्जनं ।
वुट्ठितो नप्पजानाति, गहितं हिस्स मुस्सति ॥

"पुथुपञ्ञो च पुरिसो, सेय्यो एतेहि वुच्चति ।
अभिक्खणम्पि चे होति, गन्ता भिक्खून सन्तिके ॥

"आदिं कथाय मज्झञ्च, परियोसानञ्च तादिसो ।
निसिन्नो आसने तस्मिं, उग्गहेत्वान ब्यञ्जनं ॥

"धारेति सेट्ठसङ्कप्पो, अब्यग्गमानसो नरो ।
धम्मानुधम्मपटिपन्नो, दुक्खस्सन्तकरो सिया"ति ॥

"दुर्बुद्धि, अक्कल नभएका र अधोमुखका व्यक्ति नित्य भिक्षुकहाँ जाने गर्छ ।

"उसले आदि, मध्य र अन्त कल्याण हुने त्यस्तो कथाहरू ग्रहण गर्न सक्दैन तथा ऊसँग त्यस्तो प्रज्ञा नै हुँदैन ।

"काखे गिदीका व्यक्ति ऊ भन्दा पनि उत्तम भन्नुपर्छ, ऊ नित्य भिक्षुकहाँ जान्छ ।

"आदि, मध्य र अन्त कल्याण हुने त्यस्तो कथाहरूलाई व्यञ्जनसहित ग्रहण गरी त्यस आसनमा बस्छ; आसनबाट उठ्दा जान्न, बुझ्न सक्दैन र ग्रहण गरेको पनि बिर्सिन्छ ।

"अधिकतम गिदिका व्यक्ति यिनीहरू भन्दा पनि उत्तम भन्नुपर्छ, ऊ नित्य भिक्षुकहाँ जाने गर्छ ।

"आदि, मध्य र अन्त कल्याण हुने कथाहरू व्यञ्जनसहित ग्रहण गरी आसनमा बस्छ ।



Downloaded from http://dhamma.digital

अव्यग्र (शान्त) मनका नरले श्रेष्ठ सङ्कल्पित भई धारण गर्छ अनि धर्मानुपूर्वक धर्माचरण गरी दुःख अन्त गर्छ।"

Downloaded from http://dhamma.digital

## ४. देवदूतवग्गो

### १. सब्रह्मकसुत्तं

३१. "भिक्षुहो ! जुन घरमा पुत्रद्वारा मातापिताको पूजन हुन्छ त्यो सब्रह्म कुल हो । भिक्षुहो ! जुन घरमा पुत्रद्वारा मातापिताको पूजन हुन्छ त्यो पूर्वाचार्य कुल हो । भिक्षुहो ! जुन घरमा पुत्रद्वारा मातापिताको पूजन हुन्छ त्यो सआह्वान कुल हो । भिक्षुहो ! 'ब्रह्मा' भन्नु नै मातापिताको पर्याय हो । भिक्षुहो ! 'पूर्वाचार्य' भन्नु नै मातापिताको पर्याय हो । 'आह्वाननीय' भन्नु नै मातापिताको पर्याय हो । त्यो के कारण ? भिक्षुहो ! मातापिताद्वारा सन्तानलाई पालनपोषन र बहुपकार गर्ने हुन् र यो संसार देखाउने हुन् ।

"ब्रह्माति मातापितरो, पुब्बाचरियाति वुच्चरे ।
आहुनेय्या च पुत्तानं, पजाय अनुकम्पका ॥

"तस्मा हि ने नमस्सेय्य, सक्करेय्य च पण्डितो ।
अन्नेन अथ पानेन, वत्थेन सयनेन च ।
उच्छादनेन न्हापनेन, पादानं धोवनेन च ॥

"ताय नं पारिचरियाय, मातापितुसु पण्डिता ।
इधेव नं पसंसति, पेच्च सग्गे पमोदती" ति ॥

"सन्तानप्रति अनुकम्पा गर्ने हुनाले मातापिता 'ब्रह्मा' र 'पूर्वाचार्य' भनिन्छ भने पुत्रको निम्ति आह्वाननीय हुन् ।

"त्यसकारण पण्डितले अन्न, पान, वस्त्र, शयनासन, मालिशद्वारा, स्नान र पाद धुवाई सत्कार गर एवम् नमस्कार गर । पण्डितले मातापितालाई परिचर्याद्वारा सन्तुष्ट पार्दा यहाँ पनि प्रशंसित हुन्छ र मृत्यु पश्चात स्वर्गमा पनि प्रमुदित हुन्छ ।

### २. आनन्दसुत्तं

३२. अनि आयुष्मान आनन्द, जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एकठाउँमा बसी आयुष्मान आनन्दले भगवानलाई यसो भने– "भन्ते ! के भिक्षुले त्यस्तो समाधि लाभ गर्न



Downloaded from http://dhamma.digital

सक्छ, जुन यस सविज्ञान शरीरप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्नसक्ने, बाहिरी सबै निमित्तप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्नसक्ने; जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्ति लाभी भई विहरण गर्दा अहङ्कार, ममकार, मानानुसय रहँदैन, त्यसरूपको चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई विहरण गर्ने छन् ?" "आनन्द ! त्यस्तो समाधि लाभ गर्नसक्छ जुन कि– यो सविज्ञान शरीरप्रति अहङ्कार, ममकार, मानानुसय छैन भनी जान्नसक्ने, बाहिरी सबै निमित्तप्रति अहङ्कार, ममकार, मानानुसय छैन भनी जान्नसक्ने; अनि जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्ति लाभी भई विहरण गर्दा अहङ्कार, ममकार, मानानुसय रहँदैन त्यस चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई लाभ गरी विहरण गर्ने छन् ।"

"भन्ते ! भिक्षुले कसरी यो जानेको हुन्छ कि, त्यसरूपको समाधि लाभी भई जुन यही सविज्ञान शरीरप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्न सक्ने, बाहिरी सबै निमित्तप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्न सक्ने, जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्ति लाभी भई विहरण गर्दा अहङ्कार, ममकार, मानानुसय रहँदैन त्यस चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई विहरण गर्ने हुन्छन् ?"

"आनन्द ! यहाँ भिक्षुलाई यस्तो हुन्छ– 'जुन कि यो समस्त संस्कार शमन, समस्त उपाधि परित्याग, तृष्णा क्षय, विराग, निरोध र निर्वाण हो, यो शान्त तथा प्रणीत छ ।' यसरी नै, आनन्द ! सविज्ञान शरीरप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्न सक्ने, बाहिरी सबै निमित्तप्रति अहङ्कार, ममकार र मानानुसय छैन भनी जान्न सक्ने, जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई विहरण गर्दा अहङ्कार, ममकार र मानानुसय रहँदैन त्यस चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई विहरण गर्छन् । "आनन्द ! पूर्णक प्रश्न पारायणमा मैले जुन भनेको थिएँ, त्यो यही अर्थमा भनेको हुँ–

**"सङ्खाय लोकस्मिं परोपरानि, यस्सिञ्जितं नत्थि कुहिञ्चि लोके ।**
**सन्तो विधूमो अनीघो निरासो, अतारि सो जाति जरन्ति ब्रूमी" ति ॥**

"संस्कार लोकको यस वारी र त्यस पारीको ज्ञान लाभ गरी जसको मनमा कुनै पनि लोकप्रति चञ्चलता रहँदैन । शान्त, धूवाँरहित, दुःखरहित र आशारहित भई जन्म तथा जराबाट पार भए भनी म भन्दछु ।"



Downloaded from http://dhamma.digital

## ३. सारिपुत्तसुत्तं

३३. त्यस समय आयुष्मान सारिपुत्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो। एक ठाउँमा बस्नु भएपछि आयुष्मान सारिपुत्तलाई भगवानले यसो भन्नुभयो– "सारिपुत्त ! मैले संक्षिप्तमा पनि धर्म देशना गर्दछु। सारिपुत्त ! मैले विस्तृतरूपले पनि धर्म देशना गर्दछु। मैले संक्षिप्त र विस्तृत गरी पनि धर्म देशना गर्दछु। तर धर्म बुझ्न सक्ने भने दुर्लभ छन्। "भगवान ! यही समय हो, सुगत ! यही समय हो। भगवानले संक्षिप्तमा पनि धर्म देशना गर्नुस्, विस्तृत गरी पनि धर्म देशना गर्नुस्। संक्षिप्त र विस्तृत गरी धर्म देशना गर्नुस् धर्म बुझ्नसक्ने पनि हुन्छन्।"

"त्यसोभए, सारिपुत्त ! यसरी सिक्नुपर्छ– 'यस सविज्ञान शरीरप्रति अहङ्कार, ममकार र मानानुसय रहनेछैन अनि बाहिरी समस्त विषयप्रति अहङ्कार, ममकार र मानानुसय रहनेछैन। जुन चित्तविमुक्ति र प्रज्ञाविमुक्ति प्राप्त गरी बस्दा अहङ्कार, ममकार र मानानुसय रहँदैन त्यस चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई बस्छु। सारिपुत्त ! यसरी नै सिक्नुपर्छ।

"सारिपुत्त ! जब भिक्षुसँग यो सविज्ञान शरीरप्रति अहङ्कार, ममकार र मानानुसय रहँदैन अनि बाहिरी समस्त विषयप्रति अहङ्कार, ममकार र मानानुसय रहँदैन, जुन कि यो– चित्तविमुक्ति र प्रज्ञाविमुक्ति लाभी भई बस्दा अहङ्कार, ममकार र मानानुसय नरहंदा त्यस चित्तविमुक्ति र प्रज्ञाविमुक्तिका लाभी भई बस्दछन्। सारिपुत्त ! यसैलाई भनिन्छ– 'भिक्षुले तृष्णा क्षय गऱ्यो, संयोजनलाई जरोसहित उखेलियो, सम्यकरूपले मनलाई शान्त पाऱ्यो र दुःख अन्त गऱ्यो।' सारिपुत्त ! मैले उदय प्रश्न पारायणमा जुन भनेको थिएँ, त्यो यही अर्थ लिई भनेको हुँ–

"पहानं कामसञ्ञानं, दोमनस्सान चूभयं।
थिनस्स च पनूदनं, कुक्कुच्चानं निवारणं॥

"उपेक्खासतिसंसुद्धं, धम्मतक्कपुरेजवं।
अञ्ञाविमोक्खं पब्रूमि, अविज्जाय पभेदन"न्ति॥

"कामसंज्ञा र दौर्मनस्य उभय नष्ट गर्छ, आलस्य मर्दन गर्छ र कौकृत्य पनि निवारण गर्छ।



Downloaded from http://dhamma.digital

"उपेक्षा र स्मृति शुद्ध पार्छ, सम्यकसंकल्पको अनुगमन गर्छ अनि अविद्या विनाश गर्दा नै विमोक्षलाई जान्यो भनी म भन्दछु ।"

## ४.निदानसुत्तं

३४. "भिक्षुहो ! कर्म उत्पत्ति हुनुका कारण तीन छन् । ती तीन के के हुन् ? लोभको कारणले कर्मको उत्पत्ति हुन्छ, द्वेषको कारणले कर्मको उत्पत्ति हुन्छ अनि मोहको कारणले कर्मको उत्पत्ति हुन्छ ।

"भिक्षुहो ! जुन कर्मको मूलमा लोभ हुन्छ, लोभको कारणले हुन्छ, लोभको विषयले हुन्छ र लोभद्वारा उत्पन्न हुन्छ, जहाँ कि आत्मभाव (पुनर्जन्म) हुन्छ, त्यहाँ त्यो कर्म परिपक्व हुन्छ । जब त्यो कर्म परिपक्व हुन्छ तब त्यो कर्मको विपाक भोग्नु पर्छ । कि त यसै जन्ममा वा अर्को कुनै एक जन्ममा ।

"भिक्षुहो ! जुन कर्मको मूलमा द्वेष हुन्छ, द्वेषको कारणले, द्वेषको विषयले र द्वेषद्वारा उत्पन्न हुन्छ, जहाँ कि आत्मभाव हुन्छ, त्यहाँ त्यो कर्म परिपक्व हुन्छ । जब त्यो कर्म परिपक्व हुन्छ तब त्यो कर्मको विपाक भोग्नु पर्छ । कि त यसै जन्ममा वा अर्को कुनै एक जन्ममा ।

"भिक्षुहो ! जुन कर्मको मूलमा मोह हुन्छ, मोहको कारणले, मोहको विषयले र मोहद्वारा उत्पन्न हुन्छ, जहाँ कि आत्मभाव हुन्छ, त्यहाँ त्यो कर्म परिपक्व हुन्छ । जब त्यो कर्म परिपक्व हुन्छ तब त्यो कर्मको विपाक भोग्नु पर्छ । कि त यसै जन्ममा वा अर्को कुनै एक जन्ममा ।

"भिक्षुहो ! जस्तै कि, अखण्डित, नसडेको, हावा तथा तापले नबिग्रेको साथै सारवान बीजहरू राम्रोसँग राखेको हुन्छ, सुक्षेत्र तथा राम्रोसँग तयार गरेको भूमिमा बीजन छर्छ अनि त्यसमा राम्रोसँग पानी पर्दा भिक्षुहो ! ती बीजहरू उम्रन्छन्, बढ्छन् र विपुल हुनेछन् । भिक्षुहो ! यसरी नै जुन कर्मको मूलमा लोभ हुन्छ, लोभको कारणले, लोभको विषयले र लोभद्वारा उत्पन्न हुन्छ, जहाँ कि आत्म-भावको हुन्छ, त्यहाँ त्यो कर्म परिपक्व हुन्छ । जब त्यो कर्म परिपक्व हुन्छ तब त्यो कर्मको विपाक भोग्नु पर्छ । कि त यसै जन्ममा वा अर्को कुनै एक जन्ममा ।

जुन कर्मको द्वेष... जुन कर्मको मूलमा मोह हुन्छ, मोहको कारणले, मोहको विषयले र मोहद्वारा उत्पन्न हुन्छ, जहाँ कि आत्मभाव हुन्छ, त्यहाँ त्यो कर्म परिपक्व



Downloaded from http://dhamma.digital

हुन्छ । जब त्यो कर्म परिपक्व हुन्छ तब त्यस कर्मको विपाक भोग्नु पर्छ । कि त यसै जन्ममा वा अर्को कुनै एक जन्ममा ।

"भिक्षुहो ! कर्म उत्पत्ति हुनुका कारण तीन छन् । ती तीन के के हुन् ? अलोभको कारणले कर्मको उत्पत्ति हुन्छ, अद्वेषको कारणले कर्मको उत्पत्ति हुन्छ अनि अमोहको कारणले कर्मको उत्पत्ति हुन्छ ।

"भिक्षुहो ! जुन कर्मको मूलमा अलोभ हुन्छ, अलोभी हुँदा, अलोभको कारणले, अलोभ उत्पन्न हुँदा अर्थात लोभ नरहँदा कर्म नष्ट हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, अभाव हुन्छ तथा पुनः उत्पन्न हुँदैन ।

"भिक्षुहो ! जुन कर्मको मूलमा अद्वेष हुन्छ, अद्वेषी हुँदा, अद्वेषको कारणले, अद्वेष उत्पन्न हुँदा अर्थात द्वेष नरहँदा कर्म नष्ट हुन्छ, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, अभाव हुन्छ तथा पुनः उत्पन्न हुँदैन ।

"भिक्षुहो ! जुन कर्मको मूलमा अमोह हुन्छ, अमोह हुँदा, अमोहको कारणले, अमोह उत्पन्न हुँदा अर्थात मोह नरहँदा कर्म बन्दैन, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, अभाव हुन्छ तथा पुनः उत्पन्न हुँदैन ।

"भिक्षुहो ! जस्तै कि, अखण्डित, नसडेको, हावा वा तापले नबिग्रेको, सारवान बीजहरू राम्रोसँग राखेको हुन्छ । ती बीजहरूलाई पुरुषले आगोमा जलाई दिन्छ, आगोमा भष्म गरी खरानी पारी दिन्छ, खरानी भएपछि तेज हावामा वा तेज नदीको श्रोतमा प्रवाहित गरी दिन्छ । भिक्षुहो ! यसरी नै ती बीजहरूको मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, अभाव हुन्छ तथा पुनः उत्पन्न हुँदैन ।

"भिक्षुहो ! जुन कर्मको मूलमा अद्वेष... अमोह हुँदा, अमोहको कारणले, अमोह उत्पन्न हुँदा अर्थात मोह नरहँदा कर्म बन्दैन, मूलोच्छेद हुन्छ, काटिएको ताड वृक्ष झैं हुन्छ, अभाव हुन्छ तथा पुनः उत्पन्न हुँदैन ।

"लोभजं दोसजञ्चेव, मोहजञ्चापविद्दसु ।
यं तेन पकतं कम्मं, अप्पं वा यदि वा बहुं ।
इधेव तं वेदनियं, वत्थु अञ्ञं न विज्जति ।

"तस्मा लोभञ्च दोसञ्च, मोहजञ्चापि विद्दसु ।
विज्जं उप्पादयं भिक्खु, सब्बा दुग्गतियो जहे"ति ॥



Downloaded from http://dhamma.digital

"मूर्खले लोभ, द्वेष र मोहको वशीभूत भई चाहे सानो वा ठूलो होस् जसबाट कर्म निर्मित गर्छ, त्यसको प्रतिफल यहीं भोग्नु पर्छ तथा अरूले त्यो कर्मको विपाक भोग्नु पर्दैन ।

"त्यसकारण भिक्षुले लोभ, द्वेष र मोहको वशीभूत नभई, त्यस्तो कर्म नगरी, विद्या उत्पन्न गरी समस्त दुर्गतिबाट मुक्त हुन्छ ।"

## ५. हत्थकसुत्तं

३५. मैले यस्तो सुनें– एक समय भगवान आलविस्थित गौमार्गको सिंसपा वनमा पातको आसन लगाई बस्नु भएको थियो । त्यस समय हत्थक आलवक घुम्दै-फिर्दै विचरण गर्दै जाँदा भगवान गौमार्गको सिंसपा वनमा पातको आसनमा बस्नु भएको देखे । देखेपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवान-लाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका हत्थक आलवकले भगवानलाई यसो भने– "भन्ते ! के भगवान सुखपूर्वक सुत्नु भयो ?" "हो, कुमार ! सुखपूर्वक सुतें । संसारमा जतिपनि सुखपूर्वक सुत्नेहरू छन् उनीहरू मध्येमा म एक हुँ ।

"भन्ते ! हेमन्तको शीतकाल रात छ । शीत ऋतुको अत्यन्त चीसो हिमपा-तको दिन छ । गौका खुरले कुल्चिएको हुँदा जमिन खरो छ । पातको पातलो आसन छ । रूखमा पात विरलै छन् । चीसो काषाय वस्त्र छ । पर्वत प्रदेशबाट चीसो हावा बहेर आइरहेको छ । तैपनि भगवान भन्नुहुन्छ– 'हो, कुमार ! सुखपूर्वक सुतें । संसारमा जतिपनि सुखपूर्वक सुत्नेहरू छन् उनीहरू मध्येमा म एक हुँ ।' "

"त्यसोभए, कुमार ! तिमीसँगै सोध्छु । तिमीलाई जे ठीक लाग्छ त्यही भन । कुमार ! के तिमीलाई थाहा छ ? यहाँ गृहपति वा गृहपति पुत्रले घरलाई तलमाथि सबै ठाउँमा रङ्गले पोतेको, हावा नलाग्ने, चुकुल लगाएको र झ्याल बन्द हुन्छ । त्यहाँ एउटा पलङ्गमा झलरदार तन्ना बिछ्याएको, बाक्लो उनको दरी बिछ्याएको र कदली मृगचर्मासन बिछ्याएको हुन्छ । त्यो पलङ्ग माथि चँदुवा ताँगेको हुन्छ । शीर र पाउनिर दुईटा रातो तकिया हुन्छन् । तेलको प्रदीप बालेको हुन्छ । चारवटी श्रीमतीहरूले राम्रोसँग मनपर्ने गरी सेवा गरिरहेका हुन्छन् । तः कुमार ! तिमीलाई यस विषयमा कस्तो लाग्छ, ऊ सुखपूर्वक सुत्छन् कि सुत्दैनन् ? तथा उसलाई त्यसबेला कस्तो हुन्छ ?" "भन्ते ! ऊ सुखपूर्वक सुत्ने हुन्छ । संसारमा जो सुखपूर्वक सुत्ने हुन् तिनीहरू मध्येमा ऊ एक हुन् ।"



Downloaded from http://dhamma.digital

"त्यसोभए, कुमार ! तिमीलाई कस्तो महसुस हुन्छ, गृहपति वा गृहपति पुत्रलाई रागद्वारा शारीरिक वा मानसिक जलन उत्पन्न हुँदा त्यस रागको जलनद्वारा सन्तप्त भई दुःखपूर्वक सुतेको हुन्छ ?" "यस्तै हो, भन्ते !"

"जो कि, कुमार ! त्यो गृहपति वा गृहपति पुत्र रागको जलनद्वारा सन्तप्त हुँदा दुःखपूर्वक सुत्छन् । तथागतबाट त्यो राग विहिन, मूलोच्छेद, काटिएको ताड वृक्ष झैं वृद्धि नहुने तथा पुनः उत्पन्न हुँदैन । त्यसैले म सुखपूर्वक सुत्ने हुँ ।

"त्यसोभए, कुमार ! तिमीलाई कस्तो महसुस हुन्छ, त्यो गृहपति वा गृहपति पुत्र द्वेषद्वारा... मोहद्वारा शारीरिक वा मानसिक जलन उत्पन्न हुँदा त्यस मोहको जलनद्वारा सन्तप्त भई दुःखपूर्वक सुतेको हुन्छ ?" "यस्तै हो, भन्ते !

"जो कि, कुमार ! त्यो गृहपति वा गृहपति पुत्र मोहको जलनद्वारा सन्तप्त हुँदा दुःखपूर्वक सुत्छन् । तथागतबाट त्यो मोह विहिन, मूलोच्छेद, काटिएको ताड वृक्ष झैं वृद्धि नहुने तथा पुनः उत्पन्न हुँदैन । त्यसैले म सुखपूर्वक सुत्ने हुँ ।"

"सब्बदा वे सुखं सेति, ब्राह्मणो परिनिब्बुतो ।
यो न लिम्पति कामेसु, सीतिभूतो निरूपधि ॥

"सब्बा आसत्तियो छेत्वा, विनेय्य हदये दरं ।
उपसन्तो सुखं सेति, सन्तिं पप्पुय्य चेतसो"ति ॥

"परिनिर्वाण लाभी ब्राह्मण सदैव सुखपूर्वक सुत्छ, जो कामभोगप्रति लिप्त हुँदैन र उपाधिरहित शान्त हुन्छ ।

"समस्त आसक्ति छेदन गरी हृदय दुःखलाई हटाई उपशान्त सुखपूर्वक सुत्छ र चित्तमा शान्ति लाभ गर्दछ ।"

## ६. देवदूतसुत्तं

३६. "भिक्षुहो ! यी तीन देवदूत हुन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ कसैले शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ र मनद्वारा दुष्कर्म गर्छ । उसबाट शरीरद्वारा दुष्कर्म हुँदा, वचनद्वारा दुष्कर्म हुँदा र मनद्वारा दुष्कर्म हुँदा शरीर भेद भई परम् मृत्युपश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो उसलाई नरकपालले बाहुमा समाती यमराजकहाँ लगेर देखाउँदै भन्छ-



Downloaded from http://dhamma.digital

"देव ! यसले माताप्रति, पिताप्रति, श्रमणप्रति र ब्राह्मणप्रति गौरव गरेन अनि कुलका ज्येष्ठतमलाई आदर-सत्कारभाव गरेन, देव ! यसलाई दण्ड दिनुस् ।' "

"भिक्षुहो ! यमराजले उसँग प्रथम देवदूत बारेमा प्रश्नोत्तर गर्छ, कारण सोध्छ, र कुराकानी गर्छ– 'हे पुरुष ! के तिमीले मनुष्य लोकमा प्रथम देवदूत प्रादुर्भूत भएको देखेनौ ?' उसले भन्छ– 'देखिन, भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! मनुष्यहरूमा स्त्री वा पुरुष अस्सी, नब्बे वा सय वर्षको जीर्ण, कुप्रो, भग्न, दण्ड परायण, थरथर काम्दै हिँड्ने, आतुर, यौवन बितेको, खण्डित दाँत, केश पाकेको, लुछिएको जस्तो केश, निहुरिएको जस्तो शीर, चाउरी परेको छाला र शरीरमा तिलको जस्तै दाग भएकोलाई के तिमीले देखेनौ ? उसले भन्छ– 'देखेको छु, भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! त्यस समय तिमी विज्ञ, स्मृतिवान र वृद्धावस्था हुँदा यस्तो मनमा आएन– 'म पनि वृद्ध हुँ, वृद्धबाट बच्न सकिन अतः मैले शरीर, वचन र मनले कल्याण हुने कर्म किन नगर्ने ? उसले भन्छ– 'सकिन, भन्ते ! प्रमादी भएँ भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! तिमी प्रमादी भई शरीर, वचन र मनले कल्याण हुने कर्म गरेनौ । त्यसैले, हे पुरुष ! तिमी जसरी प्रमादी भयौ, त्यसरी नै तिमीलाई दण्ड दिइनेछ । त्यस समय तिमीले गरेको पाप कर्म न त आमाले गरेकी हुन्, न त बाले गरेको हो, न त भाइले गरेको हो, न त बहिनीले गरेकी हुन्, न त बन्धुबान्धवले गरेका हुन्, न त रगतसम्बन्धित आफन्तले गरेको हो, न त देवताले गरेको हो, न त श्रमणब्राह्मणले गरेको हो, अथवा तिमीले नै त्यो पाप कर्म गर्‍यौ, तिमीले नै त्यो पाप कर्मको विपाक भोग्नु पर्नेछ ।

"भिक्षुहो ! यमराजले उसँग प्रथम देवदूत बारेमा प्रश्नोत्तर गरेपछि, कारण सोधेपछि र कुराकानी गरेपछि दोस्रो देवदूत बारेमा प्रश्नोत्तर गर्छ, कारण सोध्छ, र कुराकानी गर्छ– 'हे पुरुष ! के तिमीले मनुष्य लोकमा दोस्रो देवदूत प्रादुर्भूत भएको देखेनौ ?' उसले भन्छ– 'देखिन, भन्ते !' "भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! मनुष्यहरूमा स्त्री वा पुरुष रोगी भएको, दुःखित भएको, रोगाहा भई आफ्नै मलमूत्रमा परिरहेको, अरूद्वारा उठाउनु पर्ने र अरूद्वारा सुताउनु पर्नेलाई तिमीले देखेनौ ?' 'उसले भन्छ–'देखेको छु, भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! त्यस समय तिमी



Downloaded from http://dhamma.digital

विज्ञ, स्मृतिवान र वृद्धावस्था हुँदा यस्तो मनमा आएन– 'म पनि रोगी हुनुपर्छ, रोगी हुनबाट मुक्त हुने छैन, अतः मैलै शरीर, वचन र मनले कल्याण हुने कर्म किन नगर्ने ? उसले भन्छ– 'सकिन, भन्ते ! प्रमादी भएँ भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! तिमी नै प्रमादी भई शरीर, वचन र मनले कल्याण हुने कर्म गरेनौ । त्यसैले हे पुरुष ! तिमी जसरी प्रमादी भयौ, त्यसरी नै तिमीलाई दण्ड दिइनेछ । त्यस समय तिमीले गरेको पाप कर्म न त आमाले गरेकी हुन्, न त बाले गरेको हो, न त भाइले गरेको हो, न त बहिनीले गरेकी हुन्, न त बन्धुबान्धवले गरेका हुन्, न त रगतसम्बन्धित आफन्तले गरेको हो, न त देवताले गरेको हो, न त श्रमणब्राह्मणले गरेको हो, अथवा तिमीले नै त्यो पाप कर्म गर्‍यौ, तिमीले नै त्यो पाप कर्मको विपाक भोग्नु पर्नेछ ।' "

"भिक्षुहो ! यमराजले उसँग दोस्रो देवदूत बारे प्रश्नोत्तर गरेपछि, कारण सोधेपछि र कुराकानी गरेपछि तेस्रो देवदूत बारे प्रश्नोत्तर गर्छ, कारण सोध्छ, र कुराकानी गर्छ– 'हे पुरुष ! के तिमीले मनुष्य लोकमा तेस्रो देवदूत प्रादुर्भूत भएको देखेनौ ?' उसले भन्छ– 'देखिन, भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! मनुष्यहरूमा स्त्री वा पुरुष मरेर एक दिन, दुई दिन र तीन दिनको हुँदा फूलेको, नीलोरूप भई शरीरबाट पीप बगिरहेको तिमीले देखेनौ ?' उसले भन्छ– 'देखेको छु, भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! त्यस समय तिमी विज्ञ, स्मृतिवान र वृद्धावस्था हुँदा यस्तो मनमा आएन– 'म पनि रोगी हुनुपर्छ, रोगी हुमबाट मुक्त हुने छैन, अतः मैलै शरीर, वचन र मनले कल्याण हुने कर्म किन नगर्ने ? उसले भन्छ– 'सकिन, भन्ते !, प्रमादी भएँ भन्ते !' "

"भिक्षुहो ! यमराजले उसलाई यसो भन्छ– 'हे पुरुष ! तिमी नै प्रमादी भई शरीर, वचन र मनले कल्याण हुने कर्म गरेनौ । त्यसैले, हे पुरुष ! तिमी जसरी प्रमादी भयौ, त्यसरी नै तिमीलाई दण्ड दिइनेछ । त्यस समय तिमीले गरेको पाप कर्म न त आमाले गरेकी हुन्, न त बाले गरेको हो, न त भाइले गरेको हो, न त बहिनीले गरेकी हुन्, न त बन्धुबान्धवले गरेका हुन्, न त रगतसम्बन्धित आफन्तले गरेको हो, न त देवताले गरेको हो, न त श्रमणब्राह्मणले गरेको हो, अथवा तिमीले नै त्यो पाप कर्म गर्‍यौ, तिमीले नै त्यो पाप कर्मको विपाक भोग्नु पर्नेछ ।' "



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यमराजले उसँग तेस्रो देवदूत बारे प्रश्नोत्तर गरेपछि, कारण सोधेपछि र कुराकानी गरेपछि मौन हुन्छ । मौन भएपछि, भिक्षुहो ! नरकपालहरूले उसलाई पाँच प्रकारका दण्ड दिन्छ । तप्त फलामको कीलाले हातमा ठोक्छ, तप्त फलामको कीलाले दोस्रो हातमा ठोक्छ । तप्त फलामको कीलाले पाउमा ठोक्छ, तप्त फलामको कीलाले दोस्रो पाउमा ठोक्छ । तप्त फलामको कीलाले छातिको माझमा ठोक्छ । ऊ त्यहाँ तिब्र दुःख, खरो, कटु वेदना भोग्छ । त्यति बेलासम्म मरण हुँदैन जुन बेलासम्म पापकर्म क्षय हुँदैन ।

"भिक्षुहो ! नरकपालहरूले उसलाई उत्तानो पारी बन्चरोले ताछ्छ । ऊ त्यहाँ तिब्र दुःख, खरो, कटु वेदना भोग्छ । त्यति बेलासम्म मरण हुँदैन जुन बेलासम्म पापकर्म क्षय हुँदैन ।

"भिक्षुहो ! नरकपालहरूले उसलाई शीर तल, पाउ माथि पारेर बसलाले ताछ्छ... । "भिक्षुहो ! नरकपालहरूले उसलाई तप्त भूमिमा, प्रज्वलित भूमिमा र प्रदिप्त भूमिमा रथमा जोती अगाडि हाँक्दै लैजाँदा पनि अनि पछिल्तिर हाँक्दै ल्याउँदा पनि... । भिक्षुहो ! नरकपालहरूले तप्त, प्रज्वलित र प्रदिप्त महाअँगार पर्वतमा चढ्न लाउँछ र ओराल्न लाउँछ... । भिक्षुहो ! नरकपालहरूले उसलाई तप्त, प्रज्वलित, प्रदिप्त तातेको लौह कुम्भिमा शीर तल पाउ माथि पार्दै खसाल्छ । ऊ त्यसमा खारिएर पाक्दै गर्दा शरीरबाट फिँज निस्केर माथितिर पनि आउँछ, तलतिर पनि डुब्छ अनि तेर्सो पनि लाग्छ । ऊ त्यहाँ तिब्र दुःख, खरो, कटु वेदना भोग्छ । त्यति बेलासम्म मरण हुँदैन जुन बेलासम्म पापकर्म क्षय हुँदैन । अनि भिक्षुहो ! उसलाई महानरकमा फाली दिन्छ । त्यो महानरक यस्तो हुन्छ–

"चतुक्कण्णो चतुद्वारो, विभत्तो भागसो मितो ।
अयोपाकारपरियन्तो, अयसा पटिकुज्जितो ॥
"तस्स अयोमया भूमि, जलिता तेजसा युता ।
समन्ता योजनसतं, फरित्वा तिट्ठति सब्बदा"ति ॥

"चतुर्कोण, चतुर्द्वार समान भागले विभक्त छन् । चारै दिशा फलामे पाताको पर्खाल र फलामले नै छाना छाएको हुन्छ । त्यस फलामे भूमिमा चारैतिर सय योजनसम्म निरन्तर आगोको ज्वाला फैलिरहेको हुन्छ ।"

"भिक्षुहो ! परापूर्व कालमा यमराजलाई यस्तो लागेको थियो– संसारमा यदि कसैले पाप कर्म गरे उसलाई यसरूपको विविध प्रकारले दण्ड भोग दिन्छ । अहो ! म मनुष्य भई जन्म लिन पाए हुन्थ्यो, संसारमा तथागत अर्हत, सम्यकसम्बुद्ध



Downloaded from http://dhamma.digital

को जन्म भए हुन्थ्यो, मैले वहाँको सत्सङ्गत गर्न पाएं हुन्थ्यो, वहाँ भगवानले मलाई धर्म देशना गर्नु भए हुन्थ्यो अनि मैले वहाँ भगवानको उपदेश सुन्न र जान्न पाए हुन्थ्यो । भिक्षुहो ! मैले यो कुरा कोही अन्य श्रमण वा ब्राह्मणबाट सुनेर भनेको होइन । भिक्षुहो ! जेजति म स्वयम्ले जानें, स्वयम्ले देखें र स्वयम्ले विदित गरें त्यही नै भन्दछु ।"

"चोदिता देवदूतेहि, ये पमज्जन्ति माणवा ।
ते दीघरत्तं सोचन्ति, हीनकायूपगा नरा ॥

"ये च खो देवदूतेहि, सन्तो सप्पुरिसा इध ।
चोदिता नप्पमज्जन्ति, अरियधम्मे कुदाचनं ॥

"उपादाने भयं दिस्वा, जातिमरणसम्भवे ।
अनुपादा विमुच्चन्ति, जातिमरणसङ्खये ॥

"ते अप्पमत्ता सुखिनो, दिट्ठधम्माभिनिब्बुता ।
सब्बवेरभयातीता, सब्बदुक्खं उपच्चगु"न्ति ॥

"देवदूतद्वारा सचेत गराउँदा पनि जो मानवहरू प्रमादी हुन्छन्, ती मानवहरू हीनावस्थामा पुगी दीर्घकालसम्म सोचमा पर्छन् ।

"यहाँ जो सत्पुरुषहरू हुन् उनीहरूलाई देवदूतद्वारा सचेत गराउँदा आर्य धर्ममा कहिले पनि प्रमादी हुँदैनन् ।

"जन्म-मरणको कारण उपादान स्कन्धमा भयदर्शी भई, उपादानरहित भई जन्म-मरणको चक्रबाट विमुक्त हुन्छन् ।

"तिनीहरू अप्रमादी भई समस्त वैरभयबाट मुक्त हुन्छन्, सम्पूर्ण दुःखबाट पार हुन्छन् र सुखी भई यसै जन्ममा निर्वाण लाभी हुन्छन् ।"

## ७. चतुमहाराजसुत्तं

३७. "भिक्षुहो ! पक्षको अष्टमीमा चतुमहाराजका अमात्य, परिषदहरू यस लोकमा विचरण गर्दै हेर्नेगर्छन्– 'के मनुष्य लोकमा अधिकांश मानिसहरू मातृ सेवा, पितृ सेवा, श्रमण सेवा, ब्राह्मण सेवा, घरका ज्येष्ठप्रति सेवा गर्छन कि



Downloaded from http://dhamma.digital

गर्दैनन्, उपोसथ व्रत लिन्छन् कि लिंदैनन्, जाग्रत छन् कि छैनन् अनि पुण्य कर्म गर्छन् कि गर्दैनन् ।' भिक्षुहो ! पक्षको औंसीमा चतुमहाराजका पुत्र यस लोकमा विचरण गर्दै हेर्नेगर्छन्– 'के मनुष्य लोकमा अधिकांश मानिसहरू मातृ सेवा, पितृ सेवा, श्रमण सेवा, ब्राह्मण सेवा, घरका ज्येष्ठप्रति सेवा गर्छन कि गर्दैनन्, उपोसथ व्रत लिन्छन् कि लिंदैनन्, जाग्रत छन् कि छैनन् अनि पुण्य कर्म गर्छन् कि गर्दैनन् ।' भिक्षुहो ! त्यस्तै गरी उपोसथको पूर्णिमामा स्वयम् चतुमहाराज यस लोकमा विचरण गर्दै हेर्नेगर्छन्– 'के मनुष्य लोकमा अधिकांश मानिसहरू मातृ सेवा, पितृ सेवा, श्रमण सेवा, ब्राह्मण सेवा, घरका ज्येष्ठप्रति सेवा गर्छन कि गर्दैनन्, उपोसथ व्रत लिन्छन् कि लिंदैनन्, जाग्रत छन् कि छैनन् अनि पुण्य कर्म गर्छन् कि गर्दैनन् ।' "

"भिक्षुहो ! यदि मनुष्य लोकमा मातृ सेवा गर्ने, पितृ सेवा गर्ने, श्रमणहरू सेवा गर्ने, ब्राह्मणहरू सेवा गर्ने, घरका ज्येष्ठप्रति सेवा गर्ने, उपोसथ व्रत लिने, जाग्रतरहने र पुण्य कर्म गर्ने कम हुँदा, भिक्षुहो ! ती चतुमहाराजाहरू तावतिंस (त्रयोत्रिंश) सुधर्मा सभामा एकत्रित भएका देवताहरूलाई सुनाउँछन्– 'देवहो ! मनुष्य लोकमा मातृ सेवा गर्ने, पितृ सेवा गर्ने, श्रमणहरू सेवा गर्ने, ब्राह्मण सेवा गर्ने, घरका ज्येष्ठलाई सेवा गर्ने, उपोसथ व्रत लिने, जाग्रतरहने र पुण्य कर्म गर्ने कम छन् ।' भिक्षुहो ! त्यसबेला देवहरू असन्तुष्ट हुन्छन्– 'दिव्यकाय परिहीन हुन्छ र असुरकाय परिपूर्ण हुन्छ ।' "

"भिक्षुहो ! यदि मनुष्य लोकमा मातृ सेवा गर्ने, पितृ सेवा गर्ने, श्रमणहरू सेवा गर्ने, ब्राह्मणहरू सेवा गर्ने, घरका ज्येष्ठप्रति सेवा गर्ने, उपोसथ व्रत लिने, जाग्रत रहने र पुण्य कर्म गर्ने धेरै हुँदा, भिक्षुहो ! ती चतुमहाराजाहरू तावतिंस सुधर्मा सभामा एकत्रित भएका देवताहरूलाई सुनाउँछन्– 'देवहो ! मनुष्य लोकमा मातृ सेवा गर्ने, पितृ सेवा गर्ने, श्रमणहरू सेवा गर्ने, ब्राह्मणहरू सेवा गर्ने, घरका ज्येष्ठप्रति सेवा गर्ने, उपोसथ व्रत लिने, जाग्रत रहने र पुण्य कर्म गर्ने धेरै छन् ।' भिक्षुहो ! त्यसबेला देवहरू सन्तुष्ट हुन्छन्– 'दिव्यकाय परिपूर्ण हुन्छ र असुरकाय परिहीन हुन्छ ।' "

"भिक्षुहो ! पूर्वकालमा देवराज इन्द्रले तावतिंसमा देवहरूप्रति दया गरी यो गाथा भनको थियो–

"चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी ।
पाटिहारियपक्खञ्च, अट्ठङ्गसुसमागतं ।
उपोसथं उपवसेय्य, योपिस्स मादिसो नरो"ति ॥



Downloaded from http://dhamma.digital

"जो कोही म जस्तै हुन चाहेमा चतुर्दशी, पूर्णिमा, पक्षका अष्टमीको दिनमा र प्रातिहार्य पक्षमा अष्टाङ्ग उपोसथ व्रतलाई सुसम्पन्न गर ।"

"भिक्षुहो ! देवराज इन्द्रको जुन त्यो गाथा हो त्यो सुगीत होइन, दुर्गीत हो तथा सुभाषित होइन, दुर्भाषित हो । त्यो के कारण ? भिक्षुहो ! देवराज इन्द्र रागबाट रहित भएको छैन, द्वेषबाट रहित भएको छैन र मोहबाट रहित भएको छैन ।

"भिक्षुहो ! जो भिक्षु अर्हत हुन्छ, क्षीणाश्रव हुन्छ, श्रेष्ठ ब्रह्मचर्य जीवन व्यतित गर्छ, गर्नु पर्ने कार्य गरी सकेको हुन्छ, भार वहन गर्नबाट मुक्त हुन्छ, सदर्थ प्राप्त गरी सकेको हुन्छ, भव संयोजन रहँदैन र सम्यकज्ञानद्वारा विमुक्त हुन्छ । भिक्षुहो ! त्यो भिक्षुको यो कथन समुचित हो–

**"चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी ।**
**पाटिहारियपक्खञ्च, अट्ठङ्गसुसमागतं ।**
**उपोसथं उपवसेय्य, योपिस्स मादिसो नरो"ति ॥**

"जो कोही म जस्तै हुन चाहेमा चतुर्दशी, पूर्णिमा, पक्षको अष्टमीमा, प्रातिहार्य पक्षमा अष्टाङ्ग उपोसथ व्रतलाई सुसम्पन्न गर ।"

"त्यो के कारण ? भिक्षुहो ! त्यो भिक्षु रागरहित हुन्, द्वेषरहित हुन् अनि मोहरहित हुन् ।"

## ८. दुतियचतुमहाराजसुत्तं

३८. "भिक्षुहो ! पूर्वकालमा देवराज इन्द्रले तावतिंस (इन्द्र लोकमा) देवहरूप्रति दया गरी यो गाथा भने–

**"चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी ।**
**पाटिहारियपक्खञ्च, अट्ठङ्गसुमागतं ।**
**उपोसथं उपवसेय्य, योपिस्स मादिसो नरो"ति ॥ (अर्थ माथिकै)**

"भिक्षुहो ! देवराज इन्द्रको जुन त्यो गाथा हो त्यो सुगीत होइन, दुर्गीत हो तथा सुभाषित होइन, दुर्भाषित हो । त्यो के कारण ? भिक्षुहो ! देवराज इन्द्र जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासबाट अपरिमुक्त हुन् तथा दुःखबाट अपरिमुक्त हुन् भनी भन्दछु ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जो भिक्षु अर्हत हुन्छ, क्षीणाश्रव हुन्छ, श्रेष्ठ ब्रह्मचर्य जीवन व्यतित गर्छ, गर्नु पर्ने कार्य गरी सकेका, भार वहन गर्नबाट मुक्त, सदर्थ प्राप्त गरी सकेका, भव संयोजन नरहेका र सम्यकज्ञानद्वारा विमुक्त हुन्छ । भिक्षुहो ! त्यो भिक्षुको यो कथन समुचित हो–

**"चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी ।**
**पाटिहारियपक्खञ्च, अट्ठङ्गसुमागतं ।**
**उपोसथं उपवसेय्य, योपिस्स मादिसो नरो"ति ॥ (अर्थ माथिकै)**

"त्यो के कारण ? भिक्षुहो ! त्यो भिक्षु जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासबाट मुक्त हुन् तथा दुःखबाट मुक्त हुन् भनी भन्दछु ।"

## ९. सुखुमालसुत्तं

३९. "भिक्षुहो ! म सुखमय, परम सुखमय र अत्यन्तै सुखमयकासाथ थिएँ । भिक्षुहो ! मेरा पिताको घरनिर पोखरीहरू थिए । एउटामा कमलको फूल, नील कमलको फूल तथा रक्त कमलको फूलहरू फूलेका हुन्थे । ती सबै मेरै निम्ति थिए । भिक्षुहो ! त्यस समय मैले काशीको चन्दन बाहेक अरू चन्दन लाउँदिन थिएँ । भिक्षुहो ! काशीमा बनेको नै मेरो फेता हुन्थ्यो, काशीकै कवच, काशीकै वस्त्र र काशीकै च्यादर हुन्थ्यो । भिक्षुहो ! मलाई शीत, गर्मीमा तृण तथा ओस नलागोस् भनी रातदिन श्वेत छत्र ओढ्न लगाइएको हुन्थ्यो ।

"भिक्षुहो ! त्यस समय एउटा हेमन्त ऋतुको निम्ति, एउटा गृष्म ऋतुको निम्ति र एउटा वर्षा ऋतुको निम्ति भनी मेरा तीन प्रासादहरू थिए । भिक्षुहो ! म वर्षाको तीन महिनासम्म तूर्य वाद्यवादनको लयमा पुरुषविहिन परिचारिकाहरूद्वारा घेरिएर प्रासादको माथिल्लो तल्लाबाट तल आउँदिन थिएँ । भिक्षुहो ! अरूका घरमा जहाँ कि दास तथा नोकरहरूलाई कणिकाको भात, विलङ्ग (गुणस्तर हिन) खाद्य दिइन्छ भने मेरो पिताको घरमा दास तथा नोकरहरूलाई शालिको भात र मासु दिइन्थ्यो ।

"भिक्षुहो ! त्यस समय यस्तो सुख ऐश्वर्य परिभोग गरिरहँदा, मलाई यस्तो लाग्थ्यो– 'अश्रुतवान, पृथकजन (साधारणजन) स्वयम् बुढो हुनुपर्ने तथा बुढोहुनबाट छुटकारा नपाउने हुँदा पनि अरू बुढो देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्छन् । म पनि बुढो हुनुपर्छ, बुढोहुनबाट मुक्त हुनेछैन । बुढो देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्नु यो मेरो निम्ति उचित होइन ।' भिक्षुहो ! मैले यसरी विचार गर्दा ममा भएको



Downloaded from http://dhamma.digital

यौवन मद विनष्ट भयो ।

'अश्रुतवान, पृथकजन स्वयम् रोगी हुनुपर्ने तथा रोगी हुनबाट छुटकारा नपाउने हुँदा पनि अरू रोगी देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्छन् । म पनि रोगी हुनुपर्छ तथा रोगी हुनबाट मुक्त हुने छैन । रोगी देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्नु यो मेरो निम्ति उचित होइन ।' भिक्षुहो ! मैले यसरी विचार गर्दा ममा भएको आरोग्य मद विनष्ट भयो ।

'अश्रुतवान, पृथकजन स्वयम् मृत्यु हुनुपर्ने तथा मृत्यु हुनबाट छुटकारा नपाउने हुँदा पनि अरू मृत्यु भएको देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्छन् । म पनि मर्नु पर्छ तथा मृत्यु हुनबाट मुक्त हुनेछैन । मृत्यु देख्दा उद्वेगी, लज्जित तथा घृणा गर्नु यो मेरो निम्ति उचित होइन ।' भिक्षुहो ! मैले यसरी विचार गर्दा ममा भएको जीवन मद विनष्ट भयो ।

"भिक्षुहो ! यी तीन मद हुन् । ती तीन के के हुन् ? यौवन मद, आरोग्य मद र जीवन मद । भिक्षुहो ! अश्रुतवान पृथकजन यौवन मत्ता भई शरीरद्वारा दुष्कर्म गर्छन्, वचनद्वारा दुष्कर्म गर्छन् र मनद्वारा दुष्कर्म गर्छन् । उसले शरीरद्वारा दुष्कर्म, वचनद्वारा दुष्कर्म र मनद्वारा दुष्कर्म गर्दा उसको शरीर भेद भई मृत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! आरोग्य मत्ता भई... । भिक्षुहो ! अश्रुतवान पृथकजन जीवन मत्ता भई शरीरद्वारा दुष्कर्म गर्छन्, वचनद्वारा दुष्कर्म गर्छन् र मनद्वारा दुष्कर्म गर्छन् । उसले शरीरद्वारा दुष्कर्म, वचनद्वारा दुष्कर्म र मनद्वारा दुष्कर्म गर्दा उसको शरीर भेद भई मृत्यु पश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ ।

"भिक्षुहो ! यौवन मत्ता भिक्षुले शिक्षा त्यागी हीनावस्थाका हुन्छन् । भिक्षुहो ! आरोग्य मत्ता... । भिक्षुहो ! जीवन मत्ता भिक्षुले शिक्षा त्यागी हीनावस्थाका हुन्छन् ।"

"ब्याधिधम्मा जराधम्मा, अथो मरणधम्मिनो ।
यथाधम्मा तथासन्ता, जिगुच्छन्ति पुथुज्जना ॥

"अहञ्चे तं जिगुच्छेय्यं, एवंधम्मेसु पाणिसु ।
न मेतं पतिरूपस्स, मम एवं विहारिनो ॥



Downloaded from http://dhamma.digital

"सोहं एवं विहरन्तो, ञत्वा धम्मं निरूपधिं ।
आरोग्ये योब्बनस्मिञ्च, जीवितस्मिञ्च ये मदा ॥

"सब्बे मदे अभिभोस्मि, नेक्खम्मे दट्ठु खेमतं ।
तस्स मे अहु उस्साहो, निब्बानं अभिपस्सतो ॥

"नाहं भब्बो एतरहि, कामानि पटिसेवितुं ।
अनिवत्ति भविस्सामि, ब्रह्मचरियपरायणो"ति ॥

"व्याधि-धर्मी, जरा-धर्मी र मरण धर्मी हुँदा पनि पृथकजनले त्यसरूपको व्यक्तिलाई घृणा गर्छन् ।

"यस प्रकारका व्यक्तिलाई मैले नै यसरी घृणा गऱ्यो भने त यो व्यवहार मेरो निम्ति उचित होइन ।

"मैले यो उपाधिरहित धर्म जानेर विहरण गर्दा आरोग्य, यौवन र जीवन मदप्रति जुन मद भाव हो ती समस्त मदभाव परित्याग गरी नैष्क्रम्यमा कल्याण हुने देखें अनि निर्वाण दर्शन गरी त्यसैमा म उत्साहित हुन्छु ।

"यस अवस्थामा मैले काम-भोगको सेवन गर्नु योग्य होइन, ब्रह्मचर्य परायण भई नफर्किने हुन्छु ।"

## १०. अधिपतेय्यसुत्तं

४०. "भिक्षुहो ! यी तीन आधिपत्य हुन् । ती तीन के के हुन् ? आत्माधिपत्य, लोकाधिपत्य र धर्माधिपत्य । भिक्षुहो ! आत्माधिपत्य भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी वा वृक्षमूलवासी वा शुन्यागारवासी भई यसरी विचार गर्छ– 'म चीवरको लागि घर छाडी अनागारिक भई प्रव्रजित भएको होइन । न त पिण्डपातको लागि, न त शयनासनको लागि अनि न त यसोउसो बन्न घर छाडी अनागारिक भई प्रव्रजित भएको हुँ । अतः म जन्म, जरा, व्याधि, मरण, शोक, परिदेव, दुःख र दौर्मनस्यबाट पर रहन तथा दुःखबाट उत्तीर्ण हुनको निम्ति हो । यी दुःखस्कन्ध नाउँ गरेकोलाई अन्त गर्न पाए हुन्थ्यो । म समस्त काम भोगलाई छाडी तथा घर त्याग गरी अनागारिक प्रव्रजित भएँ । ती काम-भोगहरू खोज्दै हिंडें भने त्यसबाट झन नराम्रो काम हुने भयो । यो मेरो निम्ति उचित होइन ।' उसले यसरी विचार गर्छ– 'म आलस्यरहित हुन्छु, उत्साही भई प्रयत्नवान हुन्छु, स्मृतिविहिन



Downloaded from http://dhamma.digital

नभई स्मृतिवान हुन्छु, उत्तेजित नभई शान्त शरीरको हुन्छु र चित्त समाहित तथा एकाग्रताको हुन्छु । उसले आफूलाई नै अधिपति बनाई अकुशल त्याग्छ, कुशल भावना गर्छ, दोष हुने त्याग्छ, निर्दोष हुने भावना गर्छ अनि आफूलाई शुद्ध रूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– आत्माधिपत्य ।

"भिक्षुहो ! लोकाधिपत्य भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी वा वृक्षमूलवासी वा शुन्यागारवासी भई यसरी विचार गर्छ– 'म चीवरको लागि घर छाडी अनागारिक प्रव्रजित भएको होइन । न त पिण्डपातको लागि, न त शयनासनको लागि अनि न त यसोउसो बन्न घर छाडी अनागारिक भई प्रव्रजित भएको हुँ । अतः म जन्म, जरा, व्याधि, मरण, शोक, परिदेव, दुःख र दौर्मनस्यबाट हट्न तथा दुःखबाट उत्तीर्ण हुन हो । यी दुःखस्कन्धलाई अन्त गर्न पाए हुन्थ्यो ।' म प्रव्रजित भएर पनि काम वितर्कको वितर्कना गरें भने, व्यापाद वितर्कको वितर्कना गरें भने, विहिंसा वितर्कको वितर्कना गरें भने त यो संसार महान छ, यस महान संसारमा ऋद्धिवान, दिव्यचक्षु भएका र परचित्त जान्ने श्रमण ब्राह्मणहरू छन् । तिनीहरूले मलाई जानेको हुन्छ– 'भो हेर ! यी कुलपुत्र श्रद्धापूर्वक घर छाडी, अनागारिक प्रव्रजित भई पापमय अकुशल धर्मले धाकिएर बसेको छ । देवताहरू पनि ऋद्धिवान, दिव्यचक्षु र परचित्त जानेका हुन्छन् । वहाँहरूले टाढैबाट देख्न सक्छन्, सङ्गै हुँदा पनि हामीले देख्न सक्दैनौं र चित्तद्वारा चित्तलाई जानेको हुन्छ । तिनीहरूले मलाई जानेको हुन्छ– 'भो हेर ! यी कुलपुत्र श्रद्धापूर्वक घर छाडी, अनागारिक प्रव्रजित भई पापमय अकुशल धर्मले धाकिएर बसेको छ । उसले यसरी विचार गर्छ– 'म आलस्यरहित हुन्छु, उत्साही भई प्रयत्नवान हुन्छु, स्मृतिविहिन नभई स्मृतिवान हुन्छु, उत्तेजित नभई शान्त शरीरको हुन्छु र चित्त समाहित तथा एकाग्रताको हुन्छु । उसले लोकलाई नै अधिपति बनाई अकुशल त्याग्छ, कुशल भावना गर्छ, दोष त्याग्छ, निर्दोष हुने भावना गर्छ अनि आफूलाई शुद्ध रूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– लोकाधिपत्य ।

"भिक्षुहो ! धर्माधिपत्य भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु अरण्यवासी वा वृक्षमूलवासी वा शुन्यागारवासी भई यसरी विचार गर्छ– 'म चीवरको लागि घर छाडी अनागारिक प्रव्रजित भएको होइन । न त पिण्डपातको लागि, न त शयनासनको लागि अनि न त यसोउसो बन्न घर छाडी अनागारिक भई प्रव्रजित भएको हुँ । अतः म जन्म, जरा, व्याधि, मरण, शोक, परिदेव, दुःख र दौर्मनस्यबाट हट्न तथा दुःखबाट उत्तीर्ण हुन हो । यी दुःखस्कन्धलाई अन्त गर्न पाए हुन्थ्यो । भगवानको धर्म सुआख्यात छ, सान्दिृष्टिक छ, अकालिक छ, आएर हेर भन्न मिल्ने निर्वाणोन्मुख र प्रत्येक विज्ञजनले साक्षात्कार गर्न सकिने हो । मेरा ब्रह्मचारीले जानेर र देखेर नै यसमा बसिरहेका छन् । यदि म सुआख्यात धर्ममा प्रव्रजित भएर



Downloaded from http://dhamma.digital

पनि अल्छी हुनु र प्रमादी हुनु भनेको यो मेरो निम्ति योग्य होइन । उसले यसरी विचार गर्छ– 'म आलस्यरहित हुन्छु, उत्साही भई प्रयत्नवान हुन्छु, स्मृतिविहिन नभई स्मृतिवान हुन्छु, उत्तेजित नभई शान्त शरीरको हुन्छु र चित्त समाहित तथा एकाग्रको हुन्छु । उसले धर्मलाई अधिपति बनाई अकुशल त्याग्छ, कुशल भावनागर्छ, दोष हुने त्याग्छ, निर्दोषी भावना गर्छ अनि आफूलाई शुद्ध रूपले परिचालन गर्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– धर्माधिपत्य । भिक्षुहो ! यी नै तीन आधिपत्य हुन् ।"

**"नत्थि लोके रहो नाम, पापकम्मं पकुब्बतो ।**
**अत्ता ते पुरिस जानाति, सच्चं वा यदि वा मुसा ॥**

**"कल्याणं वत भो सक्खि, अत्तानं अतिमञ्ञसि ।**
**यो सन्तं अत्तनि पापं, अत्तानं परिगूहसि ॥**

**"पस्सन्ति देवा च तथागता च, लोकस्मिं बालं विसमं चरन्तं ।**
**तस्मा हि अत्ताधिपतेय्यको च, लोकाधिपो च निपको च झायी ॥**

**"धम्माधिपो च अनुधम्मचारी, न हीयति सच्चपरक्कमो मुनि ।**
**पसह्य मारं अभिभुय्य अन्तकं, यो च फुसी जातिक्खयं पधानवा ।**
**सो तादिसो लोकविदू सुमेधो, सब्बेसु धम्मेसु अतम्मयो मुनी" ति ॥**

"पापकर्मीको लागि लुकिछिपि गर्ने ठाउँ छैन, जसले पाप कर्म गर्छ त्यो स्वयम् आफैले नै जानेको हुन्छ सत्य हो कि, झूटो हो ।

"भो साक्षी ! तिमी कल्याणक हो, जो व्यक्तिले आफ्नो पाप आफैले छोप्छ, त्यो अतिक्रमण गरेको आफूलाई थाहा भएकै हुन्छ ।

"लोकमा मूर्ख व्यक्तिद्वारा विषम आचरण गर्दा देव र तथागतले देखेकै हुन्छ ।

"त्यसकारण आफूले आफैलाई नै आधिपत्य स्वीकारी स्मृतिवान हुनुपर्छ । लोकाधिपत्य स्वीकार्ने बुद्धिमानले ध्यान गर्नुपर्छ ।

"धर्मको आधिपत्य स्वीकारी धर्मानुसार आचरण गर्छ, यथार्थ पराक्रमी हुने मुनिको कहिल्यै पनि अवनति हुँदैन । मार र मृत्यु विजयी वीर्यवान व्यक्ति जन्म क्षय (निर्वाण लाभी) हुन्छ । लोकका ज्ञाता, पण्डित मुनिले समस्त धर्म (विषयादि) तृष्णाबाट पार हुन्छ ।"



Downloaded from http://dhamma.digital

# ५. चूलवग्गो

## १. सम्मुखीभावसुत्तं

४१. "भिक्षुहो ! तीन धर्म आफूसँग हुँदा श्रद्धावान कुलपुत्रले धेरै नै पुण्यार्जन गर्छ । ती तीन के के हुन् ? आफूसँग श्रद्धा हुँदा श्रद्धावान कुलपुत्रले धेरै नै पुण्यार्जन गर्छ । भिक्षुहो ! आफूसँग दातव्य वस्तु हुँदा श्रद्धावान कुलपुत्रले धेरै नै पुण्यार्जन गर्छ । भिक्षुहो ! दक्षिणेय्य हुँदा कुलपुत्रले धेरै नै पुण्यार्जन गर्छ । भिक्षुहो ! यी नै तीन धर्म आफूसँग हुँदा श्रद्धावान कुलपुत्रले धेरै नै पुण्यार्जन गर्न सक्छ ।"

## २. तिठानसुत्तं

४२. "भिक्षुहो ! तीन कारणद्वारा श्रद्धावान व्यक्ति प्रसन्न भएको बुझिन्छ । ती तीन के के हुन् ? शीलवानको दर्शन गर्न चाहेको हुन्छ, सद्धर्म श्रवणगर्न चाहेको हुन्छ अनि कन्जुसीपनको मैलरहित भई मुक्त-त्यागी, परिशुद्ध हात, दान दिइरहने उदार र संविभाजन गर्न मन लगाई गृहस्थजीवन यापन गर्छ । भिक्षुहो ! यी नै तीन कारणद्वारा श्रद्धावान व्यक्ति प्रसन्न भएको बुझिन्छ ।

"दस्सनकामो सीलवतं, सद्धम्मं सोतुमिच्छति ।
विनये मच्छेरमलं, स वे सद्धोति वुच्चती"ति ॥

"शीलवानको दर्शन गर्न चाहन्छ, सद्धर्म श्रवण गर्न चाहन्छ र कन्जुसीपन हटाउन चाहनेलाई नै श्रद्धावान भनिन्छ ।"

Dhamma Digital

## ३. अत्थवससुत्तं

४३. "भिक्षुहो ! तीन अर्थको कारणदर्शी भई अरूलाई धर्म देशना गर्नुपर्छ । ती तीन के के हुन् ? जसले धर्म देशना गर्छ उसले अर्थ र धर्मलाई जान्ने हुन्छ । जसले धर्मश्रवण गर्छ उसले अर्थ र धर्म जान्ने हुन्छ । जो धर्मदेशक र धर्म श्रवण कर्ता हुन्छ उसले यी दुवैले अर्थ र धर्म जानेको हुन्छ । भिक्षुहो यी नै तीन अर्थको कारणदर्शी भई अरूलाई धर्मदेशना गर्नुपर्छ ।"

## ४. कथापवत्तिसुत्तं

४४. "भिक्षुहो ! तीन अर्थदर्शी भई अरूलाई धर्मोपदेश दिनुपर्छ । ती तीन



Downloaded from http://dhamma.digital

के के हुन् ? जसले धर्मोपदेश दिन्छ उसले अर्थ र धर्म जान्नुपर्छ । जसले धर्म श्रवण गर्छ उसले अर्थ र धर्म जान्नुपर्छ । जो धर्मदेशक र धर्म श्रवणकर्ता हुन्छ यी दुवैले अर्थ र धर्म जान्नुपर्छ । भिक्षुहो यी नै तीन अर्थदर्शी भई अरूलाई धर्मोपदेश दिनुपर्छ ।"

## ५. पण्डितसुत्तं

४५. "भिक्षुहो ! यी तीन कारणले गर्दा पण्डितद्वारा प्रज्ञापित गरेका हुन् वा सत्पुरुषद्वारा प्रज्ञापित गरेका हुन् । ती तीन के के हुन् ? 'दान' पण्डितद्वारा प्रज्ञापित गरेको वा सत्पुरुषद्वारा प्रज्ञापित गरेको हो । 'प्रव्रज्या' पण्डितद्वारा प्रज्ञापित गरेको वा सत्पुरुषद्वारा प्रज्ञापित गरेको हो । मातापिताको सेवा पण्डितद्वारा प्रज्ञापित गरेको वा सत्पुरुषद्वारा प्रज्ञापित गरेको हो ।"

"सब्भि दानं उपञ्ञत्तं, अहिंसा संयमो दमो ।
मातापितु उपट्ठानं, सन्तानं ब्रह्मचारिनं ॥

"सतं एतानि ठानानि, यानि सेवेथ पण्डितो ।
अरियो दस्सनसम्पन्नो, स लोकं भजते सिव"न्ति ॥

"सन्तपुरुषले दान, अहिंसा, संयम, दम, शान्त भएका ब्रह्मचारी र मातापिताको सेवा गर्नुपर्छ भनी प्रज्ञापित गरिएको छ ।

"सत्पुरुषद्वारा प्रशंसित यी विषयानुरूप जो पण्डितले आचरण गर्छ, (ऊ) आर्यदर्शन गर्न योग्य व्यक्ति हुन् । ऊ समस्त लोकबाट पूजित भई भाग्यवान हुन्छ (देवलोकमा उत्पन्न हुन्छ) ।"

## ६. सीलवन्तसुत्तं

४६. "भिक्षुहो ! जुन गाउँ वा शहरको आश्रयमा प्रव्रजित बस्छ । त्यहाँका मानिसले तीन प्रकारले पुण्यार्जन गर्छ । ती तीन के के हुन् ? शरीर, वचन र मन । भिक्षुहो ! जुन गाउँ वा शहरको आश्रयमा प्रव्रजित बस्छ । त्यहाँका मानिसले यी नै तीन प्रकारले पुण्यार्जन गर्छ ।"



Downloaded from http://dhamma.digital

## ७. सङ्खतलक्खणसुत्तं

४७. "भिक्षुहो ! यी तीन संस्कार लक्षण हुन् । ती तीन के के हुन् ? उत्पन्न भएको थाहा हुन्छ, विनाश भएको थाहा हुन्छ अनि स्थित भई अन्यरूप भएको थाहा हुन्छ । भिक्षुहो ! यी नै तीन संस्कार लक्षण हुन् ।"

## ८. असङ्खतलक्खणसुत्तं

४८. "भिक्षुहो ! यी तीन असंस्कार लक्षण हुन् । ती तीन के के हुन् ? उत्पन्न नभएको थाहा हुन्छ, विनाश नभएको थाहा हुन्छ अनि स्थित तथा अन्यरूप नभएको थाहा हुन्छ । भिक्षुहो ! यी नै तीन असंस्कार लक्षण हुन् ।"

## ९. पब्बतराजसुत्तं

४९. "भिक्षुहो ! पर्वतराज हिमालयको आश्रयमा महाशाल वृक्ष तीन प्रकारले वृद्धि हुन्छ । ती तीन के के हुन् ? शाखा-पातका, बोक्रा अनि मूल दाँठको वृद्धि हुन्छ । भिक्षुहो ! पर्वतराज हिमालयको आश्रयमा महाशाल वृक्ष यी नै तीन प्रकारले वृद्धि हुन्छ ।

"भिक्षुहो ! यसरी नै श्रद्धावान कुलपुत्रको आश्रयमा बस्ने व्यक्तिलाई तीन प्रकारको वृद्धि हुन्छ । ती तीन के के हुन् ? श्रद्धा, शील अनि प्रज्ञा वृद्धि हुन्छ । भिक्षुहो ! श्रद्धावान कुलपुत्रको आश्रयमा बस्ने व्यक्तिलाई यी नै तीन प्रकारको वृद्धि हुन्छ ।"

"यथापि पब्बतो सेलो, अरञ्ञस्मिं ब्रहावने ।
तं रुक्खा उपनिस्साय, वड्ढन्ते ते वनप्पती ॥

"तथेव सीलसम्पन्नं, सद्धं कुलपतिं इध ।
उपनिस्साय वड्ढन्ति, पुत्तदारा च बन्धवा ॥
अमच्चा ञातिसङ्घा च, येचस्स अनुजीविनो ॥

"त्यास्स सीलववतो सीलं, चागं सुचरितानि च ।
पस्समानानुकुब्बन्ति, अत्थमत्थं विचक्खणा ॥

"इध धम्मं चरित्वान, मग्गं सुगतिगामिनं ।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो"ति ॥



Downloaded from http://dhamma.digital

"शैल पर्वतको आश्रित हुँदा जसरी घनाजङ्गलका ती वृक्ष र वनस्पतिको वृद्धि हुन्छ।

"त्यसरी नै शीलसम्पन्न श्रद्धावान कुलपतिको आश्रयमा बस्नेलाई यहाँ पुत्र-पुत्री, बान्धव, अमात्य, ज्ञाति-संघको वृद्धि हुन्छ।

"पण्डितले ती सदाचारीको शील, त्याग र सुचरित्रादि देख्दा अनुकरण गर्छ तथा क्रोधी हुँदैन।

"यहाँ धर्मको आचरण गरी सुगतिगामि मार्गबाट देवलोकमा आनन्दित हुन्छ अनि जेजे कामना गरे ती पूर्ण हुँदा आनन्दित हुन्छ।"

## १०. आतप्पकरणीसुत्तं

५०. "भिक्षुहो ! तीन कुरामा प्रयत्नशील हुनुपर्छ। ती तीन के के हुन् ? अनुत्पन्न पापकर्म तथा अकुशल धर्म उत्पन्न हुननदिन प्रयत्न गर्नुपर्छ। अनुत्पन्न कुशल धर्म उत्पन्न गर्नको निम्ति प्रयत्न गर्नुपर्छ। उत्पन्न शारीरिक दुःख, तीब्र, खर्रो, कटु, अस्वादिष्ट, अप्रिय र प्राण जाने समान वेदना सहने प्रयत्न गर्नुपर्छ। भिक्षुहो ! यी नै तीन कुरामा प्रयत्नशील हुनुपर्छ।

"भिक्षुहो ! जब भिक्षुले अनुत्पन्न पापकर्म उत्पन्न हुननदिन प्रयत्नशील हुन्छ तथा अनुत्पन्न कुशल धर्म उत्पन्न गर्नको निम्ति प्रयत्नशील हुन्छ। उत्पन्न शारीरिक दुःख, तीब्र, खर्रो, कटु, अस्वादिष्ट, अप्रिय र प्राण जाने समान वेदना सहन प्रयत्नशील हुन्छ। भिक्षुहो ! यस्तै प्रयत्नशील, बुद्धिमान, स्मृतिवान तथा सम्यकरूपले दुःख अन्त गर्ने भिक्षु भनिन्छ।"

## ११. महाचोरसुत्तं

५१. "भिक्षुहो ! तीन अङ्गसम्पन्न महाचोरले भित्ता पनि फोड्छ, लुटेर पनि लिन्छ, एउटै घरलाई घेरेर पनि चोरी गर्छ अनि लुट्नलाई बाटोमा पनि ढुक्छ। ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ महाचोर विषम-आश्रित हुन्छ, गहन-आश्रित हुन्छ अनि बलवान-आश्रित हुन्छ।

"भिक्षुहो ! महाचोर विषम-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ महाचोर नदीका दुर्गमस्थान अथवा पर्वतका विषम स्थानमा बस्छ। भिक्षुहो ! यसरी नै



Downloaded from http://dhamma.digital

महाचोर विषम-आश्रित हुन्छ ।

"भिक्षुहो ! महाचोर गहन-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ महाचोर तृण-गहन, वृक्ष-गहन, जङ्गल वा महावनमा लुकेर बस्छ । भिक्षुहो ! यसरी नै महाचोर गहन-आश्रित कसरी हुन्छ ।

"भिक्षुहो ! महाचोर बलवान-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ महाचोर राजाबाट वा राजमहामात्यबाट आश्रय पाएको हुन्छ । भिक्षुहो ! उसले यसरी विचार गर्छ– 'यदि मलाई कसैले केही भनेमा यी राजाले वा राजमहामात्यले मेरो हितको निम्ति बोलि दिनेछ । यदि कसैले केही भन्छ भने राजा वा राजमहामात्यले मलाई बचाउन बोलि दिनेछ । भिक्षुहो ! यसरी नै महाचोर बलवान-आश्रित हुन्छ । भिक्षुहो ! यी नै तीन अङ्गसम्पन्न महाचोरले भित्ता पनि फोड्छ, लुटेर पनि लिन्छ, एउटै घरलाई घेरेर पनि चोरी गर्छ अनि लुट्नलाई बाटोमा पनि ढुक्छ ।

"भिक्षुहो ! यसरी नै तीन अङ्गसम्पन्न पापी भिक्षुले आफूलाई चोट पुऱ्याउँछ, हानि पुऱ्याउँछ, दोषी हुन्छ, विज्ञजनबाट निन्दित हुन्छ अनि अपुण्यका भागी हुन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ पापी भिक्षु विषम-आश्रित हुन्छ, गहन-आश्रित हुन्छ अनि बलवान-आश्रित हुन्छ ।

"भिक्षुहो ! पापी भिक्षु विषम-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु विषम शारीरिक कर्मयुक्त हुन्छ, विषम वाचसिक कर्मयुक्त हुन्छ अनि विषम मानसिक कर्मयुक्त हुन्छ । भिक्षुहो ! यसरी पापी भिक्षु विषम-आश्रित हुन्छ ।

"भिक्षुहो ! पापी भिक्षु गहन-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु मिथ्यादृष्टिक हुन्छ, दुवैतिर शीर भएका अन्तरमा क्लेश वा कामभोगमय जीवनले युक्त हुन्छ । भिक्षुहो ! यसरी पापी भिक्षु गहन-आश्रित हुन्छ ।

"भिक्षुहो ! पापी भिक्षु बलवान-आश्रित कसरी हुन्छ ? भिक्षुहो ! यहाँ पापी भिक्षु राजाबाट वा राजमहामात्यबाट आश्रय पाएको हुन्छ । भिक्षुहो ! उसले यसरी विचार गर्छ– 'यदि मलाई कसैले केही भनेमा यी राजाले वा राजमहामात्यले मेरो हितको निम्ति बोलि दिनेछ । यदि कसैले केही भन्छ भने राजा वा राजमहामात्यले मलाई बचाउन बोलि दिनेछ । भिक्षुहो ! यसरी नै पापी भिक्षु बलवान-आश्रित हुन्छ । भिक्षुहो ! यसरी यी तीन अङ्गसम्पन्न पापी भिक्षुले आफूलाई चोट पुऱ्याउँछ, हानि पुऱ्याउँछ, दोषी हुन्छ, विज्ञजनबाट निन्दित हुन्छ अनि अपुण्यका भागी हुन्छ ।"



Downloaded from http://dhamma.digital

# २. दुतियपण्णसकं

## (६) १. ब्राह्मणवग्गो

### १. पठमद्वेब्राह्मणसुत्तं

५२. त्यस समय वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका दुई ब्राह्मणहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी सम्मोदनीय कुरा तथा सारणीय कुरा भई सकेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! हामी ब्राह्मणहरू वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका हौं । तै पनि हामीले आफ्नो कल्याण हुने कार्य गरेनौं, कुशल हुने कार्य गरेनौं तथा भयबाट मुक्त हुने कार्य गरेनौं । भो गोतम ! हामीलाई उपदेश दिनुहोस् । भो गोतम ! जे गर्दा हामीलाई दीर्घकालसम्म हित र सुख हुने हो, त्यो उपदेश दिनुहोस् ।"

"ब्राह्मणहो ! तिमीहरू निश्चय पनि वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका छौ । तैपनि तिमीहरूले आफ्नो कल्याण हुने कार्य गरेनौं, कुशल हुने कार्य गरेनौं तथा भयबाट मुक्त हुने कार्य गरेनौं । ब्राह्मणहो ! यस लोककालाई जरा, व्याधि र मरणद्वारा तानेर लगिरहेको छ । यसरी जरा, व्याधि र मृत्युले लगिरहेको हुनाले ब्राह्मणहो ! जसले यो शरीर संयम गर्छ, वचन संयम गर्छ अनि मन संयम गर्छ, त्यसले ती मृत्यु हुने व्यक्तिको त्राण हुन्छ, आश्रयस्थल हुन्छ, शरणस्थल हुन्छ तथा परायण हुन्छ ।"

"उपनीयति जीवितमप्पमायु, जरूपनीतस्स न सन्ति ताणा ।
एतं भयं मरणे पेक्खमानो, पुञ्ञानि कयिराथ सुखावहानि ॥

"योध कायेन संयमो, वाचाय उद चेतसा ।
तं तस्स पेतस्स सुखाय होति, यं जीवमानो पकरोति पुञ्ञ"न्ति ॥

"अल्पायुको यस जीवनलाई तानेर लगिरहन्छ, वृद्धावस्थालाई त्राण छैन । यस मृत्यु भयबाट मुक्त हुन चाहनेले सुखदायक पुण्यकर्म गर्नु ।

"जसले शरीर, वचन र मन संयम गर्छ, जसले जीवितरहँदा नै पुण्य कर्म गर्छ भने त्यसद्वारा मृत्यु हुने ती व्यक्तिलाई सुख हुनेछ ।"



Downloaded from http://dhamma.digital

## २. दुतियद्वेब्राह्मणसुत्तं

५३. त्यस समय वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका दुई ब्राह्मणहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती ब्राह्मणहरूले भगवानलाई यसो भने– "भो गोतम ! हामी ब्राह्मणहरू वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका हौं । तैपनि हामीले आफ्नो कल्याण हुने कार्य गरेनौं, कुशल हुने कार्य गरेनौं तथा भयबाट मुक्त हुने कार्य गरेनौं । भो गोतम ! हामीलाई उपदेश दिनुहोस् । भो गोतम ! जे गर्दा हामीलाई दीर्घकालसम्म हित र सुख हुने हो, त्यो उपदेश दिनुहोस् ।"

"ब्राह्मणहो ! तिमीहरू निश्चय पनि वृद्ध, जीर्ण, लामो आयुका, जन्मले १२० वर्षका तथा वर्ष पुगेका हौ । तैपनि तिमीहरूले आफ्नो कल्याण हुने कार्य गरेनौं, कुशल हुने कार्य गरेनौं तथा भयबाट मुक्त हुने कार्य गरेनौं । ब्राह्मणहो ! जरा, व्याधि र मरणद्वारा जलिरहेको छ । यसरी जरा, व्याधि र मरणद्वारा जलिरहेको हुनाले ब्राह्मणहो ! जसले यो शरीर संयम गर्छ, वचन संयम गर्छ अनि मन संयम गर्छ । त्यसले ती मृत्यु हुने व्यक्तिको त्राण हुन्छ, आश्रयस्थल हुन्छ, द्वीपस्थल हुन्छ र परायण हुन्छ ।"

"आदित्तस्मिं अगारस्मिं, यं नीहरति भाजनं ।
तं तस्स होति अत्थाय, नो च यं तत्थ डय्हति ॥

"एवं आदित्तो खो लोको, जराय मरणेन च ।
नीहरेथेव दानेन, दिन्नं होति सुनीहतं ॥

"योध कायेन संयमो, वाचाय उद चेतसा ।
तं तस्स पेतस्स सुखाय होति, यं जीवमानो पकरोति पुञ्ञ"न्ति ॥

"घरमा आगलागी हुँदा जुन सामानहरू बाहिर निकाल्छ, ती सामानहरू नै उसको निम्ति लाभदायक हुन्छ अर्थात त्यहाँ जलेको काम लाग्दैन ।

"यसरी नै जरा र मरणद्वारा जलिरहेको छ, दान दिएर बाहिर निकाल, दिनाले नै सुनिहित हुन्छ ।



Downloaded from http://dhamma.digital

"जसले शरीर, वचन र मनलाई संयम गर्छ अनि जसले जीवित रहँदा नै पुण्यकर्म गर्छ भने त्यसद्वारा मृत्यु हुने ती व्यक्तिलाई सुख हुनेछ।"

### ३. अञ्ञतरब्राह्मणसुत्तं

५४. त्यस समय कोही एक ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगी भगवानसँग सम्मोदनीय... एक ठाउँमा बसेका ती ब्राह्मणले भगवानसँग यसो सोधे– "भो गोतम ! 'दृष्टान्त धर्म (प्रत्यक्षीकरण), दृष्टान्त धर्म' भनी भन्दछन्। भो गोतम ! के गुण हुँदा दृष्टान्त धर्म हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ ?"

"हे ब्राह्मण ! रागद्वारा अनुरक्त, अभिभूत र वशीभूत चित्तले आफ्नो पनि अहित हुने र अरूको पनि अहित हुने सोच्छ, अनि चैतसिकमा पनि दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। राग नष्ट गर्दा न आफ्नो अहित, न अरूको अहित, न उभयपक्ष अहित हुने सोच्छ अनि न चैतसिकमा दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। रागद्वारा अनुरक्त हुँदा... शरीरले दुष्कर्म गर्छ, वचनले दुष्कर्म गर्छ अनि मनले दुष्कर्म गर्छ। राग नष्ट हुँदा न शरीरले दुष्कर्म गर्छ, न वचनले दुष्कर्म गर्छ अनि न मनले दुष्कर्म गर्छ। रागद्वारा अनुरक्त हुँदा आफ्नो अहित, अरूको अहित, उभयपक्षको अहित हुने थाहा पाउन सक्दैन। राग नष्ट गर्दा आफ्नो पनि हित हुने, अरूको पनि हित हुने अनि उभयपक्षको पनि हित हुने थाहा पाउन सक्छ। हे ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त धर्म हुन्छ... ।

"हे ब्राह्मण ! द्वेषद्वारा दूषित, अभिभूत र वशीभूत चित्तले आफ्नो पनि अहित हुने र अरूको पनि अहित हुने सोच्छ, अनि चैतसिकमा पनि दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। द्वेष नष्ट गर्दा न आफ्नो अहित, न अरूको अहित, न उभउपक्षको अहित हुने सोच्छ अनि न चैतसिकमा दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। हे ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त धर्म हुन्छ... ।

"हे ब्राह्मण ! मोहद्वारा मूढ, अभिभूत र वशीभूत चित्तले आफ्नो पनि अहित हुने र अरूको पनि अहित हुने सोच्छ, अनि चैतसिकमा पनि दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। मोह नष्ट गर्दा न आफ्नो अहित, न अरूको अहित, न उभउपक्षको अहित हुने सोच्छ अनि न चैतसिकमा दु:ख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ। हे ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त धर्म हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ।"



Downloaded from http://dhamma.digital

"अत्यन्तै राम्रो, भो गोतम ! अत्यन्तै राम्रो, भो गोतम ! जस्तै कि, भो गोतम ! घोप्टेकोलाई उत्तानो पारिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, बाटो भूलेकालाई बाटो देखाई दिए झैं, अन्धकारमा तेल प्रदीप बाली दिए झैं अनि आँखा हुनेले रूप देख्न सके झैं गरी तपाईं गोतमले अनेक प्रकारले धर्म प्रकाशित गर्नु भयो । अबदेखि म भगवान गोतमको शरणमा पर्छु, धर्म र भिक्षुसंघको पनि । भो गोतम ! आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ४. परिब्बाजकसुत्तं

५५. त्यस समय कोही एक ब्राह्मण परिव्राजक... त्यहाँ पुगी भगवानसँग सम्मोदनीय... एक ठाउँमा बसेका ती ब्राह्मण परिव्राजकले भगवानसँग यसो सोधे– "भो गोतम ! 'दृष्टान्त धर्म, दृष्टान्त धर्म' भनी भन्दछन् । भो गोतम ! के गुण हुँदा दृष्टान्त धर्म हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ ?"

"हे ब्राह्मण ! रागद्वारा अनुरक्त, अभिभूत र वशीभूत चित्तले आफूलाई पनि अहित हुने र अरूलाई पनि अहित हुने सोच्छ अनि चैतसिकमा पनि दुःख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ । राग नष्ट हुँदा न आफूलाई अहित, न अरूलाई अहित, न उभयपक्ष अहित हुने सोच्छ अनि न चैतसिकमा दुःख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ ।

रागद्वारा अनुरक्त, अभिभूत र वशीभूत चित्तको हुँदा शरीरले दुष्कर्म गर्छ, वचनले दुष्कर्म गर्छ अनि मनले दुष्कर्म गर्छ । राग नष्ट हुँदा न शरीरले दुष्कर्म गर्छ, न वचनले दुष्कर्म गर्छ अनि न मनले दुष्कर्म गर्छ ।

हे ब्राह्मण ! रागद्वारा अनुरक्त हुँदा आफूलाई अहित, अरूलाई अहित, उभयपक्ष अहित हुने जान्न सक्दैन । राग नष्ट हुँदा आफ्नो पनि हित हुने, अरूको पनि हित हुने अनि उभयपक्षको पनि हित हुने जान्न सक्छ । हे ब्राह्मण ! यसो हुँदा दृष्टान्त धर्म हुन्छ... ।

"हे ब्राह्मण ! द्वेषद्वारा दूषित... मोहद्वारा मूढ, अभिभूत र वशीभूत चित्तको हुँदा शरीरले दुष्कर्म गर्छ, वचनले दुष्कर्म गर्छ अनि मनले दुष्कर्म गर्छ । मोह नष्ट हुँदा न शरीरले दुष्कर्म गर्छ, न वचनले दुष्कर्म गर्छ अनि न मनले दुष्कर्म गर्छ ।



Downloaded from http://dhamma.digital

हे ब्राह्मण ! मोहद्वारा मूढ, अभिभूत र वशीभूत चित्तको हुँदा आफ्नो अहित, अरूको अहित र उभयपक्षको अहित हुने थाहा हुँदैन । मोह नष्ट हुँदा आफ्नो हित, अरूको हित र उभयपक्षको हित हुने थाहा हुन्छ । हे ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त धर्म हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ ।"

"अत्यन्तै राम्रो, भो गोतम !... आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ५. निब्बुतसुत्तं

५६. त्यस समय जानुस्सोणि ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका ती जानुस्सोणि ब्राह्मणले भगवानसँग यसो सोधे– "भो गोतम ! 'दृष्टान्त निर्वाण, दृष्टान्त निर्वाण' भनी भन्दछन् । भो गोतम ! के गुण हुँदा दृष्टान्त निर्वाण हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ ?"

"हे ब्राह्मण ! रागद्वारा अनुरक्त, अभिभूत र वशीभूत चित्तले आफूलाई पनि अहित हुने र अरूलाई पनि अहित हुने सोच्छ अनि चैतसिकमा पनि दुःख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ । राग नष्ट हुँदा न आफूलाई अहित, न अरूलाई अहित, न उभयपक्ष अहित हुने सोच्छ अनि न चैतसिकमा दुःख तथा दौर्मनस्यद्वारा व्यथित हुन्छ । ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त निर्वाण हुन्छ ।

"हे ब्राह्मण ! द्वेषद्वारा दूषित... मोहद्वारा मूढ अभिभूत र वशीभूत चित्तको हुँदा शरीरले दुष्कर्म गर्छ, वचनले दुष्कर्म गर्छ अनि मनले दुष्कर्म गर्छ । मोह नष्ट हुँदा न शरीरले दुष्कर्म गर्छ, न वचनले दुष्कर्म गर्छ अनि न मनले दुष्कर्म गर्छ । ब्राह्मण ! यस्तो हुँदा दृष्टान्त निर्वाण हुन्छ ।

"हे ब्राह्मण ! जब यो राग अवशेषै नरहने गरी क्षयको अनुभूति हुन्छ, द्वेष अवशेषै नरहने गरी क्षयको अनुभूति हुन्छ अनि मोह अवशेषै नरहने गरी क्षयको अनुभूति हुन्छ; तब ब्राह्मण ! दृष्टान्त निर्वाण हुन्छ, समय पर्खिरहनु नपर्ने, आएर हेर भन्न मिल्ने, निर्वाणमा पुऱ्याउने अनि विज्ञजनद्वारा साक्षात्कार गर्न सकिने छ ।"
"अत्यन्तै राम्रो, भो गोतम !... आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"



Downloaded from http://dhamma.digital

# ६. पलोकसुत्तं

५७. त्यस समय कोही एक महासाल ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए... एक ठाउँमा बसेपछि ती ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! पहिलेका ब्राह्मणहरूले, बुढापाकाहरूले अनि आचार्यप्राचार्यहरूले भन्दै गरेकोलाई मैले यस्तो सुनेकोछु– 'यसलोकमा पहिला मानौं अवीचि नरकमा झैं मनुष्यहरूद्वारा व्याप्त थियो तथा गाउँ, शहर र राजधानीमा कुखुराले भरिएको झैं थियो ।' भो गोतम ! कुन हेतु वा कुन कारण मनुष्यहरू यसरी नासिंदै गई कम भएको देख्न परेको, गाउँ पनि गाउँ जस्तो छैन, बस्ती पनि बस्ती जस्तो छैन, शहर पनि शहर जस्तो छैन अनि जनपद पनि जनपद जस्तो छैन ?"

"हे ब्राह्मण ! अहिले मानिसहरू अधर्मी, रागमा रङ्गिएका छन्, विषम लोभको वशीभूत छन् अनि मिथ्याधर्ममा लागिपरेका छन् । ती अधर्मी रागमा रञ्जित हुनाले, विषम लोभको वशीभूत हुनाले अनि मिथ्याधर्ममा लाग्नाले, धारिलो तेज शस्त्रादि लिई एक आपसले ज्यान लिने गर्दछन् । त्यसकारणले धेरै मानिस मर्दछन् । यसकारणले पनि तथा यसवापतले पनि हे ब्राह्मण ! मनुष्यहरू यसरी नासिंदै गई कम भएको देख्न थालेको, गाउँ पनि गाउँ जस्तो नभएको, बस्ती पनि बस्ती जस्तो नभएको, शहर पनि शहर जस्तो नभएको अनि जनपद पनि जनपद जस्तो नभएको ।

"अनि फेरि अर्को, ब्राह्मण ! अहिले मानिसहरू अधर्मी, रागमा रङ्गिएका छन्, विषम लोभको वशीभूत छन् अनि मिथ्याधर्ममा लागिपरेका छन् । ती अधर्मी रागमा रञ्जित हुनाले, विषम लोभको वशीभूत हुनाले अनि मिथ्याधर्ममा लाग्नाले देवले राम्रोसँग वर्षा गराउँदैन । वर्षा नहुँदा दुर्भिक्ष हुन्छ, खेती हुँदैन, बालिमा रोग लाग्ने र बोटमा दाना नलाग्ने हुन्छ । त्यसद्वारा धेरै मानिसको मृत्यु हुन्छ । यसकारणले पनि तथा यसवापतले पनि हे ब्राह्मण ! मनुष्यहरू यसरी नासिंदै गई कम देख्न थालेको, गाउँ पनि गाउँ जस्तो नभएको, बस्ती पनि बस्ती जस्तो नभएको, शहर पनि शहर जस्तो नभएको अनि जनपद पनि जनपद जस्तो नभएको ।

"अनि फेरि अर्को, ब्राह्मण ! अहिले मानिसहरू अधर्मी, रागमा रङ्गिएका छन्, विषम लोभको वशीभूत छन् अनि मिथ्याधर्ममा लागिपरेका छन् । ती अधर्मी रागमा रञ्जित हुनाले, विषम लोभको वशीभूत हुनाले अनि मिथ्याधर्ममा लाग्नाले यक्षहरूले अमनुष्यहरू छाडि दिन्छन् । त्यसद्वारा धेरै मानिसको मृत्यु हुन्छ । यसकारणले पनि तथा यसवापतले पनि हे ब्राह्मण ! मनुष्यहरू यसरी नासिंदै



Downloaded from http://dhamma.digital

गई कम भएको देख्न थालिएको, गाउँ पनि गाउँ जस्तो नभएको, बस्ती पनि बस्ती जस्तो नभएको, शहर पनि शहर जस्तो नभएको अनि जनपद पनि जनपद जस्तो नभएको ।"

"अत्यन्तै राम्रो, भो गोतम !... आज देखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ७. वच्छगोत्तसुत्तं

५८. त्यससमय वच्छगोत्त परिव्राजक जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग सम्मोदनीय कुरा तथा सारणीय कुरा भई सकेपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती वच्छगोत्त परिव्राजकले भगवानलाई यसो भने– "भो गोतम ! मैले यस्तो सुनेकोछु कि श्रमण गोतमले यसो भन्ने गर्छ– 'मलाई नै दान दिनु, अरूलाई दान नदिनु; मेरा श्रावकलाई नै दान दिनु, अरूका श्रावकलाई दान नदिनु; मलाई नै दिंदा महाफल हुन्छ । अरूलाई दिंदा महाफल हुँदैन । मेरा श्रावकलाई नै दिंदा महाफल हुन्छ । अरूका श्रावकलाई दिंदा महाफल हुँदैन । गोतम ! जुन तिनीहरूले यसो भन्छन् कि श्रमण गोतमले यसो भन्ने गर्छ– 'मलाई नै दान दिनु, अरूलाई दान नदिनु; मेरा श्रावकलाई नै दान दिनु, अरूका श्रावकलाई दान नदिनु; मलाई नै दिंदा महाफल हुन्छ । अरूलाई दिंदा महाफल हुँदैन । मेरा श्रावकलाई नै दिंदा महाफल हुन्छ । अरूका श्रावकलाई दिंदा महाफल हुँदैन । के तिनीहरूले भगवानको कथनानुसार नै भनेका हुन् कि, तपाईंलाई झूटो आरोप लगाएका ? धर्मपूर्वक नै व्याख्या गरेका हुन् कि अथवा सहधार्मिक मतद्वारा निन्दनीय ठाउँ ओगतेका त होइनन् ? मैले तपाई गोतमलाई निन्दा गर्न चाहन्न ।"

"हे वच्छ ! जुन तिनीहरूले यसो भन्छन् कि श्रमण गोतमले यसो भन्ने गर्छ– 'मलाई नै दान दिनु... अरूका श्रावकलाई दिंदा महाफल हुँदैन भनी भन्नेहरूले मेरो कथनानुसार भनेका होइनन् । यो असत्य तथा अयथार्थपूर्वक नै मलाई निन्दा गरेका हुन् । हे वच्छ ! जसले अरूद्वारा दिइने दानलाई रोक्छ उसले तीन अन्तराय गरेको हुन्छ । ती तीन के के हुन् ? दायकको पुण्य अन्तराय गरेको हुन्छ, प्रतिग्राहकको अन्तराय गरेको हुन्छ अनि आफूलाई पनि पहिले नै हानि तथा चोट पुऱ्याएको हुन्छ । हे वच्छ ! जसले अरूद्वारा दिइने दानलाई रोक्छ उसले यी नै तीन अन्तराय गरेको हुन्छ तथा तीन प्रकारले बाधा पुऱ्याएको हुन्छ ।

"हे वच्छ ! मैले यसो भन्ने गर्छु– जुन कि ती नीच वर्गका दुर्गन्धित फोहरमा बस्ने प्राणीहरूको लक्ष गरी त्यहाँ थाल धुँदा वा थालमा बचेको अन्न



Downloaded from http://dhamma.digital

फाल्छ तब त्यहाँ जो प्राणी छन् तिनीहरूले यसबाट आफ्नो जीवनयापन गरोस् भन्नाले पनि, वच्छ ! ऊ पुण्यका भागी हुन्छ भनी भन्दछु। मानिसलाई दान दिंदा त के नै भन्नु ! तर वच्छ ! शीलवानलाई दिएको दान महाफल हुन्छ भनी म भन्दछु। त्यस्तो महाफल दुश्शीललाई दिएको दानमा हुँदैन । उसले पञ्चाङ्ग नष्ट गरेको हुन्छ अनि पञ्चाङ्गमा युक्त हुन्छ ।

"कुन कुन पाँच अङ्गलाई नष्ट गरेको हुन्छ ? कामेच्छा (कामभोग-विषय ईच्छा) नष्ट गरेको हुन्छ, द्वेष नष्ट गरेको हुन्छ, शारीरिक र मानसिक आलस्य नष्ट गरेको हुन्छ, पश्चाताप तथा छटपटी नष्ट गरेको हुन्छ अनि शङ्का नष्ट गरेको हुन्छ। यी पञ्चाङ्गलाई नष्ट गरेको हुन्छ ।

"कुन कुन पाँच अङ्गले सम्पन्न हुन्छ ? अशैक्ष शीलस्कन्धमा सम्पन्न हुन्छ, अशैक्ष समाधिस्कन्धमा सम्पन्न हुन्छ, अशैक्ष प्रज्ञास्कन्धमा सम्पन्न हुन्छ, अशैक्ष विमुक्तिस्कन्धमा सम्पन्न हुन्छ अनि अशैक्ष विमुक्तिज्ञानदर्शनमा सम्पन्न हुन्छ । यी नै पञ्चाङ्गमा सम्पन्न हुन्छ । यी नै पञ्चाङ्ग नष्ट भएका अनि पञ्चाङ्गमा सम्पन्न भएकालाई दिएको दान महाफल हुन्छ भनी भन्दछु ।"

"इति कण्हासु सेतासु, रोहिणीसु हरीसु वा ।
कम्मासासु सरूपासु, गोसु पारेवतासु वा ॥

"यासु कासुचि एतासु, दन्तो जायति पुङ्गवो ।
धोरय्हो बलसम्पन्नो, कल्याणजवनिक्कमो ।
तमेव भारे युञ्जन्ति, नास्स वण्णं परिक्खरे ॥

"एवमेवं मनुस्सेसु, यस्मिं कस्मिञ्चि जातिये ।
खत्तिये ब्राह्मणे वेस्से, सुद्दे चण्डालपुक्कुसे ॥

"यासु कासुचि एतासु, दन्तो जायति सुब्बतो ।
धम्मट्ठो सिलसम्पन्नो, सच्चवादी हिरीमनो ॥

"पहीनजातिमरणो, ब्रह्मचरियस्स केवली ।
पन्नभारो विसंयुत्तो, कतकिच्चो अनासवो ॥

"पारगू सब्बधम्मानं, अनुपादाय निब्बुतो ।
तस्मिंयेव विरजे खेत्ते, विपुला होति दक्खिणा ॥



Downloaded from http://dhamma.digital

"बाला च अविजानन्ता, दुम्मेधा अस्सुताविनो ।
बहिद्धा देन्ति दानानि, न हि सन्ते उपासरे ॥

"ये च सन्ते उपासन्ति, सप्पञ्ञे धीरसम्मते ।
सद्धा च नेसं सुगते, मूलजाता पतिट्ठिता ॥

"देवलोकञ्च ते यन्ति, कुले वा इध जायरे ।
अनुपुब्बेन निब्बानं, अधिगच्छन्ति पण्डिता"ति ॥

"कालो, सेतो, रातो, पहेंलो, छिरविरे आफ्नै सन्तानको जस्तै रूप, परेवाको जस्तै रङ्ग भएका वृषभ ।

"यी रङ्गका जो कोही भएपनि दान्त, ढुवानी गर्न सकिने, बल सम्पन्न, कल्याणरूपले सिधा मार्गगामीलाई नै भार ढुवानी गराउँछ । वर्णको परीक्षा गरिँदैन ।

"यसरी नै मनुष्यमा पनि क्षेत्री, वैश्य, शुद्र, चाण्डाल र निकृष्ट कर्मीका निम्न जाती ।

"जो कोही पनि दान्त, सुव्रत, धर्ममा स्थित, शील सम्पन्न, सत्यवादी र लज्जालु हुन्छ ।

"जन्म र मरण नष्ट, केवल (पूर्ण) ब्रह्मचारी, भार वहन गर्नबाट मुक्त, कृतकृत्य (गर्नु पर्ने कार्य सम्पन्न गरेका), अनाश्रवी (आशाबाट मुक्त) हुन्छ ।

"सर्वधर्ममा पारङ्गत, उपादानरहित, क्लेश सन्तापबाट निवृत, त्यस प्रकारको रजबाट रहित क्षेत्रमा दान दिँदा नै विपुल हुन्छ ।

"अन्जान बाल, अपण्डित र अश्रुतवानले यस शासनबाट बाहिरकालाई दान दिन्छ । शान्त भएकालाई उपाशना गर्दैन ।

"जो सन्तले प्रज्ञावान, धीर सम्मतलाई उपाशना गर्छ, उसको श्रद्धा सुगतप्रति हुन्छ । ऊ मूलरूपमा प्रतिष्ठित हुन्छ ।

उसको जन्म देवलोकमा हुन्छ, यस लोकमा जन्मे उच्चकुलमा हुन्छ अनि क्रमानुसार पण्डित निर्वाणगामी हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ८. तिकण्णसुत्तं

५९. त्यससमय तिकण्ण ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग... एक ठाउँमा बसेपछि तिकण्ण ब्राह्मणले भगवान समक्ष त्रैविद्य ब्राह्मणहरूका गुण वर्णन गरे– "त्रैविद्य ब्राह्मणहरू यस्तो गुणका हुन्छन्, यस्तै यस्तै नै हुन्छन् त्रैविद्य ब्राह्मणहरू ।"

"हे ब्राह्मण ! ब्राह्मणहरूले कस्ता ब्राह्मणहरूलाई त्रैविद्य भन्दछन् ?" "भो गोतम ! यहाँ ब्राह्मण माताद्वारा पिताद्वारा तथा उभयबाटै सुजात हुन्छ र शुद्ध गर्भधारण गरेको हुन्छ । सात पुस्तादेखि शुद्ध हुन्छ । जातिवादको दृष्टिले बहिष्कृत नभएको र कुनै दोष लागेको हुँदैन । अध्यापक, मन्त्रधर र तीनै वेदमा पारङ्गत हुन्छ, निघण्डु, कौस्तुभ, अक्षर प्रभेद, पञ्चमक, इतिहास, पदक, व्याकरण, लोकायत र महापुरुष लक्षणका ज्ञाता हुन्छन् । भो गोतम ! ब्राह्मणहरूलाई त्रैविद्य भनी यसरी नै प्रज्ञापित गर्दछन् ।"

"हे ब्राह्मण ! ब्राह्मणहरूले ब्राह्मणहरूका त्रिविद्या अर्कै किसिमले प्रज्ञापित गर्दोरहेछ । आर्य विनयमा भने अर्कै नै किसिमको त्रिविद्या हुन्छ ।" "भो गोतम ! आर्य विनयमा कुन तरिकाको त्रिविद्या हुन्छ ?" तपाईं गोतमले मेरो निम्ति हित हुने गरी त्यो धर्मदेशना गर्नुहोस् जुन कि– आर्य विनयमा त्रिविद्या भनिन्छ । "ब्राह्मण ! त्यसोभए राम्रोसँग ध्यान दिएर सुन र मनमा धारण गर भन्नेछु ।" "हवस् भन्ते !" भनी तिकण्ण ब्राह्मणले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"ब्राह्मण ! यहाँ भिक्षु काम-विषयभोगबाट रहित भई, अकुशल धर्म त्यागी सवितर्क सविचार एकान्तमय प्रीतिसुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ । वितर्क-विचार उमशमन गरी आन्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय द्वितीयध्यान लाभ गरी बस्छ । प्रीतिबाट विरागिएर उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुखानुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्–'उपेक्षक स्मृतिवान र सुखविहारी' तृतीय-ध्यान लाभ गरी बस्छ । सुखलाई पनि त्यागी अनि दु:खलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदु:ख-असुख, उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभ गरी बस्छ ।

"ऊ यसरी समाहित चित्त, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदुभाव, कर्मण्य, निश्चल हुँदा पूर्वजन्मको स्मरण ज्ञानमा चित्त लगाउँछ । उसले पूर्वजन्मका अनेकौं प्रकारले स्मरण गर्छ जस्तै– 'एकजन्म, दुईजन्म, तीनजन्म, चारजन्म,



Downloaded from http://dhamma.digital

पाँचजन्म, दसजन्म, बीसजन्म, तीसजन्म, चालिसजन्म, पचासजन्म, सयजन्म, सहश्रजन्म, शतसहश्रजन्म, अनेकौं संवर्तकल्प, अनकौं विवर्तकल्प, अनेकौं संवर्तविवर्त कल्पको अनुस्मरण गर्छ। फलानो ठाउँमा यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें, यतिसम्म आयु थियो र ऊ त्यहाँबाट च्युत भई फलानो ठउँमा उत्पन्न भयो। त्यहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें र यतिसम्मको आयु थियो। ऊ त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो। यसरी आकारसहित, उद्देश्यसहित पूर्वजन्मका अनेकौं प्रकारले स्मरण गर्छ। उसले यही प्रथम विद्यालाई प्राप्त गर्छ। अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पन्न हुन्छ, जब कि ऊ अप्रमादी, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ।

"ऊ यसरी समाहित, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदुभाव, कर्मण्य, निश्चल चित्त हुँदा प्राणीका च्युति र उत्पत्तिको ज्ञानतिर चित्त लगाउँछ। उसले विशुद्ध अमानुषीय दिव्य चक्षुद्वारा सत्वहरू च्युति-उत्पत्ति, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका यथा कर्मानुसार जन्मेका सत्वहरू देख्नसक्ने हुन्छन् र थाहा पाउँछन्- यी सत्व शारीरिक दुष्कर्मयुक्त हुनाले, वाचसिक दुष्कर्मयुक्त हुनाले अनि मानसिक दुष्कर्मयुक्त हुनाले आर्यहरूका निन्दक हुनाले, मिथ्यादृष्टि हुनाले अनि मिथ्यादृष्टि कर्मद्वारा युक्त हुनाले ऊ मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न भए। यी सत्व शारीरिक सुकर्मयुक्त हुनाले, वाचसिक सुकर्मयुक्त हुनाले अनि मानसिक सुकर्मयुक्त हुनाले आर्यहरूका प्रशंसक हुनाले, सम्यकदृष्टि हुनाले अनि सम्यकदृष्टि कर्मद्वारा युक्त हुनाले ऊ मरणोपरान्त सुगति तथा स्वर्ग लोकमा उत्पन्न भए। उसले विशुद्ध अमानुषीय दिव्य चक्षुद्वारा सत्वहरू च्युति-उत्पत्ति, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका यथा कर्मानुसार जन्मेका सत्वहरू देख्छन् र थाहा पाउँछन्। उसले यही द्वितीय विद्या प्राप्त गरेको हुन्छ। अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पन्न हुन्छ, जब कि ऊ अप्रमादी, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ।

"ऊ यसरी समाहित चित्त, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदु, कर्मण्य, निश्चल हुँदा आश्रव क्षय हुने ज्ञानतिर चित्त लगाउँछ। उसले 'यो दुःख हो' भनी यथार्थसहित बुझ्छ, 'यो दुःख समुदय हो' भनी यथार्थसहित बुझ्छ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित बुझ्छ अनि 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित बुझ्छ। 'यो आश्रव हो' भनी यथार्थसहित बुझ्छ, 'यो आश्रव समुदय हो' भनी यथार्थसहित बुझ्छ, 'यो आश्रव निरोध हो' भनी यथार्थसहित बुझ्छ अनि 'यो आश्रव निरोध हुने मार्ग हो' भनी यथार्थसहित बुझ्छ। उसले यसरी यथार्थसहित बुझेपछि वा देखेपछि कामाश्रवबाट उसको चित्त विमुक्त हुन्छ,

Downloaded from http://dhamma.digital

भवाश्रवबाट उसको चित्त विमुक्त हुन्छ अनि अविद्याश्रवबाट पनि उसको चित्त विमुक्त हुन्छ । विमुक्त हुँदा विमुक्त भएँ भन्ने ज्ञान हुन्छ । जन्म क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने कार्य पूर्ण गरें र अब उप्रान्त पुनः अर्को जन्म लिनु पर्दैन भन्ने ज्ञान हुन्छ । उसले यही तृतीय विद्या प्राप्त गरेको हुन्छ । अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पन्न हुन्छ, जब कि ऊ अप्रमादी, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ ।"

"अनुच्चावचसीलस्स, निपकस्स च झायिनो ।
चित्तं यस्स वसीभूतं, एकग्गं सुसमाहितं ॥

"तं वे तमोनुदं धीरं, तेविज्जं मच्चुहायिनं ।
हितं देवमनुस्सानं, आहु सब्बप्पहायिनं ॥

"तीहि विज्जाहि सम्पन्नं, असम्मूल्हविहारिनं ।
बुद्धं अन्तिमदेहिनं, तं नमस्सन्ति गोतमं ॥

"पुब्बेनिवासं यो वेदी, सग्गापायञ्च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि ॥

"एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ।
तमहं वदामि तेविज्जं, नाञ्ञं लपितलापन"न्ति ॥

"जसको शील घटीबढी हुँदैन, प्रज्ञावान र ध्यानी हुन्छ, जसको चित्त वशीभूत, एकाग्र र सुसमाहित हुन्छ ।

"ऊ अन्धकार नाशक पण्डित, त्रैविद्य, मृत्युञ्जय, देवमनुष्यका हितकर र सर्वत्यागी हुन्छ ।

"त्रिविद्यायुक्त, ज्ञानवान भई बस्ने, अन्तिम देहधारी वहाँ बुद्धलाई (लोकले) नमस्कार गर्छन् ।

"जसले पूर्व जन्मलाई जान्दछ, स्वर्ग र नर्कलाई देख्दछ, जसले जन्म क्षयलाई प्राप्त गर्दछ अनि अभिज्ञा लाभी मुनि भैसकेको हुन्छ ।



Downloaded from http://dhamma.digital

"ब्राह्मण ! यही तीन विद्याद्वारा त्रिविद्या हुन्छ, उसैलाई मैले त्रैविद्य भन्दछु, अरूबाट सुनेको र भनेकोलाई भन्दिन ।

"एवं खो ब्राह्मण, अरियस्स विनये तेविज्जो होती"ति ।

"ब्राह्मण ! आर्यको विनयमा यसरी नै त्रैविद्य हुन्छ ।"

"भो गोतम ! ब्राह्मणका त्रिविद्या र आर्य विनयको त्रिविद्या भिन्नाभिन्नै रहेछ । भो गोतम ! आर्य विनयको जुन यो त्रिविद्या हो, यसको दाँजोमा ब्राह्मणका त्रिविद्या सोह्र भागको एक भाग पनि रहेनछ ।

"अत्यन्तै राम्रो, भो गोतम !... आजदेखि प्राण रहुन्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ९. जाणुस्सोणिसुत्तं

६०. त्यससमय जाणुस्सोणि ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानसँग... एक ठाउँमा बसेपछि जाणुस्सोणि ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! जसकहाँ यज्ञ, श्राद्ध वा भोजन र दातव्य वस्तु हुन्छ उसले त्रैविद्य ब्राह्मणहरूलाई नै दान दिनुपर्छ ।

"ब्राह्मण ! ब्राह्मणहरूले त्रैविद्य भनी कसरी व्याख्या गर्दछन् ?" "भो गोतम ! यहाँ ब्राह्मण माताबाट, पिताबाट तथा उभयबाटै सुजात हुन्छ र शुद्ध गर्भ धारण गरेको हुन्छ । सात पुस्तादेखि शुद्ध हुन्छ । जातिवादको दृष्टिले बहिष्कृत नभएको र कुनै दोष लागेको हुँदैन । अध्यापक, मन्त्रधर र तीनै वेदमा पारङ्गत हुन्छ, निघण्डु, कौस्तुभ, अक्षरप्रभेद, पञ्चमक, इतिहास, पदक, व्याकरण, लोकायत र महापुरुष लक्षणका ज्ञाता हुन्छन् । भो गोतम ! ब्राह्मणहरूलाई त्रैविद्य भनी यसरी नै प्रज्ञापित गर्दछन् ।"

"हे ब्राह्मण ! ब्राह्मणहरूले ब्राह्मणहरूका त्रिविद्या अर्कै किसिमले प्रज्ञापित गर्दो रहेछ । आर्य विनयमा भने अर्कै नै किसिमको त्रिविद्या हुन्छ ।" "भो गोतम ! आर्य विनयमा कुन तरिकाको त्रिविद्या हुन्छ ? तपाईं गोतमले मेरो निम्ति हित हुने गरी त्यो धर्मदेशना गर्नुहोस् जुन कि– आर्य विनयमा त्रिविद्या भनिन्छ । "ब्राह्मण ! त्यसोभए राम्रोसँग ध्यान दिएर सुन र मनमा धारण गर भन्नेछु ।" "हवस् भन्ते !" भनी जाणुस्सोणि ब्राह्मणले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–



Downloaded from http://dhamma.digital

"ब्राह्मण ! यहाँ भिक्षुले काम-विषयभोगबाट रहित भई, अकुशलधर्म त्यागी सवितर्क सविचार एकान्तमय प्रीतिसुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ । वितर्क-विचार उपशमन गरी, आन्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय द्वितीयध्यान लाभ गरी बस्छ । प्रीतिबाट विरागिएर उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुखानुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्–'उपेक्षक स्मृतिवान र सुखविविहारी' तृतीय-ध्यान लाभ गरी बस्छ । सुखलाई पनि त्यागी अनि दुःखलाई पनि त्यागी, पहिल्यै सौमनस्य र दौर्मनस्य हटाई अदुःख-असुख, उपेक्षा-स्मृतिद्वारा परिशुद्ध गरी चतुर्थ-ध्यान लाभ गरी बस्छ ।

"ऊ यसरी समाहित चित्त, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदुभाव, कर्मण्य, निश्चल हुँदा पूर्वजन्मको स्मरण ज्ञानमा चित्त लगाउँछ । उसले पूर्वजन्मका अनेकौं प्रकारले स्मरण गर्छ, जस्तै– 'एकजन्म, दुईजन्म, तीनजन्म, चारजन्म, पाँच-जन्म, दसजन्म, बीसजन्म, तीसजन्म, चालिसजन्म, पचासजन्म, सयजन्म, सहश्र-जन्म, शतसहश्र जन्म, अनेकौं संवर्तकल्प, अनकौं विवर्तकल्प, अनकौं संवर्त-विवर्त कल्पको अनुस्मरण गर्छ । फलानो ठाउँमा यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें, यतिसम्म आयु थियो । ऊ त्यहाँबाट च्युत भई फलानो ठउँमा उत्पन्न भयो । त्यहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें र यतिसम्मको आयु थियो । ऊ त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भयो । यसरी आकारसहित र उद्देश्यसहित पूर्व-जन्मका अनेकौं प्रकारले स्मरण गर्छ । उसले यही प्रथमविद्या प्राप्त गर्छ । अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पत्ति हुन्छ, जब कि ऊ अप्र-मादी, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ ।

"ऊ यसरी समाहित, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदुभाव, कर्म-ण्य र निश्चल चित्त हुँदा प्राणीका च्युती-उत्पत्ती बारेमा चित्त लगाउँछ । उसले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा सत्वहरू च्युती-उत्पत्ती, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका यथा कर्मानुसार जन्मेका सत्वहरू देख्न सक्ने हुन्छन् र थाहा पाउँछन्– यी सत्व शारीरिक दुष्कर्मयुक्त हुनाले, वाचसिक दुष्कर्मयुक्त हुनाले अनि मानसिक दुष्कर्मयुक्त हुनाले आर्यहरूका निन्दक हुनाले, मिथ्यादृष्टि हुनाले अनि मिथ्यादृष्टि कर्मद्वारा युक्त हुनाले ऊ मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न भए । यी सत्व शारीरिक सुकर्मयुक्त हुनाले, वाचसिक सुकर्मयुक्त हुनाले अनि मानसिक सुकर्मयुक्त हुनाले आर्यहरूका प्रशंसक हुनाले, सम्यकदृष्टि हुनाले अनि सम्यकदृष्टि कर्मद्वारा युक्त हुनाले ऊ मरणोपरान्त



Downloaded from http://dhamma.digital

सुगति तथा स्वर्गलोकमा उत्पन्न भए । उसले विशुद्ध अमानुषीय दिव्य चक्षुद्वारा सत्वहरू च्युती-उत्पत्ती, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका तथा यथाकर्मानुसार जन्मेका सत्वहरू देख्छन् र थाहा पाउँछन् । उसले यही द्वितीय विद्या प्राप्त गरेको हुन्छ । अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पन्न हुन्छ, जब कि ऊ अप्रमादी भई, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ ।

"ऊ यसरी समाहित, परिशुद्ध, स्वच्छ, दोषरहित, क्लेशरहित, मृदुभाव, कर्मण्य, निश्चल चित्त हुँदा आश्रव क्षय हुने ज्ञानतिर चित्त लगाउँछ । उसले 'यो दुःख हो' भनी यथार्थसहित बुझ्छ, 'यो दुःख समुदय हो' भनी यथार्थसहित बुझ्छ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित बुझ्छ अनि 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित बुझ्छ । 'यो आश्रव हो' भनी यथार्थसहित बुझ्छ, 'यो आश्रव समुदय हो' भनी यथार्थसहित बुझ्छ, 'यो आश्रव निरोध हो' भनी यथार्थसहित बुझ्छ अनि 'यो आश्रव निरोध हुने मार्ग हो' भनी यथार्थसहित बुझ्छ । उसले यसरी यथार्थसहित बुझेपछि वा देखेपछि कामाश्रवबाट उसको चित्त विमुक्त हुन्छ, भवाश्रवबाट उसको चित्त विमुक्त हुन्छ अनि अविद्याश्रवबाट पनि उसको चित्त विमुक्त हुन्छ । विमुक्त हुँदा विमुक्त भएँ भन्ने ज्ञान हुन्छ । जन्म क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने कार्य पूर्ण गरेँ र अब उप्रान्त पुनः अर्को जन्म लिनु पर्दैन भन्ने ज्ञान हुन्छ । उसले यही तृतीयविद्या प्राप्त गरेको हुन्छ । अविद्या हट्छ, विद्या उत्पन्न हुन्छ, अन्धकार हट्छ, आलोक उत्पन्न हुन्छ, जब कि ऊ अप्रमादी, आलस्यरहित तथा प्रयत्नवान भई बस्छ ।"

"यो सीलब्बतसम्पन्नो, पहितत्तो समाहितो ।
चित्तं यस्स वसीभूतं, एकग्गं सुसमाहितं ॥

"पुब्बेनिवासं यो वेदी, सग्गापायञ्च पस्सति ।
अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि ॥

"एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ।
तमहं वदामि तेविज्जं, नाञ्ञं लपितलापन"न्ति ॥

"जो शीलव्रतमा सम्पन्न हुन्छ, प्रयत्नवान र समाहित हुन्छ, जसको चित्त वशीभूत हुन्छ, एकाग्र र सुसमाहित हुन्छ ।



Downloaded from http://dhamma.digital

"जो पूर्व जन्मको ज्ञाता हुन्छ, स्वर्ग-नर्क देख्नसक्ने हुन्छ अनि जो अभिज्ञा प्राप्त मुनि हुन्छ।

"यी नै तीन विद्याद्वारा त्रैविद्य ब्राह्मण हुन्छ, उसैलाई मैले त्रैविद्य ब्राह्मण भन्दछु। अरूबाट सुनेको र भनेकोलाई भन्दिन।

**"एवं खो ब्राह्मण, अरियस्स विनये तेविज्जो होती"ति।**

"ब्राह्मण ! आर्यको विनयमा यसरी नै त्रैविद्य हुन्छ।"

"भो गोतम ! ब्राह्मणका त्रिविद्या र आर्य विनयको त्रिविद्या भिन्नाभिन्नै-रहेछ। भो गोतम ! आर्य विनयको जुन यो त्रिविद्या हो, यसको दाँजोमा ब्राह्मणका त्रिविद्या सोह्र भागको एक भाग पनि रहेनछ।

"अत्यन्तै राम्रो, भो गोतम !... आजदेखि प्राण रहुञ्जेल तपाईं गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुस्।"

## १०. सङ्गारवसुत्तं

६१. त्यससमय सङ्गारव ब्राह्मण जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगी सम्मोदनीय तथा सारणीय कुरा भई सकेपछि एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि ती ब्राह्मणले भगवानलाई यसो भने– "भो गोतम ! हामीहरू नै ब्राह्मण हौं। यज्ञ गर्छौं अनि यज्ञ पनि गराउँछौं त्यसैले भो गोतम ! जसले यज्ञ गर्छ अनि यज्ञ पनि गराउँछ भने ती सबै अनेक शारीरिक पुण्यपथमा लागेका हुन्छन् जुन कि यो यज्ञ सम्बन्ध हो। भो गोतम ! यो वा त्यो कुलका घरबाट बेघर भई प्रव्रजित हुन्छन् उसले आफूलाई मात्र दमन गर्छ, एक्लैलाई मात्र शमन गर्छ र एक्लै नै परिनिर्वाण हुन्छ। यस प्रकारले यो एकमात्र शारीरिक पुण्य मार्गमा लागेको हुन्छ जुन कि यो प्रव्रज्या सम्बन्ध हो।

"त्यसो भए, ब्राह्मण ! तिमीलाई नै सोध्छु, तिमीलाई जे राम्रो लाग्छ त्यो नै भन। ब्राह्मण ! के तिमी मान्दछौ ? यहाँ तथागत अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अनुपम पुरुष दमन सारथि, देव-मनुष्यका शास्ता, बुद्ध र भगवान हुनुभएका लोकमा उत्पन्न हुन्छ। वहाँले यसो भन्नुहुन्छ– 'यो मार्ग हो तथा बाटो हो, जुन मार्गमा लाग्दा मैले अनुत्तर ब्रह्मचर्य अन्तर्गत निर्वाणलाई स्वयम्ले अभिज्ञात र साक्षात्कार गरी भन्ने गर्छु। आऊ, तिमीहरू पनि



Downloaded from http://dhamma.digital

त्यस मार्गमा लाग जुन मार्गमा लाग्दा स्वयम्ले अभिज्ञात र साक्षात्कार गरी बस्नेछौ । यसरी शास्ताले धर्मदेशना गर्नु हुन्छ अनि त्यस कथनानुसार अरूहरू मार्गमा लाग्छन् । तिनीहरू अनेकौं सय, सहश्र र सतसहश्र पनि हुन्छन् ।

"ब्राह्मण ! तिमीले के मान्दछौ ? यसो हुँदा प्रव्रजित एक शरीर सम्बन्ध भएको पुण्यपथ हो अथवा अनेक शरीर सम्बन्ध भएको ?" भो गोतम ! यसो हो भने, जुन प्रव्रज्या हो यो अनेक शारीरिक सम्बन्ध भएको पुण्यपथ हो ।"

त्यसो भनेपछि, आयुष्मान आनन्दले सङ्गारव ब्राह्मणलाई सोधे– "ब्राह्मण ! यी दुई मार्ग मध्ये कुन मार्ग तिमीलाई अति नै कम खर्चिलो, अति नै कम झन्झट अनि महाफलदायी तथा महापरिणामी लाग्छ ?" यसको उत्तरमा सङ्गारव ब्राह्मणले आयुष्मान आनन्दलाई यसो भने– "जस्तै कि तपाईं गोतम अनि तपाईं आनन्द हुनुहुन्छ, यहाँहरू नै पूज्य हुनुहुन्छ तथा यहाँहरू नै मेरा प्रशंसाका पात्र हुनुहुन्छ ।"

दोस्रोपटक आयुष्मान आनन्दले सङ्गारव ब्राह्मणलाई सोधे– "ब्राह्मण ! मैले तिमीसँग 'तिम्रा पूज्य को हो र तिम्रो प्रशंसाका पात्र को हो ?" भनी सोधेको होइन । मैले त तिमीसँग सोधेको हुँ कि यी दुई मार्ग मध्ये कुन मार्ग तिमीलाई अति नै कम खर्चिलो, अति नै कम झन्झट अनि महाफलदायी तथा महापरिणामी लाग्छ ?" दोस्रो पटक पनि यसको उत्तरमा सङ्गारव ब्राह्मणले आयुष्मान आनन्दलाई यसो भने– "जस्तै कि तपाईं गोतम अनि तपाईं आनन्द हुनुहुन्छ, यहाँहरू नै पूज्य हुनुहुन्छ तथा यहाँहरू नै मेरा प्रशंसाका पात्र हुनुहुन्छ ।"

तेस्रो पटक पनि आयुष्मान आनन्दले सङ्गारव ब्राह्मणलाई सोधे– "ब्राह्मण ! मैले तिमीसँग 'तिम्रा पूज्य को हो र तिम्रा प्रशंसाका पात्र को हो ?" भनी सोधेको होइन । मैले त तिमीसँग सोधेको हुँ कि यी दुई मार्ग मध्ये कुन मार्ग तिमीलाई अति नै कम खर्चिलो, अति नै कम झन्झट अनि महाफलदायी र महापरिणामी लाग्छ ?" तेस्रो पटक पनि यसको उत्तरमा सङ्गारव ब्राह्मणले आयुष्मान आनन्दलाई यसो भने– "जस्तै कि तपाईं गोतम अनि तपाईं आनन्द हुनुहुन्छ, यहाँहरू नै पूज्य हुनुहुन्छ तथा यहाँहरू नै मेरा प्रशंसाका पात्र हुनुहुन्छ ।"

अनि भगवानलाई यस्तो लाग्यो– "तीन पटकसम्म आनन्दद्वारा सङ्गारव ब्राह्मणलाई समुचित प्रश्न गर्दा पनि उत्तर दिन चाहेन, पन्छाउन खोज्यो । मैले नै यिनीहरूको कुरालाई छिनोफानो गरिदिनु पर्‍यो ।" अनि भगवानले सङ्गारव ब्राह्मणलाई यसो भन्नुभयो– "ब्राह्मण ! आज राजान्तपुर सभामा सम्मिलित राजपुरषका बीचमा कुन विषय लिएर कुरा चल्यो ?" "भो गोतम ! आज



Downloaded from http://dhamma.digital

राजान्तपुर सभामा सम्मिलित भएका राजपुरुषहरूका बीचमा यस्तो कुरा चलेको थियो– 'पहिले पहिले भिक्षु संख्या कम थियो, संख्या कम भए पनि धेरै नै असाधारण मनुष्य धर्म अथवा ऋद्धिशक्ति प्रदर्शन हुन्थ्यो । हिजोआज भने धेरै भिक्षुहरू छन् तर असाधारण मनुष्य धर्म अथवा ऋद्धिशक्ति प्रदर्शन गर्ने थोरै छन् ।' भो गोतम ! आज राजान्तपुर सभामा सम्मिलित भएका राजपुरुषहरूका बीचमा यस्तै कुरा चलेको थियो ।"

"यी तीन प्रातिहार्य हुन् । ती तीन के के हुन् ? ऋद्धि प्रातिहार्य, आदेशना प्रातिहार्य र अनुशासन प्रातिहार्य । ब्राह्मण ! ऋद्धि प्रातिहार्य भनेको के हो ? ब्राह्मण ! यहाँ कसैकसैले अनेक प्रकारका ऋद्धि अनुभव गरेको हुन्छ– 'एक भई धेरै हुन्छन्, धेरै भएर पनि एक हुन्छ । प्रकट भाव, लोप भाव, भित्ता-पर्खाल र पर्वतलाई नछोइकन जान्छ जस्तै कि आकाशमा । पृथ्वीमा डुबुल्कि लाउने, माथि आउने गर्छ जस्तै कि पानीमा । पानीमा पनि नभिज्ने गरी हिँड्छ जस्तै कि पृथ्वीमा । आकाशमा पनि पलेटिमारी जान्छ जस्तै कि पंक्षी । यस्तोविघ्न तेजस्वी, यस्तोविघ्न महानुभाव चन्द्र र सूर्यलाई हातद्वारा परिमार्जन गर्छ । जुन कि ब्रह्मलोकलाई पनि आफ्नो शरीरद्वारा वशमा राख्छ । ब्राह्मण ! यसैलाई भनिन्छ– ऋद्धि प्रातिहार्य ।

"ब्राह्मण ! आदेशना प्रातिहार्य भनेको के हो ? ब्राह्मण ! यहाँ कसैकसैले निमित्तद्वारा आदेशना गर्छ– 'तिम्रो मन यस्तो छ, तिम्रो चित्त यस प्रकारको छ र यो नै तिम्रो चित्तमा छ । उसले धेरै आदेशना गर्दा त्यो त्यस्तै हुन्छ, अन्यथा हुँदैन ।

"ब्राह्मण ! यहाँ कसैकसैले न त निमित्तलाई जानेर आदेशना गर्छ, तर मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर आदेशना गर्छ,– 'तिम्रो मन यस्तो छ, तिम्रो मनमा यस प्रकारको छ र यो नै तिम्रो मनमा छ । उसले धेरै आदेशना गर्दा त्यो त्यस्तै हुन्छ, अन्यथा हुँदैन ।

"ब्राह्मण ! यहाँ कसैकसैले न त निमित्तलाई जानेर आदेशना गर्छ, न त मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर आदेशना गर्छ, तर वितर्कना गरी, विचार गरी, वितर्कना गरी निस्केको शब्द सुनेर आदेशना गर्छ– 'तिम्रो मन यस्तो छ, तिम्रो मनमा यस प्रकारको छ र यो नै तिम्रो मनमा छ । उसले धेरै आदेशना गर्दा त्यो त्यस्तै हुन्छ, अन्यथा हुँदैन ।

"ब्राह्मण ! यहाँ कसैकसैले न त निमित्तलाई जानेर आदेशना गर्छ, न त मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर आदेशना गर्छ, न त



Downloaded from http://dhamma.digital

वितर्कना गरी, विचार गरी, वितर्कना गरी निस्केको शब्द सुनेर आदेशना गर्छ, तर अवितर्क, अविचार समाधिमा समापन्न चित्तले चित्तलाई राम्रोसँग जानेको हुन्छ– अहिले यो व्यक्तिको मनमा जुन संस्कार रहेको छ, यो मन पश्चात यस व्यक्तिको मनमा यस्तो वितर्कनाले वितर्कित हुनेछ ।' उसले धेरै आदेशना गर्दा त्यो त्यस्तै हुन्छ, अन्यथा हुँदैन । ब्राह्मण ! यसैलाई भनिन्छ– आदेशना प्रातिहार्य ।

"ब्राह्मण ! अनुशासन प्रातिहार्य भनेको के हो ? ब्राह्मण ! यहाँ कसैकसैले यस्तो अनुशासन गर्छ– 'यस्तो वितर्कना गर, यस्तो वितर्कना नगर; यस्तो मनमा राख, यस्तो मनमा नराख; यस्तो त्याग्नु र यस्तो ग्रहण गरी बस्नु ।' ब्राह्मण ! यसैलाई भनिन्छ– अनुशासन प्रातिहार्य । ब्राह्मण ! यी तीन प्रातिहार्य मध्ये तिमीलाई कुन प्रातिहार्य अति सुन्दर र अति उत्तम लाग्छ ?"

"भो गोतम ! यहाँ कोही व्यक्तिले जुन प्रातिहार्यलाई अनेक प्रकारका ऋद्धिविध अनुभूति गर्छ... ब्रह्मलोकसम्म आफ्नो शरीरद्वारा वशमा राख्छ । भो गोतम ! जसले यो प्रातिहार्य गर्छ, उसैले यो अनुभूति गरेको हुन्छ, जसले गरेको हुन्छ त्यो त्यसैको हुन्छ । भो गोतम ! यो प्रातिहार्य त मलाई माया जालरूपी कर्म जस्तै लाग्छ ।

"भो गोतम ! जुन यो कसैकसैले निमित्तद्वारा आदेशना प्रातिहार्य गर्छ– 'तिम्रो मन यस्तो छ, तिम्रो मन यस प्रकारको छ र यो नै तिम्रो मनमा छ । उसले धेरै आदेशना गरे पनि त्यस्तै हुन्छ, अन्यथा हुँदैन । भो गोतम ! यहाँ कसैकसैले न त निमित्तलाई जानेर आदेशना गर्छ, तर मनुष्यहरूको वा अमनुष्यहरूको वा देवताहरूको शब्द सुनेर आदेशना गर्छ... न त मनुष्यका वा अमनुष्यका वा देवताका शब्द सुनेर आदेशना गर्छ, तर वितर्कना गरी, विचार गरी, वितर्कना गरी निस्केको शब्द सुनेर आदेशना गर्छ... न त वितर्कना गरी, विचार गरी तथा वितर्कना गरी निस्केको शब्द सुनेर आदेशना गर्छ, तर अवितर्क, अविचार समाधिमा समापन्न चित्तले चित्तलाई राम्रोसँग जानेको हुन्छ– अहिले यो व्यक्तिको मनमा जुन संस्कार रहेको छ, यो मन पश्चात यस व्यक्तिको मनमा यस्तो वितर्कनाले वितर्कित हुनेछ ।' उसले धेरै आदेशना गर्दा त्यो त्यस्तै हुन्छ, अन्यथा हुँदैन । भो गोतम ! यो पनि जसले प्रातिहार्य गर्छ उसैले यो अनुभूति गरेको हुन्छ, जसले गरेको हुन्छ त्यो त्यसैको हुन्छ । भो गोतम ! यो प्रातिहार्य त मलाई माया जालरूपी कर्म जस्तै लाग्छ ।

"भो गोतम ! जुन कि यो कोही व्यक्तिद्वारा अनुशासन प्रातिहार्य गर्छ– 'यस्तो वितर्कना गर, यस्तो वितर्कना नगर; यस्तो मनमा राख, यस्तो मनमा नराख;



Downloaded from http://dhamma.digital

यस्तो त्याग्नु र यस्तो ग्रहण गरी बस्नु ।' भो गोतम ! यो प्रातिहार्य नै मलाई राम्रो लाग्छ । यी तीन प्रातिहार्य मध्ये अति सुन्दर र अति उत्तम लाग्छ ।

"आश्चर्य, भो गोतम ! अद्भूत, भो गोतम ! तपाई गोतमले जुन सुभाषित वाणी प्रकट गर्नुभयो ती तीन प्रातिहार्य तपाई गोतमसँग सम्पन्न छ भनी म धारण गर्छु । तपाईं गोतम अनेक ऋद्धिका अनुभवी हुनुहुन्छ... जुन कि ब्रह्मलोकसम्म पनि आफ्नो शरीरद्वारा वशमा राख्न सक्नुहुन्छ । तपाई गोतमले नै अवितर्क, अविचार समाधिमा समापन्न चित्तले चित्तलाई राम्रोसँग जानेको हुन्छ– 'अहिले यो व्यक्तिको मनमा जुन संस्काररहेको छ, यो चित्त पश्चात यस व्यक्तिको मनमा यस्तो वितर्कनाले वितर्कित हुनेछ ।' तपाई गोतमले यसरी अनुशासन गर्नुहुन्छ– 'यस्तो वितर्कना गर, यस्तो वितर्कना नगर; यस्तो मनमा राख, यस्तो मनमा नराख; यस्तो त्याग्नु र यस्तो ग्रहण गरी बस्नु ।' "

"ब्राह्मण ! यस समयमा मैले त्यसलाई प्राप्त गरी सकेको हुनाले भनेको हुँ अथवा भनिरहेछु– ब्राह्मण ! मैले नै अनेक प्रकारका ऋद्धिलाई अनुभूति गर्छु... जुन कि, ब्राह्मण ! मैले नै अवितर्क अविचारयुक्त समाधिमा समापन्न भई चित्तले चित्तलाई राम्रोसँग जान्दछु– 'अहिले यो व्यक्तिको मनमा जुन संस्काररहेको छ यो चित्त संस्कार पश्चात तुरुन्तै यस प्रकारको वितर्कना वितर्कित हुनेछ ।' ब्राह्मण ! मैले नै यसरी अनुशासन गर्छु– 'यस्तो वितर्कना गर, यस्तो वितर्कना नगर; यस्तो मनमा राख, यस्तो मनमा नराख, यो त्याग्नु, अनि यो ग्रहण गरी बस ।' "

"भो गोतम ! तपाई गोतम बाहेक जुन कि यो– तीन प्रातिहार्यले सम्पन्न अन्य कोही यस्ता भिक्षु छन् के ?" "ब्राह्मण ! एकसय मात्र होइन, दुईसय मात्र होइन, तीनसय मात्र होइन, चारसय मात्र होइन, पाँचसय मात्र होइन अथवा धेरै नै छन् जुन कि यी तीन प्रातिहार्ययुक्त भएका भिक्षुहरू । "भो गोतम ! अहिले ती भिक्षुहरू कहाँ छन् ?" "ब्राह्मण ! यहीं भिक्षुसंघमा नै छन् ।"

"अत्यन्तै राम्रो, भो गोतम ! अत्यन्तै राम्रो, भो गोतम ! जस्तै कि, भो गोतम ! घोप्टेकोलाई उत्तानो पारिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, बाटो भूलेकालाई बाटो देखाई दिए झैं, अन्धकारमा तेल प्रदीप बाली दिए झैं अनि आँखा हुनेले रूप देख्न सके झैं गरी तपाई गोतमले अनेक प्रकारले धर्म प्रकाशित गर्नु भयो । अबदेखि म भगवान गोतमको शरणमा पर्छु, धर्म र भिक्षुसंघको पनि । भो गोतम ! आजदेखि प्राण रहुन्जेल तपाई गोतमको शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"



Downloaded from http://dhamma.digital

## (७) २. महावग्गो

### १. तित्थायतनादिसुत्तं

६२. "भिक्षुहो ! तैर्थिकहरूका तीन मत छन्, जुन पण्डितद्वारा प्रश्नोत्तर गर्दा, कारण जान्न खोज्दा र कुराकानी गर्दा अकर्मण्यतामै रोकिन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! कोही श्रमण-ब्राह्मणका यस्तो मत तथा यस्तो दृष्टि छ– 'जो कोही व्यक्तिले जुनकुनै सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण पूर्वकृत कर्मको कारणले हुन्छ । भिक्षुहो ! कोही श्रमण-ब्राह्मणका यस्तो मत तथा यस्तो दृष्टि छ– 'जो कोही व्यक्तिले जुनकुनै सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण ईश्वरद्वारा निर्मित हुनाले हुन्छ । भिक्षुहो ! कोही श्रमण-ब्राह्मणका यस्तो मत तथा यस्तो दृष्टि छ–'जो कोही व्यक्तिले जुनकुनै सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण बिना कुनै कारण वा बिना कुनै प्रत्यय (प्रसंग) हुन्छ ।

"त्यहाँ, भिक्षुहो ! जुन ती श्रमण-ब्राह्मणका यस्तो मत वा यस्तो दृष्टि हुन्छन्– जेजति व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण पूर्वकृत कर्मको कारणले हुन्छ । म तिनीहरूकहाँ गई यसो भन्छु– 'साँच्चै हो के, आयुष्मानहो ! तिमीहरूको यस्तो मत वा यस्तो दृष्टि छ– जो कोही व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण पूर्वकृत कर्मको कारणले हुन्छ ?' मैले तिनीहरूसँग यसरी सोद्धा 'हो' भनी उत्तर दिन्छन् । तब मैले तिनीहरूलाई यसो भन्छु– 'त्यसो भए, आयुष्मानहो ! पूर्वकृत कर्मका कारणले नै प्राणी हिंसा गरेका हुन्, पूर्वकृत कर्मका कारणले नै चोरी गरेका हुन्, पूर्वकृत कारणले नै अब्रह्मचारी भएका हुन्, पूर्वकृत कर्मका कारणले नै झूटो बोलेका हुन्, पूर्वकृत कर्मका कारणले नै चुक्ली गरेका हुन्, पूर्वकृत कर्मका कारणले नै कठोर वचन बोलेका हुन्, पूर्वकृत कर्मका कारणले नै बकम्फुस कुरा गरेका हुन्, पूर्वकृत कर्मका कारणले नै लोभी भएका हुन्, पूर्वकृत कर्मका कारणले नै द्वेषी भएका हुन् अनि पूर्वकृत कर्मका कारणले नै मिथ्यादृष्टि भएका हुन् ।

"भिक्षुहो ! पूर्वकृत कर्मका कारणले भएमा यो गर्न योग्य छ, यो गर्न अयोग्य छ भनी साररूपले ग्रहण गर्ने हो भने त विचार गर्नु वा प्रयत्न गर्नु नै नपर्ने हुन्छ । जब यसरी गर्न योग्य छ, यसरी गर्न अयोग्य छ भन्ने विषयमा नै यथार्थ ज्ञान हुँदैन अनि यस्तो मूढस्मृति, असंयमी भई हिँड्ने व्यक्तिले आफूलाई धार्मिक श्रमण भन्नु पनि सकारण भएन । भिक्षुहो ! ती श्रमण-ब्राह्मणका यस्तो मत र यस्तो दृष्टिलाई मबाट धर्मपूर्वक निग्रह हुन्छ ।



Downloaded from http://dhamma.digital

"त्यहाँ, भिक्षुहो ! जुन ती श्रमण-ब्राह्मणका यस्तो मत वा यस्तो दृष्टि हुन्छन्– 'जेजति व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण ईश्वरद्वारा निर्मित हुनुको कारणले हुन्छ ।' म तिनीहरूकहाँ गई यसो भन्छु– 'साँच्चै हो के, आयुष्मानहो ! तिमीहरूको यस्तो मत वा यस्तो दृष्टि छ– जो कोही व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण ईश्वरद्वारा निर्मित हुनुको कारणले हुन्छ ?' मैले तिनीहरूसँग यसरी सोद्धा 'हो' भनी उत्तर दिन्छन् । तब मैले तिनीहरूलाई यसो भन्छु– 'त्यसो भए, आयुष्मानहो ! ईश्वरद्वारा निर्मित हुनाले नै प्राणी हिंसा गरेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै चोरी गरेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै अब्रह्मचारी भएका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै झूटो बोलेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै चुक्ली गरेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै कठोर वचन बोलेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै बकम्फुस कुरा गरेका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै लोभी भएका हुन्, ईश्वरद्वारा निर्मित हुनाले नै द्वेषी भएका हुन् अनि ईश्वरद्वारा निर्मित हुनाले नै मिथ्यादृष्टि भएका हुन् ।

"भिक्षुहो ! ईश्वरद्वारा निर्मित कारणले भएमा यो गर्न योग्य छ, यो गर्न अयोग्य छ भनी साररूपले ग्रहण गर्ने हो भने त विचार गर्नु वा प्रयत्न गर्नु नै नपर्ने हुन्छ । जब यसरी गर्न योग्य छ, यसरी गर्न अयोग्य छ भन्ने विषयमा नै यथार्थ ज्ञान हुँदैन अनि यस्तो मूढस्मृति र असंयमी भई हिँड्ने व्यक्तिले आफूलाई धार्मिक श्रमण भन्नु पनि सकारण भएन । भिक्षुहो ! ती श्रमण-ब्राह्मणका यस्तो मत र यस्तो दृष्टिलाई मबाट धर्मपूर्वक निग्रह हुन्छ ।

"त्यहाँ, भिक्षुहो ! जुन ती श्रमण-ब्राह्मणका यस्तो मत वा यस्तो दृष्टि हुन्छन्– 'जेजति व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण बिना कुनै कारण वा बिना कुनै प्रसंग हुन्छ ।' म तिनीहरूकहाँ गई यसो भन्छु– 'साँच्चै हो के, आयुष्मानहो ! तिमीहरूको यस्तो मत वा यस्तो दृष्टि छ– जो कोही व्यक्तिले सुख-दु:ख वा अदु:ख-असुख अनुभव गर्छ त्यो सम्पूर्ण बिना कुनै कारण वा बिना कुनै प्रसंग हुन्छ ?' मैले तिनीहरूसँग यसरी सोद्धा 'हो' भनी उत्तर दिन्छन् । तब मैले तिनीहरूलाई यसो भन्छु– 'त्यसो भए, आयुष्मानहो ! बिना कुनै कारण वा बिना कुनै प्रसंग प्राणी हिंसा गरेका हुन्... अनि बिना कुनै कारण वा बिना कुनै प्रसंग नै मिथ्यादृष्टि भएका हुन् ।

"भिक्षुहो ! बिना कुनै कारण वा बिना कुनै प्रसंग भएमा यो गर्न योग्य छ, यो गर्न अयोग्य छ भनी साररूपले ग्रहण गर्ने हो भने त विचार गर्नु वा प्रयत्न गर्ने नपर्ने हुन्छ । जब यसरी गर्न योग्य छ, यसरी गर्न अयोग्य छ भन्ने विषयमा नै यथार्थ ज्ञान हुँदैन अनि यस्तो मूढस्मृति र असंयमी भई हिँड्ने व्यक्तिले



Downloaded from http://dhamma.digital

आफूलाई धार्मिक श्रमण भन्नु पनि सकारण भएन । भिक्षुहो ! ती श्रमण-ब्राह्मणका यस्तो मत र यस्तो दृष्टिलाई मबाट धर्मपूर्वक निग्रह हुन्छ ।

"भिक्षुहो ! यी नै तीन प्रकारले तैर्थिकका मतलाई पण्डितद्वारा प्रश्नोत्तर गर्दा, कारण जान्न खोज्दा र कुराकानी गर्दा अकर्मण्यतामा नै परेर रोकिन्छ ।

"भिक्षुहो ! मैले जुन धर्मदेशना गरें, यसलाई विज्ञ श्रमण-ब्राह्मणहरूबाट अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । भिक्षुहो ! मैले कुन यस्तो धर्मदेशना गरें जुन कि श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ ? भिक्षुहो ! मैले यी छ धातुको धर्मदेशना गरेको छु जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । मैले यी छ स्पर्श आयतनको धर्मदेशना गरेको छु जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । मैले यी अट्ठार मनको विहरणलाई लिएर धर्मदेशना गरेको छु जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । मैले यी चार आर्य-सत्यको धर्मदेशना गरेको छु जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ ।

"भिक्षुहो ! मैले यी छ धातुको धर्मदेशना गरें जुन कि, विज्ञ श्रमण-ब्राह्मणहरूबाट अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । यही नै मैले भनें । त्यो कुन कारण लिएर भनें ? भिक्षुहो ! यी छ धातु हुन्– पृथ्वी धातु, जल धातु, अग्नि धातु, वायु धातु, आकाश धातु र विज्ञान धातु । भिक्षुहो ! मैले यी छ धातुको धर्मदेशना गरेको छु, जुन विज्ञ श्रमण-ब्राह्मणहरूबाट अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । जुन मैले भनें ती यी नै कारण लिई भनेको हुँ ।

"भिक्षुहो ! मैले यी छ स्पर्श आयतनको धर्मदेशना गरें जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । यही नै मैले भनें । त्यो कुन कारण लिएर भनें ? भिक्षुहो ! यी छ स्पर्श आयतन हुन्– चक्षुस्पर्श आयतन, श्रोतस्पर्श आयतन, घ्राणस्पर्श आयतन, जिह्वास्पर्श आयतन शरीरस्पर्श आयतन र मनस्पर्श आयतन । भिक्षुहो ! मैले यी छ स्पर्श आयतनको धर्मदेशना गरेको छु, जुन विज्ञ श्रमण-ब्राह्मणहरूबाट अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । जुन मैले भनें ती यी नै कारण लिई भनेको हुँ ।

"भिक्षुहो ! मैले यी अट्ठार मनका विचरणलाई लिई धर्मदेशना गरें जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । यही नै मैले भनें । त्यो कुन कारण लिएर भनें ? भिक्षुहो ! यी अट्ठार मनका विचरण हुन्–



Downloaded from http://dhamma.digital

चक्षुद्वारा रूप देखेर प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । श्रोतद्वारा शब्द सुनेर प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । घ्राणद्वारा गन्ध सुँघेर प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । जिह्वाद्वारा रसास्वादमा प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । शरीरद्वारा स्पर्शमा प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । मनद्वारा मन विषयमा प्रसन्न हुनेतिर विहरण गर्छ, दौर्मनस्य हुनेतिर विहरण गर्छ, अनि उपेक्षा हुनेतिर विहरण गर्छ । भिक्षुहो ! मैले यी अट्ठार मनका विहरण लिई धर्मदेशना गरें । जुन कि, श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । जुन मैले भनें ती यी नै कारण लिई भनेको हुँ ।

"भिक्षुहो ! मैले यी चार आर्यसत्यको धर्मदेशना गरें जुन कि श्रमण-ब्राह्मणहरूद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । यही नै मैले भनें । त्यो कुन कारण लिएर भनें ? भिक्षुहो ! छ धातु हुँदा गर्भ हुन्छ, गर्भ हुँदा नाम-रूप हुन्छ, नाम-रूपको कारणले छ आयतन, छ आयतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना हुन्छ । भिक्षुहो । वेदयित हुनुलाई नै मैले यो दु:ख हो भनी प्रज्ञापित गर्दछु, यो दु:ख समुदय हो, भनी प्रज्ञापित गर्दछु यो दु:ख निरोध हो, भनी प्रज्ञापित गर्दछु, अनि यो दु:ख निरोध हुने मार्ग हो, भनी प्रज्ञापित गर्दछु ।

"भिक्षुहो ! दु:ख आर्यसत्य भनेको के हो ? जन्म पनि दु:ख हो, वृद्ध पनि दु:ख हो, रोग पनि दु:ख हो, मृत्यु पनि दु:ख हो, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायास पनि दु:ख हो, अप्रियसँग मिलन दु:ख, प्रियसँग बिछोड दु:ख, जुन चाहेको हो त्यो प्राप्त नहुनु दु:ख हो । संक्षिप्तमा भन्न पर्दा पञ्चुपादानस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) नै दु:ख हुन् । भिक्षुहो ! यसैलाई भनिन्छ– दु:ख आर्यसत्य ।

"भिक्षुहो ! दु:ख समुदय आर्यसत्य भनेको के हो ? अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान, विज्ञानको कारणले नाम-रूप, नाम-रूपको कारणले छ आयतन (चक्षु, श्रोत, घ्राण, विह्वा, काय र मन), छ आयतनको कारणले स्पर्श, स्पर्शको कारणले वेदना, वेदनाको कारणले तृष्णा, तृष्णाको कारणले उपादान, उपादानको कारणले भव, भवको कारणले जन्म, जन्मको कारणले रोग, वृद्ध, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य, र उपायास हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– दु:ख समुदय आर्यसत्य ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! दुःख निरोध आर्यसत्य भनेको के हो ? अविद्याकै अनवशेष, विराग र निरोध भए संस्कार निरोध, संस्कार निरोध भए विज्ञान निरोध, विज्ञान निरोध भए नाम-रूप निरोध, नाम-रूप निरोध भए छ आयतन निरोध, छ आयतन निरोध भए स्पर्श निरोध, स्पर्श निरोध भए वेदना निरोध, वेदना निरोध भए तृष्णा निरोध, तृष्णा निरोध भए उपादान निरोध, उपादान निरोध भए भव निरोध, भव निरोध भए जन्म निरोध, जन्म निरोध भए वृद्ध, मृत्यु, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास निरोध हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– दुःख निरोध आर्यसत्य ।

"भिक्षुहो ! दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य भनेको के हो ? यी आर्य अष्टाङ्गिक मार्ग हुन्– सम्यकदृष्टि, सम्यकसङ्कल्प, सम्यकवाचा, सम्यक-कर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि । भिक्षुहो ! यसैलाई भनिन्छ– दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य । भिक्षुहो ! यी चार आर्यसत्य मबाट धर्मदेशना भएकोलाई विज्ञ श्रमण-ब्राह्मणद्वारा अनिग्रहित, असंक्लृष्ट, परिशुद्ध र निर्दोष छ । जुन मैले भनें ती यी नै कारण लिई भनेको हुँ ।

## २. भयसुत्तं

६३. "भिक्षुहो ! यी तीन कारणले गर्दा आमा-छोरा बिछोडको भय छ भन्ने अश्रुतवान सामान्यजनको भनाई छ । ती तीन के के हुन् ? त्यस्तो समय आउँछ जुन समय महाआगलागी हुन्छ । भिक्षुहो ! महाआगलागी हुँदा त्यहाँ गाउँ जलेर नाश हुन्छ, बस्ती पनि जलेर नाश हुन्छ अनि शहर पनि जलेर नाश हुन्छ । गाउँ, बस्ती र शहर जल्नाले आमाले छोरासँग भेट्न पाउँदैन अनि छोराले पनि आमासँग भेट्न पाउँदैन । भिक्षुहो ! यो नै आमा-छोरा बिछोड हुने पहिलो भय भनी अश्रुतवान सामान्यजनको भनाई छ ।

"भिक्षुहो ! पुनः यस्तो समय आउँछ, जब कि महावर्षा हुन्छ । भिक्षुहो ! महावर्षा हुँदा महाबाढी आउँछ । महाबाढी आउँदा गाउँ पनि बगाएर लान्छ, बस्ती पनि बगाएर लान्छ अनि शहर पनि बगाएर लान्छ । गाउँ, बस्ती र शहर बगाएर लैजाँदा आमाले छोरासँग भेट्न पाउँदैन अनि छोराले पनि आमासँग भेट्न पाउँदैन । भिक्षुहो ! यो नै आमा-छोरा बिछोड हुने दोस्रो भय भनी अश्रुतवान सामान्यजनको भनाई छ ।

"भिक्षुहो ! पुनः यस्तो समय आउँछ, जब कि जंगलवासी चोर तथा डाकुहरू कुपित हुन्छ तब मानिसहरू जनपदलाई त्यागी वाहनद्वारा अन्यत्र जान्छन् । भिक्षुहो ! जब जंगलवासी चोर तथा डाकुहरू प्रकोप हुन्छ तब भयकै कारण



Downloaded from http://dhamma.digital

जनपदबाट वाहनद्वारा भाग्दा आमाले छोरासँग भेट्न पाउँदैन अनि छोराले पनि आमासँग भेट्न पाउँदैन । भिक्षुहो ! यो नै आमा-छोरा बिछोड हुने दोस्रो भय भनी अश्रुतवान सामान्यजनको भनाई छ ।

"उक्त तीन आमा-छोराको बिछोड भय अनि तीन कारणले आमा-छोराको मिलन भय भनी अश्रुतवान पृथकजनको भनाई छ । ती तीन के के हुन् ? त्यस्तो समय आउँछ जुन समय महाआगलागी हुन्छ । भिक्षुहो ! महाआगलागी हुँदा त्यहाँ गाउँ जलेर नाश हुन्छ, बस्ती पनि जलेर नाश हुन्छ अनि शहर पनि जलेर नाश हुन्छ । गाउँ, बस्ती र शहर जल्नाले पनि त्यस्तो समय हुन्छ कि, कहिलेकहीं कुनै अवस्थामा आमा-छोराको बिछोड पनि हुन सक्छ वा आमा-छोराको मिलन पनि हुन सक्छ । भिक्षुहो ! यो पहिलो आमा-छोराको बिछोड भय अनि आमा-छोराको मिलन भय भनी अश्रुतवान सामान्यजनको भनाई छ ।

"भिक्षुहो ! पुनः यस्तो समय आउँछ, जब कि महावर्षा हुन्छ । भिक्षुहो ! महावर्षा हुँदा महाबाढी आउँछ । महाबाढी आउँदा गाउँ पनि बगाएर लान्छ, बस्ती पनि बगाएर लान्छ अनि शहर पनि बगाएर लान्छ । गाउँ, बस्ती र शहर बगाएर लैजाँदा पनि त्यस्तो समय हुन्छ कि, कहिलेकहीं कुनै अवस्थामा आमा-छोराको बिछोड पनि हुन सक्छ वा आमा-छोराको मिलन पनि हुन सक्छ । भिक्षुहो ! यो दोस्रो आमा-छोराको बिछोड भय अनि आमा-छोराको मिलन भय भनी अश्रुतवान सामान्य जनको भनाई छ ।

"भिक्षुहो ! पुनः यस्तो समय आउँछ, जब कि जंगलवासी चोर तथा डाकुहरू कुपित हुन्छ तब मानिसहरू जनपद त्यागी वाहनद्वारा अन्यत्र जान्छन् । भिक्षुहो ! जब जंगलवासी चोर तथा डाकुहरू कुपित हुन्छ तब भयकै कारण जनपदबाट वाहनद्वारा भाग्दा त्यस्तो समय हुन्छ कि, कहिलेकहीं कुनै अवस्थामा आमा-छोराको बिछोड पनि हुन सक्छ वा आमा-छोराको मिलन पनि हुन सक्छ । भिक्षुहो ! यो तेस्रो आमा-छोराको बिछोड भय अनि आमा-छोराको मिलन भय भनी अश्रुतवान पृथकजनको भनाई हो । भिक्षुहो ! यी नै तीन आमा-छोराको बिछोड भय वा आमा-छोराको मिलन भय भनी अश्रुतवान सामान्यजनको भनाई छ ।"

"भिक्षुहो ! यी तीन आमा-छोराको बिछोड भय हुन् । ती तीन के के हुन् ? वृद्ध भय, रोग भय र मृत्यु भय । भिक्षुहो ! छोरा बूढो हुँदा मेरो छोरा बूढो नहोस् म बूढी भइदिउँला भनी आमाले भन्दैमा त्यसो हुने होइन । हुन त आमा बुढी हुँदा छोराले पनि त्यसो भन्दैमा हुने होइन कि म बुढो भइदिउँला मेरी आमा बुढी नहोउन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! छोरा रोगी हुँदा मेरो छोरा रोगी नहोस् म रोगी भइदिउँला भनी आमाले भन्दैमा त्यसो हुने होइन । हुन त आमा रोगी हुँदा छोराले पनि त्यसो भन्दैमा हुने होइन कि म रोगी भइदिन्छु, मेरी आमा रोगी नहोउन् ।

"भिक्षुहो ! छोरा मर्दा मेरो छोरा नमरोस् म मरी दिउँला भनी आमाले भन्दैमा त्यसो हुने होइन । हुन त आमा मर्दा पनि छोराले त्यसो भन्दैमा हुने होइन कि म मरी दिउँला मेरी आमा नमरुन् । भिक्षुहो ! यी नै तीन कारणले आमा-छोराको बिछोडको भय हो ।

"भिक्षुहो ! आमा-छोराका यी तीने बिछोड भय वा आमा-छोराको मिलन भय हटाउन तथा पारपाउन मार्ग छ । आमा-छोराका यी तीने बिछोड भय वा आमा-छोराको मिलन भय हटाउने तथा पारपाउने त्यो कुन मार्ग वा पथ हो ? यी नै आर्य अष्टाङ्गिक मार्ग हुन्, जस्तो कि सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति र सम्यकसमाधि । यी नै मार्ग वा पथद्वारा तीन प्रकारका आमा-छोराको बिछोड भय वा आमा छोराको मिलन भय हटाउँछ र पारपाउन सक्छ ।"

## ३. वेनागपुरसुत्तं

६४. एक समय भगवान महाभिक्षुसंघका साथ कोसलमा चारिका गर्नु हुँदै कोसलस्थित जहाँ वेनागपुर नाउँ गरेको ब्राह्मण गाउँ थियो त्यहाँ पुग्नुभयो । वेनागपुरका ब्राह्मण गृहपतिहरूले सुने– 'श्रमण गोतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित हुनु भएका वेनागपुरमा आइपुग्नु भयो । वहाँ भगवान गोतमको यस्तो कल्याण कीर्ति शब्द फैलिएको छ– वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविज्ञ, अनुत्तरपुरुषदम्यसारथि, देवमनुष्यकाशास्ता, बुद्ध, भगवान हुनुहुन्छ । वहाँ यस लोकसहित सदेव, समार, सब्रह्मा, सश्रमण-ब्राह्मण, सदेव-मनुष्यलाई स्वयम्ले अभिज्ञात, साक्षात्कार गर्नुभई प्रवर्तन गर्नुहुन्छ । वहाँले आदिकल्याण मध्यकल्याण र अन्तकल्याण हुने सार्थक, सव्यञ्जन, केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ तथा धर्मदेशना गर्नुहुन्छ । त्यस प्रकारका अर्हतको दर्शन गर्दा कल्याणै हुन्छ ।

"अनि त वेनागपुरका ब्राह्मण गृहपतिहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी तिनीहरू मध्येका कसैले भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । कसैले भगवासँग कुशलक्षम सारणीय कुरा गरी एक ठाउँमा बसे । कसैले भगवानलाई दुई हात जोडी प्रणाम गरी एक ठाउँमा बसे । कसैले आफ्नो नाउँ र



Downloaded from http://dhamma.digital

गोत्र सुनाई एक ठाउँमा बसे अनि कोही चुपचापसँग एक ठाउँमा बसे । एक ठाउँमा बसेका वेनागपुरवासी वच्छगोत्त ब्राह्मणले भगवानलाई यसो भने–

"आश्चर्य, भो गोतम ! अद्भूत, भो गोतम ! तपाईं गोतमको इन्द्रियहरू विप्रसन्न छ, त्वचावर्ण परिशुद्ध र परिष्कृत छ । भो गोतम ! जस्तै– शरद ऋतुको बयर परिशुद्ध र परिष्कृत हुन्छ त्यस्तै तपाईं गोतमको इन्द्रियहरू विप्रसन्न छ, त्वचा वर्ण परिशुद्ध र परिष्कृत छ । भो गोतम ! जस्तै– ताडमा भर्खरै भर्खरै मात्र पाकेको फल शाखाबाट झर्दा परिशुद्ध र परिष्कृत हुन्छ त्यस्तै तपाईं गोतमको इन्द्रियहरू विप्रसन्न छ, त्वचावर्ण परिशुद्ध र परिष्कृत छ । भो गोतम ! जस्तै– दक्ष सुनार कर्मपुत्रले जाम्बुनद स्वर्णलाई आगोमा पोलेर ठोक-पीत गर्दै राम्रोसँग तयार भएकोलाई पाण्डु कम्बलमा राख्दा चम्किन्छ, चहकिलो हुन्छ र प्रकाशमान हुन्छ त्यस्तै तपाईं गोतमको इन्द्रियहरू विप्रसन्न छ, त्वचावर्ण परिशुद्ध र परिष्कृत छ । भो गोतम ! जेजति उच्चाशयन, महाशयनहरू छन् जस्तै– आराम कुर्सी, आराम पलङ्ग, लामालामा रौं भएका उनको बिछ्यौना, चित्रीत बिछ्यौना, उर्णलोमको सेतो घनपुष्प र पात चित्रीत बिछ्यौना, दुवैतिर झलर भएको बिछ्यौना, एकतिर मात्र झलरको बिछ्यौना, रत्नजडित रेशमको बिछ्यौना, रेशमको बिछ्यौना, नर्तकी नाच्न योग्य ऊनको बिछ्यौना, हात्ती चित्रीत बिछ्यौना, घोडा चित्रीत बिछ्यौना, रथ चित्रीत बिछ्यौना, मृगचर्मको चटाई, कदलि मृगचर्मको चटाई, चँदुवा र दुवैतिर रक्तवर्णका सिरानीहरू तपाईं गोतमलाई अनायासै, सहजै तथा विनाप्रयत्नै यस्ता उच्चाशयन र महाशयनका लाभी हुनुहुन्छ ।"

"ब्राह्मण ! जेजति ती उच्चाशयन र महाशयनहरू छन् जस्तै– आराम कुर्सी, आराम पलङ्ग, लामालामा रौं भएका उनको बिछ्यौना, चित्रीत बिछ्यौना, उर्णलोमको सेतो बिछ्यौना, घनपुष्प र पात चित्रीत बिछ्यौना, दुवैतिर झलरको बिछ्यौना, एकतिर मात्र झलरको बिछ्यौना, रत्नजडित रेशमको बिछ्यौना, रेशमको बिछ्यौना, नर्तकी नाच्न योग्य ऊनको बिछ्यौना, हात्ती चित्रीत बिछ्यौना, घोडा चित्रीत बिछ्यौना, रथ चित्रीत बिछ्यौना, मृगचर्मको चटाई, कदलि मृगचर्मको चटाई, चँदुवा र दुवैतिर रक्तवर्णका सिरानीहरू अनायासै, तथा विनाप्रयत्नै लाभ हुनु सहज छैन । यी सबै प्रव्रजितका निम्ति दुर्लभ छन् । लाभ भई हाले पनि यसलाई उपभोग गर्नु उचित होइन ।

"ब्राह्मण ! यी तीन उच्चाशयन र महाशयन हुन् जुन कि अनायासै, विना प्रयत्न नै अनि सहजै म लाभी हुँ । ती तीन के के हुन् ? दिव्य-उच्चाशयन र महाशयन, ब्रह्म-उच्चाशयन र महाशयन अनि आर्य-उच्चाशयन र महाशयन । ब्राह्मण ! यी नै तीन उच्चाशयन र महाशयन हुन् जुन कि अनायासै, सहजै तथा

Downloaded from http://dhamma.digital

विनाप्रयत्नै म लाभी हुँ ।"

"भो गोतम ! ती कुन दिव्य-उच्चाशयन र महाशयन हुन् जुन तपाईं गोतमलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ हुन्छ ?" "ब्राह्मण ! यहाँ म जुन गाउँ वा नगरको आश्रयमा बस्छु त्यहाँ पूर्वाण्ह समय चीवर परिधान गरी, पात्र-चीवर लिई त्यो गाउँ वा नगरमा पिण्डपात्र (भोजन भिक्षा) को निम्ति लाग्दछु । पिण्डपात्रको निम्ति गई भोजन पश्चात वनमा नै प्रवेश गर्छु । त्यहाँ जुन पात र तृण छन् त्यसलाई एकत्र गरी पलेटीकसी, शरीर सीधा गरी अनि स्मृति सामुन्ने राखी बस्छु । त्यस अवस्थामा म कामभोगरहित, अकुशल विचाररहित, वितर्कयुक्त, विचारयुक्त, विवेक (एकान्तमय) प्रीतिसुखमय प्रथमध्यान लाभी भई बस्दछु । वितर्क-विचार उपशमन गरी अध्यात्ममा प्रसन्नता र एकाग्र भई अवितर्क-अविचार, समाधिस्थ प्रीति-सुखमय द्वितीयध्यान लाभी भई बस्दछु । प्रीतिबाट पनि विरागिएर उपेक्षक, स्मृतिपूर्वक सम्प्रजन्य भई शरीरद्वारा सुखको अनुभव गर्दछु जुन कि त्यसलाई आर्यहरूले भन्छन्– 'उपेक्षक स्मृतिवान सुख विहारी' यही तृतीयध्यान लाभी भई बस्दछु । सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य र दौर्मनस्य अस्त भइसकेको हुनाले अदुःख-असुख, उपेक्षास्मृति परिशुद्ध भई चतुर्थ-ध्यान लाभी भई बस्दछु । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर चङ्क्रमण (होशपूर्वक ओहरदोहर) गर्दछु तब त्यो मेरो दिव्य चङ्क्रमण हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर उठ्दछु तब त्यो मेरो दिव्य उठाई हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर बस्दछु तब त्यो मेरो दिव्य बसाई हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर लेट्दछु तब त्यो मेरो दिव्य लेटाई हुन्छ । ब्राह्मण ! अनि त जब मैले यसरी जानेर उत्तमरूपले आचरण गर्दछु तब मेरो त्यो दिव्य उच्चाशयन र महाशयन हुन्छ । ब्राह्मण ! यही नै दिव्य उच्चाशयन र महाशयन हुन् जुन कि अहिले मलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ भएको छ ।"

"आश्चर्य, भो गोतम ! अद्‌भूत, भो गोतम !! तपाईं गोतम बाहेक अरू कस्ले यस्तो दिव्यउच्चाशयन र महाशयनलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ गर्न सक्ला !

"भो गोतम ! ती कुन ब्रह्मउच्चाशयन र महाशयन हुन् जुन तपाईं गोत-मलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ हुन्छ ?" "ब्राह्मण ! यहाँ म जुन गाउँ वा नगरको आश्रयमा बस्छु त्यहाँ पूर्वाण्ह समय चीवर परिधान गरी, पात्र-चीवर लिई त्यो गाउँ वा नगरमा पिण्डपात्रको निम्ति लाग्दछु । पिण्डपात्रको निम्ति गई भोजन पश्चात वनमा नै प्रवेश गर्दछु । त्यहाँ जुन पात र तृण छन् त्यसलाई एकत्र गरी पलेटीकसी, शरीर सीधा गरी अनि स्मृति सामुन्ने राखी



Downloaded from http://dhamma.digital

बस्दछु । त्यस अवस्थामा मैत्री सहगत चित्तद्वारा एक दिशामा फैलाएर बस्छु, यसरी नै दोस्रो दिशा, तेस्रो दिशा, चौथो दिशा, माथिको दिशा, तलको दिशा, बीचको दिशा, सर्वत्र सबै तरह र सबै किसिमले लोकमा मैत्री सहगत चित्तद्वारा विपुल, महान र अपरिमित अवैर तथा अक्रोधी भई बस्दछु । करुणा सहगत चित्तद्वारा... मुदिता सहगत चित्तद्वारा... उपेक्षा सहगत चित्तद्वारा एक दिशामा फैलाएर बस्छु, यसरी नै दोस्रो दिशा, तेस्रो दिशा, चौथो दिशा, माथिको दिशा, तलको दिशा, बीचको दिशा, सर्वत्र सबै तरह र सबै किसिमले लोकमा मैत्री सहगत चित्तद्वारा विपुल, महान र अपरिमित अवैर तथा अक्रोधी भई बस्छु । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर चङ्क्रमण गर्दछु तब त्यो मेरो ब्रह्म चङ्क्रमण हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर उठ्दछु तब त्यो मेरो ब्रह्म उठाई हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर बस्दछु तब त्यो मेरो ब्रह्म बसाई हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर लेट्दछु तब त्यो मेरो ब्रह्म लेटाई हुन्छ । ब्राह्मण ! अनि त जब मैले यसरी जानेर उत्तमरूपले आचरण गर्दछु तब मेरो त्यो ब्रह्म उच्चाशयन र महाशयन हुन्छ । ब्राह्मण ! यही नै ब्रह्म उच्चाशयन र महाशयन हुन् जुन कि अहिले मलाई अनायासै, सहजै तथा प्रयत्नविना नै लाभ भएको छ ।"

"आश्चर्य, भो गोतम ! अद्भूत, भो गोतम !! तपाईं गोतम बाहेक अरू कस्ले यस्तो ब्रह्मउच्चाशयन र महाशयनलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ गर्न सक्ला !

"भो गोतम ! ती कुन आर्यउच्चाशयन र महाशयन हुन् जुन तपाईं गोतमलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ हुन्छ ?" "ब्राह्मण ! यहाँ म जुन गाउँ वा नगरको आश्रयमा बस्छु त्यहाँ पूर्वाण्ह समय चीवर परिधान गरी, पात्र-चीवर लिई त्यो गाउँ वा नगरमा पिण्डपात्रको निम्ति लाग्दछु । पिण्डपात्रको निम्ति गई भोजन पश्चात वनमा नै प्रवेश गर्छु । त्यहाँ जुन पात र तृण छन् त्यसलाई एकत्र गरी पलेटीकसी, शरीर सीधा गरी अनि स्मृति सामुन्ने राखी बस्छु । त्यस अवस्थामा यसरी जानेको हुन्छु– 'ममा भएको राग विनष्ट भयो, जरो नै उखेलि दिएँ, तथा ताड वृक्ष काटे झैं पुनः उत्पन्न नहुने भयो । ममा भएको द्वेष विनष्ट भयो, जरो नै उखेलि दिएँ, तथा ताड वृक्ष काटे झैं पुनः उत्पन्न नहुने भयो अनि म मा भएको मोह विनष्ट भयो, जरो नै उखेलि दिएँ तथा ताड वृक्ष काटे झैं पुनः उत्पन्न नहुने भयो ।, ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर चङ्क्रमण गर्दछु तब त्यो मेरो आर्य चङ्क्रमण हुन्छ । ब्राह्मण ! मैले यसपछि जब यसरी जानेर उठ्दछु... बस्दछु... लेट्दछु तब त्यो मेरो आर्य लेटाई हुन्छ । ब्राह्मण ! अनि त जब मैले जानेर उत्तमरूपले आचरण गर्दछु तब मेरो त्यो आर्य उच्चाशयन र



Downloaded from http://dhamma.digital

महाशयन हुन्छ । ब्राह्मण ! यही नै आर्य उच्चाशयन र महाशयन हुन् जुन कि अहिले मलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ भएको छ ।"

"आश्चर्य, भो गोतम ! अद्भूत, भो गोतम !! तपाईं गोतम बाहेक अरू कस्ले यस्तो आर्यउच्चाशयन र महाशयनलाई अनायासै, सहजै तथा विनाप्रयत्नै लाभ गर्न सक्ला !

"अत्यन्तै राम्रो, भो गोतम ! अत्यन्तै राम्रो, भो गोतम ! जस्तै कि, भो गोतम ! घोप्टेकोलाई उत्तानो पारिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, बाटो भूलेकालाई बाटो देखाई दिए झैं, अन्धकारमा तेल प्रदीप बाली दिए झैं अनि आँखा भएकाले रूप देख्न सके झैं गरी तपाईं गोतमले अनेक प्रकारले धर्म प्रकाशित गर्नु भयो । अबदेखि म भगवान गोतमको शरणमा पर्छु, धर्म र भिक्षुसंघको पनि । भो गोतम ! आजदेखि प्राणरहुञ्जेल तपाईं गोतमका शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

## ४. सरभसुत्तं

६५. मैले यस्तो सुनें– एक समय भगवान राजगहस्थित गिज्झकूट पर्वतमा बस्नुहुन्थ्यो । त्यससमय सरभ नाउँका परिव्राजक यस धर्मविनय त्यागी गएको थोरै समय भएको थियो । त्यससमय उसले राजगहका परिषदलाई यस्तो वचन प्रयोग गर्दथ्यो– "मैले श्रमण शाक्यपुत्रको धर्म अवज्ञात गरें । मैले श्रमण शाक्यपुत्रको धर्म जानेर नै त्यस धर्मविनय छोडेको हुँ ।" त्यससमय धेरै भिक्षुहरू पूर्वाण्ह समयमा चीवर परिधान गरी पात्र-चीवर लिई भोजनको निम्ति राजगहमा प्रविष्ट भए । ती भिक्षुहरूले राजगहका परिषदलाई सरभ परिव्राजकद्वारा यस्तो वचन प्रयोग गरिरहेको सुने– "मैले श्रमण शाक्यपुत्रको धर्म अवज्ञात गरें । मैले श्रमण शाक्यपुत्रको धर्म जानेर नै त्यस धर्मविनय छोडेको हुँ ।"

अनि ती भिक्षुहरू राजगहमा भिक्षाटन गरी भोजनपछि पात्र एकठाउँमा राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती भिक्षुहरूले भगवानलाई यसो भने– "भन्ते ! सरभ नाउँको परिव्राजकले यस धर्मविनय त्यागी गएको थोरै समय भयो । उसले राजगहका परिषदलाई यस्तो वचन प्रयोग गरिरहेको छ– 'मैले श्रमण शाक्यपुत्रको धर्म अवज्ञात गरें । मैले श्रमण शाक्यपुत्रको धर्म जानेर नै त्यस धर्मविनय छोडेको हुँ ।' असल हुनेछ, भन्ते भगवान ! कृपा गरी सिप्पिनिका तीरको



Downloaded from http://dhamma.digital

परिव्राजकाराममा जहाँ सरभ परिव्राजक छ त्यहाँ जानुभए ।" भगवानले मौन भई स्वीकार्नुभयो ।

अनि भगवान साँझको समय ध्यानबाट उठ्नु भई सिप्पिका तीरको जहाँ परिव्राजकाराम हो त्यहाँ सरभ परिव्राजककहाँ जानुभयो । त्यहाँ पुग्नु भई बिछ्या-इएको आसनमा बस्नुभयो । बसिसक्नु भएपछि भगवानले सरभ परिव्राजकलाई यसो भन्नुभयो– "के साँचो हो, सरभ ! तिमीले यसो भनेको– "मैले श्रमण शाक्यपुत्रको धर्म अवज्ञात गरें । मैले श्रमण शाक्यपुत्रको धर्म जानेर नै त्यस धर्मविनय छोडेको हुँ भनी भनेको ?" यसरी भन्नु भएपछि सरभ परिव्राजक चूप लागेर बसे ।

दोस्रोपटक पनि भगवानले सरभ परिव्राजकलाई यसो भन्नुभयो– "भन, सरभ ! के तिमीले श्रमण गोतमको धर्मलाई जान्यौ ? यदि त्यसमा केही कमी छ भने मैले परिपूर्ण गरिदिन्छु । यदि त्यो परिपूर्ण भएमा मैले अनुमोदन गर्छु ।" दोस्रो पटक पनि सरभ परिव्राजक चूप लागेर बसे ।

तेस्रोपटक पनि भगवानले सरभ परिव्राजकलाई यसो भन्नुभयो– "भन, सरभ ! के तिमीले श्रमण गोतमको धर्मलाई जान्यौ ? यदि त्यसमा केही कमी छ भने मैले परिपूर्ण गरिदिन्छु । यदि त्यो परिपूर्ण भएमा मैले अनुमोदन गर्छु ।" तेस्रो-पटक पनि सरभ परिव्राजक चूप लागेर बसे ।

अनि त ती परिव्राजकहरूले सरभलाई यसो भने– "आवुस सरभ ! जेजति तिमीले श्रमण गोतमको बारेमा भन्यौ त्यही विषय लिई श्रमण गोमले निमन्त्रण गर्दै हुनुहुन्छ । भन, आवुस सरभ ! के तिमीले श्रमण शाक्यपुत्रको धर्मलाई जान्यौ ? यदि अपरिपूर्ण भएमा श्रमण गोतमले परिपूर्ण गरी दिनुहुन्छ । यदि परिपूर्ण भएमा श्रमण गोतमले अनुमोदन गर्नु हुनेछ ।" यसो भन्दा सरभ परिव्राजक मौन भई, उत्साहहिन भई, काँध झुकाई अनि मुख निहुर्‍याई सोचमा परी निस्तेज भई बसे ।

अनि भगवानले सरभ परिव्राजक मौन भई, उत्साहहीन भई, काँध झुकाई मुख निहुराई, सोचाइमा परी अनि निस्तेज भएको बुझ्नुभई ती परिव्राजकहरूलाई यसो भन्नुभयो–

"यदी जो कोही परिव्राजकले मलाई यसरी भन्छ कि उसले सम्यकसम्बुद्ध भएको घोषणा गरेतापनि यस धर्ममा भने अनभिज्ञ छन्, तब उसलाई मैले राम्रोसँग जिज्ञासा राख्छु, कारण जान्न खोज्छु र कुराकानी गर्छु । त्यतिखेर मबाट उसलाई जिज्ञासा राख्दा, जान्न खोज्दा र कुराकानी गर्दा उचित कारण पाउँदिन तथा उचित



Downloaded from http://dhamma.digital

अवसर पाउँदिन जसमा कि ऊ तीन अवस्था मध्ये कुनै एक अवस्था परी अनुभव गर्न नपरेको होस् । अरूतिर नै वा अरू नै कुरामा लाग्छ, बाहिरको कुरामा लाग्छ; कुपित, द्वेष र असन्तोष प्रकट गर्छ । जस्तै कि– सरभ परिव्राजक झैं मौन भई, उत्साहहिन भई, काँध झुकाई, मुख निहुराई, सोचमा डुवी अनि निस्तेज भई बस्नु पर्ने हुन्छ ।

"यदि जो कोही परिव्राजकले मलाई यसरी भन्छ– 'उसले क्षीणाश्रव भएको घोषणा गरेतापनि यी आश्रवहरू अपरीक्षिण छन्', तब उसलाई मैले राम्रोसँग जिज्ञासा राख्दछु, कारण जान्न खोज्दछु र कुराकानी गर्दछु । त्यतिखेर मबाट उसलाई जिज्ञासा राख्दा, जान्न खोज्दा र कुराकानी गर्दा उचित कारण पाउँदिन तथा उचित अवसर पाउँदिन जसमा कि ऊ तीन अवस्था मध्ये कुनै एक अवस्था परी अनुभव गर्न नपरेको होस् । अरूतिर नै वा अरू नै कुरामा लाग्छ, बाहिरको कुरामा लाग्छ; कुपित, द्वेष र असन्तोष प्रकट गर्छ । जस्तै कि– सरभ परिव्राजक झैं मौन भई, उत्साहहिन भई, काँध झुकाई, मुख निहुराई, सोचमा डुवी अनि निस्तेज भई बस्नु पर्ने हुन्छ ।

"यदि जो कोही परिव्राजकले मलाई यसरी भन्छ– 'उसले जुन अर्थको विषय लिएर धर्मोपदेश दिन्छ त्यो उपदेश अनुसार आचरण गरेतापनि सम्यकरूपले दुःख क्षय हुँदैन ।' त्यसरी भन्नेलाई मैले ऊसँग जिज्ञासा राख्दछु, कारण जान्न खोज्दछु र कुराकानी गर्दछु । त्यतिखेर मबाट उसलाई जिज्ञासा राख्दा, जान्न खोज्दा र कुराकानी गर्दा उचित कारण पाउँदिन तथा उचित अवसर पाउँदिन जसमा कि ऊ तीन अवस्था मध्ये कुनै एक अवस्था परी अनुभव गर्न नपरेको होस् । अरूतिर नै वा अरू नै कुरामा लाग्छ, बाहिरको कुरामा लाग्छ; कुपित, द्वेष र असन्तोष प्रकट गर्छ । जस्तै कि– सरभ परिव्राजक झैं मौन भई, उत्साहहिन भई, काँध झुकाई, मुख निहुराई अनि सोचमा डुवी निस्तेज भई बस्नु पर्ने हुन्छ । अनि सिप्पिनिका तीरको परिव्राजकराममा भगवानले तीन पटकसम्म सिंहनाद गर्नुभई आकाश मार्गबाट फर्कनु भयो ।

अनि त ती परिव्राजकहरूले भगवान जानुभएको केही समयपछि सरभ परिव्राजकलाई वाणरूपी वचन लगाए । कोर्रारूपी वचन लगाए जस्तै कि– "आवुस सरभ ! जङ्गलमा बूढो स्यालले 'सिंहले जस्तै गर्जनेछु' भनी गर्जन खोज्दा स्यालको नै गर्जन हुन्छ तथा स्यालको नै आवाज निस्किन्छ । यस्तरी नै, आवुस सरभ ! श्रमण गोतमको अनुपस्थितिमा 'सिंहले जस्तै गर्जनेछु' भनी गर्जन खोज्दा स्यालकै गर्जन तथा स्यालकै आवाज आए जस्तै भयो । जस्तै कि, आवुस सरभ ! पोथीले भाले बासे झैं बास्छु भनी बास्न खोज्दा पोथीकै आवाज निस्किन्छ, यस्तरी नै आवुस



Downloaded from http://dhamma.digital

सरभ ! श्रमण गोतमको अनुपस्थितिमा 'भाले झैं बास्छु' भन्दाखेरि पोथि नै बास्यौ । जस्तै कि, आवुस सरभ ! शून्य गौशालामा बेजोडसँग साँढेले आवाज निकालेर कराएँ भन्ने सोचेको हुन्छ यस्तै गरी आवुस सरभ ! श्रमण गोतमको अनुपस्थितिमा साँढेले आवाज निकाले झैं ठान्यौ । अनि त ती परिव्राजकहरूले सरभ परिव्राजकलाई वाणरूपी वचन लाए तथा कोर्रारूपी वचन लाए ।

## ५. केसमुत्तिसुत्तं

६६. मैले यस्तो सुनें- एक समय भगवान कोसलमा महाभिक्षुसंघका साथ चारिका गर्नुहुँदै केसमुत्त नाउँको कालामका नगरमा पुग्नुभयो । केसमुत्तका कालामहरूले सुने कि- "श्रमण गोतम शाक्य पुत्र, शाक्य कुलबाट प्रव्रजित हुनुभएका केसमुत्तमा आउनु भएको छ । वहाँ भगवान गोतमको यस्तो कल्याण कीर्ति शब्द फैलिएको छ– वहाँ भगवान... त्यसरूपका अर्हतको दर्शन गर्दा कल्याणै हुन्छ ।' "

अनि केसमुत्तका कालामहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । कसैले भगवानसँग कुशल क्षम सारणीय कुरा गरी एक ठाउँमा बसे । कसैले भगवानलाई दुई हात जोडी प्रणाम गरी एक ठाउँमा बसे । कसैले आफ्नो नाउँ र गोत्र सुनाई एक ठाउँमा बसे अनि कोही चुपचापसँग एक ठाउँमा बसे । एक ठाउँमा बसेका केसमुत्तका कालामले भगवानलाई यसो भने–

"भन्ते ! कोही कोही श्रमण-ब्राह्मणहरू केसमुत्तमा आउँछन् । उनीहरूले आफ्नै मतलाई प्रकाशित तथा ज्वलन्त पार्छन् । अरूका मतलाई चोट पुऱ्याउँछन्, घृणा गर्छन्, निकृष्ट पार्छन् र हटाउँछन् । भन्ते ! तिनीहरूका कुरा सुन्दा हाम्रो मनमा शङ्का तथा उपशङ्का उब्जिन्छ कि– यी श्रमण-ब्राह्मणहरू मध्येमा कस्ले भनेको सत्य हो अनि कस्ले भनेको झूटो हो ?" "कालामहो ! यो शङ्का गर्न योग्य नै हो तथा शङ्का गर्न योग्य छ । शङ्का गर्न योग्य ठाउँमै शङ्का गऱ्यौ ।"

"आऊ, कालामहो ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु, आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । कालामहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू अकुशल छन्, यी



Downloaded from http://dhamma.digital

धर्महरू दोषयुक्त छन्, यी धर्महरू विज्ञजनहरूबाट निन्दनीय छन्, यी समस्त धर्ममा लाग्दा अहित हुन्छ, दुःख हुन्छ भने कालामहो ! तिमीहरूले त्यसलाई त्यागी दिनु ।

"कालामहो ! के तिमीहरू मान्दछौ ? व्यक्तिका भित्री मनमा उब्जिने लोभ उब्जिएमा हितको निम्ति हुन्छ कि अथवा अहितको निम्ति हुन्छ ?" "अहितको निम्ति हुन्छ, भन्ते !"

"कालामहो ! लुब्धताको कारणले, लोभद्वारा अभिभूत भई त्यसको वशमा परेका पुरुष वा व्यक्तिको चित्तले प्राणी हिंसा गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"कालामहो ! के तिमीहरू मान्दछौ ? व्यक्तिका भित्री मनमा उब्जिने द्वेष उब्जिएमा हितको निम्ति हुन्छ कि अथवा अहितको निम्ति हुन्छ ?" "अहितको निम्ति हुन्छ, भन्ते !"

"कालामहो ! द्वेषको कारणले, द्वेषद्वारा अभिभूत भई त्यसको वशमा परेका पुरुष वा व्यक्तिको चित्तले प्राणी हिंसा गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"कालामहो ! के तिमीहरू मान्दछौ ? व्यक्तिका भित्री मनमा उब्जिने मोह उब्जिएमा हितको निम्ति हुन्छ कि अथवा अहितको निम्ति हुन्छ ?" "अहितको निम्ति हुन्छ, भन्ते !"

"कालामहो ! मोहको कारणले, मोहद्वारा अभिभूत भई त्यसको वशमा परेका पुरुष वा व्यक्तिको चित्तले प्राणी हिंसा गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"कालामहो ! यी धर्महरू कुशल हुन् कि अकुशल हुन् ?" "अकुशल हुन्, भन्ते !" "दोषयुक्त हुन् कि, निर्दोष हुन् ?" "दोषयुक्त हुन्, भन्ते !" "विज्ञजनबाट निन्दित हुन् कि विज्ञजनबाट प्रशंसित हुन् ?" "विज्ञजनबाट निन्दित हुन्, भन्ते !"

"यसमा सबै लाग्दा अहितको निम्ति हुन्छ कि दुःखको निम्ति हुन्छ अथवा



Downloaded from http://dhamma.digital

यसबाट के हुन सक्छ त ?" यसमा सबै लाग्दा अहितको निम्ति हुन्छ कि दुःखको निम्ति हुन्छ, भन्ते ! यसबाट यही हुन्छ ।"

त्यसैले, कालामहो ! जुन मैले तिमीहरूलाई भनें कि– "आऊ, कालामहो ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु, आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । कालामहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू अकुशल हुन्, यी धर्महरू दोषयुक्त हुन्, यी धर्महरू विज्ञजनबाट निन्दनीय हुन्, यी समस्त धर्ममा लाग्दा अहित हुन्छ, दुःख हुन्छ भने कालामहो ! तिमीहरूले त्यसलाई त्यागी दिनु । यी जेजति भनें त्यही कारण लिई भनेको हुँ ।"

"त्यसैले जुन तिमीहरूलाई भनें– 'आऊ, कालामहो ! अनुश्रवण, परम्परा, यसरी भनेको छ, ग्रन्थमा प्रतिपादन गरेको छ, तर्क सम्मत छ, न्याय सम्मत छ, आकार-प्रकार राम्रो छ, मतको अनुकूल छ, आकर्षक व्यक्तित्व र श्रमण पूज्य हुन् भनी नस्वीकार । कालामहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू कुशल हुन्, यी धर्महरू निर्दोष हुन्, यी धर्महरू विज्ञजनबाट प्रशंसित हुन्, यी समस्त धर्ममा लाग्दा हित हुन्छ, सुख हुन्छ भने कालामहो ! तिमीहरूले त्यसलाई ग्रहण गरे हुन्छ ।"

"कालामहो ! के तिमीहरू मान्दछौ ? व्यक्तिका भित्री मनमा उब्जिने अलोभ उब्जिएमा हितको निम्ति हुन्छ कि अथवा अहितको निम्ति हुन्छ ?" "हितको निम्ति हुन्छ, भन्ते !"

"कालामहो ! के तिमीहरू मान्दछौ ? व्यक्तिका भित्री मनमा उब्जिने अद्वेष उब्जिएमा... व्यक्तिका भित्री मनमा उब्जिने अमोह उब्जिएमा... हितको निम्ति हुन्छ कि सुखको निम्ति हुन्छ ?" "सुखको निम्ति हुन्छ, भन्ते !"

"कालामहो ! यी धर्महरू कुशल हुन् कि अकुशल हुन् ?" "कुशल हुन्, भन्ते !" "दोषयुक्त हुन् कि, निर्दोष हुन् ?" "निर्दोष हुन्, भन्ते !" "विज्ञजनबाट निन्दित हुन् कि विज्ञजनबाट प्रशंसित हुन् ?" "विज्ञजनबाट प्रशंसित हुन्, भन्ते !" "यसमा सबै लाग्दा हितको निम्ति तथा सुखको निम्ति हुन्छ अथवा यसबाट के हुन



Downloaded from http://dhamma.digital

सक्छ त ?" यसमा सबै लाग्दा हितको निम्ति तथा सुखको निम्ति हुन्छ, भन्ते ! यसबाट यही हुन्छ ।"

त्यसैले, कालामहो ! जुन मैले तिमीहरूलाई भनें कि– "आऊ, कालामहो ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु, आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । कालामहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू कुशल हुन्, यी धर्महरू निर्दोष हुन्, यी धर्महरू विज्ञजनबाट प्रशंसित हुन्, यी समस्त धर्ममा लाग्दा हित तथा सुख हुन्छ भने कालामहो ! तिमीहरूले त्यसलाई ग्रहण गरे हुन्छ । यी जेजति भनें त्यही कारण लिई भनेको हुँ ।

"कालामहो ! जो आर्यश्रावक यसरी लोभरहित, द्वेषरहित, मूढतारहित, जानिबुझि, स्मृतिवान भई मैत्रीसहगत चित्तद्वारा एकदिशा, दोस्रोदिशा, तेस्रोदिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा, सबै, समस्त, तथा सम्पूर्ण लोकलाई समेटेर विहर्दछ । विपुल, महान तथा अपरिमित वैररहित, द्वेषरहित मैत्रीसहगत चित्तद्वारा फिँजाएर विहर्दछ । करुणासहगत चित्तद्वारा... मुदितासहगत चित्तद्वारा... उपेक्षासहगत चित्तद्वारा एकदिशा, दोस्रोदिशा, तेस्रोदिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा, सबै, समस्त, तथा सम्पूर्ण लोकलाई समेटेर विहर्दछ । विपुल, महान तथा अपरिमित वैररहित, द्वेषरहित उपेक्षासहगत चित्तद्वारा फिँजाएर विहर्दछ ।

" 'कालामहो ! जो ती आर्यश्रावक हुन् तिनीहरूबाट यसरी अवैर चित्त, अव्यापाद चित्त भई प्रदूषणरहित चित्त र विशुद्ध चित्त हुँदा उसलाई यी चार प्रकारका दृष्टान्त धर्ममा आश्वासन प्राप्त हुन्छ । 'यदि परलोक भए सुकृत-दुष्कृत कर्मको फल छ भने अथवा मेरो शरीर भेद हुँदा मरणपश्चात सुगति, स्वर्गलोकमा जन्मिन्छु' भनी पहिलो आश्वासन प्राप्त हुन्छ ।

" 'यदि परलोक नभए सुकृत-दुष्कृत कर्मको फल नभए पनि अथवा मैले दृष्टान्त धर्ममा अवैर, अद्वेष, अदुःख तथा सुखसहित आफू विचरण गर्दछु' भनी यो दोस्रो आश्वासन प्राप्त हुन्छ ।

" 'यदि पाप गर्दा नराम्रो हुन्छ भने मैले कसैप्रति नराम्रो चिताएको छैन । मैले पाप कर्म नगरे कसरी दुःख हुन्छ,' भनी यो तेस्रो आश्वासन प्राप्त हुन्छ ।



Downloaded from http://dhamma.digital

" "यदि पाप गर्दा नराम्रो हुँदैन भने मैले आफूले आफैलाई दुवै दृष्टिबाट विशुद्ध पाउँछु भनी यो चौथो दृष्टान्त धर्ममा आश्वासन प्राप्त हुन्छ।

"यो यस्तै हो, भगवान ! यो यस्तै हो, सुगत !! जो ती आर्यश्रावक हुन् तिनीहरूबाट यसरी अवैर चित्त, अव्यापाद चित्त भई प्रदूषणरहित चित्त र विशुद्ध चित्त हुँदा उसलाई यी चार प्रकारका दृष्टान्त धर्ममा आश्वासन प्राप्त हुन्छ। 'यदि परलोक भए सुकृत-दुष्कृत कर्मको फल छ भने अथवा मेरो शरीर भेद हुँदा मरण पश्चात सुगति, स्वर्गलोकमा जन्मिन्छु' भनी पहिलो आश्वासन प्राप्त हुन्छ।

" 'यदि परलोक नभए सुकृत-दुष्कृत कर्मको फल नभए पनि अथवा मैले दृष्टान्त धर्ममा अवैर, अद्वेष, अदुःख तथा सुखसहित आफू विचरण गर्दछु' भनी यो दोस्रो आश्वासन प्राप्त हुन्छ।

" 'यदि पाप गर्दा नराम्रो हुन्छ भने मैले कसैप्रति नराम्रो चिताएका छैन। मैले पाप कर्म नगरे कसरी दुःख हुन्छ' भनी यो तेस्रो आश्वासन प्राप्त हुन्छ।

" "यदि पाप गर्दा नराम्रो हुँदैन भने मैले आफूले आफैलाई दुवै दृष्टिबाट विशुद्ध पाउँछु भनी यो चौथो दृष्टान्त धर्ममा आश्वासन उसलाई प्राप्त हुन्छ।

"अति सुन्दर, भन्ते !... हामीहरू भगवानको शरणमा पर्छौं, धर्म र भिक्षुसंघको पनि। भन्ते ! भगवानले आजदेखि हामीलाई प्राण रहुञ्जेल शरणमा परेका उपासक हुन् भनी धारण गर्नुहोस्।"

## ६. साल्हसुत्तं

Dhamma.Digital

६७. मैले यस्तो सुनें– एक समय आयुष्मान नन्दक सावत्ति स्थित मिगारमाताको प्रासादमा बस्नुहुन्थ्यो। त्यस बेला मिगारमाताको नाति साल्ह र सेखुनियाको नाति साण जहाँ आयुष्मान नन्दक हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान नन्दकलाई अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेपछि मिगारमाताको नाति साल्हलाई आयुष्मान नन्दकले यसो भन्नुभयो–

"आऊ, साल्ह ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु,



Downloaded from http://dhamma.digital

आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । साल्हहो ! जब तिमी स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू अकुशल हुन्, यी धर्महरू दोषयुक्त हुन्, यी धर्महरू विज्ञजनबाट निन्दित हुन्, यी समस्त धर्महरूमा लाग्दा अहित तथा दुःख हुन्छ' भने साल्हहो ! तिमीहरूले त्यसलाई त्यागी दिनु ।

"साल्हहो ! के तिमीहरू मान्दछौ, लोभ भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! लोभी हुनुलाई नै मैले लोभ भन्दछु । साल्हहो ! यही लुब्धता वा लोभी हुँदा प्राणी हत्या गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"साल्हहो ! के तिमीहरू मान्दछौ, द्वेष भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! द्वेषलाई नै मैले व्यापाद भन्दछु । साल्हहो ! यही द्वेषयुक्त वा व्यापाद चित्तको हुँदा प्राणी हत्या गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"साल्हहो ! के तिमीहरू मान्दछौ, मोह भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! मोहलाई नै मैले अविद्या भन्दछु । साल्हहो ! यही मोह वा अविद्या हुँदा प्राणी हत्या गर्छ, चोर्छ पनि, व्यभिचारी पनि हुन्छ, झूटो पनि बोल्छ, अरूलाई पनि त्यसैमा लाउँछ भने उसलाई दीर्घकालसम्म अहित तथा दुःख हुन्छ होइन त ?" "हुन्छ, भन्ते !"

"साल्हहो ! यी धर्महरू कुशल हुन् कि अकुशल हुन् ?" "अकुशल हुन्, भन्ते !" "दोषयुक्त हुन् कि, निर्दोष हुन् ?" "दोषयुक्त हुन्, भन्ते !" "विज्ञजनबाट निन्दित हुन् कि विज्ञजनबाट प्रशंसित हुन् ?" "विज्ञजनबाट निन्दित हुन्, भन्ते !"

"यसमा सबै लाग्दा अहितको निम्ति हुन्छ कि दुःखको निम्ति हुन्छ अथवा यसबाट के हुन सक्छ त ?" यसमा सबै लाग्दा अहितको निम्ति हुन्छ वा दुःखको निम्ति हुन्छ, भन्ते ! यसबाट यही हुन सक्छ ।"



Downloaded from http://dhamma.digital

त्यसैले, साल्हहो ! जुन मैले तिमीहरूलाई भनें कि– "आऊ, साल्हहो ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु, आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । साल्हहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू अकुशल हुन्, यी धर्महरू दोषयुक्त हुन्, यी धर्महरू विज्ञजनबाट निंदित हुन्, यी समस्त धर्महरूमा लाग्दा अहित हुन्छ, दुःख हुन्छ भने साल्हहो ! तिमीहरूले त्यसलाई त्यागी दिनु । यी जेजति भनें त्यही कारण लिई भनेको हुँ ।"

"आऊ, साल्हहो ! अनुश्रवण, परम्परा, यसरी भनेको छ, ग्रन्थमा प्रतिपादन गरेको छ, तर्क सम्मत छ, न्याय सम्मत छ, आकारप्रकार राम्रो छ, मतको अनुकूल छ, आकर्षक व्यक्तित्व र श्रमण पूज्य हुन् भनी नस्वीकार । साल्हहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू कुशल हुन्, यी धर्महरू निर्दोष हुन्, यी धर्महरू विज्ञजनबाट प्रशसित हुन्, यी समस्त धर्ममा लाग्दा हित हुन्छ, सुख हुन्छ भने साल्ह हो ! तिमीहरूले त्यसलाई ग्रहण गरे हुन्छ ।"

"साल्हहो ! के तिमीहरू मान्दछौ, अलोभ भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! अलोभलाई नै मैले अलुब्ध भन्दछु । साल्हहो ! यही अलुब्धता वा अलोभी हुँदा प्राणी हत्या गर्दैन, चोर्दैन, व्यभिचारी हुँदैन, झूटो बोल्दैन, अरूलाई पनि त्यसमा लाउँदैन भने उसलाई दीर्घकालसम्म हित तथा सुख हुन्छ, होइन त ?" "हुन्छ, भन्ते !"

"साल्हहो ! के तिमीहरू मान्दछौ, अद्वेष भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! अद्वेषलाई नै मैले अव्यापाद भन्दछु । साल्हहो ! यही अद्वेषी वा अव्यापाद चित्तको हुँदा प्राणी हत्या गर्दैन, चोर्दैन, व्यभिचारी हुँदैन, झूटो बोल्दैन, अरूलाई पनि त्यसमा लाउँदैन भने उसलाई दीर्घकालसम्म हित तथा सुख हुन्छ, होइन त ?" "हुन्छ, भन्ते !"

"साल्हहो ! के तिमीहरू मान्दछौ, अमोह भन्ने छ ?" " छ, भन्ते !"

"साल्हहो ! यसैलाई नै मैले पनि विद्या भन्दछु । साल्हहो ! यही अमोह वा विद्या हुँदा !" प्राणी हत्या गर्दैन, चोर्दैन, व्यभिचारी हुँदैन, झूटो बोल्दैन, अरूलाई



Downloaded from http://dhamma.digital

त्यसमा लाउँदैन भने उसलाई दीर्घकालसम्म हित तथा सुख हुन्छ, होइन त ?"
"हुन्छ, भन्ते !"

"साल्हहो ! यी धर्महरू कुशल हुन् कि अकुशल हुन् ?" "कुशल हुन्, भन्ते !" "दोषयुक्त हुन् कि, निर्दोष हुन् ?" "निर्दोष हुन्, भन्ते !" "विज्ञजनबाट निन्दित हुन् कि विज्ञजनबाट प्रशंसित हुन् ?" "विज्ञजनबाट प्रशंसित हुन्, भन्ते !"

"यसमा सबै लाग्दा हित, सुख अथवा यसबाट के हुन्छ त ?" यसमा सबै लाग्दा हित तथा सुखको निम्ति हुन्छ, भन्ते ! यसबाट यही हुन्छ ।"

त्यसैले, साल्हहो ! जुन मैले तिमीहरूलाई भनें कि– 'आऊ, साल्हहो ! तिमीहरूले अनुश्रवणलाई नस्वीकार्नु, परम्परालाई नस्वीकार्नु, यसरी भनेको छ भनी नस्वीकार्नु, ग्रन्थमा प्रतिपादन गरेको छ भनी नस्वीकार्नु, तर्क सम्मत छ भनी नस्वीकार्नु, न्याय सम्मत छ भनी नस्वीकार्नु, आकारप्रकार राम्रो छ भनी नस्वीकार्नु, आफ्नो मत अनुकूल छ भनी नस्वीकार्नु, आकर्षक व्यक्तित्व छ भनी नस्वीकार्नु अनि हाम्रा श्रमण पूज्य छन् भनी नस्वीकार्नु । साल्हहो ! जब तिमीहरू स्वयम्ले जान्नेछौ कि– 'यी धर्महरू कुशल हुन्, यी धर्महरू निर्दोष हुन्, यी धर्महरू विज्ञजनबाट प्रशंसित हुन्, यी समस्त धर्महरूमा लाग्दा दीर्घकालसम्म हित तथा सुख हुन्छ भने साल्हहो ! तिमीहरूले त्यसलाई ग्रहण गरी विचरण गर्नु' । यी जेजति भनें त्यही कारण लिई भनेको हुँ ।"

"साल्हहो ! जो आर्य श्रावक यसरी लोभरहित, द्वेषरहित, मूढतारहित, जान्नेबुझ्ने, स्मृतिवान भई मैत्री सहगत चित्तद्वारा पहिलोदिशा, दोस्रोदिशा, तेस्रो-दिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा एवम् सबै, समस्त तथा सम्पूर्ण लोकलाई समेटेर विपुल, महान, अपरिमित, वैररहित तथा अद्वेष फिँजाएर विचरण गर्छ । करुणासहगत चित्तद्वारा पहिलोदिशा, दोस्रोदिशा, तेस्रोदिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा एवम् सबै, समस्त तथा सम्पूर्ण लोकलाई समेटेर विपुल, महान, अपरिमित, वैररहित तथा अद्वेष फिँजाएर विचरण गर्छ । मुदिता सहगत चित्तद्वारा पहिलोदिशा, दोस्रोदिशा, तेस्रोदिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा एवम् सबै, समस्त तथा सम्पूर्ण लोकलाई समेटेर विपुल, महान, अपरिमित, वैररहित, अद्वेषलाई फिँजाएर विचरण गर्छ । उपेक्षासहगत चित्तद्वारा पहिलोदिशा, दोस्रोदिशा, तेस्रोदिशा, चौथोदिशा, उर्ध्वदिशा, तेर्सोदिशा एवम् सबै, समस्त तथा सम्पूर्ण लोकलाई समेटेर विपुल, महान, अपरिमित, वैररहित, अद्वेषलाई फिँजाएर विचरण गर्छ । उसले यसरी जान्दछ– 'त्यसमा यो छ, यसमा यो छैन, यो उत्तम छ र यो संज्ञा भन्दा पनि श्रेष्ठतम अवस्था (निस्सरण) छ । उसले यसरी जानेपछि, देखेपछि, चित्तबाट



Downloaded from http://dhamma.digital

कामाश्रव पनि विमुक्त हुन्छ, चित्तबाट भवाश्रव पनि विमुक्त हुन्छ, चित्तबाट अविद्याश्रव पनि विमुक्त हुन्छ अनि विमुक्त भएपछि विमुक्त भएँ भन्ने ज्ञान हुन्छ । 'जन्म क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने गरी सकेँ अब यसबाहेक अरू गर्नु पर्ने बाँकी केही छैन भनी जान्दछ ।

"उसले यसरी जानेको हुन्छ– 'यो भन्दा पहिला लोभ थियो, त्यो अकुशल हो, अहिले त्यो छैन, यो कुशल हो । यो भन्दा पहिला द्वेष थियो... यो भन्दा पहिला मोह थियो त्यो अकुशल हो, अहिले त्यो छैन, यो कुशल हो ।' यसरी उसले यसै जीवनमा तृष्णाविहीन, निर्वाण, शान्तानुभूति, सुखानुभूति र ब्रह्मानुभूति गरी विचरण गर्छ ।"

## ७. कथावत्थुसुत्तं

६८. "भिक्षुहो ! यी तीन कथा-वस्तु हुन् । ती तीन के के हुन् ? अतीतका विषय लिई कुराकानी हुन्छ– 'अतीत समय यस्तो थियो ।' भिक्षुहो ! अनागतका विषय लिई कुराकानी हुन्छ– 'अनागत समय यस्तो हुनेछ अनि वर्तमान समयका विषय लिई कुराकानी हुन्छ– 'अहिले वर्तमान समय यस्तो छ ।'

"भिक्षुहो ! कुराकानीबाट थाहापाउन सकिन्छ कि यो मान्छेसँग कुरा गर्न योग्य छ वा छैन। यदि कोही व्यक्तिले सहीरूपले उत्तर दिनुपर्ने प्रश्न गर्दा सही-रूपले उत्तर दिँदैन । विभक्त गरी उत्तर दिनुपर्ने प्रश्न गर्दा विभक्त गरी उत्तर दिँदैन । प्रतिप्रश्न गरी सोधिएका कुरालाई प्रतिप्रश्न गरी कुरा गर्दैन अनि ठाउँमा राख्नु पर्ने प्रश्न गर्दा ठाउँमा राख्दैन । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छैन । भिक्षुहो ! यदी कोही व्यक्तिले सहीरूपले उत्तर दिनुपर्ने प्रश्न गर्दा सहीरूपले उत्तर दिन्छ । विभक्त गरी उत्तर दिनुपर्ने प्रश्न गर्दा विभक्त गरी उत्तर दिन्छ । प्रतिप्रश्न गरी सोधिएका कुरालाई प्रतिप्रश्न गरी कुरा गर्छ अनि ठाउँमा राख्नु पर्ने प्रश्न गर्दा यथोचित ठाउँमा राख्छ । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छ ।

"भिक्षुहो ! कुराकानीबाट थाहापाउन सकिन्छ कि यो मान्छेसँग कुरा गर्न योग्य छ वा छैन । यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तरमा उचित भए उचित, अनुचित भए अनुचित भनी प्रतिष्ठित गर्दैन; सारमा प्रतिष्ठित गर्दैन, बुझ्ने गरी भन्दैन र प्रतिपदामा प्रतिष्ठित गर्दैन । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छैन । यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तरमा उचित भए उचित, अनुचित भए अनुचित भनी प्रतिष्ठित गर्छ; सारमा



Downloaded from http://dhamma.digital

प्रतिष्ठित गर्छ, बुझ्ने गरी भन्छ र प्रतिपदामा प्रतिष्ठित गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छ ।

"भिक्षुहो ! कुराकानीबाट थाहापाउन सकिन्छ कि यो मान्छेसँग कुरा गर्न योग्य छ वा छैन । यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तर अर्कैतिर लाउँछ, बाहिरी कुरामा लाउँछ, क्रोध, द्वेष र असन्तुष्टी प्रकट गर्छ । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छैन । भिक्षुहो ! यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तरमा अर्कैतिर लाउँदैन, बाहिरी कुरामा लाउँदैन, क्रोध, द्वेष र असन्तुष्टी प्रकट गर्दैन । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छ ।

"भिक्षुहो ! कुराकानीबाट थाहापाउन सकिन्छ कि यो मान्छेसँग कुरा गर्न योग्य छ वा छैन । यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तरमा यताउताको सूत्र लिई उद्धृत गर्छ, कारण मर्दन गर्छ, कुरालाई तालि बजाएर उन्मुक्त भई हाँस्छ अनि मुखबाट निस्कने सानै शब्दको दोष देखाउँछ । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छैन । भिक्षुहो ! यदि कोही व्यक्तिद्वारा सहीरूपले गरिएको प्रश्नको उत्तरमा यताउताको सूत्र लिई उद्धृत गर्दैन, कारण मर्दन गर्दैन, कुरालाई तालि बजाएर उन्मुक्त भई हाँस्दैन, मुखबाट निस्कने सानै शब्दको दोष देखाउँदैन । भिक्षुहो ! यस्ता व्यक्तिसँग कुराकानी गर्न योग्य छ ।

"भिक्षुहो ! कुराकानीबाट थाहापाउन सकिन्छ कि यो मान्छेसँग कुरा गर्दा सकारण वा अकारण हुन् । भिक्षुहो ! कुरा गर्दा ध्यान दिएर सुन्दैन तथा कारण जान्न चाहँदैन; ध्यानदिएर सुन्छ तथा कारण जान्न चाहन्छ । उसले कारणसहित सम्यकरूपले एक धर्म जानेको हुन्छ वा एक धर्म थाहा पाएको हुन्छ, एक धर्म परित्याग गर्छ अनि एक धर्म साक्षात्कार गरी सम्यक विमुक्तिलाई प्राप्त गर्छ । भिक्षुहो ! यसप्रकारका कुरा, यसप्रकारका मन्त्रणा, यसप्रकारका कारण र यसप्रकारका कुरामा ध्यान लगाउँदा जुन कि यो अनुत्पन्न चित्तको विमुक्ति हुन्छ ।

"ये विरुद्धा सल्लपन्ति, विनिविट्ठा समुस्सिता ।
अनरियगुणमासज्ज, अञ्ञोञ्ञविवरेसिनो ॥

"दुब्भासितं विक्खलितं, सम्पमोहं पराजयं ।
अञ्ञोञ्ञस्साभिनन्दन्ति, तदरियो कथनाचरे ॥

"सचे चस्स कथाकामो, कालमञ्ञाय पण्डितो ।
धम्मट्ठपटिसंयुत्ता, या अरियचरिता कथा ॥



Downloaded from http://dhamma.digital

"तं कथं कथये धीरो, अविशारद्धो अनुस्सितो ।
अनुन्नतेन मनसा, अपलासो असाहसो ॥

"अनुसूयायमानो सो, सम्मदञ्ञाय भासति ।
सुभासितं अनुमोदेय्य, दुब्भट्ठे नापसादये ॥

"उपारम्भं न सिक्खेय, खलितञ्च न गाहये ।
नाभिहरे नाभिमद्दे, न वाचं पयुतं भणे ॥

"अञ्ञातत्थं पसादत्थं, सतं वे होति मन्तना ।
एवं खो अरिया मन्तेति, एसा अरियान मन्तना ।
एतदञ्ञाय मेधावी, न समुस्सेय्य मन्तये"ति ॥

"जो आसक्त, अभिमानी र विरोधी भई वार्तालाप गर्छ, अनार्य गुण समेटी एकले अरूको छिद्रान्वेषण गर्छ ।

"दुर्भाषित, अपशब्दस्खलन, एकआपस पराजितमा मोहित भई अभिनन्दन गर्छ भने त्यस्तो वार्तालापमा नलाग ।

"यदि वार्तालाप गर्नै परेमा उचित समय जानी जुन आर्यचर्या हो त्यस धर्म र अर्थयुक्त कथनमा पण्डित लाग्नु ।

"विरोध, दुराग्रह, ईर्ष्या, दुस्साहस र उच्छृङ्खलरहित मनद्वारा त्यस्तो कथन पण्डितले भन्ने गर ।

"ईर्ष्यालु नभै बोल्ने गर, सुभाषित अनुमोदन गर र दुर्भाषितमा अप्रसन्न नहुनु ।

"हप्काई-दप्काई नबोल, दोष खोतल्ने नगर, अनावश्यक सूत्रहरू उद्धृत नगर, कुरा नदबाउनु र वचनद्वारा अनुचित नबोल ।

"जान्न र प्रसन्नताको निम्ति अनि जागरण ल्याउने मात्रै मन्त्रणा गर्नु, आर्यहरूले यसरी नै मन्त्रणा गर्छ तथा यही नै आर्यका मन्त्रणा हुन् । यसैलाई नै पण्डितले अवज्ञात गरी अभिमानरहित भई मन्त्रणा गर्नु ।"



Downloaded from http://dhamma.digital

## ८. अञ्ञतित्थियसुत्तं

६९. "भिक्षुहो ! यदि अन्य तैर्थिक परिव्राजकहरूले यसरी सोध्ला कि– "आवुसहो ! यी तीन धर्म हुन् । ती तीन के के हुन् ? राग, द्वेष र मोह । आवुसहो ! यी तीन धर्ममा विशेषता, अभिप्राय र भिन्नता के छ ? भिक्षुहो ! ती अन्य परिव्राजकहरूले तिमीहरूलाई सोधेमा कसरी व्याख्या गरी भन्नेछौ ।" "भन्ते ! भगवान नै धर्मका मूल हुनुहुन्छ, भगवान नै धर्मका नेता हुनुहुन्छ अनि भगवान नै धर्मका शरणस्थल हुनुहुन्छ । भन्ते ! भगवानबाट नै यस कथनको अर्थ बुझ्नेछौं । भगवानबाट सुनेर भिक्षुहरूले धारण गर्नेछन् ।" "त्यसोभए सुन, भिक्षुहो ! राम्रोसँग मनमा धारण गर, भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! यदि अन्य तैर्थिक परिव्राजकहरूले यसरी सोद्धा– 'आवुसहो ! यी तीन धर्म हुन् । ती तीन के के हुन् ? राग, द्वेष र मोह । आवुसहो ! यी तीन धर्मको विशेषता, अभिप्राय र भिन्नता के छ ? भिक्षुहो ! ती अन्य परिव्राजकहरूले तिमीहरूलाई सोधेमा यसरी व्याख्या गरी भन्नु– 'आवुसहो ! 'राग' अल्पदोष हुन् तर यसबाट चाँडै मुक्त हुँदैन, 'द्वेष' महादोष हुन् तर यसबाट चाँडै मुक्त हुन्छ अनि 'मोह' महादोष हुन् तर यसबाट चाँडै मुक्त हुँदैन ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के जसले गर्दा अनुत्पन्न राग उत्पन्न हुन्छ, उत्पन्न राग वृद्धि तथा अभिवृद्धि हुन्छ ? 'शुभनिमित्त' नै यसको कारण हो । गलतरूपको 'शुभनिमित्त' मनमा हुँदा अनुत्पन्न राग उत्पन्न हुन्छ अनि उत्पन्न राग वृद्धि तथा विपुलता प्राप्त हुन्छ । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न राग उत्पन्न हुन्छ अनि उत्पन्न राग वृद्धि तथा अभिवृद्धि हुन्छ ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के जसले गर्दा अनुत्पन्न द्वेष उत्पन्न हुन्छ, उत्पन्न द्वेष वृद्धि तथा अभिवृद्धि हुन्छ ? 'विरोधाभाष' नै यसको कारण हो । गलत किसिमको विरोधाभाष मनमा हुँदा अनुत्पन्न द्वेष उत्पन्न हुन्छ, उत्पन्न द्वेष वृद्धि तथा अभिवृद्धि हुन्छ । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न द्वेष उत्पन्न हुन्छ अनि उत्पन्न द्वेष वृद्धि तथा अभिवृद्धि हुन्छ ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के जसले गर्दा अनुत्पन्न मोह उत्पन्न हुन्छ, उत्पन्न मोह वृद्धि तथा अभिवृद्धि हुन्छ ? 'गलत विचार' मनमा हुनु नै यसको कारण हो । गलत किसिमको मनमा हुँदा अनुत्पन्न मोह उत्पन्न हुन्छ



Downloaded from http://dhamma.digital

अनि उत्पन्न मोह वृद्धि तथा अभिवृद्धि हुन्छ । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न मोह उत्पन्न हुन्छ अनि उत्पन्न मोह वृद्धि तथा अभिवृद्धि हुन्छ ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के जसले गर्दा अनुत्पन्न राग उत्पन्न हुँदैन अनि उत्पन्न राग वृद्धि तथा अभिवृद्धि हुँदैन ? 'अशुभनिमित्त' नै यसको कारण हो । 'अशुभनिमित्त' मनमा हुँदा अनुत्पन्न राग उत्पन्न हुँदैन, उत्पन्न राग वृद्धि तथा अभिवृद्धि हुँदैन । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न राग उत्पन्न हुँदैन अनि उत्पन्न राग नष्ट हुन्छ ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के जसले गर्दा अनुत्पन्न द्वेष उत्पन्न हुँदैन अनि उत्पन्न द्वेष वृद्धि तथा अभिवृद्धि हुँदैन ? 'मैत्री चित्तविमुक्ति' नै यसको कारण हो । 'मैत्री चित्तविमुक्ति' मनमा हुँदा अनुत्पन्न द्वेष उत्पन्न हुँदैन अनि उत्पन्न द्वेष नष्ट हुन्छ । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न द्वेष उत्पन्न हुँदैन अनि उत्पन्न द्वेष नष्ट हुन्छ ।' "

" 'आवुसहो ! यसको कारण के अनि विशेषता के हो जसले गर्दा अनुत्पन्न मोह उत्पन्न हुँदैन अनि उत्पन्न मोह वृद्धि तथा अभिवृद्धि हुँदैन ? 'सहीविचार' मनमा हुनु' नै यसको कारण हो । 'सहीविचार' मनमा हुँदा अनुत्पन्न मोह उत्पन्न हुँदैन अनि उत्पन्न मोह नष्ट हुन्छ । आवुसहो ! यही कारण तथा विशेषताले गर्दा अनुत्पन्न मोह उत्पन्न हुँदैन अनि उत्पन्न मोह नष्ट हुन्छ ।' "

## ९. अकुशलमूलसुत्तं

७०. "भिक्षुहो ! यी तीन अकुशल मूल हुन् । ती तीन के के हुन् ? लोभ अकुशल मूल हो, द्वेष अकुशल मूल हो अनि मोह अकुशल मूल हो ।

"भिक्षुहो ! जुन लोभ हो त्यही नै अकुशल मूल हो । जुन लुब्धताद्वारा शरीर, वचन र मनले अकुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो लोभ हो जुन लोभद्वारा अभिभूत हुँदा तथा लोभ चित्तमा दबिरहँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा दुःखको सृजना गर्छ तथा यसरी वा त्यसरी जसरी भएपनि अकुशल हुने नै गर्छ । यसकारण लोभी हुँदा वा लोभको कारण वा लोभ सृजना हुँदा वा लोभले गर्दा अनेकौं पापमय अकुशल धर्मको उद्भव हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जुन द्वेष हो त्यही नै अकुशल मूल हो । जुन द्वेषद्वारा शरीर, वचन र मनले अकुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो द्वेष हो जुन द्वेषद्वारा अभिभूत हुँदा तथा द्वेष चित्तमा दबिरहँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा दु:खको सृजना गर्छ तथा यसरी वा त्यसरी जसरी भएपनि अकुशल हुने नै गर्छ । यसकारण द्वेषी हुँदा वा द्वेषको कारण वा द्वेष सृजना हुँदा वा द्वेषले गर्दा अनेकौं पापमय अकुशल धर्मको उद्भव हुन्छ ।

"भिक्षुहो ! जुन मोह हो त्यही नै अकुशल मूल हो । जुन मोहद्वारा शरीर, वचन र मनले अकुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो मोह हो जुन मोहद्वारा अभिभूत हुँदा तथा मोह चित्तमा दबिरहँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा दु:खको सृजना गर्छ तथा यसरी वा त्यसरी जसरी भएपनि अकुशल हुने नै गर्छ । यसकारण मोहीत हुँदा वा मोहको कारण वा मोह सृजना हुँदा वा मोहले गर्दा अनेकौं पापमय अकुशल धर्मको उद्भव हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति अकालवादी पनि हुन्, असत्यवादी पनि हुन्, अनर्थवादी पनि हुन्, अधर्मवादी पनि हुन् अनि अविनयवादी पनि हुन् ।

"भिक्षुहो ! किन यस्ता व्यक्तिलाई अकालवादी पनि हुन्, असत्यवादी पनि हुन्, अनर्थवादी पनि हुन्, अधर्मवादी पनि हुन् अनि अविनयवादी पनि हुन् भनी भनेको ? बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा वा यसरी वा त्यसरी जसरी भए पनि विभिन्न कारणद्वारा त्यस्ता व्यक्तिले अरूलाई मन नपर्ने दु:खको सृजना गर्छ । सत्यलाई असत्य भनी ठान्छ, असत्यलाई असत्य भनी ठान्दैन, यो पनि असत्य हो, यो पनि झूट हो भनी नकारात्मक ठाउँमा राख्दैन । त्यसैले यस्ता व्यक्ति अकालवादी पनि हुन्, असत्यवादी पनि हुन्, अनर्थवादी पनि हुन्, अधर्मवादी पनि हुन् अनि अविनयवादी पनि हुन् ।

"भिक्षुहो ! यस्ता व्यक्ति लोभबाट उत्पन्न पापमय अकुशल धर्मद्वारा वशीभूत तथा दबेको चित्तले यहीं नै देखिने गरी दु:खित, चिन्तित, अशान्त र परितप्त भई बस्छ । शरीर भेद हुँदा मरणपश्चात दुर्गतिमा पर्ने आशा गर्न सकिन्छ ।

"द्वेषबाट... मोहबाट उत्पन्न पापमय अकुशल धर्मद्वारा वशीभूत तथा दबेको चित्तले यहीं नै देखिने गरी दु:खित, चिन्तित, अशान्त र परितप्त भई बसेको हुन्छ । शरीर भेद हुँदा मरणपश्चात दुर्गतिमा पर्ने आशा गर्न सकिन्छ । जस्तै कि,



Downloaded from http://dhamma.digital

भिक्षुहो ! शाल वृक्ष, धव वृक्ष र स्पन्दन वृक्षमा मालुवा लता बढ्दै गई चारैतिरबाट बेरिंदा त्यसको हानि हुन्छ, विनाश हुन्छ तथा हानि वा विनाशै हुन्छ । यसरी नै, भिक्षुहो ! लोभबाट उत्पन्न पापमय अकुशल धर्मद्वारा वशीभूत तथा दबेको चित्तले यहीं नै देखिने गरी दुःखित, चिन्तित, अशान्त र परितप्त भई बस्छ । शरीर भेद हुँदा मरणपश्चात दुर्गतिमा पर्ने आशा गर्न सकिन्छ ।

"द्वेषबाट... यसरी नै भिक्षुहो ! मोहबाट उत्पन्न पापमय अकुशल धर्मद्वारा वशीभूत तथा दबेको चित्तले यहीं नै देखिने गरी दुःखित, चिन्तित, अशान्त र परितप्त भई बसेको हुन्छ । शरीर भेद हुँदा मरणपश्चात दुर्गतिमा पर्ने आशा गर्न सकिन्छ । भिक्षुहो ! यी तीन नै अकुशल मूल हुन् ।

"भिक्षुहो ! यी तीन कुशल मूल हुन् । ती तीन के के हुन् ? अलोभ कुशल मूल हो, अद्वेष कुशल मूल हो अनि अमोह कुशल मूल हो ।

"भिक्षुहो ! जुन अलोभ हो त्यही नै कुशल मूल हो । जुन अलुब्धताद्वारा शरीर, वचन र मनले कुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो अलोभ हो जुन लोभद्वारा अभिभूत नभई तथा नदबिएको चित्त हुँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धन-द्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा दुःखको सृजना गर्दैन तथा यसरी वा त्यसरी जसरी भएपनि कुशल हुने नै गर्छ । यसकारण अलोभी हुँदा वा अलोभको कारण वा अलोभ सृजना हुँदा वा अलोभले गर्दा अनेकौं कुशल धर्मको उद्भव हुन्छ ।

"भिक्षुहो ! जुन अद्वेष हो त्यही नै कुशल मूल हो । जुन अद्वेषी हुँदा शरीर, वचन र मनले कुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो अद्वेष हो जुन अद्वेषद्वारा अभिभूत नभई तथा नदबिएको चित्त हुँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा दुःखको सृजना गर्दैन तथा यसरी वा त्यसरी जसरी भएपनि कुशल हुने नै गर्छ । यशकारण अद्वेषी हुँदा वा अद्वेषको कारण वा अद्वेष सृजना हुँदा वा अद्वेषले गर्दा अनेकौं कुशल धर्मको उद्भव हुन्छ ।

"भिक्षुहो ! जुन अमोह हो त्यही नै कुशल मूल हो । जुन अमोहद्वारा शरीर, वचन र मनले अकुशल अभिसंस्कृत गर्छ । यो त्यस्तो अमोह हो जुन मोहद्वारा अभिभूत नभई तथा दबिएको चित्त नहुँदा अरूलाई मन नपर्ने बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी



Downloaded from http://dhamma.digital

शक्तिद्वारा दुःखको सृजना गर्दैन । यसरी वा त्यसरी जसरी भएपनि कुशल हुने नै गर्छ । यसकारण अमोही हुँदा वा अमोहको कारण वा अमोह सृजना हुँदा वा अमोह-ले गर्दा अनेकौं कुशल धर्मको उद्भव हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति कालवादी पनि हुन्, सत्यवादी पनि हुन्, अर्थवादी पनि हुन्, धर्मवादी पनि हुन् अनि विनयवादी पनि हुन् ।

"भिक्षुहो ! किन यस्ता व्यक्तिलाई कालवादी पनि हुन्, सत्यवादी पनि हुन्, अर्थवादी पनि हुन्, धर्मवादी पनि हुन् अनि विनयवादी पनि हुन् भनी भनेको ? बधद्वारा वा बन्धनद्वारा वा हानिद्वारा वा निन्दाद्वारा वा निष्काशनद्वारा वा म बलवान हुँ भनी शक्तिद्वारा वा यसरी वा त्यसरी जसरी भएपनि विभिन्न कारणद्वारा त्यस्ता व्यक्तिले अरूलाई मन नपर्ने दुःखको सृजना गर्दैन । सत्यलाई सत्य भनी ठानेको हुन्छ, असत्यलाई असत्य भनी ठानेको हुन्छ, यो पनि असत्य हो, यो पनि झूट हो भनी नकारात्मक ठाउँमा राख्दैन । त्यसैले यस्ता व्यक्ति कालवादी पनि हुन्, सत्य-वादी पनि हुन्, अर्थवादी पनि हुन्, धर्मवादी पनि हुन् अनि विनयवादी पनि हुन् ।

"भिक्षुहो ! यस्ता व्यक्तिद्वारा पापमय अकुशल धर्म लोभ नष्ट हुन्छ, समूल उच्छिन्न हुन्छ, काटिएको ताड वृक्ष झैं पुनः जीवित हुँदैन । यहींको यहीं नै अनुभव गर्न सकिने (दृष्ट धर्ममा) सुखपूर्वक, चिन्तारहित, अशान्तिरहित र सन्तप्तरहित हुन्छ । यहीं यो शरीररहँदा नै निर्वाण लाभी हुन्छ ।

"द्वेष... निर्वाण लाभी हुन्छ । मोह... निर्वाण लाभी हुन्छ । जस्तै कि भिक्षुहो ! शाल वृक्ष वा धव वृक्ष वा स्पन्दनको वृक्षहोस् अनि त्यस वृक्षमा मालुवाको तीन लताद्वारा बेरेको हुन्छ, त्यहाँ एकजना मान्छेले कोदालो र टोकरी लिई आउँछ अनि उसले त्यहाँ मालुवा लताको जरा काट्छ, जरा काटेपछि खन्छ, खनेपछि मूल जरालाई नै उखेली यहाँसम्म कि बढेर आउने सबै घाँसपात पनि उखेल्छ । उसले त्यो मालुवा लतालाई खण्ड-खण्ड पार्छ, चीरा-चीरा पार्छ, चीरा-चीरा पारी स-साना गर्दै पातलो टुक्रा पार्छ, स-साना पातलो पारी घाममा सुकाउँछ, हावा र घामले सु-केपछि आगो बाल्छ, आगो बालेपछि खरानी पार्छ, खरानी पारी तेज हावा बहेकोमा उडाई दिन्छ या त तीब्र गतिले बगेको नदीमा बगाई दिन्छ । भिक्षुहो ! यसरी नै मालुवा लताको समूलै उखेल्दा वा ताड वृक्ष काट्दा पुनः पलाउँदैन । यसरी नै भिक्षुहो ! ती व्यक्तिले पापमय अकुशल धर्म लोभ नष्ट गर्छ, मूलोच्छेद गर्छ, तथा काटिएको ताड वृक्ष पुनः नपलाउने वा न उम्रिने हुन्छ । यहींको यहीं नै अनुभव गर्न सकिने सुखपूर्वक, चिन्तारहित, अशान्तिरहित र सन्तप्तरहित हुन्छ । यहीं यो शरीररहँदा नै निर्वाण लाभी हुन्छ ।



Downloaded from http://dhamma.digital

"द्वेष... मोह नष्ट हुन्छ, समूल उच्छिन्न हुन्छ, काटिएको ताड वृक्ष झैं पुनः जीवित हुँदैन । यहींको यहीं नै अनुभव गर्न सकिने सुखपूर्वक, चिन्तारहित, अशान्तिरहित र सन्तप्तरहित हुन्छ । यहीं शरीररहँदा नै निर्वाण लाभी हुन्छ । भिक्षुहो ! यी तीन नै कुशल मूल हुन् ।"

## १०. उपोसथसुत्तं

७१. मैले यस्तो सुनें– एक समय भगवान सावत्थिस्थित मिगारमाताको प्रासाद पुब्बाराम विहारमा बस्नुहुन्थ्यो । त्यस समय मिगारमाता विसाखा उपोसथको दिन जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगी एक ठाउँमा बसिन् । एक ठाउँमा बसेपछि मिगारमाता विसाखालाई भगवानले यसो भन्नुभयो– "विसाखा ! आज दिवा समयमा कहाँबाट आएकी ?" "भन्ते ! आज मैले उपोसथ (व्रत) लिएकी छु ।"

"विसाखा ! उपोसथ तीन प्रकारका छन् । ती तीन के के हुन् ? गोपालक उपोसथ, निर्ग्रन्थ उपोसथ र आर्य उपोसथ । विसाखा ! गोपालक उपोसथ कस्तो हुन्छ ? जस्तै कि, विसाखा ! गोठालाले साँझको बेला मालिकलाई गाईहरू सुम्पेपछि यसरी विचार गर्छ– 'आज गाईहरू फलानो-फलानो ठाउँमा चराएँ, फलानो-फलानो ठाउँमा पानी पिलाएँ । भोली यी गाईहरूलाई फलानो-फलानो ठाउँमा चराउँछु र फलानो-फलानो ठाउँमा पानी पिलाउँछु ।' विसाखा ! यस्तै गरी कसै कसैले उपोसथ लिई यस्तो विचार गर्छ– 'आज मैले यो-यो खाद्यपदार्थ खाएँ, तथा यो-यो भोजन गरें । भोलि मैले यस्तो-यस्तो खाद्यपदार्थ खानेछु तथा यस्तो-यस्तो भोजन गर्नेछु । उसले त्यस्तो लोभ सहगत चेतनाद्वारा समय बिताउँछ । विसाखा ! गोपालक उपोसथ भनेको यस्तै हुन्छ । विसाखा ! यस्तो उपोसथ लिँदा महत्फल हुँदैन, महानिसंस हुँदैन, महाज्योतिर्मय हुँदैन अनि महाविस्तारित हुँदैन ।

"विसाखा ! निर्ग्रन्थ उपोसथ कस्तो हुन्छ ? विसाखा ! निर्ग्रन्थ भन्ने श्रमणहरूको जात छन् । उसले आफ्ना शिष्यहरूलाई यस्तो उपोसथ शिक्षा लिन लाउँछन्– 'आऊ, हे पुरुष हो ! तिमीहरूले यहाँबाट पूर्व दिशाको १०० योजन (८०० माईल) सम्म जति प्रणीहरू हुन्छन् तिनीहरूलाई दण्डद्वारा मुक्त गर । पशिचम दिशाको १०० योजनसम्म जति प्राणीहरू छन् तिनीहरूलाई दण्डद्वारा मुक्त गर । उत्तर दिशाको १०० योजनसम्म जति प्राणीहरू छन् तिनीहरूलाई दण्डद्वारा मुक्त गर अनि दक्षिण दिशाको १०० योजनसम्म जति प्रणीहरू छन् तिनीहरूलाई दण्डद्वारा मुक्त गर । यसरी केही प्राणीप्रति दया तथा अनुकम्पा गर्न लाउँछन् । केही प्राणीप्रति दया तथा अनुकम्पा गर्न लाउँदैनन् । उसले आफ्ना शिष्यहरूलाई यस्तो उपोसथ



Downloaded from http://dhamma.digital

शिक्षा लिन लाउँछन्– 'आऊ, हे पुरुष हो ! सबै वस्त्र छोडेर यसरी भन– 'न म कहीँ कसैको कोही हुँ तथा न त मेरो कहीँ कोही केही छ। तर आमाबाले यो मेरो छोरा हो र उसले पनि वहाँहरू मेरो आमा-बा हुन् भनी जानेकै हुन्छ । उसको जहानले वहाँ मेरो स्वामी र छोराले पनि मेरो बा हुन् भनी जानेकै हुन्छ । उसले पनि यी मेरी जहान र छोरा हुन् भनी जानेकै हुन्छ । उसको दास तथा नोकरचाकरले पनि वहाँ हाम्रा मालिक हुन् भनी जानेकै हुन्छ । उसले पनि यी मेरा दास तथा नोकरचाकर हुन् भनी जानेकै हुन्छ । जुन समय यसरी सत्य व्रत भनी व्रत लिँदा झूटो कुरा भनेको हुन्छ । यसकारण मैले तिनीहरू मृषावादी हुन् भन्छु । उनीहरूले त्यो रात बितेपछि कसैले नदिएको वस्तु लिई उपभोग गर्छ । यसकारण मैले तिनीहरूलाई चोरेर लिने भन्छु । विसाखा ! निर्ग्रन्थ उपोसथ भनेको यस्तै हुन्छ । विसाखा ! यस्तो उपोसथ लिँदा महत्फल हुँदैन, महानिसंस हुँदैन, महाज्योतिर्मय हुँदैन अनि महाविस्तारित हुँदैन ।

"विसाखा ! आर्य उपोसथ कस्तो हुन्छ ? विसाखा ! मैलो (उपक्लेश) चित्त क्रमशः सफा हुन्छ । विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्य श्रावकले तथागतलाई अनुस्मरण गर्छ– 'वहाँ भगवान अर्हत, सम्यक-सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, कुमार्गी व्यक्तिलाई दमन गर्ने सारथि, देव-मनुष्यका शास्ता, बुद्ध र भगवान हुनुहुन्छ ।' उसले तथागत अनुस्मरण गर्दा चित्त प्रसन्न र प्रमुदित हुन्छ । जुन दूषित चित्त हो त्यो नष्ट हुन्छ । यसरी नै विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ । जस्तै कि, विसाखा ! मैलो शीर क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो शीर कसरी क्रमशः सफा पार्छ ? काँग्यो भए, माटो भए, पानी भए अनि आफू स्वयम्ले नै प्रयत्न गरे । विशाखा ! मैलो शीरलाई त्यसरी सफा पार्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? यहाँ विसाखा ! आर्य श्रावकले तथागतलाई अनुस्मरण गर्छ–'वहाँ भगवान अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, कुमार्गी व्यक्तिलाई दमन गर्ने सारथि, देव-मनुष्यका शास्ता, बुद्ध र भगवान हुनुहुन्छ ।' उसले तथागत अनुस्मरण गर्दा चित्त प्रसन्न र प्रमुदित हुन्छ । जुन चित्त मैल हो त्यो विलिन हुन्छ । यसरी नै विसाखा ! मैलो चित्त क्रमशः परिशुद्ध पार्छ । यसैलाई भनिन्छ, विसाखा ! ब्रह्म उपोसथ व्रत लिएको, ब्रह्मासँगै सहवास गरेको, ब्रह्माप्रति चित्त प्रसन्न तथा प्रमुदित भएको अनि जुन चित्त मैल हो त्यो विलिन हुन्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।



Downloaded from http://dhamma.digital

"विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ । विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्य श्रावकले धर्मको अनुस्मरण गर्छ– 'भगवानको धर्म सुआख्यात, सान्दृष्टिक, अकालिक, आई हेर भन्न हुने, निर्वाण लाभ गराउने र विज्ञजनबाट विदित गर्न हुने धर्म हो । यसरी उसले धर्मको अनुस्मरण गर्दा चित्त प्रसन्न र प्रमुदित हुन्छ । जुन चित्तको उपक्लेश हो त्यो विलिन हुन्छ । जस्तै कि, विसाखा ! मैलो शरीर क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो शरीर कसरी क्रमशः सफा पार्छ ? शंख, चूर्ण, पानी अनि आफू स्वयम्ले नै प्रयत्न गरे । विसाखा ! मैलो शरीर यसरी नै क्रमशः सफा पार्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ– 'भगवानको धर्म सुआख्यात, सान्दृष्टिक, अकालिक, आई हेर भन्न हुने, निर्वाण लाभ गराउने र विज्ञजनबाट विदित गर्न हुने धर्म हो ।' यसरी उसले धर्मको अनुस्मरण गर्दा चित्त प्रसन्न र प्रमुदित हुन्छ । जुन चित्तको मैल हो त्यो विलिन हुन्छ । यसैलाई भनिन्छ– विसाखा ! 'आर्यश्रावकले धर्म उपोसथ व्रत पालन गरेको, धर्मसँग बसेको, धर्मप्रति चित्त प्रसन्न र प्रमुदित भएको अनि जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ । विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले संघको अनुस्मरण गर्छ– 'भगवानको श्रावक संघ सुन्दर मार्गगामी, ऋजु मार्गगामी, न्याय मार्गगामी, उचित मार्गगामी जुन कि यी आर्य पुद्गल चार जोडा वा अष्ट पुरुष पुद्गल भगवानका श्रावक संघ हुन्, वहाँहरू आव्हान गर्न योग्य, आतिथ्य गर्न योग्य, दक्षिणा दिन योग्य, अञ्जलिबद्ध गरी नमस्कार गर्न योग्य र लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र श्रावक संघ हुन् ।' संघको अनुस्मरण गर्दा उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ । जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । जस्तै कि, विसाखा ! मैलो वस्त्र क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो वस्त्र कसरी क्रमशः सफा पार्छ ? लुगा धुने माटो, खरानी, गोबर, पानी र व्यक्तिद्वारा प्रयत्न गरे । विसाखा ! यसरी नै मैलो वस्त्र सफा हुन्छ । विसाखा ! यसरी नै मैलो चित्त क्रमशः सफा पार्छ ।



Downloaded from http://dhamma.digital

"विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले संघ अनुस्मरण गर्छ– 'भगवानको श्रावक संघ सुन्दर मार्गगामी... लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र श्रावक संघ हुन् ।' संघको अनुस्मरण गर्दा उसको चित्त प्रसन्न हुन्छ तथा प्रमुदित हुन्छ । जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । यसैलाई भनिन्छ– विसाखा ! 'आर्य श्रावक संघ उपोसथ व्रत पालन गरेको, संघसँग बसेको, संघप्रति चित्त प्रसन्न तथा प्रमुदित भएको अनि जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ । विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले आफ्नो शील अनुस्मरण गर्छ– अखण्डित, छिद्ररहित, दागरहित, पवित्र, परिशुद्ध, विज्ञजनबाट प्रशंसित, अकलंकित र समाधिमा लाग्ने हुन्छ । शीललाई अनुस्मरण गर्दा उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ । जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । जस्तै कि, विशाखा ! मैलो ऐना क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो ऐना कसरी क्रमशः सफा पार्छ ? तेल, खरानी, केशको गुच्छा अनि आफू स्वयम्ले नै प्रयत्न गरे । विसाखा ! मैलो ऐना यसरी नै क्रमशः सफा पार्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्य-श्रावकले आफ्नो शील अनुस्मरण गर्छ– अखण्डित, छिद्ररहित, दागरहित, पवित्र, परिशुद्ध, विज्ञजनबाट प्रशंसित, अकलंकित र समाधिमा लाग्ने हुन्छ । शील अनुस्मरण गर्दा उसको चित्त प्रसन्न हुन्छ तथा प्रमुदित हुन्छ । जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ । यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ ।

"विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ । विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले देवताहरू अनुस्मरण गर्छ– 'चार महाराज देव, त्रयोत्रिंश देव (इन्द्र), याम देव, तुषित देव, निर्माणरति देव, परनिर्मित देव, वशवर्ती देव र ब्रह्मकायिक देव छन् । यो भन्दा पनि माथि-माथि अरू देव छन् । जुन श्रद्धामा सम्पन्न भई ती देव यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसँग पनि त्यस्तै श्रद्धा छ । जुन शील सम्पन्न भई ती देव यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसँग पनि त्यस्तै श्रद्धा छ । जुन श्रुतमय ज्ञान सम्पन्न भई यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसँग पनि त्यस्तै श्रुतमय ज्ञान छ । जुन त्याग सम्पन्न भई यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए । मसँग पनि त्यस्तै



Downloaded from http://dhamma.digital

त्याग छ। जुन प्रज्ञामा सम्पन्न भई यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए। मसँग पनि त्यस्तै प्रज्ञा छ। उसले यसरी आफ्नो र देवका श्रद्धा, शील, श्रुत, त्याग अनि प्रज्ञाको अनुस्मरण गर्दा उसको चित्त प्रसन्न तथा प्रमुदित हुन्छ। जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ। यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ। जस्तै कि, विसाखा ! मैलो सुन क्रमशः सफा पार्छ।

"विसाखा ! मैलो सुन कसरी क्रमशः सफा पार्छ ? अँगेठी, नून, गेरु, चिम्ता, आगो फुक्ने नली अनि आफू स्वयम्ले नै प्रयत्न गरे। विसाखा ! मैलो सुन यसरी क्रमशः सफा पार्छ। यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ।

"विसाखा ! मैलो चित्त कसरी क्रमशः सफा पार्छ ? विसाखा ! यहाँ आर्यश्रावकले देवताहरू अनुस्मरण गर्छ– 'चार महाराज देव, त्रयोत्रिंश देव, याम देव, तुषित देव, निर्माणरति देव, परनिर्मित देव, वशवर्ती देव र ब्रह्मकायिक देव छन्। यो भन्दा पनि माथि-माथि अरू देव छन्। जुन श्रद्धा... शील...श्रुतमय ज्ञान... प्रज्ञामा सम्पन्न भई यहाँबाट च्युत भई त्यहाँ उत्पन्न भए। मसँग पनि त्यस्तै प्रज्ञा छ। उसले यसरी आफ्नो र देवका श्रद्धा, शील, श्रुत, त्याग र प्रज्ञाको अनुस्मरण गर्दा उसको चित्त प्रसन्न हुन्छ तथा प्रमुदित हुन्छ। जुन चित्त मैल हो त्यो विलिन हुन्छ। यसैलाई भनिन्छ– विसाखा ! 'आर्यश्रावक देव उपोसथ व्रत पालन गरेको, देवसँग बसेको, देवप्रति चित्त प्रसन्न तथा प्रमुदित भएको अनि जुन चित्त उपक्लेश हो त्यो विलिन हुन्छ। यसरी नै, विसाखा ! मैलो चित्त क्रमशः सफा पार्छ।

"विसाखा ! ती आर्य श्रावकले यसरी विचार गर्छ– 'अर्हतले सारा जीवन प्राणी हिंसा त्याग्छ, प्राणी हिंसाबाट विरत भई, दण्ड त्यागी, शस्त्र त्यागी, लज्जालु, दयालु, समस्त प्राणीप्रति हितानुकम्पी भई जीवन बिताउँछ। मैले पनि आजको गो दिन र रात प्राणी हिंसा त्यागी प्राणी हिंसाबाट विरत हुन्छु, दण्ड त्याग्छु, शस्त्र त्याग्छु, लजालु, दयालु र समस्त प्राणीप्रति हितानुकम्पी भई बस्छु। यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु।

"अर्हतले सारा जीवन चोरी कार्य त्याग्छ, चोरी कार्यबाट विरत भई दिएको मात्रै आकांक्षा गर्छ अनि चोरी कार्य नगरी परिशुद्ध जीवन बिताउँछ। मैले पनि आजको यो दिन र रात चोरी कार्य त्याग्छु, चोरी कार्यबाट विरत भई दिएको मात्रै आकांक्षा गर्छु अनि चोरी कार्य नगरी परिशुद्ध जीवन बिताउँछु। यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु।



Downloaded from http://dhamma.digital

"अर्हतले सारा जीवन अब्रह्मचर्य त्याग्छ, ब्रह्मचारी हुन्छ तथा अनाचारी भई ग्राम्यमैथुन धर्मबाट विरत हुन्छ । मैले पनि आजको यो दिन र रात अब्रह्मचर्य त्याग्छु, ब्रह्मचारी हुन्छु तथा अनाचारी भई ग्राम्यमैथुन धर्मबाट विरत हुन्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु ।

"अर्हतले सारा जीवन भ्रूटोबोली त्याग्छ, भ्रूट बोल्नबाट विरत भई सत्यवादी, विश्वासी, स्थिरवान, सत्यमा निर्भर तथा सत्यवादी भई लोकमा विश्वसनीय हुन्छ । मैले पनि आजको यो दिन र रात भ्रूटो बोली त्याग्छु, भ्रूट बोल्नबाट विरत भई सत्यवादी, विश्वासी, स्थिरवान, सत्यतामा निर्भर तथा सत्य-वादी भई लोकमा विश्वसनीय हुन्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु ।

"अर्हतले सारा जीवन सुरा-मद्यपान बेहोश पार्ने मादक पदार्थ त्याग्छ, जाँड-रक्सी आदि बेहोश पार्ने मादक पदार्थबाट विरत हुन्छ । मैले पनि आजको यो दिन र रात सुरा-मद्यपान बेहोश पार्ने मादक पदार्थ त्याग्छु, जाँड-रक्सी आदि बेहोश पार्ने मादक पदार्थबाट विरत हुन्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु ।

"अर्हतले सारा जीवन एकछाके हुन्छ, राती भोजन गर्दैन तथा विकाल भोजनबाट विरत हुन्छ । मैले पनि आजको यो दिन र रात एकछाके हुन्छु, राती भोजन गर्दिन तथा विकाल भोजनबाट विरत हुन्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु ।

"अर्हतले सारा जीवन नाच, गीत, वाद्य, तमाशा (नाटक), माला, सुगन्धित लेपन, धारण, गहनादिले सजिसजाउ हुनबाट विरत हुन्छ । मैले पनि आजको यो दिन र रात नाच, गीत, वाद्य, तमाशा (नाटक), माला, सुगन्धित लेपन, धारण, गहनादिले सजिसजाउ हुनबाट विरत हुन्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोसथ व्रत लिएको हुन्छु ।

"अर्हतले सारा जीवन उच्चाशन र महाशैय्या त्याग्छ, उच्चाशन र महाशैय्याबाट विरत भई निम्नाशन वा खाट वा घाँसको आसनमा बस्छ । मैले पनि आजको यो दिन र रात उच्चाशन र महाशैय्या त्याग्छु, उच्चाशन र महाशैय्याबाट



Downloaded from http://dhamma.digital

विरत भई निम्नाशन वा खाट वा घाँसको आसनमा बस्छु । यो अङ्गद्वारा पनि अर्हतको अनुकरण गरेको हुन्छु तथा मैले उपोस्थ व्रत लिएको हुन्छु ।

"यस्तै नै, विसाखा ! आर्य उपोसथ हुन्छ । विसाखा ! यस्तो आर्य उपोसथ लिंदा महत्फल, महानिसंस, महाज्योति तथा महाविस्तारित हुन्छ ।"

"कतिको महत्फल, कतिको महानिसंस, कतिको ज्योति र कतिको विस्तारित हुन्छ ?" "विसाखा ! जस्तै कि– बहुरत्नद्वारा सम्पन्न भई यी सोह्र महाजनपद जुन यो अङ्ग, मगध, कासी, कोसल, वज्जी, मल्ल, चेती, वङ्ग, कुरू, पञ्चाल, मच्छ, सूरसेन, अस्सक, अवन्ती, गन्धार र कम्बोजमा राज्य गरेता पनि अष्टाङ्ग उपोसथ व्रतले सम्पन्न हुँदाको तुलनामा सोह्र भागको एक भाग पनि छैन । त्यो के कारण ? विसाखा ! दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।"

"विसाखा ! मनुष्यका ५० वर्ष चतुमहाराजिक देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको ५०० वर्ष चतुमहाराज देवका आयु प्रमाण हुन् । यो सम्भव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात चतुमहाराज देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

"विसाखा ! मनुष्यका १०० वर्ष तावतिंस देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको १,००० वर्ष तावतिंस देवका आयु प्रमाण हुन् । यो ्मभव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात तावतिंस देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

"विसाखा ! मनुष्यका २०० वर्ष याम देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको २,००० वर्ष याम देवका आयु प्रमाण हुन् । यो सम्भव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न



Downloaded from http://dhamma.digital

गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात याम देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

"विसाखा ! मनुष्यका ४०० वर्ष तुषित देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको ४,००० वर्ष तुषित देवका आयु प्रमाण हुन् । यो सम्भव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात तुषित देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

"विसाखा ! मनुष्यका ८०० वर्ष निम्मानरती देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको ८,००० वर्ष निम्मानरती देवका आयु प्रमाण हुन् । यो सम्भव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात निम्मानरती देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

"विसाखा ! मनुष्यका १६०० वर्ष परनिम्मितवसवत्ती देवका एक रात र दिन हुन्छ । त्यस रातको ३० रातमा एक महिना हुन्छ । त्यस महिनाको बाह्र महिनामा एक वर्ष हुन्छ । त्यस वर्षको १६,००० वर्ष परनिम्मितवसवत्ती देवका आयु प्रमाण हुन् । यो सम्भव छ कि, विसाखा ! यहाँ जो कोही स्त्री वा पुरुषद्वारा अष्टाङ्ग उपोसथ व्रत सम्पन्न गर्छ भने तथा उपोसथ व्रत पालन गर्छ भने शरीर भेद हुँदा मरण पश्चात परनिम्मितवसवत्ती देवका कुलमा सहवासी भई उत्पन्न हुन्छ । यही अर्थ लिई भनेको हुँ कि– 'दिव्य सुखको तुलनामा मनुष्य राज्य सुख भनेको थोरै मात्र हुन् ।' "

**"पाणं न हञ्ञे न चदिन्नमादिये, मुसा न भासे न च मज्जपो सिया ।**
**अब्रह्मचरिया विरमेय्य मेथुना, रत्तिं न भुञ्जेय्य विकालभोजनं ॥**

**"मालं न धारे न च गन्धमाचरे, मञ्चे छमायं व सयेथ सन्थते ।**
**एतञ्हि अट्ठङ्गिकमाहुपोसथं, बुद्धेन दुक्खन्तगुना पकासितं ॥**



Downloaded from http://dhamma.digital

"चन्दो च सूरियो च उभो सुदस्सना, ओभासयं अनुपरियन्ति यावता।
तमोनुदा ते पन अन्तलिक्खगा, नभे पभासन्ति दिसाविरोचना॥

"एतस्मिं यं विज्जति अन्तरे धनं, मुत्ता मणि वेलुरियञ्च भद्दकं।
सिङ्गी सुवण्णं अथ वापि कञ्चनं, यं जातरूपं हटकन्ति वुच्चति॥

"अट्ठङ्गुपेतस्स उपोथस्स, कलम्पि ते नानुभवन्ति सोलसिं।
चन्दप्पभा तारगणा च सब्बे॥

"तस्मा हि नारी च नरो च सीलवा, अट्ठङ्गुपेतं उपवस्सुपोसथं।
पुञ्ञानि कत्वान सुखुद्रयानि, अनिन्दिता सग्गमुपेन्ति ठान"न्ति॥

"प्राणघाट नगर, चोरी नगर, झूटो नबोल, मद्यपान नगर, मैथुन वा अब्रह्मचर्य हुनबाट विरत होऊ, राती अर्थात विकाल भोजन नगर्नु।

"माला नलगाऊ, सुगन्धित लेपन नगर, मञ्च वा विछ्यौना विछ्याएको भूमिमा बस्ने गर, दुःख अन्त्य हुने गुण भएको यो अष्टाङ्ग उपोसथ पालन गर्न बुद्धद्वारा प्रकाशित भएको छ।

"चन्द्र र सूर्य दुवै हेर्नमा सुदर्शनीय छन्, भ्याएसम्मको प्रकाश फैलाउँछन्, अन्धकार हटाउने ती अन्तरिक्षगामी हुन्, सम्पूर्ण दिशासहित नभमा आलोकित पार्छ।

"यस अन्तर्गत जे जति धन, मुक्ता, मणि, वैदूर्य, उत्तम स्वर्ण वा कञ्चन, जुन कि, (सुनचाँदी, धातु) वा हटक (मसिनो सुन) पनि भन्छन्।

"समस्त तारा र चन्द्रप्रभाको तुलनामा अष्टाङ्ग उपोसथ पालन गर्दा सोह्र भागको एक भाग पनि हुँदैन।

"त्यसैले नारी र नरले शीलवान भई अष्टाङ्ग उपोसथ पालन गरी सुखदायक पुण्यकर्म गर्दा अभिनन्दित भई स्वर्ग लोकमा उत्पन्न हुन सम्भव छ।



Downloaded from http://dhamma.digital

## (८) ३. आनन्दवग्गो

### १. छन्नसुत्तं

७२. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यसबेला छन्न परिव्राजक जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान आनन्दसँग सम्मोदन गरी, सम्मोदनीय सारणीय कुरा भएपछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि छन्न परिव्राजकले आयुष्मान आनन्दलाई यसो भने– "आवुस आनन्द ! यहाँहरूले पनि राग प्रहाण (त्याग) गर्ने कुरा गर्नुहुन्छ, द्वेष प्रहाण गर्ने कुरा गर्नुहुन्छ अनि मोह प्रहाण गर्ने कुरा गर्नुहुन्छ । आनन्दले भन्नुभयो– आवुस ! हामीले राग प्रहाण गर्ने कुरा भन्छौं, द्वेष प्रहाण गर्ने कुरा भन्छौं अनि मोह प्रहाण गर्ने कुरा भन्छौं ।"

"आवुस ! तिमीले रागमा के दोष देखेर प्रहाण गर्न भन्छौ, द्वेषमा के दोष देखेर प्रहाण गर्न भन्छौ र मोहमा के दोष देखेर प्रहाण गर्न भन्छौ ?"

"आवुस ! रागमा अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा आफूलाई पनि दुःख हुने सोचमा पर्छ, अरूलाई पनि दुःख हुने सोचमा पर्छ, उभय पक्षलाई पनि दुःख हुने सोचमा पर्छ अनि चैतसिक दुःख दौर्मनस्यको अनुभूति हुन्छ । राग प्रहिण हुँदा आफूलाई पनि दुःख हुने सोचमा पर्दैन, अरूलाई पनि दुःख हुने सोचमा पर्दैन, उभय पक्षलाई पनि दुःख हुने सोचमा पर्दैन अनि चैतसिक दुःख दौर्मनस्यको अनुभूति हुँदैन । आवुस ! रागमा अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ अनि मनद्वारा दुष्कर्म गर्छ । राग प्रहिण हुँदा न शरीरद्वारा दुष्कर्म गर्छ, न वचनद्वारा दुष्कर्म गर्छ अनि न मनद्वारा दुष्कर्म गर्छ । आवुस ! रागमा अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा आफूले पनि यथार्थ जानेको हुँदैन, अरूको पनि यथार्थ जानेको हुँदैन तथा उभय पक्षको पनि यथार्थ जानेको हुँदैन । राग प्रहिण हुँदा आफूले पनि यथार्थ जानेको हुन्छ, अरूको पनि यथार्थ जानेको हुन्छ तथा उभय पक्षको पनि यथार्थ जानेको हुन्छ । आवुस ! रागले नै अन्धो गराउँछ, चक्षु विहिन गराउँछ, अज्ञानी बनाउँछ, प्रज्ञानिरोध गराउँछ, हानि पुऱ्याउँछ अनि निर्वाणमा पुऱ्याउँदैन ।

"आवुस ! द्वेषमा... मूढता तथा मोहमा अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा आफूलाई पनि दुःख हुने सोचमा पर्छ, अरूलाई पनि दुःख हुने सोचमा पर्छ, उभय पक्षलाई पनि दुःख हुने सोचमा पर्छ अनि चैतसिक दुःख दौर्मनस्यको अनुभूति हुन्छ । मोह प्रहिण हुँदा आफूलाई पनि दुःख हुने सोचमा पर्दैन, अरूलाई



Downloaded from http://dhamma.digital

पनि दुःख हुने सोचमा पर्दैन, उभय पक्षलाई पनि दुःख हुने सोचमा पर्दैन अनि चैतसिक दुःख दौर्मनस्यको अनुभूति हुँदैन । आवुस ! मूढता तथा मोहमा नै अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा शरीरद्वारा दुष्कर्म गर्छ, वचनद्वारा दुष्कर्म गर्छ अनि मनद्वारा दुष्कर्म गर्छ । मोह विनष्ट हुँदा न त शरीरद्वारा दुष्कर्म गर्छ, न त वचनद्वारा दुष्कर्म गर्छ अनि न त मनद्वारा दुष्कर्म गर्छ । आवुस ! मोहमा अनुरक्त, वशीभूत तथा दबिएको चित्त हुँदा आफूले पनि यथार्थ जानेको हुँदैन, अरूको पनि यथार्थ जानेको हुँदैन तथा उभय पक्षको पनि यथार्थ जानेको हुँदैन । मोह प्रहिण हुँदा आपूले पनि यथार्थ जानेको हुन्छ, अरूको पनि यथार्थ जानेको हुन्छ तथा उभय पक्षको पनि यथार्थ जानेको हुन्छ । आवुस ! मोहले नै अन्धो गराउँछ, चक्षु विहिन गराउँछ, अज्ञानी बनाउँछ, प्रज्ञानिरोध गराउँछ, हानि पुऱ्याउँछ अनि निर्वाणमा पुऱ्याउँदैन । आवुस ! हामीले रागबाट हुने यी दुष्परिणाम देखेर राग प्रहाण गर्न भन्दछौं, द्वेषबाट हुने यी दुष्परिणाम देखेर द्वेष प्रहाण गर्न भन्दछौं अनि मोहबाट हुने यी दुष्परिणाम देखेर राग प्रहाण गर्न भन्दछौं ।"

"आवुस ! के यी राग, द्वेष र मोह प्रहाण हुने कुनै मार्ग तथा प्रतिपदा छन् ?" "आवुस ! यी राग, द्वेष र मोह प्रहाण हुने मार्ग वा प्रतिपदा छन् ।" "आवुस ! यी राग, द्वेष र मोह प्रहाण हुने मार्ग वा प्रतिपदा कुन हो ?" "यी आर्य अष्टाङ्गिक मार्ग हुन् जुन कि– सम्यकदृष्टि... सम्यकसमाधि । "आवुस ! यी नै मार्ग तथा प्रतिपदाद्वारा राग, द्वेष र मोह प्रहिण हुन्छ ।" "आवुस ! यी राग, द्वेष र मोह प्रहाण गर्न यो मार्ग तथा प्रतिपदा राम्रो हो । आवुस आनन्द ! अप्रमाद हुनको निम्ति यो पर्याप्त छ ।"

## २. आजीवकसुत्तं

७३. एक समय आयुष्मान आनन्द कोसम्बिस्थित घोसितारामामा बस्नुहुन्थ्यो । त्यसबेला कोही एक आजीवक श्रावक गृहपति जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती आजीवक श्रावक गृहपतिले आयुष्मान आनन्दलाई यसो भने–

"भन्ते आनन्द ! कसको धर्म सुआख्यात छ ? लोकमा को सुप्रतिपन्न छ ? लोकमा को सुकर्मी हो ?" त्यसोभए, गृहपति ! तिमीसँगै सोध्छु तिमीलाई जे ठीक लाग्छ त्यही भन्नु । त के मान्दछौ गृहपति ! जसले राग प्रहाण गर्न धर्मदेशना गर्छ, द्वेष प्रहाण गर्न धर्मदेशना गर्छ अनि मोह प्रहाण गर्न धर्मदेशना गर्छ भने उसको धर्म सुआख्यात छ कि छैन ? यो तिमीलाई कस्तो लाग्छ ?" "भन्ते ! जसले राग



Downloaded from http://dhamma.digital

प्रहाण गर्न धर्मदेशना गर्छ, द्वेष प्रहाण गर्न धर्मदेशना गर्छ अनि मोह प्रहाण गर्न धर्मदेशना गर्छ भने वहाँको धर्म सुआख्यात हो । मलाई यस्तै लाग्छ ।"

" त के मान्दछौ गृहपति ! जो राग प्रहाण गर्न, द्वेष प्रहाण गर्न अनि मोह प्रहाण गर्न लागेको हुन्छ ऊ सुप्रतिपन्नमा लागेको हो कि होइन ? यो तिमीलाई कस्तो लाग्छ ? जो राग प्रहाण गर्न, द्वेष प्रहाण गर्न र मोह प्रहाण गर्न लाग्छ ऊ लोकमा सुप्रतिपन्नमा लागेका हुन् ।"

" त के मान्दछौ गृहपति ! जसको राग प्रहिण, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन, जसको द्वेष प्रहिण, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन अनि जसको मोह प्रहिण, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन भने ऊ सुकर्मी हो कि होइन ? यो तिमीलाई कस्तो लाग्छ ?" "भन्ते ! जसको राग प्रहिण, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन, जसको द्वेष प्रहिण... अनि जसको मोह प्रहिण, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन भने ऊ सुकर्मी हो । मलाई यस्तै लाग्छ ।"

"गृहपति ! तिमी आफैले भन्यौ– 'जो, भन्ते ! राग प्रहिण गर्न धर्मदेशना गर्छ, द्वेष प्रहिण गर्न धर्मदेशना गर्छ अनि मोह प्रहिण गर्न धर्मदेशना गर्छ उसको धर्म सुआख्यात हो ।' तिमी आफैले भन्यौ– 'जो, भन्ते ! राग प्रहिण गर्न लागेको हुन्छ, द्वेष प्रहिण गर्न लागेको हुन्छ अनि मोह प्रहिण गर्न लागेको हुन्छ । ऊ सुमार्गमा लागेका हुन् । तिमी आफैले भन्यौ– 'जसको, भन्ते ! राग प्रहिण, मूल जरो नै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन, जसको द्वेष प्रहिण... अनि जसको मोह विनष्ट, मूल जरोनै उखेलिएको, पुनः उत्पन्न हुँदैन तथा पलाउँदैन भने ऊ सुकर्मी हो ।' "

"आश्चर्य, भन्ते ! अद्भूत, भन्ते ! तपाईंले आफ्नो धर्मको उच्चता दर्शाउनु भएन, अरूको धर्म नीच गरी पनि दर्शाउनु भएन । उचितरूपले धर्मोपदेश दिनु भयो । मनासिव नै भन्नुभयो र आफूलाई सही ठाउँमै राख्नु भयो । भन्ते आनन्द ! तपाईंले राग प्रहिण हुने धर्मोपदेश दिनुस्, द्वेष... मोह प्रहिण हुने धर्मोपदेश दिनुस् । भन्ते ! तपाईंहरूको धर्म सुआख्यात छ । भन्ते आनन्द ! तपाईंहरू राग प्रहिण गर्न लाग्नु भएको छ, द्वेष... मोह प्रहिण गर्न लाग्नु भएको छ । भन्ते ! लोकमा तपाईंहरू सुप्रतिपन्न हुन् । भन्ते आनन्द ! तपाईंहरूको राग प्रहिण भयो, मूल जरै उखेलिए, काटेको ताड वृक्ष झैं पुनः उत्पन्न नहुने तथा नपलाउने भयो ।



Downloaded from http://dhamma.digital

"अत्यन्तै राम्रो, भन्ते ! अत्यन्तै राम्रो, भन्ते ! जस्तै कि, भन्ते ! घोप्टेको-लाई उत्तानो पारिदिए झैं, छोपेकोलाई उघारी दिए झैं, बाटो भूलेकालाई बाटो देखाई दिए झैं, अन्धकारमा तेल प्रदीप बाली दिए झैं अनि आँखा हुनेले रूप देख्न सके झैं गरी तपाईं आर्य आनन्दद्वारा अनेक प्रकारले धर्म प्रकाशित गर्नु भयो । यसकारण भन्ते आनन्द ! अबदेखि म भगवानको शरणमा पर्छु, धर्म र भिक्षुसंघको पनि । आर्य आनन्द ! आजदेखि प्राण रहुञ्जेल तपाईं गोतमका शरणमा परेका उपासक भनी धारण गर्नुहोस् ।"

### ३. महानामसुत्तं

७४. मैले यस्तो सुनें– एक समय भगवान कपिलवत्थुस्थित शाक्यहरूको निग्रोधाराममा बस्नुहुन्थ्यो । त्यसबेला भगवान भर्खर-भर्खरै रोगबाट मुक्त हुनु भएको थियो । त्यही बेला महानाम शाक्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि महानाम शाक्यले भगवानलाई यसो भने– "भन्ते ! दीर्घकालदेखि भगवानले मलाई धर्मदेशना गर्नु भएको, यसरी थाहा छ कि–'चित्त समाहित हुँदा ज्ञान हुन्छ, असमाहित हुँदा हुँदैन । भन्ते ! के समाधि पहिला हुन्छ अनि पछि मात्र ज्ञान हुन्छ अथवा पहिला ज्ञान अनि मात्र समाधि हुन्छ ? त्यसबेला आयुष्मान आनन्दलाई यस्तो विचार आयो– "भगवान रोगबाट मुक्त हुनु भएको धेरै समय बितेको छैन । यी महानाम शाक्यले भगवानसँग अति गम्भिर प्रश्न गऱ्यो । किन मैले नै महानाम शाक्यलाई कहीँ एक ठाउँमा लगी धर्मदेशना नगरौं !"

"अनि आयुष्मान आनन्दले महानाम शाक्यको हात समाती एक ठाउँमा लगी महानाम शाक्यलाई यसो भन्नुभयो– "महानाम ! भगवानले शैक्ष शीलको पनि धर्मदेशना गर्नु भएको छ अनि अशैक्ष शीलको पनि धर्मदेशना गर्नु भएको छ । शैक्ष समाधिको पनि धर्मदेशना गर्नु भएको छ अनि अशैक्ष समाधिको पनि धर्मदेशना गर्नु भएको छ । शैक्ष प्रज्ञाको पनि धर्मदेशना गर्नु भएको छ अनि अशैक्ष प्रज्ञाको पनि धर्मदेशना गर्नु भएको छ । महानाम ! शैक्ष शील भनेको के हो ? महानाम ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रातिमोक्ष संवरले संवरित भई बस्छ... शिक्षापद समादान गर्न सिक्छ । महानाम ! यसैलाई भनिन्छ– शैक्ष शील ।

महानाम ! शैक्ष समाधि भनेको के हो ? महानाम ! यहाँ भिक्षु काम-विषयभोगरहित भई, अकुशल धर्म त्यागी सवितर्क सविचार एकान्तमय प्रीतिसुख युक्त प्रथमध्यान लाभ गरी बस्छ । वितर्क-विचार उपशमन गरी आन्तरिक सम्प्र-सादन चित्त एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय



Downloaded from http://dhamma.digital

द्वितीयध्यान लाभ गरी बस्छ। प्रीतिबाट विराग भई उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुख अनुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षक, स्मृतिवान र सुखविहारी' तृतीयध्यान लाभ गरी बस्छ । सुखलाई पनि त्यागी अनि दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदुःख-असुख उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभ गरी बस्छ । महानाम ! यसैलाई भनिन्छ– शैक्ष समाधि ।

"महानाम ! शैक्ष प्रज्ञा भनेको के हो ? यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जान्दछ। महानाम ! यसैलाई भनिन्छ– शैक्ष प्रज्ञा ।

"महानाम ! यसरी ऊ शीलद्वारा सम्पन्न हुँदा, समाधिद्वारा सम्पन्न हुँदा, प्रज्ञाद्वारा सम्पन्न हुँदा, आश्रव क्षय गरी, अनाश्रवी भई यही जन्ममा दृष्टान्तदर्शी भई, अभिज्ञात तथा साक्षात्कार गरी बस्छ । महानाम ! भगवानले यसैलाई शैक्ष शील भन्नुभएको छ अनि भगवानले यसैलाई अशैक्ष शील भन्नुभएको छ । भगवानले यसैलाई शैक्ष समाधि भन्नुभएको छ अनि यसैलाई अशैक्ष समाधि भन्नुभएको छ । भगवानले यसैलाई शैक्ष प्रज्ञा भन्नुभएको छ अनि यसैलाई अशैक्ष प्रज्ञा भन्नुभएको छ ।"

## ४. निगण्ठसुत्तं

७५. एक समय आयुष्मान आनन्द वेसालिस्थित महावनको कूटागारसाला-मा बस्नुहुन्थ्यो । त्यसबेला अभय लिच्छवि र पण्डितकुमार लिच्छवि जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान आनन्दलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि अभय लिच्छविले आयुष्मान आनन्दलाई यसो भने– "भन्ते ! निगण्ठ नाटपुत्र सर्वज्ञ, सर्वदर्शी, अपरिशेष ज्ञान दर्शन बुझेको छ । हिँड्दा, बस्दा, सुत्दा, जाग्रतरहँदा सतत लगातार ज्ञानदर्शन भइरहन्छ । वहाँले भन्नुहुन्छ– पुराना कर्म तपस्याद्वारा नाश हुन्छ । नव कर्म नगर्दा अन्य कर्म घाट हुन्छ । यसरी कर्म क्षय हुँदा दुःख क्षय हुन्छ । दुःख क्षय हुँदा वेदना क्षय हुन्छ । वेदना क्षय हुँदा समस्त दुःखको विनाश हुन्छ । यसरी नै उसको यसै शरीर विद्यमान अवस्थामै निर्जर भई, विशुद्ध भई समतिक्रम हुन्छ । भन्ते ! यस बारे तपाईं के भन्नु हुन्छ ?"

"अभय ! वहाँ भगवान, अर्हत, सम्यकसम्बुद्धद्वारा निर्जरा र विशुद्धिको निम्ति



Downloaded from http://dhamma.digital

जानी, देखी, सत्वको विशुद्धि, शोक, परिदेव समतिक्रम गर्न, दु:खदौर्मनस्य नाश गर्न, ज्ञान हासिल गर्न र निर्वाण साक्षात्कार गर्न तीन प्रकारले भन्नु भएको छ। ती तीन के के हुन् ? अभय ! यहाँ भिक्षु शीलवान हुन्छ... शिक्षापद समादान गर्न सिक्छ। उसले नव कर्म गर्दैन, पुराना कर्मको फल भोग गर्दा-गर्दै समाप्त पार्छ। सान्दृष्टिक, निर्जरा, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाण उन्मुख गराउने र प्रत्येक विज्ञजनले साक्षात्कार गर्न सकिन्छ।

"अभय ! ती भिक्षु यसरी शील सम्पन्न हुँदा यहाँ भिक्षुले काम-विषयभोग रहित भई, अकुशल धर्म त्यागी सवितर्क सविचार एकान्तमय प्रीतिसुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ। वितर्क-विचार उमशमन गरी आन्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय द्वितीय-ध्यान लाभ गरी बस्छ। प्रीतिबाट विरागी, उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुख अनुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्– 'उपेक्षक, स्मृतिवान र सुखविविहारी' तृतीयध्यान लाभ गरी बस्छ। सुखलाई पनि त्यागी अनि दु:खलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदु:ख-असुख उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभ गरी बस्छ।

उसले नव कर्म गर्दैन, पुराना कर्मका फल भोग गर्दा-गर्दै समाप्त पार्छ। सान्दृष्टिक, निर्जरा, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाण उन्मुख गराउने र प्रत्येक विज्ञजनले साक्षात्कार गर्न सकिन्छ।

"अभय ! ती भिक्षु यसरी समाधि सम्पन्न हुँदा आश्रव क्षय गरी, अनाश्रवी भई चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्छ। उसले नव कर्म गर्दैन, पुराना कर्मका फल भोग गर्दा-गर्दै समाप्त पार्छ। सान्दृष्टिक, निर्जरा, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाण उन्मुख गराउने र प्रत्येक विज्ञजनले साक्षात्कार गर्न सकिन्छ। अभय ! वहाँ भगवान अर्हत, सम्यक-सम्बुद्धद्वारा निर्जरा र विशुद्धिको निम्ति जानी, देखी, सत्वको विशुद्धि, शोक तथा परिदेव समतिक्रम गर्न, दु:खदौर्मनस्य नाश गर्न, ज्ञान हासिल गर्न र निर्वाण साक्षात्कार गर्न यी नै तीन प्रकारले भन्नु भएको छ।"

यसो भन्नु भएपछि पण्डितकुमारले अभय लिच्छविलाई यसो भने– "साथी, अभय ! के त आयुष्मान आनन्दले भन्नु भएको सुभाषितलाई सुभाषित भनी तिमीले अनुमोदन नगर्ने ? "साथी, पण्डितकुमार ! आयुष्मान आनन्दले भन्नु भएको सुभाषितलाई सुभाषित भनी मैले किन अनुमोदन नगर्ने ! उसको शीर भूईंमा खस्न सक्छ, जसले आयुष्मान आनन्दको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरेमा।"



Downloaded from http://dhamma.digital

## ५. निवेसकसुत्तं

७६. त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दलाई भगवानले यसो भन्नुभयो–

"आनन्द ! जसप्रति अनुकम्पा गर्ने हो, जो सुन्न चाहन्छन् ती मित्र वा आफन्त वा रगत सम्बन्धित हुन् तिनीहरूलाई आनन्द ! तीन स्थानमा ल्याउनु पर्छ तथा प्रतिष्ठित गर्नुपर्छ । ती तीन के के हुन् ? बुद्धप्रति अचल श्रद्धा हुने गराउनुपर्छ, राख्न लगाउनु पर्छ, र प्रतिष्ठित गराउनु पर्छ– 'वहाँ भगवान अर्हत, सम्यक्-सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविज्ञ, अति उत्तम नरदम्य सारथि, देव र मनुष्यका गुरु, बुद्ध, भगवान हुनुहुन्छ ।' धर्मप्रति अचल श्रद्धा हुने गराउनु पर्छ, राख्न लगाउनु पर्छ, र प्रतिष्ठित हुने गराउनु पर्छ– 'भगवानको धर्म सुआख्यात, सान्दृष्टिक, अकालिक, आएर हेर भन्न मिल्ने, निर्वाण मार्गमा लाने, प्रत्येक विज्ञजनले विदित गर्न सक्ने धर्म हो । संघप्रति अचल श्रद्धा हुने गराउनु पर्छ, राख्ने लगाउनु पर्छ, र प्रतिष्ठित गराउनु पर्छ– 'भगवानको श्रावकसंघ सही मार्गमा लाग्ने, न्याय मार्गमा लाग्ने, उचित मार्गमा लाग्ने, जुन कि वहाँहरू चार पुरुष युगल वा आठ प्रकारका श्रावकसंघ हुन्, वहाँहरू आव्हाणनीय, पाहुना गर्न योग्य, दान-दक्षिणा दिन योग्य, अञ्जलिबद्ध नमस्कार गर्न योग्य र लोकका निम्ति अति उत्तम पुण्य क्षत्र हुन् ।' "

"बरु, आनन्द ! पृथ्वीधातु, जलधातु, अग्निधातु र वायुधातु अन्यथा हुनसक्छ तर बुद्धप्रति अचल श्रद्धायुक्त आर्य श्रावकको अन्यथा हुनसक्तैन । आनन्द ! बुद्धप्रति अचल श्रद्धायुक्त हुनु तथा यस विषय अन्यथा नहुने आर्यश्रावक नर्क, पशुपंक्षी योनि र प्रेत योनिमा जन्मिनु सम्भावना छैन ।

"बरु, आनन्द ! पृथ्वीधातु, जलधातु, अग्निधातु र वायुधातु अन्यथा हुनसक्छ तर धर्मप्रति अचल श्रद्धायुक्त... संघप्रति अचल श्रद्धायुक्त आर्यश्रावकको अन्यथा हुनसक्तैन । त्यसैले, आनन्द ! संघप्रति अचल श्रद्धायुक्त हुनु तथा यस विषय अन्यथा नहुने आर्यश्रावक नर्क, पशुपंक्षी योनि र प्रेत योनिमा जन्मिनु सम्भावना छैन ।

"आनन्द ! जसप्रति अनुकम्पा गर्ने हो, जो सुन्न चाहन्छन् ती मित्र वा आफन्त वा रगतसम्बन्धित हुन् तिनीहरूलाई आनन्द ! यी नै तीन स्थानमा ल्याउन सक्नुपर्छ तथा प्रतिष्ठित गर्न सक्नुपर्छ ।"



Downloaded from http://dhamma.digital

## ६. पठमभवसुत्तं

७७. त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नुभई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो। एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भव, भव भनी भनिन्छ, के हुँदा भव हुन्छ ?"

"आनन्द ! कामधातु विपाक र कर्म नहुँदा अथवा कामभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "यो नै, आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल हो। अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको हीनधातु (काम धातु) को विज्ञान प्रतिष्ठित हुन्छ। यसरी भविष्यमा पुनर्भव (पुनर्जन्म) हुन्छ।

"आनन्द ! रूपधातु विपाक र कर्म नहुँदा अथवा रूपभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल हो। अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको मध्यमधातु विज्ञान प्रतिष्ठित हुन्छ। यसरी भविष्यमा पुनर्भव (पुनर्जन्म) हुन्छ।

"आनन्द ! अरूपधातु विपाक र कर्म नहुँदा अथवा अरूपभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल हो। अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको प्रणीतधातु विज्ञान प्रतिष्ठित हुन्छ। यसरी भविष्यमा पुनर्भव हुन्छ। आनन्द ! यसरी नै भव हुन्छ।"

## ७. दुतियभवसुत्तं

७८. त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो... आनन्दले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भव, भव भनी भनिन्छ, के हुँदा भव हुन्छ ?"

"आनन्द ! कामधातु, विपाक र कर्म नहुँदा अथवा कामभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "यो नै, आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल हो। अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको हीनधातु (काम धातु) चेतना प्रतिष्ठित हुन्छ तथा कामना प्रतिष्ठित हुन्छ। यसरी भविष्यमा पुनर्भव हुन्छ।

"आनन्द ! रूपधातु विपाक र कर्म नहुँदा अथवा रूपभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल



Downloaded from http://dhamma.digital

हो । अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको मध्यमधातु चेतना प्रतिष्ठित हुन्छ तथा कामना प्रतिष्ठित हुन्छ । यसरी भविष्यमा पुनर्भव हुन्छ ।

"आनन्द ! अरूपधातु विपाक र कर्म नहुँदा अथवा अरूपभव भनी जान्न सक्छ ?" "सक्दैन, भन्ते !" "आनन्द ! कर्म क्षेत्र, विज्ञान बीज र तृष्णा जल हो । अविद्यावरण र तृष्णा संयोजन हुँदा सत्वको प्रणीतधातु विज्ञान प्रतिष्ठित हुन्छ तथा कामना प्रतिष्ठित हुन्छ । यसरी भविष्यमा पुनर्भव हुन्छ । आनन्द ! यसरी नै भव हुन्छ ।"

## ८. सीलब्बतसुत्तं

७९. त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दलाई भगवानले यसो भन्नुभयो– "आनन्द ! सबै शीलव्रत, ब्रह्मचर्य र उपस्थानुसार जीवन सफल हुन्छ ?" "भन्ते ! निश्चित गरी भन्न सकिदैन ।" "आनन्द ! त्यसो भए विभक्त गरी भन ।"

"जुन कि यो, भन्ते ! शीलव्रत, ब्रह्मचर्य र उपस्थानुसार जीवनमा अकुशल धर्मको वृद्धि हुन्छ अनि कुशल धर्मको परिहानी हुन्छ भने यस्तो शीलव्रत, ब्रह्मचर्य र उपस्थानुसार जीवन सफल हुँदैन । जसले कि यो, भन्ते ! शीलव्रत, ब्रह्मचर्य र उपस्थानुसार जीवनमा अकुशल धर्म परिहानी हुन्छ अनि कुशल धर्म अभिवृद्धि हुन्छ भने त्यस्तो शीलव्रत, ब्रह्मचर्य र उपस्थानुसार जीवन सफल हुन्छ ।" आयुष्मान आनन्दले त्यसरी भन्नु हुँदा शास्ता सन्तुष्ट हुनुभयो ।"

"अनि त आयुष्मान आनन्दले मैले भनेको कुरामा शास्ता सन्तुष्ट हुनुहुन्छ" भन्ने ठान्नुभई आसनबाट उठी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी जानुभयो । अनि आयुष्मान आनन्द जानुभएको केही क्षणपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! आनन्द शैक्ष हो, तैपनि प्रज्ञामा (ऊ) बराबर हुनसक्नेसुलभ भने छैन ।"

## ९. गन्धजातसुत्तं

८०. "त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसो भन्नुभयो–



Downloaded from http://dhamma.digital

"भन्ते ! यी तीन जातका सुगन्ध छन् । जुन हावा प्रवाहित भएतिर नै गन्ध जान्छ । हावा विपरित जाँदैन । ती तीन के के हुन् ? मूलगन्ध, सारगन्ध र पुष्प-गन्ध । यी तीन सुगन्धहरू जहाँ हावा प्रवाहित हुन्छ त्यतैतिर जान्छ । हावाको विपरित जाँदैन । भन्ते ! हावा प्रवाहिततिर पनि, विपरिततिर पनि तथा प्रवाहित-अप्रवाहित तिर पनि जाने के त्यस्तो कुनै गन्ध छ ?"

"आनन्द ! हावा प्रवाहिततिर पनि, विपरिततिर पनि, तथा प्रवाहित-अप्रवाहिततिर पनि जाने केही जातका गन्ध छ ।" "भन्ते ! हावा प्रवाहिततिर पनि, विपरिततिर पनि तथा प्रवाहित-अप्रवाहिततिर पनि जाने केही जातका गन्ध के हो ?"

"आनन्द ! यहाँ कुनै गाउँ वा शहरका स्त्री वा पुरुष बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ, संघको शरणमा जान्छ, प्राणी हिंसाबाट विरत हुन्छ, चोरी गर्नबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ अनि जाँड-रक्सि मादकपदार्थ सेवन गर्नबाट विरत हुन्छ । कल्याणधर्मी,, चित्तको मैल लोभ हटाई घरमा बस्छ, मुक्तत्यागी, खुलस्त हात, परित्यागी, याचकका निम्ति दाता तथा दान संविभाजन गर्नमा संलग्न रहन्छ ।

त्यस दिशाका श्रमण-ब्राह्मणले गुणगान गाउँछ– 'फलानो गाउँका वा शहरका स्त्री वा पुरुष बुद्धको शरणमा गएको छ, धर्मको शरणमा गएको छ, संघको शरणमा गएको छ, प्राणी हिंसाबाट विरत छ, चोरी गर्नबाट विरत छ, व्यभिचार गर्नबाट विरत छ, झूटो बोल्नबाट विरत छ अनि जाँड-रक्सि मादकपदार्थ सेवन गर्नबाट विरत छ । कल्याणधर्मी, चित्तको मैल लोभ हटाई घरमा बस्छ, मुक्त-त्यागी, खुलस्त हात, परित्यागी तथा याचकका निम्ति दाता,दान संविभाजन गर्न संलग्न रहन्छ ।' "

"देवताले पनि गुणगान गाउँछ– 'फलानो गाउँका वा शहरका स्त्री वा पुरुष बुद्धको शरणमा गएको छ, धर्मको शरणमा गएको छ, संघको शरणमा गएको छ, प्राणी हिंसाबाट विरत छ... अनि जाँड-रक्सि मादकपदार्थ सेवन गर्नबाट विरत छ । कल्याणधर्मी,, चित्तको मैल लोभ हटाई घरमा बस्छ, मुक्तत्यागी, खुलस्त हात, परित्यागी, याचकका निम्ति दाता तथा दान संविभाजन गर्न संलग्न रहन्छ ।' "

"आनन्द ! यही नै त्यो जातको गन्ध हो जुन कि हावा प्रवाहिततिर पनि बहन्छ, विपरित दिशातिर पनि बहन्छ तथा हावा प्रवाहित-अप्रवाहित दिशातिर पनि बहन्छ ।



Downloaded from http://dhamma.digital

**"न पुप्फगन्धो पटिवातमेति, न चन्दनं तगरमल्लिका वा ।**
**सतञ्च गन्धो पटिवातमेति, सब्बा दिसा सप्पुरिसो पवायती"ति ॥**

"न त चन्दन, तगर (सुगन्धित वृक्ष) मल्लिका (सुगन्धित फूल) न त पुष्प गन्ध नै वायुको विपरित दिशातिर बहन्छ । सत्यको गन्ध विपरित दिशातिर पनि बहन्छ, सत्पुरुषको गन्ध समस्त दिशै फैलिन्छ (प्रवाहित हुन्छ) ।"

## १०. चूलनिकासुत्तं

८१. त्यसबेला आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गरी एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान आनन्दले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भगवानको मुखबाट सुनेको छु, भगवानकै मुखबाट मैले ग्रहण गरेको छु कि आनन्द ! 'भगवान सिखि बुद्धका अभिभू नाउँका श्रावक ब्रह्मलोकमा स्थित हुनुभई सहश्र लोकधातुलाई आफ्नो स्वरद्वारा सूचित गर्नु भएको थियो ।' भन्ते ! भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, तपाईले कहाँसम्म आफ्नो स्वरद्वारा सूचित गर्न सक्नु हुन्छ ?" "आनन्द ! ऊ भनेको श्रावक हो, तथागत भनेको त अप्रमेय हो ।"

"दोस्रो पटक पनि आयुष्मान आनन्दले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भगवानको मुखबाट सुनेको छु, भगवानकै मुखबाट मैले ग्रहण गरेको छु कि आनन्द ! 'भगवान सिखि बुद्धका अभिभू नाउँका श्रावक ब्रह्मलोकमा स्थित हुनुभई सहश्र लोकधातुलाई आफ्नो स्वरद्वारा सूचित गर्नु भएको थियो ।' भन्ते ! भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, तपाईले कहाँसम्म आफ्नो स्वरद्वारा सूचित गर्न सक्नु-हुन्छ ?" "आनन्द ! ऊ भनेको श्रावक हो, तथागत भनेको त अप्रमेय हो ।"

"तेस्रो पटक पनि आयुष्मान आनन्दले भगवानलाई यसो भन्नुभयो– "भन्ते ! भगवानको मुखबाट सुनेको छु, भगवानकै मुखबाट मैले ग्रहण गरेको छु कि आनन्द ! 'भगवान सिखि बुद्धका अभिभू नाउँका श्रावक ब्रह्मलोकमा स्थित हुनुभई सहश्र लोकधातुलाई आफ्नो स्वरद्वारा सूचित गर्नु भएको थियो ।' भन्ते ! भगवान अर्हत सम्यकसम्बुद्ध हुनुहुन्छ, तपाईले कहाँसम्म आफ्नो स्वरद्वारा सूचित गर्न सक्नु-हुन्छ ?" "आनन्द ! सहश्र चूलनिका लोकधातु छन् भनी तिमीले सुनेका छौ ?" "भगवान ! अहिले यो समय हो, सुगत ! अहिले यो समय हो ! तथागत भगवानले भन्नुहोस्, तथागत भगवानले भन्नु हुँदा भिक्षुहरूले सुनेर धारण गर्नेछन् ।" "त्यसोभए सुन, आनन्द ! राम्रोसँग मनमा धारण गर भन्नेछु ।" "हवस् भन्ते !" भनी आयुष्मान आनन्दले प्रत्युत्तर दिनुभयो । भगवानले यसो भन्नुभयो–



Downloaded from http://dhamma.digital

"आनन्द ! जहाँसम्म चन्द्र र सूर्यको प्रकाश फैलिएको हुन्छ त्यहाँसम्म सहश्रधा लोकधातु हुन्छ। त्यस सहश्रधा लोकमा सहश्र चन्द्र, सहश्र सूर्य, सहश्र सुमेरु पर्वतराज, सहश्र जम्बुद्विप, सहश्र अपर गोयान, सहश्र उत्तर कुरु, सहश्र तावतिंस, सहश्र यामा, सहश्र तुसित, सहश्र निम्मानरति, सहश्र परनिम्मितवसवत्ती र सहश्र ब्रम्हलोकलाई नै भनिन्छ, आनन्द ! सहश्र चूलनिका लोकधातु।

"आनन्द ! जहाँसम्म सहश्र चूलनिका लोकधातु हो त्यहाँसम्म सहश्रधा लोकधातु हुन्छ। यसैलाई भनिन्छ, आनन्द ! दुई सहश्र मध्यम लोकधातु।

"आनन्द ! जहाँसम्म दुई सहश्र मध्यम लोकधातु हो त्यहाँसम्म सहश्रधा लोकधातु हुन्छ। यसैलाई भनिन्छ, आनन्द ! तीन सहश्र महासहश्र लोकधातु।

"आनन्द ! तथागतले चाहेमा तीनसहश्र महासहश्र लोकधातुसम्म स्वरद्वारा सूचित गर्न सक्छ अथवा जतिसम्मको चाहना हुन्छ त्यतिसम्म गर्न सक्छ।"

"भन्ते ! भगवानले तीन सहश्र महासहश्र लोकधातुमा कसरी स्वरद्वारा सूचित गर्नु हुन्छ अथवा कसरी जतिसम्म चाहनु हुन्छ त्यतिसम्म गर्न सक्नु हुन्छ ?" "आनन्द ! तथागतले यहाँ तीन सहश्र महासहश्र लोकधातुमा प्रकाश फैलाउँछ। जसमा ती सत्वले त्यस आलोकलाई राम्रोसँग जानेको हुन्छ अत: तथागतले घोषणा गर्न सक्छ र शब्दद्वारा अनुशासन गर्न सक्छ। आनन्द ! यसरी नै तथागतले तीन-सहश्र महासहश्र लोकधातुमा स्वरद्वारा सूचित गर्न सक्छ तथा जतिसम्मको चाहना हुन्छ त्यतिसम्म।"

"त्यसो भन्नु भएपछि आयुष्मान आनन्दले आयुष्मान उदायिलाई यसो भन्नुभयो– "मलाई लाभ भयो, मलाई सुलाभ भयो जसमा कि मेरो शास्ता यस्तो महाऋद्धिवान हुनुहुन्छ र यस्तो महानुभावको हुनुहुन्छ।" यसरी भन्नु हुँदा आयुष्मा उदायिले आयुष्मान आनन्दलाई यसो भन्नुभयो– "आवुस आनन्द ! यदि तिम्रा शास्ता यस्तो महाऋद्धिवान र यस्तो महानुभाव हुनु भएकोमा तिमीलाई के लाभ ?" त्यसो भन्नु हुँदा आयुष्मान उदायिलाई भगवानले यसो भन्नुभयो– "त्यसरी नभन, उदायि ! त्यसो नभन, उदायि ! उदायि ! ! यदि वितराग भई आनन्दको मृत्यु भए उसको चित्त प्रसन्नताले गर्दा सात पटकसम्म देवता भई देवलोकमा राज्य गर्नेछ अनि सात पटकसम्म जम्बुद्विपमा राजा भई महाराज्य चलाउने छ। हुन त: उदायि ! यस दृष्टान्तिक धर्ममा आनन्दले परिनिर्वाण लाभ गर्नेछ।"



Downloaded from http://dhamma.digital

## (९) ४. समणवग्गो

### १. समणसुत्तं

८२. "भिक्षुहो ! यी तीन श्रमणले गर्नु पर्ने श्रमणकर्तव्य हुन् । ती तीन के के हुन् ? अतिउत्तम शीलको शिक्षापद, अतिउत्तम चित्तको शिक्षापद अनि अतिउत्तम प्रज्ञाको शिक्षापद । भिक्षुहो ! यी तीन शिक्षापद श्रमणले गर्नु पर्ने कर्तव्य हुन् ।

"त्यसैले, भिक्षुहो ! यो शिक्षा लिनु पर्छ– 'अतिउत्तम शीलको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु, अतिउत्तम चित्तको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु अनि अतिउत्तम प्रज्ञाको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु । भिक्षुहो ! यस्तै नै सिक्नु पर्छ ।

### २. गद्रभसुत्तं

८३. "जस्तै कि, भिक्षुहो ! गधा गौसमूहको पछि-पछि लागेको हुन्छ– 'गधाले म पनि साँढे जस्तै हुँ, म पनि साँढे जस्तै हुँ' भनी सोच्छ । तर उसको न त्यस्तो वर्ण हुन्छ जस्तो कि साँढेको, न त्यस्तो स्वर हुन्छ जस्तो कि साँढेको अनि न त्यस्तो खुट्टा हुन्छ जस्तो कि साँढेको । ऊ गौसमूहको पछि-पछि लागेको हुन्छ– म पनि साँढे जस्तै हुँ, म पनि साँढ जस्तै हुँ' भनी सोच्छ ।

"यस्तैगरी नै, भिक्षुहो ! यहाँ कोही-कोही भिक्षुहरू 'म पनि भिक्षु हुँ, म पनि भिक्षु हुँ' भन्दै भिक्षुसंघको पछि-पछि लाग्ने हुन्छ । ऊसँग त्यस्तो चाहना हुदैन कि, अरू भिक्षुले जस्तै मैले पनि अतिउत्तम शीलको शिक्षापद पालन गर्नेछु, त्यस्तो चाहना हुदैन कि, अतिउत्तम चित्तको शिक्षापद पालन गर्नेछु अनि त्यस्तो चाहना हुँदैन कि, अतिउत्तम प्रज्ञाको शिक्षापद पालन गर्नेछु । केवल 'म पनि भिक्षु हुँ, म पनि भिक्षु हुँ' भन्दै भिक्षुसंघको पछि-पछि लाग्ने हुन्छ ।' "

"त्यसैले, भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ–'अतिउत्तम शीलको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु, अतिउत्तम चित्तको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु अनि अतिउत्तम प्रज्ञाको शिक्षापद पालन गर्न तीब्र इच्छा गर्नेछु । भिक्षुहो ! यसरी नै सिक्नु पर्छ ।"



Downloaded from http://dhamma.digital

## ३. खेत्तसुत्तं

८४. "भिक्षुहो ! गृहपति कृषकका निम्ति यी तीन पूर्व कार्य हुन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ गृहपति कृषकले पहिला राम्रोसित खेत जोती माटो ठीक पार्छ । पहिला राम्रोसित खेत जोती माटो ठीक पारेपछि समयमै बीउ छर्छ । समयमै बीउ छरेपछि समयमै पानी लाउँछ अनि छोड्छ पनि । भिक्षुहो ! यी तीन कृषक गृहपतिका पूर्व कार्य हुन् ।

"यसरी नै, भिक्षुहो ! भिक्षुका निम्ति तीन पूर्व कार्य छन् । ती तीन के के हुन् ? अतिउच्चतम शीलको शिक्षापदलाई समादान गर्छ, अतिउच्चतम चित्तको शिक्षापदलाई समादान गर्छ अनि अतिउच्चतम प्रज्ञाको शिक्षापदलाई समादान गर्छ । भिक्षुहो ! यी नै तीन भिक्षुका निम्ति पूर्व कार्य हुन् ।

"त्यसैले, भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– अतिउत्तम शीलको शिक्षापद पालन गर्न तीव्र इच्छा राख्नेछु, अतिउत्तम चित्तको शिक्षापद पालन गर्न तीव्र इच्छा राख्नेछु अनि अतिउत्तम प्रज्ञाको शिक्षापद पालन गर्न तीव्र इच्छा राख्नेछु । भिक्षुहो ! यही नै शिक्षा सिक्नुपर्छ ।"

## ४. वज्जिपुत्तसुत्तं

८५. एक समय भगवान वेसालिस्थित महावन कूटागारशालामा बस्नुहुन्थ्यो । त्यसबेला कोही एक वज्जिपुत्र भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती वज्जिपुत्र भिक्षुले भगवानलाई यसो भने– "भन्ते ! १५० शिक्षापदलाई प्रत्येक आधा महिनै पिच्छे पाठ गर्नु पर्छ, यो धेरै नै भयो । भन्ते ! यी सबै मैले सिक्न सक्दिन ।" "भिक्षु ! के तिमीले यी तीन अतिउच्चतम शीलसम्बन्धी शिक्षापद, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद अनि अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षापद पालन गर्न सक्छौ ?" "भन्ते ! मैले यी तीन अतिउच्चतम शीलसम्बन्धी शिक्षापद, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद अनि अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षापद पालन गर्न सक्छु ।" "त्यसोभए, भिक्षु ! तिमीले ती तीन अतिउच्चतम शीलसम्बन्धी शिक्षापद, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद अनि अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षापद पालन गर ।"

"भिक्षु ! जब तिमीले अतिउच्चतम शीलसम्बन्धी शिक्षापद सिक्छौ, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद सिक्छौ अनि अतिउच्चतम प्रज्ञासम्बन्धी



Downloaded from http://dhamma.digital

शिक्षापद सिक्छौ त्यसबेला, भिक्षु ! तिमीले अतिउच्चतम शीलसम्बन्धी शिक्षापद सिक्दा, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद सिक्दा अनि अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षापद सिक्दा राग विनष्ट हुन्छ, द्वेष विनष्ट हुन्छ अनि मोह विनष्ट हुन्छ । तिम्रो त्यो राग विनष्ट हुँदा, द्वेष विनष्ट हुँदा अनि मोह विनष्ट हुँदा जुन अकुशल हो त्यो तिमीले गर्ने छैनौ तथा जुन पाप हो त्यो तिमीले गर्ने छैनौ ।"

अनि अतिउच्चतम शीलसम्बन्धी शिक्षापद सिक्दा, अतिउच्चतम चित्तसम्बन्धी शिक्षापद सिक्दा अनि अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षापद सिक्दा भिक्षुको राग विनष्ट भयो, द्वेष विनष्ट भयो अनि मोह विनष्ट भयो । उसले राग विनष्ट गर्दा, द्वेष विनष्ट गर्दा अनि मोह विनष्ट गर्दा जुन अकुशल हो त्यो गर्नु परेन तथा जुन पाप हो त्यो गर्नु परेन ।

## ५. सेक्खसुत्तं

८६ त्यसबेला कोही एक जना भिक्षु जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती भिक्षुले भगवानलाई यसो भने– 'भन्ते ! शैक्ष, शैक्ष' भनी भन्दछन् शैक्ष कसरी हुन्छ ?" "भिक्षु ! सिक्न खोज्दछ, त्यसैले शैक्ष हुन्छ । के सिक्न खोज्छ ? अतिउच्चतम शीलसम्बन्धी सिक्छ, अतिउच्चतम चित्तसम्बन्धी सिक्छ अनि अतिउच्चतम प्रज्ञासम्बन्धी सिक्छ ।

"सेखस्स सिक्खमानस्स, उजुमग्गानुसारिनो ।
खयस्मिं पठमं ञाणं, ततो अञ्ञा अनन्तरा ॥

"ततो अञ्ञा विमुत्तस्स, ञाणं वे होति तादिनो ।
अकुप्पा मे विमुत्तीति, भवसंयोजनक्खये"ति ॥

"शैक्ष, शिक्षाकामी आर्य ऋजुमार्गमा लागी प्रथमज्ञानले (दुःख सत्य ज्ञानले) क्षय (क्लेश क्षय) गर्छ । त्यसपछि चतुर्थमार्ग (दुःख निरोध गामिनी प्रतिपदा) मा लागी ज्ञान प्राप्त गर्छ ।

"यसपछि प्रज्ञा लाभी भई विमुक्त (अर्हत) हुन्छ, मेरो भव संयोजन क्षीण भयो, अचल विमुक्ति (अर्हत फल) प्राप्त गरें भन्ने ज्ञान हुन्छ ।"



Downloaded from http://dhamma.digital

## ६. पठमसिक्खासुत्तं

८७. "भिक्षुहो ! जो आफ्नो भलो चाहने कुलपुत्र हुन्छ उसले यी १५० भन्दा बढी शिक्षा आधा-आधा महिनामा पाठ गर्नु पर्छ । भिक्षुहो ! जुन कि यी सबै शिक्षा तीन शिक्षाको अन्तर्गत पर्छ । ती तीन के के हुन् ? अतिउच्चतम शील-शिक्षा, अतिउच्चतम चित्तशिक्षा अनि अतिउच्चतम प्रज्ञाशिक्षा । भिक्षुहो ! यी नै तीन शिक्षाअन्तर्गत सबै शिक्षा पर्दछन् ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी हुन्छ, समाधिमा सामान्य लाग्ने अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रम्हचर्यादिका उचित ब्रम्हचर्य शिक्षापदहरू हुन् ती शिक्षापदहरूमा ध्रुवशील, स्थितशील अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले तीन संयोजन परीक्षिण गरी श्रोतापन्न हुन्छ । धर्मबाट पतन नहुने र निश्चय नै सम्बोधि परायण हुन्छ ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी हुन्छ समाधिमा सामान्य लाग्ने अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रम्हचर्यादिका उचित ब्रम्हचर्य शिक्षापद छन् ती शिक्षापदहरूमा ध्रुवशील हुन्छ, स्थितशील हुन्छ अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले तीन संयोजन परीक्षिण गरी राग, द्वेष र मोह कम गरी सकृदागामी हुन्छ । यस लोकमा एकपल्ट आई दुःख अन्त गर्छ ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी हुन्छ समाधिमा सामान्य लाग्ने अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रम्हचर्यादिका उचित ब्रम्हचर्य शिक्षापद छन् ती शिक्षापदहरूमा ध्रुवशील हुन्छ, स्थितशील हुन्छ अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी औपपातिक (ब्रम्हलोकमा) उत्पन्न हुन्छ । यस लोकमा फेरि नफर्किने हुन्छ । त्यस लोकबाटै परिनिर्वाण हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ भिक्षु शीलमा परिपूर्णकारी हुन्छ समाधिमा सामान्य लाग्ने अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रह्मचर्यादिका उचित ब्रह्मचर्य शिक्षापद हुन् ती शिक्षापदहरूमा ध्रुवशील हुन्छ, स्थितशील हुन्छ तथा उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले आश्रव क्षय गरी अनाश्रवी भई, चित्त विमुक्ति र प्रज्ञा विमुक्तिलाई यहीं स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्छ ।

"भिक्षुहो ! यसरी नै केही नियम पालन गर्नेले केही नियम पालन गर्छ र परिपूर्ण गर्नेले परिपूर्ण गर्छ । भिक्षुहो ! ती शिक्षापदलाई पालन गर्दा व्यर्थ हुने छैन भनी म भन्दछु ।"

## ७. दुतियसिक्खासुत्तं

८८. "भिक्षुहो ! जो आफ्नो भलो चाहने कुलपुत्र हुन्छ उसले यी १५० भन्दा बढी शिक्षालाई आधा-आधा महिनामा पाठ गर्नु पर्छ । भिक्षुहो ! जुन कि यी सबै शिक्षा तीन शिक्षाअन्तर्गत पर्छ । ती तीन के के हुन् ? अतिउच्चतम शील-शिक्षा, अतिउच्चतम चित्तशिक्षा अनि अतिउच्चतम प्रज्ञाशिक्षा । भिक्षुहो ! यी नै तीन शिक्षाअन्तर्गत सबै शिक्षा पर्दछन् ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी हुन्छ, समाधिमा सामान्य लाग्ने हुन्छ अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रह्मचर्यादिका उचित ब्रह्मचर्य शिक्षापदहरू हुन् ती शिक्षापदहरूमा ध्रुवशील, स्थितशील अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले तीन संयोजन परीक्षिण गर्दा सातपटकसम्म जन्मिनेछन् । सातपटक देव तथा मनुष्यमा जन्म लिई दुःख अन्त गर्छ । उसले तीन संयोजन परीक्षिण गरी 'कोलंकोल हुन्छ, दुई वा तीनपटक जन्म लिई दुःख अन्त गर्छ । उसले तीन संयोजन परीक्षिण गरी 'एक बीज' को हुन्छ अर्थात मनुष्य लोकमा एक पटक मात्र जन्म लिई दुःख अन्त गर्छ । उसले तीन संयोजन परीक्षिण गर्छ अनि राग, द्वेष र मोह केही बाँकी रहनाले सकृदागामी हुन्छ । यस लोकमा एक पटक मात्र जन्म लिई दुःख अन्त गर्छ ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी, समाधि परिपूर्णकारी अनि प्रज्ञामा



Downloaded from http://dhamma.digital

सामान्या लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रह्मचर्यादिका उचित ब्रह्मचर्य शिक्षापदहरू हुन् ती शिक्षापदहरूमा धुवशील, स्थितशील अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गरेको हुन्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी उर्ध्वश्रोत अकनिष्ठ गामी हुन्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी ससंस्कारिक परिनिर्वाण हुन्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी असंस्कारिक परिनिर्वाण हुन्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी 'उपहत्य' परिनिर्वाण हुन्छ । उसले निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी अन्तरा (बीचमै) परिनिर्वाण हुन्छ ।

"भिक्षुहो ! यहाँ भिक्षु शील परिपूर्णकारी, समाधि परिपूर्णकारी अनि प्रज्ञापरिपूर्णकारी हुन्छ । ऊ जुनकुनैमा पनि धुवशील, स्थितशील हुन्छ तथा शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयम्ले देख्ने गरी अभिज्ञात, साक्षात्कार तथा लाभीभई बस्छ ।

"भिक्षुहो ! यसरी नै केही नियम पालन गर्नेले केही नियम पालन गर्छ र परिपूर्ण गर्नेले परिपूर्ण गर्छ । भिक्षुहो ! ती शिक्षापदलाई पालन गर्दा व्यर्थ हुने छैन भनी म भन्दछु ।"

## ८. ततियसिक्खासुत्तं

८९. "भिक्षुहो ! जो आफ्नो भलो चाहने कुलपुत्र हुन्छ उसले यी १५० भन्दा बढी शिक्षालाई आधा-आधा महिनामा पाठ गर्नु पर्छ । भिक्षुहो ! जुन कि यी सबै शिक्षा तीन शिक्षाअन्तर्गत पर्छ । ती तीन के के हुन् ? अतिउच्चतम शील-शिक्षा, अतिउच्चतम चित्तशिक्षा अनि अतिउच्चतम प्रज्ञाशिक्षा । भिक्षुहो ! यी नै तीन शिक्षाअन्तर्गत सबै शिक्षा पर्दछन् ।

"भिक्षुहो ! यहाँ भिक्षु शीलमा परिपूर्णकारी हुन्छ, समाधिमा सामान्य लाग्ने हुन्छ अनि प्रज्ञामा सामान्य लाग्ने हुन्छ । ऊ जुनकुनै क्षुद्रानुक्षुद्र शिक्षापदबाट दोषी पनि हुन्छ अनि दोषबाट मुक्त पनि हुन्छ । त्यो के कारण ? भिक्षुहो ! यसो हुनु यो असम्भव होइन भनी म भन्दिन । जुन कि त्यो ब्रह्मचर्यादिका उचित ब्रह्मचर्य शिक्षापदहरू हुन् ती शिक्षापदहरूमा धुवशील, स्थितशील अनि उसले शिक्षापदलाई सम्यकरूपले ग्रहण गर्छ । उसले आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयम्ले देख्ने गरी अभिज्ञात, साक्षात्कार तथा लाभी भई बस्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी



Downloaded from http://dhamma.digital

अन्तरा परिनिर्वाण हुन्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी 'उपहत्य' परिनिर्वाण हुन्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी असंस्कारिक परिनिर्वाण हुन्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी ससंस्कारिक परिनिर्वाण हुन्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए निम्नस्तरका पाँच संयोजन परीक्षिण गरी उर्ध्वश्रोत अकनिष्ठ गामी हुन्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए तीन संयोजन परीक्षिण गरी, राग, द्वेष र मोह सामान्य रहँदा सकृदागामी हुन्छ । यस लोकमा एक पटक जन्मी दुःख अन्त गर्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए तीन संयोजन परीक्षिण गरी 'एक बीज' हुन्छ, मनुष्यमा एक पटक मात्र जन्म लिई दुःख अन्त गर्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए तीन संयोजन परीक्षिण गरी 'कोलंकोल' दुई वा तीन पटक जन्म लिई दुःख अन्त गर्छ । सातौं जन्ममा परम देव वा मनुष्य जन्म लिई दुःख अन्त गर्छ । यदि त्यो पनि असम्भव वा प्राप्त नभए तीन संयोजन परीक्षिण गरी सात पटक जन्म लिन्छ । सात पटक देव वा मनुष्यमा जन्मी दुःख अन्त गर्छ ।

"भिक्षुहो ! यसरी नै केही नियम परिपूर्ण गर्नेले परिपूर्ण गर्छ अनि केही नियम पालन गर्नेले केही नियम पालन गर्छ । भिक्षुहो ! ती शिक्षापदलाई पालन गर्दा व्यर्थ हुने छैन भनी म भन्दछु ।"

## ९. पठमसिक्खत्तयसुत्तं

९०. भिक्षुहो ! यी तीन शिक्षा हुन् । ती तीन के के हुन् ? अतिउच्चतम शीलको शिक्षा, अतिउच्चतम चित्तको शिक्षा अनि अतिउच्चतम प्रज्ञाको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम शीलको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ... शिक्षापद समादान गर्न सिक्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– अतिउच्चतम शीलको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम चित्तको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु काम-विषयभोगरहित भई, अकुशल धर्म त्यागी सवितर्क सविचार एकान्तमय प्रीतिसुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ । वितर्क-विचार उमशमन गरी आन्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय द्वितीयध्यान लाभ गरी बस्छ । प्रीतिबाट विराग भई उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुखानुभूति गर्छ, जसको बारेमा आर्यहरू भन्ने गर्छन्– 'उपेक्षक, स्मृतिवान र सुखविहारी' तृतीयध्यान लाभ गरी बस्छ । सुखलाई



Downloaded from http://dhamma.digital

पनि त्यागी अनि दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदुःख-असुख उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभ गरी बस्छ । भिक्षुहो ! यसैलाई भनिन्छ–अतिउच्चतम चित्तको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम प्रज्ञाको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थ-सहित जान्दछ, 'यो दुःख निरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! यसैलाई भनिन्छ–अतिउच्चतम प्रज्ञाको शिक्षा । भिक्षुहो ! यी नै तीन शिक्षा हुन् ।"

## १०. दुतियसिक्खत्तयसुत्तं

९१. भिक्षुहो ! यी तीन शिक्षा हुन् । ती तीन के के हुन् ? अतिउच्चतम शीलको शिक्षा, अतिउच्चतम चित्तको शिक्षा अनि अतिउच्चतम प्रज्ञाको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम शीलको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ... शिक्षापद समादान गर्न सिक्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– अतिउच्चतम शीलको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम चित्तको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले काम-विषयभोगरहित भई, अकुशल धर्म त्यागी सवितर्क सविचार एकान्त-मय प्रीतिसुखयुक्त प्रथमध्यान लाभ गरी बस्छ । वितर्क-विचार उमशमन गरी आ-न्तरिक सम्प्रसादन चित्तमा एकाग्र गरी, अवितर्क र अविचार समाधिद्वारा प्राप्त प्रीति-सुखमय द्वितीयध्यान लाभ गरी बस्छ । प्रीतिबाट विराग भई उपेक्षक भई बस्छ, स्मृतिवान र होशवान भई कायद्वारा सुखानुभूति गर्छ, जसको बारेमा आर्यहरूले भन्ने गर्छन्–'उपेक्षक, स्मृतिवान र सुखविहारी' तृतीयध्यान लाभ गरी बस्छ । सुखलाई पनि त्यागी अनि दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य र दौर्मनस्य हटाई अदुःख-असुख उपेक्षास्मृतिद्वारा परिशुद्ध गरी चतुर्थध्यान लाभ गरी बस्छ । भिक्षुहो ! यसैलाई भनिन्छ–अतिउच्चतम चित्तको शिक्षा ।

"भिक्षुहो ! अतिउच्चतम प्रज्ञाको शिक्षा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले आश्रव क्षय गरी अनाश्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई स्वयम् हेरी, अभिज्ञात, साक्षात्कार तथा लाभ गरी बस्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– अतिउ-च्चतम प्रज्ञाको शिक्षा । भिक्षुहो ! यी नै तीन शिक्षा हुन् ।"



Downloaded from http://dhamma.digital

**"अधिसीलं अधिचित्तं, अधिपञ्ञञ्च वीरियवा ।**
**थामवा धितिमा झायी, सतो गुत्तिन्द्रियो चरे ॥**

**"यथा पुरे तथा पच्छा, यथा पच्छा तथा पुरे ।**
**यथा अधो तथा उद्धं, यथा उद्धं तथा अधो ॥**

**"यथा दिवा तथा रत्तिं, यथा रत्तिं तथा दिवा ।**
**अभिभुय्य दिसा सब्बा, अप्पमाणसमाधिना ॥**

**"तमाहु सेखं पटिपदं, अथो संसुद्धचारियं ।**
**तमाहु लोके सम्बुद्धं, धीरं पटिपदन्तगुं ॥**

**"विञ्ञाणस्स निरोधेन, तण्हाक्खयविमुत्तिनो ।**
**पज्जोतस्सेव निब्बाणं, विमोक्खो होति चेतसो" ति ॥**

"वीर्यवान्, सामर्थ्यवान्, धैर्यवान्, ध्यानवान्, स्मृतिवान् र गुप्तेन्द्रियले अधिशील, अधिचित्त र अधिप्रज्ञासम्बन्धी शिक्षानुसार आचरण गर ।

"जस्तो अघि त्यस्तै पछि, जस्तो पछि त्यस्तै अघि, जस्तो तल त्यस्तै माथि, जस्तो माथि त्यस्तै तल ।

"जस्तो दिवा त्यस्तै रात, जस्तो रात त्यस्तै दिवामा अपरिमित समाधि-द्वारा जसले सम्पूर्ण दिशा ढाकी राख्छ ।

"त्यसैलाई शैक्ष मार्ग भनिन्छ, अनि सम्यक शुद्धाचरण हुनेलाई धीर सम्बुद्ध र अन्तिम मार्गगामी भनिन्छ ।

"विज्ञान निरोध गरी, तृष्णा क्षय गरी, विमुक्त अनि प्रज्वलित दीप जस्तै निर्वाण तथा चित्त विमुक्त हुन्छ ।"

## ११. सङ्कवासुत्तं

९२. एक समय भगवान महाभिक्षुसंघसहित कोसलमा चारिका गर्नु हुँदै जहाँ सङ्कवा नाउँको शहर हो त्यहाँ पुग्नु भयो । भगवान सङ्कवामा बस्नुहुन्थ्यो । त्यसबेला कस्सपगोत्त भिक्षु सङ्कवामा आवासिय भिक्षु थिए । भगवानबाट त्यहाँ



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई शिक्षापदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित पार्दै हुनुहुन्थ्यो । त्यसबेला भगवानबाट त्यहाँ भिक्षुहरूलाई शिक्षापदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित पार्दै रहनुहुँदा यी कस्सपगोत्त भिक्षु अशान्त र असन्तुष्ट थिए । उसले सोच्दथ्यो– "यी श्रमणले कुरा मिठास पार्दै भनि-रहेको छ ।" भगवान त्यहाँ यथा रूचिअनुसार बस्नु भई जहाँ राजगह हो त्यहाँ चारिकाको निम्ति जानुभयो । क्रमानुसार चारिका गर्नु हुँदै जहाँ राजगह हो त्यहाँ पुग्नु भयो । भगवान त्यहाँ राजगहमा बस्नुहुन्थ्यो ।

त्यसबेला कस्सपगोत्त भिक्षुलाई भगवान जानुभएको केही क्षणपछि कौकृत्य वा पछुताउमा परी सोच्न थाल्यो– "मलाई अलाभ भयो, मलाई लाभ भएन; मलाई दुर्लाभ भयो, मलाई सुलाभ भएन । जब भगवानबाट भिक्षुहरूलाई शिक्षापद-युक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित गराउनु हुँदा मलाई अशान्त र असन्तोष भयो– "यी श्रमणले कुरा मिठास पार्दै भनिरहेको छ ।" किन म जहाँ भगवान हुनुहुन्छ त्यहाँ नजाऔं ! त्यहाँ भगवानको सम्मुखमा मैले गरेको अप-राधलाई अपराध गरें भनी स्वीकार्नेछु । अनि कस्सपगोत्त भिक्षुले ओढ्ने-ओछ्याउने पट्याई, पात्र-चीवर लिई राजगहस्थित गिज्झकूट पर्वतमा जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि कस्सपगोत्र भिक्षुले भगवानलाई यसो भने–

"एक समय, भन्ते ! भगवान सङ्कवामा बस्नुहुन्थ्यो । कोसलको सङ्कवा नाउँको शहरमा । भन्ते ! भगवानबाट त्यहाँ भिक्षुहरूलाई शिक्षापदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित पार्दै हुनुहुन्थ्यो । त्यसबेला भगवानबाट त्यहाँ भिक्षुहरूलाई शिक्षापदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित गराउनु हुँदा म अशान्त तथा असन्तुष्ट थिएँ । मैले सोचें कि– 'यी श्रमणले कुरालाई मिठास पार्दै भनिरहेको छ । अनि भगवान सङ्कवामा यथा रूचिअनुसार बस्नुभई जहाँ राजगह हो त्यहाँ जानुभयो । त्यससमय, भन्ते ! भगवान जानुभएको केही क्षणमै म कौकृत्य वा पछुतोमा परें । "मलाई अलाभ भयो, मलाई लाभ भएन; मलाई दुर्लाभ भयो, मलाई सुलाभ भएन । जब भगवानबाट भिक्षुहरूलाई शिक्षापद-युक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित गराउनु हुँदा म अशान्त र असन्तुष्ट भएँ । किन म जहाँ भगवान हुनुहुन्छ त्यहाँ नजाऔं ! त्यहाँ भगवानको सम्मुखमा मैले गरेको अपराधलाई अपराध भनी स्वीकार्नेछु । जस्तै कि, भन्ते ! मूर्ख, मूढ, अकुशलकारीले गरे झैं म दोषी भएँ । भगवानबाट त्यहाँ भिक्षुहरूलाई शिक्षा-पदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित गराउनु हुँदा म अ-शान्त र असन्तुष्ट थिएँ । मैले सोचें कि– 'यी श्रमणले कुरालाई मिठास पार्दै भनि-रहेको छ ।' त्यसैले, भन्ते ! भगवानले मेरो दोषलाई दोषको रूपमा स्वीकार्नुहोस् ।



Downloaded from http://dhamma.digital

अबदेखि म संयमित हुन्छु।"

"कस्सप ! निश्चय पनि तिमी मूर्ख, मूढ, अकुशलकर्ता झैं भई दोषी भयौ। जुन मेरो शिक्षापदयुक्त धार्मिक कथाद्वारा शिक्षित, प्रेरित, समुत्तेजित र हर्षित पार्दा तिमी अशान्त र असन्तुष्ट भयौ– 'यी श्रमणले कुरालाई मिठास पार्दै भनिरहे-को छ। कस्सप ! जुन कि तिमी दोषद्वारा दोषी भएको भनी देख्यौ र यथोचितरूपले स्वीकाऱ्यौ। तिम्रो त्यो भूललाई मैले स्वीकारें। कस्सप ! आर्य विनयानुसार यसबाट उन्नति नै हुन्छ। जसले आफ्नो दोषलाई दोषको रूपमा स्वीकार्छ अनि भविष्यमा अपराध गर्नबाट संयमित हुन्छ।

"कस्सप ! यदि कोही स्थविर भिक्षु शिक्षाकामी हुँदैन, शिक्षा ग्रहण गर्दा प्र-शंसा गर्दैन, अन्य कोही भिक्षु शिक्षाकामी नहुँदा शिक्षामा प्रेरित गर्दैन, अन्य कोही शिक्षाकामी हुँदा उचित समयमै प्रशंसा गर्दैन भने यस्तो स्थविर भिक्षुलाई कस्सप ! मबाट प्रशंसाका पात्र हुँदैन। त्यो के कारण ? शास्ता नै त्यस्ताको प्रशंसक हुनुहुन्छ भनी अरू भिक्षुले उसँग सङ्गत गर्नेछन्। जो ऊसँग सङ्गत गर्छ उसकै जस्तो व्यवहार उसले गर्छ। जसले त्यो व्यक्तिको जस्तो व्यवहार गर्छ उसको निम्ति दीर्घकालसम्म अहित र दुःख हुन्छ। कस्सप ! त्यसैले यस्ता भिक्षु मबाट प्रशंसाको पात्र हुँदैन।

"कस्सप ! मझौला भिक्षु पनि... नयाँ भिक्षु पनि कस्सप ! शिक्षाकामी हुँदैन, शिक्षा ग्रहण गर्दा प्रशंसा गर्दैन, अन्य कोही भिक्षु शिक्षाकामी नहुँदा शिक्षामा प्रेरित गर्दैन, अन्य कोही शिक्षाकामी हुँदा उचित समयमै प्रशंसा गर्दैन भने यस्तो स्थविर भिक्षुलाई कस्सप ! मबाट प्रशंसाका पात्र हुँदैन। त्यो के कारण ? शास्ता नै त्यस्ताको प्रशंसक हुनुहुन्छ भनी अरू भिक्षुले उसँग सङ्गत गर्नेछन्। जो ऊसँग सङ्गत गर्छ उसकै जस्तो व्यवहार गर्छ। जसले त्यो व्यक्तिको जस्तो व्यवहार गर्छ उसको निम्ति दीर्घकालसम्म अहित र दुःख हुन्छ। कस्सप ! त्यसैले यस्ता भिक्षु मबाट प्रशंसाको पात्र हुँदैन।

"कस्सप ! यदि कोही स्थविर भिक्षु शिक्षाकामी हुन्छ, शिक्षा ग्रहण गर्दा प्र-शंसा गर्छ, अन्य कोही भिक्षु शिक्षाकामी नहुँदा शिक्षामा प्रेरित गर्छ, अन्य कोही शिक्षाकामी हुँदा उचित समयमै प्रशंसा गर्छ भने यस्तो स्थविर भिक्षुलाई कस्सप ! मबाट प्रशंसाको पात्र हुन्छ। त्यो के कारण ? शास्ताद्वारा नै ऊ प्रशंसित हुन् भनी अरू भिक्षुलेसङ्गत गर्नेछन्। जो ऊसँग सङ्गत गर्छ उसकै जस्तो व्यवहार गर्छ। जसले त्यो व्यक्तिको जस्तो व्यवहार गर्छ उसकोनिम्ति दीर्घकालसम्म हित र सुख हुन्छ। कस्सप ! त्यसैले यस्तो भिक्षु मबाट प्रशंसित हुन्छ।



Downloaded from http://dhamma.digital

"कस्सप ! मझौला भिक्षु पनि... नयाँ भिक्षु पनि कस्सप ! शिक्षाकामी हुन्छ, शिक्षा ग्रहण गर्दा प्रशंसा गर्छ, अन्य कोही भिक्षु शिक्षाकामी नहुँदा शिक्षामा प्रेरित गर्छ, अन्य कोही शिक्षाकामी हुँदा उचित समयमै प्रशंसा गर्छ भने यस्तो स्थविर भिक्षुलाई कस्सप ! मबाट प्रशंसाको पात्र हुन्छ । त्यो के कारण ? शास्ताद्वारा नै ऊ प्रशंसित हुन् भनी अरू भिक्षुले उसँग सङ्गत गर्नेछन् । जो ऊसँग सङ्गत गर्छ उसकै जस्तो व्यवहार गर्छ । जसले त्यो व्यक्तिको जस्तो व्यवहार गर्छ उसको निम्ति दीर्घकालसम्म हित र सुख हुन्छ । कस्सप ! त्यसैले यस्ता भिक्षु मबाट प्रशंसाको पात्र हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१०) ५. लोणकपल्लवग्गो

### १. अच्चायिकसुत्तं

९३. "भिक्षुहो ! यी तीन कृषक गृहपतिको निम्ति अनिवार्य कर्तव्य हुन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ कृषकले चाँडचाँडै खेत खन्नु पर्छ । चाँडचाँडै खेत खनी माटो मलिन पारी चाँडचाँडै बीजारोपण गर्नु पर्छ । चाँडचाँडै बीजारोपण गरी चाँडचाँडै पानी लाउनु पर्छ अनि खोली दिनु पर्छ । भिक्षुहो ! यी तीन कृषक गृहपतिको निम्ति अनिवार्य कर्तव्य हुन् । भिक्षुहो ! यी कृषक गृहपतिसँग ऋद्धि वा आनुभाव हुँदैन कि 'आजै मैले धान उब्जाउँछु, भोलि दाना लाग्ने बनाउँछु र पर्सी पाक्ने गरी बनाउँछु । तै पनि त्यो समय हुनसक्छ जुन कि ती कृषक गृहपतिको धान पनि उब्जिन्छ, दाना पनि लाग्छ अनि पाक्छ पनि ।

"यस्तै गरी, भिक्षुहो ! भिक्षुको निम्ति तीन अनिवार्य कर्तव्य छन् । ती तीन के के हुन् ? अतिउच्चतम शीलको शिक्षा, अतिउच्चतम चित्तको शिक्षा अनि अतिउच्चतम प्रज्ञाको शिक्षा । भिक्षुहो ! भिक्षुको निम्ति यी नै तीन अनिवार्य कर्तव्य हुन् । हुन त, भिक्षुहो ! ती भिक्षुसँग त्यस्तो ऋद्धि वा आनुभाव हुँदैन कि– 'आजै उपादानरहित भई, चित्त आश्रवरहित होस् कि त भोलि अथवा पर्सी । हुन त त्यो समय आउँछ जब कि ती भिक्षुले अतिउच्चतम शीलको शिक्षा, अतिउच्चतम चित्तको शिक्षा अनि अतिउच्चतम प्रज्ञाको शिक्षा लिई उपादानरहित भई आश्रवविमुक्त चित्तको हुनेछ ।

"त्यसैले, भिक्षुहो ! यस्तो शिक्षा लिनुपर्छ– 'तीव्रताकासाथ अतिउच्चतम शीलसम्बन्धी शिक्षा लिन इच्छुक हुन्छु । तीव्रताकासाथ अतिउच्चतम चित्तसम्बन्धी शिक्षा लिन इच्छुक हुन्छु अनि तीव्रताकासाथ अतिउच्चतम प्रज्ञासम्बन्धी शिक्षा लिन इच्छुक हुन्छु । भिक्षुहो ! यस्तै नै शिक्षा लिनु पर्छ ।"

### २. पविवेकसुत्तं

९४. "भिक्षुहो ! अन्य तैर्थिकले यी तीन एकान्त विषय प्रज्ञापित गर्दछन् । ती तीन के के हुन् ? एकान्त-चीवर, एकान्त-पिण्डपात्र र एकान्त शयनासन ।

"भिक्षुहो ! अन्य तैर्थिक परिव्राजकले एकान्त-चीवरसम्बन्धी प्रज्ञापित गरेको हुँदा सनको लुगा लगाउँछन्, मसानको लुगा लगाउँछन्, शव-लुगा लगाउँछन्, धूलोमा प्याँकेको लुगा लगाउँछन्, रूखको बोक्रा लगाउँछन्, मृगछाला लगाउँछन्,



Downloaded from http://dhamma.digital

मृगछालाको पट्टि बनाई लगाउँछन्, कुशको लुगा लगाउँछन्, बाकल लगाउँछन्, फल्याक लगाउँछन्, केशकम्बल लगाउँछन् अनि पुच्छरको रौंबाट बनेको लगाउँछन् । भिक्षुहो ! यसरी नै अन्य तैर्थिक परिव्राजकले एकान्त-चीवरसम्बन्धी प्रज्ञ पित गर्दछन् ।

"भिक्षुहो ! अन्य तैर्थिक परिव्राजकले एकान्त पिण्डपातसम्बन्धी प्रज्ञापित गरेको हुँदा साग पनि खान्छ, श्यामक पनि खान्छ, निवार (धान) पनि खान्छ, दद्दुल (धान) पनि खान्छ, टुक्रिएको धान पनि खान्छ, कणिका पनि खान्छ, माड पनि खान्छ, पीना (पात वा फलफूलबाट रस निकालेर बचेको) पनि खान्छ, घाँस पनि खान्छ, गोबर पनि खान्छ अनि जंगलको रुखबाट खसेको फलफूल पनि खान्छ, भिक्षुहो ! यसरी नै अन्य तैर्थिक परिव्राजकले एकान्त-पिण्डपातसम्बन्धी प्रज्ञापित गर्दछन् ।

"भिक्षुहो ! अन्य तैर्थिक परिव्राजकले एकान्त शयनासनसम्बन्धी प्रज्ञापित गरेको हुँदा जंगलमा, वृक्षमूलमा, मशानमा, खुल्ला आकाशमा, परालमा अनि भूसागारमा बस्छन् । भिक्षुहो ! अन्य तैर्थिक परिव्राजकहरूले यी नै तीन एकान्त शयनासनसम्बन्धी प्रज्ञापित गर्दछन् ।

"भिक्षुहो ! यस धर्म-विनयमा यी तीन एकान्तमय छन् । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान हुन्छ, दुश्शीलविहिन हुन्छ वा त्यसबाट पृथक हुन्छ; सम्यकदृष्टि हुन्छ, मिथ्यादृष्टिविहिन वा त्यसबाट पृथक हुन्छ अनि क्षीणाश्रवी हुन्छ, आश्रवविहिन वा त्यसबाट पृथक हुन्छ । भिक्षुहो ! जब भिक्षु शीलवान हुन्छ, दुश्शीलविहिन वा त्यसबाट पृथक हुन्छ; सम्यकदृष्टि हुन्छ, मिथ्यादृष्टिविहिन वा त्यसबाट पृथक हुन्छ अनि क्षीणाश्रवी हुन्छ, आश्रवविहिन हुन्छ वा त्यसबाट पृथक हुन्छ । भिक्षुहो ! यसैलाई अग्रप्राप्ति, सारप्राप्ति तथा सारमा प्रतिष्ठित भनिन्छ ।

"जस्तै कि, भिक्षुहो ! कृषक गृहपतिको धान खेतमा धान पाके चाँडचाँडै नै काट्न लाउँछ । चाँडचाँडै काट्न लगाई, चाँडचाँडै जम्मा पार्न लाउँछ । चाँडचाँडै जम्मा गर्न लगाई चाँडचाँडै उठाउन लाउँछ । चाँडचाँडै उठाउन लगाई चाँडचाँडै थुपार्न लाउँछ । चाँडचाँडै थुपार्न लगाई चाँडचाँडै नै चुट्न लाउँछ । चाँडचाँडै चुट्न लगाई चाँडचाँडै पराल छुट्याउन लाउँछ । चाँडचाँडै पराल छुट्याउन लगाई चाँडचाँडै धुस्नु छुट्याउन लाउँछ । चाँडचाँडै धुस्नु छुट्याउन लगाई चाँडचाँडै चालनी चलाउन लाउँछ । चाँडचाँडै चालनी चलाउन लगाई चाँडचाँडै जम्मा गर्न लाउँछ । चाँडचाँडै जम्मा गर्न लगाई चाँडचाँडै धान कुट्न लाउँछ । चाँडचाँडै धान कुट्न लगाई चाँडचाँडै भूस छुट्याउन लाउँछ ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यसो गर्दा कृषक गृहपतिको धान अग्रप्राप्ति, सारप्राप्ति तथा सारमा प्रतिष्ठित हुन्छ ।

"भिक्षुहो ! यसरी नै जो भिक्षु शीलवान हुन्छ, दुश्शीलविहिन हुन्छ वा त्यसबाट पृथक हुन्छ; सम्यकदृष्टि हुन्छ, मिथ्यादृष्टिविहिन वा त्यसबाट पृथक हुन्छ अनि क्षीणाश्रवी हुन्छ, आश्रवविहिन वा त्यसबाट पृथक हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– अग्रप्राप्ति, सारप्राप्ति तथा सारमा प्रतिष्ठित ।"

## ३. सरदसुत्तं

९५. "जस्तै कि, भिक्षुहो ! शरदकालमा बादल नलाग्दा, आकाश निर्मल हुन्छ, त्यसबेला आकाशमा गइरहेको सूर्यले सारा आकाशको अन्धकार हटाई चहकिलो हुन्छ, तेजिलो हुन्छ तथा प्रकाशमय हुन्छ ।

यसरी नै, भिक्षुहो ! जब आर्यश्रावक रजरहित तथा क्लेशरहित धर्मचक्षु उत्पन्न हुन्छ, त्यो ज्ञानोदय हुँदा नै, भिक्षुहो ! आर्यश्रावकको सत्कायदृष्टि, शङ्का र शीलव्रतपरामर्श तीन संयोजनविहिन हुन्छ ।

"त्यसपछि लोभ र द्वेष यी धर्म रहेको हुन्छ । कामभोगरहित, अकुशल विचाररहित, वितर्कयुक्त, विचारयुक्त, विवेक (एकान्तमय) प्रीतिसुखमय प्रथमध्यान लाभी भई बस्छ । यदि त्यससमय उसको मरण भए त्यस्तो संयोजन ऊसँग रहँदैन जुन संयोजन हुँदा आर्यश्रावक पुनः यस लोकमा आउनु पर्नेछ ।"

## ४. परिसासुत्तं

९६. "भिक्षुहो ! यी तीन परिषद हुन् । ती तीन के के हुन् ? अग्र-परिषद, व्यग्र-परिषद र समग्गी-परिषद ।

"भिक्षुहो ! कस्तालाई अग्र-परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षु जुन परिषदमा स्थविर भिक्षु धेरै परिग्रही हुँदैन, शिथिल हुँदैन, पतनोन्मुख हुँदैन, शान्तिभावमा पूर्वगामी हुन्छ, अप्राप्ति प्राप्त गर्न प्रयत्नशील हुन्छ, अनधिगत अधिगत गर्न प्रयत्नशील हुन्छ, असात्क्षातकृत भए साक्षात्कार गर्न प्रयत्नशील हुन्छ । उसको पछि-पछि लाग्ने अनुयायी उसकै अनुकरण गर्ने हुन्छ । ऊ पनि धेरै परिग्रही हुँदैन, शिथिल हुँदैन, पतनोन्मुख हुँदैन, शान्तिभावमा पूर्वगामी हुन्छ, अप्राप्ति प्राप्त गर्न प्रयत्नशील



Downloaded from http://dhamma.digital

हुन्छ, अनधिगत अधिगत गर्न प्रयत्नशील हुन्छ, साक्षात्कार नभएको साक्षात्कार गर्न प्रयत्नशील हुन्छ। भिक्षुहो ! यस्तैलाई अग्र परिषद भनिन्छ।

"भिक्षुहो ! कस्तालाई व्यग्र-परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ जुन परिषदमा भिक्षुहरू झगडालु, कचेडा गर्ने, विवाद गर्ने र एकले अर्कालाई मुख-शस्त्रद्वारा बिझाउँदै हिँड्छ। भिक्षुहो ! यस्तैलाई व्यग्र परिषद भनिन्छ।

"भिक्षुहो ! कस्तालाई समग्गी-परिषद भनिन्छ ? भिक्षुहो ! यहाँ भिक्षुहरू जुन परिषदमा समग्गी, प्रसन्नभाव, विवादरहित, दूधपानी जस्तै एक आपसमा प्रिय आँखाद्वारा हेर्दै विहर्दछन्। भिक्षुहो ! यस्तैलाई समग्गी-परिषद भनिन्छ।

"जुन समय, भिक्षुहो ! भिक्षुहरू समग्गी, प्रसन्नभाव, विवादरहित, दूधपानी जस्तै एक आपसमा प्रियआँखाले हेर्दै विहर्दछन्, त्यसबेला भिक्षुहरूले धेरै नै पुण्यार्जन गर्नेछन्। भिक्षुहो ! भिक्षुहरू त्यसबेला ब्रह्मविहारी भई बसेका हुन्छन्। जब कि मुदिता चित्त विमुक्तिसहित ब्रह्मविहारी भई बसेका हुन्छन्। प्रमुदित चित्त हुँदा प्रीति उत्पन्न हुन्छ, प्रीतिचित्त हुँदा शरीर शान्त हुन्छ। शरीर शान्त हुँदा सुखानुभूति हुन्छ अनि सुखचित्त हुँदा समाधि एकाग्र हुन्छ।

"जस्तै कि, भिक्षुहो ! पहाड माथि ठूलो पानी पर्दा त्यो पानी तलतिर बग्दै, पर्वत-कन्दरा, खाल्डो आदि ठाउँ परिपूर्ण गर्छ। पर्वत-कन्दरा र खाल्डो परिपूर्ण गर्दै ठूलो खाल्डो परिपूर्ण गर्छ। ठूलो खाल्डो परिपूर्ण गर्दै ससाना नदी परिपूर्ण गर्छ। ससाना नदी परिपूर्ण गर्दै ठूल्ठुला नदी परिपूर्ण गर्छ। ठूल्ठुला नदी परिपूर्ण गर्दै समुद्र-महासमुद्र परिपूर्ण गर्छ।

"यस्तरी नै, भिक्षुहो ! जब भिक्षुहरू समग्गी, प्रसन्नभाव, विवादरहित, दूधपानी जस्तै एक आपसमा प्रियआँखाले हेर्नेछन्। भिक्षुहो ! तब भिक्षुहरूले धेरै नै पुण्यार्जन गर्नेछन्। भिक्षुहो ! भिक्षुहरू त्यसबेला ब्रह्मविहारी भई बसेका हुन्छन्। जब कि मुदिताचित्त विमुक्तिसहित ब्रह्मविहारी भई बस्छ। प्रमुदितचित्त हुँदा प्रीति उत्पन्न हुन्छ, प्रीतिचित्त हुँदा शरीर शान्त हुन्छ। शरीर शान्त हुँदा सुखानुभूति हुन्छ अनि सुखचित्त हुँदा समाधि एकाग्र हुन्छ। भिक्षुहो ! यी नै तीन परिषद हुन्।"

## ५. पठमआजानीयसुत्तं

९७. "भिक्षुहो ! तीन अङ्गसम्पन्न आजानीय (उत्तम जातका) घोडा राजाको निम्ति आरोहण गर्न योग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ। ती तीन के के



Downloaded from http://dhamma.digital

हुन् ? भिक्षुहो ! यहाँ राजाको आजानीय घोडा वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी तीन अङ्गसम्पन्न आजानीय घोडा राजाको निम्ति आरोहण योग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ । यसरी नै, भिक्षुहो ! तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्नयोग्य, अतिथिसत्कार गर्नयोग्य, दान दिनयोग्य, नमस्कार गर्नयोग्य र लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र हुन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु वर्णसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान, प्रातिमोक्ष नियमानुसार संयमित हुन्छ, आचार-गोचरसम्पन्न हुन्छ, सानै दोषमा पनि भयदर्शी तथा सम्यकरूपले शिक्षापद ग्रहण गर्ने हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु वर्णसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु बलसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अकुशल धर्मविहिन गर्न सक्ने, कुशल धर्म उत्पन्न गर्न सक्ने तथा प्रयत्नशील हुन्छ । कुशल धर्मप्रति सामर्थ्यवान, दृढ पराक्रमी र काँध नझुकाउने हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु बलसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु वेगसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःखसमुदय हो' भनी यथार्थसहित जान्दछ, 'यो दुःखनिरोध हो' भनी यथार्थसहित जान्दछ अनि 'यो दुःखनिरोध हुने मार्ग हो' भनी यथार्थसहित जान्दछ । भिक्षुहो ! यसरी नै भिक्षु वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्नयोग्य, अतिथिसत्कार गर्नयोग्य, दान दिनयोग्य, नमस्कार गर्नयोग्य र लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र हुन्छ ।"

## ६. दुतियआजानीयसुत्तं

९८ ."भिक्षुहो ! तीन अङ्गसम्पन्न आजानीय घोडा राजाको निम्ति आरोहण योग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ राजाको आजानीय घोडा वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी तीन अङ्गसम्पन्न आजानीय घोडा राजाको निम्ति आरोहणयोग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ । यसरी नै, भिक्षुहो ! तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्नयोग्य... लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र हुन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ ।

भिक्षुहो ! भिक्षु वर्णसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान...



Downloaded from http://dhamma.digital

सम्यकरूले शिक्षापद ग्रहण गर्छ । भिक्षुहो ! यसरी नै भिक्षु वर्णसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु बलसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अकुशल धर्मविहिन गर्न सक्ने, कुशल धर्म उत्पन्न गर्न सक्ने र प्रयत्नशील हुन्छ । कुशल धर्मप्रति सामर्थ्यवान, दृढ पराक्रमी र काँध नझुकाउने हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु बलसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु वेगसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पाँच ओरम्भागिय (उँधो लाग्ने) संयोजन क्षय गरी औपपातिक (उँभो लाग्ने) हुन्छ, त्यहीँबाटै परिनिर्वाण हुन्छ तथा त्यहाँबाट पुनः नफर्किने हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्न योग्य ... लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र हुन्छ ।"

## ७. ततियआजानीयसुत्तं

९९. "भिक्षुहो ! तीन अङ्गसम्पन्न आजानीय घोडा राजाको निम्ति आरोहण योग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ राजाको आजानीय घोडा वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी तीन अङ्गसम्पन्न आजानीय घोडा राजाको निम्ति आरोहणयोग्य, राजभोग्य र राजाको अङ्गमा गनिन्छ । यसरी नै, भिक्षुहो ! तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्नयोग्य, अतिथिसत्कार गर्नयोग्य, दान दिनयोग्य, नमस्कार गर्नयोग्य र लोकका निम्ति अतिउत्तम पुण्यक्षेत्र हुन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु वर्णसम्पन्न, बलसम्पन्न र वेगसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु वर्णसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु शीलवान, प्रातिमोक्षको नियमानुसार संयमित हुन्छ, आचर-गोचरद्वारा सम्पन्न हुन्छ, र नै दोषमा पनि भयदर्शी तथा सम्यकरूपले शिक्षापद ग्रहण गर्छ । भिक्षुहो ! यसरी नै भिक्षु वर्णसम्पन्न हुन्छ ।

"भिक्षुहो ! भिक्षु बलसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु अकुशल धर्मविहिन गर्न सक्ने, कुशलधर्म उत्पन्न गर्न सक्ने र प्रयत्नशील हुन्छ । कुशल धर्मप्रति सामर्थ्यवान, दृढ पराक्रमी र काँध नझुकाउने हुन्छ । भिक्षुहो ! यसरी नै भिक्षु बलसम्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भिक्षु वेगसम्पन्न कसरी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु आश्रव क्षय गरी अनाश्रवी हुन्छ, चित्तविमुक्त र प्रज्ञाविमुक्त भई यसै शरीरमा स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गरी बस्छ । भिक्षुहो ! यसरी नै भिक्षु वेगसम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न भिक्षु आव्हान गर्नयोग्य... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्छ ।"

## ८. पोत्थकसुत्तं

१००. भिक्षुहो ! रूखको बोक्राबाट बनेको नयाँ वस्त्र दुर्वर्ण, खस्रो र सस्तो हुन्छ । भिक्षुहो ! मध्यम (केही समय चलाएको) रूखको बोक्राबाट बनेको नयाँ वस्त्र दुर्वर्ण, खस्रो र सस्तो हुन्छ । भिक्षुहो ! जीर्ण रूखको बोक्राबाट बनेको वस्त्र भाँडा पुछ्ने कामको निम्ति लिन्छ वा मैल थुप्रिएको ठाउँमा फ्याँकी दिन्छ ।

"यसरी नै, भिक्षुहो ! नयाँ भिक्षु दुश्शील र पापी हुन्छ भने यस्तालाई दुर्वर्ण भन्छु । जस्तै कि, भिक्षुहो ! त्यो रूखको बोक्राबाट बनेको नयाँ वस्त्र दुर्वर्ण हुन्छ त्यस्तै नै, भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु । जो कोही ऊसँग लाग्दा, सङ्गत गर्दा, आश्रयमा रहँदा र अनुकरण गर्दा उसको निम्ति दीर्घकालसम्म अहित र दुःख हुन्छ । यसैलाई दुःखस्पर्श भन्छु । जस्तै कि, भिक्षुहो ! त्यो रूखको बोक्राद्वारा बनेको वस्त्र खस्रो हुन्छ । त्यस्तै नै भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु । दाताले जेजति चीवर, पिण्डपात, शयनासन, औषधीसहित सामग्री दान दिंदा लिन्छ भने यसबाट दातालाई महाफल तथा महानिसंस हुँदैन । यसैलाई कम मूल्यको भन्छु । जस्तै कि, भिक्षुहो ! रूखको बोक्राबाट बनेको वस्त्र कम मूल्यको हुन्छ । त्यस्तै नै भिक्षुहो ! ती व्यक्ति, हुन् भन्छु ।

"भिक्षुहो ! मध्यम भिक्षु दुश्शील... भिक्षुहो ! स्थविर भिक्षु दुश्शील र पापी हुन्छ भने यसैलाई दुर्वर्ण भन्छु । जस्तै कि, भिक्षुहो ! रूखको बोक्राबाट बनेको वस्त्र दुर्वर्ण हुन्छ । त्यसरी नै भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु । जो कोही ऊसँग लाग्दा, सङ्गत गर्दा, आश्रयमा रहँदा र अनुकरण गर्दा उसको निम्ति दीर्घकालसम्म अहित र दुःख हुन्छ । यसैलाई दुःखस्पर्श भन्छु । जस्तै कि, भिक्षुहो ! त्यो रूखको बोक्राबाट बनेको वस्त्र खस्रो हुन्छ । त्यस्तै नै भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु । दाताले जेजति चीवर, पिण्डपात, शयनासन, औषधी र सामग्री दान दिंदा लिन्छ भने यसद्वारा दातालाई महाफल तथा महानिसंस हुँदैन । यसैलाई कम मूल्यको भन्छु । जस्तै कि, भिक्षुहो ! रूखको बोक्राबाट बनेको वस्त्र कम मूल्यको हुन्छ । त्यस्तै नै भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि यसप्रकारका स्थविर भिक्षु संघको बीचमा कुरा गर्दा त्यहाँ-का भिक्षुहरूले उसलाई यसो भन्छ– 'तिमी जस्ता मूर्ख तथा अपण्डितले भनेर के नै हुन्छ तथा तिमीले भन्न योग्य के नै छ भनी ठान्छौ !' ऊ कुपित तथा असन्तुष्ट हुनुपर्ने खालको वचन प्रयोग गर्छ। जुन वचन प्रयोग गर्दा संघले उसलाई फ्याँकि दिन्छ। जस्तै कि, भिक्षुहो ! रूखबाट बनेको वस्त्र मैल थुप्रिएको ठाउँमा फ्याँकि दिन्छ।

"भिक्षुहो ! कासिको नयाँ वस्त्र सुन्दर हुन्छ, मुलायम हुन्छ अनि बहुमूल्य हुन्छ। मध्यम (केही समय चलाएको) कासिको वस्त्र सुन्दर, मुलायम अनि बहुमूल्य हुन्छ। जीर्ण वस्त्र पनि सुन्दर, मुलायम अनि बहुमूल्य हुन्छ। कासिका जीर्ण वस्त्र पनि रत्न पोको पार्न वा सुगन्धित पेटीमा राख्नेगर्छ। यस्तै नै, भिक्षुहो ! नयाँ भिक्षु शीलवान तथा कल्याणधर्मी हुन्छ भने उसको त्यो सौन्दर्य हो भन्छु। जस्तै कि, भिक्षुहो ! कासिको वस्त्र सुन्दर हुन्छ, त्यस्तै नै भिक्षुहो ! मैले ती व्यक्ति हुन् भन्छु। जो कोही ऊसँग लाग्दा, सङ्गत गर्दा, आश्रयमा रहँदा र अनुकरण गर्दा उसको निम्ति दीर्घकालसम्म हित र सुख हुन्छ। यसैलाई सुखस्पर्शी भन्छु। जस्तै कि, भिक्षुहो ! कासिको त्यो वस्त्र मुलायम हुन्छ। त्यस्तै नै भिक्षुहो ! मैले ती व्यक्ति हुन् भन्छु।। दाताले जेजति चीवर, पिण्डपात, शयनासन, औषधी र सामग्री दान दिंदा लिन्छ भने यसद्वारा दातालाई महाफल तथा महानिसंस हुन्छ। यसैलाई बहुमूल्य भन्छु। जस्तै कि, भिक्षुहो ! कासिको वस्त्र बहुमूल्य हुन्छ। त्यस्तै नै भिक्षुहो ! ती व्यक्ति हुन् भन्छु। भिक्षुहो ! मध्यम भिक्षु पनि... स्थविर भिक्षु पनि... व्यक्ति हुन् भन्छु।

"भिक्षुहो ! यदि यसप्रकारका स्थविर भिक्षुसंघको बीचमा कुरा गर्दा त्यहाँका भिक्षुहरूले उसको पक्ष लिई यसो भन्छ– 'आयुष्मानहो ! तिमीहरू चूप लाग स्थविर-ले धर्म-विनयका कुरा भन्नुहुँदैछ।' त्यसैले यस्तो शिक्षा लिनु पर्छ– 'कासिको वस्त्र जस्तै हुन्छु, रूखको बोक्राबाट बनेको वस्त्र जस्तो हुँदिन। भिक्षुहो यसरी नै शिक्षा लिनुपर्छ।"

## ९. लोणकपल्लसुत्तं

१०१. "भिक्षुहो ! जसले यसो भन्छ– 'जो व्यक्तिले जस्तो-जस्तो कर्म गर्छ, त्यस्तै-त्यस्तै नै भोग्नेछ।' भिक्षुहो ! यसो हुँदा उत्तम जीवन व्यतीत (ब्रह्मचर्यवास) गर्न नपर्ने हुन्छ अनि सम्यकरूपले दुःख अन्त्य गर्ने अवसर प्राप्त हुने थाहा हुँदैन। भिक्षुहो ! जसले यसो भन्छ– 'जो व्यक्तिले जुन-जुन भोग्नु पर्ने कर्म गर्छ त्यही अनुसारै विपाक भोग्नेछ।' भिक्षुहो ! यसो हुँदा मात्र ब्रह्मचर्यवास अनि सम्यकरूपले



Downloaded from http://dhamma.digital

दुःख अन्त्य हुने थाहा हुन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्तिले सानो पाप कर्म गर्छ भने नर्कमा लगिन्छ । भिक्षुहो ! तर यहाँ कोही व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि (पछिको लागि) बाँकि रहँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिले सानो पाप कर्म गर्दा नरकमा लगिन्छ ? भिक्षुहो ! यहाँ जो व्यक्ति शरीरमा अनभ्यस्त, शीलमा अनभ्यस्त, चित्तमा अनभ्यस्त र प्रज्ञामा अनभ्यस्त हुन्छ । सामान्य, थोरै गुण तथा दुःख भोगी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिले सानै पाप कर्म गर्दा पनि उसलाई नरकमा लगिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ? भिक्षुहो ! यहाँ जो व्यक्ति शरीरमा अभ्यस्त, शीलमा अभ्यस्त, चित्तमा अभ्यस्त र प्रज्ञामा अभ्यस्त हुन्छ । ऊ असामान्य, महत तथा अपरिमित भई बस्छ । भिक्षुहो ! यस्ता व्यक्तिले त्यस्तै नै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ।

"जस्तै कि, भिक्षुहो ! कोही व्यक्तिले नूनको एक टुक्रा थोरै पानी भएको कटौरामा राख्दा के त, भिक्षुहो ! थोरै पानीमा नुनको टुक्रा राखिदिंदा त्यो पानी अपेय तथा नुनिलो हुन्छ ?" "हुन्छ, भन्ते !" त्यो के कारण ? "भन्ते ! पानीको कटौरामा थोरै मात्र पानी हुनाले त्यो नूनको टुक्रा राखिदिंदा अपेय हुन्छ ।" "जस्तै कि, भिक्षुहो ! कोही व्यक्तिले नुनको एक टुक्रा गङ्गा नदीमा फाल्दा के त, भिक्षुहो ! गङ्गा नदीको पानी नूनको टुक्राले अपेय हुन्छ ?" "हुँदैन, भन्ते ! "त्यो के कारण ? "भन्ते ! गङ्गा नदीमा धेरै नै पानी हुनाले नुनको टुक्राले पानी अपेय हुँदैन ।"

"यसरी नै, भिक्षुहो ! कोही व्यक्तिले सानो मात्र पाप कर्म गर्दा नरकमा लगिन्छ । यहाँ कोही व्यक्तिद्वारा त्यस्तै सानो पाप कर्म गर्दा यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकी रहँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिले सानो पाप कर्म गर्दा नरकमा लगिन्छ ? भिक्षुहो ! यहाँ जो व्यक्ति शरीरमा अनभ्यस्त, शीलमा अनभ्यस्त, चित्तमा अनभ्यस्त र प्रज्ञामा अनभ्यस्त हुन्छ । सामान्य, थोरै गुण तथा दुःख भोगी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिले सानै पाप कर्म गर्दा पनि उसलाई नरकमा लगिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं



Downloaded from http://dhamma.digital

यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ? भिक्षुहो ! यहाँ जो व्यक्ति शरीरमा अभ्यस्त, शीलमा अभ्यस्त, चित्तमा अभ्यस्त र प्रज्ञामा अभ्यस्त हुन्छ । ऊ असामन्य, महत तथा अपरिमित भई बस्छ । भिक्षुहो ! यस्ता व्यक्तिले त्यस्तै नै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ।

"भिक्षुहो ! यहाँ कसैलाई आधा कार्षापणले (चोर्दा वा ऋण नतिर्दा) बाँधिन्छ, एक कार्षापणले बाँधिन्छ र सय कार्षापणले पनि बाँधिन्छ । "भिक्षुहो ! यहाँ कसैलाई आधा कार्षापणले बाँधिंदैन, एक कार्षापणले बाँधिंदैन र सय कार्षापणले पनि बाँधिंदैन ।

"भिक्षुहो ! कस्ता व्यक्ति आधा कार्षापणले बाँधिन्छ, एक कार्षापणले बाँधिन्छ र सय कार्षापणल पनि बाँधिन्छ ? भिक्षुहो ! यहाँ कोही एक दरिद्र, कम सामर्थ्यवान र कम भोगवान हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति आधा कार्षापणले बाँधिन्छ, एक कार्षापणले बाँधिन्छ र सय कार्षापणले पनि बाँधिन्छ ।"

"भिक्षुहो ! कस्ता व्यक्ति आधा कार्षापणले बाँधिंदैन, एक कार्षापणले बाँधिंदैन र सय कार्षापणले पनि बाँधिंदैन ? भिक्षुहो ! यहाँ कोही एक धनी, महाधनी र महाभोगवान हुन्छ । भिक्षुहो ! यस्ता व्यक्ति आधा कार्षापणले बाँधिंदैन, एक कार्षापणले बाँधिंदैन र सय कार्षापणले पनि बाँधिंदैन । यसरी नै, भिक्षुहो ! यहाँ कोही व्यक्तिले सानै पाप कर्म गर्दा नरकमा लगिन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकी रहँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिद्वारा सानो पाप कर्म गर्दा नरकमा लगिन्छ ? भिक्षुहो ! यहाँ कोही एक व्यक्ति शरीरमा अनभ्यस्त, शीलमा अनभ्यस्त, चित्तमा अनभ्यस्त र प्रज्ञामा अनभ्यस्त हुन्छ । सामान्य, अल्पगुण तथा दुःख भोगी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिले सानै पाप कर्म गर्दा पनि उसलाई नरकमा लगिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ? भिक्षुहो ! यहाँ कोही एक व्यक्ति शरीरमा अभ्यस्त, शीलमा अभ्यस्त, चित्तमा अभ्यस्त र प्रज्ञामा अभ्यस्त हुन्छ । ऊ असामन्य, महत तथा अपरिमित भई बस्छ । भिक्षुहो ! यस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यहाँ कोही एक व्यक्ति शरीरमा अभ्यस्त, शीलमा अभ्यस्त, चित्तमा अभ्यस्त र प्रज्ञामा अभ्यस्त हुन्छ, असामन्य, महत तथा अपरिमित भई बस्छ । भिक्षुहो ! यस्ताव्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन । जस्तै कि, भिक्षुहो ! पशुमालिक अथवा कसाई हुन्छ । चोरेर लाने जो कोहीलाई उसले पिट्न सक्छ, बाँध्न सक्छ, मार्न सक्छ अथवा अपराधानुसार दण्ड पनि दिन सक्छ । यदि चोर्ने कसाई नै भए उसलाई न त अरूले पिट्न सक्छ, न त बाँध्न सक्छ, न त मार्न सक्छ अनि न त यथा अपराधानुसार दण्ड दिन सक्छ ।

"भिक्षुहो ! पशुमालिक वा कसाईले नदिइकन भेडा लाँदा पिट्छ वा बाँध्छ वा मार्छ वा यथा-दण्ड कस्तालाई दिन्छ ? भिक्षुहो ! यहाँ कोही एक दरिद्र हुन्छ, अल्प-ऐश्वर्य र अल्प-भोगवान हुन्छ । पशुमालिक वा कसाईले भेडा नदिइकन लाँदा यस्तालाई पिट्छ वा बाँध्छ वा मार्छ वा यथा-दण्ड दिनेछ ।

"भिक्षुहो ! पशुमालिक वा कसाईले नै नदिइकन भेडा लाँदा पिट्दैन वा बाँधिनु पर्दैन वा मार्दैन वा यथा-दण्ड कस्तालाई दिँदैन ? भिक्षुहो ! यहाँ कोही एक धनी हुन्छ, महाऐश्वर्य र महाभोगवान हुन्छ । पशुमालिक वा कसाईले भेडा नदिइकन लाँदा यस्तालाई पिट्दैन वा बाँधिनु पर्दैन वा मार्दैन वा यथा अपराधानुसार दण्ड दिँदैन । उसले उल्टै हात जोडी याचना गर्छ– 'मालिक ! या त मेरो भेडा दिनुस्, या त भेडाको मोल दिनुस् । यसरी नै, भिक्षुहो ! यहाँ कोही व्यक्तिले सानै पाप कर्म गर्दा उसलाई नरकमा लगिन्छ । भिक्षुहो ! यहाँ कोही व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकी रहँदैन ।

"भिक्षुहो ! कस्ता व्यक्तिले सानो पाप कर्म गर्दा उसलाई नरकमा लगिन्छ ? भिक्षुहो ! यहाँ कोही एक व्यक्ति शरीरमा अनभ्यस्त, शीलमा अनभ्यस्त, चित्तमा अनभ्यस्त र प्रज्ञामा अनभ्यस्त हुन्छ । सामान्य, अल्पगुण तथा दुःख भोगी हुन्छ । भिक्षुहो ! यस्ता व्यक्तिले सानै पाप कर्म गर्दा पनि उसलाई नरकमा लगिन्छ ।

"भिक्षुहो ! कस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ? भिक्षुहो ! यहाँ कोही एक व्यक्ति शरीरमा अभ्यस्त, शीलमा अभ्यस्त, चित्तमा अभ्यस्त र प्रज्ञामा अभ्यस्त हुन्छ । ऊ असामन्य, महत तथा अपरिमित भई बस्छ । भिक्षुहो ! यस्ता व्यक्तिले त्यस्तै सानो पाप कर्म गर्दा त्यसको फल यहीं यसै जीवनमा भोग्छ । धेरै त के, थोरै पनि बाँकि रहँदैन ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! जसले यसो भन्छ– 'व्यक्तिद्वारा जस्तो-जस्तो कर्म गर्छ, त्यस्तै-त्यस्तै नै भोग्छ ।' भिक्षुहो ! यसो हुँदा उत्तम जीवन व्यतीत गर्न नपर्ने अनि सम्यक-रूपले दु:ख अन्त्य गर्ने अवसर प्राप्त हुने थाहा हुँदैन । भिक्षुहो ! जसले यसो भन्छ– 'व्यक्तिले जुन-जुन भोग्नु पर्ने कर्म गर्छ त्यही-त्यही अनुसारै विपाक भोग्छ ।' भिक्षुहो ! यसो हुँदा मात्र ब्रह्मचर्यवास हुन्छ अनि सम्यकरूपले दु:ख अन्त्य हुने थाहा हुन्छ ।"

## १०. पंसुधोवकसुत्तं

१०२. "भिक्षुहो ! सुनमा धेरै धूलो वा बालुवा लाग्दा अपरिष्कृत हुन्छ । त्यो परिष्कृत गर्न स्वर्णकार वा उसको कामदारले भाँडामा राखी धुन्छ, बारम्बार धुन्छ तथा सफा गर्छ । त्यो मैल सफा गर्दा, हटाउँदा सुनमा मध्यम खाले, सूक्ष्म खाले र स्थूल बालुवा रहँदा अपरिष्कृत हुन्छ । त्यसलाई परिष्कृत गर्न स्वर्णकार वा उसको कामदारले भाँडामा राखी धुन्छ, बारम्बार धुन्छ तथा सफा गर्छ । त्यो मैल विहिन पार्दा वा हटाउँदा सुनमा सूक्ष्म धूलो वा सूक्ष्म बालुवा रहँदा अपरिष्कृत तथा कालो दाग हटेको हुँदैन । त्यसलाई परिष्कृत गर्न स्वर्णकार वा उसको कामदारले भाँडामा राखी धुन्छ, बारम्बार धुन्छ तथा सफा गर्छ । त्यसमा रहेको मैल विहिन गर्दा तथा हटाएपछि सुनमा कण अवशेष रहिरहन्छ । त्यसलाई पनि स्वर्णकारले वा कामदारले सुन गलाउने भाँडोमा राखी तताउँछ, बारम्बार तताउँछ तथा बारम्बार राम्रोसँग तताउँछ । सुन तताउँदा, बारम्बार तताउँदा तथा राम्रोसँग तताउँदा पनि त्यसमा रहेको कालो दाग हटेको हुँदैन । न त मृदु हुन्छ, न त कर्मनीय हुन्छ, न त प्रभास्वर हुन्छ, न त त्यो कामको लागि ठीकसँग उपयोग गर्न सकिन्छ अर्थात त्यो टुक्रिने हुन्छ । भिक्षुहो ! त्यो मौका आउन सक्छ स्वर्णकार वा कामदारले सुनलाई तताउँछ, बारम्बार तताउँछ तथा राम्रोसँग बारम्बार तताउँछ । त्यो सुनलाई तताउँदा, बारम्बार तताउँदा तथा राम्रोसँग तताउँदा मृदु हुन्छ, कर्मनीय हुन्छ, प्रभास्वर हुन्छ, नटुक्रिने हुन्छ तथा कामको लागि ठीकसँग उपयोग गर्न सकिने हुन्छ । त्यो शुद्ध सुनलाई जुन-जुन प्रकारको गहना बनाउन चाहन्छ– चाहे पट्टि, चाहे कुण्डल, चाहे हारमाला अनि चाहे गहनाको माला बनाई उपयोग गर्न सकिन्छ ।

"यसरी नै, भिक्षुहो ! समथ-विपश्यनामा लागेका भिक्षुसँग शारीरिक दुश्चरित्र, वाचसिक दुश्चरित्र र मानसिक दुश्चरित्रका उपक्लेश धेरै हुन्छ । चेतनशील पण्डित भिक्षुले त्यसलाई त्याग्छ, हटाउँछ, विनष्ट गर्छ तथा पुनः उत्पन्न नहुने गर्छ । त्यो धूलो त्याग्दा वा विनष्ट गर्दा समथ-विपश्यनामा लागेका भिक्षुसँग मझौला क्लेश कामवितर्क, व्यापादवितर्क र विहिंसावितर्क रहिरहन्छ । त्यसलाई पनि चेतनशील पण्डित भिक्षुले त्यसलाई त्याग्छ, हटाउँछ, विनष्ट गर्छ तथा पुनः उत्पन्न



Downloaded from http://dhamma.digital

हुने गर्दैन । त्यो त्याग्दा वा हटाउँदा समथ-विपश्यनामा लागेका भिक्षुले सूक्ष्म क्लेशमय आफन्तको वितर्क, जनपद वितर्क र अनवज्ञा सम्बन्धी वितर्क रहिरहेको हुन्छ । त्यसलाई पनि चेतनशील पण्डित भिक्षुले त्याग्छ, हटाउँछ, विनष्ट गर्छ तथा पुनः उत्पन्न हुने गर्दैन । त्यो त्याग्दा वा हटाउँदा धर्म वितर्क अवशेष रहिरहन्छ । उसको त्यो समाधि न त शान्त हुन्छ, न त प्रणीत हुन्छ, न त शान्ति प्राप्तिको निम्ति हुन्छ, न त एकाग्र भावनाको निम्ति हुन्छ अनि न त ससंस्कार विच्छिन्न हुन्छ । भिक्षुहो ! त्यस्तो समय आउँछ जब उसको चित्त आफूमा नै स्थीर हुन्छ, आफ्नै नजिक बसेको हुन्छ, एकाग्र हुन्छ र समाधिस्थ हुन्छ । त्यो समाधि शान्त, प्रणीत, शारीरिक शान्ति निम्ति हुन्छ, एकाग्र भावना लाभी र ससंस्कार विच्छिन्न हुन्छ । अभिज्ञाद्वारा जुन-जुन साक्षात्कार गर्न धर्ममा चित्त लगाउँछ, अभिज्ञाद्वारा साक्षात्कार गरी, त्यस-त्यसलाई पुनःपुनः: परीक्षण गरी, सावधानीसँग, होशपूर्वक मनको चाहनानुसार प्राप्त गर्नेछन् ।

"भिक्षुहो ! यदि उसमा यस्तो चाहना हुन्छ– 'मैले अनेकौं प्रकारका ऋद्धि अनुभव गर्ने हुन्छु– एक भई अनेक हुन्छु, अनेक भई एक हुन्छु; प्रकट हुन्छु, अन्तर्धान हुन्छु; पर्खाल, अट्टालिका र पर्वत नछोइकनै पार गर्छु, जस्तो कि आकाशमा; पृथ्वीमा पनि डुबुल्की लगाई माथि आउँछु, जस्तो कि पानीमा; पानीमा पनि नभिज्ने गरी जान्छु, जस्तो कि पृथ्वीमा; आकाशमा पनि पलेटी कसी बस्छु, जस्तो कि पंक्षी; यस्तो महाऋद्धिवान तथा महाशक्तिवान चन्द्र र सूर्यलाई पनि हातले छुन्छु तथा परिमार्जन गर्छु अनि ब्रह्मलोकसम्म पनि शरीर पुग्ने गर्छु । त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।

"भिक्षुहो ! यदि उसमा यस्तो चाहना हुन्छ– 'मैले अमानुषीय विशुद्ध दिव्य-श्रोतधातुद्वारा मनुष्य र देवका, टाढा, समीप वा उभयतिरको शब्द सुन्न सक्ने हुन्छु ।' त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।

"भिक्षुहो ! यदि उसमा यस्तो चाहना हुन्छ– 'मैले पूर्व जन्मका अनेकौं प्रकारले स्मरण गर्ने सक्ने हुन्छु जस्तै– 'एकजन्म, दुईजन्म, तीनजन्म, चारजन्म, पाँचजन्म, दसजन्म, बीसजन्म, तीसजन्म, चालिसजन्म, पचासजन्म, सय-जन्म, सहश्रजन्म, शतसहश्रजन्म, अनेकौं संवर्तकल्प, अनेकौं विवर्तकल्प तथा अनकौं संवर्तविवर्त कल्पको । फलानो ठाउँमा यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें र यतिसम्म आयु थियो । ऊ त्यहाँबाट च्युत भई फलानो ठाउँमा उत्पन्न भयो । त्यहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो



Downloaded from http://dhamma.digital

वर्ण, यस्तो आहार, यस्तो सुख-दुःख भोग गरें र यतिसम्मको आयु थियो । ऊ त्यहाँबाट् च्युत भई यहाँ उत्पन्न भयो । यसरी सआकार, उद्देश्यसहित पूर्व जन्मका अनेकौं प्रकारले स्मरण गर्न सक्नेछन् ।' त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।

"भिक्षुहो ! यदि उसमा यस्तो चाहना हुन्छ– 'मैले अरू सत्व वा व्यक्तिका चित्तमा रहेका कुरा जान्न सक्ने हुन्छु जस्तै– सराग चित्तको भए सराग चित्त भनी जान्न सक्ने हुन्छु; वीतराग चित्तको भए वीतराग चित्तको भनी जान्न सक्ने हुन्छु; सद्वेष चित्तको भए सद्वेष चित्तको भनी जान्न सक्ने हुन्छु; द्वेषरहित चित्तको भए द्वेषरहित चित्तको भनी जान्न सक्ने हुन्छु; समोह चित्तको भए समोह चित्तको भनी जान्न सक्ने हुन्छु; मोहरहित चित्तको भए मोहरहित चित्तको भनी जान्न सक्ने हुन्छु; स्थीर चित्तको भए स्थीर चित्तको भनी जान्न सक्ने हुन्छु; अस्थीर चित्तको भए अस्थीर चित्तको भनी जान्न सक्ने हुन्छु; महत् चित्तको भए महत् चित्तको भनी जान्न सक्ने हुन्छु; सामान्य चित्तको भए सामान्य चित्तको भनी जान्न सक्ने हुन्छु; उत्तम चित्तको भए उत्तम चित्तको भनी जान्न सक्ने हुन्छु; समाहित चित्तको भए समाहित चित्तको भनी जान्न सक्ने हुन्छु; असमाहित चित्तको भए असमाहित चित्तको भनी जान्न सक्ने हुन्छु; विमुक्त चित्तको भए विमुक्त चित्तको भनी जान्न सक्ने हुन्छु अनि अविमुक्त चित्तको भए अविमुक्त चित्तको भनी जान्न सक्ने हुन्छु ।' त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।

"भिक्षुहो ! यदि उसमा यस्तो चाहना हुन्छ– मैले अमानुषीय विशुद्ध दिव्य चक्षुद्वारा सत्वहरू च्युति-उत्पत्ति, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका यथाकर्मानुसार जन्मेका सत्वहरू देख्न र थाहा पाउन सक्ने हुन्छु– यी सत्व शारीरिक दुष्कर्मयुक्त हुनाले, वाचसिक दुष्कर्मयुक्त हुनाले अनि मानसिक दुष्कर्मयुक्त हुनाले, आर्यका निन्दक हुनाले, मिथ्यादृष्टि हुनाले अनि मिथ्यादृष्टि कर्मयुक्त हुनाले ऊ मरणोपरान्त अपाय, दुर्गति, विनिपात तथा नर्कमा उत्पन्न भए । यी सत्व शारीरिक सुकर्मयुक्त हुनाले, वाचसिक सुकर्मयुक्त हुनाले अनि मानसिक सुकर्मयुक्त हुनाले, आर्यका प्रशंसक हुनाले, सम्यकदृष्टि हुनाले अनि सम्यकदृष्टि कर्मयुक्त हुनाले ऊ मरणोपरान्त सुगति तथा स्वर्ग लोकमा उत्पन्न भए । उसले विशुद्ध अमानुषीय दिव्य चक्षुद्वारा सत्वहरू च्युति-उत्पत्ति, हीन-प्रणीत, सुवर्ण-दुर्वर्ण र सुगति-दुर्गतिमा परेका यथा कर्मानुसार जन्मेका सत्वहरूलाई जान्न सक्ने हुन्छ ।' त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यदि उसले यस्तो चाहना गर्छ– 'मैले आश्रव क्षय गरी अनाश्रवी हुन्छु, चित्तविमुक्ति र प्रज्ञा विमुक्तिलाई यसै जीवनमा स्वयम्ले अभिज्ञात तथा साक्षात्कार गर्न सक्ने हुन्छु ।' त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार हासिल गर्नेछन् ।"

## ११. निमित्तसुत्तं

१०३. भिक्षुहो ! उत्तम चित्त-समाधिमा लाग्ने भिक्षुले तीन विषयलाई समय-समयमा मनमा ठाँउ दिनुपर्छ– समय-समयमा समाधिलाई मनमा ठाउँ दिनुपर्छ, समय-समयमा प्रयत्नलाई मनमा ठाँउ दिनुपर्छ अनि समय-समयमा उपेक्षालाई मनमा ठाउँ दिनुपर्छ । यदि भिक्षुहो ! प्रयत्न-समाधिमा लाग्ने भिक्षुले समाधिमै अत्यधिक मन लगाएमा यो सम्भावना छ कि चित्त आलस्यमय हुन्छ । भिक्षुहो ! यदि उत्तम चित्त-समाधिमा भिक्षु अत्यधिक प्रयत्न गर्नतिरै मन लगाए यो सम्भावना छ कि चित्त उद्धतपनीय हुन्छ । भिक्षुहो ! यदि उत्तम चित्त-समाधिमा लाग्ने भिक्षुले अत्यधिक उपेक्षामा मन लगाए यो सम्भावना छ कि त्यो चित्त अवश्य पनि सम्यकसमाधिद्वारा आश्रव क्षय हुँदैन । जब, भिक्षुहो ! उत्तम चित्त-समाधिमा लाग्ने भिक्षुले समय-समय समाधिमा मन लगाए, समय-समय प्रयत्नवान हुनतिर मन लगाए अनि समय-समय उपेक्षामा मन लगाए चित्त मृदु, कर्मनीय र प्रभास्वर हुन्छ तथा भङ्ग हुँदैन । आश्रव क्षय गर्न सम्यकसमाधि हुन्छ ।

जस्तै कि, भिक्षुहो ! स्वर्णकार वा उसको कामदारले अंगेठी तयार गर्छ, अंगेठी तयार पारी लिप्छ, अंगेठी लिप्ने काम सकेपछि सुनलाई चिम्ताले लिई अंगेठीमा राखी पोल्छ । समय-समयमा पानी छर्किन्छ र समय-समयमा उपेक्षा गर्छ । भिक्षुहो ! यदि स्वर्णकार वा उसको कामदारले सुनलाई अत्यधिक पोल्छ भने त्यो सुन पक्कै पनि जल्छ । भिक्षुहो ! यदि स्वर्णकार वा उसको कामदारले सुनलाई पानी मात्रै छर्कीरहेमा त्यो सून चिसिन्छ । भिक्षुहो ! यदि स्वर्णकार वा उसको कामदारले उपेक्षा गऱ्यो भने यसको सम्भावना छैन कि त्यो ठीकसँग बन्नेछ । भिक्षुहो ! जब कि स्वर्णकार वा उसको कामदारले सुनलाई समय-समयमा पोल्छ, समय-समयमा पानीले चीसो पार्छ र समय-समयमा उपेक्षा गर्छ भने त्यो सुन मृदु, कर्मनीय, प्रभास्वर हुन्छ, टुक्रिँदैन र ठीकसँग काममा लिनसकिन्छ । त्यसबाट जे जे गहना बनाउन चाहन्छ– चाहे पट्टिका, चाहे कुण्डल, चाहे हारमाला वा चाहे स्वर्णमाला नै होस् ती सबै बनाई उपयोग गर्न सकिन्छ ।

"यस्तै गरी, भिक्षुहो ! उत्तम चित्तसमाधिमा लाग्ने भिक्षुले समय-समयमा तीन विषयलाई मनमा ठाँउ दिनु पर्छ– समय-समयमा समाधिमा मन लगाउनु



Downloaded from http://dhamma.digital

पर्छ, समय-समयमा प्रयत्न गर्न मन लगाउनु पर्छ अनि समय-समयमा उपेक्षामा मन लगाउनु पर्छ । भिक्षुहो ! यदि उत्तम चित्त-समाधि विषयमा लाग्ने भिक्षुले अत्यधिक समाधिमै मन लगाएमा यसको सम्भावना छ कि चित्त आलस्यमय हुन्छ । भिक्षुहो ! यदि उत्तम चित्त-समाधिमै अत्यधिक प्रयत्न गर्न तिर मन लगाएमा यो सम्भावना छ कि चित्त उद्धतपनीय हुन्छ । भिक्षुहो ! यदि उत्तम चित्त-समाधिमा लाग्ने भिक्षुले अत्यधिक उपेक्षामै मन लगाए यो सम्भावना छ कि त्यो चित्त अवश्य पनि सम्यकसमाधिद्वारा आश्रव क्षय हुँदैन । जब, भिक्षुहो ! उत्तम चित्त-समाधिमा लागेका भिक्षुले समय-समयमा समाधिमा मन लगाउँछ, समय-समयमा प्रयत्न गर्न तिर मन लगाउँछ अनि समय-समयमा उपेक्षामा मन लगाउँछ भने चित्त मृदु, कर्मनीय र प्रभास्वर हुन्छ तथा भङ्ग हुँदैन । आश्रव क्षय गर्न सम्यकसमाधि हुन्छ । जुन-जुन अभिज्ञाद्वारा साक्षात्कार हुने धर्ममा चित्त लगाउँछ त्यो अभिज्ञाद्वारा साक्षात्कार गरी त्यस-त्यसलाई पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार प्राप्त गर्नेछन् ।

"यदि उसले चाहना गर्छ– अनेकौं प्रकारका ऋद्धि अनुभव गर्ने हुन्छु... (छ अभिज्ञा पनि विस्तारित गर्ने) आश्रव क्षय... साक्षात्कार गरी तथा प्राप्त गरी बस्नसक्ने हुन्छु । त्यस-त्यसलाई नै पुनःपुनः परीक्षण गरी, सावधान तथा होशीयार भई मनको चाहनानुसार प्राप्त गर्नेछन् ।"



Downloaded from http://dhamma.digital

# ३. ततियपण्णसकं

## ११. सम्बोधवग्गो

### १. पुब्बेवसम्बोधसुत्तं

१०४. "भिक्षुहो ! सम्बोधि प्राप्त गर्न तथा अभिसम्बुद्ध हुनु भन्दा अघि बोधिसत्व अवस्थामै मेरो मनमा यस्तो विचार आउँथ्यो– 'लोकमा आस्वाद (मज्जा) भनेको के हो ? दुष्परिणाम भनेको के हो ? अनि निःशरण (मुक्ति) भनेको के हो ? त्यसबेला मलाई यस्तो लाग्थ्यो– 'जुन कारणले उत्पन्न हुने सुख तथा सौमनस्य हो, यही नै लोकास्वाद हो । जुन लोकमा अनित्य, दुःख र विपरिणाम धर्म हो, यही नै लोकको दुष्परिणाम हो । लोकमा जुन छन्द रागविनीत र छन्द रागविहिन गर्ने हो, यही नै लोकबाट निःशरण हुनु हो । भिक्षुहो ! जबसम्म मैले यसरी लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम अनि निःशरणलाई निःशरण भनी यथार्थसहित जानेको थिइन तबसम्म मैले भिक्षुहो ! सदेव, समार, सब्रह्मा, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यमा 'अनुत्तर सम्यकसम्बोधि अभिसम्बुद्ध' भएँ भनी प्रकाशित गरिन । भिक्षुहो ! जब मैले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्पपरिणाम अनि निःशरणलाई निःशरणभनी यथार्थसहित जानें तब मैले भिक्षुहो ! सदेव, समार, सब्रह्म, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यमा 'अनुत्तर सम्यकसम्बोधि अभिसम्बुद्ध' भएँ भनी प्रकाशित गरें । मैले ज्ञानदर्शन गरें, 'मेरो विमुक्ति अचल छ, मेरो यो अन्तिम जन्म हो । अब फेरि मेरो पुनर्जन्म हुने छैन ।' "

### २. पठमअस्सादसुत्तं

१०५. "भिक्षुहो ! मैले लोकास्वाद विषय खोज्दै गएँ । जुन लोकास्वाद हो, त्यो जानें । जेजति लोकास्वाद हो प्रज्ञाद्वारा मैले राम्रोसँग जानें । भिक्षुहो ! मैले लोकको दुष्परिणाम विषय खोज्दै गएँ । लोकको जुन दुष्परिणाम हो त्यो जानें । जेजति लोकको दुष्परिणाम हो प्रज्ञाद्वारा मैले राम्रोसँग जानें । भिक्षुहो ! मैले लोकको निःशरण विषय खोज्दै गएँ । लोकको जुन निःशरण हो त्यो जानें । जेजति लोकको निःशरण हो प्रज्ञाद्वारा मैले राम्रोसँग जानें । भिक्षुहो ! जबसम्म मैले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम अनि निःशरणलाई निःशरण भनी यथार्थसहित जानेको थिइन तबसम्म मैले भिक्षुहो ! सदेव, समार, सब्रह्म, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यमा 'अनुत्तर सम्यकसम्बोधि अभिसम्बुद्ध' भएँ भनी प्रकाशित गरिन । भिक्षुहो ! जब मैले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम अनि निः-



Downloaded from http://dhamma.digital

शरणलाई निःशरण भनी यथार्थसहित जानें तब मैले भिक्षुहो ! यी सदेव, समार, सब्रह्म, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यमा 'अनुत्तर सम्यकसम्बोधि अभिसम्बुद्ध' भएँ भनी प्रकाशित गरें । मैले ज्ञानदर्शन गरें, 'मेरो विमुक्ति अचल छ, मेरो यो अन्तिम जन्म हो । अब फेरि मेरो पुनर्जन्म हुने छैन ।' "

## ३. दुतियअस्सादसुत्तं

१०६. "भिक्षुहो ! यदि लोकास्वाद नहुँदो हो त, यी सत्वहरू लोकमा आसक्त हुने थिएन । जहाँ कि, भिक्षुहो ! लोकास्वाद छ, त्यसैले सत्वहरू लोकमा आसक्त भए । भिक्षुहो ! यदि लोकमा दुष्परिणाम नहुँदो हो त, यी सत्वहरू लोकबाट विरक्त हुने थिएन । जहाँ कि, लोकमा दुष्परिणाम छ, त्यसैले सत्वहरू लोकबाट विरक्त भए । भिक्षुहो ! यदि लोकमा विमुक्ति नहुँदो हो त, यी सत्वहरू लोकबाट विमुक्त हुने थिएन । जहाँ कि, लोकमा विमुक्ति छ, त्यसैले सत्वहरू लोकबाट विमुक्त भए । जबसम्म, भिक्षुहो ! सत्वले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम र विमुक्तिलाई विमुक्ति भनी यथार्थसहित जान्न सक्दैनन्, तबसम्म भिक्षुहो ! यी सत्वहरू सदेव, समार, सब्रह्म, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यहरू बाहिर निस्किन सक्दैनन्, विसंयुक्त हुन सक्दैनन्, विप्रयुक्त हुन सक्दैनन् अनि बन्धनमुक्त चित्तको भई बस्न पाउनेछैनन् । जब कि, सत्वले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम, विमुक्तिलाई विमुक्ति भनी यथार्थसहित जान्ने हुन्छन् तब भिक्षुहो ! सत्वहरू सदेव, समार, सब्रह्म, सश्रमण-ब्राह्मणजन र सदेव-मनुष्यहरू बाहिर निस्किन सक्छन्, विसंयुक्त हुन सक्छन्, विप्रयुक्त हुन सक्छन् अनि बन्धनमुक्त चित्तको भई बस्न पाउनेछन् ।"

## ४.समणब्रह्मणसुत्तं

१०७."भिक्षुहो ! जो कोही श्रमण वा ब्राह्मणले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम अनि विमुक्तिलाई विमुक्ति भनी यथार्थसहित जानेको हुँदैन भिक्षुहो ! ती श्रमण वा ब्राह्मणलाई न त श्रमणत्वमा गन्ती गर्छु वा न त ब्राह्मणत्वमा गन्ती गर्छु । न त ती आयुष्मानले श्रमणत्व वा ब्राह्मणत्वलाई यहीं यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षात्कार तथा प्राप्त गर्नेछन् । भिक्षुहो ! जो कोही श्रमण वा ब्राह्मणले लोकास्वादलाई आस्वाद, दुष्परिणामलाई दुष्परिणाम अनि विमुक्तिलाई विमुक्ति भनी यथार्थसहित जान्दछ भने भिक्षुहो ! ती नै श्रमण वा ब्राह्मणलाई श्रमणत्वमा गन्ती गर्छु वा ब्राह्मणत्वमा गन्ती गर्छु । ती आयुष्मानले श्रमणत्व वा ब्राह्मणत्वलाई यहीं यसै जीवनमा स्वयम्ले अभिज्ञात, साक्षत्कार तथा प्राप्त गर्नेछन् ।"



Downloaded from http://dhamma.digital

## ५.रुण्णसुत्तं

१०८. "भिक्षुहो ! जुन यो गीत हो, यो आर्य विनयमा रुनु नै हो । भिक्षुहो ! जुन यो नाच्नु हो, यो आर्य विनयमा बहुलाउनु नै हो । भिक्षुहो ! जुन यो धेरै बेरसम्म दाँत देखाई हाँस्नु हो, यो आर्य विनयमा बालपन नै हो । त्यसैले यो गीतद्वारा सेतु (पुल) भट्काउँछ र यो नाचद्वारा सेतु भट्काउँछ । धर्ममा प्रमुदित हुनेले मुसुक्क मुस्कुराउनु नै पर्याप्त छ ।"

## ६. अतित्तिसुत्तं

१०९. "भिक्षुहो ! यी तीन सेवनद्वारा तृप्त हुँदैन । ती तीन के के हुन् ? सुन सेवनद्वारा तृप्त हुँदैन । जाँड र रक्सी सेवनद्वारा तृप्त हुँदैन अनि मैथुन सेवनद्वारा तृप्त हुँदैन । भिक्षुहो ! यी नै तीन सेवनद्वारा तृप्त हुँदैन ।"

## ७. अरक्खितसुत्तं

११०. त्यसबेला अनाथपिण्डिक गृहपति जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नुभयो– "गृहपति ! मन असुरक्षित हुँदा शारीरिक कर्म असुरक्षित हुन्छ, वाचसिक कर्म असुरक्षित हुन्छ अनि मानसिक कर्म पनि असुरक्षित हुन्छ । उसको शारीरिक कर्म असुरक्षित, वाचसिक कर्म असुरक्षित अनि मानसिक कर्म पनि असुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि चुहिन्छ । उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म चुहिंदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सड्छ । उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सड्नाले मरण भद्रतापूर्वक हुँदैन तथा भद्रतापूर्वक कालक्रिया हुँदैन ।

"जस्तै कि, गृहपति ! कूटागारमा राम्रोसँग छाना नछाउँदा धुरी, भ्याल्सी अनि भित्ता पनि असुरक्षित हुन्छ । घरको माथिबाट, भ्याल्सीबाट अनि भित्ताबाट पनि पानी चुहिन्छ । घर माथिको भाग, भ्याल्सी अनि भित्ता पनि सड्छ ।

"यस्तरी नै, भिक्षुहो ! मन असुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि असुरक्षित हुन्छ । उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म असुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि चुहिन्छ । उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक



Downloaded from http://dhamma.digital

कर्म चुहिंदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सड्छ। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म सड्नाले मरण राम्रो हुँदैन तथा राम्रोसित कालक्रिया हुँदैन।

"भिक्षुहो! मन सुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सुरक्षित हुन्छ। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म सुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि चुहिँदैन। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म नचुहिंदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सड्दैन। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म नसड्नाले मरण भद्रतापूर्वक हुन्छ तथा भद्रतापूर्वक कालक्रिया हुन्छ।

"जस्तै कि, गृहपति! कूटागारमा राम्रोसँग छाना छाउँदा धुरी, भ्याल्सी अनि भित्ता पनि सुरक्षित हुन्छ। घरको माथिको धुरीबाट, भ्याल्सीबाट अनि भित्ताबाट पनि पानी चुहिँदैन। घर माथिको धुरी, भ्याल्सी अनि भित्ता पनि सड्दैन।

"यस्तरी नै, भिक्षुहो! मन सुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सुरक्षित हुन्छ। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म सुरक्षित हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि चुहिँदैन। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म नचुहिँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि सड्दैन। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म नसड्नाले मरण भद्रतापूर्वक हुन्छ तथा भद्रतापूर्वक कालक्रिया हुन्छ।"

Dhamma.Digital

## ८. ब्यापन्नसुत्तं

१११. एक ठाउँमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवानले यसो भन्नु भयो– "गृहपति! मन अस्वभाविक (डाह) हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि अस्वभाविक हुन्छ। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि अस्वभाविक हुँदा मरण राम्रो हुँदैन तथा राम्रोसित कालक्रिया हुँदैन। "जस्तै कि, गृहपति! कूटागारमा राम्रोसँग छाना नछाउँदा धुरी, भ्याल्सी अनि भित्ता पनि असुरक्षित हुन्छ। घरको माथि धुरीबाट, भ्याल्सीबाट अनि भित्ताबाट पनि पानी चुहिन्छ। घर माथिको धुरी, भ्याल्सी अनि भित्ता पनि सड्छ। यस्तरी नै, गृहपति! चित्त अस्वभाविक हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक



Downloaded from http://dhamma.digital

कर्म पनि अस्वभाविक हुन्छ। उसको शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि अस्वभाविक हुँदा मरण राम्रो हुँदैन तथा राम्रोसित कालक्रिया हुँदैन।

"गृहपति ! मन स्वभाविक (डाहरहित) हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि स्वभाविक हुन्छ। उसको शारीरिक कर्म, वाचसिक अनि मानसिक कर्म स्वभाविक हुँदा मरण राम्रो हुन्छ तथा राम्रोसित कालक्रिया हुन्छ। "जस्तै कि, गृहपति ! कूटागारमा राम्रोसँग छाना छाउँदा धुरी, भ्याल्सी अनि भित्ता पनि सुरक्षित हुन्छ। यस्तरी नै, गृहपति ! मन स्वभाविक हुँदा शारीरिक कर्म, वाचसिक कर्म अनि मानसिक कर्म पनि स्वभाविक हुन्छ। उसको शारीरिक कर्म... मानसिक कर्म स्वभाविक हुँदा मरण राम्रो हुन्छ तथा राम्रोसित कालक्रिया हुन्छ।"

## ९. पठमनिदानसुत्तं

११२. "भिक्षुहो ! यी तीन कारणले कर्मको समुदय हुन्छ। ती तीन के के हुन् ? लोभको कारणले कर्मसमुदय हुन्छ। द्वेषको कारणले कर्मसमुदय हुन्छ। मोहको कारणले कर्मसमुदय हुन्छ। भिक्षुहो ! जुन कर्मको मूलमा लोभ हुन्छ, लोभले गर्दा वा लोभको हेतुले, लोभ समुदय हुँदा त्यो कर्म अकुशल हुन्छ, त्यो कर्म सदोष हुन्छ, त्यो कर्मले गर्दा दु:खमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मसमुदय हुन्छ तथा त्यो कर्मद्वारा कर्मको निरोध हुँदैन। भिक्षुहो ! जुन कर्मको मूलमा द्वेष हुन्छ, द्वेषले गर्दा वा द्वेषको हेतुले, द्वेष समुदय हुँदा त्यो कर्म अकुशल हुन्छ, त्यो कर्म सदोष हुन्छ, त्यो कर्मले गर्दा दु:खमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मसमुदय हुन्छ तथा त्यो कर्मद्वारा कर्मनिरोध हुँदैन। भिक्षुहो ! जुन कर्मको मूलमा मोह हुन्छ, मोहले गर्दा वा मोहको हेतुले, मोहसमुदय हुँदा त्यो कर्म अकुशल हुन्छ, त्यो कर्म सदोष हुन्छ, त्यो कर्मले गर्दा दु:खमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मसमुदय हुन्छ तथा त्यो कर्मद्वारा कर्मनिरोध हुँदैन। भिक्षुहो ! यी नै तीन कारणद्वारा कर्मसमुदय हुन्छ।

"भिक्षुहो ! यी तीन कारणले गर्दा कर्मसमुदय हुन्छ। ती तीन के के हुन् ? अलोभको कारणले कर्मसमुदय हुन्छ। अद्वेषको कारणले कर्मसमुदय हुन्छ। अमोहको कारणले कर्मसमुदय हुन्छ। भिक्षुहो ! जुन कर्मको मूलमा अलोभ हुन्छ, अलोभले गर्दा वा अलोभ हेतुले, अलोभसमुदय हुँदा त्यो कर्म कुशल हुन्छ, त्यो कर्म निर्दोष हुन्छ, त्यो कर्मले गर्दा सुखमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मभिरोध हुन्छ तथा त्यो कर्मद्वारा कर्मसमुदय हुँदैन। भिक्षुहो ! जुन कर्मको मूलमा अद्वेष हुन्छ, अद्वेषले गर्दा वा अद्वेषको हेतुले, अद्वेषसमुदय हुँदा त्यो कर्म कुशल हुन्छ, त्यो कर्म निर्दोष हुन्छ, त्यो कर्मले गर्दा सुखमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मनिरोध हुन्छ तथा त्यो कर्मद्वारा कर्मसमुदय हुँदैन। भिक्षुहो ! जुन कर्मको मूलमा अमोह हुन्छ, अमोहले



Downloaded from http://dhamma.digital

गर्दा वा अमोहको हेतुले, अमोहसमुदय हुँदा त्यो कर्म कुशल हुन्छ, त्यो कर्म निर्दोष हुन्छ, त्यो कर्मले गर्दा सुखमय विपाक हुन्छ, त्यो कर्मद्वारा नै कर्मको निरोध हुन्छ तथा त्यो कर्मद्वारा कर्मसमुदय हुँदैन । भिक्षुहो ! यी नै तीन कारणद्वारा कर्मसमुदय हुन्छ । "

## १०. दुतियनिदानसुत्तं

११३. "भिक्षुहो ! यी तीन कारणले गर्दा कर्मसमुदय हुन्छ । ती तीन के के हुन् ? अतीत विषयसित छन्द-रागसम्बन्ध हुँदा छन्द (इच्छा) उत्पत्ति हुन्छ । भिक्षुहो ! अनागत विषयसित छन्द-रागसम्बन्ध हुँदा छन्द उत्पत्ति हुन्छ । भिक्षुहो ! वर्तमान विषयसित छन्द-रागसम्बन्ध हुँदा छन्द उत्पन्न हुन्छ । भिक्षुहो ! अतीत विषयसित छन्द-रागसम्बन्ध हुँदा कसरी छन्द उत्पत्ति हुन्छ ? भिक्षुहो ! अतीतमा छन्द-राग विषयसित सम्बन्ध हुँदाको चित्तले तर्क-वितर्क र विचार गरिरहने हुन्छ । त्यस अतीत विषयसित छन्द-रागसम्बन्ध हुँदाको चित्तले तर्क-वितर्क र विचार गर्दा छन्द उत्पत्ति हुन्छ । छन्द उत्पत्ति हुँदा त्यसमा लागिपर्छ । भिक्षुहो ! यसैलाई मैले संयोजन (बन्धन) वा चित्तासक्ति भन्दछु । यसरी नै, भिक्षुहो ! अतीतको छन्द-राग विषयसित सम्बन्ध हुँदा छन्द उत्पत्ति हुन्छ ।

"भिक्षुहो ! अनागतको छन्द-राग विषयसित सम्बन्ध हुँदा कसरी छन्द उत्पत्ति हुन्छ ? भिक्षुहो ! अनागतको छन्द-राग विषयसित सम्बन्ध हुँदा चित्तले तर्क-वितर्क र विचार गरिरहेको हुन्छ । त्यो अनागतमा छन्द विषयसित सम्बन्ध हुँदा तर्क-वितर्क र विचार गरिरहँदा छन्द उत्पत्ति हुन्छ । छन्द उत्पत्ति हुँदा त्यसमा लाग्न थाल्छ । भिक्षुहो ! यसैलाइ मैले संयोजन तथा चित्तासक्ति भन्दछु । यसरी नै, भिक्षुहो ! अनागतको छन्द-राग विषयसित सम्बन्ध हुँदा छन्द उत्पत्ति हुन्छ ।

"भिक्षुहो ! वर्तमानको छन्द-राग विषयसित सम्बन्ध हुँदा कसरी छन्द उत्पत्ति हुन्छ ? भिक्षुहो ! वर्तमानका छन्द-राग विषयसित सम्बन्ध हुँदा चित्तमा तर्क-वितर्क र विचार गरिरहेको हुन्छ । त्यो वर्तमानमा छन्द-राग विषयसित सम्बन्ध हुँदा तर्क-वितर्क र विचार गरिरहँदा छन्द उत्पत्ति हुन्छ । छन्द उत्पत्ति हुँदा त्यसमा लाग्न थाल्छ । भिक्षुहो ! मैले यसैलाई संयोजन तथा चित्तासक्ति भन्दछु । यसरी नै, भिक्षुहो ! वर्तमानको विषयसित सम्बन्ध हुँदा छन्द उत्पत्ति हुन्छ । भिक्षुहो ! यी नै तीन कारणले गर्दा कर्मको समुदय हुन्छ ।

"भिक्षुहो ! यी तीन कारणले गर्दा कर्मको समुदय हुन्छ । ती तीन के के हुन् ? अतीतको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पन्न गर्दैन । भिक्षुहो !



Downloaded from http://dhamma.digital

अनागतको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पत्ति गर्दैन । भिक्षुहो ! वर्तमान कालको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पन्न गर्दैन । भिक्षुहो ! अतीत कालका छन्द-राग विषय सम्बन्ध लिई कसरी छन्द उत्पन्न गर्दैन ? भिक्षुहो ! अतीत कालका छन्द-राग विषय सम्बन्ध लिई भावी विपाक (फल) थाहा पाएको हुन्छ । यसबाट पृथक हुनुकासाथै प्रज्ञाद्वारा पारदर्शी भई हेर्ने हुन्छ । यसरी नै, भिक्षुहो ! अतीत कालको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पन्न गर्दैन ।

भिक्षुहो ! अनागतको छन्द-राग विषय सम्बन्ध लिई कसरी छन्द उत्पन्न गर्दैन ? भिक्षुहो ! अनागतको छन्द-राग विषय सम्बन्ध लिई भावी विपाक (फल) थाहा पाएको हुन्छ । त्यसबाट पृथक हुनुकासाथै प्रज्ञाद्वारा पारदर्शी भई हेर्ने हुन्छ । यसरी नै, भिक्षुहो ! अनागतको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पन्न गर्दैन ।

भिक्षुहो ! वर्तमानको छन्द-राग विषय सम्बन्ध लिई कसरी छन्द उत्पन्न गर्दैन ? भिक्षुहो ! वर्तमानको छन्द-राग विषय सम्बन्ध लिई भावी विपाक (फल) थाहा पाएको हुन्छ । त्यसबाट पृथक हुनुकासाथै प्रज्ञाद्वारा पारदर्शी भई हेर्ने हुन्छ । यसरी नै, भिक्षुहो ! वर्तमानको छन्द-राग विषय सम्बन्ध लिई छन्द उत्पन्न गर्दैन । भिक्षुहो ! यी नै तीन कारणले गर्दा कर्मको समुदय हुन्छ ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# (१२) २. आपायिकवग्गो

## १. आपायिकसुत्तं

११४. "भिक्षुहो ! यी तीन त्याग नगर्दा अपायगामी तथा नरकगामी हुन्छ । ती तीन के के हुन् ? जो अब्रह्मचारी भएर पनि ब्रह्मचारी भन्ने हुन्छ । जसले शुद्ध ब्रह्मचारीलाई अब्रह्मचारी भनी झूटो आरोप लगाउँछ अनि जो यस्तो दृष्टि र यस्तो वादको हुन्छ– 'कामभोगमा दोष छैन भनी कामभोगमा निशङ्कोच भई लाग्छ । भिक्षुहो ! यी नै तीन त्याग नगर्दा अपायगामी तथा नरकगामी हुन्छ ।"

## २. दुल्लभसुत्तं

११५. "भिक्षुहो ! यी तीन प्रादुर्भाव दुर्लभ हुन् । ती तीन के के हुन् ? भिक्षुहो ! तथागत अर्हत सम्यकसम्बुद्ध लोकमा प्रादुर्भाव दुर्लभ छ । तथागतद्वारा प्रवर्तित धर्म-विनय देशना प्रादुर्भाव हुनु दुर्लभ छ । लोकमा कृतज्ञ र कृतवेदीको प्रादुर्भाव हुनु दुर्लभ छ । भिक्षुहो ! यी नै तीन प्रादुर्भाव दुर्लभ हुन् ।"

## ३. अप्पमेयसुत्तं

११६. "भिक्षुहो ! यी तीन व्यक्ति लोकमा विद्यमान छन् । ती तीन को को हुन् ? सजिलैसँग तौलन सकिने, कठिनतापूर्वक तौलन सकिने अनि तौलनै नसकिने । भिक्षुहो ! सजिलै तौलन सकिने व्यक्ति कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्ति उद्धत, घमण्डी, चञ्चल, वाचाल, असंयत भाषी, विस्मृत, बुद्धु, असमाहित, विभ्रान्त चित्त र इन्द्रिय असंयमी हुन्छ । भिक्षुहो ! यस्तोलाई सजिलैसँग तौलन सकिने व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! कठिनतापूर्वक तौलन सकिने व्यक्ति कस्तो हुन्छ ? यहाँ कोही व्यक्ति अनुद्धत, अघमण्डी, अचञ्चल, अवाचाल, संयमित भाषी, स्मृतिवान, ज्ञानवान, समाहित, एकाग्र चित्त र इन्द्रिय संयमित हुन्छ । भिक्षुहो ! यस्तोलाई कठिनतापूर्वक तौलन सकिने व्यक्ति भनिन्छ ।

"भिक्षुहो ! तौलनै नसकिने व्यक्ति कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ क्षीणाश्रवी अर्हत भिक्षु हुन्छ । भिक्षुहो ! यस्तोलाई तौलनै नसकिने व्यक्ति भनिन्छ । भिक्षुहो ! यी नै तीन व्यक्ति लोकमा विद्यमान छन् ।"



Downloaded from http://dhamma.digital

## ४. आनेञ्जसुत्तं

११७. "भिक्षुहो ! यी तीन व्यक्ति लोकमा विद्यमान छन् । ती तीन को को हुन् ? भिक्षुहो ! यहाँ कोही व्यक्ति सबै प्रकारका रूपसंज्ञालाई समतिक्रम गरी प्रतिघसंज्ञालाई अन्त्य गरी नानात्वसंज्ञालाई मनमा नलिई 'आकाश अनन्त छ' भनी आकासानञ्चायतन लाभी भई बस्छ । ऊ त्यसमा आनन्दित हुन्छ, त्यही नै चाहेको हुन्छ अनि त्यसमै प्रीति अनुभूति गर्छ । त्यस ध्यानमा स्थित भई तथा त्यसमै लागी त्यसमै बहुविहारी भई मृत्यु हुँदा अपरिहिन आकासानञ्चायतन देवताहरूकहाँ उत्पन्न हुन्छ । भिक्षुहो ! आकासानञ्चायतन देवको आयु प्रमाण बीसहजार कल्पको हुन्छ । यहाँ पृथकजन आफ्नो आयु रहुञ्जेल अर्थात जतिसम्म ती देवको आयु प्रमाण हो त्यति बिताएपछि नरकमा पनि जन्मिनसक्छ, पशुपंक्षीको योनिमा पनि जन्मिनसक्छ अनि प्रेतलोकमा पनि जन्मिनसक्छ । तर भगवानको श्रावकसंघ त्यहाँ जतिसम्मको आयु हो त्यतिसम्म जीवितरही त्यहीँ भव (लोक) बाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! यही नै विशेषता र वास्तविकता हो । यही नाना कारणले गर्दा जो ती श्रुतवान तथा अश्रुतवान पृथकजन जन्मिनु पर्ने गति हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति सबै प्रकारका आकासानञ्चायतन समतिक्रम गरी अनन्त विज्ञान छ' भनी विञ्ञाणञ्चायतन लाभी भई बस्छ । ऊ त्यसमै आनन्दित हुन्छ, त्यही नै चाहेको हुन्छ अनि त्यसमै प्रीति अनुभूति गर्छ । त्यस ध्यानमा स्थित भई, त्यसमै लागी तथा त्यसमै बहुविहारी भई मृत्यु हुँदा अपरिहिन विञ्ञाणञ्चायतन देवताकहाँ उत्पन्न हुन्छ । भिक्षुहो ! विञ्ञाणञ्चायतन देवको आयु प्रमाण चालीस सहश्र कल्पको हुन्छ । यहाँ पृथकजन आफ्नो आयु रहुञ्जेल अर्थात जतिसम्म ती देवको आयु प्रमाण हो त्यति बिताएपछि नरकमा पनि जन्मिनसक्छ, पशुपंक्षीको योनिमा पनि जन्मिनसक्छ अनि प्रेतलोकमा पनि जन्मिनसक्छ । तर भगवानको श्रावकसंघ त्यहाँ जतिसम्मको आयु हो त्यतिसम्म जीवितरही त्यहीँ भवबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! यही नै विशेषता र वास्तविकता हो । यही नाना कारणले गर्दा जो ती श्रुतवान तथा अश्रुतवान पृथकजनले जन्मिनु पर्ने गति हुन्छ ।

"भिक्षुहो ! यहाँ कोही व्यक्ति सबै प्रकारका विञ्ञाणञ्चायतन समतिक्रम गरी 'केही छैन' भनी आकिञ्चञ्ञायतन लाभी भई बस्छ । ऊ त्यसमै आनन्दित हुन्छ, त्यही नै चाहेको हुन्छ अनि त्यसमै प्रीति अनुभूति गर्छ । त्यस ध्यानमा स्थित भई, त्यसैमा लागी तथा त्यसमै बहुविहारी भई मृत्यु हुँदा अपरिहिन आकिञ्चञ्ञायतन देवताकहाँ उत्पन्न हुन्छ । भिक्षुहो ! आकिञ्चञ्ञायतन देवको आयु प्रमाण साठ्ठीसहश्र कल्पको हुन्छ । । यहाँ पृथकजन आफ्नो आयु रहुञ्जेल अर्थात



Downloaded from http://dhamma.digital

जतिसम्मको ती देवको आयु प्रमाण हो त्यति बिताएपछि नरकमा पनि जन्मिनसक्छ, पशुपंक्षीको योनिमा पनि जन्मिनसक्छ अनि प्रेतलोकमा पनि जन्मिनसक्छ । तर भगवानको श्रावकसंघ त्यहाँ जतिसम्मको आयु हो त्यतिसम्म जीवितरही त्यहीं भवबाट परिनिर्वाण हुन्छ । भिक्षुहो ! यही नै विशेषता र वास्तविकता हो । यही नाना कारणले गर्दा जो ती श्रुतवान तथा अश्रुतवान पृथकजनले जन्मिनु पर्ने गति हुन्छ । भिक्षुहो ! लोकमा यी नै तीन व्यक्तिहरू विद्यमान छन् ।"

## ५. विपत्तिसम्पदासुत्तं

११८. भिक्षुहो ! यी तीन विपत्ति हुन् । ती तीन के के हुन् ? शील-विपत्ति, चित्त-विपत्ति र दृष्टि-विपत्ति । शिलविपत्ति भनेको के हो ? यहाँ कोही-कसैले प्राणघात गर्छ, चोर्छ, व्यभिचार गर्छ, झूटो बोल्छ, चुक्ली गर्छ, कठोर वचन बोल्छ र बकवादी हुन्छ । भिक्षुहो ! यसैलाई शील-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! चित्त-विपत्ति भनेको के हो ? यहाँ कोही-कोही लोभी र द्वेषी हुन्छ । भिक्षुहो ! यसैलाई चित्त-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-विपत्ति भनेको के हो ? यहाँ कोही-कोही मिथ्यादृष्टिक हुन्छ तथा विपरितदर्शी हुन्छ– 'दानको फल छैन, यज्ञको फल छैन, आहुतिको फल छैन, सुकृत-दुष्कृत कर्मको फल वा विपाक छैन, यो लोक छैन, परलोक छैन, आमा छैन, बा छैन, औपपातिक सत्व छैन, लोकमा श्रमण-ब्राह्मण सम्यकमार्गमा लाग्ने छैन तथा सत्मार्गमा लाग्ने छैन, यो लोक र परलोकलाई स्वयम्ले जानी, बुझी भन्नसक्ने यहाँ कोही छैनन् । भिक्षुहो ! यसैलाई दृष्टि-विपत्ति भनिन्छ । भिक्षुहो ! शील विपत्तिको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! चित्त-विपत्तिको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! दृष्टि-विपत्तिको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन विपत्ति हुन् ।

"भिक्षुहो ! यी तीन सम्पदा हुन् । ती तीन के के हुन् ? शील-सम्पदा, चित्त-सम्पदा र दृष्टि-सम्पदा । भिक्षुहो ! शिल-सम्पदा भनेको के हो ? यहाँ कोही कसैले प्राणघात गर्नबाट विरत हुन्छ, चोर्नबाट विरत हुन्छ, व्यभिचार गर्नबाट विरत हुन्छ, झूटो बोल्नबाट विरत हुन्छ, चुक्ली गर्नबाट विरत हुन्छ, कठोर वचन बोल्नबाट विरत हुन्छ र बकवादी हुनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई शील-सम्पदा भनिन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! चित्त-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही निर्लोभी र अद्वेषी हुन्छ । भिक्षुहो ! यसैलाई चित्त-सम्पदा भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही सम्यकदृष्टिक हुन्छ तथा विपरितदर्शी हुँदैन– 'दानको फल छ, यज्ञको फल छ, आहुतिको फल छ, सुकृत-दुष्कृत कर्मको फल वा विपाक छ, यो लोक छ, परलोक छ, आमा छ, बा छ, औपपातिक सत्व छ, लोकमा श्रमण-ब्राह्मण सम्यकमार्गमा लाग्ने छन् तथा सत्मार्ग मा लाग्ने छन्, यहाँ यो लोक र परलोकलाई स्वयम्ले जानी-बुझी भन्नसक्ने छन् । भिक्षुहो ! यसैलाई दृष्टि-सम्पदा भनिन्छ । भिक्षुहो ! शील-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! चित्त-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात सुगति, स्वर्ग लोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! दृष्टि-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन सम्पदा हुन् ।

## ६. अपण्णकसुत्तं

११९. भिक्षुहो ! यी तीन विपत्ति हुन् । ती तीन के के हुन् ? शील-विपत्ति, चित्त-विपत्ति र दृष्टि-विपत्ति । भिक्षुहो ! शिलविपत्ति भनेको के हो ? यहाँ कोही कसैले प्राणघाट गर्छ... र बकवादी हुन्छ । भिक्षुहो ! यसैलाई शील-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! चित्त-विपत्ति भनेको के हो ? यहाँ कोही-कोही लोभी र द्वेषी हुन्छ । भिक्षुहो ! यसैलाई चित्त-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-विपत्ति भनेको के हो ? यहाँ कोही-कोही मिथ्यादृष्टिक तथा विपरितदर्शी हुन्छ– 'दानको फल छैन, यज्ञको फल छैन... यो लोक र परलोकलाई स्वयम्ले जानी, बुझी भन्नसक्ने यहाँ कोही छैन । भिक्षुहो ! यसैलाई दृष्टि-विपत्ति भनिन्छ । भिक्षुहो ! शील-विपत्तिको कारणले... । भिक्षुहो ! दृष्टि-विपत्तिको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात अपाय, दुर्गति, विनिपात तथा नरकमा उत्पन्न हुन्छ । भिक्षुहो ! जस्तै कि परिशुद्ध मणि माथि फ्याँक्दा त्यो कहीँ झर्दा सुप्रतिष्ठित हुन्छ । भिक्षुहो ! यसरी नै शील-विपत्तिको कारणले सत्व... उत्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन विपत्ति हुन् ।

"भिक्षुहो ! यी तीन सम्पदा हुन् । ती तीन के के हुन् ? शील-सम्पदा, चित्त-सम्पदा र दृष्टि-सम्पदा । भिक्षुहो ! शिल-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही प्राणघाट गर्नबाट विरत हुन्छ... विरत हुन्छ । भिक्षुहो ! यसैलाई शील-सम्पदा



Downloaded from http://dhamma.digital

भनिन्छ ।

"भिक्षुहो ! चित्त-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही निर्लोभी र अद्वेषी हुन्छ । भिक्षुहो ! यसैलाई चित्त-सम्पदा भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही सम्यकदृष्टिक तथा विपरितदर्शी हुँदैन– 'दानको फल छ, यज्ञको फल छ... जसले कि, यहाँ यो लोक र परलोकलाई स्वयम्ले जानी-बुझी भन्नसक्ने छन् । भिक्षुहो ! यसैलाई दृष्टि-सम्पदा भनिन्छ । भिक्षुहो ! शील-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! चित्त-सम्पदाको कारणले... भिक्षुहो ! दृष्टि-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्यु-पश्चात सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! जस्तै कि परिशुद्ध मणिलाई माथि फ्याँक्दा त्यो कहीं झर्दा सुप्रतिष्ठित हुन्छ । भिक्षुहो ! यसरी नै शीलसम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । चित्त-सम्पदाको कारणले... दृष्टि-सम्पदाको कारणले सत्वको शरीर भेद हुँदा मृत्युपश्चात् सुगति, स्वर्गलोकमा उत्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन सम्पदा हुन् ।"

## ७. कम्मन्तसुत्तं

१२०. भिक्षुहो ! यी तीन विपत्ति हुन् । ती तीन के के हुन् ? कर्मान्त-विपत्ति, आजीव-विपत्ति र दृष्टि-विपत्ति । कर्मान्त-विपत्ति भनेको के हो ? यहाँ कोही कसैले प्राणघाट गर्छ... र बकवादी हुन्छ । भिक्षुहो ! यसैलाई कर्मान्त-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! आजीवविपत्ति भनेको के हो ? यहाँ कोही-कोही मिथ्याआजीविका हुन्छ तथा मिथ्याआजीविका भई जीविका गर्ने हुन्छ । भिक्षुहो ! यसैलाई आजीव-विपत्ति भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-विपत्ति भनेको के हो ? यहाँ कोही-कोही मिथ्यादृष्टिक तथा विपरितदर्शी हुन्छ– 'दानको फल छैन, यज्ञको फल छैन... जसले कि, यो लोक र परलोकलाई स्वयम्ले जानी-बुझी भन्नसक्ने यहाँ कोही छैन । भिक्षुहो ! यसैलाई दृष्टि-विपत्ति भनिन्छ । भिक्षुहो ! यी नै तीन विपत्ति हुन् ।



Downloaded from http://dhamma.digital

भिक्षुहो ! यी तीन सम्पदा हुन् । ती तीन के के हुन् ? कर्मान्त-सम्पदा, आजीव-सम्पदा र दृष्टि-सम्पदा । कर्मान्तसम्पदा भनेको के हो ? यहाँ कोही-कोही प्राणघाट गर्नबाट विरत हुन्छ... बकवादी हुनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई कर्मान्त-सम्पदा भनिन्छ ।

"भिक्षुहो ! आजीव-सम्पदा भनेको के हो ? यहाँ कोहीकोही सम्यकआजीविका हुन्छ तथा सम्यकआजीविका भई जीविका गर्ने हुन्छ । भिक्षुहो ! यसैलाई आजीव-सम्पदा भनिन्छ ।

"भिक्षुहो ! दृष्टि-सम्पदा भनेको के हो ? यहाँ कोही-कोही सम्यकदृष्टिक तथा विपरितदर्शी हुँदैन– 'दानको फल छ, यज्ञको फल छ... जसले कि, यहाँ यो लोक र परलोकलाई स्वयम्ले जानी-बुझी भन्नसक्ने छ' । भिक्षुहो ! यसैलाई दृष्टि-सम्पदा भनिन्छ । भिक्षुहो ! यी नै तीन सम्पदा हुन् ।"

## ८. पठमसोचेय्यसुत्तं

१२१. "भिक्षुहो ! यी तीन पवित्र हुन् । ती तीन के के हुन् ? काय-पवित्र, वाक-पवित्र र मन-पवित्र । भिक्षुहो ! काय-पवित्र भनेको के हो ? यहाँ कोही-कोही प्राणीहिंसाबाट, चोरीबाट अनि काममिथ्याचारबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– काय-पवित्र ।

"भिक्षुहो ! वाक-पवित्र भनेको के हो ? यहाँ कोही-कोही झूटो बोल्नबाट, चुक्ली गर्नबाट, कठोर बोलीबाट अनि बकवादी हुनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– वाक-पवित्र ।

"भिक्षुहो ! मन-पवित्र भनेको के हो ? यहाँ कोही-कोही निर्लोभी, अद्वेषी र सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– मन-पवित्र । भिक्षुहो ! यी नै तीन पवित्र हुन् ।"

## ९. दुतियसोचेय्यसुत्तं

१२२. "भिक्षुहो ! यी तीन पवित्र हुन् । ती तीन के के हुन् ? काय-पवित्र, वाक-पवित्र र मन-पवित्र । भिक्षुहो ! काय-पवित्र भनेको के हो ? यहाँ कोही-कोही प्राणीहिंसाबाट, चोरीबाट अनि अब्रह्मचारीबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– काय-पवित्र ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! वाक-पवित्र भनेको के हो ? यहाँ कोही-कोही झूटो बोल्नबाट, चुक्ली गर्नबाट, कठोर बोलीबाट अनि बकवादी हुनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– वाक-पवित्र ।

"भिक्षुहो ! मन-पवित्र भनेको के हो ? यहाँ कोही-कोही आफ्नो भित्री-मनमा कामेच्छा (विषय-वासना) भएमा– 'मसँग भित्रीमनमा कामेच्छा छ' भनी थाहा पाएको हुन्छ, भित्रीमनमा कामेच्छा नभए मसँग कामेच्छा छैन' भनी थाहा पाएको हुन्छ । जुन अनुत्पन्न कामेच्छा हो त्यो उत्पन्न हुँदा थाहा पाएको हुन्छ । उत्पन्न जुन कामेच्छा हो त्यो प्रहीण हुँदा थाहा पाएको हुन्छ । प्रहीण भएको जुन कामेच्छा हो त्यो कसरी पुनः अनुत्पन्न हुन्छ थाहा पाएको हुन्छ । भित्री मनमा द्वेष भए 'मसँग भित्री मनमा द्वेष छ' भनी थाहा पाएको हुन्छ, भित्रीमनमा द्वेष नभए मसँग भित्रीमनमा द्वेष छैन' भनी थाहा पाएको हुन्छ । भित्रीमनमा अनुत्पन्न जुन द्वेष हो त्यो उत्पन्न हुँदा थाहा पाएको हुन्छ । भित्रीमनमा उत्पन्न जुन द्वेष हो त्यो प्रहीण हुँदा थाहा पाएको हुन्छ । प्रहीण भएको जुन द्वेष हो त्यो कसरी पुनः अनुत्पन्न हुन्छ थाहा पाएको हुन्छ । भित्रीमनमा आलस्य भएमा 'मसँग भित्रीमनमा आलस्य छ' भनी थाहा पाएको हुन्छ, भित्रीमनमा आलस्य नभए मसँग भित्रीमनमा आलस्य छैन' भनी थाहा पाएको हुन्छ । अनुत्पन्न जुन आलस्य हो त्यो उत्पन्न हुँदा थाहा पाएको हुन्छ । उत्पन्न जुन आलस्य हो त्यो प्रहीण हुँदा थाहा पाएको हुन्छ । प्रहीण भएको जुन आलस्य हो त्यो कसरी पुनः अनुत्पन्न हुन्छ थाहा पाएको हुन्छ । भित्रीमनमा औद्धत्य र कौकृत्य भएमा 'मसँग भित्रीमनमा औद्धत्य र कौकृत्य छ' भनी थाहा पाएको हुन्छ, भित्रीमनमा औद्धत्य र कौकृत्य नभए मसँग भित्रीमनमा औद्धत्य र कौकृत्य छैन' भनी थाहा पाएको हुन्छ । अनुत्पन्न जुन औद्धत्य र कौकृत्य हो त्यो उत्पन्न हुँदा थाहा पाएको हुन्छ । उत्पन्न जुन औद्धत्य र कौकृत्य हो त्यो प्रहीण हुँदा थाहा पाएको हुन्छ । प्रहीण भएको जुन औद्धत्य र कौकृत्य हो त्यो कसरी पुनः अनुत्पन्न हुन्छ थाहा पाएको हुन्छ । भित्रीमनमा शंका भए 'मसँग भित्री मनमा शंका छ' भनी थाहा पाएको हुन्छ, भित्रीमनमा शंका नभए मसँग शंका छैन' भनी थाहा पाएको हुन्छ । अनुत्पन्न जुन शंका हो त्यो उत्पन्न हुँदा थाहा पाएको हुन्छ । उत्पन्न जुन शंका हो त्यो प्रहीण हुँदा थाहा पाएको हुन्छ । प्रहीण भएको जुन शंका हो त्यो कसरी पुनः अनुत्पन्न हुन्छ थाहा पाएको हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– मन-पवित्र । भिक्षुहो ! यी नै तीन पवित्र हुन् ।"

**"कायसुचिं वचीसुचिं, चेतोसुचिं अनासवं ।**
**सुचिं सोनेय्यसम्पन्नं, आहु निन्हातपापक"न्ति ॥**

"कायपवित्र, वाकपवित्र र चित्तपवित्र हुँदा तथा पवित्रतामा सम्पन्न भएका



Downloaded from http://dhamma.digital

अनाश्रवीलाई पापबाट मुक्त भएको भनिन्छ।"

## १०. मोनेय्यसुत्तं

१२३. "भिक्षुहो ! यी तीन मौन हुन् । ती तीन के के हुन् ? कायिक-मौन, वाचसिक-मौन र मानसिक-मौन । भिक्षुहो ! कायिक-मौन भनेको के हो ? यहाँ कोही-कोही प्राणीहिंसाबाट विरत हुन्छ, चोरीबाट विरत हुन्छ अनि काममिथ्याचार-बाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ–कायिक-मौन ।

"भिक्षुहो ! वाचसिक-मौन भनेको के हो ? यहाँ कोही-कोही झूटो बोल्नबाट, चुक्ली गर्नबाट, कठोर बोलीबाट अनि बकवादी हुनबाट विरत हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– वाचसिक-मौन ।

"भिक्षुहो ! मानसिक-मौन भनेको के हो ? यहाँ कोही-कोही निर्लोभी, अद्वेषी अनि सम्यकदृष्टि हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– मानसिक-मौन । भिक्षुहो ! यी नै तीन मौन हुन् ।"

"कायमुनिं वचीमुनिं, चेतोमुनिं अनासवं ।
मुनिं मोनेय्यसम्पन्नं, आहु सब्बप्पहायिन"न्ति ॥

"कायमौनता, वाकमौनता, चित्तमौनता अनि मौनयुक्त भई सबै प्रहीण गर्ने अनाश्रवी मुनि हुन् ।"

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## (१३) ३. कुसिनारवग्गो

### १.कुसिनारसुत्तं

१२४. एक समय भगवान कुसिनारस्थित बलिहरण वनखण्डमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रतिवचन दिए । भगवानले यसो भन्नुभयो– भिक्षुहो ! यहाँ कुनै एक गाउँ वा निगमको आश्रयमा भिक्षु बसेको हुन्छ । उसलाई गृहपति वा गृहपतिपुत्र त्यहाँ गई निमन्त्रण गर्छ । भिक्षुहो ! इच्छा हुनेले स्वीकार्छ । उसले त्यो रात बितेपछि पूर्वाण्ह समय चीवर धारण गरी पात्रचीवर लिई जहाँ ती गृहपति वा गृहपति पुत्रको घर हो त्यहाँ जान्छ । त्यहाँ गई बिछ्याईएको आसनमा बस्छ । उसलाई ती गृहपति वा गृहपतिपुत्रले प्रणीत खाद्यभोज्य आफ्नै हातले अर्पण गर्छ ।

उसलाई यस्तो हुन्छ– 'यी गृहपति वा गृहपति पुत्रले मलाई आफ्नै हातले प्रणीत खाद्यभोज्य अर्पण वा प्रदान गरेकोले राम्रो लागिरहेको छ ।' यस्तो पनि हुनसक्छ– 'आहा, यदि यी गृहपति वा गृहपतिपुत्रले आफ्नै हातले मलाई खाद्यभोज्य-द्वारा अर्पण गरे हुन्थ्यो वा प्रदान गरे हुन्थ्यो !' ऊ त्यस पिण्डपात्रमा आसक्त भई, मुर्छित भई, वशमा परी, दुष्परिणाम नहेरी तथा निःशरण प्रज्ञाविहिन भई भोजन गर्छ । ऊ त्यसबेला काम-वितर्कना गरिरहन्छ, द्वेष-वितर्कना गरिरहन्छ अनि विहिंसा-वितर्कना गरिरहन्छ । भिक्षुहो ! यस्तो भिक्षुलाई दान-प्रदान गर्दा महत्फल हुँदैन भनी म भन्दछु । त्यो के कारण ? भिक्षुहो ! ऊ प्रमादि हुनाले ।

भिक्षुहो ! यहाँ कुनै एक गाउँ वा निगमको आश्रयमा भिक्षु बसेको हुन्छ । उसलाई गृहपति वा गृहपति पुत्र त्यहाँ गई निमन्त्रण गर्छ । भिक्षुहो ! इच्छा हुनेले स्वीकार्छ । उसले त्यो रात बितेपछि पूर्वाण्ह समय चीवर पहिरण गरी पात्र-चीवर लिई जहाँ ती गृहपति वा गृहपति पुत्रको घर हो त्यहाँ जान्छ । त्यहाँ गई बि-छ्याईएको आसनमा बस्छ । उसलाई गृहपति वा गृहपति पुत्रले प्रणीत खाद्यभोज्य आफ्नै हातले अर्पण गर्छ ।

उसलाई यस्तो हुँदैन– 'यी गृहपति वा गृहपति पुत्रले मलाई आफ्नै हातले प्रणीत खाद्यभोज्य अर्पण वा प्रदान गरेकोले राम्रो लागिरहेको छ ।' यस्तो पनि हुँदैन– 'आहा, यदि यी गृहपति वा गृहपति पुत्रले आफ्नै हातले मलाई खाद्यभोज्य-द्वारा अर्पण गरे हुन्थ्यो वा प्रदान गरे हुन्थ्यो !' ऊ त्यस पिण्डपात्रमा आसक्त नभई, मुर्छित नभई, वशमा नपरी, दुष्परिणाम हेरी तथा निःशरण प्रज्ञावान भई भोजन गर्छ । ऊ त्यससमय काम-वितर्कना गरिरहँदैन, द्वेष-वितर्कना गरिरहँदैन अनि



Downloaded from http://dhamma.digital

विहिंसा वितर्कना पनि गरिरहँदैन । भिक्षुहो ! यस्तो भिक्षुलाई दान-प्रदान गरिँदा महत्फल हुन्छ भनी म भन्दछु । त्यो के कारण ? भिक्षुहो ! ऊ अप्रमादि हुनाले ।"

## २. भण्डनसुत्तं

१२५. "भिक्षुहो ! जुन दिशामा भिक्षुहरू झगडालु, कलह गर्ने, विवादमा संलग्न र एकले अर्कालाई मुखरूपी शस्त्रद्वारा प्रहार गरिरहेका हुन्छन् । भिक्षुहो ! त्यस दिशातिर मेरो मन जाँदा मलाई राम्रो लाग्दैन । त्यहाँ जाने त के कुरा ! यसबाट मलाई यो निश्चित हुन्छ कि– 'अहिले ती आयुष्मानहरूले तीन धर्म परित्याग गरे अनि तीन धर्ममा धेरै संलग्नछन् । ती तीन कुन कुन धर्ममा धेरै संलग्न छन् र कुन कुन तीन धर्म परित्याग गरे ? नैष्कम्य-वितर्क, अव्यापाद-वितर्क र अविहिंसा-वितर्क यी तीन धर्म परित्याग गरे अनि काम-वितर्क, द्वेष-वितर्क र विहिंसा-वितर्क यी तीन धर्ममा धेरै संलग्नछन् । भिक्षुहो ! जुन दिशामा भिक्षुहरू झगडालु, कलह गर्ने, विवादमा संलग्न र एकले अर्कालाई मुखरूपी शस्त्रद्वारा प्रहार गरिरहेका हुन्छन् । भिक्षुहो ! त्यस दिशातिर मेरो मन जाँदा मलाई राम्रो लाग्दैन । त्यहाँ जाने त के कुरा ! यसबाट मलाई यो निश्चित हुन्छ कि– 'अहिले ती आयुष्मानहरूले तीन धर्म परित्याग गरे अनि तीन धर्ममा धेरै संलग्नछन् ।' "

"भिक्षुहो ! जुन दिशामा भिक्षुहरू समग्गी, प्रमुदित, अविवादी र दूध-पानी जस्तै परस्पर प्रिय आँखाले हेर्ने हुन्छन् । त्यस दिशामा जान मलाई राम्रो लाग्छ, त्यहाँ जान मन लाग्दा त भन्नु नै के ! यसबाट मलाई निश्चित हुन्छ कि–'अहिले ती आयुष्मानहरूले तीन धर्म परित्याग गरे अनि तीन धर्ममा धेरै संलग्नछन् । कुन कुन तीन धर्म परित्याग गरे अनि कुन कुन तीन धर्ममा धेरै संलग्नछन् ? काम-वितर्क, द्वेष-वितर्क र विहिंसा-वितर्क यी तीन धर्म परित्याग गरे अनि नैष्कम्य-वितर्क, अव्यापाद-वितर्क र अविहिंसा-वितर्क यी तीन धर्ममा धेरै नै संलग्नछन् । भिक्षुहो ! जुन दिशामा भिक्षुहरू समग्गी, प्रमुदित, अविवादी र दूध-पानी जस्तै भई परस्पर प्रिय आँखाले हेर्ने हुन्छन् । भिक्षुहो ! त्यस दिशामा जान मलाई राम्रो लाग्छ, त्यहाँ जान मन लाग्दा त भन्नु नै के ! यसबाट मलाई निश्चित हुन्छ कि– 'अहिले ती आयुष्मानहरूले तीन धर्म परित्याग गरे अनि तीन धर्ममा धेरै संलग्नछन् ।' "

## ३. गोतमकचेतियसुत्तं

१२६. एक समय भगवान वेसालिस्थित गोतमक चैत्यमा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी



Downloaded from http://dhamma.digital

ती भिक्षुहरूले भगवानलाई प्रतिवचन दिए। भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! मैले अभिज्ञात गरी धर्मदेशना गर्दछु, अभिज्ञात नगरी होइन। भिक्षुहो ! मैले कारणसहित धर्मदेशना गर्दछु अकारण धर्मदेशना गर्दिन। भिक्षुहो ! मैले प्रातिहार्यसहित धर्मदेशना गर्दछु तथा बिनाप्रतिहार्य धर्मदेशना गर्दिन। उपदेश कार्यान्वयन गर्नुपर्छ तथा अनुशासन कार्यन्वयन गर्नुपर्छ। भिक्षुहो ! तिमीहरूको सन्तुष्टी, प्रसन्नता, खुशी र हर्षको लागि यो पर्याप्त छ– 'सम्यकसम्बुद्ध भगवान, सुआख्यात धर्म र सुमार्गगामी संघ हुन्।' "

भगवानद्वारा यसो भन्नु भएपछि ती भिक्षुहरू प्रसन्न भई भगवानले भन्नुभएकोलाई अभिनन्दन गरे। यो उपदेश दिनुहुँदा सहश्र लोक-धातु प्रकम्पित भएको थियो।

## ४. भरण्डुकालामसुत्तं

१२७. एक समय भगवान कोसलमा चारिका गर्नु हुँदै जहाँ कपिलवत्थु हो त्यहाँ जानुभयो। त्यहाँ महानाम शाक्यले सुने– "कपिलवत्थुमा भगवान आई पुग्नुभयो।" अनि महानाम शाक्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। भगवान कहाँ पुगी अभिवादन गरी एक ठाउँमा बसे। एक ठाउँमा बसेका महानाम शाक्यलाई भगवानले यसो भन्नुभयो– "महानाम कपिलवत्थुमा गई त्यस्तो स्थान खोज जहाँ कि म एकरात बस्नसकूँ।" "हवस् भन्ते !" भनी महानाम शाक्यले भगवानलाई प्रत्युत्तर दिई कपिलवत्थुमा प्रवेश गरी सारा कपिलवत्थुमा खोज्दा पनि त्यस्तो आवास गृह पाउन सकेन जहाँ कि भगवान एकरात बस्न सक्नेछ। अनि महानाम शाक्य जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगी भगवानलाई यसो भने–

"भन्ते ! कपिलवत्थुमा त्यस्तो आवास गृह पाउन सकिन जहाँ कि भगवान एक रात बस्न मिल्नेछ। भन्ते ! यो भरण्डुकालाम भगवानको पुरानो सहपाठी हो। वहाँकै आश्रममा भगवान एक रात बस्नुहोस्।" "जाउ, महानाम ! शयनासन लगाऊ।" "हवस्, भन्ते !" भनी महानाम शाक्य भगवानलाई प्रतिवचन दिई जहाँ भरण्डुकालामको आश्रम हो त्यहाँ गए। त्यहाँ आसन बिछ्याई पाउ धुनको निम्ति पानी राखी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगी भगवानलाई यसो भने– "भन्ते ! शयनासन विछ्याई सकें, पाउ धुनलाई पानी पनि राखी सकें। भन्ते ! अब भगवानले समयानुसार जे उचित ठान्नु हुन्छ।



Downloaded from http://dhamma.digital

अनि भगवान जहाँ भरण्डुकालामको आश्रम हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई विछ्याइएको आसनमा बस्नुभयो । बस्नु भएपछि भगवानले पाउ पखाल्नु भयो । अनि महानाम शाक्यलाई यस्तो विचार आयो– "भगवानसँग अहिले सत्संग गर्न उचित समय होइन । भगवान थाक्नु भएको छ । भोलि भगवानसँग सत्संग गर्नेछु ।" भनी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

अनि महानाम शाक्यले त्यस रात बिताएपछि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी एक ठाउँमा बसे । एक ठाउँमा बसेका महानाम शाक्यलाई भगवानले यसो भन्नुभयो– "महानाम ! यस लोकमा तीन प्रकारका शास्ता (गुरु) छन् । ती तीन को को हुन् ? महानाम ! यहाँ कोही कोही शास्ताले कामना अतिक्रमण गर्न प्रज्ञापित गर्छन्, रूप अतिक्रमण गर्न प्रज्ञापित गर्दैनन् अनि वेदना अतिक्रमण गर्न प्रज्ञापित गर्दैनन् । महानाम ! यहाँ कोही कोही शास्ताले कामना अतिक्रमण गर्न प्रज्ञापित गर्छन्, रूप अतिक्रमण गर्न प्रज्ञापित गर्छन् तर वेदना अतिक्रमण गर्न प्रज्ञापित गर्दैनन् । "महानाम ! यहाँ कोही कोही शास्ताले कामना अतिक्रमण गर्न प्रज्ञापित गर्छन्, रूप अतिक्रमण गर्न प्रज्ञापित गर्छन् अनि वेदना अतिक्रमण गर्न प्रज्ञापित गर्छन् । महानाम ! यी तीन प्रकारका शास्ता लोकमा विद्यमान छन् । 'महानाम ! यी तीन प्रकारका शास्ताको एउटै निष्ठा छन् कि भिन्नाभिन्नै निष्ठा छन् ?' "

यसो भन्नु हुँदा भरण्डुकालामले महानाम शाक्यलाई यसो भने– "महानाम ! भनन एउटै निष्ठा छ ।" त्यसो भन्न लगाउन खोज्दा भगवानले महानाम शाक्यलाई यसो भन्नुभयो– "महानाम ! भनन भिन्नाभिन्नै निष्ठा छ । दोस्रोपटक पनि भरण्डुकालामले महानाम शाक्यलाई यसो भने– "महानाम ! भनन एउटै निष्ठा छ ।" दोस्रोपटक पनि भगवानले महानाम शाक्यलाई यसो भने– "महानाम ! भनन भिन्नभिन्नै निष्ठा छ ।" तेस्रोपटक पनि भरण्डुकालामले महानाम शाक्यलाई यसो भने– "महानाम ! भनन एउटै निष्ठा छ ।" तेस्रोपटक पनि भगवानले महानाम शाक्यलाई यसो भने– "महानाम ! भनन भिन्नाभिन्नै निष्ठा छ ।"

अनि त भरण्डुकालामलाई यस्तो विचार आयो– "प्रभावशाली महानाम शाक्यको सम्मुखमा श्रमण गोतमले तीनपटकसम्म खण्डन गरे । अब कपिलवत्थु-बाट किन म निस्केर नजाउँ ।" अनि भरण्डुकालाम कपिलवत्थुबाट निस्केर गए । निस्केर गएपछि पुनः त्यहाँ फर्केन ।



Downloaded from http://dhamma.digital

## ५. हत्थकसुत्तं

१२८. एक समय भगवान सावत्थिस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुहुन्थ्यो । त्यससमय हत्थक देवपुत्र रातको प्रथम प्रहर बितेपछि समस्त जेतवन प्रकाशित पार्दै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी– "भगवानको सम्मुखमा उभिनेछु" भनी उभिन खोज्दा तलतिर झर्थ्यो सम्मुखमा उभिन सक्दैनथ्यो । जस्तै कि बालुवामा घ्यू वा तेल राख्दा तलतिरै सोसिएर जान्छ, स्थित हुँदैन । त्यसरी नै हत्थक देवपुत्र "भगवानको सम्मुख उभिनेछु" भनी उभिन खोज्दा तलतिर झर्थ्यो सम्मुखमा उभिन सक्दैनथ्यो ।

अनि भगवानले हत्थक देवपुत्रलाई यसो भन्नुभयो– "हत्थक ! आफूलाई सानसँग अभिनिर्मित गर ।" "हवस्, भन्ते !" भनी हत्थक देवपुत्रले भगवानलाई प्रतिवचन दिई आफूलाई सानसँग अभिनिर्मित गरेपछि भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेका हत्थक देवपुत्रलाई भगवानले यसो भन्नुभयो–

"हत्थक ! पूर्व जन्ममा तिमी मनुष्य हुँदा जुन धर्म प्रवर्तित हुन्थ्यो त्यो धर्म तिमीमा अहिले पनि प्रवर्तित भइरहेको छ ?" "भन्ते ! जुन धर्म पूर्व जन्ममा म मनुष्य हुँदा अप्रवर्तित थियो अहिले त्यो धर्मलाई मैले प्रवर्तित गरिरहेको छु । जस्तै कि, भन्ते ! अहिले भगवान भिक्षुहरूद्वारा, भिक्षुणीहरूद्वारा, उपासकहरूद्वारा उपासिकाहरूद्वारा, राजाद्वारा, राजमहामात्यद्वारा, तैर्थिकद्वारा, तैर्थिक श्रावकद्वारा आकीर्ण (चारैतिर फैलाएर) भई बस्नुहुन्छ । त्यसरी नै भन्ते ! म पनि देवपुत्रहरूद्वारा आकिर्ण भई बस्छु । भन्ते ! टाढा-टाढाबाट पनि (म) हत्थक देवपुत्रकहाँ देवपुत्रहरू आई 'धर्म श्रवण गर्नेछौं' भनी आउँछन् । भन्ते ! म तीन धर्ममा अतृप्त र असन्तुष्ट भई मरें । कुन कुन तीन ? भन्ते ! म भगवानको दर्शन गर्नमा अतृप्त र असन्तुष्ट भई मरें । भन्ते ! म सद्धर्म श्रवण गर्नमा अतृप्त र असन्तुष्ट भई मरें । भन्ते ! मैले संघको सेवा गर्नबाट अतृप्त र असन्तुष्ट भई मरें । भन्ते ! यी नै तीन कारण लिई अतृप्त र असन्तुष्ट भई म मरें ।

"नाहं भगवतो दस्सनस्स, तित्तिमज्झगा कुदाचनं ।
सङ्घस्स उपट्ठानस्स, सद्धम्मसवनस्स च ॥
"अधिसीलं सिक्खमानो, सद्धम्मसवने रतो ।
तिण्णं धम्मानं अतित्तो, हत्थको अविहं गतो" ति ॥



Downloaded from http://dhamma.digital

"भगवानको दर्शन, संघको सेवा र सद्धर्म श्रवण गर्नमा म कहिले पनि तृप्त भइन ।

"श्रेष्ठोत्तम शीललाई सिक्दै गर्दा, सद्धर्म श्रवण गर्न लागीरहँदा नै तीन धर्ममा अतृप्त भई (म) हत्थक देवपुत्र अविह (ब्रह्मलोक) मा गएँ (जन्मलिएँ) ।"

## ६. कटुवियसुत्तं

१२९. एक समय भगवान बाराणसिस्थित इसिपतन मृगदावनमा बस्नु-हुन्थ्यो । त्यस समय भगवान पूर्वाण्ह समयमा चीवर पहिरी पात्रचीवर लिनु भई बारणसिमा भिक्षाको निम्ति लाग्नु भयो । त्यहाँ गो-योगपिलक्षमा रित्तो-स्वाद (ध्यान सुखबाट रित्तो), बाहिरी-स्वादमा (काम-विषय सम्बन्धी स्वादमा परेका), मूढ-स्मृति, असम्प्रजन्य भई भिक्षाटन गरिरहेको भिक्षुलाई देख्नु भयो । देख्नु हुँदा, त्यो भिक्षुलाई यसो भन्नुभयो–

"भिक्षु ! तिमीले आफूलाई जूठो हुन नदिनु । भिक्षु ! तिमी जूठो भयौ भने त्यसबाट गन्ध निस्किदा त्यसमा झिंगा नलागोस् अनि नभन्कियोस् भन्नु असम्भव छ ।" भगवानबाट त्यो भिक्षुलाई यो उपदेशद्वारा अनुशासन गर्नु भएपछि संवेगी भए । यसपछि भगवान बाराणसिमा भिक्षाटन गर्नु भई, भोजन पश्चात फर्किनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो–

"भिक्षुहो ! म पूर्वाण्ह समयमा चीवर पहिरी पात्रचीवर लिई भोजन भिक्षाको निम्ति बाराणसितिर लागें । त्यसबेला मैले गो-योगपिलक्षमा भिक्षाटन गरिरहेको एकजना भिक्षु रित्तो-स्वाद, बाहिरी-स्वाद, मूढ-स्मृति, असम्प्रजन्य, असमाहित, भ्रान्त चित्त र असंयमित भई हिँडिरहेको देखें । त्यो भिक्षुलाई देखी मैले यसो भने–

"भिक्षु ! तिमीले आफूलाई जूठो हुन नदिनु । भिक्षु ! तिमी जूठो भयौ भने त्यसबाट गन्ध निस्किंदा त्यसमा झिंगा नलागोस् अनि त्यसमा नभन्कियोस् भन्नु असम्भव छ ।" अनि, भिक्षुहो ! त्यो भिक्षु मेरो उपदेशबाट अनुशांसित हुँदा संवेगी भए । भगवानबाट त्यसरी भन्नु भएपछि एकजना भिक्षुले भगवानसँग प्रश्न गरे– "भन्ते ! जूठो भनेको के हो, दुर्गन्ध भनेको के हो अनि झिँगा भनेको के हो ?"

"भिक्षुहो ! जूठो भनेको लोभ हो, दुर्गन्ध भनेको द्वेष हो अनि झिँगा भनेको पापमय अकुशल वितर्क हो । भिक्षुहो ! तिमीहरू पनि जूठो भई दुर्गन्धित भए त्यस-



Downloaded from http://dhamma.digital

मा झिँगा नलागोस् तथा नभन्कियोस् भन्नु असम्भव छ।"

"अगुत्तं चक्खुसोतस्मिं, इन्द्रियेसु असंवुतं।
मक्खिकानुपतिस्सन्ति, सङ्कप्पा रागनिस्सिता॥

"कटुवियकतो भिक्खु, आमगन्धे अवस्सुतो।
आरका होति निब्बाना, विघातस्सेव भागवा॥

"गामे वा यदि वारञ्ञे, अलद्धा समथमत्तनो।
परेति बालो दुम्मेधो, मक्खिकाहि पुरक्खतो॥

"ये च सीलेन सम्पन्ना, पञ्ञायूपसमेरता।
उपसन्ता सुखं सेन्ति, नासयित्वान मक्खिका" ति॥

"चक्षु र श्रोतमा असुरक्षित, इन्द्रियमा असंयमित हुनेसित राग सम्बन्धी सङ्कल्पका झिँगाहरू भन्किन्छ।

"जूठो भएका भिक्षुसँग क्रोधरूपी गन्ध उत्पन्न हुँदा निर्वाणबाट टाढा हुन्छ र विनाशका भागीदार हुन्छ।

"सम्यकत्व प्राप्त नगरेका मूर्ख, दुर्बुद्धिसँग झिँगाहरू भन्काउँदै गाउँ वा जङ्गलमा विचरण गरिरहेको हुन्छ।

"जो शीलद्वारा सम्पन्न र प्रज्ञायुक्त हुन्छ, उसले झिँगाहरू नाश गरी सुख र शान्तिपूर्वक बस्ने हुन्छ।"

### ७. पठमअनुरुद्धसुत्तं

१३०. त्यससमय आयुष्मान अनुरुद्ध जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुग्नु भई भगवानलाई अभिवादन गर्नुभई एक ठाउँमा बस्नुभयो। एक ठाउँमा बस्नु भएपछि आयुष्मान अनुरुद्धले भगवानलाई यसो भन्नुभयो– "भन्ते! मैले विशुद्ध अमानुषीय दिव्य चक्षुद्वारा स्त्रीहरू शरीर त्यागी मृत्युपश्चात अधिकांश अपाय, दुर्गति, विनिपात र नर्कमा उत्पन्न भएको देख्दछु। "भन्ते! कुन कुन धर्मयुक्त हुँदा स्त्रीहरू मृत्युपश्चात अपाय, दुर्गति विनिपात तथा नर्कमा उत्पन्न हुन्छन्?"



Downloaded from http://dhamma.digital

"अनुरुद्ध ! स्त्री पूर्वाण्ह समय मात्सर्यरूपी मलयुक्त भई घरमा बस्छिन्, मध्यान्ह समय इर्ष्यारूपी मलयुक्त भई घरमा बस्छिन् अनि सन्ध्या समय रागरूपी मलयुक्त भई घरमा बस्छिन् । अनुरुद्ध ! यी नै तीन कारणयुक्त हुँदा स्त्रीहरू शरीर त्यागी मृत्युपश्चात अपाय, दुर्गति, विनिपात र नर्कमा उत्पन्न हुन्छन् ।"

## ८. दुतियअनुरुद्धसुत्तं

१३१. त्यससमय आयुष्मान अनुरुद्ध जहाँ आयुष्मान सारिपुत्त हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भई आयुष्मान सासिपुत्तसँग कुशलवार्ता, सम्मोदनीय र सारणीय कुरा गर्नु भएपछि एक ठाउँमा बस्नुभयो । एक ठाउँमा बस्नु भएपछि आयुष्मान अनुरुद्धले आयुष्मान सारिपुत्तसँग यसरी सोध्नु भयो– "आवुस सारिपुत्त ! मैले यहाँ अमानुषीय विशुद्ध दिव्य चक्षुद्वारा सहश्र लोकलाई हेर्ने गर्छु । मबाट आलस्यरहित प्रयत्नशील आरम्भ हुन्छ र स्मृति उपस्थित र मूढतारहित हुन्छ । शरीर शान्त र अनुत्तेजित हुन्छ, अनि चित्त समाहित भई एकाग्र हुन्छ । तैपनि उपादानरहित आश्रव चित्तविमुक्ति मबाट हुँदैन ।

"आवुस अनुरुद्ध ! जब तिमीलाई यस्तो हुन्छ– 'मैले अमानुषीय विशुद्ध दिव्य चक्षुद्वारा सहश्र लोक हेर्ने गर्छु' भन्छौ भने यो तिम्रो अभिमान हो । तिमीलाई जब यसो हुन्छ– 'मबाट आलस्यरहित, प्रयत्नशील आरम्भ हुन्छ, स्मृति उपस्थित र मूढतारहित, शरीर शान्त र अनुत्तेजित छ र चित्त समाहित भई एकाग्र हुन्छ' भन्छौ भने यो तिम्रो औद्धत्य हो । तिमीलाई जब यसो हुन्छ– 'तै पनि उपादानरहित आश्रव चित्तविमुक्ति मबाट हुँदैन' भन्छौ भने यो तिम्रो कौकृत्य हो । आयुष्मान अनुरुद्ध ! यी तीन धर्मरहित भए राम्रो हुन्छ । यी तीन विषय मनमा नलिई अमृत धातुमा चित्त उन्मुख गर्नु ।"

अनि आयुष्मान अनुरुद्धले तीन धर्म हटाई, ती तीन धर्म मनमा नलिई अमृतमय धातुमा चित्त उन्मुख गर्नु भयो । अनि आयुष्मान अनुरुद्ध एक वर्षावास पश्चात अप्रमादिपूर्वक प्रयत्नशील हुँदा अचिरकालमै जुन अर्थको निम्ति कुलपुत्रले घर छाडी अनागारिक भई प्रव्रजित हुने हो, त्यसअनुरूप श्रेष्ठ ब्रह्मचर्यको पद र दृष्टान्त धर्मलाई स्वयम् अभिज्ञात, साक्षात्कार र प्राप्त गर्नुभयो । "जन्म क्षीण भयो, ब्रह्मचर्य पूर्ण भयो, गर्नु पर्ने गरी सकें, यसभन्दा अर्को केही कार्य गर्नु पर्छ भन्ने छैन" भनी जान्नुभयो ।" आयुष्मान अनुरुद्ध अर्हत मध्ये एक हुनुभयो ।



Downloaded from http://dhamma.digital

## ९. पटिच्छन्नसुत्तं

१३२. "भिक्षुहो ! यी तीनले गुप्तरूप लिएका हुन्छन्, खुल्लारूप होइन । ती तीन को को हुन् ? स्त्रीले गुप्तरूप लिएकी हुन्छिन्, खुल्लारूप लिएकी हुँदैनन् । भिक्षुहो ! ब्राह्मणहरू मन्त्र गुप्तरूपले गरिरहेका हुन्छन्, खुल्लारूपले गर्दैनन् । भिक्षुहो ! मिथ्यादृष्टिकले गुप्त भई गरिरहेका हुन्छन्, खुल्लारूपले गर्दैनन् । भिक्षुहो ! यी नै तीनले गुप्तरूप लिएका हुन्छन्, खुल्लारूपले होइन ।

"भिक्षुहो ! यी तीनले खुल्लाभई प्रकाशमान हुन्छन् । ती तीन को को हुन् ? भिक्षुहो ! चन्द्रमण्डल खुल्लारूपले प्रकाशमान हुन्छ, गुप्तरूप लिएको हुँदैन । भिक्षुहो ! सौर्यमण्डल खुल्लारूपले प्रकाशमान हुन्छ, गुप्तरूप लिएको हुँदैन । भिक्षुहो ! तथागतद्वारा विदित धर्म-विनय खुल्लारूपले प्रकाशमान हुन्छ, गुप्तरूप लिएको हुँदैन । भिक्षुहो ! यी नै तीनले खुल्लाभई प्रकाशमान हुन्छ, गुप्तरूप लिएका हुँदैनन् ।"

## १०. लेखसुत्तं

१३३. "भिक्षुहो ! यी तीन थरिका व्यक्तिहरू लोकमा विद्यमान छन् । ती तीन को के हुन् ? पाषाणमा लेखे समानका व्यक्ति, पृथ्वीमा लेखे समान व्यक्ति अनि पानीमा लेखे समान व्यक्ति । पाषाणमा लेखे समान व्यक्ति कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति जहिले पनि रिसाइरहने तथा दीर्घकालसम्म रिसाइरहने हुन्छ । जस्तै कि, भिक्षुहो ! पाषाणमा लेखेको लेख वायुद्वारा वा पानीद्वारा चाँडै मेटिँदैन दीर्घकालसम्म रहन्छ । यसरी नै भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति जहिले पनि रिसाइरहने तथा दीर्घकालसम्म रिसाइरहन्छ । भिक्षुहो ! यस्तोलाई नै भनिन्छ– पाषाणमा लेखे समान व्यक्ति ।

"भिक्षुहो ! पृथ्वीमा लेखे समान व्यक्ति कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति रिसाउने हुन्छ तर उसले रीसलाई दीर्घकालसम्म लिइरहँदैन । जस्तै कि, भिक्षुहो ! पृथ्वीमा लेखेको लेख वायुद्वारा वा पानीद्वारा चांडै नै मेटिन्छ तथा दीर्घकालसम्म रहँदैन । यसरी नै, भिक्षुहो ! यहाँ कोही कोही व्यक्ति रिसाउने हुन्छ तर उसले दीर्घकालसम्म रीस लिइरहँदैन । भिक्षुहो ! यस्तोलाई नै भनिन्छ– पृथ्वीमा लेखे समान व्यक्ति ।

"भिक्षुहो ! पानीमा लेखे समान व्यक्ति कस्तो हुन्छ ? भिक्षुहो ! यहाँ कोही व्यक्तिले खर्रो वचन लगाएता पनि, कठोर वचन बोलेता पनि तथा अप्रिय वचन



Downloaded from http://dhamma.digital

बोलेता पनि जोडी नै भई बस्छ, मिलेर नै बस्छ र प्रमुदित भई बस्छ । जस्तै कि, भिक्षुहो ! पानीमा लेखेको लेख चाँडै नै मेटिन्छ तथा दीर्घकालसम्म रहँदैन । यसरी नै, भिक्षुहो ! यहाँ कोही व्यक्तिले खर्रो वचन लगाएता पनि, कठोर वचन बोलेता पनि तथा अप्रिय वचन बोलेता पनि जोडी नै भई बस्छ, मिलेर नै बस्छ र प्रमुदित नै भई बस्छ । भिक्षुहो ! यस्तोलाई नै भनिन्छ– पानीमा लेखे समान व्यक्ति । भिक्षुहो ! यी नै तीन थरिका व्यक्तिहरू लोकमा विद्यमान छन् ।"

Downloaded from http://dhamma.digital

## (१४) ४. योधाजीववग्गो

### १. योधाजीवसुत्तं

१३४. तीन अङ्गसम्पन्न योद्धा राजाको निम्ति योग्य हुन्छ, राजाको निम्ति भोग्य हुन्छ र राजाको अङ्गमा गनिन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ योद्धा टाढासम्म तीर हान्न सक्ने हुन्छ, लक्ष्यभेदी र ठूलो जमातलाई पनि जित्न सक्ने हुन्छ । भिक्षुहो ! यी नै तीन अङ्गसम्पन्न योद्धा राजाका निम्ति योग्य, राजाको निम्ति भोग्य र राजाको अङ्गमा गनिन्छ । यसरी नै, भिक्षुहो ! तीन अङ्गसम्पन्न भिक्षु आव्हान गर्न योग्य हुन्छ... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्छ । ती तीन के के हुन् ? भिक्षुहो ! यहाँ भिक्षु टाढासम्म तीर हान्न सक्ने, लक्ष्यभेदी र ठूलो जमातलाई पनि जित्न सक्ने हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी टाढासम्म तीर हान्न सक्ने हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु जेजति अतीत, अनागत र वर्तमानका भित्री-बाहिरी, स्थूल-सूक्ष्म, हीन-उत्तम अनि टाढा-समिपका सबै रूप– 'यो मेरो होइन, न त यो म नै हुँ अनि न त यो मेरो आत्मा हो', भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा हेर्ने हुन्छ । जेजति अतीत, अनागत र वर्तमानका भित्री र बाहिरी, स्थूल-सूक्ष्म, हीन-उत्तम अनि टाढा-समिपका सबै वेदना– 'यो मेरो होइन, न त यो म नै हुँ अनि न त यो मेरो आत्मा हो', भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा हेर्ने हुन्छ । जेजति अतीत, अनागत र वर्तमानका भित्री-बाहिरी, स्थूल-सूक्ष्म, हीन-उत्तम अनि टाढा-समिपका सबै संज्ञा– 'यो मेरो होइन, न त यो म नै हुँ अनि न त यो मेरो आत्मा हो', भनी यथार्थसहित सम्यक-प्रज्ञाद्वारा हेर्ने हुन्छ । जेजति अतीत, अनागत र वर्तमान भित्री-बाहिरी, स्थूल-सूक्ष्म, हीन-उत्तम अनि टाढा-समिपका सबै संस्कार– 'यो मेरो होइन, न त यो म नै हुँ अनि न त यो मेरो आत्मा हो', भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा हेर्ने हुन्छ । जेजति अतीत, अनागत र वर्तमानका भित्री-बाहिरी, स्थूल-सूक्ष्म, हीन-उत्तम अनि टाढा-समिपका सबै विज्ञान– 'यो मेरो होइन, न त यो म नै हुँ अनि न त यो मेरो आत्मा हो', भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा हेर्ने हुन्छ । यसरी नै, भिक्षुहो ! भिक्षु टाढासम्म तीर हान्न सक्ने हुन्छ ।

"भिक्षुहो ! भिक्षु कसरी लक्ष्यभेदी हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु 'यो दुःख हो' भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा जानेको हुन्छ । 'यो दुःख समुदय हो' भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा जानेको हुन्छ । 'यो दुःख निरोध हो' भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा जानेको हुन्छ अनि 'यो दुःख निरोध हुने मार्ग हो' भनी यथार्थसहित सम्यकप्रज्ञाद्वारा जानेको हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! भिक्षु ठूलो जमातलाई कसरी जित्न सक्छ ? भिक्षुहो ! यहाँ भिक्षुले ठूलो अविद्यास्कन्ध जित्ने हुन्छ । यसरी नै, भिक्षुहो ! भिक्षु ठूलो जमातलाई जित्ने हुन्छ । भिक्षुहो ! यी नै तीन अङ्गद्वारा सम्पन्न भिक्षु आव्हान गर्न योग्य... लोकका निम्ति अतिउत्तम पुण्य क्षेत्र हुन्छ ।"

## २. परिसासुत्तं

१३५ "भिक्षुहो ! यी तीन परिषद हुन् । ती तीन को को हुन् ? प्रश्नोत्तरद्वारा दुर्विनित परिषद, प्रश्नोत्तरद्वारा सुविनित परिषद अनि आशय बुझी विनित परिषद । भिक्षुहो ! यी नै तीन परिषद हुन् ।"

## ३. मित्तसुत्तं

१३६. "भिक्षुहो ! तीन अङ्गसम्पन्न मित्रको सङ्गत गर्नुपर्छ । ती तीन के के हुन् ? दिंदा अप्ठेरो पर्ने भएपनि दिन्छ, कठिन कार्य पनि गरी दिन्छ अनि कठिनपूर्वक सहनु पर्ने पनि सहन्छ । भिक्षुहो ! यी नै तीन अङ्गसम्पन्न मित्रसँग सङ्गत गर्नुपर्छ ।"

## ४. उप्पादसुत्तं

१३७. "भिक्षुहो ! तथागत उत्पन्न भए पनि, तथागत उत्पन्न नभए पनि त्यो धातु स्थित नै रहन्छ, धर्म स्थित नै रहन्छ र धर्म-नियम स्थित नै रहन्छ । सबै संस्कार अनित्य हुन् । त्यसलाई तथागतले विशेषरूपले बुझेको छ र विशेषरूपले ज्ञान प्राप्त गरेको छ । विशेषरूपले बुझी विशेषरूपले ज्ञान प्राप्त गरी भनिरहेको छु, देशना गरिरहेको छु, प्रज्ञापित गरिरहेको छु स्थापित गरिरहेको छु, उघारिरहेको छु, व्याख्या गरिरहेको छु र प्रकट गरिरहेको छु– 'सबै संस्कार अनित्य हुन् ।' भिक्षुहो ! तथागत उत्पन्न भए पनि, तथागत उत्पन्न नभए पनि त्यो धातु स्थित नै रहन्छ, धर्म स्थित नै रहन्छ र धर्म-नियम स्थित नै रहन्छ । 'सबै संस्कार दुःख हुन् ।' त्यसलाई तथागतले विशेषरूपले बुझेको छ र विशेषरूपले ज्ञान प्राप्त गरेको छ । विशेषरूपले बुझी विशेषरूपले ज्ञान प्राप्त गरी भनिरहेको छु, देशना गरिरहेको छु, प्रज्ञापित गरिरहेको छु स्थापित गरिरहेको छु, उघारिरहेको छु, व्याख्या गरिरहेको छु र प्रकट गरिरहेको छु– 'सबै संस्कार दुःख हुन् ।' भिक्षुहो ! तथागत उत्पन्न भए पनि, तथागत उत्पन्न नभए पनि त्यो धातु स्थित नै रहन्छ, धर्म स्थित नै रहन्छ र धर्म-नियम स्थित नै रहन्छ । सबै धर्म अनात्मा हुन् । त्यसलाई तथाग-



Downloaded from http://dhamma.digital

तले विशेषरूपले बुझेको छ र विशेषरूपले ज्ञान प्राप्त गरेको छ । विशेषरूपले बुझी, विशेषरूपले ज्ञान प्राप्त गरी भनिरहेको छु, देशना गरिरहेको छु, प्रज्ञापित गरिरहेको छु, स्थापित गरिरहेको छु, उघारिरहेको छु, व्याख्या गरिरहेको छु र प्रकट गरिरहेको छु– 'सबै धर्म अनात्मा हुन् ।' "

## ५. केसकम्बलसुत्तं

१३८. "जस्तै कि, भिक्षुहो ! जेजति धागोबाट बनेको वस्त्र हुन्छन् त्यस मध्ये केशबाट बनेको कम्बल निकृष्ट मानिन्छ । भिक्षुहो ! केश-कम्बल चिसोमा चिसो र गर्मीमा गर्मी, दुर्वर्ण, दुर्गन्ध र स्पर्श गर्न मन हुँदैन । भिक्षुहो ! जेजति श्रमण-ब्राह्मणको मत हो त्यस मध्येमा मक्खलि-मत निकृष्ट मानिन्छ । भिक्षुहो ! मक्खलि मूर्ख व्यक्तिको यस्तो मत र दृष्टि छ– 'कर्म छैन, क्रिया छैन र वीर्य छैन । भिक्षुहो ! भूतकालमा जतिपनि अर्हत सम्यकसम्बुद्ध हुनु भए वहाँ भगवानहरू पनि कर्मवादी हुनुहुन्थ्यो, क्रियावादी हुनुहुन्थ्यो र वीर्यवान हुनुहुन्थ्यो । भिक्षुहो ! मक्खलि मूर्ख व्यक्तिले त्यसलाई पनि खण्डन गर्छन्– 'कर्म छैन, क्रिया छैन र वीर्य छैन' भनी । भिक्षुहो अनागतमा जतिपनि अर्हत सम्यकसम्बुद्ध हुनुहुनेछन् ती भगवान पनि कर्मवादी हुनेछन्, क्रियावादी हुनेछन् र वीर्यवान हुनेछन् । भिक्षुहो ! मक्खलि मूर्ख व्यक्तिले त्यसलाई पनि खण्डन गर्छन्– 'कर्म छैन, क्रिया छैन र वीर्य छैन' भनी ।

"जस्तै कि, भिक्षुहो ! नदीको मुहानमा जाल लगाउँदा धेरै माछाहरूका निम्ति अहित, दुःख, दुर्भाग्य र विनाशको निम्ति हुन्छ । यसरी नै, भिक्षुहो ! मक्खलि मूर्ख व्यक्ति मनुष्य लोकमा उत्पन्न हुनाले मानौं लोकमा मान्छेको जालो उत्पन्न भए जस्तै धेरै नै सत्वका निम्ति अहित, दुःख, दुर्भाग्य र विनाश भएको छ ।"

Dhamma.Digital

## ६. सम्पदासुत्तं

१३९. "भिक्षुहो ! यी तीन सम्पदा हुन् । ती तीन के के हुन् ? श्रद्धा-सम्पदा, शील-सम्पदा र प्रज्ञा-सम्पदा । भिक्षुहो ! यी नै तीन सम्पदा हुन् ।"

## ७. वृद्धिसुत्तं

१४०. "भिक्षुहो ! यी तीन वृद्धि हुन् । ती तीन के के हुन् ? श्रद्धा-वृद्धि, शील-वृद्धि र प्रज्ञा-वृद्धि । भिक्षुहो ! यी नै तीन वृद्धि हुन् ।"



Downloaded from http://dhamma.digital

## ८. अस्सखलुङ्कसुत्तं

१४१. भिक्षुहो ! तीन थरिका अश्वपुत्र र तीन थरिका मनुष्यपुत्र विषय देशना गर्छु । त्यसलाई राम्ररी सुन र मनमा धारण गर, भन्नेछु ।" "हवस, भन्ते !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! अश्वपुत्र तीन थरिका कस्ता हुन्छन् ? यहाँ कुनै कुनै अश्व-पुत्र गति-सम्पन्न, वर्ण-असम्पन्न र आरोहण निम्ति असम्पन्न हुन्छन् । भिक्षुहो ! यहाँ कुनै कुनै अश्व-पुत्र गति-सम्पन्न, वर्ण-सम्पन्न अनि आरोहणको निम्ति असम्पन्न हुन्छन् । भिक्षुहो ! यहाँ कुनै कुनै अश्व-पुत्र गति-सम्पन्न, वर्ण-सम्पन्न अनि आरोहणको निम्ति सम्पन्न हुन्छन् । भिक्षुहो ! यी नै तीन थरिका अश्वपुत्र हुन्छन् ।

"भिक्षुहो ! कस्ता मनुष्यपुत्र तीन थरिका हुन्छन् ? यहाँ कोही कोही मनुष्य-पुत्र गति-सम्पन्न, वर्ण असम्पन्न र आरोहण निम्ति असम्पन्न हुन्छन् । भिक्षुहो ! यहाँ कोही कोही मनुष्य-पुत्र गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहण निम्ति असम्पन्न हुन्छन् । भिक्षुहो ! यहाँ कोही कोही मनुष्य-पुत्र गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति सम्पन्न हुन्छन् । भिक्षुहो ! यी नै तीन थरिका मनुष्य-पुत्र हुन्छन् ।

"भिक्षुहो ! मनुष्य-पुत्र कसरी गति-सम्पन्न, वर्ण असम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छन् ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःखनिरोध गामिनी प्रतिपदा हो' भनी यथार्थसहित जानेको हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म (विशेष धर्म ) र अभिविनय (विशेष विनय) सम्बन्धी प्रश्न गर्दा पन्छाउने तथा उत्तर दिँदैनन् । यसैलाई वर्ण असम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुँदैनन् यसैलाई आरोहण निम्ति असम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! मनुष्य-पुत्र गतिवान हुन्छ तर वर्ण असम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छ ।

"भिक्षुहो ! मनुष्य-पुत्र कसरी गति-सम्पन्न र वर्ण-सम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःखनिरोध गामिनी प्रतिपदा हो' भनी यथार्थसहित जानेको हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउँदैनन् तथा उत्त दिन्छन् । यसैलाई वर्ण-



Downloaded from http://dhamma.digital

सम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुँदैनन् यसैलाई आरोहण निम्ति असम्पन्न भन्छु । यसरी नै भिक्षुहो ! मनुष्य-पुत्र गति-सम्पन्न र वर्ण-सम्पन्न हुन्छ तर आरोहणको निम्ति असम्पन्न हुन्छ ।

"भिक्षुहो ! मनुष्य-पुत्र कसरी गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहण निम्ति सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख समुदय हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःख निरोध हो' भनी यथार्थसहित जानेको हुन्छ । 'यो दुःखनिरोध गामिनी प्रतिपदा हो' भनी यथार्थ-सहित जानेको हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउँदैन तथा उत्तर दिन्छन् । यसैलाई वर्णसम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुन्छन् यसैलाई आरोहण निम्ति सम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! मनुष्य-पुत्र गति-सम्पन्न, वर्ण-सम्पन्न अनि आरोहण निम्ति सम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन थरिका मनुष्य-पुत्र हुन्छन् ।"

## ९. अस्सपरस्ससुत्तं

१४२. "भिक्षुहो ! तीन प्रकारले उत्तम जातका घोडा र उत्तम जातका व्यक्ति (पुरुष) विषय देशना गर्छु । त्यसलाई राम्ररी सुन र मनमा धारण गर, भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले प्रतिवचन दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! यहाँ कसरी तीन प्रकारले उत्तम जातका घोडा हुन्छन् ? भिक्षुहो ! यहाँ एक प्रकारले उत्तम जातको घोडा गति-सम्पन्न, वर्ण-असम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छन् । यहाँ एक प्रकारले उत्तम जातका घोडा गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छन् । यहाँ एक प्रकारले उत्तम जातका घोडा गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति सम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन प्रकारले उत्तम जातका घोडा हुन्छन् ।

"भिक्षुहो ! यहाँ कसरी तीन प्रकारले उत्तम जातका व्यक्ति हुन्छन् ? भिक्षुहो ! यहाँ एक प्रकारले उत्तम जातका व्यक्ति गति-सम्पन्न, वर्ण-असम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छन् । यहाँ एक प्रकारले उत्तम जातका व्यक्ति गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छन् । यहाँ एक प्रकारले उत्तम जातका व्यक्ति गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति पनि सम्पन्न हुन्छन् । भिक्षुहो ! यी नै तीन प्रकारले उत्तम जातका व्यक्ति हुन्छन् ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! उत्तम जातको व्यक्ति कसरी गति-सम्पन्न, वर्ण असम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षुले पाँच निम्नस्तरका संयोजन परीक्षिण गरी औपपातिक हुन्छ र त्यहींबाट परिनिर्वाण हुन्छ तथा त्यहाँबाट पुनः नफर्किने हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउने तथा उत्तर नदिने हुन्छ । यसैलाई वर्ण असम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुँदैन यसैलाई आरोहणको निम्ति असम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! व्यक्ति गति-सम्पन्न, वर्ण असम्पन्न अनि आरोहणको निम्ति असम्पन्न हुन्छ ।

"भिक्षुहो ! उत्तम जातको व्यक्ति कसरी गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति असम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु पाँच निम्नस्तरका संयोजन परीक्षिण गरी औपपातिक हुन्छ र त्यहींबाट परिनिर्वाण हुन्छ तथा त्यहाँबाट पुनः नफर्किने हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउँदैन तथा उत्तर दिने हुन्छ । यसैलाई वर्ण-सम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुँदैन यसैलाई आरोहणको निम्ति असम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! व्यक्ति गति-सम्पन्न, वर्ण-सम्पन्न अनि आरोहणको निम्ति असम्पन्न हुन्छ ।

"भिक्षुहो ! उत्तम जातका व्यक्ति कसरी गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहणको निम्ति सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु पाँच निम्नस्तरका संयोजन परीक्षिण गरी औपपातिक र त्यहींबाट परिनिर्वाण हुन्छ तथा त्यहँबाट पुनः नफर्किने हुन्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउँदैन तथा उत्तर दिने हुन्छ । यसैलाई वर्ण-सम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुन्छ यसैलाई आरोहणको निम्ति सम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! व्यक्ति गति-सम्पन्न, वर्ण-सम्पन्न अनि आरोहणको निम्ति सम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन उत्तम जातका व्यक्ति हुन् ।"

## १०. अस्साजानीयसुत्तं

१४३. "भिक्षुहो ! तीन प्रकारले भद्र जातका घोडा र भद्र जातका व्यक्ति विषय देशना गर्छु । त्यसलाई राम्ररी सुन र मनमा धारण गर, भन्नेछु ।" "हवस्, भन्ते !" भनी ती भिक्षुहरूले प्रतिवचन दिए । भगवानले यसो भन्नुभयो–



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! यहाँ कसरी तीन प्रकारले भद्र तथा असल जातका घोडा हुन्छन् ? भिक्षुहो ! यहाँ एक प्रकारले भद्र तथा असल जातका घोडा गति-सम्पन्न... आरोहणको निम्ति सम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन प्रकारले उत्तम जातका घोडा हुन्छन् ।

"भिक्षुहो ! यहाँ कसरी तीन प्रकारले भद्र तथा असल जातका व्यक्ति हुन्छन् ? भिक्षुहो ! यहाँ एक प्रकारले भद्र जातका व्यक्ति गति-सम्पन्न... आरोहणको निम्ति सम्पन्न हुन्छ ।

"भिक्षुहो ! यहाँ कसरी भद्र तथा असल जातका व्यक्ति... गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहण गर्न सम्पन्न हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु आश्रव क्षय गरी, अनाश्रवी भई, चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई दृष्टान्त धर्ममा स्वयम् अभिज्ञात, साक्षात्कार र लाभी भई बस्छ । यसैलाई गति-सम्पन्न भन्छु । अभिधर्म र अभिविनय सम्बन्धी प्रश्न गर्दा पन्छाउँदैन तथा उत्तर दिने हुन्छ । यसैलाई वर्ण-सम्पन्न भन्छु । भोजन, चीवर, शयनासन, औषधी र परिष्कारादिका लाभी हुन्छ यसैलाई आरोहणको निम्ति सम्पन्न भन्छु । यसरी नै, भिक्षुहो ! यहाँ भद्र तथा असल जातका व्यक्ति गति-सम्पन्न, वर्ण-सम्पन्न र आरोहण गर्न सम्पन्न हुन्छ । भिक्षुहो ! यी नै तीन प्रकारले भद्र तथा असल जातका व्यक्ति हुन्छन् ।"

### ११. पठममोरनिवापसुत्तं

१४४. एक समय भगवान राजगहस्थित मोरनिवाप परिब्राजकाराममा बस्नुहुन्थ्यो । त्यसबेला भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो– "भिक्षुहो !" "भदन्त !" भनी ती भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए । भगवानले यसो भन्नुभयो–

"भिक्षुहो ! तीन धर्ममा सम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ । ती तीन के के हुन् ? अशैक्ष (शिक्षामा पारङ्गत) शीलस्कन्ध, अशैक्ष समाधिस्कन्ध र अशैक्ष प्रज्ञास्कन्ध । भिक्षुहो ! यी नै तीन धर्मस्कन्धमा सम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ ।"



Downloaded from http://dhamma.digital

## १२. दुतियमोरनिवापसुत्तं

१४५. "भिक्षुहो ! तीन धर्मसम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ । ती तीन के के हुन् ? ऋद्धि-प्रातिहार्य (शक्ति), आदेशना-प्रातिहार्य र अनुशासनीय-प्रातिहार्य । भिक्षुहो ! यी नै तीन धर्मस्कन्धसम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ ।"

## १३. ततियमोरनिवापसुत्तं

१४६. "भिक्षुहो ! तीन धर्मसम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ । ती तीन के के हुन् ? सम्यकदृष्टि, सम्यकज्ञान र सम्यकविमुक्ति । भिक्षुहो ! यी नै तीन धर्मस्कन्धसम्पन्न भिक्षु अत्यन्त निष्ठावान, अत्यन्त योग-क्षेमी, अत्यन्त ब्रह्मचारी र अत्यन्त गवेषी हुँदा देव-मनुष्यमा श्रेष्ठ हुन्छ ।"

Downloaded from http://dhamma.digital

## १.अकुसलसुत्तं

१४७. "भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर नरकमा फाले समान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्मद्वारा अकुशल गर्ने, वाचसिक कर्मद्वारा अकुशल गर्ने अनि मानसिक कर्मद्वारा अकुशल गर्ने । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न हुँदा मानौं समातेर नरकमा फाले समान हुन्छ ।

"भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्मद्वारा कुशल गर्ने, वाचसिक कर्मद्वारा कुशल गर्ने अनि मानसिक कर्मद्वारा कुशल गर्ने । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान समान हुन्छ ।"

## २. सावज्जसुत्तं

१४८. "भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर नरकमा फाले समान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा सदोषी, वाचसिक कर्ममा सदोषी अनि मानसिक कर्ममा सदोषी । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न हुँदा मानौं समातेर नरकमा फाले समान हुन्छ ।

"भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखेसमान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा निर्दोषी, वाचसिक कर्ममा निर्दोषी अनि मानसिक कर्ममा निर्दोषी । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान हुन्छ ।"

## ३. विसमसुत्तं

१४९. "भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर नरकमा फाले समान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा विषमाचारी, वाचसिक कर्ममा विषमाचारी अनि वाचसिक कर्ममा विषमाचारी । भिक्षुहो ! यी नै... नरकमा फाले समान हुन्छ ।

"भिक्षुहो ! तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्ममा समाचारी, वाचसिक कर्ममा समाचारी अनि



Downloaded from http://dhamma.digital

मानसिक कर्ममा समाचारी । भिक्षुहो ! यी नै तीन धर्ममा सम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान हुन्छ ।"

## ४. असुचिसुत्तं

१५०. "भिक्षुहो ! तीन... शारीरिक कर्ममा अशुचि, वाचसिक कर्ममा अशुचि अनि मानसिक कर्ममा अशुचि । भिक्षुहो ! यी नै... नरकमा फाले समान हुन्छ ।

"भिक्षुहो ! तीन... शारीरिक कर्ममा शुचि, वाचसिक कर्ममा शुचि अनि मानसिक कर्ममा शुचि । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न हुँदा मानौं समातेर स्वर्गमा राखे समान हुन्छ ।"

## ५. पठमखतसुत्तं

१५१. "भिक्षुहो ! तीन धर्मसम्पन्न मूर्ख, मूढ तथा असत्पुरुषले आफूलाई आघाट तथा चोट पुऱ्याउँछ, विज्ञजनको नजरमा दोषी अनि धेरै नै अपुण्यको भागी हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्मद्वारा अकुशल गर्ने, वाचसिक कर्मद्वारा अकुशल गर्ने अनि मानसिक कर्मद्वारा अकुशल गर्ने । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न मूर्ख, मूढ तथा असत्पुरुषले आफूलाई आघाट तथा चोट पुऱ्याउँछ, विज्ञजनको नजरमा दोषी अनि धेरै नै अपुण्यको भागी हुन्छ ।

"भिक्षुहो ! तीन धर्मसम्पन्न पण्डित, बुद्धिमान तथा सत्पुरुषले आफूलाई आघात तथा चोट पुऱ्याउँदैन, विज्ञजनको नजरमा निर्दोषी अनि धेरै नै पुण्यको भागी हुन्छ । ती तीन के के हुन् ? शारीरिक कर्मद्वारा कुशल गर्ने, वाचसिक कर्मद्वारा कुशल गर्ने अनि मानसिक कर्मद्वारा कुशल गर्ने । भिक्षुहो ! यी नै तीन धर्मसम्पन्न पण्डित, बुद्धिमान तथा सत्पुरुषले आफूलाई आघाट तथा चोट पुऱ्याउँदैन, विज्ञजनको नजरमा निर्दोषी अनि धेरै नै पुण्यको भागी हुन्छ ।"

## ६. दुतियखतसुत्तं

१५२. "भिक्षुहो ! तीन... शारीरिक धर्ममा सदोषी, वाचसिक धर्ममा सदोषी र मानसिक धर्ममा सदोषी... अपुण्यको भागी हुन्छ ।



Downloaded from http://dhamma.digital

"भिक्षुहो ! तीन... शारीरिक कर्ममा निर्दोषी, वाचसिक कर्ममा निर्दोषी अनि मानसिक कर्म निर्दोषी... पुण्यको भागी हुन्छ ।"

### ७. ततियखतसुत्तं

१५३. "भिक्षुहो ! तीन... शारीरिक धर्ममा विषमाचारी, वाचसिक धर्ममा विषमाचारी र मानसिक धर्ममा विषमाचारी... अपुण्यको भागी हुन्छ ।

"भिक्षुहो ! तीन... शारीरिक कर्ममा समाचारी, वाचसिक कर्ममा समाचारी अनि मानसिक कर्ममा समाचारी... पुण्यको भागी हुन्छ ।"

### ८. चतुत्थखतसुत्तं

१५४. "भिक्षुहो ! तीन... शारीरिक धर्ममा अशुचि, वाचसिक धर्ममा अशुचि र मानसिक धर्ममा अशुचि... अपुण्यको भागी हुन्छ ।

"भिक्षुहो ! तीन... शारीरिक कर्ममा शुचि, वाचसिक कर्ममा शुचि अनि मानसिक कर्ममा शुचि... पुण्यको भागी हुन्छ ।"

### ९. वन्दनासुत्तं

१५५. "भिक्षुहो ! यी तीन वन्दना हुन् । ती तीन के के हुन् ? शारीरिक, वाचसिक र मानसिक– भिक्षुहो ! यी नै तीन वन्दना हुन् ।"

### १०. पुब्बण्हसुत्तं

१५६. "भिक्षुहो ! जो सत्व पूर्वाण्ह समय शरीरद्वारा सदाचरण गर्छ, वचनद्वारा सदाचरण गर्छ र मनद्वारा सदाचरण गर्छ भने ती सत्वका समय सुपूर्वाण्ह हुन्छ ।

"भिक्षुहो ! जो सत्व मध्याण्ह समय शरीरद्वारा सदाचरण गर्छ, वचनद्वारा सदाचरण गर्छ र मनद्वारा सदाचरण गर्छ भने ती सत्वका समय सुमध्याण्ह हुन्छ ।

"भिक्षुहो ! जो सत्व सन्ध्या समय शरीरद्वारा सदाचरण गर्छ, वचनद्वारा



Downloaded from http://dhamma.digital

सदाचरण गर्छ र मनद्वारा सदाचरण गर्छ भने भिक्षुहो ! ती सत्वका समय सुसन्ध्या हुन्छ ।"

"सुनक्खत्तं सुमङ्गलं, सुप्पभातं सुहुट्ठितं ।
सुखणो सुमुहुत्तो च, सुयिट्ठं ब्रह्मचारिसु ॥

"पदक्खिणं कायकम्मं, वाचाकम्मं पदक्खिणं ।
पदक्खिणं मनोकम्मं, पणीधि ते पदक्खिणे ।
पदक्खिणानि कत्वान, लभन्तत्थे पदक्खिणे ॥

"ते अत्थलद्धा सुखिता, विरुल्हा बुद्धसासने ।
अरोगा सुखिता होथ, सह सब्बेहि ञातिभी" ति ॥

"सु-नक्षत्र, सुमङ्गल, सुप्रभात, सुउत्थान, सुक्षण, सुमुहुर्त र ब्रह्मचारीको निम्ति सुयज्ञ हो ।

"शारीरिक कर्मद्वारा प्रदक्षिणा, वाचसिक कर्मद्वारा प्रदक्षिणा र मानसिक कर्मद्वारा प्रदक्षिणा भए उसको प्रणीध प्रदक्षिणा हुन्छ । प्रदक्षिणा गर्दा प्रदक्षिणाको लाभी हुन्छ ।

"ऊ अर्थ लाभी, सुखी हुनुका साथै सबै आफन्तसहित बुद्धशासन वृद्धि हुँदै निरोगी र सुखी हुन्छ ।"

Downloaded from http://dhamma.digital

## (१६) ६. अचेलकवग्गो

१५७-१६३. "भिक्षुहो ! यी तीन प्रतिपदा (मार्ग) हुन् ? ती तीन के के हुन् ? दृढग्राही प्रतिपदा, कठोर प्रतिपदा र मध्यम प्रतिपदा । भिक्षुहो ! दृढग्राही प्रतिपदा भनेको के हो ? यहाँ कोही कोही यस्तो वाद र यस्तो दृष्टिको हुन्छ–'काम-भोग गर्दा दोष हुँदैन ।' ऊ काम-भोग प्राप्त गर्नको निम्ति लागेको हुन्छ । भिक्षुहो ! यसैलाई भनिन्छ– दृढग्राही प्रतिपदा ।

"भिक्षुहो ! कठोर प्रतिपदा भनेको के हो ? यहाँ कोही कोही अचेलक (नग्न साधु) शिष्टाचाररहित, हात चाट्ने, भदन्त आउनुस् भन्दा नआउने, पर्खनुस् भन्दा नपर्खने, ल्याई दिएको नखाने, उद्देश्य गरेको नखाने र निमन्त्रण नस्वीकार्ने हुन्छ । घडाबाट झिकेर दिएको लिँदैन, ओखलबाट झिकेर दिएको लिँदैन, दैलोमा बसेर दिएको लिँदैन, भेडा-बथानको बीचमा बसेर दिएको लिँदैन, दण्ड-बीच बसेर दिएको लिँदैन, खाईरहेका दुईजना मध्येमा एकजना उठेर दिएको लिँदैन, गर्भवतीले दिएको लिँदैन, दूध पिलाउँदै गरेकोबाट लिँदैन, पुरुषका साथ गइरहेकोबाट लिँदैन, सङ्कलित खानाबाट लिँदैन, जहाँ कुक्कुर उभेको हुन्छ त्यहाँबाट लिँदैन, झिँगा उडिरहेको भए लिँदैन, माछा-मासु खाँदैन, जाँड-रक्सी र चौलानी पिउँदैन । उसले एउटै मात्र घरबाट भिक्षा लिई खाने हुन्छ । एकै गाँस मात्र खाने हुन्छ । दुई घरबाट भिक्षा लिई खाने हुन्छ । दुई गाँस मात्र खाने हुन्छ । सात घरबाट भिक्षा लिई खाने हुन्छ । सात गाँस मात्र खाने हुन्छ । सानो एक रिकापी भर दिएकोबाट जीवन यापन गर्छ । दुई रिकापी भर दिएकोबाट जीवन यापन गर्छ । एक दिनमा एक छाक खाने हुन्छ । दुई दिनमा एकपल्ट खाने हुन्छ । सात दिनमा एक पल्ट खाने हुन्छ । यसरी नै आधा महिनामा एकपल्ट खाने हुन्छ ।

ऊ साग भक्षी हुन्छ । तृण भक्षी हुन्छ । धान भक्षी हुन्छ । दद्दुल भक्षी हुन्छ । आचाम भक्षी हुन्छ । पिन्याक खलि भक्षी हुन्छ । तृण भक्षी हुन्छ । गोबर भक्षी हुन्छ र रूखबाट खसेको फलफूल अनि कण्ड-मूल खाने हुन्छ ।

उसले सनको लुगा पनि लगाउँछ, सन मिश्रित लुगा पनि लगाउँछ, रूखको बोक्रा पनि लगाउँछ, मृग छाला पनि लगाउँछ, मृग छालाको पट्टिद्वारा बुनेको पनि लगाउँछ, कुशद्वारा बनेको पनि लगाउँछ, वाकचीर पनि लगाउँछ, फल्याकको वस्त्र पनि लगाउँछ, केश कम्बल पनि लगाउँछ, पुच्छरको रौँबाट बनेको कम्बल पनि लगाउँछ र उल्लुको प्वाँख पनि लगाउँछ । उसले केश-दाढी पनि लुछ्ने हुन्छ अनि बस्न छाडी निरन्तर उभीरहने पनि हुन्छ । उकडूँ भई बस्छ, उकडूँ भई बस्न प्रयत्न पनि गर्छ । काँढाको आसनमा पनि बस्ने हुन्छ । काँढाको शैय्यामा



Downloaded from http://dhamma.digital

पनि सुत्ने हुन्छ। बिहान, मध्याण्ह र सन्ध्या यी तीन समयमा पनि पानीमा डुबुल्की लगाउने हुन्छ। यसरी अनेकौं विधिद्वारा शरीरलाई कष्ट पीडा दिई बस्छ। भिक्षुहो ! यसैलाई भनिन्छ– कठोर प्रतिपदा।

"भिक्षुहो ! मध्यम प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले कायमा कायानुदर्शी (शरीरमा सजग भई हेर्ने), प्रयत्नशील, ज्ञानयुक्त, स्मृतिवान भई लोकका जुन दौर्मनस्य हो त्यसलाई हटाई बस्छ। वेदनामा वेदनानुदर्शी... चित्तमा चित्तानु-दर्शी अनि धर्ममा धर्मानुदर्शी, प्रयत्नशील, ज्ञानयुक्त, स्मृतिवान भई लोकका जुन दौर्मनस्य हो त्यसलाई हटाई बस्छ। भिक्षुहो ! यसैलाई भनिन्छ– मध्यम प्रतिपदा।

"भिक्षुहो ! यी तीन प्रतिपदा हुन् ? ती तीन के के हुन् ? दृढग्राही प्रतिपदा, कठोर प्रतिपदा र मध्यम प्रतिपदा। भिक्षुहो ! दृढग्राही प्रतिपदा भनेको के हो ?... भिक्षुहो ! यसैलाई भनिन्छ– दृढग्राही प्रतिपदा।

"भिक्षुहो ! कठोर प्रतिपदा भनेको के हो ?... भिक्षुहो ! यसैलाई भनिन्छ– कठोर प्रतिपदा।

"भिक्षुहो ! मध्यम प्रतिपदा भनेको के हो ? भिक्षुहो ! यहाँ भिक्षुले अनुत्पन्न अकुशल पाप धर्म उत्पन्न हुन नदिन इच्छा गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ र चित्त वशमा पार्न कोसिस गर्छ। उत्पन्न अकुशल पाप कर्म हुन नदिन इच्छा गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ र चित्त वशमा पार्न कोसिस गर्छ। अनुत्पन्न कुशल धर्म उत्पन्न गर्न इच्छा गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ र चित्त वशमापार्न कोसिस गर्छ। उत्पन्न कुशल धर्म स्थित गर्न, लोप हुननदिन, वृद्धि गर्न, विपुल गर्न र भावना परिपूर्ण गर्न इच्छा गर्छ, प्रयत्न गर्छ, वीर्यारम्भ गर्छ र चित्त वशमा पार्न कोसिस गर्छ। भिक्षुहो ! यसैलाई भनिन्छ– मध्यम प्रतिपदा।

"छन्द समाधि प्रयास संस्कारयुक्त ऋद्धिपादको भावना गर्छ... वीर्य समाधि ... चित्त समाधि... वीमंसा समाधि प्रयास संस्कारयुक्त ऋद्धिपादको भावना गर्छ।

"श्रद्धेन्द्रियको भावना गर्छ... वीर्येन्द्रियको भावना गर्छ... स्मृतिन्द्रियको भावना गर्छ... समाधिन्द्रियको भावना गर्छ... अनि प्रज्ञेन्द्रियको भावना गर्छ।

"श्रद्धाबलको भावना गर्छ... वीर्यबलको भावना गर्छ... स्मृतिबलको भावना गर्छ... समाधिबलको भावना गर्छ... अनि प्रज्ञाबलको भावना गर्छ...।



Downloaded from http://dhamma.digital

"स्मृतिसम्बोध्यङ्गको भावना गर्छ... धर्मविचयसम्बोध्यङ्गको भावना गर्छ... वीर्यसम्बोध्यङ्गको भावना गर्छ... प्रीतिसम्बोध्यङ्गको भावना गर्छ... प्रश्रब्धिसम्बोध्यङ्गको भावना गर्छ... समाधिसम्बोध्यङ्गको भावना गर्छ...अनि उपेक्षासम्बोध्यङ्गको भावना गर्छ... ।

"सम्यकदृष्टिको भावना गर्छ... सम्यकसङ्कल्पको भावना गर्छ... सम्यक-वाचाको भावना गर्छ... सम्यककर्मान्तको भावना गर्छ... सम्यकआजीविकाको भावना गर्छ... सम्यकव्यायामको भावना गर्छ... सम्यकस्मृतिको भावना गर्छ... अनि सम्यकसमाधिको भावना गर्छ... । भिक्षुहो ! यसैलाई भनिन्छ– मध्यम-प्रतिपदा । भिक्षुहो ! यी नै तीन प्रतिपदा हुन् ।"



Downloaded from http://dhamma.digital

## (१७) ७. कम्मपथपेय्यालं

१६४-१८३. "भिक्षुहो ! तीन धर्मयुक्तलाई समातेर नरकमा राखे समान हुन्छ । ती तीन के के हुन् ? आफू हिंसा गर्ने हुन्छ, अरूलाई हिंसा गराउने हुन्छ र हिंसाको समर्थन गर्ने हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मयुक्तलाई समातेर नरकमा राखे समान हुन्छ ।

"भिक्षुहो ! तीन धर्मयुक्तलाई समातेर स्वर्गमा राखे समान हुन्छ । ती तीन के के हुन् ? आफू हिंसा गर्नबाट विरत हुन्छ, अरूलाई हिंसा गराउनबाट विरत हुन्छ र हिंसा कार्यको समर्थन गर्नबाट विरत हुन्छ । भिक्षुहो ! यी नै तीन धर्मयुक्तलाई समातेर स्वर्गमा राखे समान हुन्छ ।

"आफू चोरी गर्ने हुन्छ, अरूलाई चोरी कार्य गराउने हुन्छ र चोरी कार्यको समर्थन गर्ने हुन्छ... नरकमा राखे समान हुन्छ ।

"आफू चोरी गर्नबाट विरत हुन्छ, अरूलाई चोरी कार्य गराउनबाट विरत हुन्छ र चोरी कार्यको समर्थन गर्नबाट विरत हुन्छ... स्वर्गमा राखे समान हुन्छ ।

"आफू व्यभिचार गर्ने हुन्छ, अरूलाई व्यभिचार गराउने हुन्छ र व्यभिचारको समर्थन गर्ने हुन्छ... नरकमा राखे समान हुन्छ ।

"आफू व्यभिचार गर्नबाट विरत हुन्छ, अरूलाई व्यभिचार गराउनबाट विरत हुन्छ र व्यभिचारको समर्थन गर्नबाट विरत हुन्छ... स्वर्गमा राखे समान हुन्छ ।

"आफू झूटो बोल्ने हुन्छ, अरूलाई झूटो बोल्न लगाउँछ र झूटो बोलीको समर्थन गर्ने हुन्छ... नरकमा राखे समान हुन्छ ।

"आफू झूटो बोल्नबाट विरत हुन्छ, अरूलाई झूटो बोल्न लगाउनबाट विरत हुन्छ र झूटो बोलीको समर्थन गर्नबाट विरत हुन्छ... स्वर्गमा राखे समान हुन्छ ।

"आफू चुक्ली गर्ने हुन्छ, अरूलाई चुक्ली गराउने हुन्छ र चुक्ली गर्नेको समर्थन गर्ने हुन्छ... नरकमा राखे समान हुन्छ ।



Downloaded from http://dhamma.digital

"आफू चुक्ली गर्नबाट विरत हुन्छ, अरूलाई चुक्ली गराउनबाट विरत हुन्छ, र चुक्ली गर्नेको समर्थन गर्नबाट विरत हुन्छ... स्वर्गमा राखे समान हुन्छ।

"आफू कठोर वचन बोल्ने हुन्छ, अरूलाई कठोर वचन बोल्न लगाउँछ र कठोर वचन बोल्नेको समर्थन गर्ने हुन्छ... नरकमा राखे समान हुन्छ।

"आफू कठोर वचन बोल्नबाट विरत हुन्छ, अरूलाई कठोर वचन बोल्न लगाउनबाट विरत हुन्छ र कठोर वचन बोल्नेको समर्थन गर्नबाट विरत हुन्छ... स्वर्गमा राखे समान हुन्छ।

"आफू लोभी हुन्छ, अरूलाई लोभी बनाउँछ र लोभीको समर्थन गर्ने हुन्छ... नर्कमा राखे समान हुन्छ।

"आफू निर्लोभी हुन्छ, अरूलाई निर्लोभी बनाउँछ र निर्लोभीको समर्थन गर्ने हुन्छ... स्वर्गमा राखे समान हुन्छ।

"आफू द्वेषी हुन्छ, अरूलाई द्वेषी बनाउँछ र द्वेषीको समर्थन गर्ने हुन्छ... नर्कमा राखे समान हुन्छ।

"आफू निर्द्वेषी हुन्छ, अरूलाई निर्द्वेषी बनाउँछ र निर्द्वेषीको समर्थन गर्ने हुन्छ... स्वर्गमा राखे समान हुन्छ।

"आफू मिथ्यादृष्टिक हुन्छ, अरूलाई मिथ्यादृष्टिक बनाउँछ र मिथ्यादृष्टिकको समर्थन गर्ने हुन्छ... नर्कमा राखे समान हुन्छ।

"आफू सम्यकदृष्टिक हुन्छ, अरूलाई सम्यकदृष्टिक बनाउँछ र सम्यकदृष्टिकको समर्थन गर्ने हुन्छ। भिक्षुहो ! यी नै तीन धर्मयुक्तलाई स्वर्गमा राखे समान हुन्छ।"



Downloaded from http://dhamma.digital

## (१८) ८ .रागपेय्यालं

१८४. "भिक्षुहो ! राग अभिज्ञात गर्न तीन धर्मको भावना गर्नुपर्छ । ती तीन के के हुन् ? शुन्यता समाधि, अनिमित्त समाधि र अप्रणिहित समाधि । भिक्षुहो ! राग अभिज्ञात गर्न यी नै तीन धर्मको भावना गर्नुपर्छ ।

"भिक्षुहो ! राग परिज्ञात गर्न... परीक्षय गर्न... विनष्ट गर्न... क्षय गर्न... व्यय गर्न... विरागी हुन... निरोध गर्न... त्याग गर्न... परित्याग गर्न यी नै तीन धर्मको भावना गर्नुपर्छ ।

"भिक्षुहो ! द्वेष... मोह... क्रोध... उपनाह (वैर)... म्रक्ष (अरूको गुणलाई ढाक्ने), प्रदास (कठोर स्वभाव) ... इर्ष्या... मात्सर्य (कपटी)... माया.... जडता... सारम्भ (कलह)... परिज्ञात गर्न... परीक्षय गर्न... विनष्ट गर्न... क्षय गर्न... व्यय गर्न... विरागी हुन... निरोध गर्न... त्याग गर्न... परित्याग गर्न यी नै तीन धर्मको भावना गर्नुपर्छ ।"

भगवानले यसो भन्नु भएपछि सन्तुष्ट भई ती भिक्षुहरूले भगवानको उपदेशलाई अभिनन्दन गर्नुभयो ।

प्रथम भागको

एकक-दुक-तिक निपात निट्ठिता

Dhamma.Digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय



नाम : भिक्षु बोधिसेन महास्थविर
जन्म मिति : वि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिप्रदा)
जन्म स्थान : गाबहाल, पाटन
गृहस्थ नाम : बुद्धरत्न बज्राचार्य
पिताको नाम : महन्त बज्राचार्य
माताको नाम : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुवै माता (जेठी आमा र कान्छी आमा) ले गृहस्थाश्रम त्याग गरी कुशिनगर भारतमा श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नुभयो। उहाँहरूकै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरको आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, (दार्जीलिङ्ग) भारतमा श्रामणेर हुनुभयो।

उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७।७।२१ का दिन मालनदी उदक सीमा।
उपाध्याय : भिक्षु धर्मधर महास्थविर।
आचार्य : भिक्षु अतुलसेन महास्थिर।

### निर्माण कार्य

१. विहार निर्माण सदस्य : बहुजन बौद्ध आनन्द विहार, सोनादा (दार्जीलिङ्ग)
२. विहार जिर्णोद्धार सदस्य : बौद्ध संघाश्रम, मालबजार (जलपाइगुडी) भारत
३. विहार जिर्णोद्धार प्रमुख : सुदर्शन, बनेपा, (काभ्रे)।
४. विहार संस्थापक : बोधिचर्या, बनेपा (काभ्रे)।

शिक्षा : माध्यामिक शिक्षा, दार्जीलिङ्ग।
धार्मिक शिक्षा : सूत्र-विनय विशारद (बी. ए.) सिलिगुडी (दार्जीलिङ्ग)
भ्रमण : भारत, भुटान, बर्मा, थाईल्याण्ड र श्रीलंका।
संस्था / आवद्धता : भू पू अ. ने भि. महासंघ अध्यक्ष, बु.ज.स.स. आजीवन धर्मानुशासक बनेपा, बोधिचर्या ज्ञानमाला संघका धर्मानुशासक र बोधिचर्या परियत्तिको केन्द्राध्यक्ष।
उपाधि : महासद्धम्म जोतिकधज म्यानमार सरकारबाट
इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता।

Downloaded from http://dhamma.digital